नेका प

२०७३

असार

अङ्क

३

# नेपाल कानून पत्रिका

भाग - ५८ **२०७३ असार** अङ्क - ३



प्रकाशक

## सर्वोच्च अदालत

**रामशाहपथ, काठमाडौं**

फोन नं. ४२५०७४२, ४२६२३९७, ४२६२३९८, ४२६२८०१, ४२५८१२२ **Ext.**२५१२ (सम्पादन), २५११ (छापाखाना), २१३१ (विक्री)

फ्याक्सः ४२६२८७८, पो.व.नं. २०४३८

**Email:** info@supremecourt.gov.np, Web: **www.supremecourt.gov.np**

## प्रकाशन, सञ्चार तथा सम्पादन समिति

**माननीय न्यायाधीश श्री बैद्यनाथ उपाध्याय, सर्वोच्च अदालत - अध्यक्ष**
**माननीय न्यायाधीश श्री दीपकराज जोशी, सर्वोच्च अदालत - सदस्य**
**नायब महान्यायाधिवक्ता श्री राजेन्द्र सुवेदी, प्रतिनिधि, महान्यायाधिवक्ताको कार्यालय - सदस्य**
**अधिवक्ता श्री शैलेन्द्र दाहाल, अध्यक्ष, सर्वोच्च अदालत बार एसोसिएसन - सदस्य**
**सहरजिस्ट्रार श्री नहकुल सुवेदी, सर्वोच्च अदालत - सदस्य सचिव**

**सम्पादक** : श्री गजेन्द्रबहादुर सिंह

**प्रकाशन, सञ्चार तथा सम्पादन शाखामा कार्यरत् कर्मचारीहरू**
शाखा अधिकृत श्री राजन बास्तोला
शाखा अधिकृत श्री मिनबहादुर कुँवर
ना.सु.श्री लक्ष्मण वि.क.
ना.सु.श्री रमादेवी न्यौपाने
ना.सु.श्री विनोदकुमार यादव
सि.कं.श्री ध्रुव सापकोटा
कम्प्युटर अपरेटर श्री अर्जुन सुवेदी
कार्यालय सहयोगी श्री कृष्णबहादुर श्रेष्ठ
कार्यालय सहयोगी श्री प्रेमलाल महर्जन

**भाषाविद्** : उपप्रा. श्री रामचन्द्र फुयाल

**बिक्री शाखामा कार्यरत् कर्मचारी**
डि.श्री नरबहादुर खत्री

**मुद्रण शाखामा कार्यरत कर्मचारीहरू**
सुपरभाइजर श्री कान्छा श्रेष्ठ
मुद्रण अधिकृत श्री आनन्दप्रकाश नेपाल
सिनियर बुकबाइन्डर श्री तेजराम महर्जन
सिनियर हेल्पर श्री तुलसीनारायण महर्जन
सिनियर प्रेसम्यान श्री नरेन्द्रमुनि बज्राचार्य
सिनियर प्रेसम्यान श्री योगप्रसाद पोखरेल
सिनियर मेकानिक्स श्री निर्मल बयलकोटी
बुकबाइन्डर श्री यमनारायण भडेल
बुकबाइन्डर श्री मीरा वाग्ले
कम्पोजिटर श्री प्रमिलाकुमारी लामिछाने
प्रेसम्यान श्री केशवबहादुर सिटौला
बुकबाइन्डर श्री अच्युतप्रसाद सुवेदी
कार्यालय सहयोगी श्री मोति चौधरी

प्रकाशित सङ्ख्या : २००० प्रति

नेपाल कानून पत्रिकाको उद्धरण गर्नु पर्दा
निम्नानुसार गर्नु पर्नेछ :

*नेकाप, २०७२... ... ... ... , नि.नं. ... , पृष्ठ ...*

*(साल)* *(महिना)*

उदाहरणार्थ : *नेकाप* २०७३, असार, नि.नं.९५४९, पृष्ठ ३६९

सर्वोच्च अदालत बुलेटिनको उद्धरण गर्नु पर्दा
निम्नानुसार गर्नु पर्नेछ :

*सअ* बुलेटिन २०७३ ... ... ... १ वा २, पृष्ठ ...

*(साल)* *(महिना)*

उदाहरणार्थ : सअ बुलेटिन, २०७३, असार – १, पृष्ठ १

नेपाल कानून पत्रिका तथा सर्वोच्च अदालत बुलेटिन
अब हाम्रो वेभसाइटमा उपलब्ध छन्

ठेगाना

www.supremecourt.gov.np

- यो वेभसाइट खोलेपछि बायाँतर्फ **नेपाल कानून पत्रिका** तथा त्यसको तल **सर्वोच्च अदालत बुलेटिन**मा क्लिक गर्नुहोस् ।
- २०६५ साल वैशाखदेखिका यी पत्रिकामा समाविष्ट निर्णयहरू पढ्न र हाल निःशुल्क डाउनलोड गर्न सकिनेछ ।

नेपाल कानून आयोगको वेभसाइटमा संविधानसमेत हालसम्म प्रकाशित अधिकांश ऐन र नियमावलीहरू नेपाली तथा अङ्ग्रेजीमा र १९१० सालको मुलुकी ऐन, न्याय विकासिनी एवम् विभिन्न ऐतिहासिक दस्तावेजहरू निःशुल्क पढ्न र डाउनलोड गर्न सकिनेछ ।

ठेगाना

**www.lawcommission.gov.np**

मूल्य रू.३०।-

मुद्रक : सर्वोच्च अदालत छापाखाना

# विषय सूची


| क्र. स. | नि.नं./इजलास/ विवरण | पक्ष / विपक्ष | विषयको सारसङ्क्षेप | पृष्ठ |
|---|---|---|---|---|
| १. | ९५४९<br>पूर्ण<br>नापी दर्ता बदर, दर्ता कायम | रमेशप्रसाद पौडेल<br>विरूद्ध<br>शारदा पौडेल | ▪ मालपोत कार्यालयमा साबिक स्रोतअनुसार जग्गाधनी दर्ता प्रमाण पुर्जा पाउँ भनी आवश्यक प्रमाण राखी वारेसमार्फत निवेदन दिई पुर्जासमेत लिइसकेको अवस्थामा आफूले जग्गा दर्ता गरी प्रमाणपुर्जा प्राप्त गरेको विषयमा थाहा पाइन भन्ने वादी दाबी मनासिब नदेखिने। | ३६९ |
| २. | ९५५०<br>पूर्ण<br>भरपाई लिखत दर्ता बदर दर्ता कायम | पुरण शमशेर ज.ब.रा.<br>विरूद्ध<br>खड्गकुमारी राणासमेत | ▪ नेपाल सरकारले मोही हक लागेको जग्गा, जग्गावाला र मोहीबिच बाँडफाँडको कार्य गर्न गराउन समय तोकी सूचना प्रकाशन भएपछि जग्गाधनी र मोहीबिच जग्गा बाँडफाँड गर्ने वा जग्गाधनी र मोहीमध्ये कुनै एकको नाममा एकलौटी कायम गर्ने कार्य अंश मुद्दा परेको कारणले रोकिन सक्दैन । त्यो कानूनबमोजिम बाँडफाँड हुन्छ । कानूनबमोजिम भएको कार्यलाई लेनदेन व्यवहारसरह मानी लिखत बदरको फिराद गर्न पाउने भन्न नमिल्ने। | ३७६ |
| ३. | ९५५१<br>विशेष<br>उत्प्रेषण / परमादेश | अधिवक्ता मिरा ढुङ्गानासमेत<br>विरूद्ध<br>प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौंसमेत | ▪ द्वन्द्वकालमा भइरहेका मानवीय कानून विरूद्ध वा मानव अधिकार उल्लङ्घनका गम्भीर कसुरहरू रोक्ने, ती कसुरहरू दोहोरिन नदिने, पीडितमा आत्मसम्मानको भाव उद्वोधन गराउने राष्ट्रिय मेलमिलापको वातावरण बनाउने र कानूनी राज्यको पुनस्थापन गरी शान्ति बहालीको मार्गमा योगदान पुर्‍याउने नै संक्रमणकालीन न्यायको मुख्य अभिष्ट हो । संक्रमणकालीन अवधिमा भएका घटनाहरूको दोषीलाई मनपरी क्षमादान गर्दा विधिको शासन **(Rule of law)** | ३८३ |

| | | | | |
|---|---|---|---|---|
| | | | कायम रहन सक्दैन । बरू विधिको शासन (Rule of law) कायम गर्न गम्भीर अपराधका पीडकहरूलाई क्षमादान दिनेसमेतका व्यवस्था राखिनु हुँदैन । द्वन्द्वकालमा राजनीतिकरूपले मात्र घटना घटित भएका छैनन् । अपराधिकरूपले पनि घटना भएका छन् । राजनीतिकरूपले घटित घटना र अपराधिकरूपले घटित घटनालाई एकै स्थानमा राखेर हेर्न नमिल्ने । | |
| ४. | ९५५२<br>पूर्ण<br>चोरी | नेपाल सरकार<br>विरूद्ध<br>गणेशबहादुर कार्कीसमेत | ▪ मुलुकी ऐन, चोरीको महलको ७ नं. मा भएको कानूनी व्यवस्थाको अध्ययन गरी हेर्दा उक्त व्यवस्था चोरी भएको सम्बन्धमा उजुर वा नालिस गर्ने हदम्यादसम्बन्धी नभई चोरी भएको कुराको सूचना वा जानकारीसम्म प्रहरी कार्यालयलाई दिनुपर्ने व्यक्तिको कर्तव्य सम्बन्धमा व्यवस्था भएको भन्ने देखिन आउँछ । उक्त व्यवस्थाले त्यस अवधिपछि उजुर गर्न नपाउने भनी अर्थ गरी व्याख्या गर्न नमिल्ने । | ४०४ |
| ५. | ९५५३<br>विशेष<br>उत्प्रेषण / प्रतिषेध | अधिवक्ता विश्वप्रकाश भण्डारीसमेत<br>विरूद्ध<br>नेपाल सरकार | ▪ शसस्त्र द्वन्द्वको पक्ष रहेका व्यक्तिहरूलाई मात्र अदालतको फैसलाले सर्वश्वसहित जन्मकैद वा जन्मकैदको सजाय भएको थियो, सो बाहेकका अन्य व्यक्तिहरूलाई त्यस्तो सजाय भएको थिएन भनी निवेदकले भन्न सकेको छैन र त्यस्तो अवस्था रहेको पनि देखिँदैन । सो कानूनी व्यवस्था शसस्त्र द्वन्द्वको पक्ष रहेका र नरहेका सबैलाई समानरूपमा लागू हुने कानूनी व्यवस्था भएको र कुनै खास वर्ग वा समुदायप्रति मात्र लक्षित रहेको पनि नदेखिँदा उक्त व्यवस्था समानताको हकविपरीत रहेको भन्ने निवेदन जिकिरसँग सहमत हुन नसकिने । | ४१७ |

| | | | | |
|---|---|---|---|---|
| ६. | ९५५४<br>संयुक्त<br>बन्दीप्रत्यक्षीकरण | अधिवक्ता भ्रमण कुमार श्रेष्ठ<br>विरूद्ध<br>महानगरीय प्रहरी वृत्त, बौद्ध, काठमाडौंसमेत | ▪ निवेदक संस्थाको संरक्षकत्वमा रहँदा यी बालबालिकाले विगतमा कुनै दुर्व्यवहार सहनु परेको अवस्था मिसिलबाट देखिँदैन भने यस्तो अवस्थामा यो संस्थाको सहमति वा स्वीकृतिबिना यी बालबालिकालाई उक्त संस्थाको संरक्षकत्वमा हटाउनका लागि यथेष्ट कारण वस्तुनिष्ठ आधारमा प्रमाणित हुनुपर्ने हुन्छ । प्रहरी कार्यालयले संरक्षण गर्न जिम्मा दिएकै भरमा निवेदक संस्थाले यी बालबालिकाको शिक्षादीक्षा लालन पालन गरी आएको अवस्थामा प्रहरी कार्यालयले नै त्यहाँबाट छुटाई अर्को संस्थामा निजहरूलाई पठाउँदा ती बालबालिकाको मनोदशा कस्तो हुन्छ भन्ने कुराको पनि हेक्का राख्नु जरूरी हुने | ४२६ |
| ७. | ९५५५<br>संयुक्त<br>बन्दीप्रत्यक्षीकरण | रामदेव मुखिया<br>विरूद्ध<br>नेपाल सरकार | ▪ ज्येष्ठ नागरिक ऐन, २०६३ को दफा १२(ख) सत्तरी वर्ष उमेर पुरा भई पचहत्तर वर्ष ननाघेका ज्येष्ठ नागरिकलाई पचास प्रतिशतसम्म कैद छुट दिन सकिने व्यवस्था गरेको छ भने कारागार नियमावली, २०२० को नियम २९(२क) ले सत्तरी वर्ष उमेर पुरा भएका कैदीहरूको पचहत्तर प्रतिशतसम्म कैद छोट्याउन सकिने व्यवस्था गरेको देखिन्छ । दुवै कानूनी व्यवस्थाको उद्देश्य निश्चित उमेरका कैदीहरूको बाँकी कैद छुट गर्नु भएपनि एउटै उमेर समूहलाई सम्बोधन गर्न ऐन र नियममा फरक फरक कानूनी प्रावधानहरू विद्यमान रहेको देखियो । यसबाट कुन कानूनी व्यवस्थाको प्रयोग र पालना हुनुपर्ने हो भन्नेमा अन्यौल र द्विविधाको स्थिति रहने हुँदा यस्तो द्विविधाको अन्त्यका लागि ज्येष्ठ नागरिक | ४३१ |

| | | | | |
|---|---|---|---|---|
| | | | ऐनमा नै आवश्यक संशोधन गरी वा ऐनको उद्देश्य पुरा गर्ने नियमावलीमार्फत ज्येष्ठ नागरिकले कैद छुट पाउने विषयमा स्पष्ट आधार र प्रक्रिया किटान गर्नुपर्ने हुँदा तदनुरूपको व्यवस्था गर्नु भनी विपक्षी नेपाल सरकारको नाममा परमादेशको आदेश जारी हुने । | |
| ८. | ९५५६<br><br>संयुक्त<br><br>अग्रिम भुक्तानीसहित करारबमोजिमको क्षतिपूर्ण दिलाई भराई पाऊँ | कृष्ण राणासमेत<br>विरूद्ध<br>सिद्धान्तराज पाण्डेसमेत | ▪ करारबाट अचल सम्पत्ति बिक्री हुने नभई लिखत नै पारित हुनु पर्ने भए पनि बिक्री गर्ने उद्देश्यसहितको सर्तहरूको लिखत हुन नसक्ने होइन । बिक्री हुनलाई लिखत पारित गर्ने कुरा करारको सर्त परिपालना गरी पुरा हुने कार्य हो । तर बिक्रीको उद्देश्य राखी कुनै करार हुनै नसक्ने गरी कुनै प्रतिबन्ध लागेको कानूनी व्यवस्था देखिँदैन । त्यसैले त्यस्तो करार स्वतः अवैध भन्न मिल्ने देखिँदैन । त्यस्तो लिखतबाट केही लिनु खानु गरेको भए त्यस्तो लिखतको सर्तबमोजिम तिर्नु बुझाउनु नपर्ने भन्न पनि नमिल्ने । | ४३७ |
| ९. | ९५५७<br><br>संयुक्त<br><br>उत्प्रेषण / परमादेश | अमरराज खैरेसमेत<br>विरूद्ध<br>बिजय ढुंगाना | ▪ विधिवत् सम्झौता गरेपछि सम्झौता बमोजिम एल.सी. खोल्नेलगायतका आफैँले गर्नुपर्ने कार्य गर्न नसकी आफू दायित्व बिहीन बनेर निवेदककै कार्यसम्पादन जमानत रकमसमेत उल्टै जफत गर्ने विपक्षीको कार्य करार कानूनको र न्यायको आधारभूत सिद्धान्तसमेत प्रतिकूल देखिन आएको छ । आफैँ प्रतितपत्र नखोल्ने तर सम्झौता कार्यान्वयन गरेन भनी अर्को पक्षउपर आरोप लगाउने विपक्षी कम्पनीको कामकारवाही उचित र तर्कसङ्गतसमेत नहुने । | ४४२ |

| | | | | |
|---|---|---|---|---|
| १०. | ९५५८<br><br>संयुक्त<br><br>उत्प्रेषण | करिसिंह भुलसमेत<br>विरूद्ध<br>लोक सेवा आयोग,<br>केन्द्रीय कार्यालय,<br>अनामनगरसमेत | ▪ रिट निवेदकहरूले स्तरवृद्धिका माध्यमबाट नियुक्ति हुने र खुला प्रतियोगिताबाट नियुक्ति हुने कर्मचारीहरूको बिचमा वृत्ति विकासका अवसरहरू फरक हुने भएकोले लोक सेवा आयोगले आफूहरूलाई खुला प्रतियोगिताबाट नियुक्ति हुन रोक लगाउने गरी गरेको निर्णयबाट आफूहरूलाई मर्का पर्न गएको भन्नेसमेत जिकिर लिएको सन्दर्भमा स्तरवृद्धि र खुला प्रतियोगिताबाट नियुक्ति हुने प्रक्रियामा अन्तर भई जिम्मेवारी वितरण गर्ने हिसाबले पनि निवेदकहरूले आफ्नो वृत्तिविकासको मार्ग पहिल्याउन नपाउने भन्न नमिल्ने। | ४५७ |
| ११. | ९५५९<br><br>संयुक्त<br><br>धितो रहेको जग्गा गैरकानूनीरूपमा फुकुवा गरी भ्रष्टाचार गरेको | शिवकुमार अग्रवालसमेत<br>विरूद्ध<br>नेपाल सरकार | ▪ मतियारको सम्बन्धमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ मा "यस ऐनमा अन्यत्र छुट्टै व्यवस्था भएकोमा बाहेक यस ऐनअन्तर्गत सजाय हुने कुनै कसुरको मतियारलाई त्यस्तो कसुर गर्ने राष्ट्रसेवक वा अन्य कुनै व्यक्तिलाई हुने सजायको आधा सजाय हुनेछ । तर कसुर गर्ने राष्ट्रसेवक वा अन्य कुनै व्यक्तिलाई त्यस्तो कसुर गरेबापत नगदी, जिन्सी वा अन्य कुनै सुविधा वा लाभ उपलब्ध गराई दिने वा आफूले लिने मतियारलाई कसुर गर्ने व्यक्तिसरह नै सजाय हुनेछ" भन्ने व्यवस्था रहेको अवस्थामा जुन कामको लागि जग्गा धितो राखेको हो सो काम नै सम्पन्न नभइसक्दैको अवस्थामा त्यसरी धितोमा राखेको जग्गा फुकुवा हुन सक्दैन । सो कुरा जान्दाजान्दै प्रतिवादी शिवकुमार अग्रवालले जग्गा फुकुवा गर्न विभिन्न व्यक्तिहरूलाई परिचालन गरेको | ४६२ |

| | | | | |
|---|---|---|---|---|
| | | | भन्ने कुरा निजकै स्वीकारोक्तिबाट पुष्टि भएको देखिन्छ । यिनै विश्लेषित आधार एवं कारणबाट गैरकानूनी जग्गा फुकुवा गर्ने कार्यमा निजको सहयोगीको भूमिका रहेको पुष्टि भएकोले निजलाई मतियारमा सजाय गरेको विशेष अदालत, काठमाडौंको मिति २०६६।३।१५ को फैसलालाई अन्यथा भन्न नमिल्ने । | |
| १२. | ९५६० संयुक्त उत्प्रेषण / परमादेश | कृष्णप्रसाद ढकालसमेत विरूद्ध नेपाल सरकार | ▪ न्यून आय भएका र आवास नभएका र सुकुम्बासी जो जे भने तापनि घरबास नभएका हुन् भन्ने प्रस्ट हुन आउँछ । सहरी विकास मन्त्रालयअन्तर्गतको सहरी विकास तथा भवन निर्माण विभाग भनेको सरकारी निकाय हो र यसले बनाउने योजना जनमुखी हुन्छ र हुनु पनि पर्दछ । सरकारको नीति (Policy) को आधारमा योजना बनेको हुन्छ । यस्तो योजना र नीतिका सम्बन्धमा जबसम्म त्यसले जनताको मौलिक हकमाथि ठाडो हस्तक्षेप गरेको हुँदैन अदालतले त्यस्तो नीति विरूद्ध अन्यथा आदेश गर्न मिल्नेसमेत हुँदैन । सुकुम्बासी तथा आवास नहुनेहरूको हितका निम्ति तयार गरिएको योजनाअनुसार जग्गा खरिद गरी योजनाअनुसार घर निर्माण गर्न लागिएको अवस्था हुँदा विपक्षीहरूको उक्त कार्यबाट निवेदकहरूको हक अधिकारमा हस्तक्षेप भएको वा कुनै हानि नोक्सानी भएको पनि नदेखिने । | ४७९ |
| १३. | ९५६१ संयुक्त उत्प्रेषण / परमादेश | अधिवक्ता ध्रुवप्रसाद चौलागाई विरूद्ध नेपाल सरकार | ▪ कुनै पनि निजामती कर्मचारीले सेवाग्राहीलाई मोबाइल फोनको प्रयोगलगायतको कुनै पनि कारणबाट सेवा प्रवाह गर्नेक्रममा ढिलासुस्ती गरेको अवस्थामा निजामती सेवा ऐन, २०४९ को दफा ५९, ६० र ६२ अनुसार | ४८७ |

| | | | | |
|---|---|---|---|---|
| | | | विभागीय प्रमुखसमक्ष उपचार माग गर्ने वैकल्पिक उपचारको बाटो विद्यमान रहेको देखिने। | |
| १४. | ९५६२<br>संयुक्त<br>कर्तव्य ज्यान | नेपाल सरकार<br>विरूद्ध<br>सम्झना क्षेत्री बोहरा | ▪ घटना घटाउन सहमति जनाई अपराधको दूष्परिणाम निस्केपछि जाहेरी दिएको आधारमामात्र प्रतिवादीले फौजदारी दायित्वबाट सफाई पाउन सक्ने अवस्था नरहने। | ४९२ |
| १५. | ९५६३<br>संयुक्त<br>राज्य विरूद्धको अपराध (राज्य विप्लव) | नेपाल सरकार<br>विरूद्ध<br>चन्द्रकान्त राउत | ▪ प्रतिवादीलाई आफ्ना विचारहरू अभिव्यक्त गर्ने, विना हातहतियार भेला हुने राजनीतिक दल खोल्ने तथा संघ संगठन खोल्ने नेपालको कुनै पनि भागमा आवतजावत र बसोबास गर्ने समेतका स्वतन्त्रताको हक संविधानले नै प्रत्याभूत गरेको देखिन्छ । उपरोक्त स्वतन्त्रताहरू निरपेक्ष नभई सापेक्षित स्वतन्त्रता हुन् । उक्त स्वतन्त्रताहरूलाई राज्यले उचित कानून बनाई सङ्कुचन र नियन्त्रण गर्न सक्ने। | ५०५ |
| १६. | ९५६४<br>संयुक्त<br>निषेधाज्ञा / परमादेश | संगमलाल खंग खत्वे<br>विरूद्ध<br>श्री राष्ट्रिय प्राथमिक विद्यालय, कोरियानी, सप्तरीसमेत | ▪ समावेशीरूपमा कोटा छुट्याई विज्ञापन प्रकाशित हुनुपर्ने निवेदकको भनाई भए आवेदन फर्म बुझाउनुभन्दा अगावै उजुर गर्न आउनु पर्दछ । प्रकाशित विज्ञापनअनुसार आवेदन फर्म बुझाइसकेकोले विज्ञापन प्रकाशनको कार्यबाट निजको हकमा आघात पुग्ने आशंका रहेको भनाई तथ्यसङ्गत छैन। समावेशीरूपबाट विज्ञापन प्रकाशित हुनको लागि सोको कोटा नै नछुट्याएको र कोटा छुट्याउनु पर्ने नपर्ने, विद्यालयमा कति शिक्षक रहेको नरहेको आदि विषय नीतिगत विषय भएकोले सो सम्बन्धमा परमादेशको आदेशबाट हस्तक्षेप गर्न नमिल्ने। | ५१५ |

| | | | | |
|---|---|---|---|---|
| १७. | ९५६५<br><br>संयुक्त<br><br>उत्प्रेषण / परमादेश | डा.बसन्तकुमार ताम्राकार<br>विरूद्ध<br>लोक सेवा आयोग, केन्द्रीय कार्यालय, अनामनगर, काठमाडौंसमेत | ▪ कुनै पदाधिकारीको त्रुटि वा भुलको कारण कुनै कर्मचारीलाई निजले प्राप्त गरेको कानूनी हकबाट वञ्चित गर्न मिल्दैन। कुनै पदाधिकारीको त्रुटि वा भूलको कारण कार्य सम्पादन मूल्याङ्कन फाराममा पुनरावलोकन समितिबाट मूल्याङ्कन हुन छुट भएको अवस्थामा त्यस्तो कार्य सम्पादन मूल्याङ्कन फाराम पेस गर्ने कर्मचारीलाई बढुवाबाट वञ्चित गर्ने हो भने कर्मचारीको पदोन्नति सम्बन्धित प्रावधान कानूनी हकको रूपमा नभई कुनै पदाधिकारी वा कार्यालयको स्वेच्छामा निर्भर रहन जाने। | ५२१ |
| १८. | ९५६६<br><br>संयुक्त<br><br>लगानी सुरक्षित गरी कानूनबमोजिमको क्षतिपूर्ति रकमसमेत दिलाई भराई पाऊँ | सुवासकुमार सर्राफ<br>विरूद्ध<br>स्टेफिन डुजिङ्क (Mr. Steffen Duzink) समेत | ▪ क्षतिपूर्ति कानूनमा क्षति पुर्‍याउने र क्षति पर्नेका बिचको बदनियत वा त्यस्तो घटनालाई वस्तुनिष्ठ तवरबाट देखाइएको हुनुपर्छ। कानूनबमोजिम भएका निर्णयमा निर्णयकर्ताले दूषित कार्य गरेको वा कानूनको पालना नगरेको अवस्थामा पनि तहतह हुँदै त्यस्तो निर्णय सच्याउन सक्ने व्यवस्था भइरहेको देखिँदा प्रत्यक्ष हानि भएको सबुद निवेदक पक्षले गुजार्न नसकेको अवस्थामा क्षतिपूर्ति भराउन सकिने नदेखिने। | ५३१ |
| १९. | ९५६७<br><br>संयुक्त<br><br>कर्तव्य ज्यान | संजिव भन्ने संजिभ गुरूङसमेत<br>विरूद्ध<br>नेपाल सरकार | ▪ अभियोजनकर्ताले प्रतिवादीको बाबु बाजेको नाम थर र प्रतिवादीहरूको वतन खुली आएमा अभियोगपत्र दायर हुने भन्ने कुरा उल्लेख गरी अभियोगपत्र दायर गर्ने गरी कामकारवाही गर्न पाउने कुराको कानूनी वा नजिरगत आधार देखिँदैन। कानूनी निकायले कानूनले तोकेको कुराबाहेक आफुखुशी जथाभावी गर्दा दण्डहीनता र स्वेच्छाचारिता मौलाउने कुराको हेक्का रहनु आवश्यक भएकोले यो | ५४० |

| | | | | |
|---|---|---|---|---|
| | | | फैसलाको जानकारी यस अदालतको अनुगमन शाखालाई र नेपाल सरकारको महान्यायाधिवक्ता र प्रहरी प्रधान कार्यालयसमेतलाई उपलब्ध गराउने। | |
| ३०. | ९५६८<br>संयुक्त<br>उत्प्रेषण | भवानीकुमारी पौडेल<br>विरूद्ध<br>शम्भुप्रसाद उपाध्याय पौडेलसमेत | ▪ जिल्ला अदालतबाट तायदाती माग्ने आदेशलाई पुनरावेदन तहको अदालतबाट बदर गर्दा अंश पाउने सम्बन्धित पक्षको नैसर्गिक हकमा प्रतिकूल प्रभाव पर्ने देखिन्छ । यस स्थितिमा अ.बं. १७ नं. बमोजिमको निवेदनको रोहबाट रित बेरित सम्म हेरी बेरितको देखिन आए रितपूर्वकको काम कारवाही गर्न गराउनको लागि आदेश दिनुपर्नेमा तल्लो अदालतले गर्ने निर्णयमा प्रभाव पर्ने गरी अ.बं. १७ नं. बमोजिम आदेश गर्न कानूनसम्मत नहुने। | ५६१ |
| ३१. | ९५६९<br>संयुक्त<br>उत्प्रेषण / परमादेश | चन्द्रबहादुर चौधरीसमेत<br>विरूद्ध<br>जिल्ला वन कार्यालय, मुकाम गुलरिया बर्दियासमेत | ▪ रिट निवेदनमा जिकिर लिएको चार किल्लाभित्रको जग्गा वन ऐन, २०४९ तथा नियमावली, २०५१ मा भएको कानूनी व्यवस्थाबमोजिमको प्रक्रिया पुरा गरी उपभोक्ता समूहले प्रस्तुत गरेबमोजिमको कार्य योजनाअनुसार वनको संरक्षण सम्बर्द्धन गर्न समुदायलाई हस्तान्तरण गरेको पाइँदा कानूनले निर्दिष्ट गरेको विधि र प्रक्रियाअनुसार सामुदायिक वन उपभोक्ता समूहलाई हस्तान्तरण गरेको वन क्षेत्रभित्रको जग्गामा रिट निवेदकहरूको हक स्वामित्व स्थापित भइसकेको देखिँदैन । आफ्नो विधिवत हक स्वामित्व नै स्थापित भई नसकेको राष्ट्रिय वन क्षेत्रभित्र पर्ने जग्गा निर्दिष्ट कानूनी प्रक्रिया पुरा गरी समुदायलाई हस्तान्तरण गर्ने गरी भएको जिल्ला वन कार्यालय, बर्दियाको निर्णयले रिट निवेदकहरूको कानूनी एवम् संवैधानिक | ५६६ |

| | | | | |
|---|---|---|---|---|
| | | | अधिकारमा बाधा पुर्‍याएको नदेखिँदा रिट निवेदन मागबमोजिमको आदेश जारी गर्न नमिल्ने । | |
| २२. | ९५७०<br>संयुक्त<br>उत्प्रेषण / परमादेश | कल्लु थारूसमेत<br>विरूद्ध<br>जिल्ला वन कार्यालय, मुकाम गुलरिया बर्दियासमेत | ▪ कुनै वस्तु माथिको कब्जा र भोगाधिकार स्वामित्व प्राप्तीको आधार बन्न सक्छ तर स्वामित्व प्राप्त भई नसकेको वस्तुमाथि व्यक्तिको अनन्त अधिकार भने कायम हुन सक्दैन । कब्जा, भोग र स्वामित्व बिचको मान्यतामा यहि आधारभूत भिन्नता रहेको हुन्छ । राज्यले निर्दृष्ट गरेको विधी र प्रक्रियाबाट मात्र वस्तु माथि व्यक्तिको स्वामित्व कायम हुन सक्ने हुँदा आफ्नो स्वामित्व कायम भई नसकेको जग्गा माथि राज्यको कुनै निकायले अतिक्रमण गर्‍यो भन्नु न्यायसङ्गत नदेखिने । | ५७० |
| २३. | ९५७१<br>संयुक्त<br>गौबध | कुमार दर्जीसमेत<br>विरूद्ध<br>नेपाल सरकार | ▪ पुनरावेदक प्रतिवादीहरूले अदालतसमक्ष बयान गर्दा बाच्छी मारेको होइन भनी कसुरमा इन्कार रहे पनि अधिकारप्राप्त अधिकारीसमक्ष भएको बयानमा भएको सहीछाप आफ्नै भएको हो भनी गरेका र अधिकारप्राप्त अधिकारीसमक्षको बयान अचेत अवस्थामा गरेको वा बाध्य पारी वा यातना दिई वा यातना दिने धम्की दिई वा आफ्नो इच्छा विरूद्ध सो कुरा व्यक्त गर्ने स्थितिमा पारी सो कुरा व्यक्त गरेको भनी अदालतमा बयान गर्दा भन्न सकेको देखिँदैन । अधिकारप्राप्त अधिकारीसमक्ष स्वतन्त्ररूपमा स्वेच्छाले कसुर स्वीकार गरी बयान दिएपछि अदालतसमक्ष बयान गर्दा इन्कार रहेको आधारमा मात्र कसुरदार होइनन् भन्न नमिल्ने । | ५७६ |

यी सारसङ्क्षेप *ने.का.प.* प्रयोगकर्ताको सुविधाका लागि मात्र हुन्, उद्धरण गर्नका लागि होइनन् ।

– सम्पादक

## निर्णय नं.९५४९

सर्वोच्च अदालत, पूर्ण इजलास
सम्माननीय प्रधानन्यायाधीश श्री कल्याण श्रेष्ठ
माननीय न्यायाधीश श्री सुशीला कार्की
माननीय न्यायाधीश श्री देवेन्द्र गोपाल श्रेष्ठ
फैसला मिति : २०७२।५।१७।५
०६५-NF-००२६

मुद्दा : नापी दर्ता बदर, दर्ता कायम

पुनरावेदक / प्रतिवादी : काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं.९ बस्ने रमेशप्रसाद पौडेल

विरूद्ध

प्रत्यर्थी / वादी : काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं.९ बस्ने शारदा पौडेल

- **वादीले साबिक कि.नं.१११ को स्रोत भिडाई जग्गा दर्ता गरिसकेपछि सो तथ्य लुकाएर पुनः सोही कि.नं.१११ बाट भिड्ने भनी प्रतिवादीका नामको कि.नं.१९२ को जग्गामा दाबी लिएको पाइन्छ । साबिक कि.नं.१११ को भिडाई कि.नं.९ र ७४ वादीको नाममा दर्ता भइसकेको देखिँदा पुनःसोही स्रोतका आधारमा विवादित कि.नं.१९२ पनि निजको नाममा दर्ता हुन सक्ने देखिँदैन । वादीले नारायणी देवीबाट ०-८-० जग्गा मात्र राजीनामा गरिलिएको र हाल वादीको नाममा दर्ता भएको ०-५-१ र वादीले दाबी गरेको कि.नं.१९२ को ०-७-१ समेत जम्मा क्षेत्रफल ०-१२-२ हुने देखिँदा वादी दाबी विश्वासयोग्य देखिएन । अर्कोतर्फ विवादित जग्गासमेत वादीको कायम भएमा प्रतिवादीले अंशबन्डाबाट पाएको जग्गा लोप हुन जाने स्थिति रहने ।**

(प्रकरण नं.५)

- **मालपोत कार्यालयमा साबिक स्रोतअनुसार जग्गाधनी दर्ता प्रमाण पुर्जा पाउँ भनी आवश्यक प्रमाण राखी वारेसमार्फत निवेदन दिई पुर्जासमेत लिइसकेको अवस्थामा आफूले जग्गा दर्ता गरी प्रमाणपुर्जा प्राप्त गरेको विषयमा थाहा पाइन भन्ने वादी दाबी मनासिब नदेखिने ।**
- **आफ्नो साबिक दर्ताबमोजिमको जग्गा भनी स्वीकार गरी जग्गाधनी प्रमाण पुर्जा लिइसकेपछि हाल सो जग्गा आफ्नो होइन भनी इन्कार गर्न वादी विवन्धित हुने देखिन्छ । विवन्धन भनेको एकपटक कुनै कुरा आफ्नो हो भनी सकेपछी पुनः सो कुरा होइन भन्न नपाउने हुन्छ । यसरी वादी विवन्धित भएपछि तथ्यको भ्रमको प्रश्न उठाइ नयाँ कुराको दाबी गर्न अर्थात् अर्को जग्गामा दाबी गर्न विवन्धनको सिद्धान्तले समेत वादीलाई रोक्ने देखिन्छ । उक्त जग्गा आफ्नो नभए कसको हो सो कुरा वादीले भन्न लेख्न सकेको नदेखिने ।**
- **तथ्यगतरूपमा प्रतिवादीको स्रेस्ता र भोग स्वीकार गरी लामो समयसम्म कायम भएको सो तथ्यलाई जहिले पनि उल्टाउन वा बदल्न सकिन्छ भन्ने होइन । सर्भे नापी हुनु र प्रस्तुत फिराद पर्नुभन्दा अगावै स्थापित भएको उक्त तथ्यबाट पनि स्पष्टरूपमा वादी दाबी खण्डित भइरहेको देखिने ।**

(प्रकरण नं.६)

पुनरावेदक / प्रतिवादीका तर्फबाट : विद्वान् वरिष्ठ अधिवक्ताहरू हरिहर दाहाल, श्याम खरेल, सिताराम तिवारी

प्रत्यर्थी / वादीका तर्फबाट : विद्वान् वरिष्ठ अधिवक्ता शम्भु थापा, अधिवक्ता खम्बबहादुर खाती

अवलम्बित नजिर :

सम्बद्ध कानून :

सुरू काठमाडौं जिल्ला अदालत फैसला गर्ने :
मा. जि.न्यायाधीश श्री बेदराम पोखरेल

पुनरावेदन अदालत, पाटन फैसला गर्ने :
मा. मुख्य न्यायाधीश श्री खिलराज रेग्मी
मा. न्यायाधीश श्री वुद्धरत्न शाक्य

सर्वोच्च अदालत फैसला गर्ने :
मा. न्यायाधीश श्री बद्रीकुमार बस्नेत
मा. न्यायाधीश श्री राजेन्द्रप्रसाद कोइराला

फैसला

**स.प्र.न्या. कल्याण श्रेष्ठ :** यस अदालतको संयुक्त इजलासबाट भएको फैसलाउपर न्याय प्रशासन ऐन, २०४८ को दफा ११(१)(ख) बमोजिम मुद्दा पुनरावलोकन गरी हेर्ने निस्सा प्रदान भई निर्णयार्थ पेस हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य र ठहर यसप्रकार छ :

म फिरादीले र.नं.५५९५ बाट हक प्राप्त गरी मेरो नाउँमा दर्तासमेत रहेको साबिक बानेश्वर महादेवस्थान वडा नं.१ कि.नं.१११ को ०-८-० जग्गा नयाँ नापी हुँदा का.जि.का.म.न.पा.वडा नं.१० कि.नं.१९२ र कि.नं.६ मा नाप नक्सा भएको कुरा साबिक र हालको नक्साबाट स्पष्ट देखिन्छ । साबिकमा मेरो नाममा जग्गा दर्ता भई मेरै हकभोगमा रहेको जग्गा नयाँ नापीका बखतमा नापनक्सा गराउन नगएको कारणले मात्र उक्त जग्गामा मेरो हक जानुपर्ने होइन । जग्गाको फिल्डबुकमा विपक्षीको नाम उल्लेख हुँदैमा उक्त जग्गामा विपक्षीको हक पुग्नेसमेत होइन । साबिकमा मेरो नाममा दर्ता रही मेरो हकभोग चलनमा रहेको कि.नं.१११ भिडी हाल नयाँ नापीमा कायम हुन आएको का.जि.का.म.न.पा. वडा नं.१० कि.नं.१९२ तथा कि.नं.६ समेत २ कित्ताको जम्मा क्षेत्रफल ०-८-० जग्गामध्ये कि.नं.१९२ विपक्षीको नाउँमा दर्ता हुने गरी भएको २०४६ सालको नापी दर्ताबदर गरी सो नापीबमोजिम विपक्षीको नाउँमा भएको दर्ता स्रेस्ता बदर गरी उपर्युक्त हाल नयाँ नापीको कि.नं.१९२ र कि.नं.६ को जम्मा मूल्य रू.३,७५,०००|- जग्गामा साबिक दर्ता स्रेस्ताबमोजिम म फिरादीको हक कायमसमेत गरिपाउँ भन्नेसमेत व्यहोराको शारदा पौडेलको फिराद पत्र ।

आफ्नो साबिक भनी कि.नं.१११ को जग्गा वादीले स्वीकारी मिति २०४८।५।१३ मा जग्गाधनी प्रमाण पुर्जासमेत प्राप्त गरी सक्नुभएको छ । जग्गा (नाप जाँच) ऐन, २०१९ को दफा ८(२) अनुसारको हदम्यादभित्र वादीको उजुर परेको छैन । विपक्षीका दाता नारायणी देवी पौडेलबाट वादीले प्राप्त गर्नुभएको ०-८-० जग्गाभन्दा बाहिर गई दाबी गर्न मिल्दैन । मैले आफ्नो पिताजीबाट अंश पाएको कि न १६२ को स्रोत देखाइ सर्भे नापीबाट मिति २०४७।११।१२मा कि.नं.१९२ मेरो नाममा दर्ता गरी जग्गाधनीदर्ता प्रमाणपुर्जा प्राप्त गरिसकेको छु । उक्त जग्गामा साबिकबाट तारबार पर्खाल लगाई मेरो भोगमा रहेको कुरा विपक्षीको दाता नारायणी देवी पौडेलसमेत वादी तथा चिरञ्जिवी शमशेर प्रतिवादी भएको संवत् २०४३ सालको मि.नं.१८४ को सार्वजनिक बाटो कायम मुद्दामा जिल्ला अदालतबाट मिति २०४२।१२।१७ मा भएको नाप नक्सा नं.१० ले समेत स्पष्ट गर्दछ । विपक्षीको दाताले स्वीकार गरी कायम भएको ऐ.कि.नं.६ को बाटोमा समेत दाबी गरेकोले फिराद खारेज गरिपाउँ भन्नेसमेत व्यहोराको प्रतिवादी रमेशप्रसाद पौडेलको प्रतिउत्तर पत्र ।

वादी दाबीबमोजिम वादीको साबिकको कि.नं.१११ को जग्गा हालको नापीको कि.नं.१९२ र कि.नं.६ को जग्गा देखिन आएकोले दाबीबमोजिम निर्णय बदर भई प्रतिवादीका नाममा दर्ता गर्ने गरेकोसमेत बदर हुने ठहर्छ भन्ने सुरू काठमाडौं जिल्ला अदालतको मिति २०५५।२।११ को फैसला ।

साबिक का.जि., महादेवस्थान गा.वि.स. वडा नं.१ कि.नं.४० को पैतृक सम्पत्ति मिति २०३२।२।१४

मा पारित अंश बन्डा लिखतबाट पाई कित्ताकाट हुँदा मेरो पिता कृष्णप्रसादको नाममा कि.नं.६ परेको र म पुनरावेदकले पिताजीबाट मिति २०४५।१।७ को पारित लिखतबाट पाँच आना जग्गा अंश पाउँदा कि.नं.१६२ कायम भएको जग्गा २०४२ सालको सर्भे नापीमा कि.नं.१९२ भएको हो । विपक्षीले जग्गाको साबिक स्रोत भिडाई कि.नं.७४ र ९ को जग्गा धनीदर्ता प्रमाणपुर्जा प्राप्त गरिसकेको अवस्था छ । मेरो उक्त कि.नं.१९२ को जग्गामा घर बनाउन नगरपालिकाबाट नक्सा स्वीकृति भइसकेको अवस्थासमेत हुँदा सुरू फैसला बदर गरिपाउँ भन्ने प्रतिवादीको तर्फबाट पुनरावेदन अदालत, पाटनमा परेको पुनरावेदन पत्र।

यसमा प्रत्यर्थी वादी शारदा पौडेलले साबिक कि.नं.१११ को स्रोत देखाई २०४७।१२।२१ मा नापीमा निवेदन दिई कि.नं.७४ र कि.नं.९ को जग्गा धनी प्रमाण पुर्जा प्राप्त गरिलिएको र सोसम्बन्धमा केही विवेचना नगरी भएको सुरू फैसला फरक पर्न सक्ने देखिनाले अ.बं.२०२ नं. तथा पुनरावेदन अदालत नियमावली, २०४८ को नियम ४७ बमोजिम प्रत्यर्थी झिकाई उपस्थित भए वा अवधि नाघेपछि पेस गर्नु भन्ने पुनरावेदन अदालत, पाटनको आदेश।

साबिक कि.नं.१११ को स्रोतको आधारमा हालको नापीमा कि.नं.७४ र ९ को जग्गा वादीको नाउँमा दर्ता देखिँदा विवादित कि.नं.१९२ को जग्गामा वादीको दाबी लाग्न पुग्न सक्ने अवस्था देखिएन । साथै उक्त कि.नं.१९२ को दाबी नपुग्ने अवस्थामा नापी नक्साबाट समेत बाटो देखिएको सो कि.नं.१९२ को उत्तरतर्फको कि.नं.६ को जग्गामा स्वतः दाबी पुग्न सक्ने देखिएन । तसर्थ वादी दाबी पुग्न नसक्ने ठहराउनु पर्नेमा वादी दाबी पुग्ने ठहर्‍याएको सुरू काठमाडौं जिल्ला अदालतको फैसला नमिलेको हुँदा उल्टी भई वादी दाबी नपुग्ने ठहर्छ भन्नेसमेत व्यहोराको पुनरावेदन अदालत, पाटनको मिति २०५८।२।३ को फैसला।

मेरो नाउँको साबिक स्रोतको जग्गालाई विपक्षीले दूषितरूपमा दर्ता गराएकोले पुनरावेदन अदालत, पाटनको त्रुटिपूर्ण फैसला उल्टी गरी काठमाडौं जिल्ला अदालतको फैसला सदर कायम गरिपाउँ भन्नेसमेत व्यहोराको वादीको तर्फबाट यस अदालतमा दर्ता हुन आएको पुनरावेदन पत्र।

विवादित कि.नं.१११ को जग्गा साबिक कि.नं.९० को जग्गा भएको कुरा अञ्चल बागमती, जिल्ला काठमाडौं पञ्चायत महादेवस्थान वडा नं.१ को नक्साबाट देखिन्छ। उक्त कि.नं.९० को जग्गा वादी शारदा पौडेलको सासू नारायणी देवीको कि.नं.४० को रोपनी ३-१०-० जग्गामध्येको जग्गा भएको र उक्त कि.नं.९० को जग्गा कि.नं.८९ को जग्गा उत्तर पश्चिम र दक्षिणतर्फ अवस्थित रहेको उपर्युक्त सर्भेको नक्साबाट देखिएको छ । कि.नं.४० कित्ताकाट भई कायम भएको कि.नं.८९, ९० र ९१ मध्ये कि.नं.९१ मा कुनै विवाद देखिँदैन । प्रस्तुत मुद्दाको मूल विवाद सर्भे नापीको उक्त कि.नं.९० को जग्गामध्ये कित्ताकाट भई कायम भएको कि.नं.१११ को जग्गा रोपनी ०-८-० जग्गा कहाँ अवस्थित रहेको छ भन्ने देखियो। हाल सर्भे नापीको नक्साबाट कि.नं.९० को जग्गा रोपनी १-८-० कित्ताकाट भई कायमी कि.नं.१११, ११२, ११३ भएको देखिन्छ । वादी दाबीमा उल्लिखित कि.नं.१११ को जग्गा हाल सर्भेको नक्सा र मालपोत कार्यालयको मिसिल संलग्न रहेको नक्सा ट्रेस उतारअनुसारसमेत हाल सर्भेको कि.नं.१९२ मा अवस्थित रहेको कुरा प्रस्ट देखिँदादेखिँदै मिसिल संलग्न प्रमाणको विपरीत हुने गरी वादीको जग्गा अन्यत्र छ भनी ठहर गर्ने गरेको पुनरावेदन अदालत, पाटनको फैसलामा अ.ब.१८४क, १८५ नं. र प्रमाण ऐन, २०३१ को दफा ३ र ५४ समेतको त्रुटि भई फरक पर्न सक्ने देखिँदा अ.बं.२०२ नं. बमोजिम छलफलको लागि विपक्षी झिकाई नियमानुसार पेस गर्नु भन्नेसमेत व्यहोराको यस अदालतको आदेश।

विवादित कि.नं.१९२ को जग्गा साबिक कुन कि.नं. मा भिडाई दर्ता गराएको हो भन्ने साबिक स्रेस्तासमेत देखाउन नसकेको साथै सो जग्गा वादीबाट हक टुटाई लिएको अवस्थासमेत नदेखिँदा प्रतिवादीले

कि.नं.१६२ बाट भिडाई कि.नं.१९२ आफ्नो नाममा नापी गराई दर्ता गराएकै आधारमा कि.नं.१९२ को जग्गा प्रत्यर्थी प्रतिवादीको कायम हुने अवस्था देखिएन । साबिक कि.नं.१११ हाल कि.नं.१९२ को जग्गाको क्षेत्रफलसँग मिलिरहेको र मालपोत कार्यालयको मिसिल संलग्न रहेको मिति २०५२।१।७ को नक्सा ट्रेसबाट समेत साबिकको कि.नं.१११ को जग्गा हाल नापीको कि.नं.१९२ मा पर्ने प्रस्टरूपमा देखिएको हुँदा वादी दाबी नपुग्ने ठहर्‍याएको पुनरावेदन अदालतको फैसला मिलेको नदेखिँदा उल्टी भई वादी दाबीबमोजिम कि.नं.१९२ को जग्गा प्रत्यर्थी प्रतिवादीले गराएको दर्ता बदर गरी नापी शाखाले मिति २०५२।१।७ मा दिएको नक्साबमोजिमको कि.नं.१९२ को जग्गा पुनरावेदक वादीको नाममा दर्ता हुने ठहर्छ भन्ने यस अदालतको संयुक्त इजलासको मिति २०६२।११।८ को फैसला।

विवादित जग्गा विपक्षीको सासू दाता नारायणी देवी तथा म निवेदकको पिता कृष्णप्रसाद पौडेलबिच अंश बन्डा भएको जग्गाबाट कित्ताकाट भई विभाजन भएको जग्गा हो भन्नेमा विवाद छैन । विपक्षीको सासू नारायणी देवीबाट मिति २०३८।१०।४ को राजीनामाको लिखतअनुसार कि.नं.१११ को क्षेत्रफल ०-८-० विपक्षीको नाममा दर्ता कायम रहेको जग्गा सर्भे नापीमा का.म.न.पा.वडा नं.१० कि.नं.७४ र ९ मा दर्ता भएको हुँदा मेरो नाममा जग्गा धनी प्रमाण पुर्जा पाउँ भनी विपक्षीले मिति २०४७।१२।२१ मा निवेदन गरी मागबमोजिम जग्गा धनी प्रमाण पुर्जा प्राप्त गरिसक्नु भएको छ। यसरी हाल साबिक गर्दा साबिक किल्ला र कित्ता नम्बरबमोजिमको ठाउँबाट नभिडाई घरसारमा आफूले मिलाई भोगचलन गरी आएबमोजिमको जग्गासँग भिडाई हाल साबिक गरी दर्ता भई आएको हो । साबिक कि.नं.१११ भिडाई हाल नापीको कि.नं.७४ र ९ को जग्गा धनी प्रमाण पुर्जा लिइसकेपछि सोही कि.नं.१११ को स्रोत पुनः देखाई अर्को जग्गा दर्ता हुन सक्दैन। मैले अंश बन्डाबाट पाएको जग्गाको दर्ता स्रेस्ता भोग कसैलाई हक छाडी नदिएसम्म उक्त जग्गा लोप गराई मलाई निरअंशी बनाउन मिल्दैन। विवादित कि.नं.१९२ को जग्गाबाहेक मेरो अन्य कुनै घर जग्गा नभएको हुँदा उक्त जग्गामा विपक्षीको हक स्थापित भएमा म र मेरो परिवार घरबारविहीन अवस्थामा पुग्ने हुँदा संयुक्त इजलासको त्रुटिपूर्ण फैसला पुनरावलोकन गरिपाउँ भन्नेसमेत प्रतिवादीको यस अदालतमा पर्न आएको पुनरावलोकनको निवेदन।

यसमा निवेदक प्रतिवादीले उल्लेख गरेको नारायणी उपाध्याय विरूद्ध चिरञ्जिवी शमशेर भएको सार्वजनिक बाटो कायम मुद्दामा मिति २०४२।१२।२७ मा भएको नक्सामा न.नं.१० को जग्गा कृष्णप्रसाद पौडेलको हकभोगको देखिन्छ। साबिकको कि.नं.१११ को स्रोतको आधारमा हालको नापीमा कि.नं.७४ र ९ को जग्गा वादीको नाममा दर्ता भएको कुरामा विवाद देखिँदैन। वादी शारदा पौडेलले नारायणी उपाध्यायबाट र.नं.५५९५ मिति ०३८।१०।४ मा राजीनामाबाट ०-८-० जग्गा रजिस्ट्रेसन पारित गरिलिएको देखिन्छ । वादीले आफ्नो कि.नं.१११ को जग्गा कि.नं.१९२ बाट भुलले रमेश पौडेलको नाममा दर्ता हुन गएछ भन्नेसमेत व्यहोराको मिति २०५१।१२।२८ मा मालपोत कार्यालय, डिल्लीबजारमा निवेदन दिएकोबाट निजले सो कुरा निवेदन दिँदा थाहा पाएको मान्नु पर्ने हुन्छ । यसरी मिति २०५१।१२।२८ मा थाहा पाएपछि मिति २०५२।६।६ मा मात्र प्रस्तुत फिराद दायर भएको देखिन्छ । यसबाट साबिकको कि.नं.१११ को जग्गा हाल कि.नं.७४ र ९ मा भिडाई वादीले जग्गा धनी प्रमाण पुर्जा लिइसकेपछि साबिकमा रजिस्ट्रेसन गरी लिएभन्दा बढी जग्गा हुने गरी वादीको हक कायम हुने गरी यस अदालत संयुक्त इजलासबाट भएको मिति २०६२।११।८ को फैसलामा जबसम्म विवादित जग्गालाई वादीले आफ्नो दर्ताको जग्गा हो भनी प्रमाणित हुने सबुद पेस गर्दैन तबसम्म सर्भेमा विधिवत् नापी दर्ता गराइसकेको प्रतिवादीको दर्ता बदर गरी वादीको कायम गर्नु न्याय संगत नहुने (ने. का.प.२०४८ अंक ७ पृष्ठ ३८२), आफ्नो जग्गा अरूले दर्ता गराइसकेपछि थाहा पाएको मितिले ६

महिनाभित्र नालेस गर्नुपर्ने बाध्यात्मक व्यवस्था जग्गा पजनीको १७ नं. जग्गा मिच्नेको १८ नं. अन्तर्गत भएको (ने.का.प.२०४६ अंक ८ पृष्ठ ८५४), कानूनी व्यवस्थाले हदम्याद गुज्रिसकेको अवस्थामा उजुर गर्न जानु भनी कुनै निकायले पक्षहरूलाई सुनाउँदैमा हदम्याद बाँकी नै छ भन्ने परिकल्पना गर्न नमिल्ने (स.अ.बुलेटिन वर्ष ७ अंक १२ पूर्णाङ्क १५० पृष्ठ ६) भनी यस अदालतबाट प्रतिपादित सिद्धान्तसमेतको त्रुटि भएको देखिँदा न्याय प्रशासन ऐन, २०४८ को दफा ११ को उपदफा (१) को खण्ड (ख) को आधारमा पुनरावलोकनको निस्सा प्रदान गरिएको छ भन्ने यस अदालतको मिति २०६५।९।४ को आदेश।

नियमबमोजिम दैनिक पेसी सूचीमा चढी इजलाससमक्ष पेस हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदकतर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ताहरू श्री हरिहर दाहाल, श्री श्याम खरेल, श्री सिताराम तिवारीले वादी शारदा पौडैलले कि.नं.१११ भिडाई कि.नं.७४ र ९ दर्ता गरिसकेपछि अन्य जग्गामा दाबी गर्न कानूनतः अधिकार रहेको हुँदैन। एकपटक आफ्नो साबिक लगत भिडाई जग्गा दर्ता भइसकेपछि पुनः सोही लगतबाट अरू जग्गा दर्ता हुन सक्दैन। वादीले आफ्नो नामको जग्गा दर्ता गरिसकेपछि सो दर्ता मैले गरेको होइन भनी इन्कार गर्न मिल्दैन। प्रतिवादीको भाइ श्रीधर पौडेलले घर बनाउँदा मापदण्डविपरीत घर बनाएको भनी काठमाडौं महानगरपालिका १० न. वडा कार्यालयमा निवेदन दिँदा वादीले कि.नं.९ र ७४ मेरो हो भनी स्वीकार गरिसकेको छ। पछि आएर विवाद गरेको देखिँदा वादी दाबी पुग्न सक्ने होइन। मेरो पक्षको विवादित कित्ताभन्दा अन्य जग्गा दर्ता भएको छ भनी वादीले देखाउन सक्नुभएको छैन। तसर्थ सर्वोच्च अदालतको संयुक्त इजलासको फैसला बदर गरी पुनरावेदन अदालतको फैसला सदर हुनुपर्छ भन्नेसमेत बहस प्रस्तुत गर्नुभयो।

प्रत्यर्थी शारदा पौडेलका तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ता श्री शम्भु थापा, अधिवक्ता श्री खम्बबहादुर खातीले नापीको भुलबाट कि.नं.९ र ७४ शारदा पौडेलको नाममा दर्ता भएको जग्गा वादीको होइन। कसैले जग्गा धनी प्रमाण पुर्जा लिँदैमा वादीले स्वीकार गरेको भन्न मिल्दैन। वादीको नामको साबिक किन १११ को जग्गा दर्ताको कारबाहीको क्रममा जग्गा (नाप जाँच) ऐन, २०१९ बमोजिम मौजुदा दर्ता स्रेस्तामा तेरो मेरोमा सुनाएको हो। लालपुर्जा प्राप्त भएको मात्र कारणले हदम्याद जाँदैन। मोठ स्रेस्ता, चारकिल्लाबाट विवादित जग्गा वादीको साबिक कि.नं. १११ सँग भिड्छ भने प्रतिवादीको साबिक कि.नं. १६२ बाट नभिड्ने स्पष्ट छ। जग्गा धनी प्रमाण पुर्जा लिने व्यक्ति वादी नभई उनाउ व्यक्ति हो। साबिक कि.नं. १६२ र १६३ हालको कि.नं. १९३ कायम हुनुपर्ने स्पष्ट छ। तसर्थ साबिक कि.नं. १६२ बाट हालको कि.नं. १९२ नभिड्ने भनी प्रमाणको कागजको विश्लेषण गरी वादी दाबी पुग्नेगरी भएको यस अदालतको संयुक्त इजलासको फैसला सदर हुनुपर्छ भन्नेसमेत बहस प्रस्तुत गर्नुभयो।

विद्वान् अधिवक्ताहरूको उपर्युक्त बहस बुँदालाई ध्यानमा राखी मिसिल अध्ययन गरी हेर्दा यसमा यस अदालतको संयुक्त इजलासबाट मिति २०६२।११।८ मा भएको फैसला मिलेको छ छैन ? सोही विषयमा निर्णय दिनुपर्ने देखिन आयो।

२. निर्णयतर्फ विचार गर्दा यसमा साबिक बानेश्वर महादेवस्थान वडा नं.१ कि.नं.१११ को ०-८-० जग्गा नयाँ नापी हुँदा का.जि.का.म.न.पा.वडा नं.१० कि.नं.१९२ र कि.नं.६ भई नाप नक्सा भएकोमा नापीको समयमा उपस्थित भई आफ्नो नाममा नाप नक्सा गराउन नसकेको कारणले मात्र विपक्षीको नाममा दर्ता भई हक पुग्नेसमेत होइन। तसर्थ २०४६ सालको नापीमा विपक्षीको नाउँको भएको दर्ता बदर गरी साबिक दर्ता स्रेस्ताबमोजिम हाल नयाँ नापीबाट कायम भएको कि.नं.६ र कि.नं.१९२ को जग्गामा मेरो हक कायम गरिपाउँ भनी वादीले दाबी लिएको देखिन्छ।

३. प्रतिवादीले आफ्नो प्रतिउत्तरमा जग्गा (नाप जाँच) ऐन, २०१९ को दफा ८(२) अनुसारको

हदम्यादभित्र वादीको उजुर परेको छैन । साबिक कि.नं.१११ को जग्गा आफ्नो भनी वादीले स्वीकार गरी कि.नं.९ र ७४ को जग्गा दर्ता गरी जग्गा धनी प्रमाण पुर्जा प्राप्त गरिसक्नु भएको छ । विपक्षीको दाता नारायणीदेवी पौडेल विरूद्ध चिरञ्जिवी शमशेर ज.ब.रा. भएको सार्वजनिक बाटो कायम मुद्दामा कि.नं.६ को जग्गा सार्वजनिक बाटो कायम भएको छ। यसरी विपक्षीका दाता नारायणदेवी पौडेलले बाटो भनी स्वीकार गरेको कि.नं.६ को बाटोउपर समेतमा दाबी गर्न मिल्ने होइन भन्ने व्यहोरा उल्लेख गरेको देखियो।

४. सुरू काठमाडौं जिल्ला अदालतबाट वादीको साबिकको कि.नं. १११ को जग्गा हालको नापीको कि.नं.१९२ र कि.नं.६ को जग्गा देखिन आएकोले दाबीबमोजिम प्रतिवादीका नामको दर्ता बदर हुने भनी गरेको फैसलाउपर प्रतिवादीको पुनरावेदन परी पुनरावेदन अदालतले साबिक कि.नं. १११ को स्रोतको आधारमा वादीको नाउँमा कि.नं. ७४ र ९ को जग्गा दर्ता भएको देखिँदा विवादित कि.नं. १९२ को जग्गामा वादी दाबी पुग्न सक्दैन भनी सुरूफैसला उल्टी हुने ठहर गरेको देखिन्छ । यसरी पुनरावेदन अदालतबाट वादी दाबी पुग्न नसक्ने ठहरी भएको फैसलाउपर वादीको पुनरावेदन परी यस अदालतको संयुक्त इजलासबाट प्रतिवादीले कि.नं.१६२ बाट भिडाई कि.नं.१९२ आफ्नो नाममा नापी गराई दर्ता गराएकै आधारमा कि.नं.१९२ को जग्गा प्रत्यर्थी प्रतिवादीको कायम हुने अवस्था देखिएन भनी वादी दाबी नपुग्ने ठहर्‍याएको पुनरावेदन अदालतको फैसला मिलेको नदेखिँदा उल्टी भई वादी दाबीबमोजिम कि.नं. १९२ को जग्गा प्रतिवादीले गराएको दर्ता बदर गरी उक्त जग्गा वादीको नाममा दर्ता हुने ठहर्‍याई यस अदालतको संयुक्त इजलासबाट भएको फैसलाउपर पर्न आएको प्रतिवादीको पुनरावलोकनको निवेदनमा पुनरावलोकन गरी हेर्ने निस्सा प्रदान भई निर्णयार्थ पेस हुन आएको देखिन्छ।

५. नारायणी देवीबाट मिति २०३८।१०।४ राजीनामा गरी लिएको कि.नं.१११ को ०-८-०- जग्गा हालको नयाँ नापीमा कि.नं.१९२ र ६ कायम भएकोमा नापीको समयमा विपक्षीले आफ्नो नाममा दर्ता गरेकोले निजको नामको दर्ता बदर गरी मेरो नाममा हक कायम गरिपाउँ भन्ने वादी शारदा पौडेलको दाबी रहेको पाइन्छ। मैले बाबुबाट अंश पाएको मिति २०४५।१।७ को पारित लिखतअनुसारको साबिक कि.नं.१६२ को जग्गा नै २०४२ सालको सर्भे नापीको कि.नं.१९२ को जग्गा हो भन्ने प्रतिवादीले जिकिर लिएको देखिन्छ। वादी दाबीको कि.नं. ६ हालको नयाँ नापीमा सिट नं. १०२-११०६-२० मा बाटो भनी जनिएको देखिन्छ। क्षेत्रीय किताबबाट साबिक स्रोत कि.नं.१६२ का आधारमा कि.नं.१९२ प्रतिवादीका नाममा दर्ता भएको भन्ने देखिन आएको छ। प्रतिवादीले अंशबाट पाएको जग्गा बिक्री गरेको वा अन्यत्र दर्ता गरेको छ भनी वादीले देखाउन सकेको अवस्था छैन। आफ्नो साबिक कि.नं.१११ को जग्गा हाल कि.नं. ७४ मा नापी भएको हुँदा जग्गा दर्ता गरी जग्गा धनी प्रमाण पुर्जा पाउँ भनी वादीले मिति २०४७।१२।२१ मा ३ नं. नापी गोश्वारामा वारेसमार्फत निवेदन दिई निवेदनसाथ पेस गरेको जग्गा धनी प्रमाण पुर्जाअनुसार हाल साबिक भिड्न आएकोले कि.नं.९ र ७४ को जग्गा दर्ता गरी मिति ०४८।५।१३ मा जग्गाधनी दर्ता प्रमाण पुर्जा लिएको मिसिलबाट देखिन आएको छ । यसरी वादीले साबिक कि.नं.१११को स्रोत भिडाई जग्गा दर्ता गरिसकेपछि सो तथ्य लुकाएर पुनः सोही कि.नं.१११ बाट भिड्ने भनी प्रतिवादीका नामको कि.नं.१९२ को जग्गामा दाबी लिएको पाइन्छ । साबिक कि.नं.१११को भिडाई कि.नं.९ र ७४ वादीको नाममा दर्ता भइसकेको देखिँदा पुनःसोही स्रोतका आधारमा विवादित कि.नं.१९२ पनि निजको नाममा दर्ता हुन सक्ने देखिँदैन । वादीले नारायणी देवीबाट ०-८-० जग्गा मात्र राजीनामा गरिलिएको र हाल वादीको नाममा दर्ता भएको ०-५-१ र वादीले दाबी गरेको कि.नं.१९२ को ०-७-१ समेत जम्मा क्षेत्रफल ०-१२-२ हुने देखिँदा वादी दाबी विश्वासयोग्य देखिएन । अर्कोतर्फ विवादित जग्गासमेत वादीको कायम भएमा प्रतिवादीले अंशबन्डाबाट पाएको जग्गा

लोप हुन जाने स्थिति रहन्छ।

६. बहसको क्रममा वादीतर्फका कानून व्यवसायीले कि.नं.१११ मेरो पक्षले दर्ता नगराएको हुँदा कसले जग्गा धनी प्रमाण पुर्जा लिएको हो सो मेरो पक्षलाई जानकारी छैन भनी जिकिर लिएको पाइन्छ। उल्लिखित कि.नं. ९ र ७४ को जग्गा दर्ताको लागि वादीले निवेदन गर्दा कि.नं.१११ को जग्गाधनी दर्ताप्रमाण पुर्जा र तिरो तिरेको रसिदसमेत साथै राखी निवेदन दिएको देखिन्छ। मालपोत कार्यालयमा साबिक स्रोतअनुसार जग्गाधनी दर्ता प्रमाण पुर्जा पाउँ भनी आवश्यक प्रमाण राखी वारेसमार्फत निवेदन दिई पुर्जासमेत लिइसकेको अवस्थामा आफूले जग्गा दर्ता गरी प्रमाणपुर्जा प्राप्त गरेको विषयमा थाहा पाइन भन्ने वादी दाबी मनासिब देखिँदैन। कि.नं.९ र ७४ को जग्गामा बलेसी झार्ने गरी टप निकाली प्रतिवादीको भाइ श्रीधर पौडेलले आफ्नो कि.नं.१९३ को जग्गामा घर बनाउन लागेको हुँदा सो टप भत्काई पाउँ भनी काठमाडौं महानगरपालिका १० नं. वडा कार्यालयमा उजुरी गरेकोसमेत देखिँदा उक्त कि.नं. ९ र ७४ को जग्गा आफ्नो भएको कुरा वादीले स्वीकारी भोगचलन गरेकै देखिन्छ। उक्त जग्गा वादीले परित्याग गरेको भन्ने पनि मिसिलबाट देखिँदैन। प्रतिवादी वा अरू कसैले उक्त जग्गाको दर्ता बदर गरिपाउँ भनी माग गरेको पनि देखिँदैन। यसरी कि.नं. ९ र ७४ सम्बन्धमा कसैको दाबी नपरेकोले अब बदर हुने वा अर्काको हुने अवस्था पनि छैन। आफ्नो साबिक दर्ताबमोजिमको जग्गा भनी स्वीकार गरी जग्गाधनी प्रमाण पुर्जा लिइसकेपछि हाल सो जग्गा आफ्नो होइन भनी इन्कार गर्न वादी विवन्धित हुने देखिन्छ। विवन्धन भनेको एकपटक कुनै कुरा आफ्नो हो भनिसकेपछि पुनः सो कुरा होइन भन्न नपाउने हुन्छ। यसरी वादी विवन्धित भएपछि तथ्यको भ्रमको प्रश्न उठाइ नया कुराको दाबी गर्न अर्थात अर्को जग्गामा दाबी गर्न विवन्धनको सिद्धान्तले समेत वादीलाई रोक्ने देखिन्छ। उक्त जग्गा आफ्नो नभए कसको हो सो कुरा वादीले भन्न लेख्न सकेको देखिँदैन। अर्कोतर्फ सर्भे नापी हुनुभन्दा अघिदेखि नै हाल कि.नं.१९२ को जग्गा अवस्थित स्थानमा साबिकबाट तारबार घेरी प्रतिवादीका पिताले नै भोगचलन गरेको भन्ने कुरा नारायणी देवी पौडेलसमेत वादी तथा चिरञ्जिवी शमशेर प्रतिवादी भएको संवत् २०४३ सालको मि.नं.१८४ को सार्वजनिक बाटो कायम मुद्दामा भएको नाप नक्सा मुचुल्काको न.नं.१० ले स्पष्ट गरेको देखिन्छ। यसरी तथ्यगतरूपमा प्रतिवादीको स्रेस्ता र भोग स्वीकार गरी लामो समयसम्म कायम भएको सो तथ्यलाई जहिले पनि उल्टाउन वा बदल्न सकिन्छ भन्ने होइन। सर्भे नापी हुनु र प्रस्तुत फिराद पर्नुभन्दा अगावै स्थापित भएका उक्त तथ्यबाट पनि स्पष्टरूपमा वादी दाबी खण्डित भइरहेको देखिन्छ।

७. तसर्थ माथि उल्लिखित आधार कारणबाट वादीले आफ्नो साबिक स्रोत कि.नं.१११ बाट भिडाई जग्गा दर्ता गराई सकेको अवस्थामा वादी दाबी पुग्न नसक्ने ठहर्‍याउनु पर्नेमा पुनरावेदन अदालतको फैसला उल्टी गरी वादी दाबीबमोजिम कि.नं. १९२ को जग्गाको प्रतिवादीको नामको दर्ता बदर गरी वादीको नाममा दर्ता हुने ठहर्‍याएको यस अदालतको संयुक्त इजलासको मिति २०६२।११।८ को फैसला मिलेको नदेखिँदा उल्टी हुने ठहर्छ। अरू तपसिलबमोजिम गर्नू।

तपसिल

माथि इन्साफ खण्डमा लेखिएबमोजिम संयुक्त इजलासको फैसला उल्टी भई वादी दाबी पुग्न नसक्ने ठहरेकोले प्रतिवादी रमेशप्रसाद पौडेलको नामको कि.नं.१९२ जग्गाको दर्ता बदर नहुने भई प्रतिवादीकै नाममा कायम हुने हुँदा यस अदालतको संयुक्त इजलासको तपसिल खण्ड १ अनुसार उक्त कि.नं.१९२ को दर्ता बदर गरी वादीका नाममा कायम हुने गरी राखेको लगत अब कायम नरहने हुँदा उक्त लगत कट्टा गरी सोको जनाउ मालपोत कार्यालयलाई दिनु भनी सुरू काठमाडौं जिल्ला अदालतमा लेखी पठाउनू -------------------------------------------१

माथि इन्साफ खण्डमा लेखिएबमोजिम वादी दाबी

पुग्न नसक्ने ठहरेकोले वादीले भराई पाउने ठहरेको कोर्ट फी रू. ७७२० प्रतिवादीले पुनरावेदन अदालत, पाटनमा र.नं.२८२ मिति २०५५।८।१५ मा धरौटी राखेको देखिँदा फिर्ता पाउँ भनी कानूनको म्यादभित्र प्रतिवादीको दरखास्त पर्न आए फिर्ता दिनु भनी पुनरावेदन अदालत पाटनमा लेखी पठाउनू ----------२
माथि इन्साफ खण्डमा लेखिएबमोजिम संयुक्त इजलासको फैसला उल्टी भई वादी दाबी पुग्न नसक्ने ठहरेकोले यस अदालतको संयुक्त इजलासको फैसलाको तपसिल खण्ड ३ बमोजिमको लगत कायम नरहने हुँदा कट्टा गरिदिनु भनी सुरू काठमाडौं जिल्ला अदालतमा लेखी पठाउनू ---------------------------३
दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाइदिनू -----------------------४

उक्त रायमा हामी सहमत छौं।
न्या. सुशीला कार्की
न्या. देवेन्द्र गोपाल श्रेष्ठ

इजलास अधिकृतः सुरेशराज खनाल
इति संवत् २०७२ साल भदौ १७ गते रोज ५ शुभम्।

## निर्णय नं.९५५०

सर्वोच्च अदालत, पूर्ण इजलास
माननीय न्यायाधीश श्री कल्याण श्रेष्ठ
माननीय न्यायाधीश श्री सुशीला कार्की
माननीय न्यायाधीश श्री ओमप्रकाश मिश्र
फैसला मिति : २०७२।१।१०।५
०७०-NF-००१२

मुद्दाः भरपाई लिखत दर्ता बदर दर्ता कायम

पुनरावेदक / वादी : का.जि.का.म.न.पा. वडा नं. १ घर भई हाल ऐ. वडा नं. ४ बस्ने पुरण शमशेर ज.ब.रा.

विरूद्ध

प्रत्यर्थी / प्रतिवादी : का.जि.का.म.न.पा. वडा नं. १ नक्साल बस्ने खड्गकुमारी राणासमेत

- **पुनरावेदक वादी मन्त्र नेपाल इन्टरनेसनल नामक फर्मको सञ्चालक पनि भएको र निजले सो फर्मको नाममा नेपाल क्रेडिट एन्ड कमर्श बैंकबाट जग्गा धितो राखी कर्जा लिएकामा सो कर्जा रकम वादीले आफ्नै स्रोतबाट बैंकलाई तिरे बुझाएको भन्न सकेको देखिँदैन। यसै विवादित जग्गाको आधा हिस्साबापत प्रतिवादी खड्ग कुमारी राणाले मोहीबाट बुझेको रकमबाट तिरे बुझाएको देखिन्छ। यसरी मोही हकबाट प्राप्त रकम वादीकै हितमा प्रयोग भएको अवस्थामा प्रतिवादी खड्गकुमारी राणाले मोही हिस्साको रकम एकलौटी खाए मासेको भन्न मिल्ने नदेखिने।**

(प्रकरण नं.५)

- **नेपाल सरकारले मोही हक लागेको जग्गा, जग्गावाला र मोहीबिच बाँडफाँडको कार्य गर्न गराउन समय तोकी सूचना प्रकाशन भएपछि जग्गाधनी र मोहीबिच जग्गा बाँडफाँड गर्ने वा जग्गाधनी र मोहीमध्ये कुनै एकको नाममा एकलौटी कायम गर्ने कार्य अंश मुद्दा परेको कारणले रोकिन सक्दैन । त्यो कानूनबमोजिम बाँडफाँड हुन्छ । कानूनबमोजिम भएको कार्यलाई लेनदेन व्यवहारसरह मानी लिखत बदरको फिराद गर्न पाउने भन्न नमिल्ने ।**

(प्रकरण नं.६)

- **यस मुद्दामा भूमिसुधार अधिकारीले गरेको निर्णयउपर जिल्ला अदालतमा फिराद लाग्ने नलाग्ने भन्ने प्रश्न उठाएको हुँदा सो प्रश्नको निरूपण भूमिसम्बन्धी ऐनमा भएको कानूनी व्यवस्थाबमोजिम हुने भई भूमिसुधार अधिकारीले गरेको निर्णय नै प्रस्तुत विवादमा अन्तिम हुने हुँदा पुनरावलोकनका लागि निस्सा प्रदान गर्दा लिइएका आधार र सिद्धान्तसँग सहमत हुन नसकिने ।**

(प्रकरण नं.८)

- **भूमिसम्बन्धी ऐन, २०२१ को दफा २६च बमोजिम दफा २६ख, २६ग, २६घ, २६घ२ र २६ङ बमोजिम भूमिसुधार अधिकारीले गरेको निर्णयउपर कुनै पनि अदालतमा पुनरावेदन गर्न नपाउने गरी विधायिकाले सर्त बन्देज राखेको देखिँदा सुरू अदालतमा दायर भएको वादीको फिराद क्षेत्राधिकारविहीन देखिन आएको हुँदा पुनरावेदन अदालत, पाटनको मिति २०६४।९।१० को फैसला उल्टी गरी यस अदालतको संयुक्त इजलासबाट मिति २०६९।१।२२ मा फिराद खारेज गर्ने गरी भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । वादीको पुनरावेदन जिकिर पुग्न नसक्ने ।**

(प्रकरण नं.९)

पुनरावेदक / वादीका तर्फबाट : विद्वान् अधिवक्ता धिरेन्द्र सिंह

प्रत्यर्थी / प्रतिवादीका तर्फबाट : विद्वान् वरिष्ठ अधिवक्ताहरू हरिहर दाहाल र लोकभक्त राणा

अवलम्बित नजिर :

- ने.का.प. २०६७, साउन, निर्णय नं. ८३५९, पृष्ठ ६६७,
- ने.का.प. २०६८, साउन, निर्णय नं. ८५९७, पृष्ठ ६४६
- ने.का.प. २०६९, असोज, निर्णय नं. ८८४५, पृष्ठ ९४६

सम्बद्ध कानून :

- भूमिसम्बन्धी ऐन, २०२१

सुरू तहमा फैसला गर्नेः

माननीय न्यायाधीश श्री बिनोदमोहन आचार्य

पुनरावेदन तहमा फैसला गर्नेः

माननीय न्यायाधीश श्री कृष्णप्रसाद बस्याल
माननीय न्यायाधीश श्री वुद्धिप्रसाद रेग्मी

यस अदालतको संयुक्त इजलासमा फैसला गर्ने :

माननीय न्यायाधीश श्री गिरीश चन्द्र लाल
माननीय न्यायाधीश डा.भरतबहादुर कार्की

फैसला

**न्या.कल्याण श्रेष्ठ :** यस अदालतको संयुक्त इजलासबाट मिति २०६९।१।२२ मा भएको फैसलामा न्याय प्रशासन ऐन, २०४८ को दफा ११ को उपदफा (१) को खण्ड (ख) बमोजिम पुनरावलोकन गरी हेर्ने निस्सा प्रदान भई पेस भएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य र ठहर यसप्रकार छ :

प्रतिवादी खड्गकुमारी र म फिरादी आमा छोरा हौं । हामीबिच आजसम्म अंशबन्डा भएको छैन । म

फिरादीले २ भागको एक भाग अंश पाउँ भनी प्रतिवादी मुमाहजुरउपर अंश मुद्दा दायर गरी मुद्दा विचाराधीन अवस्थामा छ । मुद्दा विचाराधीन रहेकै अवस्थामा मेरोसमेत अंश भाग लाग्ने का.जि.का.म.न.पा. वडा नं. १, कि.नं. १४३, २-२-१-३ क्षेत्रफल जग्गा र घर मेरो अंश भाग मेटाउने उद्देश्यले प्रतिवादी मोही मिरा राजेश्वरी सिंह र जग्गाधनी आमा दुवैजनाले मिलोमतो गरी जग्गाधनीको आधा भागबापतको मोहीबाट मूल्य रू. २७,००,०००।- बुझी लिई मोहीको नाममा एकलौटी कायम गरी मोहीको लगत कट्टा गरिपाउँ भनी प्रतिवादीहरू दुवैजनाले भूमिसुधार कार्यालय, काठमाडौमा संयुक्त निवेदन दिई मोही प्रतिवादी मिरा राजेश्वरी सिंहबाट उल्लिखित रकम बुझी लिएँ भनी मिति २०६१।१२।३० मा भरपाई गरिदिनु भएपछि भूमिसुधार कार्यालयले जग्गाको सम्पूर्ण हक प्रतिवादी मिरा राजेश्वरी सिंहको नाममा एकलौटी कायम गर्न मोही लगत कट्टा गरी मोहीको नाममा दा.खा. गर्नको लागि मालपोत कार्यालयमा लेखी पठाउनु भनी मिति २०६२।१।८ मा निर्णय भएको रहेछ ।

उक्त निर्णय गर्दा मलाई बुझिएको पनि छैन । सरोकारवालालाई नबुझी गरेको निर्णय प्राकृतिक न्यायको सिद्धान्तविपरीत हुन्छ । अंश हक नैसर्गिक हक हो भन्ने कुरा स्थापित तथ्य हो । मुमाहजुर जग्गाधनी भएको जग्गाबाट मैले अंश नपाउने अवस्था पनि हुँदैन । प्रतिवादी आमा जग्गाधनी भएको मोही जग्गामा आमाको आधा हक हिस्सा हो । सो आधा हक हिस्साबापतको रकम बुझी मोहीलाई भरपाई गर्दैमा मेरो अंश हक मेटिँदैन । तसर्थ रू. २७,००,०००।- बुझेको भरपाई, भूमि सुधार कार्यालय, काठमाडौबाट मिति २०६२।१।८ मा भएको निर्णयलगायतका काम कारवाही बदर गरी आधा भाग मेरो नाममा दर्ता गरी पाउँ भन्नेसमेत व्यहोराले वादी पुरण शमशेर ज.ब.रा. ले काठमाडौ जिल्ला अदालतमा दिएको फिराद पत्र ।

वादी दाबीको विवादित जग्गा साबिकमा नारायण लिन कुमारी राणाको नाममा रही मेरो नाममा मिति २०२१।६।२२ मा शेषपछिको बकसपत्रबाट आएको हो । यो जग्गाको मोही मिरा राजेश्वरी सिंह हुन् । मोही हकको जग्गा कानूनबमोजिम मोहीबाट रकम लिएर वा जग्गाधनीले आपसी मन्जुरीमा रकम दिएर जग्गाधनीको नाममा एकलौटी कायम गर्न भूमिसम्बन्धी ऐन, २०२१ को कानूनी व्यवस्थाले कुनै वाधा विरोध छैन । यसरी वादी दाबीको जग्गा एकातिर स्त्री अंश धनको महलको ४ र ५ नं अनुसार आफूखुश गर्न पाउने प्रकृतिको जग्गा हो भने अर्कोतिर भूमिसम्बन्धी ऐन, २०२१ बमोजिम जग्गाधनी र मोहीमध्ये एक जनाले एकलौटी दर्ता गर्न पाउने जग्गा भएको हुँदा जग्गाधनीको आधा हक हिस्सा पनि मोहीको नाममा एकलौटी कायम गर्दा वादीको मन्जुरनामा लिनु नपर्ने हुँदा वादी दाबी खारेज गरिपाउँ भन्नेसमेत व्यहोराको प्रतिवादी खड्गकुमारी राणाको तर्फबाट पेस भएको प्रतिउत्तर पत्र ।

भूमिसम्बन्धी ऐन, २०२१ बमोजिम मोही जग्गाको बाँडफाँड गर्ने कार्य जग्गाधनी र मोहीबिच सीमित हुन्छ । वादी दाबीको जग्गा कुनै अंशियारको मन्जुरी लिनु नपर्ने खड्गकुमारी राणाको दाइजो पेवाको आफूखुस गर्न पाउने सम्पत्ति हो । मैले खड्गकुमारी राणाको सहमतिमा सत्ताईस लाख रूपैयाँ दिई सो जग्गा आफ्नो नाममा कायम गराएको हो । भूमिसुधार कार्यालयले मोही र जग्गाधनीको सहमतिमा कुनै एक जनाको नाममा कायम गर्ने भनी गरेको निर्णयउपर मुद्दा लाग्ने र पुनरावेदन लाग्ने कानूनी व्यवस्था छैन । त्यसकारण प्रस्तुत मुद्दा क्षेत्राधिकारविहीन हुँदा वादी दाबी खारेज हुनु पर्दछ भन्नेसमेत व्यहोराको प्रतिवादी मिरा राजेश्वरी सिंहको तर्फबाट पेस भएको प्रतिउत्तर पत्र ।

प्रतिवादी खड्गकुमारी राणा र वादी एकासगोलका आमा छोरा भएको देखिएको समेतका आधारमा आज यसै इजलासबाट लगाउको अंश मुद्दामा दुई भागको एक भाग अंश वादीले पाउने ठहरी फैसला भएको भए तापनि प्रस्तुत मुद्दामा मोही हकको जग्गा मोही र जग्गाधनीबिचको आपसी सहमतिले प्रतिवादी खड्गकुमारी राणाले आफ्नो आधा

हकबापतको रकम बुझी प्रतिवादी मोहीको नाममा एकलौटी दर्ता गर्न भरपाई गरी संयुक्त निवेदन दिएको आधारमा भूमिसुधार अधिकारीले मोही लगत कट्टा गरी प्रतिवादी मोहीको नाममा एकलौटी दर्ता गर्ने भनी गरेको निर्णयउपर भूमिसम्बन्धी ऐन, २०२१ को दफा २६च बमोजिम पुनरावेदन नै नलाग्नेमा सुरू अदालतको अधिकारक्षेत्र ग्रहण गरी निर्णय गर्न नमिल्ने हुँदा वादी दाबी नपुग्ने ठहर्छ भन्नेसमेत व्यहोराको काठमाडौ जिल्ला अदालतको मिति २०६३।७।२२ को फैसला।

उक्त फैसलामा चित्त बुझेको छैन । प्रतिवादी आमा र मबिच चलेको अंश मुद्दामा वादी दाबी पुग्ने गरी फैसला भएपछि प्रस्तुत मुद्दामा पनि आमाको भागबाट १ भाग मैले अंश पाउनु पर्नेमा वादी दाबी नै नपुग्ने ठहरी सुरू अदालतबाट भएको फैसला भूमिसम्बन्धी ऐन, २०२१ को दफा २६ङ(१), प्राकृतिक न्यायको सिद्धान्त र सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्तविपरीत हुँदा बदर गरिपाउँ भन्नेसमेत व्यहोराले वादी पुरण शमशेर ज.ब.रा. ले पुनरावेदन अदालत, पाटनमा पेस गरेको पुनरावेदन पत्र।

यसमा यसै लगाउको नं. २६४२ को मुद्दामा प्रत्यर्थी झिकाउने आदेश भएको र प्रस्तुत मुद्दा पनि सो मुद्दासँग अन्तरप्रभावी हुँदा यसमा पनि अ.बं. २०२ नं. बमोजिम समेत प्रत्यर्थी झिकाई पेस गर्नु भन्नेसमेत व्यहोराको पुनरावेदन अदालत, पाटनको मिति २०६४।३।३२ को आदेश।

वादी र प्रतिवादी खड्गकुमारी राणाबिच अंश मुद्दा परिसकेपछि अंशियारमध्येकी खड्गकुमारी राणाले मोहीलाई आफ्नो अंश भागको जग्गा मात्र छोडपत्र गरी दिन पाउनेमा सम्पूर्ण कित्ता जग्गा छोडपत्र गरी भरपाईसमेत गरी दिएको देखिँदा त्यस्तो छोडपत्रमध्ये आधा वादीको अंश भाग लाग्ने देखिएको र विवादित भरपाईमा मोहीले घर पनि बनाएको भन्ने देखिँदा घरतर्फको भाग सदरै रहने गरी घर नभएको तर्फबाट वादीको अंश भागको आधासम्म छोडपत्र भरपाई बदर भई आधी जग्गामा वादीको हक कायम हुने ठहर्छ भन्नेसमेत व्यहोराको पुनरावेदन अदालत, पाटनको मिति २०६४।९।१० को फैसला।

उक्त फैसलामा चित्त बुझेको छैन। विवादित जग्गा मोही हकको जग्गा हो । प्रतिवादी खड्गकुमारी राणाको नामको कि.नं. १४३ को जग्गा मिति २०२१।६।२२ मा बुढी सासू नारायण लिन कुमारी राणाले शेषपछिको बकसबाट खड्गकुमारी राणाले पाएको हो । बकसबाट पाएको जग्गा मुलुकी ऐन, स्त्री अंशधनको महलको ४ र ५ नं बमोजिम वादीले आफूखुस गर्न पाउने हुन्छ । प्रतिवादी खड्गकुमारी राणा जग्गाधनी र प्रतिवादी मिरा राजेश्वरी सिंह मोही भएको तथ्य स्थापित छ। त्यसलाई वादीले अन्यथा भन्न सकेको देखिँदैन। भूमिसम्बन्धी ऐन, २०२१ मा चौथो संशोधन भएपछि मोही हकको जग्गा जग्गाधनी र मोहीमध्ये कुनै एकको नाममा एकलौटी कायम गर्ने निर्णय सम्बन्धित भूमिसुधार अधिकारीले गर्ने र सोउपर पुनरावेदन नलाग्ने व्यवस्था भएको हुँदा क्षेत्राधिकारको अभावमा भएको पुनरावेदन अदालत, पाटनको फैसला बदर गरी सुरू अदालतको फैसला सदर हुनुपर्दछ भन्नेसमेत व्यहोराले प्रतिवादीहरू खड्गकुमारी राणा र मिरा राजेश्वरी सिंहले एउटै व्यहोराले फरक-फरकरूपमा यस अदालतमा पेस गरेको पुनरावेदन पत्र।

यसमा विवादको कि.नं. १४३ को जग्गाका मोही मिरा राजेश्वरी सिंह भएको भन्ने कुरामा विवाद देखिँदैन । पुनरावेदन अदालत, पाटनबाट त्यस्तो मोहियानी लागेको जग्गामा समेत वादीको आधी हक हुने भनी आधी निर्णय बदर भई आधी जग्गामा वादीको हक कायम हुने ठहऱ्याई फैसला भएको देखिन्छ । भूमिसम्बन्धी ऐन, २०२१ मा भएको चौथो संशोधन ऐन, २०५३ पछि मोहियानी लागेको जग्गामा मोहीको आधा हक हुने गरी कानूनी व्यवस्था भएको परिप्रेक्ष्यमा विवादको जग्गामा जग्गाधनी र मोहीको हकका सम्बन्धमा उल्लेख नै नगरी समुच्चारूपमा आधी निर्णय बदर भई वादीको हक कायम हुने ठहऱ्याएको र क्षेत्राधिकारको प्रश्न उठेको अवस्थामा त्यसतर्फ विवेचना नै नगरिएको हुँदा पुनरावेदन अदालत,

पाटनको मिति २०६४।९।१० फैसला फरक पर्न सक्ने देखिँदा मुलुकी ऐन, अ.बं. २०२ नं. बमोजिम विपक्षी झिकाउनु भन्नेसमेत व्यहोराको यस अदालतको मिति २०६७।८।१२ को आदेश।

विवादित जग्गाको जग्गाधनी प्रतिवादी खड्गकुमारी राणा र मोही प्रतिवादी मिरा राजेश्वरी सिंह भएको तथ्यमा विवाद छैन । भूमिसम्बन्धी ऐन, २०२१ मा मोही लागेको जग्गाका सम्बन्धमा मोही वा जग्गाधनीमध्ये कुनै एकजनाको नाममा एकलौटी कायम गर्न सक्नेसमेतका व्यवस्था भई दफा २६च अनुसार दफा २६ख, २६ग, २६घ, २६घ२ र २६ङ बमोजिम तोकिएको अधिकारीले मोहीको नाममा एकलौटी कायम गर्ने भनी गरेको निर्णयउपर कुनै अदालतमा पुनरावेदन नलाग्ने हुँदा भूमि सुधार अधिकारीले गरेको निर्णय अन्तिम भई त्यसउपर फिराद लाग्न नसक्ने हुँदा पुनरावेदन अदालत, पाटनको मिति २०६४।९।१० को फैसला उल्टी भई फिराद नै खारेज हुने ठहर्छ भन्नेसमेत व्यहोराको यस अदालतको संयुक्त इजलासबाट मिति २०६९।१।२२ मा भएको फैसला।

अंश नैसर्गिक हक हो भन्ने कुरा यस अदालतबाट स्थापित भइसकेको छ । प्रस्तुत मुद्दामा मेरोसमेत अंश भाग लाग्ने जग्गा प्रतिवादी आमा खड्गकुमारी राणाले प्रतिवादी मिरा राजेश्वरी सिंहबाट रकम बुझी भरपाई गरी मोही प्रतिवादीको नाममा एकलौटी कायम गर्न संयुक्त निवेदन दिई दूषित भरपाईको आधारमा मेरो अंश हक मेटिएको छ । अंश नाताले स्वतः प्राप्त हुने हक हो । प्रतिवादी आमा र मबिच चलेको अंश मुद्दामा मलाई अंशियार कायम गरिएको छ । त्यसउपर प्रतिवादी आमाको तर्फबाट परेको पुनरावेदनमा मलाई अंशियार कायम गरेको फैसला यस अदालतबाट सदर भएको छ । तर पनि म आमाको नामको सबै जग्गा वा सम्पत्तिबाट अंश पाउन बञ्चित भएको छु । म अंश मुद्दासमेतबाट अंशियार कायम भएको अवस्थामा आमा जग्गाधनी र प्रतिवादी मिरा राजेश्वरी सिंह मोही भएको जग्गामा मोहीको नाममा मात्र एकलौटी जग्गा कायम गरेउपर पुनरावेदन नलाग्ने भन्ने आधारमा फिराद खारेज गर्न मिल्दैन । मोही हक बाँडफाँड गरेको विवादमा जग्गाधनी र मोहीले मात्र पुनरावेदन गर्न नपाउने हो । कुनै पनि तरिकाले आफूबाहेक अरू हकवालाको साम्पत्तिक हकलाई हकवालाको मन्जुरी नलिई तिलान्जली दिने अधिकार कसैलाई पनि हुँदैन।

यस अदालतबाट भएको फैसलामा मैले मन्त्र नेपाल ईन्टरनेशनल नामक कम्पनीको कर्जा तिर्न सो जग्गाबाट प्राप्त रकम लिएको भनी आधार लिएको देखिन्छ । तर सो रकम बैकमा रोक्का रहेको जग्गा फुकुवाको लागि मात्र तिरेको हो । अतः म अंश मुद्दामा अंशियार कायम भएको अवस्थामा आमा जग्गाधनी भएको जग्गाबाट रकम बुझेको भरपाई बदर गरी आमाको भागबाट आधा अंश पाउनु पर्नेमा फिराद नै खारेज गरेको यस अदालतको संयुक्त इजलासको फैसला प्रतिपादित सिद्धान्तसमेतको विपरीत हुँदा मुद्दा पुनरावलोकन गरी हेर्न निस्सा पाउँ भन्नेसमेत व्यहोराले वादी पुरण शमशेर ज.ब.रा. ले यस अदालतमा दिएको पुनरावलोकनको निवेदन।

यसमा निवेदक पुरण शमशेर र विपक्षी रूद्रकुमारी शाहसमेत भएको निवेदन नं. ०६९-RV-०११३ को भरपाई लिखत दर्ता बदर दर्ता कायम मुद्दामा मुद्दा पुनरावलोकन गरी हेर्ने निस्सा प्रदान गरिएको र प्रस्तुत मुद्दा उक्त मुद्दासँग अन्तरप्रभावी रहेको देखिँदा प्रस्तुत मुद्दामा पनि सोही आधार र कारणमा न्याय प्रशासन ऐन, २०४८ को दफा ११ को उपदफा (१) को खण्ड (ख) बमोजिम मुद्दा पुनरावलोकन गरी हेर्ने निस्सा प्रदान गरिदिएको छ भन्ने व्यहोराको यस अदालतको मिति २०७०।५।२८ को आदेश।

नियमबमोजिम दैनिक पेसी सूचीमा चढी पेस हुन आएको प्रस्तुत मुद्दाको मिसिल संलग्न कागजातहरूको अध्ययन गरी पुनरावेदक वादी पुरण शमशेर ज.ब.रा. को तर्फबाट उपस्थित विद्वान् अधिवक्ता श्री धिरेन्द्र सिंहले प्रतिवादी खड्गकुमारी राणा र वादी पुरण शमशेर आमा छोरा भएको र वादीले प्रतिवादीबाट अश मुद्दाबाट अंश पाउने ठहर भएको अवस्थामा

तिनै प्रतिवादी आमा जग्गाधनी भई प्रतिवादी मिरा राजेश्वरी सिंह मोही भएको जग्गाबाट आमाको भागबाट अंश नपाउने भन्न मिल्दैन। अंश हक स्वतः प्राप्त हुने नैसर्गिक हक हुँदा मोही हकको जग्गामा मोहीको नाममा जग्गाधनीले हक छाडी मोहीको नाममा एकलौटी दर्ता भएपछि सोउपर पुनरावेदन नलाग्ने भनी फिराद खारेज गर्दा वादीलाई अपूरणीय क्षति भई यस अदालतबाट अंश हकका सम्बन्धमा प्रतिपादित सिद्धान्तसमेतको उल्लङ्घन हुने हुँदा मिति २०७०।५।२८ मा ०६९-RV-०११३ को मुद्दामा निस्सा प्रदान गर्दा उल्लिखित आधार, कारण र सिद्धान्तबमोजिम यस अदालतको संयुक्त इजलासको फैसला बदर भई पुनरावेदन अदालत, पाटनको फैसला सदर हुनुपर्दछ भन्नेसमेत व्यहोराले बहस प्रस्तुत गर्नुभयो।

प्रतिवादीहरूको तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ताहरू श्री हरिहर दाहाल र श्री लोकभक्त राणाले वादी दाबीको जग्गा वादीको आमा प्रतिवादी जग्गाधनी भएको देखिए तापनि उक्त जग्गाको मोही प्रतिवादी मिरा राजेश्वरी सिंह हुनुहुन्छ। त्यस कुरालाई वादीले अन्यथा भन्न सकेको छैन। मोही हकको जग्गामा कानूनतः आधा हक जग्गावालाको र आधा हक मोहीको हो। भूमिसम्बन्धी ऐन, २०२१ ले मोहीलाई पनि सहमालिक बनाएको देखिन्छ। मोही हकको जग्गा कानूनतः दुवै पक्षबिच आधा आधा बाँडफाँड भएर वा दुवैमध्ये एकजनाको नाममा एकलौटी कायम भएर ऐनको उद्देश्यबमोजिम भूमिमाथिको द्वैध नियन्त्रण अन्त्य हुन्छ। भूमिसम्बन्धी ऐन, २०२१ ले गरेका कानूनी व्यवस्थाका आधारमा मोही प्रतिवादीको नाममा जग्गाधनीले आधा भागबापतको रकम बुझी लिई मोही प्रतिवादीको नाममा एकलौटी दर्ता हुने गरी गरेको निर्णयउपर सोही ऐनको दफा २६च बमोजिम पुनरावेदन नै नलाग्ने अवस्थामा फिराद अस्तित्वमा रहिरहन सक्दैन। यस अदालतबाट निस्सा प्रदान गर्दा ग्रहण गरिएका सिद्धान्त पृथक तथ्यको आधारमा प्रतिपादन भएको देखिँदा यस मुद्दामा आकर्षित हुन सक्दैन। तसर्थ यस अदालतको संयुक्त इजलासको फैसला सदर हुनुपर्दछ भन्नेसमेत व्यहोराको बहस प्रस्तुत गर्नुभयो।

दुवैतर्फबाट उपस्थित विद्वान् कानून व्यवसायीहरूले गर्नुभएको उल्लिखित बहस सुनी यस अदालतको संयुक्त इजलासबाट मिति २०६९।१।२२ मा भएको फैसला मिलेको छ, छैन? वादीको पुनरावेदन जिकिर पुग्न सक्ने हो होइन? भन्नेसम्बन्धमा निर्णय दिनुपर्ने देखियो।

२. निर्णयतर्फ विचार गर्दा वादी पुरण शमशेर ज.ब.रा. ले वादी दाबीको जग्गा प्रतिवादी आमा खड्गकुमारी राणा जग्गाधनी र प्रतिवादी मिरा राजेश्वरी सिंह मोही भएको जग्गा हो। यसै क्रममा मैले आमाबाट दुई भागको एक भाग अंश पाउन अंश मुद्दा दायर गरी मुद्दा विचाराधीन रहेको अवस्थामा प्रतिवादीहरूले आपसमा मिलोमतो गरी जग्गाधनी प्रतिवादीले मोही प्रतिवादीबाट आफ्नो भाग हिस्साको रकम बुझी मोहीको नाममा मात्र एकलौटी दर्ता कायम गर्न मन्जुर गरी रकम बुझेको भनी भरपाई गरिदिएको कारण भूमिसुधार कार्यालयले मोही लगत कट्टा गरी प्रतिवादी मिरा राजेश्वरी सिंहको नाममा एकलौटी दर्ता गर्न मालपोत कार्यालयमा लेखी पठाउने भनी गरेको निर्णयसमेत बदर गरी मेरो भागको अंश मेरो नाममा दर्ता गरिपाउँ भन्ने व्यहोराले फिराद गरेको देखिन्छ। सुरू काठमाडौं जिल्ला अदालतले वादी दाबी नपुग्ने गरी गरेको फैसलाउपर वादीले गरेको पुनरावेदनमा पुनरावेदन अदालत, पाटनले वादी दाबीबमोजिम आधी जग्गामा वादीको हक कायम हुन्छ भन्नेसमेत व्यहोराले उल्टी फैसला गरेको देखिन्छ। उक्त फैसला बदर गरिपाउँ भनी प्रतिवादी जग्गाधनी र मोहीको तर्फबाट यस अदालतमा पेस भएको पुनरावेदनमा यस अदालतको संयुक्त इजलासबाट फिराद नै खारेज हुने ठहरी फैसला भएपछि वादीले मुद्दा पुनरावलोकन गरी हेर्न निस्सा पाउँ भनी पेस गरेको निवेदनमा यस अदालतबाट निस्सा प्रदान भई आज निर्णयार्थ पेस भएको देखिन्छ।

३. विवादित जग्गाको जग्गाधनी प्रतिवादी

खड्गकुमारी राणा र मोही प्रतिवादी मिरा राजेश्वरी सिंह भएको तथ्यमा विवाद छैन । मिसिल संलग्न रहेका प्रमाण कागजहरू हेर्दा जग्गाधनी प्रतिवादीले मोही प्रतिवादीबाट जग्गाधनीको आधा भागबापतको नगद रकम बुझी मोही प्रतिवादीको नाममा जग्गाको एकलौटी हक कायम गर्न भरपाई गरी भूमिसुधार कार्यालय, काठमाडौंमा संयुक्तरूपमा निवेदन दिएको आधारमा भूमि सुधार अधिकारीले मोहीको लगत कट्टा गरी प्रतिवादी मिरा राजेश्वरी सिंहको नाममा एकलौटी दा.खा. गर्न मालपोत कार्यालयमा लेखी पठाउने भनी मिति २०६२।१।८ मा निर्णय गरेको देखिन्छ । वादीले प्रतिवादी खड्गकुमारी राणाउपर अंश मुद्दा परी मुद्दा विचाराधीन रहेको अवस्थामा निज आमा जग्गाधनी भएको मोही हकको जग्गा बाँडफाँड गरेको कार्य नमिलेको भनी रकम बुझेको भरपाई र भूमिसुधार कार्यालयको निर्णय बदरको माग गरी पाउन काठमाडौं जिल्ला अदालतमा फिराद गरेको देखिन्छ ।

४. यी पुनरावेदक वादीले प्रतिवादी खड्गकुमारी राणाउपर अंश मुद्दा पनि दायर गरेको देखिन्छ । उक्त अंश मुद्दाको म्याद प्रतिवादीको नाममा तामेल भएपछि प्रतिवादी खड्गकुमारी राणाले विवादित जग्गा मोहीको नाममा एकलौटीरूपमा दर्ता गर्नसमेतका लागि भूमि सुधार कार्यालयमा उपस्थित भई छोडपत्र गरेको देखिन्छ । उक्त कार्यलाई वादीले जालसाजपूर्ण कार्य भनी प्रतिवादीहरूउपर जालसाज मुद्दा दायर गरेको देखिन्छ । अंश मुद्दामा वादी दाबी पुग्ने र जालसाज मुद्दामा वादी दाबी नपुग्ने ठहरी फैसला भएपछि अंश मुद्दामा प्रतिवादी खड्गकुमारी राणाले गरेको पुनरावेदनमा पुनरावेदन अदालत र यस अदालतबाट सदर भई अन्तिम भएर बसेको देखिन्छ भने जालसाज मुद्दामा यी पुनरावेदकले गरेको पुनरावेदनमा पुनरावेदन अदालत, पाटनबाट सदर भएपछि सो फैसलालाई चित्त बुझाई बसेको देखिन्छ ।

५. पुनरावेदक वादी मन्त्र नेपाल इन्टरनेसनल नामक फर्मको सञ्चालक पनि भएको देखिन्छ । निजले सो फर्मको नाममा नेपाल क्रेडिट एन्ड कमर्श बैंकबाट जग्गा धितो राखी कर्जा लिएको देखिन्छ । सो कर्जा रकम वादीले आफ्नै स्रोतबाट बैंकलाई तिरे बुझाएको भन्न सकेको देखिँदैन । यसै विवादित जग्गाको आधा हिस्साबापत प्रतिवादी खड्ग कुमारी राणाले मोहीबाट बुझेको रकमबाट तिरे बुझाएको देखिन्छ । यसरी मोही हकबाट प्राप्त रकम वादीकै हितमा प्रयोग भएको अवस्थामा प्रतिवादी खड्गकुमारी राणाले मोही हिस्साको रकम एकलौटी खाए मासेको भन्न मिल्ने देखिँदैन ।

६. वादीले अंश मुद्दा दायर भएपछि मोही हकको जग्गा मोहीलाई छोडपत्र गर्न नमिल्ने जिकिर लिएकोतर्फ विचार गर्दा वादीले मिति २०६१।१०।२८ मा अंश मुद्दा दायर गरेको भए तापनि भूमिसुधार तथा व्यवस्था मन्त्रालयको मिति २०६०।११।२२, खण्ड ५३, अतिरिक्ताङ्क ७१ मा प्रकाशित राजपत्रको सूचनाअनुसार मोही लागेको जग्गा जग्गावाला र मोहीले बाँडफाँड गरी लिन निवेदन दिने म्याद २०६१ चैत मसान्तसम्म भएको देखिन्छ । नेपाल सरकारले मोही हक लागेको जग्गा, जग्गावाला र मोहीबिच बाँडफाँडको कार्य गर्न गराउन समय तोकी सूचना प्रकाशन भएपछि जग्गाधनी र मोहीबिच जग्गा बाँडफाँड गर्ने वा जग्गाधनी र मोहीमध्ये कुनै एकको नाममा एकलौटी कायम गर्ने कार्य अंश मुद्दा परेको कारणले रोकिन सक्दैन । त्यो कानूनबमोजिम बाँडफाँड हुन्छ । कानूनबमोजिम भएको कार्यलाई लेनदेन व्यवहारसरह मानी लिखत बदरको फिराद गर्न पाउने भन्न मिल्दैन ।

७. मोही हकको जग्गा भूमिसुधार अधिकारीले बाँडफाँडको माध्यमबाट मोहीको नाममा एकलौटी कायम गर्ने गरी गरेको निर्णयउपर जिल्ला अदालतमा मुद्दा लाग्न सक्ने हो, होइन भन्ने विवाद पनि उपस्थित भएको देखिन्छ । भूमिसम्बन्धी ऐन, २०२१ विशेष ऐन हो । उक्त ऐनअनुसार जग्गाधनी र मोहीको जग्गा बाँडफाँडसम्बन्धी प्रक्रियाको निर्णय गर्ने अधिकार भूमिसुधार अधिकारीलाई भएको तथ्यमा विवाद छैन । भूमिसम्बन्धी ऐनको दफा २६ख मा तोकिएको अधिकारीले दफा २६ग, २६घ, २६घ२ र २६ङ को

अधिनमा रही मोही लागेको जग्गा बाँडफाँड गर्न सक्ने व्यवस्था गरेको छ भने सो ऐनमा मिति २०५३।९।२४ मा भएको चौथो संशोधनबाट थप भएको दफा २६च ले दफा २६ख, २६ग, २६घ, २६घ२ र २६ङ बमोजिम भूमिसुधार अधिकारीले गरेको निर्णयउपर कुनै अदालतमा पुनरावेदन लाग्ने छैन भन्ने कानूनी व्यवस्था भएको देखिन्छ। उक्त कानूनी व्यवस्थाबमोजिम मोही हक बाँडफाँड गरेउपर साधारण अधिकारक्षेत्रबाट फिरादमार्फत चुनौती दिन नसकिने प्रस्ट छ। निर्णयमा रित बेरीतको प्रश्न उठेको भए सो प्रश्नको निरूपण असाधारण अधिकारक्षेत्रबाट हुने हो।

८. यस अदालतबाट निस्सा प्रदान गर्दा यस अदालतको संयुक्त इजलासको फैसलामा ने.का.प. २०६७, साउन, निर्णय नं. ८३५९, पृष्ठ ६६७, ने.का.प. २०६८, साउन, निर्णय नं. ८५९७, पृष्ठ ६४६ र ने.का.प. २०६९, असोज, निर्णय नं. ८८४५, पृष्ठ ९४६ मा प्रतिपादित सिद्धान्तको त्रुटि भन्ने कुरा उल्लेख भएको देखिन्छ। तर सम्बन्धमा विचार गर्दा उल्लिखित सबै मुद्दाहरूमा अंशको विवाद समावेश भएको देखिन्छ। प्रस्तुत मुद्दामा पनि वादीले पनि अंशको नै विवाद गरेको देखिन्छ। तथापि निस्सामा उल्लिखित नजिरहरूमा अंशबन्डाको महलबमोजिम विवादको निरूपण भएको अवस्था छ। यस मुद्दामा भूमिसुधार अधिकारीले गरेको निर्णयउपर जिल्ला अदालतमा फिराद लाग्ने नलाग्ने भन्ने प्रश्न उठाएको हुँदा सो प्रश्नको निरूपण भूमिसम्बन्धी ऐनमा भएको कानूनी व्यवस्थाबमोजिम हुने भई भूमिसुधार अधिकारीले गरेको निर्णय नै प्रस्तुत विवादमा अन्तिम हुने हुँदा उक्त निस्सा प्रदान गर्दा लिइएका आधार र सिद्धान्तसँग सहमत हुन सकिएन।

९. अतः भूमिसम्बन्धी ऐन, २०२१ को दफा २६च बमोजिम दफा २६ख, २६ग, २६घ, २६घ२ र २६ङ बमोजिम भूमिसुधार अधिकारीले गरेको निर्णयउपर कुनै पनि अदालतमा पुनरावेदन गर्न नपाउने गरी विधायिकाले सर्त बन्देज राखेको देखिँदा सुरू अदालतमा दायर भएको वादीको फिराद क्षेत्राधिकारविहीन देखिन आएको हुँदा पुनरावेदन अदालत, पाटनको मिति २०६४।९।१० को फैसला उल्टी गरी यस अदालतको संयुक्त इजलासबाट मिति २०६९।१।२२ मा फिराद खारेज गर्ने गरी भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। वादीको पुनरावेदन जिकिर पुग्न सक्दैन। प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गरी मिसिल नियमानुसार गरी अभिलेख शाखामा बुझाइदिनू।

उक्त रायमा सहमत छौं।
न्या. सुशीला कार्की
न्या. ओमप्रकाश मिश्र

इजलास अधिकृत : भीमबहादुर निरौला
इति संवत् २०७२ साल वैशाख १० गते रोज ५ शुभम्।

## निर्णय नं.९५५१

सर्वोच्च अदालत, विशेष इजलास
माननीय न्यायाधीश श्री कल्याण श्रेष्ठ
माननीय न्यायाधीश श्री ओमप्रकाश मिश्र
माननीय न्यायाधीश श्री देवेन्द्र गोपाल श्रेष्ठ
आदेश मिति : २०७२।१।३।५
०७०–ws–००५२

विषय : उत्प्रेषण / परमादेश

निवेदक : काठमाडौँ जिल्ला का.म.न.पा. वडा नं ११ थापाथली स्थित महिला, कानून र विकास मञ्चको तर्फबाट र आफ्नै तर्फबाट अधिवक्ता मिरा ढुङ्गानासमेत

विरूद्ध

विपक्षी : प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय, सिंहदरबार काठमाडौंसमेत

- **द्वन्द्वकालमा भइरहेका मानवीय कानून विरूद्ध वा मानव अधिकार उल्लङ्‌घनका गम्भीर कसुरहरू रोक्ने, ती कसुरहरू दोहोरिन नदिने, पीडितमा आत्मसम्मानको भाव उद्‌वोधन गराउने राष्ट्रिय मेलमिलापको वातावरण बनाउने र कानूनी राज्यको पुनस्थापन गरी शान्ति बहालीको मार्गमा योगदान पुर्‌याउने नै संक्रमाणकालीन न्यायको मुख्य अभिष्ट हो । संक्रमणकालीन अवधिमा भएका घटनाहरूको दोषीलाई मनपरी क्षमादान गर्दा विधिको शासन (Rule of law) कायम रहन सक्दैन । बरू विधिको शासन (Rule of law) कायम गर्न गम्भीर अपराधका पीडकहरूलाई क्षमादान दिनेसमेतका व्यवस्था राखिनु हुँदैन । द्वन्द्वकालमा राजनीतिकरूपले मात्र घटना घटित भएका छैनन् । अपराधिकरूपले पनि घटना भएका छन् । राजनीतिकरूपले घटित घटना र अपराधिकरूपले घटित घटनालाई एकै स्थानमा राखेर हेर्न नमिल्ने ।**

(प्रकरण नं.१२)

- **मानव अधिकारको दृष्टिकोणले द्वन्द्वकालमा घटेका घटनाहरू राज्यले सम्बोधन गर्नुपर्ने हुन्छ । राज्यले कानून बनाए भनेर मात्र हुँदैन । बनेको कानून संविधान अन्तर्राष्ट्रिय मापदण्ड र अदालतबाट भएको फैसला वा आदेश अनुकूलको भई कार्यान्वयन योग्य हुनुपर्दछ । संविधानसमेतको प्रतिकूल कानून बनेमा त्यस्तो कानून संवैधानिक परीक्षणको रोहमा कायम रहन नसक्ने ।**

(प्रकरण नं.१३)

- **विधिको शासनको पालनाबाट नै स्थायित्व, उन्नयन र विकास हुन्छ । स्थायित्व, उन्नयन र विकासको लागि विधिको शासन स्थापित गरिनु पर्दछ । विधिको शासनमा विश्वास गर्ने संस्थाहरूले अदालतबाट भएको आदेशलाई उपेक्षा गर्न मिल्दैन । विधि भन्दा माथि व्यक्ति वा संस्था कुनै पनि हुन नसक्ने ।**

(प्रकरण नं.१४)

- **राज्यका हरेक अंगहरूको आ-आफ्नो कार्यहरू तोकिएका हुन्छन । ती कुनै एक अर्काका विरूद्ध लक्षित छैनन । हरेक अंगले तोकिएको आ-आफ्नो कार्य गरेको खण्डमा मात्र राज्य सन्तुलितरूपमा विकास र समृद्धिको पथमा अग्रसर हुन्छ । राज्यका अंगहरू विधयायिका, कार्यापालिका र न्यायपालिकाले पनि आ-आफ्नो कार्य गरेमा त्यो सार्थक र अपेक्षित हुन्छ । नीति निर्माण गर्ने काम र देशको प्रशासन सञ्चालन गर्ने काम कार्यपालिकाको क्षेत्रभित्र, कानून निर्माण गर्ने काम व्यवस्थापिका संसदको क्षेत्रभित्र र कानूनको व्याख्या गर्ने काम न्यायपालिकाको क्षेत्रभित्र पर्ने हुँदा यी तिनै अंगहरूले एक अर्काको अधिकार क्षेत्रमा हस्तक्षेप गर्न मिल्दैन । अदालतबाट भएको आदेश अन्यथा भएमा बाहेक कार्यपालिका र व्यवस्थापिकाले मान्नुपर्ने ।**

(प्रकरण नं.१५)

निवेदकका तर्फबाट : विद्वान् वरिष्ठ अधिवक्ता सपना प्रधान मल्ल, विद्वान् अधिवक्ताहरू मिरा ढुंङ्‌गाना, सुषमा गौतम र सविन श्रेष्ठ

विपक्षीका तर्फबाट : विद्वान् सहन्यायाधिवक्ता संजिव रेग्मी

अवलम्बित नजिर :

सम्बद्ध कानून :

आदेश

**न्या.कल्याण श्रेष्ठ :** नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०७ (१) र (२) बमोजिम यस अदालतमा दायर भई इजलाससमक्ष पेस हुन आएको प्रस्तुत रिट निवेदनको सङ्क्षिप्त तथ्य एवं आदेश यस प्रकार छ :

महिला, कानून र विकास मञ्च महिला वर्गको हक हित, सशक्तिकरण, उत्थान र विकास, कानूनी हक अधिकार स्थापित गराउने, मानवअधिकारको विषयमा सरोकार राख्ने हक अधिकारको रक्षा गर्ने, कार्यान्वयन गर्ने गराउने र मौलिक हक संरक्षणको लागि वकालत एवं कार्य गर्दै आइरहेको संस्था हो । महिला र देशका सम्पूर्ण नागरिकहरूको मानव अधिकार र मौलिक हक संरक्षणको लागि वकालत गर्दै आएका हामी निवेदकहरू सचेत नागरिकको भूमिका निर्वाह गर्दै जनताको सरोकारसँग गासिएका विषयमा, राष्ट्रिय महत्त्वको विषयमा, ऐन कानूनको व्यवस्था संविधानसँग बाझिएको विषयमा, नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय सन्धि सम्झौता अनुकूलको कानून निर्माण तथा संशोधन हुनुपर्ने विषयमा रिट निवेदन दायर गर्दै आएका छौं । हामी निवेदकहरूको पहलमा सम्मानित सर्वोच्च अदालतबाट पनि सरकार, संवैधानिक निकाय र कार्यालयहरूको नाममा कानून बनाउन, कानून संशोधन गर्न, नीतिगत सुधार गर्न र नीति निर्माण गर्नका लागि आवश्यक र उपर्युक्त आदेश जारी हुँदै आएको छ । यसै क्रममा हामीले विक्रम संवत् २०५२ साल फाल्गुण १ गते देखि २०६३ साल मङ्सिर ५ गते सम्मको अवधिमा सशस्त्र द्वन्द्वको क्रममा भएका मानव अधिकार तथा मानवीय कानून उल्लङ्घनका घटनाको प्रत्यक्षरूपमा महसुस गरेका छौँ।

उक्त सशस्त्र द्वन्द्वको क्रममा भएका मानव अधिकार तथा मानवीय कानून उल्लङ्घनका घटनाको सम्बोधन गर्ने कार्य नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३३(थ) र (ध) मा राज्यको दायित्वको विषय बनाइयो । त्यसै अनुरूप २०६३ साल मङ्सिर ५ गते भएको विस्तृत शान्ति सम्झौताको धारा ५.२.३ र ५.२.५ मा तत्कालीन ने.क.पा. (माओवादी) ले २०५२ साल फाल्गुण १ गतेदेखि सुरू गरेको सशस्त्र द्वन्द्वकालमा घटेका घटनाहरूलाई सम्बोधन गरी दण्डहीनताको अन्त्य, सत्य निरूपण तथा मेलमिलाप आयोगको गठन र बेपत्ता पारिएका व्यक्तिहरूको बारेमा छानबिन गरी सत्य तथ्य पत्ता लगाउनेलगायतका कार्यहरू गरी संक्रमणकालीन न्यायलाई प्रवर्द्धन गर्ने प्रतिवद्धता गरेको थियो। शान्ति सम्झौता तथा अन्तरिम संविधानका ती प्रावधानहरूलाई विभिन्न मुद्दाका रोहमा व्याख्या गर्दै सम्मानित सर्वोच्च अदालतले संक्रमणकालीन न्याय संयन्त्रको स्थापनाद्वारा सत्य, न्याय, परिपुरण र संस्थागत सुधार गर्नुपर्ने आवश्यकता औल्याउँदै आएको छ।

संविधानको धारा ३३(थ), (ध) र विस्तृत शान्ति सम्झौताको धारा ५.२.३ तथा ५.२.५ को व्यवस्था कार्यान्वयन गर्ने प्रयोजनार्थ तत्कालीन सरकारले व्यक्ति बेपत्ता पार्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०६६ र सत्य निरूपण तथा मेलमिलाप आयोगसम्बन्धी विधेयक, २०६६ मस्यौदा गरी २०६६ सालमा व्यवस्थापिका संसदमा पेस गरियो । उक्त विधेयकले गम्भीर प्रकृतिका मानव अधिकार उल्लङ्घनका घटनाहरूमा क्षमादान हुन नसक्ने गरी गरेको महत्त्वपूर्ण व्यवस्थाबाट असन्तुष्ट शक्तिहरूले ती विधेयकहरू फिर्ता लिन व्यवस्थापिका संसदमा प्रस्ताव पेस गरेको थियो । तर पनि ती विधेयकहरू फिर्ता नभइ विचाराधिन अवस्थामा थिए । मिति २०६९।२।१४ गते संविधानसभा विघटन भएपश्चात ती विचाराधिन विधेयकहरू स्वतः निस्क्रिय हुन पुगे । पछि तत्कालीन प्रधानमन्त्री बाबुराम भट्टराइको सरकारले मिति २०६९।५।११ गते बेपत्ता भएको व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोगसम्बन्धी अध्यादेश जारी गर्नका लागी राष्ट्रपतिसमक्ष पेस गरेको थियो । सो अध्यादेश पनि विभिन्न विरोधको कारण जारी हुन सकेन । पछि संविधानसभाको अर्को निर्वाचन गर्न गठित प्रधानन्यायाधीश खिलराज रेग्मीको सरकारले

मिति २०६९।१२।१ गते सरोकारवाला महिलालगायत कसैसँग छलफल र परामर्श नगरी घोर अन्यायकारी क्षमादानमुखी अध्यादेश जारी गरियो।

उक्त अध्यादेशमा राखिएका अन्यायकारी व्यवस्था बदरको लागि जुरी नेपालको तर्फबाट माधवकुमार बस्नेतले रिट नं. ०६९-ws-००५७ र रामकुमार भण्डारीसमेतको तर्फबाट रिट नं ०६९-ws-००५८ का २ वटा रिट निवेदन दायर गरिएकोमा सम्मानित सर्वोच्च अदालतबाट मिति २०७०।९।१८ मा सो अध्यादेशको दफा २३, २५ र २९ का केही प्रावधानहरू असंवैधानिक घोषणा गरी तत्काल सो अध्यादेशको व्यवस्था परिमार्जन र संशोधन गर्न नेपाल सरकारको नाममा परमादेशको आदेश जारी भएको थियो।

पछि सरकारले यस अदालतबाट सो अध्यादेशको दफा २३, २५ र २९ का केही प्रावधानहरू असंवैधानिक घोषणा गरी संशोधनसमेत गर्न परमादेशको आदेश जारी गरेको भए तापनि मिति २०७०।१२।२६ गते पुरानै अध्यादेशलाई सामान्य हेरफेर गरी बेपत्ता पारिएको व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोगको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७० व्यवस्थापिका संसदसमक्ष प्रस्तुत गरियो। मानव अधिकार, महिला अधिकारकर्मी, संघ संस्था, समुदाय, पीडित र संयुक्त राष्ट्र संघीय निकायहरू समेतले चासो व्यक्त गरेको उक्त विधेयक राजनीतिक सहमतीको नाममा यस अदालतको पूर्व आदेश विपरीत मिति २०७१।१।१२ गते व्यवस्थापिका संसदबाट पारित भयो । सो विधेयक सम्माननीय राष्ट्रपतिद्वारा प्रमाणीकरण भई २०७१।१।२८ को नेपाल राजपत्र, अतिरिक्तांङ्क २ मा प्रकाशित भएको छ। अब उक्त विधेयक ऐनको रूपमा लागू भएको तथ्यमा विवाद छैन।

उक्त ऐनमा संक्रमणकालीन न्यायको मान्य सिद्धान्त, संविधान, सम्मानित सर्वोच्च अदालतको फैसला पालना गरिएको छैन। यस अदालतबाट गम्भीर अपराधमा क्षमादान हुन नसक्ने अर्थात क्षमादान निषेध गर्नु पर्ने, क्षमादानको सिफारिस हुन सक्ने अपराधको हकमा पनि पीडितको अनिवार्य सहमती लिनु पर्ने, पीडकबाट क्षतिपूर्ति भराउन सक्षम छैन भने क्षतिपूर्तिको सम्बन्धमा के हुने ? गम्भीर प्रकृतिको अपराधमा मेलमिलाप हुन नसक्ने, आयोगद्वारा अभियोजन गर्नुपर्ने अपराध सिधै महान्यायाधिवक्तासमक्ष सिफारिस गर्ने व्यवस्था हुनुपर्ने, यौनजन्य अपराधको हदम्यादको व्यवस्था गर्नुपर्ने गरी आदेश भएको छ । दश वर्षको सशस्त्र द्वन्द्वबाट महिलाहरू सबैभन्दा बढी पीडित हुँदाहुँदै पनि न्यायको पहुँचभन्दा बाहिर पारिएका छन। दिगो शान्ति र लोकतन्त्रको विकासका लागि विगतमा महिलामाथि भएका ज्यादती, हिंसा र विशेष गरी यौन हिंसा र शोषणलाई सम्बोधन गरी पीडितलाई न्यायमा पहुँच र पीडकलाई जवाफदेही बनाउन संक्रमणकालीन न्यायको संरचना बनाइनु पर्दछ। जसले गर्दा भविष्यमा यस्ता मानवअधिकार उल्लङ्घनका घटनाहरूको पुनरावृत्ति नहुने सुनिश्चितता गर्न सकोस।

सशस्त्र द्वन्द्वकालमा नियन्त्रणमा लिई गरिएको हत्या, बलपूर्वक बेपत्ता यातना तथा जबरजस्ती विस्थापन सर्वस्व हरणसहित घरबाट निकालाबास, अपहरण, बलात्कारलगायत यौनजन्य हिंसा, अंगभंग जस्ता मानवअधिकार उल्लङ्घनबाट पीडित तथा पीडित परिवारका सदस्यहरूको यस ऐनको सम्बन्धमा प्रत्यक्ष सरोकार, चासो र सार्थक सम्बन्ध रहेको छ । ऐनमा गरिएको परिभाषा अस्पस्ट एवम् सबै खाले पीडितलाई नसमेट्ने खालको छ । साथै विगतका ज्यादतीलाई संक्रमणकालीन न्यायका मान्य सिद्धान्तका आधारमा न्यायोचित ढंगले सम्बोधन गरी समाजमा दिगो शान्ति स्थापना गर्ने कुरा आफैँमा गम्भीर सार्वजनिक हित र सरोकारको विषय हो।

बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१ को दफा ३ को उपदफा (३) ले पाँच सदस्यीय आयोग गठन गर्ने व्यवस्था गरेको छ। जसमा एकजना महिला रहने व्यवस्था गरेको छ । संक्रमणकालीन न्यायमा महिलासँग सम्बन्धित विषयवस्तुको गम्भीरता

र महिलाको न्यायमा पहुँचको लागि महिलाको समानुपातिक सहभागिताको व्यवस्था हुनुपर्दछ । दफा ११ ले आयोगमा रहने कर्मचारीको व्यवस्था गरेको छ। आयोगमा आयोगद्वारा नै गठन गरिएका विभिन्न समिति, अनुसन्धानात्मक कार्य, उजुरी लिने कार्य, सत्य तथ्य अन्वेषण गर्ने, मेलमिलाप गर्ने कार्यमा पनि अधिकांश महिलाको सहभागिता हुनुपर्दछ । महिला विरूद्ध हुने यौनजन्य हिंसालाई युद्ध रणनीतिको रूपमा द्वन्द्वरत दुवै पक्षले प्रयोग गर्ने गरेको पाइन्छ । यस्ता यौनजन्य हिंसासम्बन्धी घटनाका कुराहरू महिलाले पुरूष कर्मचारीसँग भन्न गाह्रो मान्ने भएकाले बढीभन्दा बढी महिला कर्मचारीको व्यवस्था हुनुपर्नेमा ऐनमा त्यस्तो व्यवस्था छैन । ऐनमा बलत्कारलाई क्षमादान नदिने मुद्दाभित्र राखेको भए तापनि ऐनमा हदम्यादसम्बन्धी व्यवस्था नगर्दा अप्रत्यक्षरूपमा क्षमादान नै दिने भन्ने देखिन्छ।

संक्रमणकालीन न्यायको लागि सोही सामान्य कानूनमा भएको हदम्यादलाई नै कायम गर्दा कतिपय गम्भीर मानव अधिकार उल्लङ्घनका मुद्दाहरू हदम्यादको कारणले गर्दा दर्ता नहुने अवस्था आउँछ । जबरजस्ती करणी मुद्दामा सामान्य कानूनमा ३५ दिनको हदम्यादको व्यवस्था छ । तर सो ऐनमा हदम्यादसम्बन्धी व्यवस्था राखिएको छैन। त्यसकारण सशस्त्र द्वन्द्वको समयमा भएका जबरजस्ती करणीका घटना दर्तानै नहुने अवस्था छ। आयोगले अभियोजन गर्ने भनी सिफारिस गरेको जबरजस्ती करणी मुद्दामा सामान्य कानूनमा भएको हदम्यादको व्यवस्था लागू नहुने र आयोगले सिफारिस गरेको यस्तो मुद्दामा हदम्याद नलाग्ने भन्ने प्रष्ट व्यवस्था हुनुपर्दछ।

बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१ को दफा २५ मा आयोगले यस ऐनबमोजिम छानबिन गर्दा कुनै व्यक्ति मानव अधिकारको गम्भीर उल्लङ्घनसम्बन्धी अपराधमा संलग्न भएको देखिएमा आयोगले त्यस्तो व्यक्तिउपर कानूनबमोजिम कारवाही गर्न नेपाल सरकारसमक्ष सिफारिस गर्ने छ, दफा २७ उपदफा (२) बमोजिम अन्तरिम प्रतिवेदन समावेश गरी नेपाल सरकारसमक्ष सिफारिस गरिसकेपछि दफा २९ को उपदफा (१) बमोजिम मानव अधिकारको उल्लङ्घनको आरोपमा दोषी देखिएका पीडकउपर मुद्दा चलाउन आयोगबाट नेपाल सरकारसमक्ष सिफारिस भएमा मन्त्रालयले पीडकउपर मुद्दा चलाउन महान्यायाधिवक्तासमक्ष लेखी पठाउनु पर्ने छ, दफा २९ को उपदफा (२) मा उपदफा (१) बमोजिम शान्ति तथा पुन निर्माण मन्त्रालयबाट मुद्दा चलाउन लेखी आएमा महान्यायाधिवक्ता वा निजले तोकेको सरकारी वकीलले त्यस्तो पीडकउपर मुद्दा चल्ने वा नचल्ने सम्बन्धमा निर्णय गर्ने छ भन्ने व्यवस्थाले आयोगले मुद्दा चलाउनको लागि सिफारिस गरिसकेपछि पुनः मुद्दा चलाउने वा नचलाउने भनी निर्णय गर्ने स्वविवेकीय अधिकार राज्य पक्षलाई दिइ सिफारिस भएका मुद्दा पनि चल्ने नचल्ने दोधारमा रहेको स्पष्ट देखिन्छ । निस्पक्ष आयोगबाट सिफारिस भई आएका मुद्दाहरूको कारवाही हुने व्यवस्था ऐनमा निश्चित हुनुपर्छ।

उक्त ऐनको दफा २ को (ज) मा पीडितको परिभाषा गरिएको छ। पीडित भन्नाले सशस्त्र द्वन्द्वको क्रममा भएका मानव अधिकारको गम्भीर उल्लङ्घनको परिणाम स्वरुप मृत्यु भएको वा शारीरिक, मानसिक, यौनजन्य वा आर्थिकरूपमा हानि नोक्सानी पुगेको वा थुनामा रहेको व्यक्ति तथा निजको परिवारको सदस्य सम्झनु पर्छ र सो शब्दले मानव अधिकारको गम्भीर उल्लङ्घनको परिणाम स्वरूप मानवीय, सामाजिक वा सामुदायिकरूपमा गम्भीर प्रतिकूल असर पुग्न गएको समुदायसमेतलाई जनाउँछ भनी परिभाषा गरेको छ । तर पनि विवाहित छोरीलाई परिवारको परिभाषाभित्र समेटेको छैन। विवाहित छोरी पनि द्वन्द्वकालमा पीडित भएको तथ्यमा विवाद छैन । पीडितले परिपुरणसमेत पाउनु पर्ने हुँदा परिवारको परिभाषाभित्र नसमेटिँदा विवाहित छोरीले परिपुरण पाउने अवस्था छैन । त्यसकारण विवाहित छोरीलाई पनि परिवारको परिभाषामा समावेश गरी परिपुरणको व्यवस्था राखिनु पर्दछ । विवाहित छोरी पीडित भएमा परिपुरणको

व्यवस्था पनि छैन।

नेपाल नागरिक तथा राजनैतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६, महिला विरूद्ध हुने सबै प्रकारका भेदभावहरू उन्मूलन गर्ने महासन्धि, १९७९ र यातना तथा अन्य क्रुर, अमानविय वा अपमानजनक व्यवहार वा दण्ड विरूद्धको महासन्धि, १९८४ लगायत २३ वटा मानव अधिकारसम्बन्धी दस्तावेजको पक्ष राष्ट्र बनेको छ। त्यसै गरी नेपाल अन्तर्राष्ट्रिय मानवीय कानून (जेनेभा महासन्धि) को पनि पक्ष राष्ट्र हो। संयुक्त राष्ट्र संघको सुरक्षा परिषदबाट पारित प्रस्ताव नं. १३२५ र १८२० को कार्वान्वयन गर्न नेपाल सरकारले पाँच वर्षे कार्य योजना बनाइ लागू गरिसकेको छ। अन्तर्राष्ट्रिय मानव अधिकारसम्बन्धी कानूनमा मानव अधिकारको उल्लङ्घन भएमा पीडितले प्रभावकारी उपचार पाउने व्यवस्था छ। मानव अधिकारसम्बन्धी विश्वव्यापी घोषणापत्र, १९४८ को धारा ८, नागरिक तथा राजनैतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६ को धारा २, यातना तथा अन्य क्रुर, अमानविय वा अपमानजनक व्यवहार वा दण्ड विरूद्धको महासन्धि, १९८४ को धारा १४, बाल अधिकारसम्बन्धी महासन्धि, १९८९ को धारा ३९ र जेनेभा रोम विधानको धारा ६८ तथा ७५ समेतका व्यवस्थाले मानव अधिकारलाई संरक्षित गरेको छ। पक्ष राष्ट्रले उल्लिखित प्रतिज्ञापत्र, महासन्धि, घोषणापत्र, विधान र दस्तावेजको निशर्त पालना गर्नुपर्दछ।

उल्लिखित महासन्धिसमेतको व्यवस्थाको आधारमा नेपाल सरकारले नागरिकलाई कुनै नागरिकका अधिकार र स्वतन्त्रता उल्लङ्घन भएका छन भने, निजले प्रभावकारी उपचार पाउने कुरा सुनिश्चित गर्ने, उपचार दाबी गर्नेको अधिकार सक्षम, न्यायिक, प्रशासनिक वा व्यवस्थापिकीय अधिकारीहरू वा सो राष्ट्रको कानून प्रणालीअनुसार सक्षम अधिकारीद्वारा निर्धारण गरी पाउने कुरा, न्यायिक उपचारको संभावनाहरूको विकास गर्नुपर्ने र उपचार प्रदान गरिएमा सक्षम अधिकारीले त्यस्तो उपचार लागू गर्ने कुरा सुनिश्चित गर्नुपर्दछ।

सन्धि ऐन, २०४७ को दफा ९(१) बमोजिम नेपाल पक्षराष्ट्र भएको कुनै पनि सन्धिको व्यवस्था नेपाल सरहदभित्र राष्ट्रिय कानूनसरह लागू हुने हुँदा ती प्रतिज्ञापत्र र महासन्धिद्वारा सिर्जित र प्रदत्त दायित्वहरूलाई पनि स्वतः स्वीकारिएको छ। सन्धि र महासन्धिका व्यवस्था प्रचलित नेपाल कानूनसँग बाझिएमा बाझिएको हदसम्म प्रचलित कानून अमान्य भई सन्धिको व्यवस्था लागू हुन्छ। यस व्यवस्थाको आधारमा पनि प्रतिज्ञापत्र, घोषणापत्र, विधान र महासन्धिको व्यवस्था प्रभावकारी र वाध्यकारी व्यवस्था हो। योबमोजिमको कानून निर्माण भई कार्यान्वयन पनि हुनुपर्दछ।

अतः बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१ को दफा २६ र २९ को व्यवस्था नेपालको अन्तरिम संविधान, २०६३ को धारा १३, १९, २०, २२, २४ को उपधारा (९) विपरीत भई नेपाल पक्ष भएको नागरिक तथा राजनैतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६ को धारा २, यातना तथा अन्य क्रुर, अमानविय वा अपमानजनक व्यवहार वा दण्ड सजाय विरूद्धको महासन्धि, १९८४ को धारा १४, बाल अधिकारसम्बन्धी महासन्धिको धारा ३९ समेतसँग बाझिएको हुँदा सो बाझिएको हदसम्म नेपालको अन्तरिम संविधानको धारा १०७(१) को आधारमा अमान्य र बदर घोषित गरिपाउँ। ऐनको दफा ३ मा आयोगको गठनसम्बन्धी व्यवस्था छ। गठनमा पाँच सदस्यीय आयोग हुने, तीमध्ये एक जना महिला रहने व्यवस्था छ। तर सशस्त्र द्वन्द्वबाट महिला बढी पीडित हुने भएकाले उनीहरूको पीडा अन्वेषण गर्न, उनीहरूको फरक आवश्यकतालाई सम्बोधन गर्न नेपालको अन्तरिम संविधान, २०६३ को धारा २१ ले समेत समानुपातिक सहभागिताको व्यवस्था गरेको हुनाले आयोगमा महिला आयुक्तको समानुपातिक सहभागिता आवश्यक पर्ने हुनाले दफा ३ को उपदफा (२) मा आयोगको आयुक्तमा महिलाको समानुपातिक

सहभागिता हुनेछ भन्ने व्यवस्था र दफा ११ को उपदफा (१) मा रहेको आयोगको कर्मचारी शीर्षकमा आयोगको कर्मचारीको सम्बन्धमा उपदफा (४) पछि प्रतिबन्धात्मक वाक्यांश थप गरी समानुपातिक संख्यामा महिला कर्मचारीको नियुक्तिको व्यवस्था गरिने छ, दफा २९ बमोजिम दायर गर्ने मुद्दाहरूमा हदम्याद लागू हुने छैन भन्ने र पीडितको परिभाषाभित्र विवाहित छोरीलाई पनि समावेश गर्नु भन्नेसमेतका व्यवस्थाहरू थप गर्नु भनी धारा १०७(२) को आधारमा विपक्षीहरूको नाममा परमादेशलगायत जो चाहिने आज्ञा आदेश जारी गरिपाउँ। साथै यो अत्यन्तै संवेदनशील र सार्वजनिक सरोकारको विषयको मुद्दा भएकोले प्रस्तुत रिट निवेदनलाई अग्राधिकार दिई सुनुवाइ गरिपाउँ भन्नेसमेत व्यहोराको रिट निवेदन।

यसमा निवेदन मागबमोजिमको आदेश जारी हुनु नपर्ने कुनै कारण भए १५ दिनभित्र लिखित जवाफ पठाउनु भनी विपक्षीहरूलाई सूचना दिनु । साथै विषयवस्तुको प्रकृतिबाट प्रस्तुत रिट निवेदन चाँडो किनारा हुनुपर्ने देखिँदा लिखित जवाफ परेपछि अग्राधिकार दिई पेस गर्नु भन्ने व्यहोराको यस अदालतबाट मिति २०७१।३।२२ मा भएको आदेश।

नेपालको अन्तरिम संविधान, २०६३ को धारा १३५ को उपधारा (२) ले कुनै अदालत वा न्यायिक अधिकारीसमक्ष नेपाल सरकारको तर्फबाट मुद्दा चलाउने वा नचलाउने भन्ने कुराको अन्तिम निर्णय गर्ने अधिकार संविधानले नै महान्यायाधिवक्तालाई सुम्पेको अवस्थामा बेपत्ता पारिएका व्यक्तिहरूको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१ दफा २९(२)(३) मा भएको व्यवस्था संविधान, कानूनका आधारभूत सिद्धान्त र मूल्य मान्यता सम्मत नै हुँदा प्रस्तुत रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत व्यहोराको विपक्षी महान्यायाधिवक्ताको कार्यालयको तर्फबाट पेस भएको लिखित जवाफ।

निवेदकले बेपत्ता पारिएका व्यक्तिहरूको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोगमा महिला पदाधिकारी र महिला कर्मचारी नै राख्नु पर्ने भनी जिकिर लिएको देखिन्छ । महिला पदाधिकारी राख्नु पर्ने मागका सम्बन्धमा हेर्दा बेपत्ता पारिएका व्यक्तिहरूको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१ को दफा ३ को उपदफा (२) ले आयोगमा एक जना महिला रहने व्यवस्था गरेको पाइन्छ । आयोगमा बढीमा पाँच जना पदाधिकारी रहने भनिएकोमा पाँचै जना महिला पदाधिकारी हुन सक्ने कुरालाई इन्कार गर्न पनि मिल्दैन। दफा ३ (३) बमोजिम रहने नियुक्ति सिफारिस समितिले संविधान र प्रचलित कानूनबमोजिम नै समावेशीरूपमा नियुक्ति सिफारिस गर्ने हुँदा आयोग समावेशी हुने कुरालाई अस्वीकार गर्न सकिदैन। त्यसै गरी आयोगमा कार्यरत कर्मचारी पनि महिला नै हुनुपर्ने मागको सम्बन्धमा हेर्दा कर्मचारी प्रचलित कानूनबमोजिम नै समावेशीरूपमा व्यवस्था गरिने हुँदा प्रस्तुत रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत व्यहोराको विपक्षी महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयको तर्फबाट पेस भएको लिखित जवाफ।

निवेदकले निवेदनमा सभामुखलाई विपक्षी बनाउनु पर्नाको कारण उल्लेख गरेको देखिँदैन । राज्यले आवश्यक महसुस गरेअनुसारको कानूनी व्यवस्थाका लागि सरकारद्वारा प्रस्तुत हुने विधेयक पारित गर्ने प्रक्रिया संविधानसभा (व्यवस्थापिका संसदको कार्यसञ्चालन) नियमावली, २०७० ले स्पष्ट गरेकै छ । सभामुखले पनि सोही नियमावलीले दिएको अधिकार मात्र प्रयोग गरी काम कारवाही गर्ने हो । कानूनमा के कस्ता व्यवस्था राख्ने भन्ने कुरा सभामुखको क्षेत्राधिकारको विषय होइन । कानूनको निर्माणमा सभामुखको कुनै भूमिका हुँदैन । कानूनका व्यवस्था कुन प्रयोजनका लागि राखिएका हुन भन्ने कुरा कानूनमै स्पष्ट हुन्छ। व्यवस्थापिका संसदमा पेस भएको विधेयक व्यवस्थापिका संसदबाट पारित भएमा प्रमाणित गरी प्रमाणीकरणको लागि राष्ट्रपतिसमक्ष पेस गर्ने काम सभामुखको भएको र कानून निर्माणमा सभामुखको भूमिका नरहने हुँदा प्रस्तुत रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत व्यहोराको विपक्षी

व्यवस्थापिका संसदका सभामुख सुवास चन्द्र नेम्वाङको तर्फबाट पेस भएको लिखित जवाफ।

कुनै पनि कानून निर्माण प्रक्रियामा यस सचिवालयको कुनै भूमिका रहँदैन । संविधानसभा (व्यवस्थापिका संसदको कार्यसञ्चालन) नियमावली, २०७० ले तोकिएको कार्यविधि अनुरूपको काममात्र यस सचिवालयले गरेको हो । के कस्तो कानूनको आवश्यकता परेको हो र कस्तो कानून बनाउने भन्ने कुरामा यस सचिवालयले केही भन्न मिल्ने हुँदैन । तसर्थ प्रस्तुत रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत व्यहोराको विपक्षी संसद सचिवालयको तर्फबाट पेस भएको लिखित जवाफ।

बेपत्ता पारिएका व्यक्तिहरूको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोगको काम विशिष्ट प्रकृतिको भएको हुँदा दफा ११ को उपदफा (२) मा आयोगले विशेषज्ञ कर्मचारी नियुक्त गर्न सक्ने व्यवस्था गरेको देखिन्छ । आयोगमा जुनसुकै वर्ग वा क्षेत्रका व्यक्ति पनि नियुक्त हुन सक्ने हुनाले विशेषज्ञ सेवा लिनुपर्ने प्रकृतिको पदमा महिला कर्मचारीको समानुपातिक प्रतिनिधित्व रहने गरी कानूनी व्यवस्था हुनुपर्ने जिकिर न्यायसम्मत नहुँदा प्रस्तुत रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत व्यहोराको विपक्षी कानून, न्याय, संविधानसभा तथा संघीय मामिला मन्त्रालयको तर्फबाट पेस भएको लिखित जवाफ।

नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३३ को खण्ड (ध) मा सशस्त्र द्वन्द्वको क्रममा मानव अधिकारको गम्भीर उल्लङ्घन गर्ने तथा मानवता विरूद्धको अपराधमा संलग्न व्यक्तिहरूको बारेमा सत्य अन्वेषण गर्न तथा समाजमा मेलमिलापको वातावरण निर्माण गर्न उच्चस्तरीय सत्य निरूपण तथा मेलमिलाप आयोग गठन गर्ने व्यवस्था भएकोमा विस्तृत शान्ति सम्झौताको दफा ५.२.५ मा पनि सोही व्यवस्था रहेको छ । उक्त मानव अधिकारसम्बन्धी घटनालाई जतिसक्दो चाँडो सम्बोधन हुनुपर्ने आवश्यक्ता भएकोले बेपत्ता पारिएका व्यक्तिहरूको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१ जारी भएको हो । सो ऐनको दफा २९ को व्यवस्था बदरको माग गरेको सम्बन्धमा संविधानको धारा १३५ को उपधारा (२) मा नेपाल सरकारको हक, हित वा सरोकार निहित रहेको मुद्दामा महान्यायाधिवक्ता वा निजको मातहतका अधिकृतहरूबाट नेपाल सरकारको प्रतिनिधित्व गरिने छ । यस संविधानमा अन्यथा लेखिएदेखि बाहेक कुनै अदालत वा न्यायिक अधिकारीसमक्ष नेपाल सरकारको तर्फबाट मुद्दा चलाउने वा नचलाउने भन्ने कुराको अन्तिम निर्णय गर्ने अधिकार महान्यायाधिवक्तालाई भएको भए तापनि त्यो व्यवस्था स्वेच्छाचारी भने होइन।

दफा २९ को उपदफा (१) को व्यवस्थाले आयोगबाट मुद्दा चलाउनको लागी प्राप्त भएको सिफारिस कार्यान्वयन गर्न शान्ति तथा पुननिर्माण मन्त्रालयले महान्यायाधिवक्तालाई बाध्यात्मकरूपमा लेखी पठाउन पर्ने र उपदफा (२) को उपदफा (१) बमोजिम सो मन्त्रालयबाट लेखी आएमा महान्यायाधिवक्ता वा निजले तोकेको सरकारी वकीलले त्यस्तो पीडक उपर मुद्दा चल्ने वा नचल्ने सम्बन्धमा निर्णय गर्ने छ भन्ने व्यवस्थाले अनुसन्धानबाट शंकित व्यक्ति दोषी नदेखिएको अवस्थामा महान्यायाधिवक्ताको चाहानाको कारणले मात्र मुद्दा नचल्ने गरी निर्णय हुन सक्छ भनी अर्थ गर्नु मनासिब हुँदैन । यस दफाबमोजिम दायर गरिने मुद्दाहरूमा हदम्याद लागू हुने छैन भन्ने व्यवस्था थप गरी पाउन माग गरेको सम्बन्धमा सशस्त्र द्वन्द्वका क्रममा भएका मानव अधिकारका गम्भीर उल्लङ्घनका घटनालाई जतिसक्दो चाँडो सम्बोधन गरी मानव अधिकारको गम्भीर उल्लङ्घन तथा मानवता विरूद्धका अपराधसम्बन्धी अन्य घटना र घटनामा संलग्न व्यक्तिहरूको बारेमा सत्य अन्वेषण तथा छानबिन गरी पीडक र पीडितबिच मेलमिलाप गराई समाजमा शान्ति र मेलमिलापको वातावरण निर्माण गर्न आवश्यक रहेको अवस्थामा हदम्यादको व्यवस्थाको कारणबाट उक्त प्रक्रियालाई थप लम्ब्याउन विधायिकाले उचित र आवश्यक नदेखेको अवस्थामा अदालत त्यसतर्फ प्रवेश गर्न मिल्दैन।

आयोगको आयुक्तमा समानुपातिक सहभागिता हुने कुरामा विवाद छैन। तसर्थ ऐनको दफा ३ को उपदफा (२) मा आयोगको आयुक्तमा महिलाको समानुपातिक सहभागिता हुने कुरा थप गरी रहनु पर्दैन। आयोगमा विशेषज्ञ कर्मचारीको पनि आवश्यक्ता हुने हुँदा समानुपातिक संख्यामा महिला कर्मचारीको नियुक्ति गर्नुपर्ने छ भन्ने व्यवस्था थप गर्नुको कुनै औचित्य छैन। मानव अधिकारको गम्भीर उल्लङ्घनअन्तर्गत हत्या, अपहरण तथा शरीर बन्धक, व्यक्ति बेपत्ता पार्ने, अङ्ग भङ्ग वा अपाङ्ग बनाउने, शारीरिक वा मानसिक यातना, बलत्कार तथा यौनजन्य हिंसा, व्यक्तिगत वा सार्वजनिक सम्पत्ति लुटपाट, कब्जा तोडफोड वा आगजनी, घर जग्गाबाट जबरजस्ती निकाला वा अन्य कुनै किसिमको विस्थापन र अन्तर्राष्ट्रिय मानव अधिकार वा मानवीय कानूनविपरीत भए गरेका क्रियाकलाप पर्दछन। यी क्रियाकलापसँग सम्बन्धित ऐनको व्यवस्था अन्तर्राष्ट्रिय मापदण्ड अनुरूपको हुँदा ऐनको दफा २६ को विपरीत भई सन्धि ऐनको दफा ९ आकर्षित हुदैन। संविधानको धारा ३३ को खण्ड (ड) आकर्षित हुन्छ।

ऐनको दफा २६ मा भएको व्यवस्थाले जुनसुकै अपराधको घटनामा संलग्नलाई पनि आयोगले नि:शर्त क्षमादान (Blanket Amnesty) दिने व्यवस्था गरेको होइन। मानव अधिकारको गम्भीर उल्लङ्घनका घटनामा पीडकले आफूले गरेको गल्ती प्रति पश्चाताप गरी पीडितसँग माफी मागी क्षमादान दिनुपर्ने पर्याप्त आधार र कारण रहेमा मात्र आयोगले नेपाल सरकारसमक्ष सिफारिस गर्न सक्ने ऐनको दफा २६ को उपदफा (२) मा व्यवस्था छ। सो व्यवस्था स्वतन्त्रता र समानताको हकसँग नबाझिएको हुँदा प्रस्तुत रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत व्यहोराको विपक्षी प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयको तर्फबाट पेस भएको लिखित जवाफ।

ऐनको दफा २६ को उपदफा (१) र (२) को व्यवस्थालाई दफा २ को खण्ड (ञ) को व्यवस्थासँग एकैसाथ राखेर हेर्नुपर्ने हुन्छ। दफा २६ को उपदफा (१) र (२) ले मानव अधिकारको गम्भीर उल्लङ्घनका कार्यमा संलग्न व्यक्तिलाई नि:शर्त क्षमादान (Blanket Amnesty) दिन सकिने गरी व्यवस्था गरेको भन्नु ऐनको समग्र उद्देश्य र व्यवस्थाविपरीत हुने भएकोले त्यसरी अर्थ गर्न सकिँदैन। दफा २६ मा भएको व्यवस्थाको सम्बन्धमा जस्तो सुकै अपराधको घटनामा संलग्न व्यक्तिलाई पनि आयोगले क्षमादान गर्न सक्ने भन्ने होइन। मानव अधिकारको गम्भीर उल्लङ्घनका घटनाहरूमा दफा २६ को उपदफा (४) मा उपदफा (३) बमोजिम दिइने निवेदनमा पीडकले देहायका प्रतिबद्धता प्रकट गरेको कुरा उल्लेख गर्नुपर्नेछ। सशस्त्र द्वन्द्वको क्रममा आफूबाट मानव अधिकारको गम्भीर उल्लङ्घन भएको कुरा स्वीकार गरेको, त्यस्तो कार्यबाट आफूलाई पश्चाताप भएको स्वीकार गरी आयोगसमक्ष पीडितसँग चित्त बुझ्दो ढङ्गले क्षमायाचना गर्न मञ्जुर गरेको, भविष्यमा त्यस्तो किसिमको कुनै कार्य नगर्ने प्रतिज्ञा गरेको अवस्थामा पीडकले आफूबाट मानव अधिकारको गम्भीर उल्लङ्घन भएको स्वीकार गरी सो सम्बन्धमा पीडितसँग माफी नमागेसम्म आयोगले पीडकलाई क्षमादान दिन सक्ने अधिकार ऐनको कुनै पनि दफाले दिएको छैन।

ऐनको दफा २९ बमोजिम दायर गर्ने मुद्दाहरूमा हदम्याद लागू हुने छैन भन्ने व्यवस्था थप होस भन्ने माग दावीका सम्बन्धमा विचार गर्दा सशस्त्र द्वन्द्वका क्रममा भएका मानव अधिकारको गम्भीर उल्लङ्घनका घटनालाई जतिसक्दो चाँडो सम्बोधन गरी मानव अधिकारको गम्भीर उल्लङ्घन तथा मानवता विरूद्धको अपराधसम्बन्धी घटना र त्यस्तो घटनामा संलग्नहरूको बारेमा सत्य अन्वेषण तथा छानबिन गरी वास्तविक तथ्य जनसमक्ष ल्याउन, पीडक र पीडितबिच मेलमिलाप गराइ पारस्परिक सदभाव तथा सहिष्णुताको भावना अभिवृद्धि गर्दै समाजमा शान्ति र मेलमिलापको वातावरण निर्माण गर्न आवश्यक रहेको अवस्थामा हदम्यादको व्यवस्थाको कारणबाट प्रक्रियालाई लम्ब्याउन आवश्यक छैन।

आयोगको आयुक्तमा समानुपातिक महिला

सहभागिता होस भन्ने र महिला कर्मचारी आवश्यक छ भन्ने रिट निवेदकको जिकिर तथ्य परक छैन । दफा २९ को उपदफा (१) को व्यवस्थाले आयोगबाट मुद्दा चलाउनको लागी प्राप्त भएको सिफारिस कार्यान्वयन गर्न यस मन्त्रालयले महान्यायाधिवक्तालाई बाध्यात्मकरूपमा लेखी पठाउनु पर्ने र मन्त्रालयबाट लेखी आएमा महान्यायाधिवक्ता वा निजले तोकेको सरकारी वकीलले त्यस्तो पीडकउपर मुद्दा चल्ने वा नचल्ने सम्बन्धमा निर्णय गर्ने छ भन्ने व्यवस्थाले अनुसन्धानबाट शंकित व्यक्ति दोषी नदेखिएको अवस्थामा महान्यायाधिवक्ताको चाहानाको कारणले मात्र मुद्दा नचल्ने गरी निर्णय हुनसक्छ भनी अर्थ गर्नु मनासिब हुँदैन । तसर्थ प्रस्तुत रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत व्यहोराको विपक्षी शान्ति तथा पुन निर्माण मन्त्रालयको तर्फबाट पेस भएको लिखित जवाफ।

नियमबमोजिम दैनिक मुद्दा पेसी सूचीमा चढी पेस हुन आएको प्रस्तुत रिट निवेदनको मिसिल संलग्न कागजातहरूको अध्ययन गरी हेरियो।

निवेदकको तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ता श्री सपना प्रधान मल्ल, विद्वान् अधिवक्ताहरू श्री मिरा ढुंङ्गाना, श्री सुषमा गौतम र श्री सविन श्रेष्ठले सशस्त्र द्वन्द्वका समयमा हजारौ नेपाली नागरिक बेपत्ता भएका छन । त्यतिकै संख्यामा महिलाहरू बलात्कृत भएका छन । सो संक्रमणकालीन समयमा भएका ती घटनाहरूको सम्बोधन गरी दण्डहीनताको अन्त्य, सत्य निरूपण तथा मेलमिलाप आयोगको गठन र बेपत्ता पारिएका व्यक्तिहरूको बारेमा छानबिन गरी सत्य तथ्य पत्ता लगाउने अहम् उद्देश्य संविधानले ग्रहण गरेको छ। मिति २०६३।८।५ गते भएको विस्तृत शान्ति सम्झौताले पनि दण्डहीनताको अन्त्य गर्ने प्रमुख उद्देश्य राखेको देखिन्छ । छानबिनको लागी उच्चस्तरीय सत्य निरूपण तथा मेलमिलाप आयोग गठन गर्ने भन्ने व्यहोरा उल्लेख भएको देखिन्छ । नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३३ को (थ) ले संक्रमणकालिन समयमा बेपत्ता पारिएका व्यक्तिहरूको सम्बन्धमा गठित छानबिन आयोगको प्रतिवेदनको आधारमा पीडित ब्यक्तिलाई राहत उपलब्ध गराउने व्यवस्था गरेको छ।

त्यसै गरी खण्ड (ध) मा सशस्त्र द्वन्द्वको क्रममा मानव अधिकारको गम्भीर उल्लङ्घन गर्ने तथा मानवता विरूद्धको अपराधमा संलग्नहरूको बारेमा सत्य अन्वेषण गर्न तथा समाजमा मेलमिलापको वातावरण निर्माण गर्न उच्चस्तरीय सत्य निरूपण तथा मेलमिलाप आयोग गठन गर्ने व्यवस्था छ।

तर विपक्षीहरूले तत्काल उल्लिखित व्यवस्था सम्बोधन गर्न सकेको अवस्था थिएन २०६६ सालमा सम्बोधन गर्ने प्रयास स्वरूप गम्भीर प्रकृतिका मानव अधिकारका घटनाहरूमा संलग्नहरूलाई क्षमादान हुन नसक्ने गरी सत्य निरूपण तथा मेलमिलाप आयोगसम्बन्धी विधेयक र ब्यक्ति बेपत्ता पार्ने सम्बन्धमा व्यवस्था गर्नसमेतका लागि व्यवस्थापिका संसदमा विधेयक पेस भएको थियो । विधेयकमा क्षमादान हुन नसक्ने व्यवस्था प्रस्तावित भएको कारण सो विधेयक पारित हुन सकेको थिएन। विधेयक विचाराधीन अवस्थामा रहेकै समयमा संविधानसभा विघटन भएपश्चात व्यवस्थापिका संसद स्वतः बिघटन भई विधेयकहरू निस्क्रिय भए । पछि कोही कसैसँग परामर्श नगरी दलीय भागबन्डामा मिति २०६९।१२।१ मा अध्यादेश जारी भयो।

उक्त अध्यादेशको दफा २३ को उपदफा (१), (२), (४), (६), र दफा २५ को उपदफा (१) मा भएका केही प्रावधानहरू बदर घोषित गरी पाउन यस अदालतमा निवेदक माधवकुमार बस्नेतसमेतले ०६९-ws-००५७ को रिट निवेदन र दफा १३, २३, २५ र २९ का प्रावधान बदरको लागी निवेदक रामकुमार भण्डारीसमेतले ०६९-ws-००५८ को रिट निवेदन दायर गर्नुभएको थियो। उक्त दुवै रिट निवेदनमा यस अदालतबाट मिति २०७०।९।१८ गते सो अध्यादेशको दफा २३, २५ र २९ लगायतका प्रावधानहरूलाई असंवैधानिक घोषणा गर्दै अध्यादेशका कतिपय प्रावधानहरूलाई निस्प्रभावी तुल्याइ यस विषयमा

विषय विशेषज्ञ टोलीको सहयोग लिई अन्तर्राष्ट्रिय कानूनी मापदण्डहरू बमोजिम अध्यादेशमा परिमार्जन र संशोधन गर्न नेपाल सरकारको नाममा परमादेशको आदेश जारी भएको थियो । सो आदेशबमोजिम विशेषज्ञ टोलीले प्रतिवेदनमार्फत नेपाल सरकारलाई दिएको सुझावहरू हाल पारित भएको ऐनमा समावेश गरिएन । अदालतको आदेशबमोजिमको व्यवस्था ऐनमा समावेश गर्नुपर्ने कुरा समावेश नगरिएबाट उक्त ऐन दोषयुक्त विधायन भएको स्वतः सिद्ध भएको हुन्छ । दोषयुक्त विधायन अस्तित्वमा रही रहन नसक्ने हुँदा यस अदालतबाट बदर हुनुपर्छ ।

यस अदालतको मिति २०७०।९।१८ को आदेशलाई पन्छाइ पुन ऐनको रूपमा जारी भएपछि पनि यस अदालतमा सुमनकुमार अधिकारीले ०७०-ws-००५० को रिट निवेदन दायर गरेको थियो । सो रिट निवेदनमा पनि मिति २०७१।११।१४ मा मिति २०७०।९।१८ मा भएको आदेशबमोजिम गराउन पुन निर्देशनात्मक आदेश जारी भएको छ ।

उक्त ऐनको प्रस्तावना हेर्दा सशस्त्र द्वन्द्वका क्रममा भएका मानव अधिकारको गम्भीर उल्लङ्घन तथा मानवता विरूद्धको अपराधसम्बन्धी घटना र त्यस्तो घटनामा संलग्न व्यक्तिहरूको बारेमा सत्य अन्वेषण तथा छानबिन गरी वास्तविक तथ्य जनसमक्ष ल्याउनु, समाजमा शान्ति र मेलमिलापको वातावरण निर्माण गर्नु, सो घटनाबाट पीडितलाई परिपुरण र गम्भीर अपराधमा संलग्न पीडकलाई कानूनी कारवाहीको दायरामा ल्याउनु ऐनको मुख्य उद्देश्य रहेको छ । तर ऐनमा गरिएको कतिपय व्यवस्था अस्पष्ट एवं सबैखाले पीडितलाई नसमेट्ने खालको हुनुका साथै व्यक्ति बेपत्ता पार्ने, नियन्त्रणमा लिएर गरिएको हत्या, यातना तथा बलात्कारलगायत मानवता विरूद्धको गम्भीर अपराधमा संलग्न कसुरदारहरूले समेत अपराधबाट उन्मुक्ति पाउने अवस्था रहेको छ ।

व्यक्ति बेपत्ता पार्ने, नियन्त्रणमा लिएर गरिएको हत्या, यातना तथा बलात्कारलगायत मानवता विरूद्धका गम्भीर अपराधहरूमा क्षमादान तथा माफी गरी दण्डहीनताबाट उन्मुक्ति दिन मिल्दैन । तर प्रस्तुत ऐनको दफा २६ को उपदफा (२) मा भएको "उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि बलात्कार र आयोगको छानबिनबाट क्षमादान दिन पर्याप्त आधार र कारण नदेखिएका गम्भीर प्रकृतिका अन्य अपराधमा संलग्न पीडकलाई आयोगले क्षमादानको लागि सिफारिस गर्न सक्ने छैन" भनी राखिएको प्रावधानमा प्रयुक्त "आयोगको छानबिनबाट क्षमादान दिन पर्याप्त आधार र कारण नदेखिएका" भन्ने वाक्यांशले मानवता विरूद्धका गम्भीर अपराधका पीडकलाई पनि पर्याप्त आधार र कारण देखिएको भनी आयोगले क्षमादानको लागि सिफारिस गर्न सक्ने तजविजी अधिकार प्रदान गरेको छ ।

ऐनको दफा २९ को उपदफा (१) मा भएको "मानवअधिकारको गम्भीर उल्लङ्घनको आरोपमा दोषी देखिएको पीडकउपर मुद्दा चलाउन आयोगबाट नेपाल सरकारसमक्ष सिफारिस भएमा मन्त्रालयले त्यस्तो पीडकउपर मुद्दा चलाउन महान्यायाधिवक्तासमक्ष लेखी पठाउनु पर्नेछ" भन्ने व्यवस्थाले आयोगले मुद्दा चलाउन पठाउने सिफारिस माथि मन्त्रालयले अंकुश लगाउने स्थिति रही महान्यायाधिवक्ताले मन्त्रालयबाट लेखी आएको अवस्थामा मात्र मुद्दा चल्ने वा नचलाउनेसम्बन्धी निर्णय गर्न सक्ने हुँदा पीडकले मानव अधिकारको गम्भीर उल्लङ्घनबाट उन्मुक्ति पाउने अवस्थाको विद्यमानता छ ।

तसर्थ, नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२, १३, १९, २०, २२ र २४(९), जुरी नेपालको तर्फबाट अधिवक्ता माधवकुमार बस्नेतले दायर गरेको रिट नं. ०६९-ws-००५७ तथा द्वन्द्व पीडितहरूको तर्फबाट निवेदक रामकुमार भण्डारीले दायर गरेको रिट नं. ०६९-ws-००५८ मा सम्मानित अदालतबाट मिति २०७०।९।१८ गते भएको आदेशको पालना नगरी संक्रमणकालीन न्यायको मान्यता प्रतिकूल बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१ जारी भएको र सोउपर सुमन अधिकारीसमेतको

तर्फबाट परेको रिट निवेदनमा यस अदालतबाट मिति २०७१।११।१४ गते पनि मिति २०७०।९।१८ गतेको आदेश, राजेन्द्र ढकाल र माधवकुमार बस्नेत रिट निवेदनमा भएको आदेशबमोजिम गर्ने गराउने गरी आदेश भइसकेको परिप्रेक्ष्यमा प्रस्तुत रिट निवेदनमा पनि मागबमोजिमको आदेश जारी हुनुपर्दछ भनी गर्नुभएको बहस सुनियो।

विपक्षी नेपाल सरकारको तर्फबाट उपस्थित विद्वान् सहन्यायाधिवक्ता श्री संजिव रेग्मीले बेपत्ता पारिएका ब्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१ संविधान, विस्तृत शान्ति सम्झौता र यस अदालतबाट मिति २०७०।९।१८ मा भएको आदेशको शिरोधार्य गरी आएको छ । कुनै पनि ऐन अर्थात कानूनी राज्यको आवश्यक्ताको आधारमा निर्माण हुने हो । उक्त ऐन द्वन्द्वकालमा भएका मानव अधिकारका गम्भीर उल्लङ्घन तथा मानवता विरूद्धको अपराधसम्बन्धी घटना र त्यस्तो घटनामा संलग्न ब्यक्तिहरूको बारेमा सत्य अन्वेषण तथा छानबिन गरी बास्तविक तथ्य जनसमक्ष ल्याउने, समाजमा शान्ति र मेलमिलापको वातावरण निर्माण गर्ने र घटनाबाट पीडितलाई परिपुरण तथा अपराधमा संलग्न पीडकलाई कानूनी कारवाहीको दायरामा ल्याउन आवश्यक्ता परेको हो।

उल्लिखित कानून निर्माण गर्ने सम्बन्धमा राज्यले पटक-पटक प्रयास गरेको छ। २०६६ सालमा व्यवस्थापिका संसदमा विधेयक पेस भएको, २०६९ सालमा अध्यादेश विधेयक पेस भएको र २०६९।१२।१ मा अध्यादेश जारी भएको भन्ने कुरा निवेदन लेखबाट नै अवगत भइरहेको छ । २०६६ सालमा र मिति २०६९।५।११ मा पेस भएको विधेयकले मूर्तरूप लिन सकेको थिएन । पछि मिति २०६९।१२।१ गते राजनीतिक दलहरूको भद्र सहमतिमा अध्यादेश जारी भयो। सो अध्यादेशका केही प्रावधानहरू गैर संवैधानिक भएकाले बदर तथा निस्प्रभावी घोषणा गरी पाउन यस अदालतमा माधवकुमार बस्नेतसमेतले दायर गरेका २ वटा रिट निवेदनमा यस अदालतबाट आदेश जारी भइसकेको छ। त्यस पछि सो आदेशसमेतका आधारमा अर्को विधेयक पेस भएको हो। सो विधेयक पारित भई मिति २०७१।१।२८ को राजपत्रमा प्रकाशन भएको छ।

बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१ बनेको तथ्यमा विवाद छैन । उक्त ऐन जारी भएपछि सुमन अधिकारीले समेत रिट निवेदक भई यस अदालतमा उक्त ऐनका दफा २३, २६ र २९ समेतका केही प्रावधानहरू बदर माग गरी दायर गरेका रिट निवेदनमा यस अदालतबाट मिति २०७१।११।१४ मा दफा २३, २६ र २९ का प्रावधानहरू असंवैधानिक ठहर गर्दै माधवकुमार बस्नेत रिट निवेदक भएका मुद्दाहरूमा यस अघि जारी भएका आदेश, निर्देशन र व्याख्याको प्रतिकूल नहुने गरी कार्य गर्नु गराउनु भनी आदेश जारी भइसकेको र उल्लिखित रिट निवेदनमा भएका आदेशबमोजिम नै हुनेहुँदा प्रस्तुत रिट निवेदन खारेज हुनुपर्दछ भन्नेसमेत व्यहोराको बहस गर्नुभयो।

पक्ष विपक्षको तर्फबाट उपस्थित कानून व्यवसायीहरूले गर्नुभएको उपरोक्त बहससमेत मनन् गरी रिट निवेदन, लिखित जवाफ, बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१, यस अदालतका पूर्व आदेश, निर्देशनात्मक आदेश र व्याख्यासमेतका समग्र पक्षमा ध्यान दिई प्रस्तुत रिट निवेदनमा निवेदन मागबमोजिमको आदेश जारी हुनुपर्ने हो होइन भन्ने सम्बन्धमा निर्णय गर्नुपर्ने देखियो।

२. निर्णयतर्फ विचार गर्दा निवेदकहरूले नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३३ को खण्ड (थ),(ध) र विस्तृत शान्ति सम्झौताको धारा ५.२.३ र ५.२.५ मा भएको व्यवस्थाबमोजिम २०५२ साल फागुन १ गते देखि ०६३ मङ्सिर ५ गतेसम्मको अवधिमा बेपत्ता भएका व्यक्तिको सत्य तथ्य पत्ता लगाउने र मानव अधिकार तथा अन्तर्राष्ट्रिय मानवीय कानूनको गम्भीर उल्लङ्घनका घटनाहरूमा संलग्न दोषीलाई कानूनी दायरामा ल्याउने उद्देश्यले मिति

२०६९।१२।१ मा बेपत्ता पारिएको व्यक्ति छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग अध्यादेश जारी भएकोमा सो अध्यादेशको दफा १३, २३, २५ र २९ का प्रावधान बदरको लागि रिट निवेदक माधवकुमार बस्नेतले ०६९-WS-००५७ को र रिट निवेदक रामकुमार भण्डारीले ०६९-WS-००५८ को रिट निवेदन दायर गरेको र सो रिट निवेदनमा यस अदालतबाट मिति २०७०।९।१८ मा उक्त अध्यादेशको दफा १३, २३, २५ र २९ मा समावेश भएका असंगती प्रावधानहरू बदर भई कानून संशोधन गर्न सरकारको नाममा परमादेशको आदेश जारी भएकोमा सो आदेश जारी भइसकेपछि सो आदेशको अन्तरवस्तु र अन्तर्राष्ट्रिय मानवीय कानूनको सिद्धान्तसमेतलाई समावेश नगरी पन्छाई व्यवस्थापिका संसदमा विधेयक पेस गरी सो विधेयक पारित भई ऐनको रूपमा आएको र सो ऐनका प्रावाधानहरू पनि गम्भीर मानव अधिकार उल्लङ्घन र मानवीय कानून उल्लङ्घनका दोषीहरूलाई कानूनको दायरामा ल्याउन सो ऐनमा राखिएका दफाले वाधा पुगेको हुँदा बेपत्ता पारिएको व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१ को दफा २६ र २९ का व्यवस्था बदर गरी दफा ३ को उपदफा (२) मा आयोगको आयुक्तमा महिलाको समानुपातिक सहभागिता हुनेछ भन्ने व्यवस्था, दफा २ (ज) पछि दफा २ (ज१) र दफा ११ को उपदफा (१) मा रहेको आयोगको कर्मचारी शीर्षकमा आयोगको कर्मचारीको सम्बन्धमा उपदफा (४) पछि प्रतिबन्धात्मक वाक्याँश थप गरी समानुपातिक संख्यामा महिला कर्मचारीको नियुक्तिको व्यवस्था गरिने छ भन्ने व्यवस्था गर्नु गराउनु भनी विपक्षीहरूको नाममा परमादेशयुक्त निर्देशनात्मक आदेशसमेतको माग गरेको देखिन्छ।

३. विपक्षीहरूको लिखित जवाफमा नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३३ को खण्ड (ध) मा सशस्त्र द्वन्द्वको क्रममा मानव अधिकारको गम्भीर उल्लङ्घन गर्ने तथा मानवता विरूद्धको अपराधमा संलग्न व्यक्तिहरूको बारेमा सत्य अन्वेषण गर्न तथा समाजमा मेलमिलापको वातावरण निर्माण गर्न उच्चस्तरीय सत्य निरूपण तथा मेलमिलाप आयोग गठन गर्ने व्यवस्था भएकोमा विस्तृत शान्ति सम्झौताको दफा ५.२.५ मा पनि सोही व्यवस्था रहेकोले बेपत्ता पारिएका व्यक्तिहरूको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१ जारी भएको हो । सो ऐनको दफा २९ को व्यवस्था बदरको माग गरेको सम्बन्धमा संविधानको धारा १३५ को उपधारा (२) मा नेपाल सरकारको हक, हित वा सरोकार निहित रहेको मुद्दामा महान्यायाधिवक्ता वा निजको मातहतका अधिकृतहरूबाट नेपाल सरकारको प्रतिनिधित्व गरिने छ । यस संविधानमा अन्यथा लेखिएदेखि बाहेक कुनै अदालत वा न्यायिक अधिकारीसमक्ष नेपाल सरकारको तर्फबाट मुद्दा चलाउने वा नचलाउने भन्ने कुराको अन्तिम निर्णय गर्ने अधिकार महान्यायाधिवक्तालाई भएको भए तापनि त्यो व्यवस्था स्वेच्छाचारी भने होइन।

४. दफा २९ को उपदफा (१) को व्यवस्थाले आयोगबाट मुद्दा चलाउनको लागि प्राप्त भएको सिफारिस कार्यान्वयन गर्न शान्ति तथा पुनर्निर्माण मन्त्रालयले महान्यायाधिवक्तालाई बाध्यात्मकरूपमा लेखी पठाउन पर्ने र उपदफा (२) को उपदफा (१) बमोजिम सो मन्त्रालयबाट लेखी आएमा महान्यायाधिवक्ता वा निजले तोकेको सरकारी वकीलले त्यस्तो पीडकउपर मुद्दा चल्ने वा नचल्ने सम्बन्धमा निर्णय गर्ने छ भन्ने व्यवस्थाले अनुसन्धानबाट शंकित व्यक्ति दोषी नदेखिएको अवस्थामा महान्यायाधिवक्ताको चाहानाको कारणले मात्र मुद्दा नचल्ने गरी निर्णय हुनसक्छ भनी अर्थ गर्नु मनासिब हुँदैन । यस दफाबमोजिम दायर गरिने मुद्दाहरूमा हदम्याद लागू हुने छैन भन्ने व्यवस्था थप गरी पाउन माग गरेको सम्बन्धमा सशस्त्र द्वन्द्वका क्रममा भएका मानव अधिकारका गम्भीर उल्लङ्घनका घटनालाई जतिसक्दो चाँडो सम्बोधन गरी मानव अधिकारको गम्भीर उल्लङ्घन तथा मानवता विरूद्धका अपराधसम्बन्धी अन्य घटना र घटनामा संलग्न व्यक्तिहरूको बारेमा सत्य अन्वेषण तथा

छानबिन गरी पीडक र पीडितबिच मेलमिलाप गराई समाजमा शान्ति र मेलमिलापको वातावरण निर्माण गर्न आवश्यक रहेको अवस्थामा हदम्यादको व्यवस्थाको कारणबाट उक्त प्रक्रियालाई थप लम्ब्याउन मिल्दैन।

५. ऐनको दफा २६ मा भएको व्यवस्थाले जुनसुकै अपराधको घटनामा संलग्नलाई पनि आयोगले नि:शर्त क्षमादान (Blanket Amnesty) दिने व्यवस्था गरेको होइन। मानव अधिकारको गम्भीर उल्लङ्घनका घटनामा पीडकले आफूले गरेको गल्ती प्रति पश्चाताप गरी पीडितसँग माफी मागी क्षमादान दिनुपर्ने पर्याप्त आधार र कारण रहेमा मात्र आयोगले नेपाल सरकार समक्ष सिफारिस गर्न सक्ने ऐनको दफा २६ को उपदफा (२) मा व्यवस्था छ। सो व्यवस्था स्वतन्त्रता र समानताको हकसँग बाझिएको छैन। तसर्थ विगतमा चलेका सशस्त्र द्वन्द्वको व्यवस्थापन गरी समाजमा मेलमिलाप र सौहार्द्ध सम्बन्ध कायम गरी दिगो शान्ति र स्थायित्वको लागि संविधान, विस्तृत शान्ति सम्झौता, अन्तर्राष्ट्रिय मानव अधिकार कानून र मानवीय कानून तथा यस अदालतबाट भएका आदेशसमेतलाई दृष्टिगत गरी उक्त कानून बनाइएको हुँदा निवेदन मागबमोजिमको आदेश जारी गर्नुपर्ने अवस्था नरहेको भन्नेसमेतको व्यहोरा उल्लेख भएको पाइन्छ।

६. मिति २०५२।११।१ गते देखि मिति २०६३।८।५ गतेसम्म अवधिका पीडितलाई राहत, पुनस्थापना, संक्रमणकालीन न्याय र परिपुरणसमेतको व्यवस्था गर्ने र संलग्न दोषीलाई कानूनको दायरमा ल्याउने हेतुले नेपाल सरकार र नेपाल कम्युनिष्ट पाटी (माओवादी) बिच २०६३।८।५ गते विस्तृत शान्ति सम्झौता भएको तथ्यमा विवाद छैन। उक्त विस्तृत शान्ति सम्झौताको प्रस्तावनामा अन्य कुराको अतिरिक्त "मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ तथा अन्तर्राष्ट्रिय मानवीय कानून तथा मानव अधिकारसम्बन्धी आधारभूत सिद्धान्त र मान्यताहरू प्रति प्रतिवद्ध रहँदै" भन्ने व्यहोरा उल्लेख भएको देखिन्छ। सोबमोजिमको व्यवस्था गर्नु राज्यको दायित्वको विषयवस्तु हो। मिति २०६३।८।५ मा भएको विस्तृत शान्ति सम्झौताको धारा ५.२.५ मा दुवै पक्ष सशस्त्र द्वन्द्वका क्रममा मानव अधिकारको गम्भीर उल्लङ्घन गर्ने तथा मानवता विरूद्धको अपराधमा संलग्नहरूको बारेमा सत्य अन्वेषण गर्न र समाजमा मेलमिलापको वातावरण निर्माण गर्न आपसी सहमतीबाट उच्चस्तरीय सत्य निरूपण तथा मेलमिलाप आयोगको गठन गर्ने भन्ने उल्लेख भएको छ। साथै सो प्रावधानलाई स्थिति सामान्यीकरणका उपायहरूको रूपमा समेत अवलम्बन गरिएको छ।

७. नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३३ को (ध) मा सशस्त्र द्वन्द्वको क्रममा मानव अधिकारको गम्भीर उल्लङ्घन गर्ने तथा मानवता विरूद्धको अपराधमा संलग्न व्यक्तिहरूको बारेमा सत्य अन्वेषण गर्न तथा समाजमा मेलमिलापको वातावरण निर्माण गर्न उच्चस्तरीय सत्य निरूपण तथा मेलमिलाप आयोग गठन गर्ने संवैधानिक व्यवस्था भएको देखिन्छ। उक्त संवैधानिक व्यवस्था राज्यको दायित्वको विषय भएको तथ्यमा पनि विवाद छैन।

८. वस्तुतः मानिस प्राकृतिक प्राणी भएको कारण मानिससँग अन्योन्याश्रित भएका र अपहरण गर्नै नसकिने अधिकारहरूको दायराभित्र गैरकानूनी तवरले प्रवेश गर्ने वा अतिक्रमण गर्ने वा उल्लङ्घन गर्ने छुट राज्यका अमुक संगठन वा कुनै व्यक्ति कसैलाई पनि छैन। त्यस्तै मानवीय सम्वेदनाका कतिपय विषयहरू संकटकालीन अवस्था वा युद्धका बेलासमेत अनतिक्रम्य र संरक्षित हुनुपर्दछ। नेपाल नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र र यातना विरूद्धको महासन्धिलगायत सबैजसो महत्त्वपूर्ण मानव अधिकारसम्बन्धी महासन्धिहरूको पक्ष राष्ट्र हो। यसका अतिरिक्त, अन्तर्राष्ट्रिय मानवीय कानून (जेनेभा) महासन्धिहरूको पनि पक्ष राष्ट्र छ। अन्तर्राष्ट्रिय मानव अधिकार कानूनअन्तर्गत अधिकार वा स्वतन्त्रताको उल्लङ्घनबाट पीडित व्यक्तिको प्रभावकारी कानूनी उपचार पाउने हक सुनिश्चित छ। यो अधिकार प्रमुखरूपमा मानव अधिकारसम्बन्धी विश्वव्यापी

घोषणापत्रको धारा ८, नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्रको धारा २, यातना तथा क्रुर, अमानवीय वा अपमानजनक व्यवहार वा सजाय विरूद्धको महासन्धिको धारा १४, बाल अधिकारसम्बन्धी महासन्धिको धारा ३९ र जेनेभा महासन्धि, १९४९ लगायतका व्यवस्थाहरू अन्तर्गत संरक्षित छ । मानव अधिकारका पछिल्ला केही दस्तावेजले संक्रमणकालीन न्याय र परिपुरणको सुनिश्चितताको लागि मार्ग निर्देश गरेको छ ।

९. उल्लिखित अन्तर्राष्ट्रिय कानूनी मान्यताहरूको राष्ट्रिय कानूनहरूसँगको सम्बन्धलाई हेर्नु पनि अपरिहार्य हुन्छ । नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३३ (ड) ले राज्य पक्ष भएको अन्तर्राष्ट्रिय सन्धि सम्झौताको प्रभावकारी कार्यान्वयन गर्ने संवैधानिक कर्तव्य राज्यको हुने भनी तोकेको देखिन्छ । यसका अतिरिक्त नेपाल सन्धि ऐन, २०४७ को दफा ९(१) ले पनि नेपाल पक्ष भएका सन्धिका प्रावधानसँग बाझिने नेपाल कानूनका प्रावधानहरू अमान्य भई सन्धिका प्रावधानले प्राथमिकता पाउने व्यवस्था छ ।

१०. मानव अधिकारको उल्लङ्घन र त्यसका कसुरदारलाई फौजदारी कानूनका स्थापित मूल्य र मान्यताअनुरूप फौजदारी दायित्व बहन गराउनु आवश्यक हुन्छ । कानून मान्ने संस्कृति जनसाधारणसँग मात्रै अपेक्षा गरिने होइन, राज्यसँग पनि उत्तिकै अपेक्षा गरिन्छ । राज्यले आफैँ कानूनको उचित सम्मान गर्न सक्तैन भने राज्यले बनाएको कानून अन्य जनसाधारणबाट पालनाको अपेक्षा गर्न कठिन हुन्छ । यस सन्दर्भमा राज्यको चरित्र दण्डहीनतालाई प्रोत्साहन गर्ने होइन । द्वन्द्वले उजागार गरेका प्रश्न र परिणामलाई व्यवस्थित गर्दै न्यायपूर्ण समाज स्थापना गर्ने तर्फ अग्रसर हुनुपर्दछ । गम्भीर मानव अधिकार उल्लङ्घनका घटनाहरूलाई न्यायको दायरामा ल्याउने राज्यको राष्ट्रिय र अन्तर्राष्ट्रिय कानूनी सिर्जित दायित्व हो ।

११. राष्ट्रिय कानूनका अतिरिक्त अन्तर्राष्ट्रिय मानव अधिकार कानून र मानवीय कानूनविपरीत हुने मानव अधिकारको गम्भीर उल्लङ्घनका घटनाहरू अक्षम्य र दण्डनीय छन । त्यस प्रकारको दोषबाट उन्मुक्ति लिन अब सम्भव छैन । सशस्त्र द्वन्द्वका क्रममा मानव अधिकारको गम्भीर उल्लङ्घनको विषय हाम्रो देशको मात्र स्वार्थ र चासोको विषय नभई समग्र विश्वजगतको अविभाज्य र अक्षुण एजेन्डा बन्न पुगेको छ । त्यसैले यस्ता विषयहरू न्यायको दायरामा ल्याउनै पर्ने हुन्छ । संक्रमणकालीन न्यायको सबैभन्दा ठूलो सम्बन्ध समाज र कानूनसँग रहेको हुन्छ । हाम्रो देशमा १० वर्ष चलेको सशस्त्र द्वन्द्वको क्रममा धेरै नेपाली मारिएका छन् । धेरै बेपत्ता भएका छन र धेरै घरबार विहिन भई विस्थापित भएका छन् । यही अवधिमा विगतको न्यायपूर्ण समाज क्षत विक्षत बन्न पुगेको तथ्य सबैको सामू छर्लङ्ग छ । द्वन्द्वको समयमा भएका उल्लिखित घटनाको सम्बोधन हुनु नपर्ने कुनै कारण छैन । राज्यले द्वन्द्वको समयमा भएका घटनाको दोषीलाई क्षमादान दिन प्रयास गरे तापनि फौजदारी कानूनको स्थापित मूल्य र मान्यताले क्षमादान दिन मिल्दैन । मिति २०५२।११।१ देखि चलेको सशस्त्र द्वन्द्वको अन्त्य मिति २०६३।८।५ को विस्तृत शान्ति सम्झौतामा आएर टुङ्गिएको छ । विस्तृत शान्ति सम्झौता भएपश्चात् शान्ति प्रक्रियाको थालनी भएको र शान्ति प्रक्रियालाई तार्किक निस्कर्षमा पुर्‍याउने प्रमुख अभिभारा राज्यको जिम्मा आएको छ । शान्ति प्रक्रियालाई निष्कर्षमा पुर्‍याउने प्रयास स्वरूप नै नेपालको अन्तरिम संविधानको धारा ३३ मा (ड), (ढ), (त), (थ), (द) र (ध) समेतका व्यवस्था राखिएको तथ्यमा विवाद छैन ।

१२. सशस्त्र द्वन्द्वकालमा नियन्त्रणमा लिई हत्या, बलपूर्वक बेपत्ता तथा जबरजस्ती विस्थापनसमेत गरे गराएको भन्ने कुरा निवेदन लेखबाट देखिन्छ । बलपूर्वक व्यक्ति बेपत्ता पारिएको घटनालाई मानव अधिकारसम्बन्धी गम्भीर अपराधको रूपमा लिइने अन्तर्राष्ट्रिय मानव अधिकार कानूनको दृष्टिकोण रही आएको देखिन्छ । द्वन्द्वकालमा भइरहेका मानवीय

कानून विरूद्ध वा मानव अधिकार उल्लङ्घनका गम्भीर कसुरहरू रोक्ने, ती कसुरहरू दोहोरिन नदिने, पीडितमा आत्मसम्मानको भाव उद्‌वोधन गराउने राष्ट्रिय मेलमिलापको वातावरण बनाउने र कानूनी राज्यको पुनस्थापन गरी शान्ति बहालीको मार्गमा योगदान पुर्‍याउने नै संक्रमाणकालीन न्यायको मुख्य अभिष्ट हो । संक्रमणकालीन अवधिमा भएका घटनाहरूको दोषीलाई मनपरी क्षमादान गर्दा विधिको शासन (Rule of law) कायम रहन सक्दैन । बरू विधिको शासन (Rule of law) कायम गर्न गम्भीर अपराधका पीडकहरूलाई क्षमादान दिनेसमेतका व्यवस्था राखिनु हुँदैन । द्वन्द्वकालमा राजनीतिकरूपले मात्र घटना घटित भएका छैनन् । अपराधिकरूपले पनि घटना भएका छन् । राजनीतिकरूपले घटित घटना र अपराधिकरूपले घटित घटनालाई एकै स्थानमा राखेर हेर्न मिल्दैन ।

१३. मानव अधिकारको दृष्टिकोणले द्वन्द्वकालमा घटेका घटनाहरू राज्यले सम्बोधन गर्नुपर्ने हुन्छ । राज्यले कानून बनाए भनेर मात्र हुँदैन । बनेको कानून संविधान अन्तर्राष्ट्रिय मापदण्ड र अदालतबाट भएको फैसला वा आदेश अनुकूलको भई कार्यान्वयन योग्य हुनुपर्दछ । संविधानसमेतको प्रतिकूल कानून बनेमा त्यस्तो कानून संवैधानिक परीक्षणको रोहमा कायम रहन सक्दैन । त्यस्तै गरी यस अदालतबाट विवादित विषयको सन्दर्भमा नै पहिले आदेश भइसकेको भए सो आदेशसमेतको पालना गरी कानून निर्माण गरिनु पर्दछ । यस सम्बन्धमा यस अदालतबाट राजेन्द्र ढकालको हकमा रवीन्द्र ढकाल विरूद्ध गृह मन्त्रालयसमेत भएको (ने.का.प. २०६४, जेष्ठ, निर्णय नं. ७८१०, पृष्ठ १६९) बन्दी प्रत्यक्षीकरण मुद्दामा मानव अधिकार तथा मानवीय कानून उल्लङ्घनका घटनामा दोषी प्रमाणित भएकाहरूलाई न त क्षमादान दिन सकिन्छ न त माफी दिन सकिन्छ भन्ने सिद्धान्त स्थापित भएको देखिन्छ ।

१४. संविधानको धारा ११६ को उपधारा (१) मा मुद्दा मामिलाको रोहमा अदालतले दिएको आदेश वा निर्णयको सबैले पालना गर्नुपर्ने र उपधारा (२) मा मुद्दा मामिलाको रोहमा सर्वोच्च अदालतले गरेको कानूनको व्याख्या र प्रतिपादन गरेको कानूनी सिद्धान्त नेपाल सरकार तथा सबै अड्डा अदालतहरूले मान्नुपर्ने संवैधानिक व्यवस्था भएको देखिन्छ । यो व्यवस्था विधिको शासनको मेरूदण्डको रूपमा रहेको देखिन्छ । विधिको शासनको पालनाबाट नै स्थायित्व, उन्नयन र विकास हुन्छ । स्थायित्व, उन्नयन र विकासको लागि विधिको शासन स्थापित गरिनु पर्दछ । विधिको शासनमा विश्वास गर्ने संस्थाहरूले अदालतबाट भएको आदेशलाई उपेक्षा गर्न मिल्दैन । विधिभन्दा माथि व्यक्ति वा संस्था कुनै पनि हुन सक्दैन ।

१५. राज्यका हरेक अंगहरूको आ-आफ्नो कार्यहरू तोकिएका हुन्छन । ती कुनै एक अर्काका विरूद्ध लक्षित छैनन । हरेक अंगले तोकिएको आ-आफ्नो कार्य गरेको खण्डमा मात्र राज्य सन्तुलितरूपमा विकास र समृद्धिको पथमा अग्रसर हुन्छ । राज्यका अंगहरू विधायिका, कार्यापालिका र न्यायपालिकाले पनि आ-आफ्नो कार्य गरेमा त्यो सार्थक र अपेक्षित हुन्छ । नीति निर्माण गर्ने काम र देशको प्रशासन सञ्चालन गर्ने काम कार्यपालिकाको क्षेत्रभित्र, कानून निर्माण गर्ने काम व्यवस्थापिका संसदको क्षेत्रभित्र र कानूनको व्याख्या गर्ने काम न्यायपालिकाको क्षेत्रभित्र पर्ने हुँदा यी तिनै अंगहरूले एक अर्काको अधिकार क्षेत्रमा हस्तक्षेप गर्न मिल्दैन । अदालतबाट भएको आदेश अन्यथा भएमा बाहेक कार्यपालिका र व्यवस्थापिकाले मान्नुपर्ने हुन्छ । अतः अदालतबाट विभिन्न महत्त्वपूर्ण अवसरमा जारी भएका आदेश, निर्णय, निर्देशनको उपेक्षा गरी अर्को अंगले विपरीत दिशामा हिड्ने कोशिस गर्ने हो भने राज्य सुचारू रूपले सञ्चालन सम्भव हुँदैन । अदालतले आफ्नो स्वार्थ वा अभिष्टको लागि कुनै निर्णय वा आदेश गर्दैन । बरू जनताको न्यायको सर्वोपरितालाई हृदयंगम गरेर नै आदेश वा निर्णय गरेको हुन्छ । यस अवस्थामा आदेशबमोजिमका कार्यहरू राज्यका अंगहरूले एक आपसमा एक अर्का प्रति सम्मान, मैत्री र सहकारिताको

भावनाले प्रेरित भएर गर्नु वाञ्छनीय हुन्छ।

१६. कानून बदर माग गरेको सम्बन्धमा अदालतले आफूसमक्ष आएका विवादको निरूपण गर्दा विद्यायिकी कानूनहरू प्रारम्भमा संविधानसम्मत नै भएको अनुमान गर्दछ। प्रारम्भिकरूपमा शंकाको सुविधा विद्यायिकी कानूनको पक्षमा नै जान्छ । विधायिकी कानून बदर गर्दा अदालतले आफूलाई संयमित र आत्मनियन्त्रणमा राखेको हुन्छ। कुनै विद्यायिकी कानून संविधानको प्रावधानसँग प्रत्यक्ष मेल नखाने देखिएको र संविधान प्रदत्त जनताको मौलिक हकमा प्रतिकूल असर परेको देखिएको अवस्थामा त्यसलाई अन्यथा गर्नु अघि यस अदालतले विद्यायिकी असल नियतको पक्षमा नै आफ्नो खोजीलाई जारी राख्दछ। तर त्यति हुँदाहुँदै पनि विद्यायिकी कानून संविधानविपरीत भई जनताको मौलिक हकमा अनुचित बन्देज लगाउने गरी जारी भई विद्यायिकी दुर्भावना वा स्वेच्छाचारिता जस्ता कमी कमजोरीका गन्ध आएमा यस अदालतले त्यस्तो कानूनलाई बदर वा संशोधन वा परिमार्जन गर्ने गरी आदेश गर्न सक्छ।

१७. अब यस सन्दर्भमा यस अदालतबाट पटक-पटक गम्भीर मानव अधिकारका उल्लङ्घनका दोषीहरूलाई कानूनको दायरमा ल्याई पीडितलाई न्यायको महसुस गराउन, परिपुरणको व्यवस्था गर्नु र मेलमिलापको वातावरण बनाइ दण्डहिनता अन्त्य गर्न आदेश जारी भइरहने तर राज्यका जिम्मेवार निकायबाट त्यसको उपेक्षा र उल्लङ्घन भई रहेमा विधिको शासनको अवमूल्यन हुन्छ।

१८. प्रस्तुत विवादमा निवेकहरूले बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१ को दफा २६ र २९ संविधानको धारा १०७(१) बमोजिम बदर गरी धारा १०७(२) बमोजिम दफा २(ज) पछि २(ज१), थप गरी ३(२) मा आयोगको आयुक्तमा महिलाको समानुपातिक सहभागिताको व्यवस्था र दफा ११ को उपदफा (४) पछि प्रतिवन्धात्मक वाक्यांश थप गरी समानुपातिक संख्यामा महिला कर्मचारीको व्यवस्था होस भन्ने माग गरेको सम्बन्धमा हेर्नु पर्ने देखियो।

१९. निवेकहरूले सो ऐनको दफा २(ज) पछि दफा २(ज१) र दफा ११ को उपदफा (४) पछि प्रतिबन्धात्मक वाक्यांश थप गरी पाउन माग गरेको सम्बन्धमा विचार गर्दा नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०७(१) अनुसार संविधानद्वारा प्रदत्त हकउपर अनुचित बन्देज लगाएकोले वा अन्य कुनै कारणले कुनै कानून संविधानसँग बाझिएमा बाझिएको हदसम्म सो कानून वा त्यसको कुनै भाग बदर घोषित गरिने हो । संविधानको अभिभावकीय अभिभारा सर्वोच्च अदालतलाई बहन गराएको यो धारा १०७(१) को उद्देश्य संविधानसँग विद्यायिकी कानून बाझिए बाझिएको हदसम्म अमान्य गर्ने अख्तियारीसँग सम्बन्धित छ। धारा १०७(१) ले अन्ततः संविधानको सर्वोच्चता कायम रहोस भन्ने अभिप्राय राखेको हुन्छ। कानूनको अवैधताको प्रश्नमा सर्वोच्च अदालतको ध्यानाकर्षण गराउने जिम्मेवारी नेपाली नागरिकको हो। नागरिकलाई राज्यले दिएका हकले संविधानमार्फत मूर्तता प्राप्त गरेका हुन्छन । संविधानअन्तर्गत बन्ने ऐन संविधानका प्रावधानअनुरूप बनेको हुनुपर्दछ । संविधान प्रतिकूल बनेमा संविधानवादका मूल्य र मान्यता प्रतिकूल बनेको मान्नुपर्ने हुन्छ । तर बन्दै नबनेको कानूनलाई अव अमुक दफा थप गरी यस्तो कानूनी व्यवस्था थप गर्नु वा राख्नु भनी विद्यायिकी क्षेत्राधिकारमा हस्तक्षेप गर्न मिलेन।

२०. निवेदकहरूले दफा ३ को उपदफा (२) मा आयोगको आयुक्तमा समानुपातिक सिद्धान्तबमोजिम आयोगमा समानुपातिक महिला पदाधिकारीको व्यवस्था हुनुपर्दछ भन्ने जिकिर पनि उठाएको देखिन्छ। उक्त दफा ३(२) मा कम्तीमा एक जना महिला रहने गरी अध्यक्षसहित पाँच जना सदस्यहरू रहनेछन भन्ने व्यवस्था भएको देखिन्छ । नेपालको अन्तरिम संविधानले राज्यको हरेक निकायमा समानुपातिक प्रतिनिधित्व हुने कुरालाई सिद्धान्तको रूपमा स्वीकार गरिसकेको छ।

२१. वस्तुत: सशस्त्र द्वन्द्वका क्रममा भएका

मानव अधिकारको गम्भीर उल्लङ्घनसम्बन्धी घटना र त्यस्तो घटनामा संलग्न व्यक्तिहरूको बारेमा सत्य तथ्य अन्वेषण तथा छानबिन गरी वास्तविक तथ्य जनसमक्ष ल्याउन, पीडक पीडितबिच मेलमिलाप गराउन, पीडितलाई परिपुरणको व्यवस्थालगायत त्यस्तो घटनासँग सम्बन्धित गम्भीर अपराधमा संलग्न व्यक्तिलाई कानूनी कारवाहीको लागि सिफारिस गर्ने कामसमेतका लागि उच्चस्तरिय बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग र सत्य निरूपण तथा मेलमिलाप आयोग गठन हुने हो। नेपालको अन्तरिम संविधान, २०६३ ले सो संविधान जारी भएको ६ महिनाभित्र त्यस्ता आयोग गठन गरिसक्नु पर्ने व्यवस्था गरेकोमा तत्काल आयोग गठन हुन नसकी करिब सात वर्षपछि आयोग गठन भएको एकातर्फ देखिन्छ भने अर्कोतर्फ आयोगमा महिला पदाधिकारीको संख्या दफा ३ बमोजिम गठित सिफारिस समितिले गरेको सिफारिसबमोजिम हुने देखिन्छ । विपक्षीहरूको लिखित जवाफबाट सिफारिस समितिले पाँच जना पदाधिकारीमध्ये पूरै पदाधिकारी महिला रहने गरी वा एक जनाभन्दा बढी संख्यामा पनि सिफारिस गर्ने सक्ने उल्लेख भएको देखिन्छ। त्यसलाई बिना आधार र कारण इन्कार गर्न मिल्दैन। त्यसमा पनि आयोगमा अध्यक्ष तथा सदस्यहरूको नियुक्ति भई सकेबाट सो विषयवस्तुको औचित्य र सान्दर्भिकता नै समाप्त भई सकेको देखिन्छ । तसर्थ निवेदकहरूले दफा २(ज) पछि २(ज१), दफा ११ को उपदफा (४) पछि प्रतिबन्धात्मक वाक्यांश र दफा ३(२) मा संशोधन गरी पाउन माग गरेको तर्फ निवेदन दाबी पुग्न सक्दैन।

२२. दफा २६ र २९ बदरको माग गरेको तर्फ हेर्दा बेपत्ता पारिएको व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलापसम्बन्धी कानूनको व्यवस्था गर्नु राज्यको संवैधानिक दायित्व हो। यसलाई मूल कानून संविधानले आत्मासात गरिसकेको छ। यस क्रममा मिति २०६९।१२।१ मा "बेपत्ता भएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग अध्यादेश, २०६९ जारी भएको देखिन्छ । सो अध्यादेशमा राखिएका कानूनी व्यवस्थामध्ये दफा १३, २३, २५ र २९ समेतका प्रावधानहरू उपर आपत्ति जनाई संवैधानिक परीक्षणको लागि यस अदालतमा निवेदक माधवकुमार बस्नेतसमेतले ०६९-WS-००५७ र रामकुमार भण्डारीसमेतले ०६९-WS-००५८ को दायर गरेको रिट निवेदन (ने.का.प. २०७०, पौष, निर्णय नं. ९०५१, पृष्ठ ११०१) मा सो अध्यादेशको दफा १३, २३, २५ र २९ बदर गरी विपक्षी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेतको नाममा निम्न लिखित आदेश भएको देखिन्छ।

(क) अध्यादेशको दफा २३ को क्षमादान माफीसम्बन्धी व्यवस्थाले अध्यादेशको दफा २(ञ) मा समावेश भएका कसुरहरूमा समेत समग्रमा क्षमादानको सिफारिस नगर्ने प्रत्याभूती दिएको नदेखिएको र माफीको प्रक्रियाको विषय बनाएको एवं माफी प्रक्रियामा पीडितको सहभागिता र सहमतीलाई अनिवार्य नबनाई गौण बनाएको देखिकोले पीडितको न्यायसम्बन्धी मौलिक हकअन्तर्गत जीवन, स्वतन्त्रता, सूचनाको हक, यातना विरूद्धको हकलगायत एवं न्यायको मान्य सिद्धान्तको विपरीत देखिएकोले सो व्यवस्थालाई पुनरावलोकन गरी परिमार्जन र संशोधन गर्नुपर्ने।

(ख) दफा २५ र २९ को व्यवस्थाबाट मानव अधिकारको गम्भीर उल्लङ्घनका आरोपका दोषी देखिएका व्यक्तिउपरको फौजदारी अभियोजन निश्चित सहज र निर्वाध नबनाई कार्यापालिकाको विवेकाधीन एवं अनिश्चितरूपमा राखिएको भई न्यायमा अवरोध पुग्ने प्रकृतिको देखिएकोले सो व्यवस्थालाई संविधान र कानूनसङ्गत बनाउनु पर्ने।

(ग) आयोगले सिफारिस गरेको वा मन्त्रालयको पत्रआनुसार महान्यायाधिवक्ताले मुद्दा चलाउनु पर्ने ठहर गरेपछि मुद्दा चलाउँदा मुद्दा

चलाउने हदम्याद तोकिएको र हदम्याद ३५ दिन तोकिएको कारणबाट हदम्यादभित्र मुद्दा नचलाएमा न्यायमा पर्ने प्रभाव एवं सोसम्बन्धी उत्तर दायित्वसमेत किटान गरेको नदेखिएको साथै त्यस्तो गम्भीर कसुरमा अल्प हदम्याद तोक्दा मानव अधिकार कानूनको उल्लङ्घनको घटनामा दण्डहीनताको अवस्था सिर्जना हुन सक्ने हुनाले समेत उक्त व्यवस्था संविधानको मौलिक हक एवं न्यायसम्बन्धी व्यवस्था र संविधानले अंगिकार गरेको न्यायको मान्य सिद्धान्तको विपरीत देखिएकोले उपरोक्तबमोजिम संविधान र न्यायसङ्गत हुने गरी संशोधित र परिमार्जन गर्नुपर्ने ।

(घ) माथि उल्लिखित व्यवस्थाको अतिरिक्त सत्य निरूपण एवं मेलमिलापको बृहद व्यवस्थापनको लागि गम्भीर मानवअधिकार विरोधी फौजदारी कार्यको अपराधिकरणको लागि कानूनी व्यवस्था गर्न, मेलमिलापको भावना प्रवर्धन गर्न व्यापक अभियान सञ्चालन गर्न, पीडित एवं पीडितको परिवारको लागि यथेष्ठ आर्थिक, कानूनी एवं संस्थागत व्यवस्थासहित परिपुरणको व्यवस्था गर्न, सत्य निरूपण एवं मेलमिलाप आयोगको स्वायत्तता एवं निश्पक्षताको सुनिश्चितताको लागि द्वन्द्वकालमा सशस्त्र विद्रोहको पक्षमा वा सो विद्रोहको दमन वा प्रशासनमा संलग्न भई कुनै रूपमा द्वन्द्वका पक्षरत वा सम्बन्धित भएका व्यक्तिहरू बाहेकका तथा मानव अधिकार उल्लङ्घनको नकारात्मक अभिलेख नभएका व्यक्तिहरू सम्मिलित हुने गरी अन्तर्राष्ट्रियरूपमा स्वीकृत मापदण्डसमेतको आधारमा त्यस्तो आयोगको गठन गर्ने, पीडितहरूले आफ्नो सत्य भन्न सक्ने र प्रभावकारी ढंगले प्रतिरक्षा गर्न सक्ने प्रयोजनको लागि पीडित एवं साक्षी संरक्षणसम्बन्धी कार्यक्रम बनाई लागु गर्न र उनीहरूको व्यक्तिगत परिचयात्मक विवरणको संरक्षण गर्ने, आवश्यकता अनुसार बन्द इजलासबाट सुनुवाई हुने वा श्रव्यदृष्यको माध्यमबाट दूर सुनुवाइलगायतको उपयुक्त व्यवस्थापन गर्ने गरी कानूनको परिमार्जन गर्ने र कार्यान्वयन चरणमा व्यवहारिक उपायहरू अपनाउने ।

(ङ) आयोगले माफीलगायतको विषयमा अपनाउनु पर्ने मापदण्डको लागि कानूनमा नै आधारभूत कुराको किटान वा पीडितको हित प्रतिनिधित्व गर्ने संस्था, मानव अधिकार कानून विशेषज्ञ एवं सरोकारवाला पक्षहरू सम्मिलित भएको विषय विशेषज्ञको टोलीको सहयोग लिई उक्त अध्यादेश परिमार्जित गर्नु ।

२३. उक्त आदेश भएपश्चात बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१, मिति २०७१।१।२८ गते देखि लागू हुने गरी जारी भएको भन्ने कुरा नेपाल सरकारबाट प्रकाशित राजपत्र, खण्ड ६४, वैशाख २८ गते, २०७१ साल (अतिरिक्तङ्क २) बाट देखिन्छ । सो ऐनमा उल्लिखत निर्देशनात्मक आदेशबमोजिम मानव अधिकार र मानवीय कानून उल्लङ्घनका घटनाको सम्बोधन गर्न नसकेको हुँदा सोमा समावेश गरिएका व्यवस्था मध्ये १३, २२, २३, २४, २५, २६ र २९ लगायतका समस्याग्रस्त प्रावधानहरूलाई असंवैधानिक घोषणा गरी निष्प्रभावी गराई पाउन निवेदक सुमन अधिकारीसमेतले यस अदालतमा निवेदन दिएको देखिन्छ । उक्त निवेदनमा यस अदालतको विशेष इजलासबाट मिति २०७१।११।१४ गते विवादको निरूपण गर्ने क्रममा ऐनको दफा १३ को उपदफा (२) र (४) को व्यवस्था संविधान र अन्य अन्तर्राष्ट्रिय मानवीय कानूनका सिद्धान्तसमेत प्रतिकूल नभई अनुकूल नै रहेको हुँदा बदर घोषित गर्न नपर्नेसमेत व्यहोरा उल्लेख भई दफा २६(२) मा

प्रयुक्त...आयोगको छानबिनबाट क्षमादान दिन पर्याप्त आधार र कारण नदेखिएका...भन्ने शब्दावली र दफा २९ को उपदफा (१) मा प्रयुक्त... नेपाल सरकारसमक्ष सिफारिस भएमा मन्त्रालयले त्यस्तो पीडकउपर मुद्दा चलाउन... भन्ने व्यवस्थाहरू नेपालको अन्तरिम संविधानको धारा १२, १३, २४ र १३५ समेतको विपरीत हुँदा आजैका मितिदेखि बदर घोषित हुने ठहर्छ । अब सो ऐनमा नपरेका वा परेर पनि अस्पष्ट भएका तथा संविधान, अन्तर्राष्ट्रिय मानव अधिकार कानून र मानवीय कानूनसमेतसँग असङ्गत भएको कारणले कार्यान्वयन गर्न नमिल्ने व्यवस्थाहरू राजेन्द्र ढकाल, लिलाधर भण्डारी र माधवकुमार बस्नेतसमेत निवेदक भएका मुद्दाहरूमा यस अघि र प्रस्तुत रिट निवेदनमा जारी गरिएका आदेश, निर्देशन र व्याख्याहरू प्रतिकूल नहुने गरी कार्य गर्नु गराउनु भनी सम्बन्धित आयोग तथा नेपाल सरकार समेतका नाममा नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०७(२) बमोजिम यो आदेश जारी गरिदिएको भन्ने व्यहोरा उल्लेख भएको देखिन्छ ।

२४. उक्त आदेशमा लिलाधर भण्डारी, राजेन्द्र ढकाल र माधवकुमार बस्नेतले दायर गरेको रिट निवेदनमा भएको आदेशसमेतको उल्लेख भएको देखिँदा उक्त रिट निवेदनहरूमा भएको आदेशलाई पनि हेरिनु पर्ने हुँदा राजेन्द्र ढकाल र माधवकुमार बस्नेत निवेदक भएको निवेदनमा भएको आदेशको व्यहोरा माथिको प्रकरणमा उल्लेख भइसकेको हुँदा थप उल्लेख गर्नु आवश्यक भएन । त्यसमा सोहीबमोजिम हुने हुन्छ । लिलाधर भण्डारी रिट निवेदक भएको निवेदनमा यस अदालतको संयुक्त इजलासबाट संक्रमणकालीन न्यायको सम्बन्ध (ने.का.प. २०६५, पौष, निर्णय नं. ८०१२, पृष्ठ १०८६) मा व्याख्या र विवेचना गर्दै देहायबमोजिमको आदेश जारी भएको पाइन्छ ।

(१) संक्रमणकालीन न्यायमा द्वन्द्वकालका घटनाहरूको समग्रतामा मूल्याङ्कन गरी अपराध अनुसन्धान र अभियोजन, सत्य अन्वेषण (Truth seeking), क्षतिपूर्ति (Reparation), संस्थागत सुधार (Institutional reforms), परीक्षण (Vetting) लगायतका विविध पक्षहरूमा चरणवद्ध विचार गर्नुपर्ने ।

(२) द्वन्द्वकालमा भएका मानवीय कानून मानव अधिकार उल्लङ्घनका गम्भीर कसुरहरू रोक्ने, ती कसुरहरू दोहोरिन नदिने, पीडितमा सुरक्षा र आत्मसम्मानको भाव उदबोधन गराउने...राष्ट्रिय मेलमिलापको वातावरण बनाउने र कानूनी राज्यको पुनर्स्थापना गर्ने, अन्ततः शान्ति बहालीको मार्गमा योगदान पुर्‍याउने नै संक्रमणकालीन न्यायका मुख्य अभिष्टहरू हुने ।

(३) द्वन्द्वको अवस्था जे भएपनि व्यक्तिको जीउ, ज्यान र सम्पत्तिको हक अनुल्लघङ्नीय रहन्छन् । द्वन्द्वको कारणले मात्रै कसैको वैयक्तिक वा साम्पत्तिक हकमा हस्तक्षेप वा उल्लङ्घन गरेको कार्यले वैधता प्राप्त गर्न नसक्ने हुँदा कानून प्रदत्त हक हननको हरेक कार्य गैरकानूनी नै मानिने ।

(४) संविधानअन्तर्गत स्थापित हकहरूको प्रयोग वा प्रचलनमा शान्ति सम्झौताले पनि प्रतिवद्धता जाहेर गरेको हुँदा हक प्रचलन गराउने प्रयोजनको लागि आनुषांगिकरूपमा अदालतले शान्ति सम्झौतामा अभिव्यक्त मूल्य वा मान्यताको सम्बन्धमा प्रासंगिकरूपमा राज्यको ध्यानाकर्षण गराउन मिल्ने ।

(५) संविधानले सम्पत्तिलाई मौलिक हकको रूपमा सम्मानजनक र प्रभावकारी स्थान दिएको हुनाले कानूनबमोजिम अधिग्रहण गरेको अवस्थामा बाहेक सम्पत्तिको गैरकानूनी कब्जालाई वैध ठहराउने कुनै पनि राजनैतिक वा अन्य चेष्टा मान्य हुन नसक्ने ।

(६) संविधानको आधारभूत सिद्धान्तको रूपमा स्वीकृत सम्पत्तिको हक सहितको मौलिक

हक, कानूनी राज्य र उत्तरदायी सरकारका सिद्धान्तहरू विपरीत सम्पत्तिको वास्तविक धनीलाई सम्पत्तिको उपभोग गर्न वा हक हस्तान्तरण गर्न नदिनु भनेको मौलिक हकमा नै प्रहार गर्नु हो। संविधान विपरीतको यस्तो व्यवहार कायम रहन दिने हो भने कुनै संविधान बनाउनु वा त्यसमा कानूनी राज्य, स्वतन्त्र न्यायपालिका, मौलिक अधिकार आदिको व्यवस्था गर्नुको कुनै अर्थ नरहने।

(७) ठूलो संख्यामा वा सामुदायिकरूपमा व्यक्तिगत सम्पत्तिको स्वतन्त्रताको हकको उल्लङ्घन भइरहन्छ भने राज्यले हस्तक्षेपकारी भूमिका निर्वाह गरी कानूनको कार्यान्वयन गरी स्थितिलाई सामान्य बनाउनु अनिवार्य कर्तव्य हुने।

(८) द्वन्द्वकालमा...मौलिक एवं मानव अधिकार उल्लङ्घनका घटना र संक्रमणकालीन न्यायका समस्याहरू बारे खास संयन्त्र एवं कार्यक्रम मार्फत सम्बोधन गर्नुपर्ने आवश्यकतातर्फ नेपाल सरकारको ध्यानाकर्षण हुनुपर्ने देखियो।

(९) सो प्रयोजनको लागि...कानून कार्यान्वयन निकायको प्रतिनिधि एवं राजनैतिक व्यक्तिहरू समेत समावेश भएको बढीमा पाँच सदस्यीय जिल्ला स्तरीय सम्पत्ति फिर्तासम्बन्धी समिति गठन गरी सो समितिमार्फत माथि उल्लेखित प्रक्रिया पूरा गरी कब्जा भएको सम्पत्ति फिर्ता गर्नु गराउनु... सम्पत्तिमा भएको हानि नोक्सानी वा ह्रास तथा कब्जा भएको सम्पत्तिबाट आय हुनेमा सो आयमा भएको हालसम्मको नोक्सानीको मूल्याङ्कन गरी सो नोक्सानीको क्षतिपूर्तिसमेत यो आदेश प्राप्त भएको मितिले ३ महिनाभित्र निवेदकको मागबमोजिम सम्पत्तिको वास्तविक धनी व्यक्तिहरूलाई फिर्ता दिनु, दिलाउनु र सम्पत्ति कब्जा भएको कारण क्षतिबाट पीडित हुन पुगेकालाई राहत पुर्‍याउन क्षतिपूर्तिको लागि एउटा कोष खडा गर्नु भनी विपक्षी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेतको नाउँमा नेपालको अन्तरिम संविधानको धारा १०७(२) बमोजिम परमादेशको आदेश जारी गरिदिएको छ।

२५. साबिकमा बहाल रहेको बेपत्ता भएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोगको सम्बन्धमा व्यवस्था गर्न बनेको अध्यादेश, २०६९ का सन्दर्भमा बेपत्ता पारिएका व्यक्तिको छानबिन गर्ने सम्बन्धमा र सत्य निरूपण तथा मेलमिलाप आयोग गठन गर्नेसम्बन्धी व्यवस्था एउटै अध्यादेशमार्फत गरिएको तथा अध्यादेशका प्रावधानहरूमध्ये मेलमिलाप, क्षमादान, कारवाहीको सिफारिस र मुद्दा चलाउनेसम्बन्धी व्यवस्थाहरू विवादित बनेका देखिन्छन्।

२६. हाल लागू गरिएको ऐनमा पनि दुवै आयोगको गठनसम्बन्धी व्यवस्था एउटै कानूनमा समेटिएको कुरामा भिन्नता देखिँदैन। त्यस्तै मेलमिलाप, क्षमादान, कारवाहीको सिफारिस र मुद्दा चलाउनेसम्बन्धी व्यवस्थाहरूको अन्तर्वस्तु वा सारमा समानता नै रहेको पाइन्छ।

२७. यस अदालतबाट जारी गरिएका उल्लिखित आदेशलाई पालना नगरी कुनै प्रयत्न नै नगरी यस अदालतबाट कुनै आदेश नै नभए जस्तो सम्झी प्रत्यर्थी नेपाल सरकारले बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१ को एकिकृत विधेयक पेस गरी संविधानसभाको हैसियतमा रहेको व्यवस्थापिका संसदबाट पारीत भई मिति २०७१।१।२८ देखि प्रारम्भ भएको देखियो।

२८. साथै बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१ को सम्बन्धमा यस अदालतले यसअघि यस्तै प्रकृतिको अध्यादेशको सम्बन्धमा मूलरूपमा

औंल्याइएका अदालत र आयोगबिचको अन्तरसम्बन्ध, मेलमिलापको दायरा, क्षमादान, परिपुरण (पीडितलाई उपलब्ध गराइने क्षतिपुर्ति, सुविधा वा सहुलियत) र माफी तथा मुद्दा चलाउनेसम्बन्धी साविक अध्यादेशमा भएका व्यवस्थाहरूमा तात्त्विक भिन्नता नआउने प्राय उहीरूपमा स्थापित गरेको देखियो।

२९. निवेदकहरूले यस ऐनअन्तर्गतको कसुरमा मुद्दा दायर गर्ने ३५ दिनको हदम्यादको व्यवस्था गरेको कारण द्वन्द्वकालका पीडितहरू न्याय र परिपुरणबाट वञ्चित भएका भन्ने जिकिर लिएको देखिन्छ । हाल जारी भएको ऐनमा हदम्यादको सम्बन्धमा स्पष्ट व्यवस्था भएको देखिँदैन । बेपत्ता भएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग अध्यादेश, २०६९ को दफा २९ को उपदफा (४) मा ३५ दिनको हदम्यादको व्यवस्था भएको देखिन्छ । सो व्यवस्थाउपर माधवकुमार बस्नेत (ने.का.प. २०७०, पौष, निर्णय नं ९०५१, पृष्ठ ११०१) रिट निवेदक भएको रिट निवेदनमा यस अदालतबाट गम्भीर अपराधमा सीमित हदम्याद नहुने भनी आदेश गरिसकिएको छ।

३०. अतः बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१ मा नपरेका वा परेर पनि अस्पष्ट भएका तथा संविधान, अन्तर्राष्ट्रिय मानव अधिकार कानून र मानवीय कानूनसमेतसँग असङ्गत भएको कारणले कार्यान्वयन गर्न नमिल्ने व्यवस्थाहरूका सम्बन्धमा राजेन्द्र ढकाल, लिलाधर भण्डारी, सुमन अधिकारी र माधवकुमार बस्नेतसमेत निवेदक भएका मुद्दाहरूमा यसअघि जारी गरिएका तथा प्रस्तुत रिट निवेदनमा भएको आदेश, दिइएका निर्देशन र व्याख्याहरू प्रतिकूल नहुने गरी कार्य गर्नु गराउनु भनी विपक्षीहरूको नाममा नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०७ (२) बमोजिम ध्यानाकर्षणसहितको निर्देशनात्मक आदेश जारी गरिदिएको छ। विपक्षीहरूको जानकारीको लागि प्रस्तुत आदेशको प्रतिलिपि महान्यायाधिवक्ताको कार्यालयमार्फत पठाई प्रस्तुत रिट निवेदनहरूको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाइ दिनू।

उक्त रायमा हामी सहमत छौं।
न्या. ओमप्रकाश मिश्र
न्या. देवेन्द्र गोपाल श्रेष्ठ

इजलास अधिकृतः भीमबहादुर निरौला
इति संवत् २०७२ साल वैशाख ३ गते रोज ५ शुभम्।

## निर्णय नं.९५५२

सर्वोच्च अदालत, पूर्ण इजलास
माननीय न्यायाधीश श्री गिरीश चन्द्र लाल
माननीय न्यायाधीश श्री सुशीला कार्की
माननीय न्यायाधीश श्री बैद्यनाथ उपाध्याय
फैसला मिति : २०७१।११।१४।५
२०६६-CF-००१०

मुद्दाः चोरी

पुनरावेदक / वादी : विष्णुकुमार घिमिरेको जाहेरीले नेपाल सरकार

विरूद्ध

प्रत्यर्थी / प्रतिवादी : रामेछाप जिल्ला, कुवुकास्थली गा.वि.स.वडा नं.५ घर भई क्षे.प्र.ई.का. काठमाडौंमा सवारी शाखामा कार्यरत प्रहरी सहायक निरीक्षक गणेशबहादुर कार्कीसमेत

- मुलुकी ऐन, चोरीको महलको ७ नं. मा भएको कानूनी व्यवस्थाको अध्ययन गरी हेर्दा उक्त व्यवस्था चोरी भएको सम्बन्धमा उजुर वा नालिस गर्ने हदम्यादसम्बन्धी नभई चोरी भएको कुराको सूचना वा जानकारीसम्म प्रहरी कार्यालयलाई दिनुपर्ने व्यक्तिको कर्तव्य सम्बन्धमा व्यवस्था भएको भन्ने देखिन आउँछ । उक्त व्यवस्थाले त्यस अवधिपछि उजुर गर्न नपाउने भनी अर्थ गरी व्याख्या गर्न नमिल्ने ।

(प्रकरण नं.७)

- चोरीको महलको २९ नं.मा भएको कानूनी व्यवस्था अध्ययन गर्दा जुनसुकै प्रकारका चोरीको सम्बन्धमा उजुर गर्ने हदम्याद सम्बन्धमा सोही नं. मा उल्लेख भएको व्यवस्था आकर्षित हुन्छ । उल्लिखित २९ नं को व्यवस्थाले चोरीमा प्रमाण पुग्ने दशी रहेको अवस्थामा जहिलेसुकै नालिस लाग्ने र अरू अवस्थामा चोरी भएको एक वर्षभित्र उजुर गर्नुपर्ने भन्ने प्रस्टरूपमा चोरीको उजुर वा नालिस गर्ने हदम्यादको उल्लेख भएकाले चोरीसम्बन्धी उजुर गर्ने हदम्यादसम्बन्धमा चोरीको महलको ७ नं. आकर्षित हुने भन्ने विद्वान् कानून व्यवसायीहरूको जिकिरसँग सहमत हुन नसकिने ।
- जाहेरवालाले मोटरसाइकल चोरी भएको दिन मिति २०६०।३।१ मा नै वडा प्रहरी कार्यालय कालिमाटी, काठमाडौंमा खोजतलास गरिपाउँ भनी दिएको निवेदन सो कार्यालयले च.नं.२९३ मिति २०६०।४।२६ को पत्रसाथ जिल्ला प्रहरी कार्यालय, काठमाडौंमा पठाएको मिसिल संलग्न उक्त निवेदन र पत्रबाट देखिन्छ । तत्पश्चात् जाहेरवालाको चोरी भएको मोटरसाइकल बरामद भएपछि मिति २०६०।४।२१ मा जाहेरवालाले चोरीको प्रमाण पुग्ने दशी देखाई जाहेरी दरखास्त दिएको देखिएकोले प्रस्तुत मुद्दाको जाहेरी दरखास्त हदम्याद नघाई दर्ता भएको भन्ने देखिन नआउने ।

(प्रकरण नं.८)

- बरामद भएको मोटरसाइकलको तत्कालीन किनबेचको मूल्य रू.५५,०००।– भएको भन्ने मिति २०६०।५।१० को मुचुल्काबाट देखिएकोमा रू.३०,०००।– मा खरिद गरी प्रतिवादीले मोटरसाइकलको तत्कालीन मूल्यको ४५ प्रतिशतभन्दा कम मूल्यमा खरिद गरेको देखिँदा प्रमाण ऐन, २०३१ को दफा ७क को उक्त व्यवस्थाबमोजिम प्रतिवादीले चोरीको सामान भएको भन्ने जानीजानी खरिद गरेको देखिन आउने ।

(प्रकरण नं.११)

- चोरीको महलको २३ नं. को कानूनी व्यवस्थाअनुसार कुनै वस्तु खरिद गर्दा १५ प्रतिशतसम्म नाफा राखिएको अवस्थामा लिखत नगरी लिएको भए पनि र १५ प्रतिशतभन्दा बढी नाफा राखिएको अवस्थामा पनि लिखत गरी लिएमा चोरीको वस्तु भन्ने नजानी लिएको अवस्थामा चोरीको कसुर गरेको बात नलाग्ने भन्ने उल्लेख छ । प्रस्तुत मुद्दामा चोरी भएको मोटरसाइकलको मूल्य रू.५५,०००।– कायम भएकोमा यी प्रतिवादीले १५ प्रतिशतभन्दा बढी नाफा गरी रू.३०,०००।– मा खरिद गरेको तर मोटरसाइकल खरिद बिक्री गरेको कानूनबमोजिम कुनै लिखत नभएको अवस्थामा सो माल चोरीको हो भन्ने जानीजानी खरिद गरेको मान्नु पर्ने ।

(प्रकरण नं.१३)

- वस्तुतः विधायिकाले चोरीको महलको १

**र १२ नं. को परिपूरकको रूपमा नै सोही महलको २३ र २४ नं. को व्यवस्था गरेको देखिन आउँछ । संकलित सबुद प्रमाणको आधारमा कुनै अभियुक्त चोरी गर्ने कार्यमा प्रत्यक्ष संलग्न नभई चोरी गरेको वस्तु हो भन्ने जानी बुझी खरिद गर्ने कार्यमा मात्र संलग्न रहेको देखिएको अवस्थामा अभियोजन पक्षले चोरीको महलको १ र १२ नं. बमोजिम दाबी लिएको तर २३ र २४ नं. को दाबी नलिएको भन्ने आधारमा प्रतिवादीलाई कसुरबाट सफाइ दिने हो भने विधायिकाले चोरीको महलमा व्यवस्थित गरेको उक्त कानूनी व्यवस्थाको सार्थक अर्थ भयो भन्न नमिल्ने ।**

(प्रकरण नं.१४)

- **सबै प्रतिवादीहरूउपर चोरीको १ र १२ नं. कै मागदाबी लिइएको, तर सङ्कलित सबुद प्रमाणबाट प्रतिवादी गणेशबहादुर कार्कीले चोरी गर्ने कार्यमा प्रत्यक्ष संलग्न नभई चोरी गरेको माल जानीजानी खरिद गर्ने कार्यमा संलग्न भएको देखिएको अवस्थामा चोरीको माल भन्ने जानीजानी खरिद गरेतर्फ अभियोग दाबी नै नभएको भन्ने आधारमा प्रतिवादीले उन्मुक्ति पाउने भन्न मिल्दैन । उल्लिखित अवस्थामा चोरीको २३ नं. र २४ नं. आकर्षित हुने भई सोही कानूनी व्यवस्थाबमोजिम सजाय गर्न मिल्ने ।**

(प्रकरण नं.१५)

- **प्रतिवादीले चोरीको मोटरसाइकलको कायम भएको मूल्यभन्दा करिबकरिब आधा मूल्यमा खरिद तथा प्रयोग गर्ने कार्य गरी चोरीको माल हो भन्ने जानीजानी खरिद गरेको देखिएकोले चोरीको महलको १ र १२ नं. बमोजिमको अभियोग दाबी भए पनि चोरीको महलको २३ र २४ नं. बमोजिम सजाय गर्न मिल्ने हुँदा निजले चोरीको महलको २३ नं. को कसुर गरेको ठहराई निजको हकमा पुनरावेदन अदालतको फैसला केही उल्टी गरी चोरीको महलको २४ नं. अनुसार बिगोबमोजिम रू.५५,०००।– जरिवाना हुने ठहराई माननीय न्यायाधीश श्री भरतराज उप्रेतीबाट व्यक्त भएको राय कानून एवं न्यायको रोहमा मनासिब देखिन आउने ।**

(प्रकरण नं.१६)

पुनरावेदक / वादीका तर्फबाट : विद्वान् उपन्यायाधिवक्ता सूर्यराज दाहाल

प्रत्यर्थी / प्रतिवादीका तर्फबाट : विद्वान् वरिष्ठ अधिवक्ता शम्भु थापा, लवकुमार मैनाली र विद्वान् अधिवक्ता नेत्र आचार्य

अवलम्बित नजिर :

सम्बद्ध कानून :

सुरू फैसला गर्नेः

मा. जि. न्यायाधीश श्री भरतप्रसाद अधिकारी

पुनरावेदन तहमा फैसला गर्नेः

मा. न्यायाधीश श्री ज्ञानेन्द्रबहादुर कार्की

मा. न्यायाधीश श्री अलि अकवर मिकरानी

यस अदालतको संयुक्त इजलासमा फैसला गर्नेः

मा. न्यायाधीश श्री रामप्रसाद श्रेष्ठ

मा. न्यायाधीश श्री भरतराज उप्रेती

फैसला

**न्या.गिरीश चन्द्र लाल :** यस अदालतको संयुक्त इजलासमा माननीय न्यायाधीशहरूबिच रायमा एकरूपता कायम हुन नसकी सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ३(१)क बमोजिम पूर्ण इजलासको दायरीमा दर्ता भई निर्णयार्थ यस इजलाससमक्ष पेस हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यसप्रकार छ :

टेकबहादुर भण्डारीले लिएको बा.९ प.६२६ नं. को मोटरसाइकल मैले खरिद गरी प्रयोग गर्दै आएकोमा मिति २०६०।३।१ गते घर कम्पाउन्डभित्र राखेको अवस्था चोरी भएकोमा नम्बर परिवर्तन गरी भे.२ प.३०६० नं. राखी उपत्यका प्रहरी कार्यालय, काठमाडौंका प्र.स.नि. गणेशबहादुर कार्कीले चढ्ने गरेको भन्ने थाहा भएकोले कारवाही गरी फिर्ता पाउँ भन्ने विष्णुकुमार घिमिरेको जाहेरी।

उपत्यका प्रहरी कार्यालय कम्पाउन्ड नजिक पार्किङ गरी राखेको भे.२ प.३०६० नं. को मोटरसाइकल बरामद भई उक्त मोटरसाइकल गणेशबहादुर कार्की, टेकराज अधिकारी र राजु भण्डारीले चलाउने गरेकोले पक्राउ गरी दाखेल गरेको प्रतिवेदन।

प्रतिवादी राजु भण्डारीसमेतका साथीहरूसँग भनेअनुसार भे.२ प.३०६० नं. को मोटरसाइकल ल्याई दिएकाले रू.३००००।– मा उक्त मोटरसाइकल किनेको हुँ। ब्लुबुकपछि ल्याई दिन्छु भनेको थियो। सो मोटरसाइकल मैले चढ्ने गरेको थिएँ। चोरीको हो भन्ने जानीजानी लिएको होइन भन्ने प्रतिवादी गणेशबहादुर कार्कीले अनुसन्धानको क्रममा गरेको बयान।

प्रतिवादी गणेशबहादुर कार्कीले मलाई सेकेन्ड हेन्ड मोटरसाइकल खोज भनेका थिए। केही दिनपछि प्रतिवादी टेकराज अधिकारीले म कार्यरत जि.प्र.का. भक्तपुर फोन गरी कोही सेकेन्ड हेन्ड मोटरसाइकल किन्ने मान्छे छन् भने खोजी देउ भन्दा रू.३००००।– मा कुराकानी भई सो मोटरसाइकल टेकराज अधिकारीले दिएका र मैले सो मोटरसाइकल गणेशबहादुर कार्कीलाई निजको कार्यालयमा लगी दिई रू.३०,०००।– रकम टेकराज अधिकारीलाई दिएको हुँ भन्ने व्यहोराको प्रतिवादी राजु भण्डारीको अनुसन्धानको क्रममा भएको बयान।

प्रतिवादी गणेशबहादुर कार्कीले चढ्ने गरेको मोटरसाइकल राजु भण्डारीमार्फत् निज गणेशबहादुर कार्कीलाई बिक्री गरेको होइन। मैले चोरी गरेको पनि होइन। भैरहवा हुँदा भारतबाट चोरी भई आएको मोटरसाइकल रवि प्रधानसँग किनी बा.११ प.७६५५ नं. राखेको मोटरसाइकल भक्तपुर जिल्ला, सुडाल गा.वि.स.वडा नं.२ बस्ने रामकुमार बुढाथोकीलाई रू.३६,०००।– मा बिक्री गरेको हुँ भन्ने टेकराज अधिकारीको बयान कागज।

मेरो डेरामा पार्किङ गरेको बा. ९ प.६२६ नं. को मोटरसाइकल चोरी भएकोले खोजतलास गरी पाउँ भन्ने विष्णुकुमार घिमिरेले वडा प्रहरी कार्यालय, कालिमाटीमा गरेको निवेदन।

घरको पूर्वतर्फ गाँसिएको टहरोमा विष्णु घिमिरेले मोटरसाइकल राख्ने गरेको भन्ने घटनास्थल मुचुल्का।

बा.९ .प.६२६ नं. को मोटरसाइकल एसियन सेभिङ्ग क्रेडिट लिमिटेड कम्पनीबाट निकालेको र सो मोटरसाइकल जाहेरवाला विष्णुकुमार घिमिरेलाई बिक्री गरेको थिएँ। मिति २०६०।३।१ मा डेरामा राखेको अवस्थामा मोटरसाइकल चोरी भएको हो भन्ने थाहा पाएको हुँ भन्ने टेकबहादुर भण्डारीको अनुसन्धानको क्रममा भएको बयान।

बा. ९ प.६२६ नं. को मोटरसाइकल गणेशबहादुर कार्कीले नम्बर परिवर्तन गरी चढ्ने गरेको अवस्थामा बरामद भई सो मोटरसाइकल प्रतिवादी टेकराज अधिकारी र राजु भण्डारीले चोरी गरी निज गणेशबहादुर कार्कीलाई बिक्री गरेको हो भन्ने बुझिएका कृष्णकान्त शर्मा र शिवराम कार्कीको कागज।

जाहेरवाला विष्णुकुमार घिमिरेको मूल्य रू.५५,०००।– पर्ने बा. ९ प.६२६ नं. को यामाहा वाई.वि.एक्स. मोटरसाइकल जाहेरवालाको हक मेटाई बेमानी गरी लिन खानका लागी लिएबाट प्रतिवादी गणेशबहादुर कार्की, राजु भण्डारी र टेकराज अधिकारीलाई मुलुकी ऐन चोरीको महलको १ र १२ नं. बमोजिम सजाय गरिपाउँ भन्ने अभियोगपत्र।

मोटरसाइकल के कसरी कहाँबाट चोरी भयो मलाई थाहा छैन। मलाई एउटा मोटरसाइकल पक्रेको छ, सो मोटरसाइकलबारे तेरा नाउँमा पोल परेको छ भनी मलाई पक्राउ गरिएको हो। मेरो कुनै कसुर नहुँदा

सफाइ पाउँ भन्ने टेकराज अधिकारीले अदालतमा गरेको बयान।

मैले सो मोटरसाइकल चोरेको होइन । प्रहरी जवान राजु भण्डारीले भे.२ प.३०६० नं. को मोटरसाइकल म कार्यरत सवारी शाखामा ल्याई दिएका हुन् । मैले सेकेन्ड हेन्ड मोटरसाइकल खोजी दिन भनेको थिएँ। त्यसैले रू.३०,०००।– मा ल्याइदिएका हुन् । यसको कागज खै भन्दा टेकराज अधिकारीले मोटरसाइकल दिएको हो, कागजात बाहिरबाट पछि आउँछ भनेको हुन् । डि.आई.जि. केशव बराल, जाहेरवाला र म भई मोटरसाइकल बरामद मुचुल्का भएको हो। मैले प्रहरीमा गरेको बयान ठिक छ, चोरीको मोटरसाइकल भन्ने मलाई जानकारी नहुँदा अभियोग मागदाबीबाट सफाइ पाउँ भन्ने गणेशबहादुर कार्कीले अदालतमा गरेको बयान।

जाहेरवालाको बा. २ प.३०६० नं. को मोटरसाइकल साबिक बा. ९ प. ६२६ नं. को थियो। मैले चोरी गरेको होइन, मैले कसैलाई बेचबिखन पनि गरेको होइन, यो नम्बर बदल्ने कसले गऱ्यो थाहा छैन। जि.प्र.का. भक्तपुरमा रहेको अवस्थामा डि.आई. जि. ले बोलाएको छ भनी त्यहाँ आउँदा मोटरसाइकल चोरीको अभियोगमा फसाइयो । बरामद मुचुल्कामा के लेखेको छ, थाहा छैन । प्रतिवादी गणेशबहादुर कार्कीले किन त्यस्तो बयान दिए, थाहा छैन । मैले रू.३०,०००।– मा बिक्री गरेको होइन अभियोग दाबीबाट सफाइ पाउँ भन्ने प्रतिवादी राजु भण्डारीले अदालतमा गरेको बयान।

बरामद भई अभियोगपत्र साथ दाखिल भएको भे.२ प.३०६० नं. को मोटरसाइकल मेरो बा. ९ प. ६२६ नं. को हो। सो २०६०।३।१ गते मेरो कलंकीस्थित घर कम्पाउन्डबाट हराएकोमा मिति २०६०।४।१६ गते क्षे.प्र.का. रानीपोखरी परिसरभित्र भेटिएको हो। सो मोटरसाइकल टेकबहादुर भण्डारीबाट किनेको हुँ भन्ने जाहेरवाला विष्णुकुमार घिमिरेले गरेको सनाखत बयान।

प्रतिवादी टेकराजलाई मैले चिनेको ५/६ वर्ष भयो। चोरी गर्ने मानिस होइनन् । राम्रो आचारणका व्यक्ति हुन् भन्ने साक्षी बलराम बलामीको बकपत्र।

प्रतिवादी राजु भण्डारी सरकारी काममा ड्युटी गरी हिँडेको मानिस हुँदा चोरी गरेकोमा विश्वास लाग्दैन। तसर्थ सजाय हुनुपर्ने होइन भन्ने दिनेशचन्द्र बस्नेतको बकपत्र।

मेरो वाई.वि.एक्स मोटरसाइकल बा. ९ प. ६२६ नं. लाई भे.२ प.३०६० नं. मा परिवर्तन गरेको अवस्थामा क्षे.प्र.का. परिसरभित्र फेला परेको हो । भिडाउँदा मेरो मोटरसाइकल ठहर भयो । सो मोटरसाइकल कसले चोरेको हो, थाहा छैन । उक्त मोटरसाइकल चढ्दै गरेका गणेशबहादुर कार्कीलाई सोधपुछ गर्दा प्रहरी जवान राजु भण्डारीबाट रू.३०,०००।– मा लिएको हो भनेका र राजु भण्डारीले बयान गर्दा टेकराज अधिकारीबाट लगेको भनेको सुनेको हुँ भन्ने जाहेरवाला विष्णुकुमार घिमिरेको बकपत्र।

गणेशबहादुर कार्कीले मोटरसाइकल राजु भण्डारीबाट रू.३०,०००।– मा खरिद गरेको हो, चोरीको हो भनी जानीजानी खरिद गरेको होइन। चोरीको भन्ने थाहा भए किन्ने थिएनन् भन्ने गणेशबहादुर कार्कीका साक्षी प्रकाश कार्कीको बकपत्र।

फौजदारी अपराधमा शङ्का र पोलकै भरमा, सो पोललाई अरू प्रमाणले समर्थन नगरेको स्थितिमा कसुरदार साबित गर्नु न्यायोचित नहुने हुँदा प्रमाणको अभावमा प्रतिवादीमध्येका टेकराज अधिकारी र राजु भण्डारीले प्रस्तुत चोरी मुद्दाको आरोपित कसुरमा सफाइ पाउने ठहर्छ। अब प्रतिवादीमध्येका गणेशबहादुर कार्कीको हकमा विचार गर्दा निजले सो मोटरसाइकल चढी प्रयोग गर्दै आएको र उपत्यका प्रहरी कार्यालयमा पार्किङ गरी राखेको अवस्थामा बरामद भएकोले चोरी मुद्दामा अन्य प्रमाणबाट समर्थित नभएको अवस्थामा मूलरूपमा बरामदीलाई नै चोरीको प्रमाण मान्नु पर्ने भएकोले ब्लुबुकसमेत नभएको भेरी अञ्चलको नम्बर राखिएको मोटरसाइकल प्रहरी सेवाकै प्र.स.नि. दर्जामा कार्यरत निजलाई कुनै कुरा थाहा

थिएन भनी सहअभियुक्तबाट खरिद गरेको भनी पोल गरेकै भरमा निजलाई निर्दोष मान्न नमिल्ने भएकोले सो मोटरसाइकल प्रतिवादी गणेशबहादुर कार्कीले चोरीको १ नं. विपरीत चोरी गरेको ठहर्छ। सो ठहर्नाले चोरीको १२ नं. अनुसार निजलाई एक महिना कैद र बिगोबमोजिम रू.५५,०००।- जरिवाना हुने ठहर्छ भन्ने काठमाडौं जिल्ला अदालतको मिति २०६०।१०।२६ को फैसला।

मिसिल संलग्न कुनै पनि प्रमाणबाट मउपरको कसुर स्थापित हुन नसकिरहेको अवस्थामा मलाई दोषी ठहर गरिएको फैसलामा प्रमाण ऐन, २०३१ को दफा ३ र ५४ समेतको त्रुटि विद्यमान रही बदरभागी हुँदा काठमाडौं जिल्ला अदालतको त्रुटिपूर्ण फैसला बदर गरी झुट्ठा अभियोगबाट फुर्सद दिलाई पाउँ भन्नेसमेतको गणेशबहादुर कार्कीको पुनरावेदन अदालत, पाटनमा परेको पुनरावेदन पत्र।

मिसिल संलग्न रहेको किटानी जाहेरी, बरामदी मुचुल्का, प्रतिवादीहरूको तथ्यहीन इन्कारी बयान, प्रतिवादी गणेशबहादुरको आफूसमेत कसुरमा साबित रही अन्य प्रतिवादीहरूलाई पोल गर्दै गरेको बयानसमेतका सबुद प्रमाणहरूबाट सफाइ पाउने प्रतिवादीहरूले समेत आरोपित कसुर गरेको प्रस्ट देखिन आएकोले विरूद्ध खण्डमा उल्लिखित प्रतिवादीहरूले आरोपित कसुरबाट सफाइ पाउने गरी भएको सुरू जिल्ला अदालतको फैसला बदर गरी प्रतिवादीहरू राजु भण्डारी, टेकराज अधिकारीलाई सुरू अभियोग दाबीबमोजिम सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको तर्फबाट पुनरावेदन अदालत, पाटनमा परेको पुनरावेदन जिकिर।

प्रतिवादीमध्येका गणेशबहादुर कार्कीले आफू कसुरमा साबित भई अन्य प्रतिवादीहरूलाई पोल गरेको र अन्य प्रतिवादी राजु भण्डारी तथा टेकराज अधिकारीले पनि मोटरसाइकल एकअर्कामार्फत लिएको दिएको भन्ने स्वीकार गरेको अवस्थामा सुरू काठमाडौं जिल्ला अदालतको इन्साफमा फरक पर्ने देखिँदा प्रत्यर्थी टेकराज अधिकारी तथा राजु भण्डारीलाई अ.बं.२०२ नं. बमोजिम झिकाई प्रतिवादी गणेशबहादुर कार्कीको पनि छुट्टै पुनरावेदन परेको देखिएकोले पुनरावेदन सरकारी वकिल कार्यालय, पाटनलाई पनि पेसीको सूचना दिई नियमबमोजिम पेस गर्नु भन्ने पुनरावेदन अदालतबाट भएको मिति २०६१।५।४ को आदेश।

प्रतिवादीहरू मोटरसाइकल चोरी गरेकोमा अधिकारप्राप्त अधिकारी र अदालतसमेतमा इन्कार रही बयान गरेका, जाहेरवालाले अदालतमा आई बकपत्र गर्दा मेरो चोरी भएको मोटरसाइकल क्षेत्रीय प्रहरी कार्यालयको परिसरमा फेला परेको हो तर सो मोटरसाइकल कसले चोरेको हो यकिन थाहा छैन भनी बकपत्र गरेको पाइन्छ। मिसिल संलग्न प्रमाणबाट प्रतिवादीहरूमध्ये कसले मोटरसाइकल चोरी गरेको हो खुल्न सकेको देखिँदैन। प्रतिवादीले नै मोटरसाइकल चोरी गरेको हो भनी यकिन साथ पुष्टि हुन सकेको पनि पाइँदैन। प्रतिवादी गणेशबहादुरले राजु भण्डारीबाट खरिद गरेको हुँ भनी बयान गरेको, राजु भण्डारीले टेकराजबाट खरिद गरेको हुँ भनी बयान गरेका पाइन्छ भने टेकराजले राजु भण्डारीलाई मोटरसाइकल बिक्री गरेको छैन भनी बयान गरेको देखिन्छ। प्रतिवादीहरूले जानीजानी चोरीको मोटरसाइकल खरिद गरेको प्रमाणबाट पुष्टि हुनसकेको देखिन आएन। तसर्थ प्रतिवादी गणेशबहादुरलाई मोटरसाइकल चोरी गरेको ठहराई सुरू काठमाडौं जिल्ला अदालतले मिति २०६०।१०।२६ मा गरेको फैसला सो हदसम्म मिलेको नदेखिँदा केही उल्टी भई प्रतिवादी गणेशबहादुरले सफाइ पाउने ठहर्छ। प्रतिवादी राजु भण्डारी र टेकराज अधिकारीलाई अभियोग दाबीबाट सफाइ भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ भन्ने पुनरावेदन अदालत, पाटनको मिति २०६२।७।१३ को फैसला।

कसुरमा इन्कार रहे पनि सो कुरालाई अन्य स्वतन्त्र प्रमाणले पुष्टि हुन सकेको छैन। प्रतिवादीहरूको इन्कारीलाई बरामदी मुचुल्का, प्रतिवादी शेरबहादुर कार्कीको अदालतको बयान, किटानी जाहेरी एवं चोरीको वारदातसमेतका प्रमाणहरूले खण्डन गरेको

देखिँदा प्रतिवादीहरू बारदातमा संलग्न रहेकोमा विवाद देखिएको छैन। चोरीको वस्तु (मोटरसाइकल) को प्रकृतिबाट नै तिनै जनाले प्रयोग गर्ने अवस्था छैन। चोरी हुन सामान तिनै जनाले प्रयोग गर्नुपर्छ भन्ने पनि होइन । प्रतिवादी राजु भण्डारीले टेकराजबाट मोटरसाइकल लिई गणेशबहादुर कार्कीलाई दिएको कुरा मौकाको बयानबाट देखिन्छ । गणेशबहादुर कार्की, राजु भण्डारी र टेकराज अधिकारी भई पछि परिवर्तन गरेको भे.२ प.३०६० नं. को मोटरसाइकल ल्याएको तथ्य बरामदी मुचुल्काबाट समेत खुल्दछ । जाहेरी दरखास्त, बरामदी मुचुल्का र प्रतिवादीहरूको अधिकारप्राप्त अधिकारीसमक्षको बकपत्रसमेतका आधार प्रमाणबाट कसुर प्रमाणित भइरहेको छ । प्रतिवादी गणेशबहादुर कार्कीले मोटरसाइकल प्रयोग गरी आएका छन्, यी प्रतिवादी प्रहरी सेवामा प्र.स.नि. दर्जामा रहेकोले व्यवसाय र कारोवारको हिसाबको प्रकृतिले समेत मोटरसाइकल निजकहाँ रहनु पर्ने होइन, आफूकहाँ यो मोटरसाइकल रहनुको वस्तुनिष्ठ आधार पनि दिन सकेका छैनन्। प्रमाण ऐन, २०३१ को दफा ७ बमोजिम चोरेको वा चोरीको माल जानीजानी खरिद गरेको भनी अनुमान गर्नुपर्ने भन्ने कानूनी व्यवस्थाको उपेक्षा गरी भएको पुनरावेदन अदालतको फैसला बदर गरी प्रतिवादीहरूलाई अभियोग दाबीबमोजिम सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको यस अदालतमा परेको पुनरावेदन पत्र।

यसमा बिना कागजात नम्बर परिर्वतन गरी टेकराज अधिकारी, राजु भण्डारी हुँदै प्रतिवादी गणेशबहादुर कार्कीले विवादित मोटरसाइकल प्राप्त गरी प्रयोग गरेको देखिएको अवस्थामा आरोपित कसुरबाट सफाइ दिने ठहराएको पुनरावेदन अदालत, पाटनको फैसला फरक पर्न सक्ने हुँदा छलफलको लागि अ.बं.२०२ नं. बमोजिम प्रत्यर्थीहरू झिकाई नियमानुसार पेस गर्नु भन्ने यस अदालतको २०६३।९।२१ को आदेश।

प्रतिवादी गणेशबहादुर कार्कीलाई कसुरदार कायम गरी अन्य प्रतिवादीहरूलाई सफाइ दिएको सुरूको निर्णय केही उल्टी गरी सबै प्रतिवादीहरूलाई सफाइ दिने ठहर गरेको पुनरावेदन अदालत, पाटनको फैसला मिलेको नदेखिदा केही उल्टी भई प्रतिवादी राजु भण्डारीले मात्र विष्णुकुमार घिमिरेको बा. ९ प.६२६ नं. (नम्बर परिवर्तन भे.२ प.३०६० नं.) को मोटरसाइकल चोरी गरेको देखिँदा निजले चोरीको १, १२ नं. बमोजिम चोरीको कसुर गरेको ठहर्छ । सो ठहर्नाले चोरीको १२ नं. अनुसार निजलाई एक महिना कैद र रू.५५,०००।– जरिवाना हुने ठहर्छ । प्रतिवादी गणेशबहादुर कार्की र टेकराज अधिकारीले कसुर गरेको नदेखिँदा निजहरूको हकमा पुनरावेदन अदालतको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । पुनरावेदक नेपाल सरकारको गणेशबहादुर कार्की र टेकराज अधिकारीको हकमा गरेको पुनरावेदन जिकिर पुग्न सक्दैन। माननीय न्यायाधीश श्री भरतराज उप्रेतीले चोरीको १, १२ नं. को माग दाबीमा ऐ. २३, २४ नं. समेतको आधारमा प्रतिवादी गणेशबहादुर कार्कीलाई कसुर ठहर गरेको रायसँग सहमत हुन नसकेको हुँदा प्रस्तुत मुद्दाको संयुक्त इजलासको दायरी कट्टा गरी सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ३(१)क बमोजिम पूर्ण इजलासको दायरीमा दर्ता गरी निर्णयार्थ पूर्ण इजलासमा पेस गर्नु भन्ने माननीय न्यायाधीश श्री रामप्रसाद श्रेष्ठको राय।

प्रतिवादीमध्ये राजु भण्डारीलाई सफाइ दिएको सुरूको फैसला सदर गरेको पुनरावदेन अदालतको फैसला उल्टी गरी कसुरदार ठहर गरेको तथा प्रतिवादी टेकराज अधिकारीलाई सुरूले सफाइ दिएको निर्णय सदर गरेको पुनरावदेन अदालतको फैसला सदर गर्ने गरेको माननीय न्यायाधीशको रायसँग सहमत छु । तर प्रतिवादी गणेशबहादुर कार्कीले १५ प्रतिशतभन्दा बढी नाफा हुने गरी मात्र होइन कि करिबकरिब आधा मूल्यमा चोरीको मोटरसाइकल खरिद गर्ने र प्रयोग गर्ने कार्य गरेबाट चोरीको माल हो भन्ने जानीजानी खरिद गर्ने र प्रयोग गर्ने कार्य गरेको देखिन्छ । यस अवस्थामा चोरीको २३ नं. अनुसार कसुर कायम गरी सजाय गर्नु हुँदैन भन्ने अर्थ गर्नु औचित्यपूर्ण हुँदैन ।

तसर्थ प्रतिवादी गणेशबहादुर कार्कीले चोरीको २३ नं. को कसुर गरेको देखिएको अवस्थामा निजलाई सफाइ दिने गरी पुनरावेदन अदालत, पाटनबाट भएको फैसला मनासिब देखिएन । प्रतिवादी गणेशबहादुर कार्कीको हकमा पुनरावेदन अदालत, पाटनको फैसला केही उल्टी भई निजलाई चोरीको २३ नं. को कसुरमा २४ नं. अनुसार बिगोबमोजिम रू.५५,०००।– जरिवाना हुने ठहर्छ । प्रतिवादी गणेशबहादुर कार्कीको हकमा सफाइ दिने ठहर गरेको माननीय न्यायाधीश श्री रामप्रसाद श्रेष्ठको रायसँग सहमत हुन नसकेकोले मेरो छुट्टै राय पेस गरेको छु भन्ने माननीय न्यायाधीश श्री भरतराज उप्रेतीको राय ।

नियमबमोजिम दैनिक पेसी सूचीमा चढी पेस हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक वादी नेपाल सरकारका तर्फबाट उपस्थित विद्वान् उपन्यायाधिवक्ता श्री सूर्यराज दाहालले प्रतिवादी गणेशबहादुर कार्कीको साथबाट चोरी भएको मोटरसाइकलको नम्बर प्लेट परिवर्तन गरिएको अवस्थामा बरामद भएको छ । मोटरसाइकलको ब्लुबुक प्राप्त नगरी खरिद गरेको भनी यी प्रतिवादीले अदालतमा समेत बयान गरेका छन् । चोरीको माल भन्ने जानीजानी खरिद गरेको भन्ने देखिएको अवस्थामा चोरीको महलको २३ नं. बमोजिम कसुर गरेको भनी प्रतिवादी गणेशबहादुर कार्कीलाई सजाय गर्ने ठहराएको माननीय न्यायाधीश श्री भरतराज उप्रेतीको राय कानूनसम्मत भएकोले सदर हुनुपर्छ भन्नेसमेत बहस गर्नुभयो ।

प्रत्यर्थी प्रतिवादी राजु भण्डारीको तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ता श्री लवकुमार मैनाली र विद्वान् अधिवक्ता श्री नेत्र आचार्यले प्रतिवादी राजु भण्डारीको साथबाट चोरी भएको वस्तु बरामद भएको छैन । प्रतिवादी टेकराज अधिकारीको बयानमा पनि यी प्रतिवादी राजु भण्डारीलाई पोल गरेको छैन । यी प्रतिवादी अदालतमा बयान गर्दा गणेश भण्डारीलाई मोटरसाइकल बेचेको भन्ने कुरामा इन्कारी रहेका छन् । केवल सहअभियुक्तले गरेको पोलको आधारमा कसुरदार ठहराउन मिल्दैन । जाहेरवालाले मिति २०६०।३।१ मा मोटरसाइकल चोरी भएको भनी मिति २०६०।४।२१ मा मात्र जाहेरी दरखास्त दिएको अवस्था छ । चोरीको ७ नं. बमोजिम चोरी भएको ७ दिनभित्र जाहेरी दरखास्त दिनुपर्छ । कानूनले निर्धारण गरेको हदम्याद नाघी आएको जाहेरी दरखास्तबाट कारवाही गर्न मिल्दैन । प्रतिवादी राजु भण्डारीलाई सफाइ दिएको सुरू र पुनरावेदन अदालतको फैसला कानूनसम्मत भएकाले सोही फैसला सदर हुनुपर्छ भन्नेसमेत बहस गर्नुभयो ।

प्रतिवादी गणेशबहादुर कार्कीको तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ता श्री शम्भु थापाले प्रतिवादी गणेशबहादुर कार्कीले चोरीको १ र १२ नं. बमोजिमको कसुर गरेको भन्ने अभियोग दाबी भएकोमा अभियोग दाबीभन्दा बाहिर गई चोरीको २३ र २४ नं. बमोजिम प्रतिवादीलाई सजाय गर्न मिल्दैन । प्रतिवादीले मोटरसाइकल चोरी गरेको नभई रू.३०,०००।– मा खरिद गरी लिएको हो । निजले मौकामा बयानमा पनि आफूलाई सकेन्डहेन्ड मोटरसाइकलको आवश्यकता परी राजु भण्डारी र टेकराज अधिकारीलाई मोटरसाइकल खोजी दिन भनी भनेकोले निजहरूले व्यवस्था मिलाई दिएको कारण रू.३०,०००।– मा खरिद गरेको भनी बयान गरेका छन् । पुरानो मोटरसाइकललाई रू.३०,०००।– तिरेर किनेको अवस्था भएकोले यी प्रतिवादीले चोरी गरेको कार्यमा संलग्न भएको वा चोरीको वस्तु हो भन्ने थाहा पाई खरिद गरेको नदेखिएकाले अभियोग दाबीबाट सफाइ दिने ठहराएको माननीय न्यायाधीश श्री रामप्रसाद श्रेष्ठको राय कानूनसम्मत् भएकाले सोही राय सदर हुनुपर्छ भन्नेसमेत बहस गर्नुभयो ।

उक्त बहससमेतलाई सुनी पुनरावेदन अदालत, पाटनबाट भएको फैसला केही उल्टी गरी प्रतिवादी राजु भण्डारीले मात्र जाहेरवालाको मोटरसाइकल चोरी गरेको ठहराई अन्य प्रतिवादीहरूलाई सफाइ दिने ठहराएको माननीय न्यायाधीश श्री रामप्रसाद श्रेष्ठको राय र सुरू फैसला केही उल्टी गरी प्रतिवादी राजु भण्डारी र गणेशबहादुर कार्की दुवै प्रतिवादीहरूलाई

कसुरदार ठहराएको माननीय न्यायाधीश श्री भरतराज उप्रेतीको रायमध्ये कसको राय सदर हुने हो भन्नेसम्बन्धमा निर्णय दिनुपर्ने देखिन आयो।

२. निर्णयतर्फ विचार गर्दा, जाहेरवालाको घरमा राखेको बा.९ प.६२६ नं. को यामाहा वाइ.वि.एक्स. मोटरसाइकल चोरी भएकोमा सो मोटरसाइकल नम्बर परिवर्तन गरी प्रहरी सहायक निरीक्षक गणेशबहादुर कार्कीले प्रयोग गरेको अवस्थामा गणेशबहादुर कार्कीको अफिस उपत्यका प्रहरी कार्यालय, रानीपोखरीमा फेला परेको हुँदा कारवाही गरिपाउँ भनी जाहेरवालाको जाहेरी परेको देखिन्छ। प्रतिवादीहरू गणेशबहादुर कार्की, राजु भण्डारी तथा  टेकराज अधिकारी भई एक आपसमा मिलेमतो गरी जाहेरवालाको मोटरसाइकल चोरी गरी चोरीको १ नं. को कसुर गरेको पुष्टि भएकोले चोरीको १२ नं. अनुसार सजायको माग दाबी लिई अभियोग पत्र दायर भएको देखिन्छ। सुरू जिल्ला अदालतले प्रतिवादीमध्येका गणेशबहादुर कार्कीलाई कसुरदार ठहराई अन्य प्रतिवादीहरूलाई सफाइ दिने ठहराएको फैसला पुनरावेदन अदालत, पाटनबाट उल्टी भई सबै प्रतिवादीहरूलाई सफाइ दिने गरी फैसला भएकोमा सो फैसलाउपर वादी नेपाल सरकारको यस अदालतमा पुनरावेदन परी निर्णयार्थ संयुक्त इजलासमा पेस हुँदा माननीय न्यायाधीशहरूको राय नमिली सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ३(१)क बमोजिम पूर्ण इजलासको दायरीमा दर्ता भई निर्णयार्थ यस इजलाससमक्ष पेस भएको रहेछ।

३. प्रस्तुत मुद्दा यस अदालतको संयुक्त इजलासमा पेस हुँदा प्रतिवादीहरूलाई सफाइ दिने ठहराएको पुनरावेदन अदालत, पाटनको फैसला नमिलेकोले केही उल्टी भई प्रतिवादी राजु भण्डारीले मात्र जाहेरवालाको मोटरसाइकल चोरी गरेको देखिँदा निजले चोरीको १ र १२ नं. बमोजिम कसुर गरेको ठहराई चोरीको १२ नं. बमोजिम निजलाई एक महिना कैद र रू.५५,०००।– जरिवाना हुने र प्रतिवादी गणेशबहादुर कार्की र टेकराज अधिकारीले चोरीको कसुर गरेको नदेखिँदा पुनरावेदन अदालतको फैसला सदर हुने ठहराई माननीय न्यायाधीश श्री रामप्रसाद श्रेष्ठबाट राय व्यक्त भएको पाइन्छ। प्रतिवादीमध्ये राजु भण्डारीलाई कसुरदार ठहर गरी प्रतिवादी टेकराज अधिकारीलाई सफाइ दिने रायसँग सहमत भएको तर प्रतिवादी गणेशबहादुर कार्कीको हकमा सफाइ दिने ठहर गरेको रायसँग असहमत भई निज प्रतिवादी गणेशबहादुर कार्कीलाई चोरीको २३ नं. को कसुरमा २४ नं. अनुसार बिगोबमोजिम रू.५५,०००।– जरिवाना हुने ठहराई माननीय न्यायाधीश श्री भरतराज उप्रेतीबाट राय व्यक्त भई सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ३(१)क बमोजिम प्रस्तुत मुद्दा निर्णयार्थ यस इजलासमा पेस हुन आएको देखियो।

४. प्रस्तुत मुद्दामा संयुक्त इजलासमा प्रतिवादीमध्येको राजु भण्डारीलाई कसुरदार ठहराई चोरीको १२ नं. बमोजिम एक महिना कैद र रू.५५,०००।– जरिवाना गर्ने र अर्का प्रतिवादी टेकराज अधिकारीलाई आरोपित कसुरबाट सफाइ दिने ठहरसम्बन्धमा माननीय न्यायाधीशहरूबिच रायमा मतैक्य भएको देखिन आउँछ। संयुक्त इजलासमा प्रतिवादीमध्येको गणेशबहादुर कार्कीको हकमा मात्र रायमा मतैक्य नभई निजको हकमा निर्णयार्थ प्रस्तुत मुद्दा यस इजलाससमक्ष पेस भएको छ। तथापि प्रतिवादी राजु भण्डारीको तर्फबाट उपस्थित विद्वान् कानून व्यवसायीहरूले निज प्रतिवादी राजु भण्डारीको सम्बन्धमा पनि यस पूर्ण इजलासले विचार गर्नुपर्ने भनी जिकिर लिनुभएको सन्दर्भमा सर्वप्रथम राजु भण्डारीको हकमा विचार गर्दा निजले अनुसन्धानको क्रममा बयान गर्दा आफूले उक्त मोटरसाइकल टेकराज अधिकारीबाट लिई प्रतिवादी गणेशबहादुर कार्कीलाई निजको कार्यालयमा लगेर दिई रू.३०,०००।– आफूले बुझी लिई टेकराज अधिकारीलाई उक्त रकम दिएको भनी बयान गरेको देखिन्छ। अदालतको बयानमा यी प्रतिवादीले आफूले उक्त मोटरसाइकल चोरी गरेको होइन र बेचबिखन पनि गरेको होइन भनी कसुरमा इन्कार रहेको देखिए पनि चोरीको मोटरसाइकल खरिद गर्ने सहअभियुक्त गणेशबहादुर कार्कीले

अनुसन्धानको क्रममा एवं अदालतको बयानमा समेत यिनै प्रतिवादी राजु भण्डारीले भे.२ प.३०६० नं. को मोटरसाइकल आफूलाई ल्याइदिएको र सोबापत रू.३०,०००।– निज राजु भण्डारीलाई दिएको भनी किटानीसाथ बयान गरेको देखिन्छ । प्रतिवादी राजु भण्डारीले अनुसन्धानको क्रममा गरेको बयानबमोजिम जाहेरवालाको चोरी भएको मोटरसाइकल प्रतिवादी गणेशबहादुर कार्कीको अफिसमा राखिएको अवस्थामा बरामदसमेत भएको छ ।

५. उल्लिखित तथ्यहरूको विश्लेषणबाट यी प्रतिवादी राजु भण्डारीले अदालतमा गरेको इन्कारी बयान विश्वासलायक देखिन आएन । प्रतिवादी राजु भण्डारी आफैँले जाहेरवालाको घरबाट मोटरसाइकल चोरी गरी ल्याएको भन्ने कुराको कुनै प्रमाण मिसिलमा नभएकाले निजलाई कसुरदार मान्न नमिल्ने भन्ने निजको तर्फबाट उपस्थित कानून व्यवसायीहरूले जिकिर लिनुभएको भए पनि निज प्रतिवादी राजु भण्डारीले जोहरवालाको मोटरसाइकलको साबिक नम्बर प्लेट परिवर्तन गरिएको अवस्थामा प्रतिवादी गणेशबहादुर कार्कीलाई दिई निजबाट सो मोटरसाइकलबापत रू.३०,०००।– लिएको भन्ने कुरा निजको बयान एवं सहअभियुक्तको पोललगायतको प्रमाणबाट पुष्टि भएको छ । वस्तुतः चोरी भएको मोटरसाइकल रू.३०,०००।– मा प्रतिवादी गणेशबहादुर कार्कीलाई आफूले दिएको भनी यी प्रतिवादीले मौकाको बयानमा व्यक्त गरेको कुरालाई सो बयानबमोजिम प्रतिवादी गणेशबहादुर कार्कीको अफिस कम्पाउन्डमा मोटरसाइकलको साबिकको नम्बर परिवर्तन गरी अर्को नम्बर प्लेट लगाइएको अवस्थामा फेला परी बरामद गरिएको मिसिल संलग्न प्रमाणबाट देखिएकाले यी प्रतिवादी निर्दोष रहेको मान्न मिल्ने भएन । यी प्रतिवादी राजु भण्डारीको जाहेरवालाको मोटरसाइकल चोरी गर्ने एवं चोरी गरेपछि सो मोटरसाइकल बिक्री गर्ने कार्यमा प्रत्यक्ष संलग्नता रहेको भन्ने कुरा प्राप्त भएको उल्लिखित प्रमाणहरूको शृङ्खलाले पुष्टि गरेको छ ।

६. प्रतिवादी राजु भण्डारीको तर्फबाट उपस्थित विद्वान् कानून व्यवसायीहरूले बहसको क्रममा प्रस्तुत मुद्दाको जाहेरी दरखास्तमा चोरीको वारदात मिति २०६०।३।१ मा भएकोमा जाहेरी दरखास्त २०६०।४।२१ मा मात्र दर्ता भएको र चोरीको महलको ७ नं. मा चोरी भएको सात दिनभित्रै जाहेरी दिनुपर्नेमा सो हदम्याद नघाई जाहेरी दर्ता भएकाले प्रतिवादीउपर कारवाही गर्न नमिल्ने भनी जिकिर लिनुभएको देखिन्छ । सोसम्बन्धमा सर्वप्रथम मुलुकी ऐन चोरीको महलको ७ नं. मा भएको व्यवस्थाको उल्लेख हुन सान्दर्भिक हुन्छ । सो व्यवस्था देहायबमोजिम रहेको छः–

> ७ नं. ।। ।। कसैले कुनै प्रकारको चोरी भएको कुरा थाहा पाएमा सो थाहा पाएको सात दिनभित्र नजिकको प्रहरी ठाना चौकीमा गई यो यति यस्तो धनमाल यति मोल बिगोको चोरी भयो भनी चोरिएको माल घटीबढी नपारी दरखास्त दिई त्यसको निस्सा लिनु पर्छ । त्यस्तो दरखास्त पर्न आएमा प्रहरी कार्यालयले त्यसको एक प्रति आफ्नो माथिल्लो कार्यालयमा पठाई आफूले पनि कानूनी कारवाही र खोजतलास गर्नुपर्छ ।

७. उल्लिखित कानूनी व्यवस्थाको अध्ययन गरी हेर्दा उक्त व्यवस्था चोरी भएकोसम्बन्धमा उजुर वा नालिस गर्ने हदम्यादसम्बन्धी नभई चोरी भएको कुराको सूचना वा जानकारीसम्म प्रहरी कार्यालयलाई दिनुपर्ने व्यक्तिको कर्तव्यसम्बन्धमा व्यवस्था भएको भन्ने देखिन आउँछ । उक्त व्यवस्थाले त्यस अवधिपछि उजुर गर्न नपाउने भनी अर्थ गरी व्याख्या गर्न मिल्ने हुँदैन । चोरीको ७ नं. बमोजिम दिइएको सूचना वा जानकारीलाई पनि जाहेरी दरखास्तको रूपमा प्रहरी कार्यालयले दर्ता गरी चोरीको अनुसन्धान तहकिकात गर्न कुनै पनि कानूनले बाधा गरेको अवस्था छैन । सोही सूचना वा जानकारीको आधारमा पनि चोरी मुद्दाको कारवाही प्रक्रिया अघि बढ्न सक्छ तर चोरीको

सम्बन्धमा उजुर वा नालिस गर्ने हदम्यादको बारेमा चोरीको महलको २९ नं. मा प्रस्टरूपमा व्यवस्था भएको पाइन्छ । उक्त व्यवस्था देहायबमोजिम रहेको छः–

> २९ नं. ॥ ॥ कुनै प्रकारको चोरी भएमा प्रमाण पुग्ने दशी देखाई नालिस गरे जहिलेसुकै पनि लाग्छ । अरू अवस्थामा सो भए गरेका एक वर्षभित्र उजुर नदिए लाग्न सक्दैन ।

८. उक्त चोरीको महलको २९ नं.मा भएको कानूनी व्यवस्था अध्ययन गर्दा जुनसुकै प्रकारका चोरीको सम्बन्धमा उजुर गर्ने हदम्यादसम्बन्धमा सोही नं. मा उल्लेख भएको व्यवस्था आकर्षित हुन्छ। उल्लिखित २९ नं को व्यवस्थाले चोरीमा प्रमाण पुग्ने दशी रहेको अवस्थामा जहिलेसुकै नालिस लाग्ने र अरू अवस्थामा चोरी भएको एक वर्षभित्र उजुर गर्नुपर्ने भन्ने प्रस्टरूपमा चोरीको उजुर वा नालिस गर्ने हदम्यादको उल्लेख भएकाले चोरीसम्बन्धी उजुर गर्ने हदम्यादसम्बन्धमा चोरीको महलको ७ नं. आकर्षित हुने भन्ने विद्वान् कानून व्यवसायीहरूको जिकिरसँग सहमत हुन सकिएन । प्रस्तुत मुद्दाको सन्दर्भमा हेर्दा पनि जाहेरवालाले मोटरसाइकल चोरी भएको दिन मिति २०६०।३।१ मा नै वडा प्रहरी कार्यालय कालिमाटी, काठमाडौंमा मोटरसाइकल चोरी भएकोसम्बन्धमा खोजतलास गरिपाउँ भनी निवेदन दिएको र उक्त निवेदनलाई वडा प्रहरी कार्यालय, कालिमाटीले च.नं.२९३ मिति २०६०।४।२६ को पत्रसाथ जिल्ला प्रहरी कार्यालय, काठमाडौंमा पठाएको मिसिल संलग्न उक्त निवेदन र पत्रबाट देखिन्छ । तत्पश्चात् जाहेरवालाको चोरी भएको मोटरसाइकल बरामद भएपछि मिति २०६०।४।२१ मा जाहेरवालाले चोरीको प्रमाण पुग्ने दशी देखाई जाहेरी दरखास्त दिएको देखिएकोले प्रस्तुत मुद्दाको जाहेरी दरखास्त हदम्याद नघाई दर्ता भएको भन्ने देखिन आएन ।

९. उल्लिखित सबुद एवं प्रमाणहरूको आधारमा प्रतिवादी राजु भण्डारीले जाहेरवालाको मोटरसाइकल चोरी गरी अर्का प्रतिवादी गणेशबहादुर कार्कीलाई बिक्री गरेको भन्ने कुरा पुष्टि भएको देखिएकोले निज प्रतिवादी राजु भण्डारीले चोरीको महलको १ र १२ नं. बमोजिम चोरीको कसुर गरेको ठहराई एक महिना कैद र रू.५५,०००।– जरिवाना गर्ने ठहराएको संयुक्त इजलासको राय मनासिब देखिन आयो ।

१०. अब प्रतिवादी गणेशबहादुर कार्कीको हकमा विचार गर्दा निजले अनुसन्धानको क्रममा एवं अदालतको बयानमा समेत आफूलाई सेकेन्डहेन्ड मोटरसाइकलको आवश्यकता परी राजु भण्डारीलाई खोज्न भनेको र निज राजु भण्डारीले मोटरसाइकल ल्याइदिएकाले रू.३०,०००।– मा खरिद गरेको भन्ने कुरामा साबित भएको देखिन्छ। यी प्रतिवादी गणेशबहादुर कार्कीलाई मोटरसाइकल ल्याइदिने सहअभियुक्त राजु भण्डारीले अनुसन्धानको क्रममा बयान गर्दा आफूले बरामद भएको मोटरसाइकल प्रतिवादी गणेशबहादुर कार्कीलाई दिई सोबापत रू.३०,०००।– लिएको भनी स्वीकार गरेको पाइन्छ । जाहेरवालाको चोरी भएको मोटरसाइकलको वास्तविक नम्बर बा.९ प.६२६ लाई भे. २ प.३०६० मा परिवर्तन गरिएको अवस्थामा यी प्रतिवादी गणेशबहादुर कार्की कार्यरत् उपत्यका प्रहरी कार्यालयबाट बरामद भएको भन्ने कुरामा विवाद छैन । सो चोरी भएको मोटरसाइकल गणेशबहादुर कार्कीले नै प्रयोग गरेको भन्ने कुरामा पनि विवाद छैन । त्यसका अतिरिक्त उक्त मोटरसाइकलको ब्लुबुक लगायतका कुनै पनि कागजातहरू प्रतिवादीको साथमा रहेको देखिँदैन । यी प्रतिवादीले चोरीको भन्ने थाहा नपाई उक्त मोटरसाइकल खरिद गरेको भन्ने जिकिर लिएको भए पनि मोटरसाइकलको ब्लुबुकलगायतका आवश्यक कागजात हेरी खरिद गरेको हुनुपर्नेमा सो केही नभई मोटरसाइकलको वास्तविक नम्बर प्लेटसमेत परिवर्तन गरी यी प्रतिवादीले प्रयोग गरेको देखिन आउँछ ।

११. प्रमाण ऐन, २०३१ को दफा ७(क) मा "कुनै व्यक्तिको साथमा चोरीको सम्पत्ति छ भने सो

व्यक्तिले सम्पत्ति चोरेको वा चोरीको भन्ने जानीजानी खरिद गरेको हो भनी अदालतले अनुमान गर्न सक्नेछ" भन्ने व्यवस्था रहेको पाइन्छ । जाहेरवालाको चोरी भएको मोटरसाइकल यिनै प्रतिवादीको साथबाट बरामद भएको अवस्थामा प्रमाण ऐन, २०३१ को दफा ७(क) को व्यवस्थाबमोजिम आफूले चोरीको वस्तु हो भन्ने जानीजानी खरिद गरेको होइन भन्ने कुराको प्रमाण यिनै प्रतिवादीले पुर्याउनु पर्दछ । तर यी प्रतिवादी गणेशबहादुर कार्कीबाट त्यस्तो कुनै प्रमाण पेस हुन सकेको अवस्था छैन । बरामद भएको मोटरसाइकलको तत्कालीन किनबेचको मूल्य रू.५५,०००।– भएको भन्ने मिति २०६०।५।१० को मुचुल्काबाट देखिएकोमा रू.३०,०००।– मा खरिद गरेको यी प्रतिवादीले मोटरसाइकलको तत्कालीन मूल्यको ४५ प्रतिशतभन्दा कम मूल्यमा खरिद गरेको देखिँदा प्रमाण ऐन, २०३१ को दफा ७क को उक्त व्यवस्थाबमोजिम प्रतिवादीले चोरीको सामान भएको भन्ने जानीजानी खरिद गरेको देखिन आउँछ ।

१२. प्रतिवादी गणेशबहादुर कार्कीको तर्फबाट उपस्थित विद्वान् कानून व्यवसायीले प्रस्तुत मुद्दामा अभियोजन पक्षले मुलुकी ऐन चोरीको महलको १ र १२ नं. बमोजिमको मागदाबी भएकोमा वादी दाबीभन्दा बाहिर गई सोही महलको २३, २४ नं. बमोजिम सजाय गर्न नमिल्ने हुँदा यी प्रतिवादीले सफाइ पाउनुपर्छ भनी जिकिर लिनुभएको सन्दर्भमा चोरीको महलको २३ नं. को व्यवस्था उल्लेख हुन सान्दर्भिक हुन्छ । सो नं. मा देहायको व्यवस्था रहेको छः

> २३ नं. ॥ ॥ माल किन्दा सो मालको मोलमा सयकडा पन्ध्रसम्म वा बन्धकमा सयकडा बिससम्म नाफा हुने गरी कागज नगरी वा सोभन्दा बढ्ता परे पनि कागज गरी लिएकोमा चोरीको भन्ने नजानी लिए बात लाग्दैन । लेखिएदेखि बढ्ता नाफा हुने गरी लिएकोमा कागज नगरी लिएको रहेछ वा चोरीको हो भनी जानी बुझी लिएको रहेछ भने यसै महलको २४ नं. बमोजिम गर्नुपर्छ । यस्ता मालको मोल कायम गर्दा सो लिएको अवस्थामा सो मालको पर्ने मोलबाट बिगो कायम गर्नुपर्छ ।

१३. चोरीको महलको २३ नं. को उल्लिखित व्यवस्थाअनुसार कुनै वस्तु खरिद गर्दा १५ प्रतिशतसम्म नाफा राखिएको अवस्थामा लिखत नगरी लिएको भए पनि र १५ प्रतिशतभन्दा बढी नाफा राखिएको अवस्थामा पनि लिखत गरी लिएमा चोरीको वस्तु भन्ने नजानी लिएको अवस्थामा चोरीको कसुर गरेको बात नलाग्ने भन्ने उल्लेख छ । प्रस्तुत मुद्दामा चोरी भएको मोटरसाइकलको मूल्य रू.५५,०००।– कायम भएकोमा यी प्रतिवादीले १५ प्रतिशतभन्दा बढी नाफा गरी रू.३०,०००।– मा खरिद गरेको तर मोटरसाइकल खरिद बिक्री गरेको कानूनबमोजिम कुनै लिखत नभएको अवस्थामा सो माल चोरीको हो भन्ने जानीजानी खरिद गरेको मान्नु पर्ने देखिन आयो ।

१४. वस्तुतः विधायिकाले चोरीको महलको १ र १२ नं. को परिपूरकको रूपमा नै सोही महलको २३ र २४ नं. को व्यवस्था गरेको देखिन आउँछ । सङ्कलित सबुद प्रमाणको आधारमा कुनै अभियुक्त चोरी गर्ने कार्यमा प्रत्यक्ष संलग्न नभई चोरी गरेको वस्तु हो भन्ने जानीबुझी खरिद गर्ने कार्यमा मात्र संलग्न रहेको देखिएको अवस्थामा अभियोजन पक्षले चोरीको महलको १ र १२ नं. बमोजिम दाबी लिएको तर २३ र २४ नं. को दाबी नलिएको भन्ने आधारमा प्रतिवादीलाई कसुरबाट सफाइ दिने हो भने विधायिकाले चोरीको महलमा व्यवस्थित गरेको उक्त कानूनी व्यवस्थाको सार्थक अर्थ भयो भन्न मिल्दैन ।

१५. प्रस्तुत मुद्दामा सबै प्रतिवादीहरूउपर चोरीको १ र १२ नं. कै माग दाबी लिइएको अवस्था छ । तर सङ्कलित सबुद प्रमाणबाट यी प्रतिवादी गणेशबहादुर कार्कीले चोरी गर्ने कार्यमा प्रत्यक्ष संलग्न नभई चोरी गरेको माल जानीजानी खरिद गर्ने कार्यमा संलग्न भएको देखिएको अवस्थामा चोरीको माल भन्ने

जानीजानी खरिद गरेतर्फ अभियोग दाबी नै नभएको भन्ने आधारमा प्रतिवादीले उन्मुक्ति पाउने भन्न मिल्दैन। उल्लिखित अवस्थामा चोरीको २३ नं. र २४ नं. आकर्षित हुने भई सोही कानूनी व्यवस्थाबमोजिम सजाय गर्न मिल्ने नै हुन्छ । त्यसका अतिरिक्त यी प्रतिवादीलाई वादी पक्षको अभियोग मागदाबीभन्दा घटी सजाय हुने गरी जरिवानाको मात्र सजाय हुने ठहरेकोले मोटरसाइकल चोरी गर्ने कार्यमा प्रत्यक्ष संलग्न नभए पनि चोरीको वस्तु भन्ने जानी बुझी खरिद गरेको सबुद प्रमाणबाट पुष्टि भई निजलाई चोरीको महलको २३ र २४ नं. बमोजिम सजाय गरिएको अवस्थामा अभियोग माग दाबीभन्दा बाहिर गई सजाय गरेकोसमेत भन्न मिलेन।

१६. उल्लिखित अवस्थामा प्रतिवादीमध्ये राजु भण्डारीलाई कसुरदार ठहराएको तथा प्रतिवादी टेकराज अधिकारीलाई सफाइ दिएको हदसम्म सहयोगी माननीय न्यायाधीश श्री रामप्रसाद श्रेष्ठको रायसँग सहमत भई प्रतिवादी गणेशबहादुर कार्कीको हकमा सफाइ दिएको रायसँग सहमत हुन नसकी निज प्रतिवादीले चोरीको मोटरसाइकलको कायम भएको मूल्यभन्दा करिबकरिब आधा मूल्यमा खरिद तथा प्रयोग गर्ने कार्य गरी चोरीको माल हो भन्ने जानीजानी खरिद गरेको देखिएकोले निजउपर चोरीको महलको १ र १२ नं. बमोजिमको अभियोग दाबी भए पनि चोरीको महलको २३ र २४ नं. बमोजिम सजाय गर्न मिल्ने हुँदा निजले चोरीको महलको २३ नं. को कसुर गरेको ठहराई निजको हकमा पुनरावेदन अदालतको फैसला केही उल्टी गरी चोरीको महलको २४ नं. अनुसार बिगोबमोजिम रू.५५,०००।– जरिवाना हुने ठहराई माननीय न्यायाधीश श्री भरतराज उप्रेतीबाट व्यक्त भएको राय कानून एवं न्यायको रोहमा मनासिब देखिन आउँछ।

१७. तसर्थ माथि उल्लिखित आधार तथा कारणहरूबाट प्रस्तुत मोटरसाइकल चोरीको कुरामा उजुर गर्ने हदम्यादसम्बन्धमा चोरीको महलको २९ नं. आकर्षित हुने भई प्रस्तुत मुद्दाको जाहेरी दरखास्त हदम्यादभित्र नपरेको भन्न मिल्ने नहुँदा एवं प्रतिवादी राजु भण्डारीले जाहेरवालाको मोटरसाइकल चोरी गरी प्रतिवादी गणेशबहादुर कार्कीलाई बिक्री गरेको पुष्टि भएको हुँदा राजु भण्डारीलाई सफाइ दिएको पुनरावेदन अदालत, पाटनको फैसला केही उल्टी भई निजलाई चोरीको महलको १ नं.को कसुरमा १२ नं. बमोजिम एक महिना कैद र रू.५५,०००।– जरिवाना हुने, प्रतिवादी गणेशबहादुर कार्कीले चोरी भएको मोटरसाइकल जानी बुझी रू.३०,०००।– मा खरिद गरेको भन्ने कुरा सबुद प्रमाणबाट पुष्टि भएकाले निजलाई चोरीको महलको १ र १२ नं. बमोजिमको अभियोग दाबी भए पनि चोरीको महलको २३ नं. को कसुरमा ऐ. २४ नं. बमोजिम सजाय गर्न मिल्ने हुँदा निजलाई बिगोबमोजिम रू.५५,०००।– जरिवाना हुने तथा प्रतिवादी टेकराज अधिकारीको जाहेरवालाको मोटरसाइकल चोरी गर्ने कार्यमा संलग्नता रहेको पुष्टि भएको नदेखिँदा निजले सफाइ पाउने कुरा नै कानूनसम्मत् एवं न्यायोचित देखिन आउँछ । तसर्थ सोबमोजिम यस अदालतको संयुक्त इजलासमा माननीय न्यायाधीश श्री भरतराज उप्रेतीले व्यक्त गर्नुभएको राय मनासिब हुँदा सोही राय सदर हुने ठहर्छ। अरूमा तपसिलबमोजिम गर्नु।

तपसिल

माथि इन्साफ खण्डमा उल्लेख भएअनुसार प्रतिवादी राजु भण्डारीको हकमा पुनरावेदन अदालत, पाटनको फैसला उल्टी भई निजलाई चोरीको महलको १२ नं. बमोजिम १ (एक) महिना कैद र रू.५५,०००।– (पचपन्न हजार) जरिवाना हुने ठहरेकाले निज प्रतिवादी राजु भण्डारी अनुसन्धानको सिलसिलामा २६ (छब्बिस) दिन थुनामा रहेको देखिँदा बाँकी ४ (चार) दिन कैदको लगत राखी कैद र जरिवाना असुलउपर गर्नु भनी सुरू अदालतमा लगत दिनू -----------------१

प्रतिवादी गणेशबहादुर कार्कीको हकमा माथि इन्साफ खण्डमा उल्लेख भएबमोजिम निजलाई चोरीको महलको २४ नं. बमोजिम रू.५५,०००।– (पचपन्न

हजार) जरिवाना हुने ठहरेकाले उक्त जरिवानाको लगत राखी असुलउपर गर्नु भनी सुरू जिल्ला अदालतमा लगत दिनू ---------------------------------------------२
दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार बुझाइदिनू ---------------------------------------------३

उक्त रायमा हामी सहमत छौं।
न्या. सुशीला कार्की
न्या. बैद्यनाथ उपाध्याय

इजलास अधिकृतः विश्वनाथ भट्टराई
इति संवत् २०७१ साल फागुन १४ गते रोज ५ शुभम्।

## निर्णय नं.९५५३

सर्वोच्च अदालत, विशेष इजलास
माननीय न्यायाधीश श्री सुशीला कार्की
माननीय न्यायाधीश श्री गोविन्दकुमार उपाध्याय
माननीय न्यायाधीश श्री जगदीश शर्मा पौडेल
आदेश मिति : २०७२।६।७।५
०७०-WS-००२२

मुद्दा : उत्प्रेषण / प्रतिषेध

निवेदक : चितवन जिल्ला, शिवनगर गाउँ विकास समिति वडा नं. ८ भिमसेननगर घर भई ललितपुर जिल्ला, ललितपुर उपमहानगरपालिका वडा नं. २१ बस्ने राष्ट्रिय मानव अधिकार सरोकार केन्द्र, नेपालको अध्यक्ष अधिवक्ता विश्वप्रकाश भण्डारीसमेत

विरूद्ध

विपक्षी : नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौंसमेत

- **ज्यानसम्बन्धी मुद्दामा अदालतको अन्तिम फैसलाबाट सर्वश्वसहित जन्मकैद वा जन्मकैदको सजाय पाएको व्यक्ति संविधानसभा सदस्यको निर्वाचनमा उम्मेदवार हुन पाउने देखिँदैन । अदालतबाट भएको फैसला सबैले मान्नु र पालन गर्नु पर्ने हुँदा शसस्त्र द्वन्द्वको पक्ष रहेको भन्ने आधारमा मात्र अदालतबाट भएको फैसलाबमोजिमको दायित्व वहन गर्न नपर्ने भन्न नमिल्ने।**
- **शसस्त्र द्वन्द्वको पक्ष रहेका व्यक्तिहरूलाई मात्र अदालतको फैसलाले सर्वश्वसहित जन्मकैद वा जन्मकैदको सजाय भएको थियो, सो बाहेकका अन्य व्यक्तिहरूलाई त्यस्तो सजाय भएको थिएन भनी निवेदकले भन्न सकेको छैन र त्यस्तो अवस्था रहेको पनि देखिँदैन। सो कानूनी व्यवस्था शसस्त्र द्वन्द्वको पक्ष रहेका र नरहेका सबैलाई समानरूपमा लागू हुने कानूनी व्यवस्था भएको र कुनै खास वर्ग वा समुदायप्रति मात्र लक्षित रहेको पनि नदेखिँदा उक्त व्यवस्था समानताको हकविपरीत रहेको भन्ने निवेदन जिकिरसँग सहमत हुन नसकिने।**

(प्रकरण नं.५)

निवेदकका तर्फबाट :
विपक्षीका तर्फबाट : विद्वान् सहन्यायाधिवक्ता संजीवराज रेग्मी
अवलम्बित नजिर :
सम्बद्ध कानून :

आदेश

**न्या.सुशीला कार्की :** नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३२, १०७(१)(२) बमोजिम यस अदालतको असाधारण क्षेत्रअन्तर्गत दायर हुन आएको प्रस्तुत रिट निवेदनको सङ्क्षिप्त तथ्य एवं निर्णय यसप्रकार रहेको छ :

हामी निवेदकहरू नेपालको नागरिक एवं राष्ट्रिय मानव अधिकार सरोकार केन्द्र नेपालका पदाधिकारी, सदस्य तथा सचेत कानून व्यवसायीसमेत भएकाले राष्ट्रिय महत्त्व र सरोकारको विषयप्रति चासो राख्ने तथा राज्य र सरकारले मुलुकको प्रचलित संविधान, कानूनी शासन, मानव अधिकार र स्वतन्त्र न्यायपालिकाप्रति प्रतिबद्ध रहनुपर्छ भन्ने मान्यतालाई आत्मासात् गर्दै आएका छौँ। सम्मानित अदालतको २०६८।८।८ को फैसलाबमोजिम अन्तिम पटक थपिएको म्यादभित्र तत्कालीन संविधानसभा नयाँ संविधान निर्माण गर्न असमर्थ भएकोले मिति २०६८।२।१४ गते सो संविधानसभा विघटन भई डा.बाबुराम भट्टराईको नेतृत्वमा रहेको सरकारले दोस्रो संविधानसभा निर्वाचनको घोषणा गरेको थियो। त्यसमा राजनीतिक सहमति कायम हुन नसेकाले मुलुकको विशिष्ट परिस्थितिबाट उत्पन्न समस्यालाई समाधान गर्न संविधानसभाको दोस्रो निर्वाचन गर्ने प्रयोजनका लागि सम्माननीय प्रधानन्यायाधीश खिलराज रेग्मीको नेतृत्वमा चुनावी मन्त्रिपरिषद्को गठन भएकोमा सो चुनावी मन्त्रिपरिषद्ले संविधानसभाको निर्वाचन सम्पन्न गर्नको लागि २०७० सालको अध्यादेश नं. ४ मा संविधानसभाको निर्वाचनसम्बन्धमा व्यवस्था गर्न नेपालको अन्तरिम संविधान, २०६३ को धारा ८८ को उपधारा (१) बमोजिम सम्माननीय राष्ट्रपतिसमक्ष सिफारिस गरेकोमा सो अध्यादेश सम्माननीय राष्ट्रपतिबाट मिति २०७०।२।३१ मा जारी भएको थियो।

उक्त अध्यादेशको दफा १८ मा संविधानसभा सदस्य उम्मेदवारको योग्यता र दफा १९ मा अयोग्यतासम्बन्धी व्यवस्था रहेकोमा दफा १९ मा खण्ड (ग) र (ङ) का दुईवटा प्रावधानहरू थप गरिएको रहेछ । सो थप गरिएका प्रावधानहरूमध्ये दफा १९(ङ) नेपालको अन्तरिम संविधान, २०६३ को प्रस्तावना, धारा १३(१)(२)(३), धारा ३३(ध) तथा धारा ६५(क)(ख)(ग)(घ) समेतसँग बाझिएको हुँदा उक्त संविधानसभा सदस्यको निर्वाचनको सम्बन्धमा व्यवस्था गर्न बनेको अध्यादेश, २०७० को दफा १९(ङ) बदर गरी निष्क्रियसमेत गरी पाउन प्रस्तुत रिट निवेदनसाथ उपस्थित भएका छौं।

अध्यादेशको सो दफा १९(ङ) के कति कारणले थप गर्नु परेको भन्ने स्पष्ट छैन भने सो व्यवस्था कानून निर्माणसम्बन्धी विधिशास्त्रीय मान्यताविपरीत रहेको छ। मुलुक शान्ति प्रक्रियालाई पूर्णता दिनेतर्फ अगाडि बढी रहेको छ । विस्तृत शान्ति सम्झौताले पूर्णता पाइसकेको छैन। नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३३(ध) तथा विस्तृत शान्ति सम्झौता, २०६३ को धारा ५:२:५ र ५:२:७ को कार्यान्वयन भइसकेको छैन। शसस्त्र द्वन्द्वको क्रममा मानव अधिकारको गम्भीर उल्लङ्घन गर्ने तथा मानवता विरूद्धको अपराधमा संलग्न व्यक्तिहरूका बारेमा सत्य अन्वेषण गर्न, समाजमा मेलमिलापको वातावरण निर्माण गर्न र बेपत्ता भएका व्यक्तिको छानविन गर्न उच्चस्तरीय सत्य निरूपण तथा मेलमिलापत्र आयोगको सम्बन्धमा व्यवस्था गर्न मिति २०६९।१२।१ मा अध्यादेश जारी भइसकेको छ।

विस्तृत शान्ति सम्झौता तथा अन्तरिम संविधानको भावना प्रतिकूल हुने गरी नेपालको निर्वाचनसम्बन्धी कानूनी इतिहासमा कहिल्यै नभएको सो कानूनी व्यवस्थाबाट शसस्त्र द्वन्द्वको अवधिमा राजनीतिक कारणले तत्कालीन सरकारले कर्तव्य ज्यान मुद्दा लगाई अदालतबाट सर्वस्वसहित जन्मकैद ठहर भएको भए पनि सत्य निरूपण तथा मेलमिलापत्र आयोगबाट सत्य अन्वेषण भई नसकेका शसस्त्र द्वन्द्वका पक्षहरूउपर अनुचित प्रतिबन्ध लगाउने उद्देश्यले संविधानसभाको दोस्रो निर्वाचनमा उम्मेदवार हुनबाट अयोग्य हुने गरी र राजनीतिक तथा समानतासम्बन्धी

मौलिक हकमा अनुचित प्रतिबन्ध लाग्ने गरी जारी गरेको सो अध्यादेशको दफा १९(ङ) क्षेत्राधिकारविहीन, दुराशययुक्त, असंवैधानिक तथा नेपालको अन्तरिम संविधानको प्रस्तावना, धारा १२(३)(घ), १३(१)(२)(३), धारा ३३(ध) तथा धारा ६५ समेतसँग बाझिएकोले बाझिएको हदसम्म उक्त दफा १९(ङ) प्रारम्भ भएको मितिदेखि अमान्य र बदर घोषित गरी सो दफा १९(ङ) लागू नगर्नु नगराउनु भन्ने प्रतिषेधलगायत अन्य उपयुक्त आज्ञा आदेश वा पुर्जी जारी गरिपाऊँ । साथै यो निवेदनपत्रको अन्तिम टुङ्गो नलागेसम्म सो अध्यादेशको दफा १९(ङ) कार्यान्वयन नगर्नु नगराउनु भनी सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ४१(१) बमोजिम अन्तरिम आदेशसमेत जारी गरिपाउँ भन्ने व्यहोराको निवेदन पत्र ।

यसमा के कसो भएको हो ? निवेदकको मागबमोजिमको आदेश किन जारी हुनु नपर्ने हो ? आदेश जारी हुनु नपर्ने आधार र कारण भए यो आदेश प्राप्त भएको मितिले बाटाको म्यादबाहेक १५ दिनभित्र महान्यायाधिवक्ताको कार्यालयमार्फत लिखित जवाफ पठाउनु भनी यो आदेश र प्रस्तुत रिट निवेदनको प्रतिलिपिसमेत साथै राखी विपक्षीहरूलाई सूचना पठाई त्यसको बोधार्थ महान्यायाधिवक्ताको कार्यालयलाई दिई लिखित जवाफ प्राप्त भएपछि अथवा अवधि व्यतीत भएपछि नियमबमोजिम पेस गर्नू । प्रस्तुत निवेदनमा अन्तरिम आदेशसमेतको माग गरेकोसम्बन्धमा विचार गर्दा अन्तरिम आदेश जारी हुने नहुने विषयमा विपक्षीहरूसमेतको कुरा सुनी छलफल गरी टुङ्गो लगाउनु उपयुक्त हुने देखिएकोले मिति २०७०।६।१०।५ को दिन अन्तरिम आदेशसम्बन्धी छलफलमा उपस्थित हुनु भनी विपक्षीहरू समेतलाई म्याद सूचना तामेल गरी गराई सोको जानकारी महान्यायाधिवक्ताको कार्यालयलाई समेत दिनू । साथै उपरोक्तबमोजिम अन्तरिम आदेशसम्बन्धमा टुङ्गो नलागेसम्म निवेदन मागबमोजिम मिति २०७०।२।३१ गतेको राजपत्रमा प्रकाशित संवत् २०७० सालको अध्यादेश नं.४ संविधानसभा सदस्यको निर्वाचनका सम्बन्धमा व्यवस्था गर्न बनेको अध्यादेशको दफा १९ को खण्ड (ङ) को कानूनी प्रावधान क्रियाशील कार्यान्वयन नगर्नु नगराउनु भनी सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ४१(१) बमोजिम अल्पकालीन अन्तरिम आदेश जारी गरी दिएको छ । सोको जानकारीसमेत विपक्षीहरूलाई दिई नियमबमोजिम पेस गर्नू भन्ने यस अदालतको मिति २०७०।६।७ को आदेश ।

म निवेदक कानूनी राज्य, संवैधानिक सर्वोच्चता एवं मानव अधिकारको क्षेत्रमा निरन्तर क्रियाशील भएकोले आगामी संविधानसभाको निर्वाचनमा कस्ता व्यक्तिहरू उम्मेदवार बनाइन्छन् भन्ने विषयमा मेरो सार्थक सरोकार रहेको छ । संविधानसभाको निर्वाचन राष्ट्रको भाग्य र भविष्य निर्धारण गर्ने प्रक्रिया हो । यस निर्वाचनमार्फत आम नागरिकले संविधान निर्माणका लागि आफ्ना प्रतिनिधिहरू चयन गर्ने हुँदा स्वच्छ चरित्र भएका व्यक्तिहरू निर्वाचित हुनु आवश्यक छ । सो निर्वाचनमा गम्भीर अपराधमा संलग्न व्यक्तिहरू पनि उम्मेदवार बन्न पाउने हो भने निर्वाचनको पवित्रता एवं स्वच्छता समाप्त भएर जान्छ र संविधानसभाको निर्वाचन आपराधिक तत्त्वहरूको क्रिडास्थल बन्न पुग्दछ, जसले जनतामा निहित सार्वभौमसत्ता अर्थहीन बन्न पुग्ने तथ्य स्वयं सिद्ध हुँदा सो रिट निवेदनको छलफलमा म निवेदकलाई पनि सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ४२(२) अनुसार सामेल गराइपाउन एवं बहस पैरवी गरी पाउन भनी अनुमतिको लागि यो निवेदन लिई उपस्थित भएको छु ।

संविधानसभाको निर्वाचन मुलुकमा कानूनी राज्य, मानव अधिकार एवं लोकतन्त्रमा आधारित शासन प्रणालीका लागि हुन गइरहेको एउटा महत्त्वपूर्ण अभ्यास हो । संविधानसभाको निर्वाचनको प्रक्रिया एवं यसबाट उत्पन्न हुने परिमाण उत्तिकै महत्वपूर्ण छन् । एउटा गलत प्रक्रियाले निश्चय पनि सही परिणाम उत्पन्न गर्न सक्दैन । यसै सन्दर्भमा संविधानसभा निर्वाचनको लागि जारी भएको अध्यादेशले निर्वाचनमा

उम्मेदवार हुनको लागि केही निश्चित योग्यताहरू निर्धारण गरेको छ। जसमा हत्याजस्ता गम्भीर कसुरमा संलग्न व्यक्तिहरूलाई संविधानसभामा उम्मेदवार हुनबाट वञ्चित गरिएको छ । कुनै पनि निर्वाचनमा निर्वाचनको स्वच्छता एवं पवित्रता यसको मूल तत्त्व हुने हुँदा नेपालको अन्तरिम संविधान, २०६३ को धारा ६५(ग) मा नैतिक पतन देखिने फौजदारी कसुरमा सजाय नपाएकोले मात्र संविधानसभाको निर्वाचनमा उम्मेदवार हुन पाउने स्पष्ट व्यवस्था गरिएको छ। यसैगरी सम्मानित सर्वोच्च अदालतको विशेष इजलासले अम्बरबहादुर पाण्डे विरूद्ध नरबहादुर पाण्डेको मुद्दामा यससम्बन्धमा स्पष्ट नजिर प्रतिपादन गरिसकेको छ।

द्वन्द्वत्तर समाजमा मानव अधिकार एवं कानूनी राज्यको संस्कृतिलाई बढावा दिनुपर्दछ एवं दण्डहीनतालाई समाप्त गरिनु पर्दछ । नेपालको सन्दर्भमा संविधान लेखन प्रक्रिया शान्ति प्रक्रियाको एउटा महत्त्वपूर्ण तत्त्व हो। द्वन्द्वलाई शान्तिमा रूपान्तरण गर्नका लागि शान्तिमैत्री एवं मानव अधिकारमैत्री संविधान निर्माण गर्नु राष्ट्रको महत्त्वपूर्ण आवश्यकता हो। यदि गम्भीर अपराध एवं गम्भीर मानव अधिकारको उल्लङ्घनमा संलग्न व्यक्तिहरूले संविधानसभामा निर्वाचित हुन पाउने हो भने संविधानसभाको आधारभूत उद्देश्य नै पराजित हुन पुग्नेछ।

अतः उपरोक्त आधार कारणबाट गम्भीर फौजदारी कसुरमा अदालतबाट दोषी प्रमाणित भएका व्यक्तिहरूलाई संविधानसभा सदस्यमा उम्मेदवार हुन नदिने कुरा संविधान र नेपालले अनुमोदन गरेका सन्धि सम्झौता अनुकूल हुँदाहुँदै यसलाई बदर गराउन रिट निवेदन दायर भएको कुरा सार्वजनिक भएपछि मेरो गम्भीर ध्यानाकर्षण भएको हुँदा उक्त रिट निवेदनको छलफल र सुनुवाइमा मलाई पनि सरिक गराई पाउँ भन्ने व्यहोराको अधिवक्ता दिनेश त्रिपाठीको निवेदन।

नेपालको अन्तरिम संविधान, २०६३ को धारा ६५ मा संविधानसभाको सदस्य हुनका लागि कुनै पनि व्यक्तिले देहायका योग्यता पूरा गरेको हुनुपर्दछ भनी व्यवस्था भई सोको खण्ड (क) मा नेपाली नागरिक (ख) मा कम्तीमा पच्चीस वर्ष उमेर पूरा गरेको (ग) मा नैतिक पतन देखिने फौजदारी कसुरमा सजाय नपाएको, (ग१) मा कुनै कानूनले अयोग्य नभएको र खण्ड (घ) मा कुनै लाभको पद धारण नगरेको भनी व्यवस्था गरेको पाइन्छ। निवेदनमा उल्लिखित संवत् २०७० सालको अध्यादेश नं. ४ संविधानसभा सदस्यको निर्वाचनका सम्बन्धमा व्यवस्था गर्ने बनेको अध्यादेशको दफा १९ मा उम्मेदवारको अयोग्यतासम्बन्धमा सो अध्यादेशमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायको व्यक्ति निर्वाचनमा उम्मेदवार हुन अयोग्य मानिनेछ भनी सो दफाको खण्ड (क) देखि (छ) सम्ममा निम्नानुसार व्यवस्था भएको छ :

(क) मतदाता नामावलीमा नाम समावेश नभएको,

(ख) नेपाल सरकार वा नेपाल सरकारको स्वामित्व वा नियन्त्रणमा रहेको वा नेपाल सरकारबाट अनुदानप्राप्त संस्थामा पारिश्रमिक पाउने गरी बहाल रहेको,

(ग) निर्वाचनसम्बन्धी प्रचलित कानूनबमोजिम सजाय पाई सो सजाय पाएको मितिले दुई वर्ष भुक्तान नगरेको,

(घ) भ्रष्टाचार, जबरजस्ती करणी, मानव बेचबिखन तथा ओसारपसार, लागू औषध बिक्री वितरण तथा निकासी वा पैठारी, सम्पत्ति शुद्धीकरण वा राहदानी दुरूपयोगसम्बन्धी कसुरमा अदालतको अन्तिम फैसलाबाट सजाय पाएको,

(ङ) ज्यानसम्बन्धी मुद्दामा अदालतको अन्तिम फैसलाबाट सर्वश्वसहित जन्मकैद वा जन्मकैदको सजाय पाएको,

(च) बैंक तथा वित्तीय संस्थाको ऋण नियतवश नतिरी प्रचलित कानूनबमोजिम कालोसूचीमा रहेको,

(छ) मगज बिग्रेको।

निवेदकले आफ्नो दाबीमा माथि उल्लिखित अध्यादेशको दफा १९(ङ) लाई मात्र अमान्य र बदर

घोषित गराउन माग गरे पनि सो दफाका अन्य खण्डमा व्यवस्था भएका अयोग्यतासम्बन्धी विषयहरू बदर वा अमान्य घोषित गराउन माग गरेको नदेखिनाले उक्त ऐनको सो दफाले उम्मेदवारको अयोग्यतासम्बन्धी व्यवस्था अध्यादेशअनुसार गर्न पाउने कुरामा विवाद उठाएको देखिँदैन।

अन्तरिम संविधानको धारा ६५(ग१) को व्यवस्थाबाट समेत कुनै कानूनले अयोग्य नभएको व्यक्ति मात्र सदस्य हुनको लागि योग्य हुने कुरा स्पष्ट छ र संविधान एवं राजनीतिक द्वन्द्व समाधानका निमित्त संविधानमा उल्लिखित विस्तृत शान्ति सम्झौताबमोजिम हुनुपर्ने कुरा सोहीअनुसार नै हुने भन्ने कुरा पनि स्पष्ट छ।

अतः एवं माथि उल्लिखित अध्यादेश कानूनद्वारा निर्धारित व्यवस्थाबमोजिम आएको कुरामा निवेदकसमेतले कुनै प्रकारको विवाद नउठाएकोले उक्त अध्यादेशको दफा १९(ङ) को व्यवस्थाअनुसार अयोग्य देखिने व्यक्तिलाई प्रारम्भिक तवरले हेर्दा कानूनसम्मत नभएको भन्न सकिने अवस्था देखिएन। यसका अतिरिक्त प्रस्तुत रिट निवेदन कुनै व्यक्तिका तर्फबाट नपरी सार्वजनिक सरोकारको विषय भनी परेकोले तत्काल नै कसैको व्यक्तिगत मौलिक अधिकारमाथि असर परी सकेकोसमेत भन्न सकिँदैन। त्यसकारण प्रस्तुत रिट निवेदनमा लिखित जवाफ परेपछि निवेदन मागसम्बन्धमा सम्पूर्णरूपले विचार भई दाबीबमोजिम सो व्यवस्था अवैध वा वैध ठहर्ने वा रिट जारी हुने वा नहुने सम्बन्धमा निष्कर्षमा पुगिने हुँदा सो अध्यादेशको जारी प्रक्रियातर्फ चित्त बुझाई सो अध्यादेशको दफा १९(ङ) लाई मात्र बदर गराइपाउन माग गरेको प्रस्तुत निवेदन मागदाबी सम्बन्धमा निवेदन मागबमोजिम अन्तरिम आदेश जारी गर्न नमिली मिति २०७०।६।७ को यस अदालत एकल इजलासबाट जारी भएको अल्पकालीन अन्तरिम आदेशलाई निरन्तरता दिनु परेन। प्रस्तुत रिट निवेदन निर्वाचनसँग सम्बन्धित रहेकोले सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ६३(क) को खण्ड (च५) बमोजिम अग्राधिकार प्रदान गरी नियमानुसार गर्नू भन्ने यस अदालतको विशेष इजलासको मिति २०७०।६।१० को आदेश।

नेपालको अन्तरिम संविधान, २०६३ (संविधान) को धारा ६५ ले संविधानसभा सदस्य हुनको लागि विभिन्न योग्यता तोकेको र सोमध्ये खण्ड (ग१) मा कुनै कानूनले अयोग्य नभएको व्यक्तिमात्र संविधानसभाको सदस्य हुन सक्ने व्यवस्था गरेको देखिन्छ। संविधानको धारा ६५ को खण्ड (ग१) को प्रयोजनको लागि कानून बनाई संविधानसभा सदस्यको लागि उम्मेदवार हुन नपाउने गरी विभिन्न अयोग्यता तोक्न संविधानबमोजिम सकिने नै भएकाले संविधानसभा सदस्य निर्वाचन अध्यादेश, २०७० को दफा १९ को खण्ड (ङ) मा रहेको ज्यानसम्बन्धी मुद्दामा अदालतको अन्तिम फैसलाबाट सर्वस्वसहित जन्मकैद वा जन्मकैदको सजाय पाएको व्यक्ति उम्मेदवार हुन नसक्ने गरी कानूनी व्यवस्था गरिएको हुँदा उक्त व्यवस्था संविधानसँग बाझिएको भन्ने निवेदन जिकिर कानूनसम्मत नरहेको हुँदा रिट निवेदन खारेज गरिपाउँ भन्ने व्यहोराको कानून, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालयको लिखित जवाफ।

संविधानसभा सदस्य निर्वाचन अध्यादेश, २०७० को दफा १९(ङ) ले "ज्यानसम्बन्धी मुद्दामा अदालतको अन्तिम फैसलाबाट सर्वस्वसहित जन्मकैद वा जन्मकैदको सजाय पाएको" व्यक्तिलाई उम्मेदवार हुन अयोग्य भनी गरेको व्यवस्था नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२, १३ तथा धारा ६५ विपरीत नभई परिपूरक छन्। उल्लिखित व्यवस्थाले निवेदकको कुनै पनि मौलिक हकको हनन् गरेको अवस्था देखिँदैन। व्यवस्थापिका संसद्को अधिवेशन वा बैठक चलिरहेको अवस्थामा बाहेक अन्य अवस्थामा तत्काल केही गर्न आवश्यक परेको छ भन्ने कुरामा राष्ट्रपति सन्तुष्ट भएमा यस संविधानमा लेखिएका कुराहरूको प्रतिकूल नहुने गरी मन्त्रिपरिषद्को सिफारिसमा आवश्यक अध्यादेश जारी गर्न सक्नेछ भन्ने संवैधानिक व्यवस्थाको अधीनमा रही मन्त्रिपरिषद्को

मिति २०७०।२।३० को बैठकबाट अध्यादेश जारी गर्नका लागि सम्माननीय राष्ट्रपतिसमक्ष सिफारिस भएअनुसार संविधानको धारा ८८ को उपधारा (१) बमोजिम संविधानसभा सदस्य निर्वाचन अध्यादेश, २०७० मिति २०७०।२।३१ मा जारी भएको हुँदा रिट निवेदन खारेज गरिपाउँ भन्ने व्यहोरा राष्ट्रपति कार्यालयको लिखित जवाफ।

नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२८ मा निर्वाचन आयोग र धारा १२९ मा निर्वाचन आयोगको काम, कर्तव्य र अधिकारसम्बन्धी व्यवस्था रहेको छ। निर्वाचन आयोगको काम कर्तव्य र अधिकारमा संविधान र अन्य कानूनको अधिनमा रही संविधानसभा तथा धारा १५७ बमोजिम हुने जनमत संग्रह तथा स्थानीय निकायको निर्वाचनको सञ्चालन, रेखदेख, निर्देशन र नियन्त्रण निर्वाचन आयोगबाट हुने स्पष्ट संवैधानिक व्यवस्था रहेको छ। त्यसैगरी संविधानको धारा ८८ मा व्यवस्थापिका संसद्को बैठक वा अधिवेशन चलिरहेको अवस्थामा बाहेक अन्य अवस्थामा तत्काल केही गर्न आवश्यक छ भन्ने कुरामा राष्ट्रपति सन्तुष्ट भएमा संविधानको प्रतिकूल नहुने गरी मन्त्रिपरिषद्को सिफारिसमा आवश्यक अध्यादेश जारी गर्न सकिने कुरा उल्लेख छ। यस प्रकार अध्यादेश जारी गर्ने काम मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपतिबाट हुने र निर्वाचन आयोगको भूमिका निर्वाचनसम्बन्धी प्रचलित संवैधानिक एवं कानूनी व्यवस्थाको अधीनमा रही निर्वाचन सम्पन्न गर्नुसम्म रहेको अवस्थामा अध्यादेशमा उल्लिखित विषयहरूलाई लिएर आयोगलाई विपक्षी बनाउनु पर्ने कुनै आधार र कारण देखिँदैन।

संविधानसभा सदस्य निर्वाचन अध्यादेश, २०७० को दफा १९ को (ङ) संविधानको धारा ६५ सँग बाझिएको भन्ने निवेदकको मुख्य निवेदन मागदाबी सम्बन्धमा हेर्दा उक्त प्रावधानहरू नेपालको अन्तरिम संविधान, २०६३ को धारा ६५ मा भएको संवैधानिक व्यवस्था अनुकूल नै रहेको छ। संविधानको धारा ६५(ग१) को संवैधानिक व्यवस्थाअनुसार कुनै कानूनले अयोग्य नभएको व्यक्ति मात्र संविधानसभा सदस्य हुन सक्ने हुँदा कानूनले नै निर्धारण गरी अयोग्यता सिर्जना गर्न सक्ने देखिन्छ। सो अध्यादेशले उक्त संवैधानिक व्यवस्था अनुकूल हुने गरी अयोग्यतासम्म निर्धारण गरेको हुँदा विपक्षीले उल्लेख गरेका अध्यादेशका प्रावधानहरू संविधान अनुकूल नै रहेका छन्। कुन कुन विषयलाई अयोग्यता सिर्जना हुने आधारको रूपमा परिभाषित गर्ने वा नगर्ने र कुन कुन विषयलाई बाहेक गर्ने भन्ने कुरा विधायिकी क्षेत्रभित्रको विषयवस्तु भएकाले सोसम्बन्धमा निर्वाचन आयोगको कुनै भूमिका नहुने हुँदा निर्वाचन आयोगलाई विपक्षी बनाई दायर गरेको रिट निवेदन खारेजभागी रहेको छ।

सो अध्यादेशको दफा १९(ङ) मा ज्यानसम्बन्धी मुद्दामा अदालतको अन्तिम फैसलाबाट सर्वश्वसहित जन्मकैद वा जन्मकैदको सजाय पाएको व्यक्ति संविधानसभा सदस्य निर्वाचनमा उम्मेदवार बन्न नपाउने प्रावधान रहेकोमा सो प्रावधानले गम्भीर किसिमको अपराधमा सजाय पाएका अपराधी संविधानसभा सदस्य बन्न नपाओस्, राजनीति र अपराधीबिचको सम्बन्ध तोडियोस् र उच्च नैतिक चरित्र भएका सक्षम र क्षमतावान् व्यक्तिमात्र उम्मेदवार भई निर्वाचित हुन सकून् भन्ने पवित्र उद्देश्य बोकेको देखिन्छ। राजनीति अपराधी सम्बन्ध (Crimal Political Nexus) स्थापित भएका व्यक्ति सदस्य हुने बाटो सहज र खुल्ला भएमा कालान्तरमा विधायिकी कार्य (Legislative Function) समेत प्रभावित हुन पुगी सोअनुसारको विधायनसमेत निर्माण हुन सक्ने अवस्थासमेतलाई मध्यनजर गरी उक्त प्रावधान राखिएको हुँदा सो प्रावधानले दण्डहीनता (Impunity) अन्त्य गर्नसमेत सहयोग पुर्‍याउने हुन्छ।

संविधानसभा सदस्य निर्वाचन अध्यादेश, २०७० को दफा १९(घ) मा समेत केही अपराधलाई अयोग्यता सिर्जना हुने आधारको रूपमा परिभाषित गरेकोमा सो व्यवस्थाप्रति निवेदकको कुनै आपत्ति रहेको छैन। निवेदकले सार्वजनिक सरोकारको विवाद भनी निवेदन दिएको भए तापनि सर्वसाधारण

जनसमूहको हक अधिकार के कसरी कुण्ठित भयो प्रस्ट पार्न नसकेको र संविधानका विभिन्न धाराहरूमा व्यवस्थित हकमा असर परेको भने पनि ती हकमा के कसरी बन्देज लागेको हो सो खुलाउन सकेको छैन। अध्यादेशको उक्त व्यवस्थाले निवेदकको मौलिक हकमा समेत कुनै बन्देज लगाएको पनि छैन।

प्रचलित संवैधानिक एवं कानूनी परिधिभित्र रही संविधान सभालगायत अन्य सबै प्रकारका निर्वाचनहरू स्वतन्त्र, निष्पक्ष र विश्वसनीय ढङ्गबाट सम्पन्न गर्ने दिशामा आयोग प्रयत्नशील रही आएको छ । यसै क्रममा निर्वाचनमा आम मतदाताले योग्य प्रतिनिधि चयन गर्न सकून् र निर्वाचनको वैधता र विश्वसनीयतामा बढोत्तरी हुन सकोस् भन्ने पवित्र मनसायका साथ आयोगले आफ्नै पहलमा निर्वाचन प्रक्रियामा सुधारको थालनी गरेको छ । आयोगको यस अभियानबाट राजनीतिक दल, मतदाता र अन्य सरोकारवालाहरूमा सकारात्मक प्रभाव परेको अवस्थामा अध्यादेश बनाउने र जारी गर्ने जस्तो आयोगको संलग्नता नै नरहने विषयमा आयोगलाई समेत विपक्षी बनाई दायर गरेको रिट निवेदन खारेज गरिपाउँ भन्ने व्यहोराको निर्वाचन आयोगको लिखित जवाफ।

नेपालको अन्तरिम संविधान, २०६३ को धारा ६५ मा संविधानसभाको सदस्य हुनका लागि कुनै पनि व्यक्तिले देहायको योग्यता पूरा गरेको हुनु पर्नेछ भन्ने व्यवस्था छः (क) नेपाली नागरिक (ख) कम्तीमा पच्चीस वर्ष उमेर पूरा गरेको (ग) नैतिक पतन देखिने फौजदारी कसुरमा सजाय नपाएको (ग१) कुनै कानूनले अयोग्य नभएको (घ) कुनै लाभको पद धारण नगरेको । संविधानमा भएको उल्लिखित व्यवस्थाको खण्ड (ग१) बमोजिम प्रचलित कानूनले संविधानसभा सदस्य हुनको लागि थप योग्यता निर्धारण गर्न सक्ने देखिन्छ । सोहीबमोजिम जारी भएको संविधानसभा सदस्य निर्वाचन अध्यादेश, ०७० को दफा १९ ले खासखास अवस्थामा कुनै पनि व्यक्ति संविधानसभा सदस्यको निर्वाचनमा उम्मेदवार हुन अयोग्य हुने गरी व्यवस्था गरेको हो । त्यसरी निर्धारित अयोग्यताका आधारहरू अन्तर्गत दफा १९ को खण्ड (ङ) ले ज्यानसम्बन्धी मुद्दामा अदालतको अन्तिम फैसलाबाट सर्वस्वसहित जन्मकैद वा जन्मकैदको सजाय पाएको व्यक्तिले संविधानसभा सदस्यको निर्वाचनमा उम्मेदवार हुन नपाउने व्यवस्था गरेको हो। यस प्रकारको अयोग्यता तोक्न संविधानको कुनै पनि धाराले बन्देज लगाएको छैन । ज्यानजस्तो गम्भीर प्रकृतिको फौजदारी मुद्दामा अदालतबाट सर्वस्वसहित जन्मकैद वा जन्मकैदको सजाय पाएको र सो फैसला कानूनबमोजिम अन्तिम भएको अवस्थामा अदालतबाट भएको फैसला कार्यान्वयन गर्नु राज्यका सबै निकायहरूको कर्तव्य हुने भएकोले अदालतको फैसलालाई कार्यान्वयन गर्न सहज होस् र त्यस्तो दोषी व्यक्ति संविधानसभा सदस्यको निर्वाचनमा उम्मेदवार हुन नपाओस् भन्ने उद्देश्यले गरिएको उक्त व्यवस्थाले रिट निवेदक वा कुनै पनि नेपाली नागरिकको संविधान प्रदत्त मौलिक हकमा आघात पुग्छ भन्नु आधारहीन तर्क हो । के कस्तो प्रकृतिको मुद्दामा सजाय पाएको व्यक्तिलाई संविधानसभाको सदस्य पदमा उम्मेदवार हुनबाट रोक्ने हो भन्नेसम्बन्धमा कानून निर्माताले विधायिकी बुद्धिमता प्रयोग गरी गरेको व्यवस्थाको नीतिगत औचित्यभित्र प्रवेश गरी सम्मानित अदालतबाट प्रस्तुत रिट निवेदनमा न्यायिक परीक्षण हुनुपर्ने आधार र अवस्था छैन । सो अध्यादेशको दफा १९ ले गरेका विभिन्न अयोग्यताका व्यवस्थाहरूमध्ये रिट निवदकले खण्ड (ङ) को हकमा मात्र प्रश्न उठाएको देखिँदा रिट निवेदकले सो दफाको समुच्चा व्यवस्थालाई अध्ययन नगरी एवं सो व्यवस्थाको मर्म र भावना नबुझी रिट दायर गरेको देखिन्छ। यसका साथै सक्षम अदालतबाट भएको अन्तिम फैसलाको विषयलाई सङ्क्रमणकालीन न्यायिक संयन्त्रसँग तुलना गर्न मिल्दैन र अन्य कुनै गैरन्यायिक संयन्त्रले कुनै प्रभाव पार्न पनि नहुने हुँदा निवेदकको रिट निवेदन खारेज गरिपाउँ भन्ने

व्यहोराको नेपाल सरकार, मन्त्रिपरिषद्को अध्यक्षको लिखित जवाफ।

नियमबमोजिम दैनिक पेसी सूचीमा चढी पेस हुन आएको प्रस्तुत रिट निवेदनमा विपक्षीतर्फबाट उपस्थित विद्वान् सहन्यायाधिवक्ता श्री संजीवराज रेग्मीले मिति २०७०।२।३१ को नेपाल राजपत्रमा प्रकाशित संविधानसभा सदस्य निर्वाचन अध्यादेश, २०७० बमोजिम संविधानसभाको सदस्यको निर्वाचन सम्पन्न भई मिति २०७२।६।३ मा संविधानसभाबाट नेपालको संविधान जारी भई नेपालको अन्तरिम संविधान, २०६३ खारेजसमेत भइसकेको र यसै विषयमा रामचन्द्र पौडेल विरूद्ध सम्माननीय राष्ट्रपतिज्यू राष्ट्रपतिको कार्यालयसमेत भएको उत्प्रेषण परमादेशको रिट निवेदनमा यस अदालतबाट रिट निवेदन खारेज हुने ठहरी मिति २०७०।१०।२ मा आदेश जारी भइसकेको हुँदा निवेदन मागबमोजिमको आदेश जारी हुनु पर्ने अवस्था छैन भन्नेसमेत बहस गर्नुभयो।

विपक्षीतर्फका विद्वान् सहन्यायाधिवक्ताको बहस सुनी निवेदनसहितको मिसिल अध्ययन गरी हेर्दा प्रस्तुत रिट निवेदनमा निम्नलिखित प्रश्नहरूको निरूपण गर्नुपर्ने देखिन आयोः

१. संविधानसभा सदस्य निर्वाचन अध्यादेश २०७० को दफा १९(ङ) नेपालको अन्तरिम संविधान २०६३ को प्रस्तावना, धारा १३(१)(२)(३), धारा ३३(घ) र धारा ६५(क)(ख)(ग)(घ) समेतसँग बाझिएको छ, छैन ?

२. निवेदकको मागबमोजिमको आदेश जारी हुने हो, होइन ?

२. सर्वप्रथम संविधानसभा सदस्य निर्वाचन अध्यादेश २०७० को दफा १९(ङ) नेपालको अन्तरिम संविधान, २०६३ को प्रस्तावना, धारा १३(१)(२)(३), धारा ३३(घ) र धारा ६५(क)(ख)(ग)(घ) समेतसँग बाझिएको छ, छैन भन्ने पहिलो प्रश्नतर्फ विचार गर्दा नेपालको अन्तरिम संविधान, २०६३ को धारा ६५ मा संविधानसभाको सदस्य हुनका लागि कुनै पनि व्यक्तिले देहायका योग्यता पूरा गरेको हुनुपर्दछ भन्ने व्यवस्था भई सोको खण्ड (क) मा नेपाली नागरिक (ख) मा कम्तीमा पच्चीस वर्ष उमेर पूरा गरेको (ग) मा नैतिक पतन देखिने फौजदारी कसुरमा सजाय नपाएको, (ग१) मा कुनै कानूनले अयोग्य नभएको र खण्ड (घ) मा कुनै लाभको पद धारण नगरेको भन्ने व्यवस्था रहेको पाइन्छ।

३. संविधानसभा सदस्य निर्वाचन अध्यादेश, २०७० को दफा १९ को खण्ड (ङ) लाई चुनौती दिई प्रस्तुत रिट निवेदन परेको देखिँदा सो दफा १९ को कानूनी व्यवस्थालाई यहाँ उल्लेख गर्नु सान्दर्भिक हुन आउँछ, जुन यसप्रकार छः

> दफा १९ उम्मेदवारको अयोग्यताः- यस अध्यादेशमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायको व्यक्ति निर्वाचनमा उम्मेदवार हुन अयोग्य मानिनेछः
>
> (क) मतदाता नामावलीमा नाम समावेश नभएको,
>
> (ख) नेपाल सरकार वा नेपाल सरकारको स्वामित्व वा नियन्त्रणमा रहेको वा नेपाल सरकारबाट अनुदान प्राप्त संस्थामा पारिश्रमिक पाउने गरी बहाल रहेको,
>
> (ग) निर्वाचनसम्बन्धी कसुरमा प्रचलित कानूनबमोजिम सजाय पाई सो सजाय पाएको मितिले दुई वर्ष भुक्तान नगरेको,
>
> (घ) भ्रष्टाचार, जबरजस्ती करणी, मानव बेचबिखन तथा ओसार पसार, लागू औषध बिक्री वितरण तथा निकासी वा पैठारी, सम्पत्ति शुद्धीकरण वा राहदानी दुरूपयोगसम्बन्धी कसुरमा अदालतको अन्तिम फैसलाबाट सजाय पाएको,
>
> (ङ) ज्यानसम्बन्धी मुद्दामा अदालतको अन्तिम फैसलाबाट सर्वश्वसहित जन्मकैद वा जन्मकैदको सजाय पाएको,

(च) बैंक तथा वित्तीय संस्थाको ऋण नियतवश नतिरी प्रचलित कानूनबमोजिम कालोसूचीमा रहेको,

(छ) मगज बिग्रेको।

४. नेपालको अन्तरिम संविधान, २०६३ को धारा ६५ ले संविधानसभा सदस्यको अयोग्यतासम्बन्धी व्यवस्था भई सोको खण्ड (ग१) मा संविधानसभा सदस्य हुनका लागि "कुनै कानूनले अयोग्य नभएको" हुनुपर्ने भन्ने व्यवस्था रहेको देखिन्छ । संविधानमा भएको सो व्यवस्थाबाट संविधानसभा सदस्यको अयोग्यताको निर्धारण कानूनद्वारा हुन सक्ने हुँदा विधायिकाले कानून बनाएर संविधानसभा सदस्यको अयोग्यता निर्धारण गर्न सक्ने देखिन्छ। विधायिकाको त्यस्तो कानून बनाउन पाउने अधिकारमा यस अदालतबाट हस्तक्षेप गर्न मिल्ने पनि हुँदैन।

५. शसस्त्र द्वन्द्वको अवधिमा राजनीतिक कारणले तत्कालीन सरकारले कर्तव्य ज्यान मुद्दा लगाई अदालतबाट सर्वस्वसहित जन्मकैद वा जन्मकैदको सजाय ठहर भएको भए पनि सत्य निरूपण तथा मेलमिलाप आयोगबाट सत्य अन्वेषण भई नसकेका शसस्त्र द्वन्द्वका पक्षहरूउपर अनुचित प्रतिबन्ध लगाउने उद्देश्यले सो अध्यादेशको दफा १९(ङ) जारी भएको भन्ने निवेदन जिकिर रहेको देखिन्छ। सो अध्यादेशको दफा १९(ङ) बमोजिम ज्यानसम्बन्धी मुद्दामा अदालतको अन्तिम फैसलाबाट सर्वश्वसहित जन्मकैद वा जन्मकैदको सजाय पाएको व्यक्ति संविधानसभा सदस्यको निर्वाचनमा उम्मेदवार हुन पाउने देखिँदैन। अदालतबाट भएको फैसला सबैले मान्नु र पालन गर्नु पर्ने हुँदा शसस्त्र द्वन्द्वको पक्ष रहेको भन्ने आधारमा मात्र अदालतबाट भएको फैसलाबमोजिमको दायित्व वहन गर्न नपर्ने भन्न मिल्दैन। शसस्त्र द्वन्द्वको पक्ष रहेका व्यक्तिहरूलाई मात्र अदालतको फैसलाले सर्वश्वसहित जन्मकैद वा जन्मकैदको सजाय भएको थियो, सोबाहेकका अन्य व्यक्तिहरूलाई त्यस्तो सजाय भएको थिएन भनी निवेदकले भन्न सकेको छैन र त्यस्तो अवस्था रहेको पनि देखिँदैन । सो कानूनी व्यवस्था शसस्त्र द्वन्द्वको पक्ष रहेका र नरहेका सबैलाई समानरूपमा लागू हुने कानूनी व्यवस्था भएको र कुनै खास वर्ग वा समुदायप्रति मात्र लक्षित रहेको पनि नदेखिँदा उक्त व्यवस्था समानताको हकविपरीत रहेको भन्ने निवेदन जिकिरसँग सहमत हुन सकिएन।

६. संविधानसभा सदस्य निर्वाचन अध्यादेश, २०७० बमोजिम संविधानसभा सदस्यको निर्वाचन सम्पन्न भई नेपालको अन्तरिम संविधान, २०६३ को धारा ६३ बमोजिमको संविधानसभाबाट मिति २०७२।६।३ मा नेपालको संविधान जारी भइसकेको र सो मिति २०७२।६।३ मा जारी भएको नेपालको संविधानको धारा ३०८ ले नेपालको अन्तरिम संविधान, २०६३ लाई खारेजसमेत गरेको देखिन्छ । निवेदकले दाबी लिएको कानूनी व्यवस्थाबमोजिम संविधानसभाको निर्वाचन सम्पन्न भई संविधानसभाले मिति २०७२।६।३ मा नेपालको संविधान जारी गरी नेपालको अन्तरिम संविधान, २०६३ लाई खारेजसमेत गरिसकेको अवस्था हुँदा निवेदन मागबमोजिमको आदेश जारी गर्नुपर्ने अवस्था देखिन आएन।

७. अधिवक्ता रामचन्द्र पौडेलले संविधानसभा सदस्य निर्वाचन अध्यादेश, २०७० को दफा १९ को खण्ड (घ)(ङ)(च) समेत नेपालको अन्तरिम संविधान, २०६३ को प्रस्तावना तथा धारा ६२(२) सँग बाझिएको हुँदा उक्त व्यवस्था प्रारम्भदेखि नै उत्प्रेषणको आदेशद्वारा अमान्य र बदर घोषित गरिपाउँ भनी यस अदालतमा दिएको रिट निवेदनमा "संविधानसभा सदस्य निर्वाचन अध्यादेश, २०७० को दफा १९(घ)(ङ) र (च) मा उल्लेखित व्यवस्था नेपालको अन्तरिम संविधान, ०६३ को प्रस्तावना र धारा ६५(ग) सँग बाझिएको अवस्था नदेखिँदा निवेदन मागबमोजिमको आदेश जारी गर्न मिल्ने अवस्था देखिन आएन। प्रस्तुत

निवेदन खारेज हुने ठहर्छ" भनी यसै अदालतको विशेष इजलासबाट मिति २०७०।१०।२ मा आदेश भइसकेको देखिन्छ (अधिवक्ता रामचन्द्र पौडेल वि. सम्माननीय राष्ट्रपतिज्यू, राष्ट्रपतिको कार्यालयसमेत, उत्प्रेषण परमादेश, रिट नं.०६९-WS-००७९, आदेश मिति २०७०।१०।२)। यसरी निवेदकले संवैधानिकता परीक्षणका लागि दिएको प्रस्तुत रिट निवेदनको विषयमा यसअघि यस अदालतको विशेष इजलासबाट संवैधानिकता परीक्षण भइसकेको परिप्रेक्षमा सोही विषयमा पुनः संवैधानिकता परीक्षण गरी कुनै आदेश जारी गरिरहन पर्ने आवश्यकता र औचित्यसमेत देखिन आएन।

८. अब निवेदकको मागबमोजिमको आदेश जारी हुने हो, होइन भन्ने दोस्रो प्रश्नमाथि विचार गर्दा निवेदकले संविधानसभा सदस्य निर्वाचन अध्यादेश, २०७० को दफा १९(ङ) को व्यवस्था नेपालको अन्तरिम संविधान, २०६३ को प्रस्तावना तथा धारा १३(१)(२)(३), धारा ३३(घ) र धारा ६५(क)(ख)(ग)(घ) समेतसँग बाझिएकोले उक्त व्यवस्था अमान्य र बदर घोषित गरिपाउँ भनी दाबी लिएको भए पनि माथिका प्रकरणहरूमा विवेचना गरिएका आधार र कारणहरूबाट उक्त व्यवस्था नेपालको अन्तरिम संविधान, २०६३ सँग बाझिएको नदेखिनुका साथै सो अध्यादेशमा भएको कानूनी व्यवस्थाअनुसार संविधान सभाको निर्वाचन सम्पन्न भई सो संविधानसभाले मिति २०७२।६।३ मा नेपालको संविधान जारी गरी नेपालको अन्तरिम संविधान, २०६३ लाई खारेजसमेत गरेको र निवेदकले अमान्य र बदर घोषित गरिपाउँ भनी दाबी लिएको कानूनी व्यवस्थाको यस अदालतको विशेष इजलासबाट यसपूर्व नै संवैधानिकता परीक्षण भइसकेको देखिँदा एक पटक संवैधानिकता परीक्षण भइसकेको अवस्थामा पुनः सोही विषयमा संवैधानिकता परीक्षण गरिरहनु पर्ने कुनै आवश्यकता र औचित्यसमेत देखिन नआएकोले निवेदन मागबमोजिमको आदेश जारी गर्न मिलेन। प्रस्तुत रिट निवेदन खारेज हुने ठहर्छ। यस आदेशको जानकारी महान्यायाधिवक्ताको कार्यालयलाई दिई दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार बुझाइदिनू।

उक्त रायमा हामी सहमत छौं।
न्या. गोविन्दकुमार उपाध्याय
न्या. जगदीश शर्मा पौडेल

इजलास अधिकृतः विश्वनाथ भट्टराई
इति संवत् २०७२ साल असोज ७ गते रोज ५ शुभम्।

## निर्णय नं.९५५४

सर्वोच्च अदालत, संयुक्त इजलास
सम्माननीय प्रधानन्यायाधीश श्री कल्याण श्रेष्ठ
माननीय न्यायाधीश श्री गोविन्द कुमार उपाध्याय
आदेश मिति : २०७२।४।२२।६
०७१-WH-००७७

विषय: बन्दीप्रत्यक्षीकरण

रिट निवेदक : नाबालक आवा भन्ने आभा, सुप्रिया र गौरव जना ३ को तर्फबाट काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. ३५ सिनामंगलको हाल काठमाडौं जिल्ला, गोकर्णेश्वर न.पा. वडा नं. १५ जोरपाटीस्थित सहयोगी समाज नेपालको तर्फबाट अख्तियार प्राप्त अधिवक्ता भ्रमणकुमार श्रेष्ठ

विरूद्ध

विपक्षी : महानगरीय प्रहरी वृत्त, बौद्ध, काठमाडौंसमेत

- **निवेदक संस्थाको संरक्षकत्वमा रहँदा यी बालबालिकाले विगतमा कुनै दुर्व्यवहार सहनु परेको अवस्था मिसिलबाट देखिँदैन भने यस्तो अवस्थामा यो संस्थाको सहमति वा स्वीकृतिबिना यी बालबालिकालाई उक्त संस्थाको संरक्षकत्वमा हटाउनका लागि यथेष्ट कारण वस्तुनिष्ठ आधारमा प्रमाणित हुनुपर्ने हुन्छ । प्रहरी कार्यालयले संरक्षण गर्न जिम्मा दिएकै भरमा निवेदक संस्थाले यी बालबालिकाको शिक्षादीक्षा लालन पालन गरी आएको अवस्थामा प्रहरी कार्यालयले नै त्यहाँबाट छुटाई अर्को संस्थामा निजहरूलाई पठाउँदा ती बालबालिकाको मनोदशा कस्तो हुन्छ भन्ने कुराको पनि हेक्का राख्नु जरूरी हुने ।**
- **अनाथ बालबालिकालाई जुनसुकै बालकल्याणकारी संस्थाले कानूनबमोजिम आफ्नो संरक्षकत्वमा राख्न नसक्ने होइन तर त्यसरी राख्दा बालबालिकाको सर्वोत्तम हित र रूचीलाई ध्यान दिनु त्यत्तिकै आवश्यक हुने ।**
- **बन्दी बनाइएका भनेको बाल हेल्प लाईनमा राखिएका बालबालिकाहरूलाई इजलाससमक्ष सोधपुछ गर्दा निजहरूले निवेदक संस्थासँग रहन इच्छा जाहेर गरेको र निवेदक संस्थालाई नै सामुदायिक प्रहरी सेवा चावहिलबाट जिम्मा दिएको देखिएको अवस्थामा बालबालिकाको इच्छाविरूद्ध निजहरूलाई विपक्षी संस्थामा राखी राख्न उचित नहुँदा विपक्षी बाल हेल्पलाईन नेपालको जिम्माबाट छुटाई निवेदक संस्था सहयोगी समाज नेपाललाई निज बालबालिकाहरू आवा भन्ने आभा, सुप्रिया र गौरव जिम्मा लिनका लागि बालबालिकासम्बन्धी ऐन, २०४८ का सर्तहरू पालन गर्ने गरी कागज गराई निवेदक संस्थाको जिम्मामा बालबालिकाहरू पठाई दिने ।**

(प्रकरण नं.३)

रिट निवेदकका तर्फबाट :
विपक्षीका तर्फबाट :
अवलम्बित नजिर :
सम्बद्ध कानून :

आदेश

**स.प्र.न्या.कल्याण श्रेष्ठ :** नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३२ तथा १०७(२) बमोजिम यस अदालतको असाधारण अधिकारक्षेत्रअन्तर्गत दर्ता भएको प्रस्तुत निवेदनको संक्षिप्त तथ्य र आदेश यसप्रकार रहेको छ:

रिट निवेदनको व्यहोरा :

सहयोगी समाज नेपाल जिल्ला प्रशासन कार्यालय, काठमाडौंमा संस्था दर्ता ऐन, २०३४ अनुसार मिति २०६३।१२।५ मा दर्ता भएको गैर नाफामुलक सामाजिक संस्था हो । यो संस्था अनाथ, असहाय, टुहुरा र त्यागिएका बालबालिकाहरूको लालन पालन, शिक्षादीक्षा गर्ने उद्देश्यहरूका साथ स्थापना भएको हो ।

विपक्षी प्रहरी निरीक्षकसमेत महानगरीय प्रहरी वृत्त, बौद्ध काठमाडौंका प्रहरीहरू यस संस्थामा आई यस संस्थामा संरक्षित रहेका आवा भन्ने आभा र सुप्रिया बालिकाका साथै गौरव बालक नाम गरेका ३ जना बालबालिकाहरूसँग केही कुरा बुझ्न भनी बलजफ्ती डर त्रासको वातावरणमा प्रहरी भ्यानमा राखी लगेका थिए । यसरी लग्नुको पछाडि के कारण थियो हामीलाई जानकारी दिइएन । यसपश्चात् उपल्लो निकाय महानगरीय प्रहरी परिसर, टेकु काठमाडौंमा निवेदन दिन जाँदा निवेदन नलिएको हुँदा यस सहयोगी समाज नेपालले महानगरीय प्रहरी वृत्त, बौद्ध र

महानगरीय प्रहरी परिसर, काठमाडौंलाई हुलाकबाट रजिष्ट्रर्ड पत्र पठाउँदासमेत हालसम्म कुनै कारवाही भएको छैन।

प्रहरीद्वारा लगिएका उपर्युक्त बालबालिकामध्ये सुप्रिया महानगरीय प्रहरी प्रभाग, गौशालाको मिति २०६३।१२।६ को पत्रानुसार यस संस्थाको संरक्षणमा आउँदा ७ महिना जतिकी रहेकी, उक्त कार्यालय कै मिति २०६४।१२।१२ को पत्रानुसार बालक गौरव यस संस्थामा आउँदा २०/२५ दिनको रहेको र सामुदायिक प्रहरी सेवा चाबहिलको मिति २०६५।२।२६ को पत्रानुसार यस संस्थामा ल्याइदा बालिका आभा १ महिना जतिकी थिइन्। यी बालबालिका यस संस्थाको संरक्षणमा रहेको भनी सार्वजनिक हक दाबीको सूचना पनि यस संस्थाले प्रकाशित गरेको थियो।

यसरी रितपूर्वक यी बालबालिकालाई यस संस्थाले लालन पालन, शिक्षादीक्षा र संरक्षणको जिम्मा लिई राखेकोमा प्रहरीद्वारा निजहरूलाई जबरजस्ती लगी बेपत्ता पारेको हुँदा उक्त कार्य नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२(२), १२(३)(ङ), २२(२), २२(३) र बाल अधिकारसम्बन्धी महासन्धी, १९८९ को विपरीत भएको हुँदा बन्दीप्रत्यक्षीकरणलगायत जो चाहिने उपयुक्त आदेश पुर्जी जारी गरी यी बालबालिकालाई अदालतमा उपस्थित गराई विपक्षीहरूको गैरकानूनी कब्जाबाट मुक्त गरी बालबालिकाहरूको वैधानिक अभिभावक संरक्षक यस संस्थाको जिम्मा लगाई पाउँ भन्नेसमेत व्यहोराको रिट निवेदन।

**यस अदालतबाट भएको प्रारम्भिक आदेश**

निवेदकको मागबमोजिम आदेश जारी हुनु नपर्ने भए आधार र कारण भए आदेश प्राप्त भएका मितिले बाटाको म्यादबाहेक ३ दिनभित्र बालबालिकाहरू लिई लिखित जवाफसहित उपस्थित हुन भनी विपक्षीहरूका नाममा सूचना जारी गर्नु भन्ने यस अदालतको मिति २०७२।३।३१ को आदेश।

**विपक्षीहरूबाट पेस भएको लिखित जवाफ**

काठमाडौं जिल्ला जोरपाटी अत्तरखेल बेशीगाउँमा सञ्चालित सहयोगी समाज नेपाल बालगृहमा रहेका आभा, सुप्रिया र गौरव नामक बालबालिकालाई हाल बसेको भन्दा अगाडि बसेको घरको मालिक गमन आचार्यले शारीरिक, मानसिक तथा यौन दुर्व्यवहार गरेको साथै उक्त संस्थाका सञ्चालक तथा कर्मचारीसमेतले बालबालिकालाई कुटपिट गरी यातना दिने गरेको, बालबालिकाको उमेरअनुसार शारीरिक, मानसिक र शैक्षिक विकास नभएको भन्ने बुझिन आएकाले यस सम्बन्धमा स्थलगत अनुगमन, छानबिन र आवश्यक कारवाही गरी सो बारेको जानकारी यस समितिलाई उपलब्ध गराई सहयोग गरिदिन भन्ने केन्द्रिय बाल कल्याण समितिको च.नं. १३५७ मिति २०७२।३।१५ गतेको पत्रमार्फत सूचना प्राप्त भएपश्चात् तत्कालै केन्द्रीय बालकल्याण समितिका पदाधिकारी कर्मचारीहरू तथा यस कार्यालयबाट समेत पीडित बालबालिकाहरूको सम्बन्धमा यथार्थ बुझ्न उक्त संस्थामा गई पीडित बालबालिकाहरूलाई महानगरीय प्रहरी वृत्त बौद्धको महिला तथा बालबालिका सेवा केन्द्रमा उद्धार गरी ल्याई बाल हेल्पलाईन तीन धारा काठमाडौंको तर्फबाट उपस्थित चमेली गुरूङसमेतका सरोकारवाला व्यक्तिहरूको रोहवरमा बालबालिकाहरूलाई सोधपुछ गर्दा बालबालिकाहरूले आफुहरूलाई पहिलेको घर धनीले दुर्व्यवहार गर्ने गरेको, संस्थाका पदाधिकारीहरूले समेत कहिलेकाहीँ कुटपिट गर्ने गरेको भनी बताएकाले निज बालबालिकाहरू उक्त संस्थामा सुरक्षित नभएको महसुस भई ऐ. मितिमा पीडित बालबालिकाहरूको स्वास्थ्य जाँच गर्न यसै कार्यालयमार्फत परोपकार प्रसुती गृह थापाथली पठाई स्वास्थ्य परीक्षण गराई ऐ. गते नै पीडित बालबालिकाहरूलाई संरक्षणका लागि बाल हेल्पलाईन तीनधारा काठमाडौंमा पठाइएको हो। हाल बालबालिकाहरूउपर दुर्व्यवहार गर्ने भनिएका व्यक्ति गमन आचार्यको सम्बन्धित घर ठेगाना नभएकोले

उपस्थित गराई बुझ्नेतर्फ समेत अनुसन्धान भइरहेको छ । यस कार्यालयमार्फत उद्धारित बालबालिका हाल बाल हेल्पलाईन तीनधारा काठमाडौंमा सुरक्षित रहेका छन् । रिट निवेदक संस्थाले गरेको कसुर ढाकछोप गर्न र आफ्नो कमिकमजोरीहरूबाट उन्मुक्ति पाउन सम्मानित अदालतलाई समेत भ्रममा पारी हुँदै नभएको र यस कार्यालयबाट बालबालिकाहरूले हितमा गरिएको कार्यलाई नकारात्मक व्यहोराले सम्मानित अदालतमा जाहेर गरी रिट निवेदन दायर गरेको देखिएकाले सो रिट निवेदन खारेज गरिपाउँ भन्ने व्यहोराको महानगरीय प्रहरी वृत्त बौद्ध काठमाडौं र ऐ. का प्रहरी निरीक्षक ऋषि कुमार ढुंगानाका तर्फबाट प्रस्तुत भएको लिखित जवाफ।

विपक्षी रिट निवेदकले रिट निवेदनमा लिएको जिकिरअनुसारको कार्य यस परिसरबाट नभएको नगरिएको अवस्थामा पनि कपोलकल्पित झुट्ठा व्यहोरा उल्लेख गरी यस परिसरसमेतलाई विपक्षी बनाई सम्मानित अदालतसमक्ष दायर गरेको बन्दीप्रत्यक्षीकरण रिट खारेज गरिपाउँ भन्ने व्यहोराको महानगरीय प्रहरी परिसर काठमाडौंको तर्फबाट पेस भएको लिखित जवाफ।

**पेटबोलीमा देखिएका संस्थालाई बुझ्न भनी गरिएको यस अदालतको आदेश**

निवेदनमा उल्लेख भएका नाबालकहरू हाल बाल हेल्पलाईन तीनधारामा राखिएको कुरा विपक्षी महानगरीय प्रहरी वृत्त, बौद्ध काठमाडौंमा कार्यरत प्र.नि. ऋषि कुमार ढुंगानाको लिखित जवाफबाट देखिएकोले लिखित जवाफको पेटबोलीबाट देखिएअनुसार बाल हेल्पलाईन तीनधाराको नाममा र केन्द्रीय बालकल्याण समितिबाट ३ दिनभित्र लिखित जवाफ पेस गर्न रिट निवेदन र यो आदेशको प्रतिलिपि साथै राखी म्याद जारी गर्नु र नाबालकहरूलाई पेसीको दिन उपस्थित गराउनसमेत सूचना दिनु भन्ने यस अदालतको मिति २०७२।४।१५।६ को आदेश।

**अदालतको आदेशद्वारा बुझिएका केन्द्रीय बाल कल्याण समिति र बाल हेल्पलाईन नेपालको लिखित जवाफ**

काठमाडौं जिल्ला अत्तरखेल बेशीगाउँमा सञ्चालित सहयोगी नेपालको बालगृहमा रहेका बालबालिकालाई हाल बसेको भन्दा अघिल्लो पटक बसेको गमन आचार्यले यौन दुर्व्यवहार गरेको तथा संस्थाका सञ्चालक एवम् कर्मचारीले समेत बालबालिकालाई कुटपिट गर्ने गरेको भन्नेसमेतको सूचना यस समितिमा प्राप्त भएकोले सो सम्बन्धमा महानगरीय प्रहरी वृत्त, बौद्धलाई स्थलगत अनुगमन, छानबिन र आवश्यक कारवाही गर्न लेखी पठाइएकोले सो सम्बन्धमा आवश्यक अनुसन्धान भइरहेको छ । मिति २०७२।४।१५ मा महानगरीय प्रहरी वृत्त बौद्ध, जिल्ला बालकल्याण समिति काठमाडौं तथा यस समितिका प्रतिनिधिसहित उक्त संस्थामा गई पीडित बालबालिकाको उद्धार गरिएको हो । बालबालिकालाई उद्धार गरी ल्याएपश्चात् तत्काल महानगरीय प्रहरी वृत्त, बौद्ध परिसरमा यस समितिका प्रतिनिधिसमेतको रोहवरमा बालबालिकालाई सोधपुछ गर्दा, बालबालिकाले हाल बसेको भन्दा पहिलेको घरधनीले यौन दुर्व्यवहार गरेको तथा संस्थाका पदाधिकारीले कुटपिटसमेत गर्ने गरेको भनी स्पष्ट बताएका छन् । अतः संरक्षण प्रदान गरिएको भनिएकै संस्थामा बालबालिकामाथि यौन दुर्व्यवहारसमेत भएको सन्दर्भमा पीडकहरूबाट बालबालिकालाई अलग गरी उचित संरक्षण प्रदान गरी आवश्यक छानबिनलगायतको प्रक्रिया अघि बढाउन आवश्यक देखिएकोले उक्त बालबालिकाहरूलाई तत्कालका लागि सुरक्षितरूपमा राख्न बाल हेल्पलाईनको जिम्मा दिइएको हो भन्ने व्यहोराको केन्द्रीय बाल कल्याण समिति हरिहरभवन, पुल्चोकका तर्फबाट पेस भएको लिखित जवाफ।

महिला बालबालिका तथा समाज कल्याण मन्त्रालयले बाल हेल्पलाईन सञ्चालन कार्यविधि, २०६४ जारी गरी सकेपश्चात् यसको दफा ६

बमोजिम सिविनले बाल हेल्पलाईन सञ्चालन गर्दै आइरहेको छ। उक्त कार्यविधिको दफा ८(१) अन्तर्गत बालबालिकालाई उद्धार गरी आवास सुविधामा ल्याउन सक्ने प्रावधान छ। सोही प्रावधानबमोजिम रिट निवेदनमा उल्लेख गरिएका बालबालिकाहरूलाई आवश्यक संरक्षण गर्न भनेर महानगरीय प्रहरी वृत्त बौद्धले मिति २०७२।३।१५ मा पत्रसहित बाल हेल्पलाईन नेपालमा आभा, सुप्रिया र गौरव नाम गरेका बालबालिका राख्न पठाएको हो। हामीले कसैलाई बन्दी बनाएका पनि छैनौं र विपक्षीले रिट निवेदनमा कहीँकतै बाल हेल्पलाईन नेपालले बालबालिकालाई बन्दी बनाएर राख्यो भनी खुलाउन सकेको अवस्था पनि नरहेको र विपक्षीसमेत नबनाएको हुँदा रिट जारी हुनु पर्ने होइन रिट खारेज गरिपाउँ भन्ने व्यहोराको सिविन नेपालद्वारा सञ्चालित बाल हेल्पलाईन नेपाल, तीनथानाको तर्फबाट पेस भएको लिखित जवाफ।

**यस अदालतको आदेश**

नियमबमोजिम पेसी सूचीमा चढी निर्णयार्थ यस इजलाससमक्ष पेस हुन आएको प्रस्तुत विषयमा सहयोगी समाज नेपाल नाम गरेको रिट निवेदक संस्थामा विधिवत् आश्रित रहेका तीन जना बालबालिकाहरूलाई विपक्षी प्रहरी कार्यालयद्वारा नियन्त्रणमा लिएको हुँदा बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिपाउन निवेदन गरेको पाइयो।

विपक्षी प्रहरी कार्यालयको लिखित जवाफ हेर्दा निवेदक संस्था र उक्त संस्थाको घर रहेको पूर्व घरधनीले बालबालिकालाई शोषण गरेको भन्ने बाल कल्याण समितिको पत्रानुसार निजहरूको उद्धार गर्न निजहरूलाई बाल हेल्पलाईन नेपालको जिम्मा दिइएको हो भन्ने व्यहोरा उल्लेख गरेको पाइयो। यस अदालतको आदेशानुसार केन्द्रीय बाल कल्याण समितिले पेस गरेको लिखित जवाफमा ती बालबालिकाहरूको यौन शोषण भएको र निजहरूलाई कुटपिट हुने गरेको भन्ने प्राप्त सूचनाका आधारमा निजहरूलाई उद्धार गर्नका लागि प्रहरीकहाँ लेखी पठाएको हो भन्ने उल्लेख भएको पाइयो।

तसर्थ रिट निवेदक संस्थामा आश्रित रहेका दुई जना बालिका र एक जना बालकलाई उक्त संस्थाको संरक्षकत्वबाट बाल हेल्पलाईन नेपालको जिम्मामा लगाइएको कार्यका लागि निवेदन मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी भई बालबालिकालाई निवेदक संस्थाको संरक्षकत्वमा जिम्मा लगाइनु पर्ने हो होइन भन्ने सम्बन्धमा निर्णय दिनु परेको छ।

२. यसमा निर्णयतर्फ विचार गर्दा बालबालिका आभा, सुप्रिया र गौरवलाई प्रहरी कार्यालयले नै निवेदक संस्था सहयोगी समाज नेपाललाई संरक्षण गर्नका लागि जिम्मा दिएको भन्ने निवेदक संस्थाको भनाई देखिन्छ। यसरी जिम्मा लगाउँदा सामुदायिक प्रहरी सेवासमेतबाट जिम्मा लगाइएको भन्ने व्यहोराको पत्रको प्रतिलिपिसमेत मिसिल संलग्न रहेको पाइन्छ। बालबालिकाहरू केही दिन केही महिना मात्रको हुँदा लालन पालन गर्न जिम्मा लिएको संस्थाले बालबालिकाहरूप्रति दुर्व्यवहार गरेको वा निजहरूलाई कुटपिट गरेको भन्ने आधारमा केन्द्रीय बालकल्याण समितिको अनुरोधको आधारमा गरिएको कारवाहीस्वरूप यी बालबालिकाहरू निवेदक संस्थाको संरक्षकत्वबाट वञ्चित भएको देखिन्छ। यही संस्थाले त्यस्तो दुर्व्यवहार गरेको भन्ने यकिन गर्न सकिने ठोस सबुद लिखित जवाफ प्रस्तुतकर्ताले पेस गर्न सकेको पनि देखिएन। निवेदक संस्था रहेको घरको पूर्व घरधनीले दुर्व्यवहार गरेकै भए पनि त्यो प्रश्न प्रस्तुत मुद्दाको सन्दर्भमा विचारणीय छैन किनकी वर्तमान अवस्थामा निवेदक संस्था वा बालबालिका पूर्व घरधनीको प्रत्यक्ष वा परोक्ष रूपमा नियन्त्रणमा रहेको भन्ने मिसिलबाट देखिँदैन।

३. तसर्थ निवेदक संस्थाको संरक्षकत्वमा रहँदा यी बालबालिकाले विगतमा कुनै दुर्व्यवहार सहनु परेको अवस्था मिसिलबाट देखिँदैन भने यस्तो अवस्थामा यो संस्थाको सहमति वा स्वीकृतिबिना यी बालबालिकालाई उक्त संस्थाको संरक्षकत्वमा हटाउनका लागि यथेष्ट कारण वस्तुनिष्ठ आधारमा

प्रमाणित हुनुपर्ने हुन्छ । प्रहरी कार्यालयले संरक्षण गर्न जिम्मा दिएकै भरमा निवेदक संस्थाले यी बालबालिकाको शिक्षादीक्षा लालन पालन गरी आएको अवस्थामा प्रहरी कार्यालयले नै त्यहाँबाट छुटाई अर्को संस्थामा निजहरूलाई पठाउँदा ती बालबालिकाको मनोदशा कस्तो हुन्छ भन्ने कुराको पनि हेक्का राख्नु जरूरी हुन्छ । अनाथ बालबालिकालाई जुनसुकै बालकल्याणकारी संस्थाले कानूनबमोजिम आफ्नो संरक्षकत्वमा राख्न नसक्ने होइन तर त्यसरी राख्दा बालबालिकाको सर्वोत्तम हित र रूचीलाई ध्यान दिनु त्यत्तिकै आवश्यक हुन्छ । बन्दी बनाइएका भनेको बाल हेल्प लाईनमा राखिएका बालबालिकाहरूलाई इजलाससमक्ष सोधपुछ गर्दा निजहरूले निवेदक संस्थासँग रहन इच्छा जाहेर गरेको र निवेदक संस्थालाई नै सामुदायिक प्रहरी सेवा चावहिलबाट जिम्मा दिएको देखिएको अवस्थामा बालबालिकाको इच्छाविरूद्ध निजहरूलाई विपक्षी संस्थामा राखी राख्न उचित नहुँदा विपक्षी बाल हेल्पलाईन नेपालको जिम्माबाट छुटाई निवेदक संस्था सहयोगी समाज नेपाललाई निज बालबालिकाहरू आवा भन्ने आभा, सुप्रिया र गौरव जिम्मा लिनका लागि बालबालिकासम्बन्धी ऐन, २०४८ का सर्तहरू पालन गर्ने गरी कागज गराई निवेदक संस्थाको जिम्मामा बालबालिकाहरू पठाई दिने आदेश जारी गरी दिएको छ । प्रस्तुत आदेशको जानकारी विपक्षी महानगरीय प्रहरी वृत्त बौद्धलगायत केन्द्रीय बाल कल्याण समिति हरिहरभवन, पुल्चोक र बाल हेल्पलाईन नेपाल, तीन थाना काठमाडौंसमेतलाई दिनू । साथै आदेशको विद्युतीय अभिलेख प्रविष्ट गराई दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार बुझाइदिनू ।

उक्त रायमा सहमत छु ।
न्या.गोविन्दकुमार उपाध्याय

इजलास अधिकृत : अनिलकुमार शर्मा
इति संवत् २०७२ साल साउन २२ गते रोज ६ शुभम् ।

## निर्णय नं.९५५५

सर्वोच्च अदालत, संयुक्त इजलास
सम्माननीय प्रधानन्यायाधीश श्री कल्याण श्रेष्ठ
माननीय न्यायाधीश श्री ओमप्रकाश मिश्र
आदेश मिति : २०७२।७।१६।२
०७१-WH-००५१

विषय : बन्दीप्रत्यक्षीकरण ।

रिट निवेदक : धनुषा जिल्ला, दुहवी गा.वि.स. वडा नं. ८ घर भई कारागार कार्यालय जलेश्वरमा कैदमा रहेको वर्ष ७६ को रामदेव मुखिया

विरूद्ध

विपक्षी : नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत

- **ज्येष्ठ नागरिकसम्बन्धी ऐन, २०६३ को दफा १२ को व्यवस्था निरपेक्ष हकको रूपमा नभई सम्बन्धित निकायको स्वविवेकको विषय देखिँदा जिल्ला अदालतबाट कैद छुट नदिने गरी भएको आदेश गैरकानूनी भन्न मिलेन । तसर्थ निवेदकको संवैधानिक तथा कानूनी हकमा गैरकानूनी हस्तक्षेप गरी थुनामा राखेको भन्न सकिने मनासिब आधार नदेखिँदा निवेदन मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्न नमिल्ने ।**

(प्रकरण नं.६)

- **ज्येष्ठ नागरिक ऐन, २०६३ को दफा १२(ख) सत्तरी वर्ष उमेर पुरा भई पचहत्तर वर्ष ननाघेका ज्येष्ठ नागरिकलाई पचास प्रतिशतसम्म कैद छुट दिन सकिने व्यवस्था गरेको छ भने कारागार नियमावली, २०२० को नियम २९(२क) ले सत्तरी वर्ष उमेर पुरा**

**भएका कैदीहरूको पचहत्तर प्रतिशतसम्म कैद छोट्याउन सकिने व्यवस्था गरेको देखिन्छ । दुवै कानूनी व्यवस्थाको उद्देश्य निश्चित उमेरका कैदीहरूको बाँकी कैद छुट गर्नु भएपनि एउटै उमेर समूहलाई सम्बोधन गर्न ऐन र नियममा फरक फरक कानूनी प्रावधानहरू विद्यमान रहेको देखियो । यसबाट कुन कानूनी व्यवस्थाको प्रयोग र पालना हुनुपर्ने हो भन्नेमा अन्यौल र द्विविधाको स्थिति रहने हुँदा यस्तो द्विविधाको अन्त्यका लागि ज्येष्ठ नागरिक ऐनमा नै आवश्यक संशोधन गरी वा ऐनको उद्देश्य पुरा गर्ने नियमावलीमार्फत ज्येष्ठ नागरिकले कैद छुट पाउने विषयमा स्पष्ट आधार र प्रक्रिया किटान गर्नुपर्ने हुँदा तदनुरूपको व्यवस्था गर्नु भनी विपक्षी नेपाल सरकारको नाममा परमादेशको आदेश जारी हुने ।**

(प्रकरण नं.७ र ८)

रिट निवेदकका तर्फबाट : विद्वान् वरिष्ठ अधिवक्ता शम्भु थापा, अधिवक्ताहरू कृष्ण थापा, पुर्णप्रसाद राजवंशी

विपक्षीका तर्फबाट : विद्वान् सहन्यायाधिवक्ता किरण पौडेल

अवलम्बित नजिर :

सम्बद्ध कानून :

- ज्येष्ठ नागरिक ऐन, २०६३ को दफा १२(ग)
- कारागार नियमावली, २०२० को नियम २९(२क)

आदेश

**स.प्र.न्या.कल्याण श्रेष्ठ :** नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३२, १०७(२) बमोजिम यस अदालतको असाधारण अधिकारक्षेत्रअन्तर्गत दर्ता भएको प्रस्तुत निवेदनको संक्षिप्त तथ्य र आदेश यसप्रकार छ:

म निवेदक विरूद्ध लक्ष्मेश्वर यादवको छोरा वर्ष ५ को दिपेशकुमार यादवलाई अपहरण गरी कर्तव्य गरी मारेको भन्ने सम्बन्धमा परेको जाहेरीका आधारमा प्रहरीले मलाई मिति २०६७।७।५ मा पक्राउ गरी अपहरण तथा शरीर बन्धक तथा कर्तव्य ज्यान मुद्दा चलाएकोमा धनुषा जिल्ला अदालतको आदेशानुसार पुर्पक्षको लागि थुनामा रहेको छु । यसरी मउपर चलेको उपरोक्त मुद्दामा धनुषा जिल्ला अदालतबाट फैसला हुँदा मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १७(२) बमोजिम ५ वर्ष कैद, मुलुकी ऐन, अपहरण तथा शरीर बन्धक लिनेको ३ नं. बमोजिम ७ वर्ष कैद र रू. ५० हजार जरिवाना र सोही महलको ९ नं. बमोजिम थप २ वर्ष कैदसमेत हुने ठहरी फैसला भएको थियो । सो फैसलाउपर म निवेदकले पुनरावेदन अदालत, जनकपुरमा पुनरावेदन गरेकोमा धनुषा जिल्ला अदालतको फैसला सदर हुने ठहरी फैसला भएको छ । म निवेदक मिति २०६७।७।५ देखि थुनामा बसेको हुँदा उक्त मितिबाटै कैद कट्टा हुने गरी धनुषा जिल्ला अदालतबाट ९ वर्षको कैदी पुर्जी ठेकिएको छ ।

म निवेदकको उमेर ७६ वर्ष पुगिसकेको छ । ज्येष्ठ नागरिकसम्बन्धी ऐन, २०६३ को दफा १२(ग) बमोजिम ७६ वर्ष पुरा भएका ज्येष्ठ नागरिकलाई ठेकिएको कैदको ७५ प्रतिशत छुट पाउने कानूनी व्यवस्था भएकोले सोअनुसार कैद छुटका लागि जिल्ला अदालतमा निवेदन दिएकोमा उक्त अदालतबाट यस अदालतको मिति २०६९।०२।२ र पुनरावेदन अदालतको मिति २०७०।१।२५ को फैसलामा कैद छुट सम्बन्धमा केही उल्लेख नभएकोले कसुरको गम्भिरता र अवस्था हेरी कैद छुट दिन सकिने देखिएन भनी कैद छुट दिन इन्कार गरियो । ज्येष्ठ नागरिकसम्बन्धी ऐन, २०६३ को दफा १२(ग) बमोजिम ठेकिएको कैदको ७५ प्रतिशत छुट दिँदा निवेदक पहिले नै छुटी जाने भए पनि सोबमोजिम कानूनले दिएको छुट दिनुपर्नेमा नदिई गैरकानूनीरूपबाट कैदमा नै राखिएको छ । विपक्षीको उपरोक्त गैरकानूनी कैदबाट मुक्त गरी पाउने

अन्य कुनै वैकल्पिक कानूनी उपचारको मार्गको अभाव रहेको एवम् विपक्षीको गैर कानूनी कार्यबाट निवेदकको ज्येष्ठ नागरिकसम्बन्धी ऐन, २०६३ को दफा १२(१)(ग), नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२(२),(३)(ङ)(च), धारा १३ समेतद्वारा प्रदत्त संवैधानिक एवम् कानूनी हक हनन् हुन गएको हुँदा बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी कैद मुक्त गरिपाउँ भनी प्रस्तुत निवेदन गरेको छु।

मेरो जन्म वि.सं. १९९५ सालमा भएको हुँदा हाल ७६ वर्ष पुगिसकेको छु। ज्येष्ठ नागरिकसम्बन्धी ऐन, २०६३ को दफा १२(१)(ग) बमोजिम निवेदकले पचहत्तर प्रतिशत कैद छुट नपाउने अवस्था छैन। ज्येष्ठ नागरिकहरूको संरक्षण र सामाजिक सुरक्षा गर्ने उद्देश्यले विशेष ऐनको रूपमा उक्त ऐन आएको हो र ऐनले दिएको छुट निवेदकलाई दिन वञ्चित गरिएको हुँदा विपक्षीको उक्त कार्य कानूनविपरीत छ। विशेष ऐनले दिएको सुविधाबाट वञ्चित गरी साधारण कानूनबमोजिम ठेगिएको कैद भुक्तानीको लागि राख्ने कार्य मुलुकी ऐन, प्रारम्भिक कथनको ४ नं. विपरीत भएको हुँदा मागबमोजिम आदेश जारी हुने कुरा विवादरहित छ। विधायिकाले ज्येष्ठ नागरिकको संरक्षण र सामाजिक सुरक्षा गर्न बनाएको कानून सोहीरूपमा कार्यान्वयन नभई निष्क्रिय भएर नजाने हुँदा निवेदकले ऐनबमोजिम कैद छुट पाउने र कैद मुक्त हुने कुरा निर्विवाद छ। नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२(१)(२)(३) लगायतले प्रदान गरेका वैयक्तिक स्वतन्त्रता कसैले चाहेको अवस्थामा उपभोग गर्न पाउने र नचाहेको अवस्थामा उपभोग गर्न नपाउने होइन। वैयक्तिक स्वतन्त्रता हरेक पल अमुल्य र अपुरणीय हुन्छ। जसको क्षतिपूर्ति, सट्टा भर्ना कहिँबाट हुन सक्दैन। यसरी निवेदकलाई वैयक्तिक स्वतन्त्रता उपभोग गर्नबाट निराधार तवरबाट वञ्चित गरिएको छ।

संविधानले कानूनबमोजिम बाहेक व्यक्तिको वैयक्तिक स्वतन्त्रता अपहरण नहुने सुनिश्चित गरेकोमा निवेदकलाई ऐनले दिएको छुटबाट वञ्चित गर्ने अधिकार विपक्षीलाई कुनै कानूनले दिएको छैन। साथै कैद छुटको सुविधा कानूनी व्यवस्था भएको हुँदा फैसलाले बोल्नै पर्दैन। तसर्थ म निवेदक ७६ वर्षको वृद्ध, गम्भिर रोगी भएको अवस्थालाई मध्यनजर गरी ज्येष्ठ नागरिकसम्बन्धी ऐन, २०६३ को दफा १२(१)(ग) बमोजिम निवेदकलाई ठेकिएको कैद छुट दिनु र यसरी कैद छुट दिँदा निवेदकलाई लागेको कैद भुक्तान हुने भएकोले निवेदकलाई अविलम्ब कैद मुक्त गर्नु गराउनु भन्ने बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी गैरकानूनी कैद मुक्त गरिपाउँ भन्ने रिट निवेदन व्यहोरा।

यसमा के कसो भएको हो ? निवेदकको मागबमोजिमको आदेश किन जारी हुनु नपर्ने हो ? होइन भने आधार र कारण खुलाई यो आदेश प्राप्त भएका मितिले बाटाका म्यादबाहेक ३ दिनभित्र महान्यायाधिवक्ताको कार्यालयमार्फत लिखित जवाफ पेस गर्नु भनी रिट निवेदनको नक्कल साथै राखी विपक्षीहरूलाई सूचना पठाइ लिखित जवाफ परेपछि वा अवधि नाघेपछि पेस गर्नु भन्ने यस अदालतको आदेश।

अदालतको फैसलापश्चात् कैद सजाय पाई सजाय भोगी रहेको अवस्थामा कैद छुटको लागि सम्बन्धित कारागार कार्यालयमार्फत निवेदन दिनुपर्ने हुन्छ। निवेदकले कैद छुटको सुविधाको लागि सम्बन्धित कारागार कार्यालयमा निवेदन दिई प्रक्रिया अगाडि बढाउनु पर्नेमा सो गरेको भन्ने निवेदनबाट खुल्दैन। कैद छुटका लागि सम्बन्धित कारागार कार्यालयमा निवेदन दिई प्रक्रिया अगाडि बढाउनु पर्ने र सोबमोजिम गर्दासमेत कानूनबमोजिम छुट वा सुविधा नपाएको अवस्थामा मात्र रिटको माध्यमबाट उपचार खोज्नु पर्नेमा आधारभूत प्रक्रियामा नै प्रवेश नगरी रिट दिएको देखिन्छ। यसरी कैद छुट पाउने हो वा होइन भन्ने तथ्यगत स्थितिको यकिन गरी सम्बन्धित कारागार कार्यालयले प्रक्रिया अगाडि बढाउनु पर्ने हुँदा यस कार्यालयलाई विपक्षी बनाउनुको औचित्य नहुँदा प्रस्तुत रिट निवेदन खारेज गरिपाउँ

भन्नेसमेत व्यहोराको प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको लिखित जवाफ ।

निवेदक रामदेव मुखियालाई धनुषा जिल्ला अदालतको कैदी पुर्जीअनुसार मिति २०६७।७।५ बाट लागू हुने गरी ९ वर्ष कैद अर्थात् २०७६।७।४ गतेसम्म कैदमा राखी जरिवाना रू. पचास हजार नबुझाए सोबापत थप ४ वर्ष कैदमा राखी मिति २०८०।७।५ बाट कैद मुक्त गरी दिनु भनी लेखी आएअनुसार निवेदक यस कारागारमा छन् । यसरी निवेदकले उल्लेख गरेबमोजिम कैद छुटको व्यवस्था नदिई कानूनी दायित्व पालना नगरेको भन्ने कुरा झुट्ठा हुन् । यस कारागार कार्यालयलाई कैद छुट मिनाहा दिने अधिकार छैन । तसर्थ झुट्ठा निवेदन खारेज गरिपाउँ भन्नेसमेत कारागार कार्यालय, महोत्तरीको लिखित जवाफ ।

वादी नेपाल सरकार प्रतिवादी रामदेव मुखियासमेत भएको अपहरण शरीर बन्धक तथा कर्तव्य ज्यान मुद्दामा सुरू धनुषा जिल्ला अदालतबाट भएको फैसला परिवर्तन गर्नुपर्ने नदेखिई मिलेकै देखिँदा सदर हुने ठहर्छ भनी यस अदालतबाट फैसला भएको छ । कानूनबमोजिम क्षेत्राधिकार ग्रहण गरी कानूनबमोजिम नै यस अदालतबाट फैसला भएको हुँदा रिट निवेदकको संविधान प्रदत्त मौलिक हक हनन् नभएकोले रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत पुनरावेदन अदालत, जनकपुरको लिखित जवाफ ।

यस अदालतको मिति २०६९।२।२ को फैसलाले निवेदकलाई नौ वर्ष कैद र रू. ५० हजार जरिवाना हुने ठहरी भएको फैसला पुनरावेदन अदालतबाट समेत सदर भइसकेको छ । यस अदालतको २०६७।८।२ को आदेशले थुनछेकको क्रममा कारागार कार्यालय चलान भई गएको र यस अदालतको फैसलाअनुसारको कैदी पुर्जी मिति २०६९।१०।७ मा दिएको हो । निवेदकको रिट निवेदनबाट कैदमुक्त गर्न नमिल्ने हुँदा निवेदन खारेज गरिपाउँ भन्नेसमेत धनुषा जिल्ला अदालतको लिखित जवाफ ।

नियमबमोजिम दैनिक पेसी सूचीमा चढी इजलाससमक्ष पेस हुन आएको प्रस्तुत निवेदनमा निवेदकतर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ता श्री शम्भु थापा, अधिवक्ताहरू श्री कृष्ण थापा, श्री पुर्णप्रसाद राजवंशीले रिट निवेदक ७६ वर्षको वृद्ध एवम् रोगी व्यक्ति भएको मिसिलबाट देखिन्छ । ज्येष्ठ नागरिक ऐन, २०६३ ले ७५ वर्ष नाघेका वृद्धहरूलाई लागेको ७५ प्रतिशत कैद छुट हुने कानूनी व्यवस्थाअनुसारको कैद छुट नदिएको कारण गैरकानूनी ढङ्गबाट कारागारमा कैदी जीवन बिताउनु परेको छ । ऐनले दिएको सुविधा कुनै प्रक्रियागत कारण देखाई इन्कार गर्न मिल्दैन । तसर्थ ऐनबमोजिमको कैद छुट दिनु र थुनामुक्त गरी दिनु भनी बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिपाउँ भनी र प्रत्यर्थी नेपाल सरकारका तर्फबाट उपस्थित विद्वान् सहन्यायाधिवक्ता श्री किरण पौडेलले निवेदक अपहरण तथा शरीर बन्धक र कर्तव्य ज्यान मुद्दामा अदालतबाट भएको फैसलाबमोजिम कैदमा रहेका व्यक्ति हुन् । निवेदकले उल्लेख गरेबमोजिम निज ७५ वर्ष नाघेका वृद्ध होइनन । कैद छुट पाउँ भनी कारागार कार्यालयमार्फत प्रक्रिया अगाडि बढाउनु पर्ने त्यसो नगरी सोझै अदालतमा निवेदन गरेको छ । यसरी गलत प्रक्रियाबाट निजले मागबमोजिम छुट पाउने नहुँदा निवेदन खारेज गरिपाउँ भनी गर्नुभएको बहससमेत सुनियो ।

विद्वान् कानून व्यवसायीहरूको उपरोक्त बहस सुनी मिसिल अध्ययन गरी हेर्दा यसमा निवेदन मागबमोजिम आदेश जारी हुने हो होइन भन्ने सम्बन्धमा निर्णय दिनुपर्ने देखियो ।

२. निर्णयतर्फ विचार गर्दा मेरो जन्म वि.सं. १९९५ सालमा भएको हुँदा म ७६ वर्ष पुगिसकेको छु । ज्येष्ठ नागरिक ऐन, २०६३ को दफा १२(ग) बमोजिम पचहत्तर वर्ष पुरा भएका कैदीहरूको पचहत्तर प्रतिशतसम्म कैद छुट हुने प्रावधानअनुसारको कैद छुट सुविधा पाउँ भनी धनुषा जिल्ला अदालतमा निवेदन दिएकोमा कैद छुट सम्बन्धमा फैसलामा केही उल्लेख

नभएको एवम् कसुरको गम्भिरता हेरी कैद छुट दिन सकिएन भनी कैद छुट दिन इन्कार गरेको हुँदा पचहत्तर प्रतिशत कैद भुक्तान भएपनि आफू गैरकानूनी थुनामा नै बस्नु परेकोले बन्दीप्रत्यक्षीकरणको आदेशद्वारा थुनामुक्त गरिपाउँ भनी निवेदकले माग दाबी लिएको देखिन्छ । प्रत्यर्थी नेपाल सरकारका तर्फबाट कैद छुटको लागि सम्बन्धित कारागार कार्यालयमार्फत निवेदन दिई प्रक्रिया अगाडि बढाउनु पर्नेमा सो गरेको भन्ने निवेदकले उल्लेख गरेको छैन । यसरी सम्बन्धित निकायबाट उचित प्रक्रिया पुरा नगरी रिट क्षेत्रमा प्रवेश गरेको देखिँदा रिट खारेज गरिपाउँ भन्नेसमेत लिखित जवाफ रहेको देखिन्छ ।

३. वादी नेपाल सरकार प्रतिवादी रामदेव मुखियासमेत भएको अपहरण तथा शरीर बन्धक र कर्तव्य ज्यान मुद्दामा रिट निवेदकलाई धनुषा जिल्ला अदालतबाट ९ वर्ष कैद र रू. ५० हजार जरिवाना हुने ठहरी भएको फैसला पुनरावेदन अदालत, जनकपुरबाट समेत सदर भई उक्त फैसलाअनुसार अदालतबाट ठेकिएको कैदबमोजिम कारागारमा रहेको भन्ने निवेदन व्यहोराबाट देखिन आएको छ । अदालतको फैसलाबमोजिम ठेकिएको कैद ज्येष्ठ नागरिकका हकमा पचहत्तर प्रतिशतसम्म छुट हुने कानूनी व्यवस्थाअनुसार कैद छुट पाई निवेदक पहिले नै छुटी जाने भए पनि सोबमोजिम कानूनले दिएको छुट नदिई गैरकानूनीरूपबाट थुनामा राखिएको छ भन्नेसमेत निवेदकको दाबी रहेको देखिन्छ । सो सम्बन्धमा हेर्दा निवेदकले कैद छुटको लागि आधार मानेको ज्येष्ठ नागरिकसम्बन्धी ऐन, २०६३ को दफा १२ मा निम्न व्यवस्था रहेको पाइन्छ ।

४. प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि सरकार वादी भई चलेको कुनै मुद्दामा कैद सजाय पाइ कैद भोगी रहेको ज्येष्ठ नागरिकलाई निजको उमेर र कसुरको अवस्था हेरी देहायबमोजिमको छुट दिन सकिनेछः-

(क) पैसठ्ठी वर्ष उमेर पुरा भई सत्तरी वर्ष ननाघेका ज्येष्ठ नागरिकलाई पच्चीस प्रतिशतसम्म ।

(ख) सत्तरी वर्ष उमेर पुरा भई पचहत्तर वर्ष ननाघेका ज्येष्ठ नागरिकलाई पचास प्रतिशतसम्म ।

(ग) पचहत्तर वर्ष उमेर पुरा भएका ज्येष्ठ नागरिकलाई पचहत्तर प्रतिशतसम्म ।

५. यसरी माथि उल्लिखित कानूनी व्यवस्थाअनुसार अदालतको फैसलाअनुसार कैद सजाय भएका विभिन्न उमेर समुहका ज्येष्ठ नागरिकलाई फरकफरक प्रतिशतको आधारमा कैद छुट दिन सकिने व्यवस्था ऐनमा रहेको देखियो । निवेदकले आफ्नो जन्म मिति वि.सं. १९९५ सालमा भएको हुँदा आफू ७६ वर्ष पुगिसकेको हुँदा पचहत्तर प्रतिशत कैद छुट पाउनु पर्छ भनी निवेदन दाबी लिएको देखिन्छ । मिसिल संलग्न निवेदकको नागरिकताको प्रतिलिपि हेर्दा मिति २०३९।९।१२ मा प्रमाणपत्र लिँदाका बखत उमेर ३८ वर्ष उल्लेख भएको देखिँदा निवेदकले उल्लेख गरे झैं निजको उमेर ७६ वर्ष पुगिसकेको भन्ने देखिँदैन । तथापि पैसठ्ठी वर्ष उमेर पुरा भएका ज्येष्ठ नागरिकले पनि माथि उल्लिखित प्रतिशतका आधारमा कैद छुट पाउने ऐनको व्यवस्था रहेकोले त्यसतर्फ हेर्दा माथि उल्लिखित ऐनको दफा १२ मा "...कैद भोगिरहेको ज्येष्ठ नागरिकलाई निजको उमेर र कसुरको अवस्था हेरी कैद छुट दिन सकिनेछ" भन्ने शब्दावली प्रयोग भएको देखिन्छ । यसरी उक्त ऐनको व्यवस्था हेर्दा कसुरदारको उमेर र कसुरको अवस्था हेरी कैद छुट दिने नदिने भन्ने विषय स्वविवेकिय देखिन्छ । अर्थात् ज्येष्ठ नागरिकलाई निरपेक्षरूपमा कैद छुट दिनै पर्ने बाध्यात्मक व्यवस्था हो भन्ने उक्त ऐनको आशयबाट देखिँदैन । यसरी स्वविवेकिय विषयलाई निरपेक्ष हक ठानी वैयक्तिक हकका रूपमा दाबी गर्न मिल्दैन । निवेदकले कैद छुटका लागि जिल्ला अदालतसमक्ष निवेदन गरेको देखिन्छ । उल्लिखित ऐनको दफा १२ ले स्पष्टरूपमा अदालतमार्फत कैद छुट दिने भनी छुट दिने विषय अदालतको क्षेत्राधिकार भित्र राखेको देखिँदैन । कारागार प्रशासनले हेर्ने कैद छुटसम्बन्धी विषय न्यायिक नभई प्रशासनिक प्रकृतिको देखिन्छ ।

कैदी बन्दीको प्रशासन र व्यवस्थापन गर्ने जिम्मेवारी कारागार कार्यालयको अधिकारक्षेत्रभित्र पर्ने हुँदा कैदीको उमेर, अवस्था, चालचलनको अभिलेख र मुल्याङ्कन अदालतबाट हुन सक्दैन। कैदी बन्दीको प्रशासन गर्ने कुरामा अदालत नियमितरूपमा संलग्न हुने अवस्था पनि छैन। अदालतको काम कारवाहीको प्रकृतिले पनि त्यसो गर्न मिल्दैन। तसर्थ कैद छुट दिन मिलेन भनी धनुषा जिल्ला अदालतबाट भएको आदेश गैरकानूनी हो भन्न मिलेन।

६. असल चालचलन भएका ७० वर्ष उमेर पुगेका कैदीहरूको हकमा कैद छोट्याउन सकिने व्यवस्था कारागार नियमावली, २०२० को नियम २९ मा रहेको देखिन्छ। यसरी कैद छोट्याउन आवश्यक देखेमा जेलरले प्रमुख जिल्ला अधिकारीसमक्ष पेस गरेको राय तह तह कारवाही हुँदै गृह मन्त्रालयबाट अन्तिम निकासा हुने व्यवस्था रहेको देखिन्छ। यसरी कैद छुटको माग सम्बन्धित निकाय कारागार कार्यालयमार्फत भएको खण्डमा सो सम्बन्धमा विचार हुन सक्ने देखियो। उक्त कानूनी व्यवस्थाअनुसार निवेदकले सम्बन्धित कारागारमा निवेदन दिई प्रक्रिया अगाडि बढाएको देखिँदैन। निवेदकले स्पष्टरूपमा ज्येष्ठ नागरिकसम्बन्धी ऐन, २०६३ को दफा १२(१) को खण्ड (ग) बमोजिम आफ्नो पचहत्तर प्रतिशत कैद भुक्तान भई सके पनि धनुषा जिल्ला अदालतले बाँकी कैद छुट दिन नमिल्ने भनी गरेको गैरकानूनी आदेशका कारण आफू थुनामा बस्नु परेको भनी बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिपाउँ भनी माग गरेको र माथि विवेचित आधार कारणबाट ज्येष्ठ नागरिकसम्बन्धी ऐन, २०६३ को दफा १२ को व्यवस्था निरपेक्ष हकको रूपमा नभई सम्बन्धित निकायको स्वविवेकको विषय देखिँदा धनुषा जिल्ला अदालतबाट कैद छुट नदिने गरी भएको आदेश गैरकानूनी भन्न मिलेन। तसर्थ निवेदकको संवैधानिक तथा कानूनी हकमा गैरकानूनी हस्तक्षेप गरी थुनामा राखेको भन्न सकिने मनासिब आधार नदेखिदा निवेदन मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्न मिलेन। प्रस्तुत निवेदन खारेज हुने ठहर्छ।

७. प्रस्तुत निवेदनमा मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी नहुने भए तापनि ज्येष्ठ नागरिकहरूको संरक्षण र सामाजिक सुरक्षा गर्नेसमेतका उद्देश्यले ज्येष्ठ नागरिकसम्बन्धी ऐन, २०६३ बनेको देखिन्छ। उक्त ऐनमा विभिन्न उमेर समूहका कैदीहरूलाई फरक फरक आधारमा कैद छुट दिन सकिने कानूनी व्यवस्थासमेत भएको परिप्रेक्ष्यमा सो ऐनको उद्देश्य कार्यान्वयन हुने गरी आवश्यक नियम हालसम्म बनेको देखिँदैन। कारागार नियमावली, २०२० को नियम २९(२क) ले सत्तरी वर्ष उमेर पुरा भएका कैदीहरूको पचहत्तर प्रतिशतसम्म कैद छोट्याउन सकिने व्यवस्था गरेको भए तापनि त्यसले ज्येष्ठ नागरिक ऐन, २०६३ को कानूनी प्रावधानलाई सम्बोधन गर्न सकेको देखिँदैन। ज्येष्ठ नागरिक ऐन, २०६३ को दफा १२(ख) सत्तरी वर्ष उमेर पुरा भई पचहत्तर वर्ष ननाघेका ज्येष्ठ नागरिकलाई पचास प्रतिशतसम्म कैद छुट दिन सकिने व्यवस्था गरेको छ भने कारागार नियमावली, २०२० को नियम २९(२क) ले सत्तरी वर्ष उमेर पुरा भएका कैदीहरूको पचहत्तर प्रतिशतसम्म कैद छोट्याउन सकिने व्यवस्था गरेको देखिन्छ। दुवै कानूनी व्यवस्थाको उद्देश्य निश्चित उमेरका कैदीहरूको बाँकी कैद छुट गर्नु भएपनि एउटै उमेर समूहलाई सम्बोधन गर्न ऐन र नियममा फरक फरक कानूनी प्रावधानहरू विद्यमान रहेको देखियो। यसबाट कुन कानूनी व्यवस्थाको प्रयोग र पालना हुनुपर्ने हो भन्नेमा अन्यौल र द्विविधाको स्थिति रहने हुन्छ।

८. त्यसैले यस्तो द्विविधाको अन्त्यका लागि ज्येष्ठ नागरिक ऐनमा नै आवश्यक संशोधन गरी वा ऐनको उद्देश्य पुरा गर्ने नियमावलीमार्फत ज्येष्ठ नागरिकले कैद छुट पाउने विषयमा स्पष्ट आधार र प्रक्रिया किटान गर्नुपर्ने हुँदा तदनुरूपको व्यवस्था गर्नु भनी विपक्षी नेपाल सरकारको नाममा परमादेशको आदेश जारी हुने ठहर्छ। प्रस्तुत आदेशको जानकारी महान्यायाधिवक्ताको कार्यालयमार्फत विपक्षी नेपाल

सरकारलाई दिनू । प्रस्तुत रिट निवेदनको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार बुझाइदिनू ।

उक्त रायमा सहमत छु ।
न्या.ओमप्रकाश मिश्र

इजलास अधिकृत: सुरेशराज खनाल
इति संवत् २०७२ साल कात्तिक १६ गते रोज २ शुभम् ।

## निर्णय नं.९५५६

सर्वोच्च अदालत, संयुक्त इजलास
सम्माननीय प्रधानन्यायाधीश श्री कल्याण श्रेष्ठ
माननीय न्यायाधीश श्री ओमप्रकाश मिश्र
फैसला मिति : २०७२।४।१८।२
०६८-CI-०५४३

मुद्दा : अग्रिम भुक्तानीसहित करारबमोजिमको क्षतिपूर्ति दिलाई भराई पाऊँ ।

पुनरावेदक / प्रतिवादी : काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं.४ बस्ने कृष्ण राणा

विरूद्ध

प्रत्यर्थी / वादी : काठमाडौं जिल्ला, का.म.न.पा.वडा नं.१९ बस्ने सिद्धान्तराज पाण्डेसमेत

०६८-CI-१२४७

पुनरावेदक / वादी : काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं.१९ बस्ने सिद्धान्तराज पाण्डेसमेत

विरूद्ध

प्रत्यर्थी / प्रतिवादी : काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं.१ नक्साल (प्रहरी पेट्रोल पम्पअगाडि) कृष्ण निवास बस्ने कृष्ण राणासमेत

- **करारबाट अचल सम्पत्ति बिक्री हुने नभई लिखत नै पारित हुनु पर्ने भए पनि बिक्री गर्ने उद्देश्यसहितको सर्तहरूको लिखत हुन नसक्ने होइन । बिक्री हुनलाई लिखत पारित गर्ने कुरा करारको सर्त परिपालना गरी पुरा हुने कार्य हो । तर बिक्रीको उद्देश्य राखी कुनै करार हुनै नसक्ने गरी कुनै प्रतिबन्ध लागेको कानूनी व्यवस्था देखिँदैन । त्यसैले त्यस्तो करार स्वतः अवैध भन्न मिल्ने देखिँदैन । त्यस्तो लिखतबाट केही लिनु खानु गरेको भए त्यस्तो लिखतको सर्तबमोजिम तिर्नु बुझाउनु नपर्ने भन्न पनि नमिल्ने ।**

(प्रकरण नं.४)

वादीका तर्फबाट : विद्वान् वरिष्ठ अधिवक्ता शम्भु थापा र विद्वान् अधिवक्ता शिवप्रसाद रिजाल
प्रतिवादीका तर्फबाट : विद्वान् वरिष्ठ अधिवक्ता विश्वकान्त मैनाली र विद्वान् अधिवक्ता सोमकान्त मैनाली
अवलम्बित नजिर :
सम्बद्ध कानून :

सुरू तहमा फैसला गर्ने :
मा. जिल्ला न्यायाधीश श्री बाबुराजा कार्की
पुनरावेदन तहमा फैसला गर्ने :
मा. न्यायाधीश श्री तेजबहादुर के.सी.
मा. न्यायाधीश श्री टंकबहादुर मोक्तान

फैसला

**स.प्र.न्या.कल्याण श्रेष्ठ :** न्याय प्रशासन ऐन, २०४८ को दफा ९ बमोजिम यस अदालतको क्षेत्राधिकारअन्तर्गत पुनरावेदन अदालत, पाटनको मिति २०६८।२।१६ को फैसलाउपर पुनरावेदन परी पेस हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यसप्रकार रहेको छः

**फिरादपत्रको व्यहोरा**

विपक्षी प्रतिवादीमध्येकी कृष्ण राणा र हामी फिरादीबीच मिति २०६१।२।२२ मा करार भई विपक्षीका नाउँमा दर्ता तिरो तथा भोग चलनमा रहेको का.जि.का.म.न.पा.वडा नं.१ को कि.नं.२८९ को क्षेत्रफल ३-१०-०-३ को जग्गा तथा उक्त कित्तामा बनेको पक्की घर र ऐ. स्थित कि.नं.१२९९ को क्षेत्रफल ०-८-०-० जग्गा गरी जम्मा क्षेत्रफल ४-२-०-३ को जग्गा तथा सोमा निर्मित पुरानो पक्की घर कूल बिक्री मूल्य रू.५,६१,००,०००।- कायम गरी सो मूल्यमा विपक्षीले सो घरजग्गा बिक्री गर्ने र हामीले उक्त घरजग्गा खरिद गर्नेबारेमा सहमति भएको थियो। लिखतमा विपक्षीमध्येको दिव्यश्वरकुमार सिंह र विपक्षी कारणकी एक मात्र सन्तान ज्योत्सना राज्यलक्ष्मी सिंहसमेत साक्षी बसी रू.६०,००,०००।- अग्रिम भुक्तानी लिई बाँकी रू.५,०१,००,०००।- रूपैयाँ जग्गा पारित गरिदिएका दिन भुक्तानी दिने गरी १/१ प्रति लिखत दुवै थरीबाट लिनु दिनु भएको थियो। यदि जग्गा पारित गर्न नसक्ने अवस्था पर्न गएमा सो रू.६०,००,०००।- को कानूनबमोजिम ब्याज र घरजग्गाको तोकिएको मूल्य रू.५,६१,००,०००।- को १० प्रतिशत रकम क्षतिपूर्तिस्वरूप हामी फिरादीलाई दिनु पर्ने सर्त भएकोमा विपक्षीले उक्त जग्गा पारित गरी दिनेतर्फ कुनै चासो नदेखाएकी र आफूले सो घरजग्गा विपक्षीमध्येकी छोरी ज्योत्सना राज्यलक्ष्मीलाई मिति २०५४।६।६ मा शेषपछिको बकसपत्र पारित गरिदिएको कुरालाई समेत छिपाई हामीलाई आफूले जग्गा पारित गराई दिने सर्तको कागज लेखी दिई अग्रिम रूपैयाँ भुक्तानीसमेत लिई जग्गा पारित गरी नदिएकीले करारनामाबमोजिमको साँवा ब्याज तथा हर्जानासमेत दिलाई भराई पाउँ भन्नेसमेत व्यहोराको फिरादपत्र।

**प्रतिउत्तरपत्रको व्यहोरा**

मिति २०६१।२।२२। मा मलाई छोरी ज्वाइँले आफ्नो घरमा बोलाएर जाँदा शुक्रबार साँझ छोरी ज्वाइँका साथीहरूलाई खानपिनको लागि बोलाएको रहेछ। विपक्षीहरू सिद्धान्तराज पाण्डे, जीतेन्द्रबहादुर राजभण्डारी र राजीव राजभण्डारीलाई वहाँहरू ठूला व्यापारीहरू र मेरा साथीहरू समेत हुनुहुन्छ। मेरा नाउँको कि.नं.२८९ र १२९९ जग्गामा ४ वटा घरहरू भई सो घरमा मैले विभिन्न व्यक्तिहरूलाई भाडामा दिएकोले टेलिफोन र बिजुलीको पैसा लिनसमेत झन्झट भइरहेको कुरालाई देखाई तपाईको घरजग्गा अबदेखि यी ठूला व्यापारीलाई घर भाडामा दिनुपर्‍यो। घर पनि राम्रो मर्मत गरिदिनु हुन्छ। घर भाडा लिन पनि सजिलो हुन्छ भनी विभिन्न कुरा देखाई कुरा गरेकाले आफ्नै छोरीज्वाइँले गरेको कुरामा कसरी फरक पर्ला भनी उनीहरूले लेखाई तयार पारी ल्याएको कागजमा विश्वासमा परी सहिछाप गरिदिएको थिएँ। पछि मिति २०६१।१०।१३ मा बिहान साबिकझैं चिया टेबुलमा बसी अन्नपूर्ण पोष्ट पत्रिका पढ्दै जाँदा एक्कासी मेरो आँखा सार्वजनिक सूचनामा परी पढ्दा मलाई आश्चर्य लाग्यो। आफू जीवनभर बसी आएको घरजग्गा अहिले बुढेसकालमा आई बिक्री गर्नु पर्ने कारण अवस्था नपरेको मैले कसैसँग रूपैयाँ पनि नलिएको र कसैलाई घरजग्गा पारित गरी दिने कबुलसमेत नगरेकोमा म ७८ वर्षिया वृद्धालाई छोरीज्वाइँले साँझमा भोज खुवाएर मेरो संरक्षकसमेत नराखी झुक्याई सहिछाप गराएकोले सो कागजको दायित्व मैले बेहोर्नु पर्ने होइन भन्नेसमेत व्यहोराको प्रतिवादी कृष्ण राणाको प्रतिउत्तर जिकिर।

मिति २०६१।२।२२ गते मेरो घरमा श्रीमान्का साथीहरूलाई साँझमा खानपिनको लागि बोलाउनु भएको र श्रीमान्ले मुमालाई पनि बोलाउनु भन्नु भएबाट बोलाएको थिए। विपक्षीहरूलाई मैले खासै चिन्दिन। श्रीमान्का साथीहरू भएकोले सामान्य चिनजानसम्म भएको हो। मुमाको नक्सामा ४ वटा घरहरू छन्। ती घरहरू सबै मुमालाई आवश्यक नपरेको हुँदा केही घर पसलहरू भाडामा दिइराख्नु भएको थियो। धेरै व्यक्तिहरूलाई भाडामा दिएको हुँदा व्यक्तिपिच्छे पानी, बिजुली, टेलिफोनको महसुल उठाउन निकै झन्झट भयो। ज्वाइँका साथीहरू कोही चिनेका मान्छे भए राम्रो कम्पनी वा संस्थालाई भाडामा दिन पाए हुन्थ्यो भनी

मुमाले मेरो श्रीमान्लाई भन्नुभएको र यी वादीहरूले घर भाडामा लिने कुरा गरी मासिक रू.६,५०,०००।- भाडा दिने तय गरी सो घर भाडाको कागज भनी मुमाले कागज गर्नुभएको र म पनि पाहुनाहरूलाई खुवाउने पिउने कार्यमा लाग्नुपरेको कारण व्यस्त अवस्थामा आफ्नो श्रीमान्ले भनेको कुरामा विश्वास गरी साक्षी भई सहिछाप गरिदिएको हो। घर भाडाको कागज भनी घरजग्गा नै पास गरी दिने व्यहोराको कागज झुक्याई गराएको हुँदा सो कागजबमोजिम वादीहरूलाई घरजग्गा पास गरी दिनुपर्ने होइन भन्नेसमेत व्यहोराको प्रतिवादी ज्योत्सना राज्यलक्ष्मी देवी सिंहको प्रतिउत्तर जिकिर।

**प्रतिवादीको अ.ब. ७८ नं. बमोजिमको बयान**

मिति २०६१।२।२२ को सक्कल करारनामा वादीलाई देखाउँदा सुनाउँदा सो कागजमा भएको सहिछाप मेरै हो, तर मलाई घर भाडाको कागज हो भनी व्यहोरा फरक पारी जालसाजी लिखत खडा गरेका हुन् भन्नेसमेत व्यहोराको प्रतिवादी कृष्ण राणाको वारेस रामहरी खतिवडाले अ.ब.७८ नं. बमोजिम सुरू अदालतमा गरेको बयान।

**वादीको प्रतिउत्तर बयान**

हामीबाट पेस भएको करारनामा सद्दे साँचो व्यहोराको हुँदा जालसाजी भन्ने प्रतिवादीलाई नै सजाय गरी पाउँ भन्नेसमेत व्यहोराको वादीका वारेस सुदर्शन ढुंगानाको प्रतिउत्तर बयान।

**काठमाडौं जिल्ला अदालतको फैसला**

विवादित लिखतको व्यहोरा जालसाजी गरे भन्ने प्रतिवादीहरूको बयान सबुद प्रमाणको अभावमा साँचो मान्न मिलेन। तसर्थ दाबीको करारनामा सद्दे साँचो ठहर्छ । प्रतिवादी कृष्ण राणाले रू.६०,००,०००।- अग्रिम भुक्तानी लिएपछि जग्गा पास गर्न असमर्थ भएमा सो अग्रिम भुक्तानी लिएको रू.६०,००,०००।- को १० प्रतिशतका दरले हुने ब्याज प्रथम पक्षले द्वितीय पक्षलाई भुक्तानी गर्नु पर्ने भन्ने उल्लेख भएको देखिएबाट दाबीबमोजिम लिखत मिति २०६१।२।२२ देखि बिगो भराएका मितिसम्मको १० प्रतिशतका दरले हुने ब्याज तथा बिगो रू.६०,००,०००।- समेत वादीहरूले प्रतिवादीहरूबाट भराइ लिन पाउने ठहर्छ । करार ऐन, २०५६ को दफा ८३ मा करार गर्ने पक्षहरूबिच करारीय दायित्व पूरा नगरेबापत क्षतिपूर्तिमा दाबी गर्न सकिने व्यवस्था भए पनि अचल सम्पत्ति हक छाडी लिनु दिनु गर्दा मुलुकी ऐन, रजिस्ट्रेसनको १ नं. बमोजिम रजिस्ट्रेसन पारित गराउनु पर्ने कानूनी व्यवस्था गरेकोले उक्त लिखत रजिस्ट्रेसन पारित गरेको नदेखिएको र जग्गा चल सम्पत्तिभित्र नपर्ने हुँदा त्यस्तो करारीय दायित्व अदालतबाट पूरा गराउन कानूनन् नमिल्ने भन्ने प्रतिपादित सिद्धान्तसमतेको आधारमा समेत क्षतिपूर्ति भराइ पाउँ भन्ने वादी दाबी पुग्न सक्दैन भन्नेसमेत व्यहोराको काठमाडौं जिल्ला अदालतको मिति २०६५।२।२७ को फैसला।

**वादी तथा प्रतिवादीले पुनरावेदन अदालत, पाटनमा पेस गरेको पुनरावेदन**

करार ऐन, २०५६ को दफा २(क) ले गरेको परिभाषामा अचल सम्पत्तिलाई अलग्याएको छैन। उक्त परिभाषाले कानूनबमोजिम कार्यान्वयन हुने सम्झौता राखेको र घरजग्गा लिने भनेको कानूनबमोजिम कार्यान्वयन हुने विषय हो । विपक्षीले बुझि लिएको रकम त्यसमा कानूनबमोजिम लागेको ब्याज तथा क्षतिपूर्तिबापतको रकमसमेत दिलाई भराई पाउनु पर्नेमा क्षतिपूर्तिको रकम चाहिँ नपाउने भनी भएको सुरू फैसला सो हदसम्म त्रुटिपूर्ण हुँदा बदर गरी फिराद दाबीबमोजिम गरिपाउँ भन्नेसमेत व्यहोराको वादीको पुनरावेदन अदालतमा परेको पुनरावेदन।

विपक्षीहरूले भनेअनुरूप करार नै भएको छैन र अचल सम्पत्तिको सम्बन्धमा करार भएको अवस्थामा पनि त्यस्तो करारीय दायित्व अदालतबाट पुरा गराउन नमिल्ने भन्ने आधार पनि सुरू फैसलामा बोलिएको छ । यस्तो अवस्थामा प्रचलित कानून तथा करार ऐनबमोजिम कानूनी मान्यता प्राप्त गर्न नसकिने कथित

करारलाई बदर गर्नुपर्नेमा त्यसै गैरकानूनी कथित करारको सर्तसमेतको विपरीत पुनरावेदिकाले लिँदै नलिएको रूपैयाँ र ब्याजसमेत विपक्षीहरूले भराई लिन पाउने ठहराई भएको सुरू फैसला त्रुटिपूर्ण हुँदा उल्टी गरी वादी दाबी नपुग्ने गरी इन्साफ पाउँ भन्नेसमेत व्यहोराको प्रतिवादी कृष्ण राणाको पुनरावेदन।

**पुनरावेदन अदालत, पाटनको फैसला**

मिति २०६१।२।२२ को करारनामाको बुँदा नं.५ मा उल्लिखित विपक्षी प्रतिवादीलाई दिएको रकम रू.६०,००,०००।- र करारको सर्तबमोजिम सोको १० प्रतिशतले हुने ब्याज भराइदिने गरी गरेको सुरू फैसला सो हदसम्म मिलेको नै देखिन आयो। प्रतिवादीले करारनामामा उल्लिखित जग्गा कुमारी बैंकलाई बढी मोलमा बिक्री गरेर पुनरावेदक वादीलाई नोक्सानी भए पनि पुनरावेदकले आफूले दिँदै नदिएको रकमको जग्गाको मोल बिगोको १० प्रतिशतले थप रकम क्षतिपूर्ति पाउँ भन्ने जिकिरसम्म मनासिब र उचित देखिन्न। वादीले प्रतिवादीलाई बैनामा दिएको रकमको १० प्रतिशत थप रकमसम्म क्षतिपूर्तिबापत भराइदिनु पर्नेमा सो नभराएको हदसम्म सुरूको फैसला मिलेको देखिन आएन।

तसर्थ क्षतिपूर्तिबापतको रकम भरी नपाउने गरी सुरू काठमाडौं जिल्ला अदालतले गरेको फैसला नमिलेको हुँदा सो हदसम्म उल्टी भई मिति २०६१।२।२२ को करारनामाको बुँदा नं.५ मा उल्लिखित विपक्षी प्रतिवादीले दिएको रकमको १० प्रतिशतले हुने थप रकमसम्म क्षतिपूर्तिबापत विपक्षी प्रतिवादीहरूबाट वादीले दिलाई भराई पाउनेसमेत ठहर्छ भन्ने व्यहोराको पुनरावेदन अदालत, पाटनको मिति २०६८।२।१६ को फैसला।

**वादी प्रतिवादीले यस अदालतमा पेस गरेको पुनरावेदन पत्र**

विपक्षीले म पुनरावेदिकालाई ६० लाख रूपैयाँ दिएको भन्ने कहीँ कतैबाट पुष्टि भएको छैन। म एक्लो महिलालाई घर भाडाको कागज हो भनी बोलाई मेरो पतिको अनुपस्थितिमा सहिछाप गराएकोले त्यस्तो करार बदर गराउन सकिने पनि हुन्छ। अनुचित प्रभावमा पारी गराएको करारको परिणाम मैले भोग्नु पर्ने हुँदैन भन्ने प्रतिवादीको यस अदालतमा परेको पुनरावेदन।

घरजग्गाको पुरै मूल्य रू.५,६१,००,०००।- को १० प्रतिशत क्षतिपूर्ति दिनु पर्नेमा अग्रिम भुक्तानी लिएको रकम रू.६०,००,०००।- को आधारमा मात्र क्षतिपूर्ति रकम दिने गरी भएको फैसला त्रुटिपूर्ण भएकोले सो हदसम्म उक्त फैसला बदर गरी पुरै क्षतिपूर्ति दिलाई भराई पाउँ भन्ने वादीहरूको तर्फबाट परेको पुनरावेदन।

**यस अदालतको आदेश**

वादी प्रतिवादी दुवै पक्षको पुनरावेदन परेको देखिँदा मुलुकी ऐन, अ.ब.२०२ नं.को प्रयोजनार्थ एकअर्काको पुनरावेदन परस्पर सुनाई पेस गर्नु भन्ने यस अदालतको मिति २०७२।१।८ को आदेश।

**वादी प्रतिवादीका तर्फबाट प्रस्तुत भएको बहस**

पुनरावेदक प्रतिवादी कृष्ण राणाका तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ता श्री विश्वकान्त मैनाली र विद्वान् अधिवक्ता श्री सोमकान्त मैनालीले कृष्ण राणाले वादी पक्षलाई जग्गा बेच्न भनी कुनै अग्रिम रकम लिएको अवस्था नै छैन, घर भाडामा दिने कुरासम्म भएकोमा सोबापत रकम लिने कुरा पनि हुँदैन, एक वृद्ध महिलालाई रातको समयमा बोलाई झुक्याई जालसाजपूर्ण तरिकाले सहिछाप गराएको त्यस्तो करारनामाको आधारमा कुनै दायित्व बहन गर्नुपर्ने होइन भनी बहस प्रस्तुत गर्नुभयो।

वादी सिद्धान्तराज पाण्डेको तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ता श्री शम्भु थापा र विद्वान् अधिवक्ता श्री शिवप्रसाद रिजालले करारनामा कार्यान्वयन गर्न नसकिने अवस्थाको नभएको हुँदा त्यसको सर्तबमोजिम पुरै मोल बिगोको आधारमा

क्षतिपूर्ति पाउनु पर्ने हुन्छ, क्षतिपूर्तिको रकम निर्धारण गर्दा प्रचलित बजार भाउलाई समेत आधार बनाइएको छैन, अत: करारनामामा उल्लिखित पूरै रकमको आधारमा क्षतिपूर्ति निर्धारण गरी गरिपाउँ भन्नेसमेत व्यहोराको बहस प्रस्तुत गर्नुभयो।

**अदालतको ठहर**

नियमबमोजिम पेसी सूचीमा चढी निर्णयार्थ यस इजलाससमक्ष पेस हुन आएको प्रस्तुत मुद्दामा वादी प्रतिवादीका तर्फबाट उपस्थित हुनुभएका विद्वान् कानून व्यवसायीहरूको बहस जिकिर सुनी मिसिल अध्ययन गरी हेर्दा का.जि.का.म.न.पा.वडा नं.१ को कि.नं.२८९ र १२९९ को जम्मा क्षेत्रफल ४-२-०-३ को जग्गा र सोमा बनेको घरसमेत प्रतिवादी कृष्ण राणाले रू.६०,००,०००।- अग्रिम भुक्तानी लिई वादीलाई रू.५,६१,००,०००।- मा बेच्ने गरी करारनामा भएको जग्गा पारित नगरी दिएकोले करारनामाबमोजिमको साँवा ब्याज तथा हर्जना दिलाई पाउँ भन्ने फिराद दाबी रहेकोमा करारनामा गरिएको भनेको कागज घर भाडामा दिनको लागि भनी तयार गरी मलाई वादी पक्षले झुक्याई सहिछाप गराएका हुन्, मैले कसैसँग रूपैयाँ पनि नलिएको र घर जग्गा पारित गरिदिने कबुल पनि गरेको छैन भन्ने प्रतिउत्तर जिकिर रहेको देखिन्छ।

सुरू अदालतले दाबीको करारनामाको लिखतलाई सद्दे साँचो ठहर्‍याई रू.६०,००,०००।- र १० प्रतिशतका दरले हुने ब्याजसमेत वादीले प्रतिवादीबाट भराइलिन पाउने तर क्षतिपूर्तिको हकमा वादी दाबी नपुग्ने भनी फैसला गरेकोमा पुनरावेदन अदालतबाट दाबीबमोजिम कूल बिगोको नभई बैना लिएको रकमको १० प्रतिशतले हुने थप रकमसम्म क्षतिपूर्तिबापत प्रतिवादीबाट वादीलाई दिलाई भराउने फैसला भएउपर प्रतिवादीको र करारनामामा उल्लिखित पुरै रकमको आधारमा क्षतिपूर्ति पाउनु पर्ने भनी वादी पक्षको यस अदालतमा पुनरावेदन परेको देखियो।

तसर्थ प्रतिवादीबाट वादीले थैली भरिपाउने ठहर गरी भएको पुनरावेदन अदालतको फैसला मिलेको छ छैन, प्रतिवादीको पुनरावेदन जिकिर पुग्न सक्दछ सक्दैन भन्ने विषयमा निर्णय दिनुपर्ने भएको छ।

२. निर्णयतर्फ विचार गर्दा वादी सिद्धान्तराज पाण्डेसमेत र प्रतिवादी कृष्ण राणाबिच करार भएकोमा विवाद छैन। उक्त करार झुक्याई गराइएको हो, मैले कुनै रकम वादीबाट लिएको छैन र दिनुपर्ने पनि होइन भन्ने प्रतिवादीको पुनरावेदन जिकिरतर्फ हेर्दा प्रतिवादीले आफ्नी छोरी र ज्वाइँसमेत लिखतमा साक्षी राखी करारनामा गरेको देखिन्छ । छोरीज्वाइँउपर समेत अनुचित प्रभावमा पारी करार गराएको भनी दाबी परेकोसमेत पाइन्छ । कारणी कृष्ण वृद्धा भएको भनेको भए पनि छोरीज्वाइँको रोहवरमा करार गरेको र वादीले छोरीज्वाइँउपर समेत दाबी गरेको भए पनि सो गर्नुपर्ने कारण खुलाउन सकेको छैन । मुद्दाको लागि मुद्दा बनाउनु एउटा कुरा हो तर त्यो वस्तुनिष्ठ आधारमा यथोचित पनि देखिनु पर्दछ । यसअघि प्रतिवादीको आफ्नी छोरी र ज्वाइँसँग विवादास्पद र आशंकापूर्ण सम्बन्ध देखिँदैन । प्रतिवादीका वारेसले अदालती बन्दोबस्तको ७८ नं. बमोजिम बयान गर्दा पनि आफ्नै छोरीज्वाइँले समेत जालसाजी गरे भन्न नसकेको अवस्थामा पढे लेखेका जाने बुझेका आफ्नै नाताका साक्षीसमेतलाई गुमराहमा पारी केवल वादीले मात्र सो लिखत जालसाजीबाट तयार गरेका हुन् भनी भन्न मिल्दैन । प्रतिवादी कृष्ण राणा पढ्न नसक्ने अशिक्षित महिला भन्ने पनि मिसिलबाट देखिँदैन । कानूनबमोजिम करार गर्नमा निज असमर्थ र अयोग्य रहेको स्थिति पनि छैन। करारनामाको कागज तयार पार्दा लिखतको अनुहारबाटै रित पुगेकोसमेत देखिएको छ । करारनामाका लिखतका साक्षी उमेशदेव पन्तले २०६४।०६५ सालको दु.दे.मि.नं. ४०८/४८४४ को करार बदर गरिपाउँ भन्ने मुद्दामा सुरू अदालतमा बकपत्र गर्दा रकम लेनदेन गरी करार भएको हो भनेको पाइन्छ। उक्त लिखत अनुचित प्रभावमा पारी गराइएको वा त्यसमा जालसाजीको कुनै तत्त्व विद्यमान रहेको

देखिन आएन । यस्तो अवस्थामा उक्त लिखत झुक्याई गराएको हो भन्ने अवस्था रहेन ।

३. करार ऐन, २०५६ अनुसार वस्तु बिक्री गर्न गरेको करारको विषयवस्तु चल सम्पत्तिको हकमा मात्र हुन्छ, अचलको हकमा नहुने हुँदा त्यसरी गरिएको करारको आधारमा दायित्व सिर्जना गरिनु हुँदैन भन्ने प्रतिवादीको पुनरावेदन जिकिरतर्फ हेर्दा करारपश्चात् अन्यत्र बिक्री भई करारको सर्त पूरा नगरेको कारणले अग्रिम भुक्तानी भएको रकम भर्न भराउन प्रस्तुत मुद्दा परेको देखिन्छ । प्रस्तुत मुद्दामा करारबाट जग्गा बिक्री गर्ने सम्झौता भए पनि करार स्वयम्लाई बिक्रीनामा मानी हक हस्तान्तरण गरिएको विषय देखिँदैन ।

४. करारबाट अचल सम्पत्ति बिक्री हुने नभई लिखत नै पारित हुनु पर्ने भए पनि बिक्री गर्ने उद्देश्यसहितको सर्तहरूको लिखत हुन नसक्ने होइन । बिक्री हुनलाई लिखत पारित गर्ने कुरा करारको सर्त परिपालना गरी पुरा हुने कार्य हो । तर बिक्रीको उद्देश्य राखी कुनै करार हुनै नसक्ने गरी कुनै प्रतिबन्ध लागेको कानूनी व्यवस्था देखिँदैन । त्यसैले त्यस्तो करार स्वतः अवैध भन्न मिल्ने देखिँदैन । त्यस्तो लिखतबाट केही लिनु खानु गरेको भए त्यस्तो लिखतको सर्तबमोजिम तिर्नु बुझाउनु नपर्ने भन्न पनि मिल्दैन ।

५. करारनामाको लिखतमा रू.५,६१,००,०००।- रूपैयाँमा घरजग्गा खरिद बिक्री गर्ने सर्त भएको हुँदा प्रतिवादीले अग्रिम भुक्तानी लिएको रकमका आधारमा मात्र क्षतिपूर्ति निर्धारण गरिनु हुँदैन भन्ने वादीको पुनरावेदन जिकिरतर्फ हेर्दा प्रतिवादीले करारनामामा उल्लिखित जग्गा कुमारी बैंकलाई बढी मोलमा बिक्री गरेर वादीलाई नोक्सानी भए पनि वादीले आफूले दिँदै नदिएको रकमको बिगोको १० प्रतिशत थप रकम क्षतिपूर्ति पाउन सक्ने उचित आधार देखिँदैन । करार ऐन, २०५६ को दफा ८३(२) मा करारमा उल्लेख भएको रकममध्ये मनासिब माफिकको रकम मात्र भराई लिन पाउने व्यवस्था भएकोमा मनासिब माफिकको रकम क्षतिपूर्तिबापत भराइदिने गरी पुनरावेदन अदालतबाट निर्णय भइसकेकोले सोलाई अन्यथा मान्न मिल्ने देखिँदैन ।

६. अतः माथि विवेचित आधार प्रमाणहरूबाट पुनरावेदन अदालत, पाटनको मिति २०६८।२।१६ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । वादी प्रतिवादीको पुनरावेदन जिकिर पुग्न सक्दैन । प्रस्तुत फैसलाको विद्युतीय अभिलेख प्रविष्ट गराई मुद्दाको लगत कट्टा गरी मिसिल निमयानुसार बुझाइदिनू ।

उक्त रायमा सहमत छु ।
न्या.ओमप्रकाश मिश्र

इजलास अधिकृत : अनिलकुमार शर्मा
इति संवत् २०७२ साल साउन १८ गते रोज २ शुभम् ।

## निर्णय नं.९५५७

सर्वोच्च अदालत, संयुक्त इजलास
सम्माननीय प्रधानन्यायाधीश श्री कल्याण श्रेष्ठ
माननीय न्यायाधीश श्री देवेन्द्र गोपाल श्रेष्ठ
फैसला मिति : २०७२।९।१२।१
०७०-CI-०४७६

मुद्दाः उत्प्रेषण / परमादेश

पुनरावेदक / विपक्षी : कृषि सामग्री कम्पनी लिमिटेड र ऐ. को सञ्चालक समितिको तर्फबाट तथा आफ्नो हकमा समेत ऐ. कम्पनीका महाप्रबन्धक श्री अमरराज खैरसमेत

विरूद्ध

प्रत्यर्थी / निवेदक : काठमाडौ जिल्ला काठमाडौ महानगरपालिका वडा नं. ९ गौचरस्थित स्वनिग सर्भिसेज प्रा.लि.का सञ्चालक प्रो. श्री सुवास श्रेष्ठको अख्तियारप्राप्त काठमाडौ जिल्ला काठमाडौ महानगरपालिका वडा नं.११, बबरमहल बस्ने बिजय ढुंगाना

- **एउटा सार्वजनिक निकायले पुनरावेदन अदालतको फैसलाबमोजिमको कार्य नगरी उल्टै सम्झौता गर्नुपूर्व राखिएको कार्यसम्पादन जमानत जफत गर्ने भनी निर्णयमा बोलिएका कुराहरूमा वस्तुगत र कारणसहितका कानूनसम्मत आधार छन् छैनन् भन्ने न्यायिक परीक्षणको विषय हुने र पुनरावेदन अदालतको फैसलाबमोजिम कार्यान्वयन भएको नपाइएमा र भइरहेको कानूनबाट प्रभावकारी उपचार प्राप्त हुन नसक्ने अवस्था सिर्जना भएमा उक्त फैसलाबमोजिम कार्यान्वयन गर्न गराउनका लागि उपचारको माग गर्न र त्यस्तो माग ग्रहण गरी आदेश जारी गर्न न्यायसम्मत नै हुने हुँदा सोतर्फको विपक्षीको पुनरावेदन जिकिर मनासिब देखिन नआउने।**

(प्रकरण नं.८)

- **सम्झौताअनुसार करार कार्यान्वयनको चरणमा प्रवेश हुन नै नदिई निवेदकले राखेको कार्यसम्पादन जमानत जफत गरिएको छ । कार्यसम्पादन जमानत के कस्तो अवस्थामा मात्र जफत हुन सक्ने अवस्था हो भन्ने कुरामा सम्झौतामा भएका सर्त हेर्नुपर्ने।**

(प्रकरण नं.१०)

- **विधिवत् सम्झौता गरेपछि सम्झौता बमोजिम एल.सी.खोल्नेलगायतका आफैँले गर्नुपर्ने कार्य गर्न नसकी आफू दायित्व बिहीन बनेर निवेदककै कार्यसम्पादन जमानत रकमसमेत उल्टै जफत गर्ने विपक्षीको कार्य करार कानूनको र न्यायको आधारभूत सिद्धान्तसमेत प्रतिकूल देखिन आएको छ । आफैँ प्रतितपत्र नखोल्ने तर सम्झौता कार्यान्वयन गरेन भनी अर्को पक्षउपर आरोप लगाउने विपक्षी कम्पनीको कामकारवाही उचित र तर्कसङ्गतसमेत नहुने।**
- **कार्यसम्पादन जमानत रकम अनिश्चित समयसम्म रोक्ने र जफत गर्ने कार्यबाट निवेदकको क्षति भएको भए त्यसको क्षतिपूर्ति परिपुरण गर्ने उदार दृष्टिकोण राख्नुको सट्टा आफू employer तथा सार्वजनिक निकाय भएको नाताले मन लागेको व्यवहार गर्नु राम्रो कुरा पनि होइन । विपक्षी कम्पनीले निवेदकको बारेमा निराधार अविश्वास खडा गरी निवेदकले पाइसकेको ठेक्का अवरूद्ध गर्न र कार्यान्वयनका लागि असमर्थ बनाउने कार्य गैरकानूनी देखिएकोले त्यस्तो कार्य सह्य र ग्राह्य मान्न मिलेन । सार्वजनिक कम्पनी भएकोले मात्रै यस्ता गैरकानूनी कामकारवाही र निर्णयसमेत उन्मुक्तियुक्त एवं दायित्वविहीन हुन्छ भन्न पनि उपयुक्त नहुने।**

(प्रकरण नं.१२)

- **निवेदक कम्पनीले सम्झौताको कुनै पनि सर्त उल्लङ्घन नगरेको अवस्था र सम्झौताबमोजिम प्रतितपत्र खोल्ने दायित्व कृषि सामग्री कम्पनीको भएकोमा आफैँ प्रतितपत्र नखोल्ने तर कार्यसम्पादन जमानत जफत गर्ने विपक्षको निर्णयमा दूषित मनसाय रहेको प्रस्ट हुन्छ । यस्तो दूषित मनसाय राखी सम्झौताको सर्तबमोजिम कार्य गर्न प्रारम्भबाट नै**

**अवरोध खडा गरी कार्यसम्पादन जमानत जफतको निर्णय गर्नु सार्वजनिक निकायको असल चरित्रको कार्यक्षेत्रभन्दा बाहिरको विषय हुन जाने।**

(प्रकरण नं.१४)

पुनरावेदक / विपक्षीका तर्फबाट : विद्वान् वरिष्ठ अधिवक्ताहरू बद्रीबहादुर कार्की, अनिलकुमार सिन्हा, पूर्णमान शाक्य, अधिवक्ता उत्तमराज पाठक

प्रत्यर्थी / निवेदकका तर्फबाट : विद्वान् अधिवक्ताहरू भिमार्जुन आचार्य र सुवास आचार्य

अवलम्बित नजिर :

सम्बद्ध कानून :

पुनरावेदन अदालत, पाटनमा फैसला गर्ने :

माननीय न्यायाधीश श्री बाबुराम रेग्मी

माननीय न्यायाधीश श्री रत्नबहादुर वागचन्द

आदेश

**स.प्र.न्या.कल्याण श्रेष्ठ :** पुनरावेदन अदालत, पाटनबाट भएको आदेशउपर न्याय प्रशासन ऐन, २०४८ को दफा ९(१) बमोजिम यस अदालतमा पुनरावेदन दर्ता हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यसप्रकार छ :

Lobana Trading Co Pvt. Ltd. र स्थानीय प्रतिनिधि Soniga Services Pvt. Ltd (यसपछि सोनिग सर्भिस प्रा.लि. भनिएको) ले सन् ११ नोभेम्बर २०११ मा ३०,००० Mt. युरिया मल सप्लाई तथा डेलिभरीका लागि हालेको बोलपत्र कृषि सामग्री कम्पनी लि. बाट सन् ३० नोभेम्बर २०११ मा स्वीकृत भएको थियो । उक्त बोलपत्र स्वीकृत भएपछि मिति २०६८।८।१५ (१ डिसेम्बर, २०११) मा ५ प्रतिशत Performance Bond बापत अमेरिकी डलर ८,४७,५००।- निवेदकले बुझाई सकेको अवस्थामा विपक्षीले सम्झौता गर्न आलटाल गरी bid bond बापतको जम्मा रू. ३,६०,००,०००।- (तिन करोड साठी लाख रूपैयाँ) अनधिकृतरूपमा जफत हुने अवस्था आएपछि bid bond जफत रोकी पाउन र सम्झौता गरी काम कारवाही अघि बढाई पाउन पुनरावेदन अदालत, पाटनमा रिट लिई आएकोमा मिति २०६९।०१।०६ मा पुनरावेदन अदालत, पाटनबाट विपक्षी कृषि सामग्री कम्पनी लि.का नाउँमा सम्झौता गरी काम कारवाही अगाडि बढाउनु भन्ने परमादेशको आदेश (०६३-WO-०४०१) जारी भएको थियो । सम्मानित अदालतको फैसला कार्यान्वयन गर्नुको साटो विपक्षी कृषि सामग्री कम्पनी लि.बाट सोही मात्राको युरियामल सप्लाई तथा डेलिभरीका लागि नयाँ बोलपत्र आह्वान भएपछि सो विषयमा अर्को रिट दायर भएकोमा मिति २०६९।१।६ को फैसलाबमोजिम गर्नु भनी पुनः मिति २०६९।०५।१७ मा फैसला (संवत् २०६९ सालको रि.नं. ००६८, नि.नं.९७) भएपछि पनि विपक्षीले सम्झौता गर्न आलटाल गरेकोले यसै विषयमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट मिति २०६९।५।२६ मा अदालतको फैसलाबमोजिम ७ दिनभित्र सम्झौता गरी सोको जानकारी उपलब्ध गराई दिन विपक्षी कृषि सामग्री कम्पनी लि.लाई पत्राचार गरेपश्चात् मिति २०६९।०६।३ मा सम्झौता भएको थियो ।

निवेदक र विपक्षी कम्पनीबिच भएको सम्झौताको सर्त नं. ४ मा सम्झौता भएको मितिले १५ कार्यदिनभित्र विपक्षी कृषि सामग्री कम्पनीले एल.सी. (Letter of credit) खोल्नु पर्ने उल्लेख छ । विपक्षी कम्पनी लि. लाई मिति २०६९।०६।०५ मा Performa Invoice (PI) सहित एल.सी. खोली पाउन अनुरोध गरेको थिए । त्यसपश्चात् पनि पटकपटक मिति २०६९।०७।०१ तथा मिति २०६९।११।१६ मा एल.सी. खोलिदिन अनुरोध गरी निवेदन पेस गरेकोमा पटकपटकको अदालतको आदेश एवं निवेदक कम्पनीको निवेदनका बाबजुद पनि एल.सी. खोल्न आलटाल गरेपछि मिति २०६९।११।३० (७ मार्च २०१३) मा Lobana Trading Co Pvt. Ltd ले यी

सबै दु: ख, हैरानीसमेत उल्लेख गरी विपक्षी कृषि सामग्री कम्पनीले एल.सी. खोल्न आलटाल गरेको व्यहोरासमेत उल्लेख गरी अन्यथा मध्यस्थतामा जान बाध्य हुने कुरा उल्लेख गरी निवेदन दिएको थियो। यसरी विपक्षी कम्पनी लि. ले एल.सी. खोली आफ्नो कानूनी दायित्व निर्वाह गरी मलको सप्लाई तथा डेलिभरीको कार्य गर्न दिनुपर्नेमा उल्टै बिना कुनै कानूनी आधार कारण मिति २०६९।१२।१८ मा निवेदकको Performance Bond अमेरिकी डलर ८,४७,५००।- जफत गरिएको भन्ने जानकारी प्राप्त हुन आउँदा अत्यन्त अन्यायमा परी विपक्षी कम्पनी लि.को मिति २०६९।१२।१८ को पत्र र जफत गर्नेसम्बन्धमा भए गरेका निर्णय, निर्देशन र पत्राचारलगायतका सम्पूर्ण काम कारवाही उत्प्रेषणको आदेशद्वारा बदर गरी पुनरावेदन अदालत, पाटनबाट मिति २०६९।१।६ र मिति २०६९।०५।१७ मा आदेश जारी भएको फैसलाको सम्मान गरी सम्झौताबमोजिम तुरून्त एल.सी. खोली आफ्नो कानूनी दायित्वको परिपालना गर्नु गराउनु भनी विपक्षीको नाउँमा परमादेशको आदेशसमेत जारी गरी पाउन यो निवेदन गरेको छु।

विपक्षी कम्पनी लि.को मिति २०६९।१२।१८ को Performance Bond जफत गर्ने पत्रमा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २३, २५, २७ समेतको प्रतिकूल हुने गरी कम्पनीको चुक्ता पुँजी केवल अष्ट्रेलियन डलर १०० मात्र देखिएको भनी झुट्टा व्यहोरा उल्लेख गरिएको छ। Lobana Trading Co Pvt. Ltd को Industry SIC Codes, Rating, Income, Tangible net Worth, Total Paid on Shares Issued AU $१०,००,००० रहेको लगायतका सम्पूर्ण व्यहोरा खुल्ने D&B Payment Risk Report यसै निवेदनसाथ पेस गरेको छु। जसअनुसार कम्पनीको Rating २A २ (२A२) छ।

निवेदक कम्पनीको अमेरिकी डलर ८,४७,५००।- Performance Bond जफत गर्नुपर्ने अर्को आधार कारणका रूपमा सप्लायरको ७ मार्च २०१३ को पत्रलाई लिइएको छ। मिति २०६९।०६।३ मा सम्झौता भएपश्चात् सम्झौताको सर्त नं. ४ मा सम्झौता भएको मितिले विपक्षी कम्पनीको प्रथम दायित्व १५ Working days भित्र एल.सी. (Letter of Credit) खोल्नुपर्ने उल्लेख भएबमोजिम विपक्षी कम्पनी लि. लाई एस.ली. खोलिदिन अनुरोध गरी निवेदन पेस गर्दासमेत आलटाल गरेपछि मिति २०६९।११।३० (७ मार्च २०१३) मा Lobana Trading Co Pvt. Ltd यी सब दु: ख, हैरानीसमेत उल्लेख गरी विपक्षी कृषि सामग्री कम्पनीले एल.सी. नखोलेमा बाध्य भई मध्यस्थतामा जान सकिने कुरा उल्लेख गरी निवेदन दिएको हो। निवेदक कम्पनीले यस रिट निवेदनमार्फत पनि एल.सी. खोली दिन परमादेशको आदेश माग गरेको अवस्था छ। विपक्षीले एल.सी. खोलिदिए तुरून्त सम्झौताबमोजिम मलको सप्लाई हुने निर्विवाद छ। सम्मानित अदालतको आदेशले वा मुद्दा विचाराधीन रहेको कुनै पनि बखतमा विपक्षी कृषि सामग्री कम्पनी लि. बाट एल.सी. खोलिदिए निवेदक कम्पनीले मलको सप्लाई तथा डेलिभरी तुरून्त गर्ने व्यहोरा निवेदन गर्दछु। Performance Bond जफत गर्ने अर्को कारणको रूपमा सम्झौताबमोजिम सामान उपलब्ध नगराउने मनसाय देखिएको भन्ने उल्लेख छ। यो कृषि सामग्री कम्पनी लि.को गैर जिम्मेवारीपन हो। विपक्षी कम्पनीले सुरूदेखि नै निवेदकउपर पक्षपातपूर्ण व्यवहार गरी हामीलाई दु:ख हैरानी दिँदै निरूत्साहित गर्न प्रयासरत भएको पाइन्छ। विपक्षी कम्पनी लि. का विरूद्धमा सम्मानित अदालतबाट दुईपटक सम्झौता गरी काम कारवाही अगाडि बढाउनु भनी परमादेशको आदेश जारी भएको अवस्थामा सम्झौताबमोजिम एल.सी. खोली मल भित्र्याउनु पर्नेमा पटकपटक निवेदन दिई एल.सी. खोली पाउन अनुरोध गर्दासमेत आफैँले एल.सी. खोल्न अस्वीकार गरी कानूनी दायित्व निर्वाह नगरी अदालतको आदेशको प्रतिकूल हुने गरी दूषित मनसायले प्रेषित गरेको विपक्षीको मिति २०६९।१२।१८ को पत्र बदरभागी छ।

सम्झौताको सर्त नं. ४ मा सम्झौता भएको मितिले १५ Working days भित्र एल.सी. खोल्नुपर्ने

समेतको व्यहोरा उल्लेख भई सर्त नं.६ मा "The latest date of loading and shipment shall be ३५ days for the first shipment and ६५ days for the second shipment from the seventh day of opening of L/C in accordance with this contract . Unless otherwise proved, the date of the bill of lading shall be considered as the date of shipment. Failure to above shall lead to forfeiture of performance bond and cancellation of contract." भन्ने उल्लेख छ। एल.सी. खोलेको ७ दिनको मितिले ३५ दिनभित्र पहिलो र ६५ दिनभित्र दोस्रो सिपमेण्ट नगरेमा मात्र Performance Bond जफत हुन सक्ने सम्झौतामा व्यवस्था छ । विपक्षीले एल.सी. नै नखोली दिएको अवस्थामा सम्झौताको सर्त नं. ३ समेतको प्रतिकूल गई Performance Bond जफत गर्नु कानूनविपरीत भई बदरभागी छ। सम्झौता भएर पनि सम्झौताबमोजिम एल.सी. नखोलिदिने, सम्मानित अदालतलगायतका कुनै पनि निकायको आज्ञा आदेश वा अनुरोधको परिपालना नगरिदिने र कानूनबमोजिमको आफ्नो दायित्व निर्वाह नगरी निवेदक कम्पनीको Performance Bond जफत गर्नेसम्मको विपक्षीको माथि प्रकरण प्रकरणहरूमा उल्लिखित बदनियतपूर्ण कार्यले म निवेदकको नागरिक अधिकार ऐन, २०१२ को दफा ३, दफा ६(६),(७), दफा ९ समेतद्वारा प्रदत्त हकमा आघात पर्न गएको छ। कानूनी राज्यमा कानूनको पालना गर्नु प्रत्येक नागरिक एवं निकायको दायित्व हुन्छ । नागरिक अधिकार ऐन, २०१२ को दफा ३ ले म निवेदकलाई कानूनको समान संरक्षणको अधिकार प्रदान गरेको छ।

अत: मिति २०६९।०६।३ मा भएको सम्झौताको सर्त नं. ४ मा सम्झौता भएको मितिले १५ Working days भित्र एल.सी. (Letter of Credit) खोल्नुपर्ने उल्लेख भएबमोजिम निवेदक कम्पनीले विपक्षी कम्पनीलाई मिति २०६९।०६।०५ मा Performa Invoice (IP) सहित र त्यसपश्चात् मिति २०६९।०७।०१ तथा मिति २०६९।११।१६ मा एल.सी. खोली दिन पटकपटक निवेदन गर्दा पनि एल.सी. नखोली सम्झौताको सर्त नं.३, ४, ६ समेतको विपरीत गई गैरकानूनीरूपमा निवेदकको Performance Bond अमेरिकी डलर ८,४७,५०० जफत गर्नेसम्बन्धमा भए गरेका र हुने निर्णय, निर्देशन, पत्राचारलगायतका सम्पूर्ण काम कारवाही उत्प्रेषणको आदेशद्वारा बदर गरी पुनरावेदन अदालत, पाटनबाट मिति २०६९।१।६ र मिति २०६९।०५।१७ मा परमादेश जारी भएको फैसलाको सम्मान गरी सम्झौताबमोजिम तुरुन्त एल.सी. खोली आफ्नो कानूनी दायित्वको परिपालना गर्नु गराउनु भनी विपक्षी कम्पनी लि. को नाउँमा परमादेशको आदेश जारी गरिपाऊँ । प्रस्तुत रिट निवेदनको अन्तिम किनारा नलागेसम्म Performance Bond जफत गर्नेसम्बन्धी मिति २०६९।१२।१८ को पत्र र त्यससम्बन्धी निर्णय, निर्देशन, पत्राचारलगायतका कुनै पनि काम कारवाही कार्यान्वयन नगर्नु नगराउनु भनी विपक्षीका नाउँमा अन्तरिम आदेश जारी गरिपाउँ भन्नेसमेत व्यहोराको निवेदन पत्र।

यसमा के कसो भएको हो ? निवेदनको मागबमोजिम आदेश किन जारी हुनु नपर्ने हो? मागबमोजिमको आदेश जारी हुनु नपर्ने कुनै आधार कारण भए सबुद प्रमाणसहित म्याद सूचना पाएका मितिले बाटाका म्यादबाहेक १५ दिनभित्र आफैँ वा आफ्नो कानूनबमोजिमको प्रतिनिधिमार्फत् लिखित जवाफ पेस गर्नु भनी आदेश र निवेदनको प्रतिलिपिसमेत साथै राखी विपक्षीहरूको नाममा म्याद सूचना जारी गरी लिखित जवाफ प्राप्त भएपछि वा अवधि व्यतीत भएपछि नियमानुसार पेस गर्नू । अन्तरिम आदेश जारी गरिपाउँ भन्ने निवेदकको मागतर्फ विचार गर्दा विपक्षीलाई समेत राखी छलफल गर्न आवश्यक देखिन आएकोले मिति २०६९।१२।२९ को दिन ११:०० बजे हुने छलफलमा उपस्थित हुन प्रत्यर्थीलाई जानकारी दिनु र सो मितिसम्म निवेदकले जफत हुने आशङ्का देखाएको रकम जफत गर्ने कार्य

यथास्थितिमा राख्न विपक्षीलाई जानकारी दिनु भनी पुनरावेदन अदालतबाट मिति २०६९।१२।२१ मा भएको आदेश।

Soniga Services Pvt. Ltd निवेदक यिनै कृषि सामग्री कम्पनी लिमिटेडसमेत विपक्षी भएको यसै निवेदनको विवादसँग सम्बन्धित ३०,००० मे. टन युरिया मल सप्लाई गर्ने क्रममा यिनै निवेदेकले प्रस्ताव गरेको बोलपत्र स्वीकृत भइसकेपछि Bid Bond बापत राखेको ३ करोड ६० लाख जफत नगर्नु नगराउनु र निवेदकसँग तुरून्त सम्झौता गरी काम कारवाही अगाडि बढाउनु भनी यस अदालतबाट ०६८-WO-०४०१ को रिट निवेदनमा मिति २०६९।१।६ मा आदेश जारी भई त्यसपछि विपक्षी कम्पनी र निवेदकबिच सम्झौता भएको यसै विषयमा पुनः संवत् २०६९ सालको रिट नं. ००६८ को परमादेशयुक्त निषेधाज्ञाको निवेदनमा यस अदालतबाट भएको आदेशानुसार निवेदनको मागअनुसार बोलपत्र स्वीकृत भएअनुरूप काम कारवाही गर्नु भनी विपक्षीको नाउँमा निषेधाज्ञायुक्त परमादेशको आदेशसमेत जारी हुने गरी यस अदालतबाट पुनः मिति २०६९।५।१७ मा आदेश भई उक्त दुवै आदेशहरू अन्तिमरूपमा रहिरहेको अवस्थामा मिति २०६९।१२।१८ को पत्रबमोजिम निवेदकले पेस गरेको Performance Bond बापतको अमेरिकी डलर ८,४७,५००।- विपक्षी कम्पनीबाट जफत गरेको देखियो। निवेदनको टुङ्गो लागेका बखत ठहरेबमोजिम हुने हुँदा सुविधा सन्तुलनको दृष्टिकोणबाट निवेदकको Performance Bond बापतको उक्त अमेरिकी डलर जफत गर्नेसम्बन्धी विपक्षी कम्पनी लि. को मिति २०६९।१२।१८ को पत्र र त्यससम्बन्धी निर्णय निर्देशन, पत्राचारलगायतका कुनै पनि काम कारवाही यो निवेदनको टुङ्गो नलागेसम्म अगाडि नबढाउनु यथास्थितिमा राख्नु भनी यसै अदालतको एक न्यायाधीशको इजलासबाट भएको अन्तरिम आदेशलाई निरन्तरता प्रदान गरी विपक्षीहरूका नाममा अन्तरिम आदेश जारी गरिदिएको छ भन्ने पुनरावेदन अदालतबाट मिति २०६९।१२।२९ मा भएको आदेश।

विपक्षी निवेदककै आवेदन मुताबिक विदेशी बैंकको काउन्टर ग्यारेन्टीमा विपक्षी निवेदकले प्रत्यर्थीमध्येको कृषि सामग्री कम्पनी लिमिटेडलाई रासायनिक मल (Chemical Fertilizer) दिनेसम्बन्धी बोलपत्र मुताबिक प्रत्यर्थी कृषि सामग्री कम्पनी लि.लाई हितग्राही (Beneficiary) बनाई हामी बैंकबाट सन् १५ डिसेम्बर, २०११ मा अमेरिकी डलर ८,४७,५००।-को लागि बैंक जमानत जारी भएको हो। यसरी बैंक जमानत जारीपश्चात् बैंक जमानत जारी गराई माग्ने आवेदक तथा हितग्राही बिच उक्त बैंक जमानत जारी गर्नुपर्ने कारक तत्त्वको रूपमा रहेको सम्झौताबाट बैंक जमानत एक छुट्टै एवं स्वतः करारको रूपमा रहने र त्यस्तो पक्षहरू (आवेदक एवं हितग्राही) बिच कुनै विवाद भएमा त्यस्तो विवादले बैंक जमानतलाई कुनै असर नगरी बैंक जमानत जारी गर्ने बैंकले बैंक जमानतको सर्तमात्र हेरी बैंक जमानतको म्यादभित्र एवं सर्त मुताबिक हितग्राहीबाट बैंक जमानतको रकम दाबी गरेमा बैंकले त्यस्तो दाबी स्वीकार गर्नुपर्ने मान्य परम्परा एवं प्रचलन रहेको कारणले नै अन्तर्राष्ट्रिय व्यापारिक जगतमा बैंक जमानतको एक छुट्टै शाखा रहेको कुरा सर्वमान्य एवं स्पष्ट छ।

यससम्बन्धमा सम्मानित सर्वोच्च अदालतबाट नेपाल ओरिण्ड म्याग्नेसाइट प्रा.लि. विरूद्ध ऋण असुली पुनरावेदन न्यायाधिकरण (ने. का.प.२०६८, नि.नं.६०५ पृष्ठ ७०५) लगायतका मुद्दाहरूमा बैंक जमानतको रकम हितग्राहीले माग गर्नासाथ भुक्तानी दिनु बैंकको कानूनी दायित्व भएको भनी सिद्धान्त प्रतिपादित भएको पाइन्छ। यसरी विपक्षी निवेदकले आफ्नो निवेदनमा हामी बैंकको के कुन काम कारवाहीबाट निजलाई मर्का पर्न गएको भनी उल्लेख गर्नसम्म नसकेको, आवेदक र हितग्राही बिचको विवादले बैंक जमानतलाई असर नपर्ने र बैंक जमानत जारी गर्ने बैंकले जमानतको सर्त मुताबिक हितग्राहीले रकम माग्नासाथ दिनुपर्ने दायित्व खारेज गरिपाउँ भन्ने व्यहोराको नेपाल इन्भेष्टमेण्ट बैंक लि. को तर्फबाट पर्न

आएको लिखित जवाफ।

खरिद प्रक्रियाको बोलपत्र कागजातमा खरिद मालको भुक्तानी बोलपत्रदाताबाहेक अन्यका नाममा हुन सक्ने अर्थात् Transferable प्रतित पत्रको कल्पना नै नगरिएको अवस्थामा पनि विपक्षीको अनुरोधमा निजको हित तथा असल व्यापारिक अभ्याससमेतलाई ध्यानमा राखी निजको मुख्य आपूर्तिकर्ताबाहेकका अन्य आपूर्तिकर्ताबाट गरिने आपूर्तिलाई पनि स्वीकार्दै प्रतित पत्र Transfer गर्ने गरी सम्झौता भएको कुराले पनि कम्पनी विपक्षीको मुख्य आपूर्तिकर्ताबाटै सामान खरिद गर्न प्रतिबद्ध रहेको कुरा प्रमाणित गर्दछ । जहाँसम्म कार्यसम्पादन जमानत जफत गरेको भन्ने दाबी छ, कम्पनीले खरिद सम्झौताअनुसार खरिद प्रक्रियाअन्तर्गत प्रतितपत्र खोल्ने प्रक्रिया सुरू गर्दै कृषि विकास बैंक, सिभिल बैंक, नेपाल इन्भेष्टमेण्ट बैंक, एभरेष्ट बैंक, किष्ट बैंक, एन.आई.सि. बैंक, सिद्धार्थ बैंक, नेपाल एस.बि.आई. बैंक समेतसँग लिखित अनुरोध गर्दा ती बैंकहरूले बदलिँदो अवस्थामा विदेशी कम्पनीलाई परिवर्त्य विदेशी मुद्राअन्तर्गत गरिने भुक्तानीसम्बन्धमा आपूर्तिकर्ता कम्पनीको व्यापारिक साख हेरिने प्रचलन रहेको कारण ती बैंकहरूले विपक्षीको मुख्य आपूर्तिकर्ता लोवाना अष्ट्रेलियाको पनि Business Information Report and DB Report हेर्दा उक्त कम्पनीको चुक्ता पुँजी १०० अष्ट्रेलियन डलर मात्र भएकोसमेत कारण कृषि सामग्री कम्पनीलाई सामान आपूर्ति भई प्रतितपत्रअन्तर्गत भुक्तानी हुने विदेशी मुद्राको सही सदुपयोग हुने कुरामा शङ्का उत्पन्न भएको कारण यस कम्पनीले शतप्रतिशत नगद मार्जिन राखेको अवस्थामा बाहेक प्रतितपत्र खोल्न असहज भएको मानी प्रतितपत्र खोल्न ढिलाई भएको र यस सम्बन्धमा विपक्षी स्वयंले कम्पनीमा उपस्थित भई एल.सी. बापत बैंकमा दाखिला गर्नुपर्ने शतप्रतिशत नगद मार्जिन दाखिला गर्न बैंकबाट भई आएको अनुरोधमा सघाउने लिखित प्रतिबद्धता व्यक्त गर्नुभएको तर तद्नुरूप बैंकलाई एल.सी. खोली दिएबापतको सुरक्षण दिने कार्य नगरी असहयोग गर्दा पनि हामी निरन्तर सम्पर्कमा रहे पनि विपक्षी नै आजभोलि उता मुख्य आपूर्तिकर्ताबाट हठात ७ मार्च २०१३ मा यस कम्पनीसँगको सम्झौताअनुसार मल आपूर्ति हुने नभई सम्झौता सम्बन्धमा विवाद सिर्जना हुन गएको भनी कथित विवाद मध्यस्थसमक्ष लाने सूचना दिँदै पत्राचार गरी गर्न लगाई नियमित प्रक्रियाको विवाद सामाधानको प्रक्रिया सुरू गरिसकिएको समग्र अवस्थाले विपक्ष तथा निजको मुख्य आपूर्तिकर्ताबाट सम्झौताअनुसार मल आपूर्ति नहुने बैंकहरूको शङ्कामाथि बल पुग्न गई यस कम्पनी सम्झौताबमोजिम मल आपूर्ति हुने कुरामा विश्वस्त हुन नसकी मुख्य आपूर्तिकर्ताले नेपाल इन्भेष्टमेण्ट बैंकमार्फत दाखिला गरेको कार्यसम्पादन जमानत जफत गर्ने निर्णय भएको सत्य हो।

विपक्षीले सम्झौता कार्यान्वयनलाई सहज बनाउन व्यक्त लिखित सहमति पालना गर्नुपर्ने दायित्वबाट विचलित भई पालना नगर्दा समग्र आपूर्ति प्रक्रिया सङ्कटमा पर्न गएकोले सम्झौता उल्लङ्घन विपक्षीबाटै हुन गएको छ । निजको अकर्मण्यता यस कम्पनीबाट परिपालना हुने विषय नभएको अवस्थामा को, कसको कारण सम्झौता परिपालना हुन नसकेको हो भन्ने करारको तथ्यभित्र प्रवेश गरी प्रमाणको मूल्याङ्कन गरी निर्णय दिनुपर्ने अवस्थामा उक्त जफतको निर्णय उत्प्रेषणको आदेशले बदर हुन सक्दैन । तसर्थ, यस कम्पनीको मुख्य आपूर्तिकर्ता लोवाना अष्ट्रेलियन कम्पनीसँग भएको सम्झौताको अन्तरवस्तुका सम्बन्धमा सिर्जित विवादको प्रभावकारी वैकल्पिक उपचारको बाटोको रूपमा हामी सम्झौताका पक्षहरूले स्वीकार गरेको विवाद सामाधानको मध्यस्थताको प्रक्रिया सुरू गर्ने सूचना प्रेषित गरिसकेको अवस्थामा सो मध्यस्थताको प्रक्रिया तथा व्यवस्थालाई परित्याग गरी दायर भएको रिट निवेदन खारेजभागी छ । निवेदकलाई अदालत जानुपर्ने भएमा पनि जिल्ला अदालतको साधारण अधिकारक्षेत्रअन्तर्गत करार परिपालना गरिपाउँ भनी फिराद गर्न जानुपर्नेमा नगई पुनरावेदन अदालतको असाधारण अधिकारक्षेत्रअन्तर्गत उत्प्रेषण परमादेशको

माग लिई रिट दायर गर्ने विपक्षीलाई हकदैया नभएको प्रस्ट हुँदा विपक्षीको प्रस्तुत निवेदन खारेजभागी भएकोले खारेज गरिपाउँ भनी कृषि सामग्री कम्पनी लिमिटेड काठमाडौं, ऐ.का सञ्चालक समिति, नि. महाप्रबन्धक, आर्थिक महाशाखासमेतको तर्फबाट पर्न आएको लिखित जवाफ।

नेपाल सरकारले वार्षिकरूपमा चाहिने मलखादको लागि सहुलियतपूर्ण दरमा अनुदान दिने रकमबाट कृषि सामग्री कम्पनी लि. मार्फत् आपूर्ति गरी बिक्री वितरण गरिएकोले कृषि सामग्री कम्पनी लि.बाट मल खरिदका लागि गरिने सम्पूर्ण ठेक्कापट्टा मल आपूर्ति व्यवस्थालगायत भुक्तानीका विषयहरू नेपाल सरकारकै अनुदानको रकमको आधारमा गरिने भएकोले तत्सम्बन्धी कार्यहरूमा नेपाल सरकारको चासो स्वतः रहेको छ। विपक्षी रिट निवेदकले दिनुभएको रिट नं. २०६९ सालको WO-०८०० रिट निवेदनका सम्बन्धमा समेत निजको ठेक्का पाएको ३०,००० मे.टन यूरिया मल आपूर्ति हुने नहुने, गुणस्तरीय हुने नहुने, मलखाद आपूर्ति मितव्ययी, प्रतिस्पर्धा तथा अनुदानको रकम पूर्ण सदुपयोग हुन सक्ने नसक्ने जस्ता कुराहरूमा यस मन्त्रालयले समयसमयमा अनुगमन र निरीक्षणसमेत गर्दै आएको छ। प्रस्तुत रिट निवेदनका सम्बन्धमा समेत नेपाल सरकारको आर्थिक दायित्व बढ्न सक्ने भन्ने सम्बन्धमा मन्त्रालय सरोकार रहेको स्पष्ट देखिएको छ भन्नेसमेत व्यहोरा उल्लेख गरी नेपाल सरकार कृषि मन्त्रालयद्वारा प्रस्तुत रिट निवेदनमा मुद्दाको सुनुवाइमा सहभागी हुन अनुमति पाउन पेस गरेको निवेदन।

लोवाना ट्रेडिङ्ग कम्पनीका तर्फबाट Soniga Services Pvt. Ltd का सञ्चालक प्रो. सुवास श्रेष्ठलाई मुद्दा मामिला गर्ने अख्तियार प्रदान भएको देखिँदा Soniga Services Pvt. Ltd लाई प्रस्तुत विषयमा रिट निवेदन दिन सक्ने अधिकार भएकै देखियो। विवादित सम्झौताको सर्त नं. ४ बाट सिर्जित दायित्व कृषि सामग्री कम्पनी लि. बाट पुरा नभएसम्म निवेदक कम्पनीको सर्त नं. ६ बमोजिमको दायित्व पुरा हुनसक्ने देखिँदैन। सम्झौताको एउटा पक्ष कृषि सामग्री कम्पनी लि. ले आफ्नो सबैभन्दा पहिलो दायित्व एल.सी. खोल्ने कार्य सम्पन्न नगरेको र गर्ने सदाशयतासमेत नदेखाएको अवस्थामा करारको परिपालना गर्ने कार्यको आरम्भ नै नभएको अवस्थामा यथावत् परिपालनाको अवस्था आउन सक्ने देखिँदैन। करार ऐन, २०५६ को दफा ८६ को उपदफा (२) मा करारको यथावत् परिपालनाको दाबी नलाग्ने विभिन्न अवस्थामध्ये उक्त उपदफा (२) को खण्ड (घ) मा यथावत्‌रूपमा करार पुरा गर्न सक्ने अवस्था नभएमा भन्ने व्यवस्थाबाट पनि यत्तिकैको अवस्थामा करारको यथावत् परिपालना हुन सक्ने अवस्थाको विद्यमानता नहुँदा त्यसलाई वैकल्पिक मार्ग मान्न सकिएन। तसर्थ, कृषि सामग्री कम्पनी लि.ले परफरमेन्स बन्ड जफत गर्ने निर्णय गर्दा स्पष्ट आधार कारण खुलाउन सकेको नदेखिँदा उक्त मिति २०६९।१२।१८ को निर्णय र सो निर्णयका आधारमा भएका पत्राचारसमेत उत्प्रेषणको आदेशद्वारा बदर गरिदिएको छ। साथै यस अदालतबाट मिति २०६९।०५।१७ मा भएको परमादेशको आधारमा सम्पन्न सम्झौताबमोजिम अविलम्ब L.C. खोली सम्झौता अनुरूपका काम कारवाही अगाडि बढाउनु भनी कृषि सामग्री कम्पनी लि.को नाममा परमादेशको आदेशसमेत जारी हुने ठहर्छ भन्ने पुनरावेदन अदालत, पाटनको मिति २०७०।५।२६ को फैसला।

प्रस्तुत विवादसँग सम्बन्धित सम्झौता विपक्षी प्रत्यर्थी स्वनिग सर्भिसेज प्रा.लि.सँग भएको होइन। निज विपक्षी प्रत्यर्थी स्वनिग सर्भिसेज प्रा.लि.ले आफ्नो स्वतन्त्र हैसियतमा कुनै बोलपत्र पेस गरेको पनि होइन। निज कम्पनी सन् १९ सेप्टेम्बर २०१२ (मिति २०६९।६।३) को सम्झौता (Tender notice no. KPN ३१/०६८/६९, Contract No. १९/०६९/७०) को पक्ष पनि होइन। उक्त बोलपत्रमा M/S Lobana Trading Co. Pvt. Ltd. ले भाग लिएको र निजको बोलपत्र स्वीकृत भई निजैसँग सम्झौता भएको हो। उक्त सम्झौता गर्दा सुवास श्रेष्ठले उक्त टेन्डरदाता For and on behalf of M/S Lobana Trading

Co. Pvt. Ltd. उल्लेख गरी प्रतिनिधिको हैसियतले हस्ताक्षर गरेका हुन् । करार सम्झौताका विषयमा वास्तवमा विवाद उठाउन सक्ने पक्ष अर्थात् M/S Lobana Trading Co. Pvt. Ltd. निवेदकको रूपमा उपस्थित भएको छैन । निजको हकमा वा निजको अधिकार लिई निजकै नाममा मुद्दा दायर गरेको अवस्था पनि होइन। विपक्षी Soniga Services Pvt. Ltd. ले पुनरावेदन अदालत, पाटनसमक्ष असाधारण अधिकार क्षेत्रअन्तर्गतको उत्प्रेषणयुक्त परमादेश जारी गरिपाउँ भनी माग गरेको विषयवस्तु Performance Bond जफत अर्थात् करारीय हक अधिकारसँग मात्र सम्बन्धित रहेको छ । करारबाट सिर्जित विषयमा रिटक्षेत्र आकर्षित नहुने भन्ने न्यायको मान्य सिद्धान्त रहेकोमा पुनरावेदन अदालत, पाटनले सो प्रश्नतर्फ प्रवेशसमेत नगरी एकतर्फीरूपमा रिट जारी हुने गरी गरेको आदेश न्यायको मान्य सिद्धान्त प्रतिकूल रहेको प्रस्ट हुन आउँछ।

सम्झौता वा करारबाट सिर्जित निवेदकको हकलाई कानूनी वा संवैधानिक मान्ने हो भने करार ऐनले सिर्जना गर्ने करारीय हक एवं दायित्वहरूको स्थिति नै शून्यमा परिणत हुन्छ । Contractual obligation and liabilities लाई कानूनी वा संवैधानिक हक अधिकार भन्न नमिल्ने भनी अदालतबाट सिद्धान्त प्रतिपादन भएको छ । हामी पुनरावेदक र Lobana Trading Pvt. Ltd. बिच सम्झौता भएको र सोही सम्झौताको सर्तबमोजिम राखिएको Performance Bond जफत गरिएको हुँदा यदि Lobana Trading Pvt. Ltd. लाई कुनै हानि नोक्सानी परेको वा कुनै क्षति भएको अवस्था थियो भने निजले करार ऐन, २०५६ को दफा ८३ अनुसार क्षतिपूर्तिका लागि, दफा ८६ अनुसार करारको यथावत् परिपालनाको लागि, वा दफा ८७ अनुसार उपयुक्त आदेशका लागि जिल्ला अदालत वा पुनरावेदन अदालतको शरणमा जान सक्ने अवस्था थियो। सोअनुसार उपचारको लागि निवेदक गएको छैन। तसर्थ पुनरावेदन अदालत, पाटनको मिति २०७०।५।२६ को आदेश कानून तथा न्यायको मान्य सिद्धान्तविपरीत भएकोले पूर्णरूपमा उल्टी गरी रिट निवेदन खारेज हुने फैसला गरी न्याय इन्साफ दिलाई पाउँ भन्नेसमेत कृषि सामग्री कम्पनीको यस अदालतमा पर्न आएको पुनरावेदन पत्र।

यसमा करारका पक्ष लोवाना ट्रेडिङ क.प्रा. लि.ले प्रस्तुत विवाद मध्यस्थताबाट निरूपण हुनका लागि आफूले कानूनी बाटो अवलम्बन गर्ने भनी ७।३।२०१३ को पत्रबाट पुनरावेदकलाई जानकारी दिएको यस सम्बन्धमा करार ऐन, २०५६ को दफा ८६ र ८७ ले प्रभावकारी वैकल्पिक उपचारको व्यवस्था गरेको र करारको परिपालना नभएको अवस्थामा मर्का पर्ने पक्षले करार भंग वा रद्द गरी क्षतिपूर्तिमा दाबी गर्न पाउनेसमेतको करार कानूनको व्यवस्था रहेको परिप्रेक्ष्यमा पुनरावेदन अदालत, पाटनको मिति २०७०।५।२६ को फैसला फरक पर्न सक्ने देखिँदा अ.बं. २०२ नं. बमोजिम प्रत्यर्थीलाई झिकाई आएपछि वा अवधि नाघेपछि पेस गर्नु भन्ने यस अदालतको मिति २०७१।३।२५ को आदेश।

नियमबमोजिम दैनिक पेसी सूचीमा चढी इजलाससमक्ष पेस हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ताहरू श्री बद्रीबहादुर कार्की, श्री अनिलकुमार सिन्हा, श्री पूर्णमान शाक्य, अधिवक्ता श्री उत्तमराज पाठकले करारीय प्रकृतिको व्यापारिक सम्झौतामा रिट निवेदनको माध्यमबाट उपचार दिन सकिँदैन। पुनरावेदन अदालतले पक्षहरूबिच करार भएको कुरालाई स्वीकार गरेको छ । यो विषय मध्यस्थमा समेत गइसकेपछि फेरि अदालतमा आउन मिल्दैन । मध्यस्थको प्रश्न आउनासाथ अदालतको क्षेत्राधिकार स्वतः अन्त हुन्छ। रिट निवेदक Soniga Services Pvt. Ltd रिट दिन सक्ने हकदैया भएको व्यक्ति नै होइनन्। Lobana सँग करार भएपछि करारको पक्ष रिटमा आउनुपर्छ प्रतिनिधि आउने होइन । Soniga करारको पक्ष नै होइन । यसरी हकदैया नै नभएको रिटबाट उपचार प्रदान गर्न मिल्दैन । Lobana को Track Record हेरेर यहाँको बैंकले प्रतित पत्र खोल्न मानेन । हामीले

प्रतित पत्र खोल्ने प्रयास गरिरहेकोमा ठाडै Lobana ले मध्यस्थमा जाने सूचना दियो । निवेदकले करारको पालना गर्न नचाहेको देखिएकोले कार्यसम्पादन जमानत जफत भएको हो । प्रतित पत्र खोल्ने हाम्रो दायित्व पुरा नभएकोमा निवेदक क्षतिपूर्तिमा दाबी लिई जानु पर्ने हो । तर परमादेशको माग गरी निवेदन दिएको हुँदा यसबाट निवेदकले उपचार नपाउने स्पष्ट छ । सार्वजनिक कानूनले तोकेको दायित्व पुरा नगरे मात्र परमादेश जारी हुने हो । तसर्थ पुनरावेदन अदालतको फैसला नमिलेको हुँदा उल्टी हुनुपर्छ भनी बहस प्रस्तुत गर्नुभयो ।

प्रत्यर्थी तर्फबाट उपस्थित विद्वान् अधिवक्ताहरू श्री भिमार्जुन आचार्य र श्री सुवास आचार्यले मेरो पक्षको Track Record खराब भन्न मिल्दैन । सार्वजनिक खरिद ऐन, २०६३ को दफा २३ अनुसार बोलपत्र दिएको समयमा नै प्राविधिक मूल्याङ्कन गर्नुपर्छ । मेरो बोलपत्र ठिक नभए कसरी स्वीकृत गरियो । करारको बुँदा नं. ४ ले स्पष्ट शब्दमा क्रेताको विश्वसनीयतामा प्रतित पत्र खोल्ने भनिसकेपछि मेरो पक्ष विश्वशनीय भएन भन्न मिल्दैन। विपक्षीले मेरो पक्षको हकदैयामा प्रश्न उठाए पनि मुद्दा गर्ने अधिकारपत्र (Power of Attorney) अनुसारै रिट दिएको हो। सम्झौताअनुसार कार्यसम्पादन जमानत जफतसम्बन्धी विवाद मध्यस्थको क्षेत्राधिकारभित्र पर्दैन । जुन सम्झौताको दफा १५ मा स्पष्ट उल्लेख छ । प्रतित पत्र खोलेपछि सम्झौताअनुसार सामान आपूर्ति नभए मात्र कार्यसम्पादन जमानत जफत हुने हो। प्रत्यर्थीले प्रतित पत्र नखोलिदिएपछि करार सुरू हुनै पाएन । तसर्थ यथावत् परिपालनमा जाने भन्ने जिकिर आधारहीन छ । विपक्षी कम्पनी सार्वजनिक संस्था भएको हुँदा त्यस्तो संस्थाउपर परमादेशको आदेश जारी हुन मिल्छ । निवेदकको चुक्ता पुँजी १०० डलर मात्र भएको भन्ने दाबी झुट्ठा हो। तसर्थ पुनरावेदन अदालतको फैसला मिलेको हुँदा सदर हुनुपर्छ भनी गर्नुभएको बहससमेत सुनियो।

यसमा Lobana Trading Co र विपक्षी कृषि सामग्री कम्पनीबिच भएको युरियामल आपूर्तिसम्बन्धी सम्झौताबमोजिम कृषि सामग्री कम्पनीले एल.सी.खोली सम्झौता कार्यान्वयन गर्नुपर्नेमा सम्झौताबमोजिम एल.सी. पनि नखोली निवेदक कम्पनीको कार्यसम्पादन जफत गर्ने भनी गरेको निर्णय उत्प्रेषणको आदेशद्वारा बदर गरी पुनरावेदन अदालत, पाटनको पूर्व फैसलाबमोजिम एल.सी.खोली सम्झौताबमोजिम गर्नु भनी विपक्षीको नाममा परमादेशको आदेश जारी गरिपाउँ भन्ने मुख्य मागदाबी भएकोमा पुनरावेदन अदालत, पाटनबाट विपक्षी कृषि सामग्री कम्पनीले कार्यसम्पादन जमानत जफत गर्ने निर्णय गर्दा स्पष्ट आधार कारण खुलाउन सकेको नदेखिँदा मिति २०६९।१२।१८ को निर्णय र सो निर्णयका आधारमा भएका पत्राचारसमेत उत्प्रेषणको आदेशबाट बदर गरी सम्झौताबमोजिम अविलम्ब एल.सी.खोली कारबाही अगाडि बढाउनु भनी परमादेशको आदेश जारी भएउपर विपक्षीको तर्फबाट पुनरावेदन परी निर्णयार्थ पेस हुन आएको प्रस्तुत मुद्दामा Lobana Trading Co Pvt. Ltd. को स्थानीय प्रतिनिधि Soniga Services Pvt. Ltd लाई प्रस्तुत रिट निवेदन दिने हकदैया नभएको साथै करार कानूनबमोजिम उपचार माग गर्नुपर्नेमा सो मार्ग अबलम्बन नगरेको अवस्थामा समेत मागबमोजिम हुने ठहर गरेको पुनरावेदन अदालत, पाटनको फैसला मिलेको छैन भनी विपक्षीले यस अदालतमा गरेको पुनरावेदनमा उक्त कुराहरू समेतको जिकिर लिएको देखिँदा उक्त विवादित प्रश्नहरूको निरूपण गर्नुपर्ने देखिन आयो ।

२. कृषि सामग्री कम्पनीले युरियामल आपूर्तिको लागि गरेको बोलपत्रमा Lobana Trading Co Pvt. Ltd समेत सहभागी भएकोमा उक्त कम्पनीको बोलपत्र मिति ३० नोभेम्बर २०११ मा स्वीकृत भई ५ प्रतिशत कार्यसम्पादन जमानतले हुने अमेरिकी डलर ८,४७,५००।- मिति १ डिसेम्बर २०११ मा जमानत राखी Lobana Trading Co Pvt. Ltd र कृषि सामग्री कम्पनीबिच मिति २०६९।६।३ मा सम्झौता भएकोमा सम्झौताबमोजिम कृषि सामग्री कम्पनीले प्रतितपत्र

नखोली मिति २०६९।१२।१८ मा कार्यसम्पादन जमानत जफत गरेउपर Lobana Trading Co Pvt. Ltd को हकमा Soniga Services Pvt. Ltd ले प्रस्तुत निवेदन गरेको देखिएको छ। Soniga Services Pvt. Ltd सम्झौताको पक्ष नभएकोले निजलाई निवेदन गर्ने हकदैया नरहेको भन्ने तथा करारको विषयमा रिट क्षेत्र आकर्षित नभई करार कानूनबमोजिम नै उपचार खोज्नु पर्ने भन्ने विपक्षीको मुख्य पुनरावेदन जिकिर रहेको छ।

३. युरियामल आपूर्तिका लागि माग भएको बोलपत्रमा नेपाली बोलपत्रदाताबाहेकका अन्य विदेशी कम्पनीका बोलपत्रवालाहरूले बोलपत्र पेस गर्न चाहेमा नेपालको स्थानीय प्रतिनिधिमार्फत् बोलपत्र पेस गर्नुपर्ने र त्यसरी बोलपत्र पेस गर्दा कम्पनीको तर्फबाट गरिने सम्झौतालगायतका सम्पूर्ण कार्य गर्न स्थानीय स्तरको प्रतिनिधि नियुक्ति गरी अख्तियारी दिएको हुनुपर्ने भनी बोलपत्रमा स्थानीय प्रतिनिधि नियुक्तिको सर्तसमेत राखी माग भएको बोलपत्रअनुसार नै Lobana Trading Co Pvt. Ltd ले बोलपत्र पेस गर्न Soniga Services Pvt. Ltd लाई स्थानीय स्तरको प्रतिनिधि नियुक्ती गरी पेस गरिने बोलपत्र तथा सम्झौताका सम्पूर्ण प्रक्रियामा निजले गरेको कार्य स्वीकार हुने गरी अधिकार प्रत्यायोजन गरेअनुरूप नै बोलपत्रको प्रारम्भदेखि करारका दुई पक्षबिच भएको सम्झौताको अन्तिम चरणसम्म Soniga Services Pvt. Ltd संलग्न भई आएको देखिन्छ।

४. Lobana Trading Co Pvt. Ltd. ले पेस गरेको बोलपत्र स्वीकृत भई निज कम्पनीले कार्यसम्पादन जमानतसमेत राखिसकेको अवस्थामा कृषि सामग्री कम्पनीले सम्झौता नगरिदिएको कारण कार्यसम्पादन जमानत जफत हुने स्थितिको विद्यमानता भएबाट सम्झौता गरी कारवाही अगाडि बढाई पाउन परेको रिट निवेदनमा पुनरावेदन अदालत, पाटनबाट मिति २०६९।१।६ मा आदेश जारी भएपश्चात् पनि उक्त आदेशको अवज्ञा गरी युरियामल खरिदका लागि नयाँ बोलपत्र आह्वान भएउपर यिनै निवेदकले दायर गरेको रिट निवेदनमा पूर्व फैसलाबमोजिम गर्नु भनी पुनरावेदन अदालत, पाटनबाट मिति २०६९।५।१७ मा फैसला भएकोसमेत देखिन्छ। Lobana Trading Co Pvt. Ltd को स्थानीय प्रतिनिधि Soniga Services Pvt. Ltd भई दायर भएका उपर्युक्त रिट निवेदनमा पुनरावेदन अदालतबाट आदेश जारी हुने गरी भएका फैसला अन्तिम भएर रहेको देखिन आएको छ। यसैगरी Lobana Trading Co Pvt. Ltd तर्फबाट राखेको कार्यसम्पादन जमानत कृषि सामग्री कम्पनीले जफत गर्ने निर्णयउपर कृषि सामग्री कम्पनी र अन्य सम्बन्धित व्यक्ति र निकाय विरूद्ध नेपालको अड्डा अदालतमा मुद्दा गर्न सक्ने गरी Lobana Trading Co Pvt. Ltd ले Soniga Services Pvt. Ltd लाई आफ्नो स्थानीय प्रतिनिधिको रूपमा १ अप्रिल २०१३ मा अधिकार प्रत्यायोजन गरेको देखिन्छ । सोही प्रत्यायोजित अधिकारबमोजिम नै Lobana Trading Co Pvt. Ltd को प्रतिनिधी भई Soniga Services Pvt. Ltd ले प्रस्तुत रिट निवेदन गरेको हुँदा Soniga Services Pvt. Ltd लाई मुद्दा गर्ने हकदैया नभएको भन्ने विपक्षीहरूको पुनरावेदन जिकिर कानूनसम्मत देखिन आएन।

५. कम्पनीको तर्फबाट गरिने सम्झौतालगायतका सम्पूर्ण कार्य गर्न Lobana Trading Co Pvt. Ltd ले Soniga Services Pvt. Ltd लाई स्थानीय स्तरको प्रतिनिधि नियुक्ति गरेको र मुद्दा मामिला गर्नसमेत १ अप्रिल २०१३ मा अधिकार प्रत्यायोजन गरेको अवस्थामा मूल पक्षले नै दाबी गर्नुपर्ने भनी मुद्दा गर्ने विषयमा हकदैयालाई साँघुरो अर्थमा ग्रहण गरिँदा न्याय प्राप्तिको मार्ग नै अबरूद्ध हुन जान्छ । यसकारण हकदैयाको प्रश्नलाई पक्षहरूले आफ्नो हित अनुकूलमात्र हुने गरी त्यसको अर्थ गर्न मिल्ने हुँदैन।

६. कृषि सामग्री कम्पनी सार्वजनिक निकाय नभएकोले आफुले गरेको निर्णयउपर परमादेशको माध्यमबाट अदालत प्रवेश गर्न मिल्दैन भन्ने कृषि सामग्री कम्पनीको अर्को पुनरावेदन जिकिर रहेको छ। कृषि सामग्री कम्पनी सार्वजनिक निकाय हो होइन

भन्नेतर्फ विचार गर्दा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २ को खण्ड (ख) (२) मा भएको व्यवस्थाबमोजिम सार्वजनिक निकायको परिभाषाभित्र नेपाल सरकारको पूर्ण वा अधिकांश स्वामित्व वा नियन्त्रणमा रहेको संस्थान, कम्पनी, बैंक वा समिति वा प्रचलित कानूनबमोजिम सार्वजनिक स्तरमा स्थापित वा नेपाल सरकारद्वारा गठित आयोग, संस्थान, प्राधिकरण, निगम, प्रतिष्ठान, बोर्ड, केन्द्र, परिषद् तथा सोही ऐनको दफा २ को खण्ड (ख) (६) बमोजिमका नेपाल सरकारको ऋण वा अनुदानमा सञ्चालित संस्थासमेतका निकाय पर्ने देखिन्छ। कृषकका लागि कृषि सामग्री, कृषि उपजको उचित मूल्य र बजारमा पहुँचको व्यवस्था गर्ने राज्यको कृषि र भूमिसुधारसम्बन्धी नीति रही आएको र यही नीतिलाई मूर्तरूप प्रदान गरी कृषकका लागि कृषि सामग्री र कृषि उपज उचित समयमा उचित मूल्यमा उपलब्ध गराई कृषि उत्पादकत्वमा वृद्धि गरी देशको आर्थिक वृद्धिदरमा योगदान पुर्‍याउने उद्देश्यले कृषि सामग्री कम्पनी स्थापना भई सञ्चालनमा रही आएको छ । कृषि सामग्री कम्पनीले आफ्नै निजी स्रोतमा लगानी गर्ने नभई नेपाल सरकारबाट प्राप्त अनुदानमा कृषि सामग्री, कृषिउपज, कृषि औजार तथा मल खरिद गरी सहज र सरल किसिमले उचित मूल्यमा कृषकलाई वितरण गर्ने जिम्मेवारी पाएको निकाय भएको हुँदा नेपाल सरकारको नियन्त्रण र अनुदानमा सञ्चालन भई आएको सार्वजनिक निकायले सो इन्कार गरी जिकिर लिनु मनासिब होइन।

७. बोलपत्र स्वीकृत भई निवेदकले कार्यसम्पादन जमानत राखी यी पुनरावेदक र निवेदक कम्पनीबिच सम्झौता भइसकेको त्यस्तो अवस्थामा कृषि सामग्री कम्पनीले प्रतितपत्र खोली निवेदकलाई सम्झौता कार्यान्वयन गर्न दिनुपर्ने थियो। तर प्रतितपत्र खोली सम्झौता कार्यान्वयन गर्ने कुरामा कृषि सामग्री कम्पनी नै बाधकतत्त्वको रूपमा रही निवेदकले दाखेल गरेको कार्यसम्पादन जमानत जफत गर्ने निर्णय गरेको छ। कार्यसम्पादन जमानत जफत नगर्ने वा सम्झौताको सर्तहरूलाई नै मान्यता दिई सम्झौता क्रियाशील हुन दिने भन्ने कृषि सामग्री कम्पनीलाई दुईवटा विकल्प रहेकोमा कुनै पनि विकल्पको अनुशरण गरेको देखिन आएन । सम्झौता कार्यान्वनमा प्रवेश गरिसकेपछि दुवै पक्षबिच कुनै विवाद उत्पन्न भएको भए त्यो छुट्टै प्रश्न हुने थियो । तर सम्झौता कार्यान्वनमा प्रवेश नै हुन नदिई राखेको कार्यसम्पादन जमानत जफत हुने भनी निर्णय गरिएको छ। यसरी सम्झौताको दोस्रो पक्ष निवेदक कम्पनीलाई कुनै पनि कार्य गर्न नदिई निजले राखेको कार्यसम्पादन जमानत जफत हुने भनी निर्णय गर्नुलाई कुनै हालतमा पनि कानूनसम्मत निर्णय भन्न मिल्दैन। सार्वजनिक निकायले कानूनविपरीत निर्णय गरेको छ भने त्यस्तो निर्णयउपर चुनौती दिन सकिने र त्यस्तो अवस्थामा अदालतले संविधान कानूनद्वारा प्रदत्त अधिकार प्रयोग गरी समन्याय, न्याय तथा सद्‌विवेकको आधारमा न्याय निरूपण गर्न सक्ने नै हुन्छ।

८. प्रस्तुत विवाद करार उल्लङ्घनको विषय मात्र नभई सम्झौता कार्यान्वयनको चरणमा प्रवेश गर्नुपूर्व नै जमानत जफत गर्ने निर्णय विरूद्धको उपचारसमेतको माग हो। यहाँ विशुद्ध करारको यथावत् परिपालना नभएर वा करार उल्लङ्घन भएर मात्र निवेदन परेको होइन । एउटा सार्वजनिक निकायले करार कानूनको अतिरक्त प्रचलित कानूनका मान्य सिद्धान्तविपरीत तथा अदालतको पूर्व फैसलाबमोजिम कार्य नगरेको अवस्थासमेत उपर चुनौती गरेको अवस्था हो । सम्झौताबमोजिम काम नगरेको कारण पुनरावेदन अदालत, पाटनबाट मिति २०६९।१।६ र २०६९।५।१७ मा जारी भएको परमादेशबमोजिम सम्पन्न भएको सम्झौता कार्यान्वयन गर्नसमेत विपक्षीले गैरकानूनीरूपमा इन्कार गरेको देखिएकोले त्यस्तो सार्वजनिक संस्थाले पूर्व फैसलाबमोजिम गर्नुपर्ने कर्तव्य पुरा नगरेमा सो फैसलाबमोजिम गर्न गराउन परमादेश आकर्षित हुनु नपर्ने कुनै कारण देखिँदैन । यसरी एउटा सार्वजनिक निकायले पुनरावेदन अदालतको फैसलाबमोजिमको कार्य नगरी उल्टै सम्झौता गर्नुपूर्व राखिएको कार्यसम्पादन

जमानत जफत गर्ने भनी निर्णयमा बोलिएका कुराहरूमा वस्तुगत र कारणसहितका कानूनसम्मत आधार छन् छैनन् भन्ने न्यायिक परीक्षणको विषय हुने र पुनरावेदन अदालतको फैसलाबमोजिम कार्यान्वयन भएको नपाइएमा र भइरहेको कानूनबाट प्रभावकारी उपचार प्राप्त हुन नसक्ने अवस्था सिर्जना भएमा उक्त फैसलाबमोजिम कार्यान्वयन गर्न गराउन लागि उपचारको माग गर्न र त्यस्तो माग ग्रहण गरी आदेश जारी गर्न न्यायसम्मत नै हुने हुँदा सोतर्फको विपक्षीको पुनरावेदन जिकिर मनासिब देखिन आएन।

९. विपक्षीले यस अदालतमा गरेको पुनरावेदन जिकिरमा र यस अदालतबाट विपक्षी झिकाउने आदेश हुँदा करार ऐन, २०५६ को दफा ८६ र ८७ बमोजिमको वैकल्पिक उपचार रहेको भन्नेसमेत आधार लिएको देखिन्छ। पक्षहरूका बिचमा विवाद समाधानका सम्बन्धमा छुट्टै व्यवस्था भएको अवस्थामा त्यस्तो सम्झौताले नै निर्दिष्ट गरेको कानूनी बाटो अवलम्बन गरिनुपर्ने कुरामा विवाद गर्ने अवस्था हुँदैन। तर प्रस्तुत विवादमा करारको पक्ष निवेदकले करार ऐन, २०५६ को दफा ८६ र ८७ बमोजिमको उपचार माग गर्न सक्ने अवस्था र वातावरण थियो वा थिएन भन्ने प्रश्न पनि त्यत्तिकै विचारणीय छ। बोलपत्र आह्वानदेखि कार्यसम्पादन जमानत जफत गर्ने निर्णयसम्मका तथ्यगत अवस्थाले त्यसको चित्रण गर्ने हुँदा संक्षिप्तरूपमा उल्लेख हुन सान्दर्भिक हुन आएको छ।

१०. कृषि सामग्री कम्पनीले युरियामल आपूर्तिको लागि गरेको बोलपत्रमा Lobana Trading Co Pvt. Ltd समेत सहभागी भएकोमा उक्त कम्पनीको बोलपत्र ३० नोभेम्बर २०११ मा स्वीकृत भई ५ प्रतिशत कार्यसम्पादन जमानतले हुने अमेरिकी डलर ८,४७,५००।- १ डिसेम्बर २०११ मा जमानत राखी Lobana Trading Co Pvt. Ltd र कृषि सामग्री कम्पनीबिच मिति २०६९।६।३ मा सम्झौता भएकोमा सम्झौताबमोजिम कृषि सामग्री कम्पनीले प्रतितपत्र नखोली मिति २०६९।१२।१८ मा कार्यसम्पादन जमानत जफत गर्ने निर्णय गरेको छ। उपर्युक्त तथ्य हेर्दा सम्झौताअनुसार करार कार्यान्वयनको चरणमा प्रवेश हुन नै नदिई निवेदकले राखेको कार्यसम्पादन जमानत जफत गरिएको छ। कार्यसम्पादन जमानत के कस्तो अवस्थामा मात्र जफत हुन सक्ने अवस्था हो भन्ने कुरामा सम्झौतामा भएका सर्त हेर्नुपर्ने हुन्छ।

११. सम्झौताको बुँदा नं. ४ मा सम्झौता भएको मितिले १५ कार्य दिनभित्र क्रेता अर्थात् कृषि सामग्री कम्पनीले प्रतितपत्र खोल्नुपर्ने सर्त उल्लेख भएको पाइन्छ। यसैगरी सम्झौताको बुँदा नं. ६ मा प्रतितपत्र खोलेको सात दिनको मितिले ३५ दिनभित्र पहिलो सिपमेन्ट र पैसट्ठी दिनभित्र दोस्रो सिपमेन्ट गर्नुपर्ने र त्यसो गर्न नसकेमा कार्य सम्पादन जमानत जफत भई करार रद्द हुने भन्ने उल्लेख भएको देखिन्छ। सम्झौताको बुँदा नं. ४ को सर्तबमोजिम प्रतितपत्र खोल्ने दायित्व कृषि सामग्री कम्पनीबाट पुरा भएपछि मात्र सम्झौताको सर्त बुँदा नं. ६ क्रियाशील भई युरियामल आपूर्ति गर्ने दायित्व निवेदकमा हुने देखिन्छ। अर्थात् कृषि सामग्री कम्पनीले प्रतितपत्र खोलेपश्चात् निवेदक कम्पनीले सामान आयात नगरेमा मात्र कार्यसम्पादन जमानत जफत हुनेमा पुनरावेदक पक्षले प्रतितपत्र नखोलीकनै जफत गरेको देखिन्छ।

१२. करार ऐन, २०५६ को दफा ७४ बमोजिम करारको सर्तको पालना गर्नु दुवै पक्षको कानूनी दायित्व रहेकोमा सोबमोजिम दायित्व निर्वाह गर्ने इच्छा र तत्परता विपक्षीबाट भएको देखिन आएन। निवेदक कम्पनीबाट कार्यसम्पादन जमानत रकमसमेत ग्रहण गरिसकेपछि विधिवत् सम्झौता सम्पन्न गरिएको छ। यसरी विधिवत सम्झौता गरेपछि सम्झौताबमोजिम एल.सी.खोल्नेलगायतका आफैँले गर्नुपर्ने कार्य गर्न नसकी आफू दायित्वविहीन बनेर निवेदककै कार्यसम्पादन जमानत रकमसमेत उल्टै जफत गर्ने विपक्षीको कार्य करार कानूनको र न्यायको आधारभूत सिद्धान्तसमेत प्रतिकूल देखिन आएको छ। आफैँ प्रतितपत्र नखोल्ने तर सम्झौता कार्यान्वयन गरेन भनी अर्को पक्षउपर आरोप लगाउने विपक्षी

कम्पनीको कामकारवाही उचित र तर्कसङ्गतसमेत छैन। कार्यसम्पादन जमानत रकम अनिश्चित समयसम्म रोक्ने र जफत गर्ने कार्यबाट निवेदकको क्षति भएको भए त्यसको क्षतिपूर्ति परिपुरण गर्ने उदार दृष्टिकोण राख्नुको सट्टा आफू employer तथा सार्वजनिक निकाय भएको नाताले मन लागेको व्यवहार गर्नु राम्रो कुरा पनि होइन। विपक्षी कम्पनीले निवेदकको बारेमा निराधार अविश्वास खडा गरी निवेदकले पाइसकेको ठेक्का अवरूद्ध गर्न र कार्यान्वयनका लागि असमर्थ बनाउने कार्य गैरकानूनी देखिएकोले त्यस्तो कार्य सह्य र ग्राह्य मान्न मिलेन। सार्वजनिक कम्पनी भएकोले मात्रै यस्ता गैरकानूनी कामकारवाही र निर्णयसमेत उन्मुक्तियुक्त एवं दायित्वबिहीन हुन्छ भन्न पनि उपयुक्त हुँदैन।

१३. करार ऐन, २०५६ को दफा ८६ बमोजिम करारको विशिष्ठ परिपालना गराई माग्न पाउने अधिकार नै क्रियाशील हुन नदिई प्रारम्भमा नै जमानत जफत गरी प्रतितपत्र नखोली दिएको त्यस्तो अवस्थामा निवेदकले दफा ८६ र ८७ बमोजिम उपचार माग गर्नु पर्दथ्यो भन्ने जिकिर लिनु मनासिब होइन। करार जीवन्त वा बहाल रहेको अवस्थामा सर्तबमोजिम नगरेमा कार्य सम्पादन जमानत जफत हुन सक्ने कुरा एउटा अवस्था हो भने करार क्रियाशील र जीवन्त वा बहाल हुन पाएकै छैन भने सम्झौताको एक पक्षले अर्को पक्षलाई सम्झौताबमोजिम गर्ने हैसियत छैन भनी काम गर्ने अवसर नै नदिई कार्यसम्पादन जमानत जफत गर्ने निर्णय गर्नु वैधानिक कार्य होइन।

१४. निवेदक कम्पनीले सम्झौताको कुनै पनि सर्त उल्लङ्घन नगरेको अवस्था र सम्झौताबमोजिम प्रतितपत्र खोल्ने दायित्व कृषि सामग्री कम्पनीको भएकोमा आफैँ प्रतितपत्र नखोल्ने तर कार्यसम्पादन जमानत जफत गर्ने विपक्षको निर्णयमा दूषित मनसाय रहेको प्रस्ट हुन्छ। यस्तो दूषित मनसाय राखी सम्झौताको सर्तबमोजिम कार्य गर्न प्रारम्भबाट नै अवरोध खडा गरी कार्यसम्पादन जमानत जफतको निर्णय गर्नु सार्वजनिक निकायको असल चरित्रको कार्यक्षेत्रभन्दा बाहिरको विषय हुन जान्छ।

१५. करारको उल्लङ्घन विना कार्यसम्पादन जमानत जफत गर्दा त्यसबाट उत्पन्न हुने अन्तर्राष्ट्रिय व्यापार सम्झौताको विश्वसनीयतामा ह्रास आई पक्षहरू आफैँले तय गरेको सम्झौताको सर्तविपरीत अन्यायको बन्दी हुन जाने स्थिति सिर्जना भएको देखिन्छ। साथै प्रस्तुत विवादमा करार कार्यान्वयनको लागि उत्पन्न हुने दायित्वलाई सुरूबाटै पन्छाउन खोजी यथावत् परिपालना हुनमा अवरोध गरेको देखिएकोबाट मर्का पर्ने पक्षले पूर्ण उपचारको अपेक्षा गर्न मिल्ने र पक्षको हक प्राप्तिमा अदालतले न्यायिक संयम अपनाई उचित निर्णय गर्न सक्ने नै हुँदा यस अदालतको पूर्व संयुक्त इजलासले विपक्षी झिकाउँदा लिएको आधारसँग यो इजलास सहमत हुन सकेन।

१६. अब, प्रतितपत्र खोल्न विभिन्न बैंकहरूमा सम्पर्क गरी प्रयास गरेको भए तापनि निवेदक कम्पनीसँग चुक्ता पुँजी कम भएको कारण देखाई बैकहरूले प्रतितपत्र खोल्न नमानेको कारणबाट सम्झौता कार्यान्वयन गर्ने निवेदकको हैसियत नभएबाट कार्यसम्पादन जमानत जफत गर्ने निर्णय गरिएको हो भन्ने विपक्षीको पुनरावेदन जिकिर रहेको देखिन्छ। बोलपत्रको सर्तअनुरूप न्युनतम मूल्याङकित सारभूतरूपमा प्रभावग्राही बोलपत्र नै छनौट हुने कानूनी व्यवस्था सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ मा रहेको देखिँदा उक्त कानूनी व्यवस्थाको पालना गरी निवेदकको बोलपत्र स्वीकृत भएको मान्नुपर्ने हुन आउँछ। यसरी बोलपत्रदाताको आर्थिक एवम वित्तीय अवस्था हेरेर नै बोलपत्र स्वीकृत भई खरिद सम्झौतासमेत भई सम्झौताबमोजिमको दायित्व पुरा गर्ने समयमा चुक्ता पूँजी थोरै भएको भनी विवाद सिर्जना गर्न मिल्ने होइन।

१७. विधिवत्रूपमा ठेक्का सम्झौता सम्पन्न भइसकेपछि सम्झौताको सर्तअनुसार मल खरिद गर्न लोवानाका नाममा प्रतितपत्र खोलेर करारको कार्यान्वयन गर्न दिनुपर्ने कर्तव्य विपक्षी कृषि सामग्री कम्पनीको भएकोमा करारका सर्तहरू अनुरूप निवेदक

पक्षले Performance Bond जम्मा गरिसकेको तर करारको अर्को पक्ष विपक्षी कम्पनीले प्रतितपत्र खोल्ने खुलाउने कर्तव्य पुरा नगरी करार कार्यान्वयनमा अवरोध पुर्‍याएको देखियो । कम्पनीको बोलपत्र स्वीकृत गर्नु पूर्व कम्पनी आर्थिक र वित्तीयरूपमा सक्षम छ छैन भन्ने कुराको मूल्याङ्कन गरी बोलपत्र स्वीकृत वा अस्वीकृत गर्नसक्ने अधिकार विपक्षीसँग सुरक्षित रहँदारहँदै बोलपत्र स्वीकृतिपश्चात् सम्झौतासमेत सम्पन्न भएपछि हाल आएर कम्पनीको चुक्ता पुँजी थोरै भएको भनी मनोगत कारण देखाई प्रतितपत्र खोल्न इन्कार गर्न एवं कार्यसम्पादन जमानत जफत गर्न मिल्ने हुँदैन र करारको कार्यान्वयन रोक्न सक्ने देखिँदैन ।

१८. निवेदक कम्पनीको Total Paid on Shares Issued AU १०,००,००० रहेको D&B payment Risk Report अनुसार कम्पनीको Rating २A २ रहेको भनी निवेदकले लिएको दाबीलाई वस्तुगत र कानूनसङ्गत आधारमा अमान्यता प्रमाणित नगरीकन आत्मगत आधार खडा गरी करारको कार्यान्वयन रोक्न रोकाउन मिल्दैन । खरिद सम्झौताको बूँदा नं. ४ अनुसार कृषि सामग्री कम्पनीको विश्वसनीयतामा प्रतितपत्र खोल्ने भएपछि आफ्नो उक्त दायित्व पुरा गर्न नसक्नुमा निवेदक कम्पनीको साख र बैंकहरूले निवेदकप्रति बनाएको धारणालाई कारकतत्त्व हो भनी देखाउनु न्यायसङ्गत देखिएन । बरू कृषि सामग्री कम्पनीले आफ्नो दायित्वबमोजिम एल.सी.खोल्न नसक्नु निजकै कमजोरी र साखको प्रश्न खडा भएको देखिन्छ ।

१९. अतः माथि विवेचित आधार र कारणबाट सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १११ समेतका आधारमा खरिद सम्झौता कार्यान्वयन गर्दा सम्झौताको सर्तबमोजिम समयमै प्रतितपत्र खोल्ने व्यवस्था गर्नुपर्नेमा उक्त कानूनी व्यवस्थाको परिपालना विपक्षीबाट भएको पाइएन । यसकारण कार्यसम्पादन जमानत जफत गर्ने कृषि सामग्री कम्पनीको मिति २०६९।१२।१८ को निर्णय मनासिब, चित्तबुझ्दो र औचित्यपूर्ण नदेखिँदा बदरयोग्य देखियो । कार्यसम्पादन जमानत जफत गर्ने कृषि सामग्री कम्पनीको उक्त निर्णय र सो निर्णयका आधारमा भएका पत्राचारसमेत उत्प्रेषणको आदेशद्वारा बदर गरी सम्झौताबमोजिम प्रतितपत्र खोल्ने र करार कार्यान्वयन गराउने गरी पुनरावेदन अदालत, पाटनले गरेको मिति २०७०।५।२६ को इन्साफ मनासिब हुँदा सदर हुने ठहर्छ । विपक्षीको पुनरावेदन जिकिर पुग्न सक्दैन ।

२०. माथि उल्लेख भएअनुसार पुनरावेदन अदालत, पाटनको इन्साफ सदर हुने ठहरेको र प्रस्तुत विषय पुरानो भइसकेको समेत हुँदा यथाशीघ्र एल सि खोली सम्झौता कार्यान्वयन गर्नु भनी कृषिसामग्री कम्पनी लिमिटेडको ध्यानाकर्षणसमेत गराइएको छ । प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार गरी बुझाइदिनू ।

उक्त रायमा सहमत छु ।
न्या. देवेन्द्र गोपाल श्रेष्ठ

इजलास अधिकृत : सुरेशराज खनाल
इति संवत् २०७२ साल पुस १२ गते रोज १ शुभम् ।

## निर्णय नं.९५५८

सर्वोच्च अदालत, संयुक्त इजलास
सम्माननीय प्रधानन्यायाधीश श्री कल्याण श्रेष्ठ
माननीय न्यायाधीश श्री जगदीश शर्मा पौडेल
आदेश मिति : २०७२।८।१३।१
०७०-WO-०६५०

मुद्दाः उत्प्रेषण

निवेदक : कैलाली जिल्ला, डुगौली गा.वि.स. वडा नं. ९ घर भई हाल लुङग्रा उप-स्वास्थ्य चौकी अछाममा कार्यरत करिसिंह भुलसमेत

विरूद्ध

विपक्षी : लोक सेवा आयोग, केन्द्रीय कार्यालय अनामनगर, काठमाडौंसमेत

- **राज्यका हरेक निकायहरूले आफूबाट भएका हरेक काम कारवाही र निर्णयको कानूनी आधार देखाउन सक्नु पर्ने हुन्छ, देखाउन नसके त्यस्ता काम कारवाही र निर्णयले वैधता प्राप्त गर्न सक्दैन । कानूनद्वारा सृजित व्यक्तिको अधिकारमा आघात पुग्ने गरी मनोगत र स्वेच्छाचारी (Arbitrary) किसिमले निर्णय गर्नु हुँदैन । कुनै कानूनद्वारा सृजित व्यक्तिको अधिकारलाई सो कानूनअन्तरगत बनेको नियम वा कुनै नीतिगत निर्णयका आधारमा खोस्न वा कुनै सीमा बन्देज लगाउन मिल्दैन । कानूनद्वारा निर्धारित पूर्वसर्तहरू पूरा भएको अवस्था भएमा सोबमोजिम गरी दिनु प्रत्येक निकायको दायित्व हुन जाने ।**

(प्रकरण नं.५)

- **रिट निवेदकहरूले स्तरवृद्धिका माध्यमबाट नियुक्ति हुने र खुला प्रतियोगिताबाट नियुक्ति हुने कर्मचारीहरूको बिचमा वृत्ति विकासका अवसरहरू फरक हुने भएकोले लोक सेवा आयोगले आफूहरूलाई खुला प्रतियोगिताबाट नियुक्ति हुन रोक लगाउने गरी गरेको निर्णयबाट आफूहरूलाई मर्का पर्न गएको भन्नेसमेत जिकिर लिएको सन्दर्भमा स्तरवृद्धि र खुला प्रतियोगिताबाट नियुक्ति हुने प्रक्रियामा अन्तर भई जिम्मेवारी वितरण गर्ने हिसाबले पनि निवेदकहरूले आफ्नो वृत्तिविकासको मार्ग पहिल्याउन नपाउने भन्न नमिल्ने ।**

(प्रकरण नं.६)

निवेदकका तर्फबाट : विद्वान् अधिवक्ताहरू शेरबहादुर के.सी. र रामचन्द्र पौडेल
विपक्षीका तर्फबाट : विद्वान् सहन्यायाधिवक्ता रेवतीराज त्रिपाठी
अवलम्बित नजिर :
सम्बद्ध कानून :

- स्वास्थ्य सेवा ऐन, २०५३ को दफा ८(३)
- लोक सेवा आयोग (कार्य सञ्चालन) निर्देशिका, २०६७

आदेश

**स.प्र.न्या.कल्याण श्रेष्ठ :** नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३२ र १०७(२) बमोजिम यस अदालतमा दायर हुन आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य र आदेश यसप्रकार छः-

हामी निवेदकमध्ये म करिसिंह भुल मिति २०५६।७।२५ को निर्णयअनुसार र म दिलबहादुर पुन: मिति २०५६।८।१ को पत्रानुसार रा.प. अनं. द्वितीय (प्राविधिक) सहायक चौथो तहको अ.हे.व. पदमा स्थायी नियुक्ति पाई सेवारत रही आउँदा म करिसिंह भुल मिति २०६४।५।१९ मा र म दिलबहादुर पुन मिति २०६४।९।१ को निर्णयानुसार सहायक पाँचौ तहमा तह मिलान भई सेवारत रही आएका छौं। यसरी आफ्नो

सेवामा सेवारत रहिरहेको अवस्थामा विपक्षी लोक सेवा आयोगबाट प्रकाशित विज्ञापन नं. २२१९/०६९-७० (दलित) र २२१५/०६९-७० (खुला) मा म करिसिंह भुलले दरखास्त फाराम भरेको त्यसैगरी म दिलबहादुर पुनले विज्ञापन नं. १७१७/०६९-७० पाँचौ तह हे.अ. पदमा फाराम भरी लिखित परीक्षा दिएको, सोको नतिजा मिति २०७०।९।१० मा प्रकाशित भई म करिसिंह भुल विज्ञापन नं. २२१९/०६९-७० (दलित) तर्फ र म दिलबहादुर पुन: लिखित परीक्षामा उत्तीर्ण भई अन्तरवार्तासमेत दिइसकेका थियौं।

यसरी हामीले अन्तरवार्तासमेत दिई नतिजाको पर्खाईमा बसिरहेको अवस्थामा विपक्षी लोक सेवा आयोगको मिति २०७०।१०।९ को निर्णयानुसार भनी मिति २०७०।१०।१५ र २०७०।१०।२९ मा अन्तर्वार्ताको नतिजा प्रकाशित हुँदा निवेदकहरूको हकमा योग्यताक्रम सूचीबाट नाम हटाइएको भन्ने व्यहोरा उल्लेख गरी अन्तिम नतिजा प्रकाशनमा समावेश गरिएन । विपक्षी आयोगबाट हामीहरूको नाम अन्तिम योग्यताक्रम सूचीमा समावेश नगर्ने भनी निर्णय गर्दा उम्मेदवार कार्यरत रहेको सेवा, समूह र तह सबै समान भएको हकमा सोही सेवा, समूह र पदमा उम्मेदवार हुन उपयुक्त हुने नभएकोले त्यस्ता उम्मेदवारको नाम योग्यताक्रम सूचीमा समावेश नगरी अन्तिम नतिजा प्रकाशन गरिएको भन्ने व्यहोरा उल्लेख भएको छ । स्वास्थ्य सेवा ऐन, २०५३ मा चौथो संशोधनबाट मूल ऐनको दफा ८ संशोधन गरी ऐ. दफा ८(३) मा "खुला प्रतियोगिताद्वारा पूर्ति हुने कुनै तहको पदमा समान तहका कुनै कर्मचारीले त्यस्तो परीक्षाको लागि निर्धारित योग्यता पुरा गरेको भएमा निजसमेत सो परीक्षामा सामेल हुन सक्नेछ" भन्ने व्यवस्था रहेबाट हामी निवेदकले विपक्षी लोक सेवा आयोगबाट विज्ञापन भएको विज्ञापन नं. २२१९, २२१५ र १७१७ मा भाग लिन पाउने अधिकार सुरक्षित रहँदा रहँदै विपक्षीहरूबाट एकतर्फी र अन्यायपूर्ण तरिकाले हाम्रो दरखास्त फाराम अस्वीकृत गरिएको कार्य स्वास्थ्य सेवा ऐन, २०५३ (चौथो संशोधन) को दफा ८ विपरीत रहेको स्पष्ट छ।

स्वास्थ्य सेवा ऐनको दफा ९ मा स्तरवृद्धिसम्बन्धी व्यवस्था गरिएको छ । उक्त दफा ९ को उपदफा १(३) मा पाँचौ तहमा सुरू नियुक्त भएका वा वरिष्ठ पाँचौ तहमा तह मिलान भएकालाई मात्र सातौं तहमा स्तरवृद्धि गरिने व्यवस्थाबमोजिम निवेदकहरू स्तरवृद्धिको माध्यमबाट स्तरवृद्धि हुँदा छैटौं तहमा सेवाको अन्त हुने र पाँचौं तहमा खुला प्रतिष्पर्धाबाट नियुक्त हुन पाएमा सातौं तहमा स्तरवृद्धि हुन सक्ने भएबाट समेत हामी निवेदकहरूलाई खुला प्रतिस्पर्दाबाट वञ्चित गरिँदा बढी मर्का हुने प्रस्ट छ।

अतः विपक्षी लोक सेवा आयोगले ऐनको स्पष्ट व्यवस्थालाई गलत व्याख्या गरी निवेदकहरूको परीक्षाफल प्रकाशित नगरी दरखास्त अस्विकृत गर्ने गरी गरेको निर्णय नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२, १३, १९ तथा स्वास्थ्य सेवा ऐन, २०५३ को धारा ८ र ९ समेतको विपरीत भएकोले विपक्षी लोक सेवा आयोगको मिति २०७०।१०।९ को निर्णय उत्प्रेषणको आदेशले बदर गरी हामी निवेदकहरूलाई समेत समावेश गरी पुनः नतिजा प्रकाशन गर्नु भनी विपक्षीहरूका नाममा परमादेश जारी गरिपाउँ भन्नेसमेत व्यहोराको निवेदन दाबी।

यसमा निवेदकको मागबमोजिमको आदेश जारी हुनुपर्ने हो होइन? आदेश जारी हुनु नपर्ने भएमा सोको कारण र प्रमाणसहित बाटाको म्यादबाहेक १५ दिनभित्र महान्यायाधिवक्ताको कार्यालयमार्फत लिखित जवाफ पेस गर्नु भनी विपक्षीहरूका नाममा म्याद जारी गरी म्यादभित्र लिखित जवाफ पेस भए वा अवधि नाघेपछि नियमानुसार पेस गर्नू । साथै विपक्षी लोक सेवा आयोगको मिति २०७०।१०।९ को निर्णयबाट निवेदकलाई ज्यादै मर्का परेकोले सो निर्णय यस निर्णयको अन्तिम टुङ्गो नलागेसम्म कार्यान्वयन नगरी निवेदकहरूसमेतलाई समावेश गरी पुनः नतिजा प्रकाशन गर्नु भनी विपक्षीहरूका नाममा अन्तरिम आदेश जारी गरिदिएको छ भन्नेसमेतको यस अदालतको मिति २०७०।१२।३ को आदेश।

नेपाल स्वास्थ्य सेवा (पाँचौं संशोधन) अध्यादेश, २०६९ को दफा ८(३) मा "खुला प्रतियोगिताद्वारा पूर्ति हुने कुनै तहको पदमा समान तहका कर्मचारीले त्यस्तो परीक्षाको लागि निर्धारित योग्यता पुरा गरेको भएमा निजसमेत सो परीक्षामा सामेल हुन सक्नेछ" भन्ने व्यवस्था रहेको पाइन्छ । स्वास्थ्य सेवा नियमावलीमा आवश्यक संशोधन नभएको अवस्थामा सो कानूनी व्यवस्था लागू गर्न द्विविधा उत्पन्न भएको, लोक सेवा आयोग (कार्य सञ्चालन) निर्देशिका, २०६७ लागू भएपश्चात् निजामती सेवामा समान तहमा परीक्षा दिने व्यवस्था नरहेको अवस्थामा यस आयोगको मिति २०७०।१०।९ को बैठकबाट उम्मेदवार कार्यरत रहेको सेवा, समूह र तह सबै समान भएको हकमा सोही सेवा समूह र तहको पदमा उम्मेदवार हुन उपयुक्त हुने नभएकोले त्यस्ता उम्मेदवारहरूको नाम अन्तिम योग्यताक्रम सूचीमा समावेश नगरी अन्तिम नतिजा प्रकाशन गर्ने नीतिगत निर्णय भएको व्यहोरा अनुरोध छ । आयोगको उल्लिखित नीतिगत निर्णयका कारण स्वास्थ्य सेवामा समान तहमा परीक्षा दिन कुनै बाधा नभएको तर सेवा समूह र तह वा पद एउटै रहेको अवस्थामा त्यस्ता कर्मचारीलाई पुनः लोक सेवा आयोगको परीक्षामा उम्मेदवार भई परीक्षा दिनसम्म आयोगको निर्णयले निषेध गरेको हो । सेवा, समूह र समान तहमा परीक्षा दिने व्यवस्थाका सम्बन्धमा नीतिगत अस्पष्टताका साथै एउटै सेवा, समूह र तह वा पदको निमित्त पटक पटक परीक्षा दिँदा स्रोत साधन र जनशक्तिको अपव्यय हुने र उत्तीर्ण हुने उम्मेदवारले वैकल्पिक उम्मेदवारलाई पद मोलमोलाई गरी बेच्नेसम्मका गलत क्रियाकलापहरू व्यवहारमा देखिएको भनी आयोगसमक्ष पटकपटक आएका गुनासोसमेतलाई दृष्टिगत गरी आयोगबाट विवेकसम्मत निर्णय भएको हुँदा सो निर्णय बदर हुनुपर्ने होइन । विपक्षीको निवेदन मागबमोजिमको आदेश जारी हुने अवस्था नभएकोले रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत व्यहोराको लोक सेवा आयोग केन्द्रीय कार्यालयको लिखित जवाफ ।

निजामती सेवाको पदमा नियुक्तिका लागि उपयुक्त उम्मेदवार छनौट गर्न परीक्षा सञ्चालन गर्ने, अन्तिम नतिजा प्रकाशित गर्ने संवैधानिक निकाय लोक सेवा आयोग भएकोले निवेदकहरूको माग दाबीसम्बन्धमा यस विभागबाट कुनै पनि निर्णय भएको छैन । निवेदकहरूले निजहरूलाई लोक सेवा आयोगको निर्णयबाट मर्का परेमा सो कुरा खुलाई आयोगमा निवेदन दिएमा सुनुवाई हुन सक्ने कानूनी उपचारको मार्ग रहँदारहँदै सोको अवलम्बन नगरी रिट क्षेत्राधिकारअन्तर्गत दायर गरेको प्रस्तुत रिट निवेदन खारेजभागी छ । लोक सेवा आयोगले कानूनबमोजिम गरेको निर्णयलाई निवेदकले कानूनी आधारमा खण्डन गर्नुपर्नेमा सो नगरी निवेदन दिएको देखिन्छ । कानूनमा खुला प्रतियोगितात्मक परीक्षाको समान तहको पदमा भनिएको अर्थ कर्मचारी कार्यरत रहेको समूहको पदमा भन्दा फरक पदमा भन्ने स्पष्ट बुझिने नै हुँदा कानूनमा नै स्पष्ट उपचार र व्यवस्था भएको विषयमा सर्वोच्च अदालतको असाधारण अधिकारक्षेत्रअन्तर्गत दिएको रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत व्यहोराको स्वास्थ्य सेवा विभागको लिखित जवाफ ।

नियमबमोजिम पेसी सूचीमा चढी पेस हुन आएको प्रस्तुत रिट निवेदनमा निवेदकहरूका तर्फबाट उपस्थित विद्वान् अधिवक्ताहरू श्री शेरबहादुर के.सी. र श्री रामचन्द्र पौडेलले निवेदकहरू सहायक चौथो तहको अ.हे.व. पदबाट सहायक पाँचौ तहको पदमा स्तरवृद्धि भई कार्यरत रहेका छन् । स्वास्थ्य सेवा ऐन, २०५३ को दफा ८(३) बमोजिम समान तहको परीक्षामा सामेल हुन सक्ने भई निजहरूले सहायक पाँचौ तहको हे.अ.पदमा दरखास्त फाराम भरी लिखित परीक्षामा उत्तीर्ण भई अन्तरवार्तासमेत दिइसकेको अवस्थामा विपक्षी लोक सेवा आयोगले कानूनको गलत व्याख्या गरी समान सेवा समूहको पदमा सोही सेवा समूहमा कार्यरत व्यक्तिले परीक्षा दिन नमिल्ने भनी निवेदकहरूको नाम अन्तिम योग्यताक्रम सूचीमा समावेश नगर्ने गरी गरेको निर्णय त्रुटिपूर्ण हुँदा उत्प्रेषणको आदेशद्वारा बदर हुनुपर्दछ भनी र विपक्षीहरूका तर्फबाट उपस्थित

विद्वान् सहन्यायाधिवक्ता श्री रेवतीराज त्रिपाठीले लोक सेवा आयोगको निर्णयअनुसार स्वास्थ्य सेवाको समान तहमा परीक्षा दिन कुनै बाधा नभएको तर सेवा समूह र तह वा पद एउटै भएको अवस्थामा मात्र त्यस्ता कर्मचारीहरूलाई पुनः लोक सेवा आयोगको परीक्षामा उम्मेदवार भई परीक्षा दिनसम्म रोक लगाएको हुँदा निवेदन मागबमोजिमको आदेश जारी हुने अवस्था नभएकोले खारेज गरिपाउँ भनी बहस गर्नुभयो।

उपर्युक्तबमोजिम विद्वान् अधिवक्ताहरू र विद्वान् सहन्यायाधिवक्ताले गर्नुभएको बहस सुनी मिसिल कागजात अध्ययन गरी निवेदन मागबमोजिमको आदेश जारी हुने हो वा होइन भन्ने विषयमा निर्णय दिनुपर्ने देखिन आयो।

२. निर्णयतर्फ विचार गर्दा, निवेदकहरू स्वास्थ्य सेवाको सहायक चौथो तहबाट स्तरवृद्धि भई स्वास्थ्य सेवा, हे.ई. समूहको सहायक पाँचौ तहमा कार्यरत रहेकोमा निवेदकहरूमध्ये करिसिंह भुलले लोक सेवा आयोग, सुदूरपश्चिमाञ्चल क्षेत्रीय निर्देशनालय, दिपायलको विज्ञापन नं.२२१५/०६९-६० र २२१९/०६-७० मा र दिलबहादुर पुनले लोक सेवा आयोग, मध्यपश्चिमाञ्चल क्षेत्रीय निर्देशनालय, सुर्खेतको विज्ञापन नं.१७१७/०६९-७० को स्वास्थ्य सेवा, हे.ई. समूह पाँचौ तह, हेल्थ असिस्टेन्ट पदमा दरखास्त फाराम भरी लिखित परीक्षामा सामेल भएकोमा रिट निवेदक करिसिंह भुल विज्ञापन नं.२२१९/०६९-७० मा र निवेदक दिलबहादुर पुन विज्ञापन नं.१७१७/०६९-७० मा उत्तीर्ण भई अन्तरवार्तामा समेत सामेल भइसकेको अवस्थामा विपक्षी लोक सेवा आयोगले उम्मेदवार कार्यरत रहेको सेवा, समूह र तह सबै समान भएको हकमा सोही सेवा, समूह र तहको पदमा उम्मेदवार हुन उपयुक्त नहुने भएकोले त्यस्ता उम्मेदवारहरूको नाम अन्तिम योग्यताक्रम सूचीमा समावेश नगरी अन्तिम नतिजा प्रकाशन गर्ने भनी मिति २०७०।१०।९ मा निर्णय गरी सोही निर्णयअनुसार निवेदकहरूको नाम अन्तिम नतिजाको योग्यताक्रम सूचीबाट हटाइएको देखियो। लोक सेवा आयोगको उक्त निर्णय स्वास्थ्य सेवा ऐन, २०५३ को दफा ८(३) विपरीत रहेको हुँदा उत्प्रेषणको आदेशद्वारा बदर गरिपाउँ भन्ने नै रिट निवेदकहरूको मुख्य निवेदन दाबी रहेको देखिन्छ।

३. उपर्युक्तबमोजिम निवेदकहरू आफू कार्यरत रहेको समान सेवा, समूह (स्वास्थ्य सेवा, हे.ई. समूह) पाँचौ तहको हेल्थ असिस्टेन्ट पदको लोक सेवा आयोगबाट सञ्चालित लिखित परीक्षामा उत्तीर्ण भई अन्तरवार्तामा सामेल भइसकेको कुरामा विवाद रहेन। विपक्षी लोक सेवा आयोग, केन्द्रीय कार्यालयले आफ्नो लिखित जवाफमा स्वास्थ्य सेवा ऐन, २०५३ को दफा ८(३) मा गरिएको कानूनी व्यवस्थाबमोजिम स्वास्थ्य सेवा नियमावलीमा आवश्यक संशोधन नभएकोले सो कानूनी व्यवस्था लागू गर्न द्विविधा उत्पन्न भएको र लोक सेवा आयोग (कार्य सञ्चालन) निर्देशिका, २०६७ लागू भएपश्चात निजामती सेवामा समान तहमा परीक्षा दिने व्यवस्था नरहेको हुँदा आयोगको मिति २०७०।१०।९ को बैठकबाट उम्मेदवार कार्यरत रहेको सेवा, समूह र तह सबै समान भएको हकमा सोही सेवा, समूह र तहको पदमा उम्मेदवार हुन उपयुक्त नहुने भएकोले त्यस्ता उम्मेदवारको नाम अन्तिम योग्यताक्रम सूचीमा समावेश नगरी अन्तिम नतिजा प्रकाशन गर्ने नीतिगत निर्णय भएअनुसार निवेदकहरूको नाम अन्तिम योग्यताक्रम सूचीमा समावेश नगरी परीक्षाफल प्रकाशित गरिएको भन्ने व्यहोरा उल्लेख भएको देखिन्छ।

४. निवेदकहरूले आफ्नो हकको स्रोतको भनी उल्लेख गरेको नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को दफा ८(३) मा रहेको कानूनी व्यवस्था हेर्दा "खुला प्रतियोगिताद्वारा पूर्ति हुने कुनै तहको पदमा समान तहका कुनै कर्मचारीले त्यस्तो परीक्षाको लागि निर्धारित योग्यता पुरा गरेको भएमा निजसमेत सो परीक्षामा सामेल हुन सक्नेछ" भन्ने उल्लेख भएको देखिन्छ। उक्त कानूनी व्यवस्थाअनुसार कुनै तहमा कार्यरत कुनै कर्मचारीले निर्धारित योग्यता पुरा गरेको भएमा आफू कार्यरत रहेको समान तहको पदको खुला प्रतियोगितात्मक परीक्षामा सामेल हुन सक्ने देखियो।

सो कानूनी व्यवस्थाले आफू कार्यरत रहेको सेवाको अर्को समूहको समान तहको पदमा मात्र परीक्षा दिन पाउने तथा आफू कार्यरत रहेको सेवा, समूहको समान तहको पदमा परीक्षा दिन नपाउने गरी बन्देज लगाएको देखिँदैन।

५. राज्यका हरेक निकायहरूले आफूबाट भएका हरेक काम कारवाही र निर्णयको कानूनी आधार देखाउन सक्नु पर्ने हुन्छ, देखाउन नसके त्यस्ता काम कारवाही र निर्णयले वैधता प्राप्त गर्न सक्दैन। कानूनद्वारा सृजित व्यक्तिको अधिकारमा आघात पुग्ने गरी मनोगत र स्वेच्छाचारी (Arbitrary) किसिमले निर्णय गर्नु हुँदैन। कुनै कानूनद्वारा सृजित व्यक्तिको अधिकारलाई सो कानूनअन्तरगत बनेको नियम वा कुनै नीतिगत निर्णयका आधारमा खोस्न वा कुनै सीमा बन्देज लगाउन मिल्दैन। कानूनद्वारा निर्धारित पूर्वसर्तहरू पूरा भएको अवस्था भएमा सोबमोजिम गरिदिनु प्रत्येक निकायको दायित्व हुन जान्छ। विपक्षी लोक सेवा आयोगले एउटै सेवा, समूह र तह वा पदका निमित्त पटकपटक परीक्षा दिन पाउने व्यवस्थाले स्रोत साधन र जनशक्तिको अपव्यय हुने तथा उत्तीर्ण हुने उम्मेदवारले वैकल्पिक उम्मेदवारलाई पद मोलमोलाई गर्ने गरेको गुनासोसमेतलाई दृष्टिगत गरी विवेकसम्मत निर्णय गरिएको भनी मनोगत कुरा उल्लेख गरी आफ्नो निर्णयको बचाउमा जिकिर लिएको देखिन्छ, तर आफ्नो निर्णयको कानूनी आधार उल्लेख गर्न सकेको देखिँदैन। यसप्रकार स्वास्थ्य सेवा ऐनले आफू कार्यरत रहेको सेवा, समूहको समान तहको पदको परीक्षामा सामेल हुन नपाउने भनी स्पष्टरूपमा बन्देज नलगाएको अवस्थामा आफू कार्यरत रहेको सेवाको अर्को समूहको समान तहमा मात्र परीक्षा दिन पाउने भनी मनोगत अर्थ गर्न मिल्ने नहुँदा सो सम्बन्धमा विपक्षी लोक सेवा आयोगले लिएको जिकिर सन्तोषजनक र कानूनसम्मत रहेको देखिएन।

६. रिट निवेदकहरूले स्तरवृद्धिका माध्यमबाट नियुक्ति हुने र खुला प्रतियोगिताबाट नियुक्ति हुने कर्मचारीहरूको बिचमा वृत्ति विकासका अवसरहरू फरक हुने भएकोले लोक सेवा आयोगले आफूहरूलाई खुला प्रतियोगिताबाट नियुक्ति हुन रोक लगाउने गरी गरेको निर्णयबाट आफूहरूलाई मर्का पर्न गएको भन्नेसमेत जिकिर लिएको सन्दर्भमा स्तरवृद्धि र खुला प्रतियोगिताबाट नियुक्ति हुने प्रक्रियामा अन्तर भई जिम्मेवारी वितरण गर्ने हिसाबले पनि निवेदकहरूले आफ्नो वृत्तिविकासको मार्ग पहिल्याउन नपाउने भन्न मिल्ने पनि हुँदैन।

७. तसर्थ स्वास्थ्य सेवा ऐन, २०५३ को दफा ८(३) ले निर्धारित योग्यता भएमा आफू कार्यरत रहेको समान तहको पदमा परीक्षा दिन बाधा नहुने व्यवस्था भएको आधारमा निवेदकहरू विज्ञापित पदको लिखित परीक्षामा सामेल भई उक्त परीक्षा उत्तीर्ण गरी अन्तर्वार्तामा समेत सामेल भएकोमा निवेदकहरूको नाम अन्तिम योग्यताक्रम सूचीमा समावेश नगर्ने भनी विपक्षी लोक सेवा आयोगबाट मिति २०७०।१०।९ मा भएको निर्णय स्वास्थ्य सेवा ऐन, २०५३ को दफा ८(३) विपरीत रहेको देखिँदा उक्त निर्णय उत्प्रेषणको आदेशद्वारा बदर हुने ठहर्छ। अब निवेदकहरू लिखित परीक्षामा उत्तीर्ण भई अन्तर्वार्तामा सामेल भएका विज्ञापन नम्बरहरूमा रिट निवेदकहरूको नामसमेत योग्यताक्रम सूचीमा समावेश गरी अन्तिम नतिजा प्रकाशन गर्नु गराउनु भनी विपक्षी लोक सेवा आयोग केन्द्रीय कार्यालय र क्षेत्रीय कार्यालयहरूका नाममा परमादेश जारी गरिदिएको छ। यो आदेशको जानकारी महान्यायाधिवक्ताको कार्यालयमार्फत विपक्षीहरूलाई दिई प्रस्तुत रिट निवेदनको दायरीको लगत कट्टा गरी नियमानुसार मिसिल बुझाइदिनू।

उक्त रायमा सहमत छु।
न्या. जगदीश शर्मा पौडेल

इजलास अधिकृत : सन्तोषप्रसाद पराजुली
इति संवत् २०७२ साल मङ्सिर १३ गते रोज १ शुभम्।

## निर्णय नं.९५५९

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री कल्याण श्रेष्ठ
माननीय न्यायाधीश श्री गोविन्दकुमार उपाध्याय
फैसला मिति : २०७१।१०।४।१

मुद्दा : धितो रहेको जग्गा गैरकानूनीरूपमा फुकुवा गरी भ्रष्टाचार गरेको ।

२०६६–CR–०२७३
पुनरावेदक / प्रतिवादी : काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. ९ बत्तिसपुतली बस्ने उग्रसेनको छोरा शिवकुमार अग्रवाल
विरूद्ध
प्रत्यर्थी / वादी : अनुसन्धान अधिकृत विनोदकुमार गौतमको प्रतिवेदनले नेपाल सरकार

२०६६–CR–०२७४
पुनरावेदक / प्रतिवादी : काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. ९ बत्तिसपुतली बस्ने शिवकुमार अग्रवालको छोरा नरेश अग्रवाल
विरूद्ध
प्रत्यर्थी / वादी : अनुसन्धान अधिकृत विनोदकुमार गौतमको प्रतिवेदनले नेपाल सरकार

२०६६–CR–०४५४
पुनरावेदक / प्रतिवादी : गौरीदत्त जोगाइको नाति ऋषिकेश जोगाइको छोरा काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. २१ भोटेबहाल बस्ने गोपाल पि. जोगाई
विरूद्ध
प्रत्यर्थी / वादी : अनुसन्धान अधिकृत विनोदकुमार गौतमको प्रतिवेदनले नेपाल सरकार

- **मतियारको सम्बन्धमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ मा "यस ऐनमा अन्यत्र छुट्टै व्यवस्था भएकोमा बाहेक यस ऐनअन्तर्गत सजाय हुने कुनै कसुरको मतियारलाई त्यस्तो कसुर गर्ने राष्ट्रसेवक वा अन्य कुनै व्यक्तिलाई हुने सजायको आधा सजाय हुनेछ । तर कसुर गर्ने राष्ट्रसेवक वा अन्य कुनै व्यक्तिलाई त्यस्तो कसुर गरेबापत नगदी, जिन्सी वा अन्य कुनै सुविधा वा लाभ उपलब्ध गराई दिने वा आफूले लिने मतियारलाई कसुर गर्ने व्यक्तिसरह नै सजाय हुनेछ" भन्ने व्यवस्था रहेको अवस्थामा जुन कामको लागि जग्गा धितो राखेको हो सो काम नै सम्पन्न नभइसक्दैको अवस्थामा त्यसरी धितोमा राखेको जग्गा फुकुवा हुन सक्दैन । सो कुरा जान्दाजान्दै प्रतिवादी शिवकुमार अग्रवालले जग्गा फुकुवा गर्न विभिन्न व्यक्तिहरूलाई परिचालन गरेको भन्ने कुरा निजकै स्वीकारोक्तिबाट पुष्टि भएको देखिन्छ । यिनै विश्लेषित आधार एवं कारणबाट गैरकानूनी जग्गा फुकुवा गर्ने कार्यमा निजको सहयोगीको भूमिका रहेको पुष्टि भएकोले निजलाई मतियारमा सजाय गरेको विशेष अदालत, काठमाडौंको मिति २०६६।३।१५ को फैसलालाई अन्यथा भन्न नमिल्ने ।**

(प्रकरण नं.५)

- **गैरकानूनी कार्यको परिणामस्वरूप प्राप्त हुने लाभ पनि गैरकानूनी नै हुने हुन्छ । विवादित जग्गा गैरकानूनी तरिकाले फुकुवा गराउन निजको संलग्नताको पुष्टि नभएको भएपनि त्यस्तो जग्गा आफनो नाममा हा.ब. लिई अर्कैलाई बिक्री गरी बिगो रू. ५३,३७,५००।- (त्रिपन्न लाख सैंतिस हजार पाँच सय रूपैयाँ) गैरकानूनी लाभ**

**लिएकोमा विवाद नदेखिँदा जग्गा फुकुवा गराउने कार्यमा आफ्नो संलग्नता पुष्टि नभएकाले बिगो तिर्न नपर्ने भन्ने प्रतिवादी नरेश अग्रवालको पुनरावेदन जिकिर मनासिब देखिँदैन । आफूले विवादित जग्गा बिक्री गरी नगद लाभ लिएको कुरामा स्वीकारै गरी अन्य जग्गा धितो राख्नसमेत मन्जुरी जनाएको तथ्यबाट निजले विवादित जग्गाको बिक्रीबाट गैरकानूनी लाभ लिएको भन्ने कुरा प्रमाणित भएकोले त्यसरी लाभ लिएको बिगो रकम रू. ५३,३७,५००।- (त्रिपन्न लाख सैंतिस हजार पाँच सय रूपैयाँ) निजबाट काठमाडौं महानगरपालिकाले भराई लिन पाउने गरी विशेष अदालत, काठमाडौंले गरेको फैसलालाई अन्यथा भन्न नमिल्ने ।**

(प्रकरण नं.१०)

पुनरावेदक / प्रतिवादीका तर्फबाट : वरिष्ठ विद्वान् अधिवक्ता बद्रिबहादुर कार्की र विद्वान् अधिवक्ता नरेन्द्रकुमार के.सी.

प्रत्यर्थी / वादीका तर्फबाट : विद्वान् उपन्यायाधिवक्ता शंकरबहादुर राई

अवलम्बित नजिर :

सम्बद्ध कानून :

- भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२

सुरू फैसला गर्ने अदालत :

माननीय न्यायाधीश श्री गौरीबहादुर कार्की
माननीय न्यायाधीश श्री भोलाप्रसाद खरेल
माननीय न्यायाधीश श्री ओमप्रकाश मिश्र

फैसला

**न्या.कल्याण श्रेष्ठ :** विशेष अदालत, काठमाडौंको मिति २०६६।०३।१५ को फैसलाउपर विशेष अदालत ऐन, २०५९ को दफा १७ बमोजिम यस अदालतसमक्ष पुनरावेदन पर्न आएको प्रस्तुत मुद्दाको सङ्क्षिप्त तथ्य र ठहर देहायबमोजिम छ :

**तथ्य खण्ड**

आवश्यक कारवाहीको सक्कल फायल पठाएको भन्ने काठमाडौं महानगरपालिकाको पत्र

चुंगिकर रकम असुलीको क्रममा व्यक्तिको धितो लिएको जग्गा अनाधिकाररूपमा फुकुवा भई महानगरपालिकालाई हानि नोक्सानी पुग्न गएको सन्दर्भमा आवश्यक कारवाहीका लागि अख्तियार दुरूपयोग अनुसन्धान आयोग (यसपछि आयोग मात्र भनिनेछ) लाई प्रेषित गरी सक्कल फाइल पठाएकोसम्बन्धी पत्र ।

**केशव स्थापितले अधिकार प्राप्त अधिकारीसमक्ष गरेको बयान कागज**

म काठमाडौं महानगरपालिकाको प्रमुख पदमा कार्यरत रहेको थिएँ । काठमाडौं महानगरपालिकाको मूल आयस्रोत चुंगिकर नै हो । सागरप्रसाद वाग्लेलाई नियुक्ति गरिँदा पदपूर्ति समितिको अध्यक्षसमेत प्रमुख (मेयर) नै रहने व्यवस्था हुँदा पदपूर्ति समितिबाट सामान्य प्रक्रियाअनुसार अनुमोदन गरी निजलाई नियुक्ति दिइएको हो । काठमाडौं महानगरपालिकाको सर्वोच्च अङ्ग भनेको नगर परिषद् हो । परिषद्बाटै नीति, नियम बजेट आदि पारित गर्ने निर्णय भएपछि बोर्डले सोअनुसार कार्य गर्ने हो । बोर्डको निर्णयलाई कार्यान्वयन गर्ने मात्र मेरो जिम्मेवारी हुन्थ्यो । सागरप्रसाद वाग्लेबाट असुल गर्नुपर्ने रकम असुल गर्ने बारेको आयोगको मिति २०५६।४।११ को निर्णयअनुसारको पत्र प्राप्त भएपछि बोर्डमा छलफल भएको र चुंगीकरको सम्पूर्ण प्रकरण छानबिन गरी सोहीअनुसार गर्ने भनी उपप्रमुखको संयोजकत्वमा ३ सदस्यीय समिति बनाउने निर्णय भएपछि बोर्ड बैठकको सर्वोच्चतालाई कदर गर्दै रिपोर्ट नआएसम्म पर्खनु मेरो बाध्यता भएकोले तत्काल आयोगको निर्णय कार्यान्वयन नभएको हो ।

**सागरप्रसाद वाग्लेले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान कागज**

म ब्राइटर टुथपेस्ट इन्डस्ट्रिज प्रा.लि. मा काम गर्ने हुँदा प्रकाश टिवडेवालासँग चिनजान भयो। प्रकाश टिवडेवालाको तत्कालीन मेयर केशव स्थापितसँग राम्रो सम्बन्ध भएकोले मेरो पनि केशव स्थापितसँग परिचय भयो । मैले प्रकाश टिवडेवालालाई जागिरको लागि अनुरोध गरेको थिएँ, उहाँले केशव स्थापितसँग कुराकानी गरी नगरपालिकामा जागिर खुवाउने कुरा भई केशव स्थापितले निवेदन देउ भन्नुभयो र मैले निवेदन दिएँ । निवेदन दिएपश्चात् चुंगिकरको बलम्बु डिपोमा प्रमुखको काम गर्न ग्यारेन्टी दिनुपर्दछ भनेकोले सो कुरा प्रकाश टिवडेवालालाई भनी उहाँले नै पिस्तादेवी अग्रवालको र डिल्लीप्रसाद दाहालको जग्गा धितो राखी मिति २०५४।७।२९ मा मलाई नियुक्ति गर्ने निर्णय गरियो र २०५४ मार्ग १ देखि २०५५।३।३२ सम्म बलम्बु डिपोमा खटिई चुंगीकर असुलउपर गर्ने काम गरे। चुंगिकर असुलउपर गर्न निश्चित अंक किटान गरिएको थियो । मैले नगरपालिकाको नगद, जिन्सी बरबुझारथ गरेको छु। पिस्तादेवी अग्रवालको जग्गा के कसरी फुकुवा भयो मलाई थाहा छैन।

**प्रतिवादी नरेश अग्रवालले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान**

मेरो हजुरआमा पिस्तादेवी अग्रवालको नाममा रहेको जग्गा मेरो बुबा शिवकुमार अग्रवालको साथी सागरप्रसाद वाग्लेलाई ६ महिनाको लागि धितो राख्न दिइएको थियो। निजलाई जग्गा दिनुको कारण वहाँको केरियरको लागि मद्दत गर्नु थियो। सागरप्रसाद वाग्लेले करिब ३९ करोडको ठेक्का लिनुभएको थियो। चुंगीकर ठेक्काबापत हजुरआमा पिस्तादेवी अग्रवालको नाममा दर्ताको का.जि.का.म.न.पा. वडा नं. २९(क) कि.नं. ३३९ क्षेत्रफल १-२-०-० जग्गा धितो जमानत दिएको र उक्त जग्गा फुकुवा गर्नको लागि हजुरआमाको तर्फबाट नगरपालिकामा निवेदन दिएका थियौं। त्यस निवेदनलाई समय समयमा फलोअप गर्दा मात्र जग्गा फुकुवा भएको थियो । निवेदन दिने काम वकिलले गरेका थिए । जग्गा फुकुवा भएको सूचना वकिल वा अन्य फलोअप गर्ने मान्छेबाट मौखिक आएको थियो । जग्गा फुकुवा गराउने व्यक्ति रामकृष्ण श्रेष्ठ र गोपाल जोगाई हुन् । केही दिनपछि मालपोतमा बुझ्दा जग्गा फुकुवा भएको थाहा पाइयो । जग्गा फुकुवा भएपछि त्यो जग्गा घर सल्लाहअनुसार मेरो नाममा राखी पछि जनहित संरक्षण मञ्च पुतलीसडकलाई बिक्री गरिएको हो।

**प्रतिवादी उग्रसेन अग्रवालले अधिकारप्राप्त समक्ष गरेको बयान**

म र मेरो परिवारकै सदस्यको सागरप्रसाद वाग्लेसँग चिनजान तथा कारोबार छैन । आर्थिक वर्ष २०५४।०५५ मा काठमाडौं महानगरपालिकाले चुंगीकर आफैँ उठाउन सागरप्रसाद वाग्लेलाई नियुक्ति गरेकोमा निजलाई धितो जमानी दिनका लागि प्रकाश टिवडेवालाले मलाई चुंगिकर असुली गर्ने काम पछाडि बसेर म आफैँ गर्दै छु तपाइँले धितो जमानी दिन जग्गाको सहयोग गरिदिनुहोस् भनेको हुँदा मैले पनि निज प्रकाश टिवडेवालामाथि विश्वास गरी मेरो पत्नी पिस्तादेवी अग्रवाल नाममा रहेको काठमाडौं जिल्ला महानगरपालिका वडा नं. २९(क) कि.नं. ३३९ क्षेत्रफल १-२-०-० जग्गा धन जमानी दिएको हो । प्रकाश टिवडेवाला र काठमाडौं महानगरपालिकाका मेयर केशव स्थापितबिच घनिष्ठ सम्बन्ध रहेकोले दुवैजनाको मिलेमतोमा यो काम भएको हो । प्रकाश टिवडेवालासँग उक्त जग्गा फुकुवाका लागि बारम्बार सम्पर्क गरेका थियौं र निजले कुनै पनि सन्तोषजनक जवाफ दिएनन् । महानगरपालिकामा जग्गा फुकुवाका लागि मौखिकरूपमा केशव स्थापितसँग कुरा गरेको थिएँ । प्रकाश टिवडेवालासँगको केशव स्थापितको दोस्ती भएकोले फुकुवा गराइदेउ भनेको थिएँ। जग्गा ६ महिनाको लागि धरौटी दिएकोमा ६ वर्ष भइसकेको हुँदा जग्गा फुकुवा गराएको हो।

**प्रतिवादी पिस्तादेवी अग्रवालको अधिकारप्राप्त अधिकारीसमक्षको बयान**

काठमाडौं महानगरपालिका वडा नं. २९ (क) कि.नं. ३३९ क्षेत्रफल १-२-०-० जग्गा मेरो नामको हो, उक्त जग्गा छोराहरू तथा घर परिवारको सल्लाहमा सागरप्रसाद वाग्ले भन्ने व्यक्तिलाई जागिर खाने क्रममा जमानी लेखी दिनुहोस् भनेको हुँदा घरमा नै जमानी कागजमा सही गरी दिएकी थिएँ । निज सागरप्रसाद वाग्लेसँग छोरा शिवकुमार अग्रवालको चिनजान छ । छोराहरूको सल्लाहमा सागरप्रसाद वाग्लेका हकमा सामान्य कागज गरी जग्गा दिएको थियो । निजको जागिर पुरा भइसकेपछि सुरेन्द्र लामालाई वारेस लिई फुकुवाको लागि कारवाही अगाडि बढाएको हो । के कसरी जग्गा फुकुवा भयो मलाई थाहा छैन । मेरो नामको जग्गा सागरप्रसाद वाग्लेका नाममा धितो जमानी दिँदा काठमाडौं महानगरपालिकामा पेस गरेको थियो । उक्त जग्गा ५३ लाखमा बिक्री भएको हो ।

**प्रतिवादी शिवप्रसाद अग्रवालको अधिकारप्राप्त अधिकारीसमक्षको बयान**

प्रकाश टिवडेवालामार्फत सागरप्रसाद वाग्लेसँग परिचय भएको हो । निज वाग्लेसँग मेरो कुनै कारोबार छैन । प्रकाश टिवडेवालाले सागरप्रसाद वाग्लेलाई काठमाडौं महानगरपालिकामा जागिरको लागि जग्गा धितो चाहिएको भनी धितो प्रयोजनको लागि अनुरोध गरेको हुँदा प्रकाश टिवडेवालाको विश्वासमा जग्गा धितो दिएको हो । जग्गा फुकुवा गर्न गोपाल जोगाइलाई जिम्मा दिइएको थियो । मेरो पसल त्रिपुरेश्वरमा र वहाँको घर भोटेबहालमा छ । गोपालजीले मेरो चिनजानका मानिस छन् म फुकुवा गराइदिनसक्छु भनेकोले विश्वास गरेको हुँ । हाम्रो सल्लाह भएको करिब ४/५ महिनामा जग्गा फुकुवा भयो । के कसरी जग्गा फुकुवा भयो मलाई थाहा छैन । गोपाल जोगाइबाहेक अन्य कुनै व्यक्तिसँग जग्गा फुकुवाको लागि भेट भएको थिएन । आयोगमा उपस्थित भएर निज गोपाल जोगाइले मलाई चिन्दिन भनेको कुरा झुठ बोलेको हो । अधिवक्ता सीताराम के.सी. मार्फत पनि जग्गा फुकुवाको लागि काठमाडौं महानगरपालिकामा निवेदन दिएको हो । काठमाडौं महानगरपालिकाबाट केही पनि जवाफ नपाएपछि कारवाही अगाडि बढाइएन । निवेदन दिने कार्य हुलाकमार्फत पनि भएको थियो । काठमाडौं महानगरपालिकाबाट जवाफ प्राप्त भएको भए अदालत जाने कुरा भएको थियो ।

**ज्ञानेन्द्र कार्कीको अधिकारप्राप्त अधिकारीसमक्षको बयान**

पिस्तादेवी अग्रवालको नाममा दर्ता रहेको उक्त जग्गा मलाई झुक्यानमा पारी वा अन्य कुनै व्यहोराले मेरो हस्ताक्षर प्रयोग गरी फुकुवा गरेको हुन सक्नेमा शङ्का लागेको छ । यसमा मैले सम्झेसम्म मबाट त्यस्तो निर्णय भएको वा कारवाही उठाएको र अनधिकृतरूपमा त्यस्तो जग्गा फुकुवा गरेको छैन । त्यस बखतमा कार्यरत प्रमुख तथा कार्यकारी अधिकृत शिवभक्त शर्मा मात्र निर्णय गर्ने अधिकारी भएकोले निजले निर्णय नगरी मैले पत्राचार गर्न मिल्दैन थियो ।

**शिवभक्त शर्माले अधिकारप्राप्त अधिकारीसमक्ष दिएको बयान**

म शिवभक्त शर्मा २०५९ साल साउन १ गतेदेखि २०५९ माघ १५ गतेसम्म र २०६० साल वैशाखको दोस्रो हप्तादेखि २०६० साउन ७ गतेसम्म दुई पटक गरी लगभग ९ महिना काठमाडौं महानगरपालिकाको प्रमुख तथा कार्यकारी अधिकृतको पदमा कार्यरत् रहेको थिएँ । उक्त पदमा रहँदा मिति २०६०।३।२६ मा पिस्तादेवी अग्रवालको नाममा दर्ता रहेको काठमाडौं महानगरपालिका वडा नं. २९(क) कि.नं. ३३९ क्षेत्रफल १२०० जग्गा बेरीतपूर्वक फुकुवा भएको विषयमा के हो थाहा छैन । यससम्बन्धमा मैले कुनै निर्णय पनि गरेको छैन । यस्तो निर्णय गर्ने अधिकार नगरपालिका बोर्डको हो ।

**प्रतिवादी गोपाल जोगाइले अधिकारप्राप्त अधिकारीसमक्ष दिएको बयान**

शिवकुमार अग्रवालले मलाई किटानसाथ जग्गा फुकुवा गराउन जिम्मा दिएको थिएँ भनेको कुरा मलाई थाहा छैन । मेरो नाम किटान गरेर भ्रष्टाचारीहरूको उम्कने उपाय पनि हुन सक्छ । मलाई थाहा भएअनुसार उनीहरूको सरोकार एकजना वकिल वा लेखनदास श्री हरिकृष्ण श्रेष्ठसँग छ, हरिकृष्ण श्रेष्ठलाई म राम्ररी चिन्दछु । यस विषयमा उनीहरूले मलाई आफ्नो गेस्टहाउसमा करिब १ वर्षअघि बोलाएर सोधेका पनि थिए । यो वकिलले हामीलाई आर्थिक तवरले डुबाइदियो । तसर्थ हामीलाई सहयोग गरेर उक्त व्यक्तिलाई भेटाइदिनुस् भनेका थिए । मैले त्यस वकिललाई खोजेर जसरी भएपनि ल्याइदिन्छु भनी हिँडे तर पत्ता लगाउन सकिन । हरिकृष्ण श्रेष्ठले नै यो भ्रष्टाचार गरेको हुन सक्दछ ।

**अधिवक्ता सुरेन्द्र बहादुर लामाको अधिकारप्राप्त अधिकारीसमक्षको बयान**

प्रिमियम ल फर्ममा सहयोगीको रूपमा करिब ३ वर्ष काम गरेँ। सोही अवधिमा पिस्तादेवी अग्रवालको काठमाडौं महानगरपालिकाबाट रोक्का राखेको जग्गा फुकुवा गर्न मलाई पिस्तादेवीको वारेस बस्नु भनेकोले निजको वारेस भई रोक्का जग्गा फुकुवा गरिपाउँ भनी दुईवटा निवेदन म आफैँले मस्यौदा गरी हुलाकबाट महानगरपालिकाको ठेगानामा रजिस्ट्री गरी पठाएको र सो पोस्ट गरी पठाएको चिठ्ठीउपर नगरपालिकाको कुनै जवाफ नआएकोले पछिल्लो पटक २०५८ सालको सुरूतिर म सिताराम के.सी. को निर्देशनबमोजिम रोक्का फुकुवाको निवेदन नगरपालिकामा दर्ता गर्न जाँदा कार्यकारी अधिकृतले दर्ता गर्न र दरपिठ दुवै गर्न अस्वीकार गर्नु भयो । पछि हाम्रो कार्यालय (ल फर्म) बाट पिस्तादेवीको जग्गा फुकुवा गर्न नसकेको भनी निज शिवकुमार अग्रवालले सो मुद्दासँग सम्बन्धित फाइल मागी फिर्ता लगेको थियो । उक्त जग्गा पछि के कसरी फुकुवा भयो मलाई कुनै जानकारी छैन ।

**अधिवक्ता सीताराम के.सी.को अधिकारप्राप्त अधिकारीसमक्षको बयान**

पिस्ता देवी अग्रवालको रोक्का रहेको जग्गा फुकुवा गरिदिनको लागि मेयरलाई सम्बोधन गरी निवेदन लेखिदिन आग्रह गरेअनुसार उहाँले टिपाएको इन्फरमेसन लिई सोबमोजिमको निवेदन मेरो अफिसको वारेस भाइबाट तयार भएको हो । कानून व्यवसायीको हैसियतले पक्षले दिएको जानकारीअनुसार निवेदन तयार पारिएको हो । रोक्का रहेको जग्गा फुकुवा गर्ने निवेदन दर्ता भयो वा भएन वारेस भाई सुरेन्द्रबहादुर लामालाई थाहा होला । मैले शिवकुमार अग्रवाललाई महानगरपालिकाबाट जवाफ आएपछि अदालत जाउँला भनेको हो । पिस्तादेवी अग्रवालको नाममा रहेको जग्गा फुकुवा भएको बारेमा मलाई केही जानकारी छैन ।

**विदुरप्रसाद मैनालीको अधिकारप्राप्त अधिकारीसमक्षको बयान**

सागरप्रसाद वाग्लेलाई शाखा अधिकृत पदमा अस्थायी नियुक्ति गरी बलम्बु डिपोबाट चुंगिकर उठाउने जिम्मेवारी दिन काठमाडौं महानगरपालिका बोर्डबाट कुनै निर्णय भएको मलाई थाहा छैन । आयोगको निर्णय आएपछि र तत्कालीन परिस्थितिमा सञ्चार माध्यमहरूबाट चुंगीकरका सम्बन्धमा उठेका कुराहरूका सन्दर्भमा जनप्रतिनिधिद्वारा दबाब दिइएपछि उक्त छानबिन समिति गठन भएको थियो । काठमाडौं महानगरपालिका बोर्डले सोसम्बन्धमा मेरो संयोजकत्वमा गठन गरेको छानबिन समितिले अध्ययन पुरा नै भइ नसकेकोले अनियमितताको सन्दर्भमा प्रतिवेदन पेस गरेको थिएन ।

**सूर्यप्रसाद सिलवालले अधिकारप्राप्त अधिकारीसमक्षको बयान**

म २०५६ साल साउन भदौतिर देखि २०५९ साल असार मसान्तसम्म कार्यकारी प्रमुख पदमा कार्यरत् रहेँ । सागरप्रसाद वाग्लेबाट असुल गर्नु पर्ने रकम असुली गर्नेतर्फ उपमेयर विदुरप्रसाद मैनालीको

संयोजकत्वमा गठित छानबिन समितिको प्रतिवेदन प्राप्त हुनासाथ धितोमा रहेको जग्गाबाट असुलउपर गर्ने व्यहोराको पत्र पठाई आयोगलाई अवगत गराइएको थियो । म काठमाडौं महानगरपालिकामा कार्यरत रहँदासम्म उक्त समितिले प्रतिवेदन पेस गरेको थिएन ।

**जनहित संरक्षण मञ्चको तर्फबाट प्रकाशमणि शर्माले अधिकारप्राप्त अधिकारीसमक्षको बयान**

जनहित संरक्षण मञ्च गैर सरकारी संस्था हो । यस मञ्चले २०६०।५।२५ मा काठमाडौं महानगरपालिका साबिक वडा नं. २९(क) कि.नं. ३३९ क्षेत्रफल १-२-०-० को जग्गा नरेश अग्रवालसँग रू. ५३,३७,५००।- मा खरिद गरेको हो । मञ्चले आफ्नो कार्यालय भवन निर्माणका लागि जग्गाको आवश्यकता भनी विज्ञापन प्रकाशन गरेको थियो । सोही विज्ञापनको आधारमा कोटेश्वर निवासी राजु नेपालले उक्त जग्गा देखाउँदा उचित लागी खरिद गरिएको हो । मालपोत कार्यालयमा बुझ्दा रोक्का नभएको भनी सम्बन्धित फाँटबाट लेखिएपछि मात्र मालपोत कार्यालयबाट मञ्चको नाममा जग्गा पारित भएको हो ।

**मालपोत अधिकृत छुपेन्द्रमणि के.सी. ले अधिकारप्राप्त अधिकारीसमक्षको बयान**

यस आयोगबाट देखाइएको च.नं. २८० मिति २०६०।३।२६ को का.म.न.पा. कार्यालयको पत्रको शिरमा रोक्का फाँट आ.का. भनी तोक मैले लगाएको हुँ । फुकुवाको लागि सम्बन्धित कार्यालयबाट पत्र प्राप्त हुन आएपछि सो पत्रमा उल्लेख भएको च.नं. र मिति मिल्छ कि मिल्दैन सोको आधारमा मिलेमा फुकुवा गरिन्छ । सम्बन्धित कार्यालयमा सोधपुछ गर्ने प्रचलन छैन । सम्बन्धित कार्यालयसँग सोधपुछ गरी फुकुवा कारवाही गर्न कार्यबोझको आधारमा सम्भव पनि छैन । पत्र दर्ता नभएकोसम्बन्धमा कार्यालयमा ज्यादै भिडभाड हुने र सो भिडभाडमा नै दैनिक कार्य सम्पन्न हुने हुँदा केही पत्रहरू दर्ता गर्न छुट पनि हुन सक्ने हुँदा सोही कारणबाट उक्त पत्र दर्ता नभएको हुनसक्छ । उक्त पत्र हुलाकमार्फत आएको भए खामसमेत हुनुपर्नेमा सो नभएकोले व्यक्तिमार्फत आएको हुनु पर्दछ । मालपोत कार्यालयमा दैनिक सयौंको मानिसहरू आउने हुँदा मानिस चिन्न सकिन्न ।

**प्रतिवादी शेरबहादुर कटुवालले अधिकारप्राप्त अधिकारीसमक्षको बयान**

म २०५१ सालदेखि काठमाडौं महानगरपालिकामा वित्त विभागमा पियन पदमा कार्यरत छु । वित्त विभागसँगै मूल दर्ता चलानी शाखा पनि रहेकोले त्यस शाखामा काम गर्ने अनिल सिंह धामी सरले चिठ्ठी पत्र दर्ता चलानी हेर्नु भन्नुहुन्थ्यो । कहिलेकाँहि मलाई दर्ता चलानी गर्न लगाएर आफू अन्तै जानुहुन्थ्यो । आयोगबाट देखाइएको प.सं. ०५९।०६० च.नं. २८० मिति २०६०।३।२६ को मालपोत कार्यालय, डिल्लीबजारलाई रोक्का फुकुवा गरिएको बारे लेखिएको पत्रमा उल्लिखित पत्र संख्या ०५९।०६० च.नं. २८० मैले लेखेको हो । सो पत्र हेरी सनाखत गरिदिएँ । अनिल सिंह धामी सरले अह्राएर यो काम गरेको हो । चिठ्ठी चलानी गरिसकेपछि अनिल सरले नै सो पत्र लिएर जानुभयो । चलानी किताबमा मैले लेखेको होइन । मलाई पत्रमा चलानी नम्बर राख्न मात्र लगाएको रहेछ ।

**अनिल सिंह धामीले अधिकारप्राप्त अधिकारीसमक्षको बयान**

मिति २०५५।३।१२ देखि काठमाडौं महानगरपालिकामा ना.सु. पदमा अस्थायी नियुक्ति भई कार्यरत छु । २०५९ कार्तिकदेखि २०६० असोजसम्म मूल दर्ता चलानी शाखामा खटिएको थिएँ । मूल दर्ता चलानीमा म कार्यरत रहँदा श्रीलाल तामाङ र विजय खनाल पनि मसँगै काम गर्दथे । आ.व. २०५९।०६० को मूल दर्ता चलानी किताब हामी ३ जनाको जिम्मेवारीमा हुन्थ्यो । महानगरपालिकाअन्तर्गतको सम्पूर्ण विभागहरूको आफ्नै चलानी किताब छ । मूल दर्ता चलानीबाट यस्तै खाले चिठ्ठीपत्रहरू चलानी हुने

भन्ने प्रावधान थिएन। हाकिमहरूको आदेशानुसार सबै प्रकारका पत्रहरू चलानी हुन्थ्यो । कार्यालय समयमा मूल दर्ता चलानी शाखा खुल्लै रहने हुँदा हामी ३ जनामध्ये १ जना बसे पुग्दथ्यो । जरूरी पत्रहरू वा हतारमा गर्नुपर्ने पत्रहरू लिएर आउँदा र कर्मचारीहरू अन्य काममा व्यस्त भएको बेलामा कहिलेकाहीँ अन्य व्यक्तिहरूले पनि चलानी गर्दथे । शेरबहादुर कटुवाल लेखा शाखामा काम गर्ने पियन हुन् । कहिलेकाहीँ म अन्य शाखामा जानु पर्दा उसलाई एकछिन हेर है भनेर जाने गर्दथेँ । चलानी किताबअनुसार मिति २०६०।३।२६ गतेको च.नं. २८० को पत्र १४ नं. वडा कार्यालयमा गएको देखिन्छ । तर त्यही च.नं. र मितिको पत्र कसरी मालपोत कार्यालयमा गयो, यसबारेमा म अनभिज्ञ छु। पत्रमा शेरबहादुर कटुवालले मैले लेखेको हो भनिसकेको हुँदा सो हस्ताक्षर निजको हुनुपर्दछ । चलानी पुस्तिकामा चाहिँ निजले लेखेको होइन । शेरबहादुरले बयान गर्दा मेरो नाम भन्नुको कारण मैले कहिलेकाहीँ निजलाई काम गराउने भएकोले होला। मैले शेरबहादुरलाई तोकेर यो काम गरिदेउ भनेर भन्दैनथेँ। यहाँ आएको चिट्ठी पत्रहरू दर्ता चलानी गर्नु भनेर मात्र भन्थे। मैले उक्त पत्र हिजो भर्खर देखेको हुँ।

**वादी नेपाल सरकारले विशेष अदालतमा दायर गरेको आरोप पत्र**

प्रतिवादीहरूले एक आपसमा मिलेमतो गरी पिस्तादेवी अग्रवालको नाममा रहेको जग्गा बदनियत साथ किर्ते पत्र तयार गरी धितो फुकुवा गरी गराई मिति २०६०।५।२५ मा रू. ५३,३७,५००।- मा प्रतिवादी जनहित संरक्षण मञ्च पुतलीसडकको नाममा पारित गरेको तथ्य स्थापित भएको हुँदा प्रतिवादीहरू पिस्तादेवी अग्रवाल र नरेश अग्रवालको हकमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिम बिगो रू. ५३,३७,५००।- र सो बराबर जरिवाना, हदैसम्म कैद सजाय, प्रतिवादी शिवकुमार अग्रवाल र गोपाल जोगाइलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ बमोजिम जरिवाना तथा कैद सजाय, प्रतिवादी अनिल सिंह धामीलाई भ्रष्टाचार निवारण निवारण ऐन, २०१७ को दफा ७ को उपदफा (२) तथा भ्रष्टाचार ऐन, २०५९ को दफा ८ को उपदफा (३) बमोजिम बिगो बराबर जरिवाना तथा कैद सजाय, प्रतिवादी शेरबहादुर कटुवाललाई सोही ऐनको दफा ५५ बमोजिम पूर्ण सजायको छुट गरिपाउँ र जनहित संरक्षण मञ्चले विवादको जग्गा खरिद गरेको देखिएको हुँदा सोही जग्गा जफत तथा लिलाम गरी बाँकी रकम असुल गर्ने प्रयोजनका लागि प्रतिवादी कायम गरिएको हुँदा उक्त जग्गा जफत लिलाम गरी बाँकी रकम असुल गरिपाऊँ।

**प्रतिवादी गोपाल जोगाइले विशेष अदालतमा गरेको बयान कागज**

विवादित जग्गा बदनियतपूर्वक किर्ते पत्र तयार गरी फुकुवाको परिपञ्च मिलाउनमा सहयोग गरी भ्रष्टाचार गर्ने काम मबाट भएको छैन। पिस्तादेवीसमेत कुनै पनि प्रतिवादीलाई म चिन्दिन । शिवकुमार अग्रवाललाई मुद्दाको सिलसिलामा अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा जाँदा मात्र चिनेको हुँ। निजसँग मेरो कुनै कारोबार छैन। निजले आयोगमा मलाई दोषेर बयान किन दिए म जान्दिन। अख्तियारमा मैले दिएको बयान र सहीछाप हेरेँ, मेरै हो। म हरिकृष्ण श्रेष्ठलाई चिन्दिन। दाबीअनुसार कसुर मबाट नभएको हुँदा मलाई सजाय हुनु पर्ने होइन।

**प्रतिवादी शिवकुमार अग्रवालले विशेष अदालतमा गरेको बयान**

आरोपपत्र झुट्टा हो। विवादको मूल विषयवस्तु भनेको मेरो आमाको नाउँ दर्ताको जग्गा सागर वाग्लेलाई धितो जमानत दिएको र फुकुवा भएकोमा हो । सागरप्रसाद वाग्लेले मलाई नगरपालिकामा जागिर खानु पर्‍यो, त्यसको लागि जग्गा दिई सहयोग गरिदिनुहोस् भनेकोले आमाको नामको जग्गा मैले धितो राख्न मन्जुर गरी दिएँ। सागरप्रसाद वाग्लेलाई ८।९ महिनापछि जागिरबाट अवकास दिइयो। सोपछि मेरो

आमाको नामको जग्गा फुकुवाको लागि सागरप्रसाद वाग्लेले निवेदन दिएको छु भनेको भए पनि फुकुवा नभएपछि कानून व्यवसायीमार्फत निवेदन पेस गरेको र त्यसबाट पनि जग्गा फुकुवा भएन । यसै क्रममा गोपाल जोगाइसँग भेट भई मेरो यस्तो समस्या छ भन्दा निजले म सहयोग गर्छु भन्नुभयो । यसको केही समयपछि जग्गा फुकुवा भएर आयो, जग्गा फुकुवा हुन ४।५ वर्ष लाग्यो । यो फुकुवाको लागि किर्ते लिखत तयार गरेको, तौर तरिका मिलाएको भन्ने जस्ता कार्य मेरो संलग्नतामा भएको होइन । आफ्नो जग्गा फुकुवाको निवेदन दिएकोसम्म हो । निवेदन सागरप्रसाद वाग्लेले पनि र हामीले पनि दिएका थियौँ। कसको निवेदनबाट फुकुवा भयो मलाई जानकारी भएन । निज उक्त विवादित जग्गा नरेश अग्रवालको नाममा बिक्री गरेको हाम्रो पारिवारिक कारणले हो, कुनै बदनियत राखी अन्यथा गरेको होइन । तसर्थ अभियोग दाबीबाट सफाइपाऊँ।

**विशेष अदालतबाट मिति २०६२।६।१२ मा भएको थुनछेक आदेश**

प्रतिवादीहरू गोपाल जोगाइ र शिवकुमार अग्रवालबाट हाल विशेष अदालत ऐन, २०५९ को दफा ७(घ) अनुसार जनही रू. १,५०,०००।– (एक लाख पचास हजार रूपैयाँ) नगदै धरौट वा सोबापतको जेथा जमानत दिए लिई तारेखमा राख्नु र दिन नसके कानूनबमोजिम सिधा खान पाउने गरी थुनामा राखी मुद्दाको पुर्पक्ष गर्न दिनू।

**प्रतिवादी नरेश अग्रवालले विशेष अदालतमा गरेको बयान**

कि.नं. ३३९ को जग्गा पहिले मेरो हजुरआमा पिस्तादेवी अग्रवालको नाममा थियो । २०६० सालसम्म उक्त जग्गा के कुन अवस्थामा थियो मलाई थाहा भएन । नगरपालिकाबाट रोक्का छ भन्ने सुनेको हुँ । २०६०।४।२ मा मेरो हजुर आमाले हालैको बकसपत्रबाट पारित गरी मेरो नाममा दा.खा. भई मैले जनहित संरक्षण मञ्चलाई राजीनामा गरिदिएको हुँ, हाल मञ्चकै नाममा कायम छ । मैले हजुरआमाबाट जग्गा कानूनीरूपले बकस पाएको हुँ । आफ्नो आवश्यकताअनुसार बिक्री गरेको हुँ । रोक्का जग्गा फुकुवा के कसरी भयो मलाई थाहा छैन । फुकुवा भएपछि नै मेरो नाममा नामसारी भएको हो । सागर वाग्ले कहाँ बस्छन, को हुन्, मलाई थाहा छैन । १ वर्षपछि आयोगले नै मलाई चिनाइदिएको हो । ठेगाना आयोगले नै दिई लेखाएको हो । स.ज. १२ मा उल्लिखित ४ लाख खर्च भयो भन्नेमा यति खर्च भएकै हुनुपर्छ लेख्नोस् भनी डर धाक देखाई लेखाएको हो । फुकुवा गर्दा मैले कुनै खर्च गरेको देखे सुनेको पनि छैन । कुनै गैरकानूनी काम गरेको छैन । तसर्थ सफाइपाऊँ।

**विशेष अदालतबाट मिति २०६२।७।२७ मा भएको थुनछेक आदेश**

प्रतिवादीले हाल विशेष अदालत ऐन, २०५९ को दफा ७(घ) अनुसार रू. ३,००,०००।– (तिस लाख) नगद धरौट वा सोबापतको जेथा जमानत दिए लिई तारेखमा राख्नु र नदिए कानूनबमोजिमको सिधा खान पाउने गरी थुनामा राखी मुद्दाको पुर्पक्ष गर्न दिनु।

**प्रतिवादी अनिल सिंह धामीले विशेष अदालतमा गरेको बयान**

म काठमाडौं महानगरपालिकामा २०५५ जेठदेखि अस्थायीरूपमा कार्यरत छु । मैले त्यहाँ कार्यरत् रहँदा प्रशासन विभागको दर्ता चलानीको कामसमेत गर्दथेँ। मैले दर्ता चलानी फाँटमा काम गरेको मिति थाहा छैन। २०५९ सालको असोज कात्तिकतिर होला का.म.न.पा. ९ स्थित कि.नं. ३३९ को जग्गा फुकुवा गरिदिनु भनी का.म.न.पा. को कार्यालयबाट लेखे नलेखेको थाहा भएन । विवादित जग्गा कसका नाममा थियो पछि कसका नाममा नामसारी भयो भन्नेसम्बन्धमा पनि मलाई केही थाहा छैन । २०६०।३।२६ मा म राजस्व विभागअन्तर्गत व्यवसाय

कर टोलीमा कार्यरत् थिएँ । सो समयमा दर्ता चलानी फाँटमा श्रीलाल तामाङ र विजय खनाल कार्यरत थिएँ । मैले अन्य प्रतिवादीहरूलाई हालसम्म देखे चिनेको छैन । मैले भ्रष्टाचार गरे गराएको छैन । का.म.न.पा. को मिति २०६०।३।२६ च.नं. २८० को पत्र चलानी शेरबहादुर कटुवालले गरेको हो, सो कुरा निज आफैँले अनुसन्धानमा स्वीकार गरिसकेको छ । मैले अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा स्वेच्छाले बयान गरेको हो, मैले अनुसन्धानमा बयान गर्दा २०५९ कार्तिकदेखि २०६० असोजसम्म मूल दर्ता चलानीमा थिएँ भनी लेखाए पनि अदालतमा २०६०।३।२६ मा दर्ता चलानी फाँटमा थिइन भनी लेखाएको छु । सो यकिन मिति थाहा नभएर लेखिन गएको हो ।

**विशेष अदालतको मिति २०६२।९।५ को थुनछेक आदेश**

प्रतिवादीले हाल विशेष अदालत ऐन, २०५९ को दफा ७(घ) अनुसार रू. ५,०००।– नगद धरौट वा सोबापतको जेथा जमानत दिए लिई तारेखमा राख्नु र नदिए कानूनबमोजिमको सिधा खान पाउने गरी थुनामा राखी मुद्दाको पुर्पक्ष गर्न दिनु ।

**जनहित संरक्षण मञ्चको तर्फबाट प्रकाशमणि शर्माले विशेष अदालतमा गरेको बयान**

जनहित संरक्षण मञ्चले कार्यालय प्रयोजनको लागि जग्गा खोजिरहेको अवस्थामा जग्गाको कारोबार गर्ने राजु नेपालले उक्त जग्गा बिक्रीमा रहेको जानकारी गराएपछि मञ्चका पदाधिकारीहरू गई हेर्दा जग्गा उपयुक्त लागी खरिद गर्ने निर्णय गरिएको हो । सोपछि मालपोत कार्यालय बुझ्न अधिवक्ता विष्णु पोखरेललाई पठाउँदा रोक्का नरहेको जानकारी प्राप्त भएपछि रू. २५,०००।- बैना दिई २०६०।०५।२६ मा रू. ५३,३७,५००।- चेकमार्फत भुक्तानी दिएको हो । मञ्चले जग्गा धनी नरेश अग्रवालबाट खरिद गरेको जग्गा काठमाडौं वडा नं. ३२ कि.नं. १३ क्षेत्रफल ०-१५-१-० हो । साबिक कि.नं. ३३९ वडा नं. २९(क) को क्षेत्रफल १-२-०-० जग्गा मञ्चले खरिद गरेको होइन । कानूनबमोजिम उक्त जग्गाको हक प्राप्त गरेको हुँदा लिलाम जफत हुनुपर्ने होइन । जग्गा धनी प्रमाणपुर्जाको सक्कल प्रति आदेश भएका बखत पेस गर्ने नै छु ।

**प्रतिवादी जनहित संरक्षण मञ्चलाई साधारण तारेखमा राख्ने भन्ने विशेष अदालतको आदेश**

प्रतिवादी जनहित संरक्षण मञ्चलाई विशेष अदालत ऐन, २०५९ को दफा ७(ग) अनुसार साधारण तारेखमा राखी मुद्दामा पुर्पक्ष गर्न दिनू ।

**प्रतिवादी पिस्तादेवी अग्रवालले विशेष अदालतमा गरेको बयान**

मेरो नामको जग्गा जागिर खाने प्रयोजनको लागि सागर वाग्लेलाई धितो राख्न मन्जुरी दिएकी हुँ । निज जागिरबाट स-सम्मान अवकास भएका हुन् । अवकासपछि जग्गा स्वतः फुकुवा हुनुपर्ने हो । फुकुवाको लागि म नगरपालिका गएको होइन । का.म.न.पा. बाट रोक्का जग्गा फुकुवा भएपछि मैले मेरो नाति नरेश अग्रवाललाई कानूनबमोजिम हालैको बकसपत्र गरी दिएकी हुँ । मैले किर्ते पत्र तयार गर्न लगाएको होइन, नातिलाई बकसपत्र गरिदिएपछिका कुरा नाति नरेश र छोरी शिवलाई नै थाहा होला । मैले अभियोगबमोजिम कसुर गरेको छैन ।

**विशेष अदालतको मिति २०६२।९।१९ को थुनछेक आदेश**

प्रतिवादीले हाल विशेष अदालत ऐन, २०५९ को दफा ७(घ) अनुसार रू. १,००,०००।– (एक लाख रुपैयाँ) नगद धरौट वा सोबापतको जेथा जमानत दिए लिई तारेखमा राख्नु र नदिए कानूनबमोजिमको सिधा खान पाउने गरी थुनामा राखी मुद्दाको पुर्पक्ष गर्न दिनू ।

**प्रतिवादी शेरबहादुर कटुवालले विशेष अदालतसमक्ष गरेको बयान**

प्रतिवादीमध्येका अनिल सिंह धामीबाहेकका अरू प्रतिवादीहरूलाई चिन्दिन । यो मुद्दाबारे मलाई अरू केही थाहा छैन । अनिल सिंह धामीले मैले पत्रमा चलानी नं. राख्न भ्याइन, राख भनेकोले अह्राएअनुसार धेरै पत्रमा चलानी चढाएको थिएँ । तीमध्ये यो नक्कली भएको कुरा पनि मैले आयोगमा आएपछि मात्र थाहा पाएँ । अरू केही जानकारी छैन । अख्तियारमा भएको मेरो बयानको व्यहोरा र सहिछाप मेरै हो । म पियन कर्मचारी हुँ । दर्ता चलानी गर्ने काम मेरो होइन, ना.सु. अनिल सिंहले भनेकोले मैले प.सं. ०५९/०६० र च.नं. २८० मात्र लेखेको हुँ । अरू पत्रको व्यहोरा मैले हेरिन । उक्त नं. लेख्ने काम अनिल सरले नभ्याएर मलाई लेख्न लगाएको हो । निजले बयान गर्दा मैले आफैँ लेखेको हो भनी आफू बच्न लेखाएको हो, लेख भनेबमोजिम पत्र लेखेको हुँ । गलत भन्ने थाहा भएको भए लेख्ने थिइन । मैले लेखेको च.नं. र प.सं. को अक्षर मेरो हो ।

**विशेष अदालतबाट मिति २०६२।११।२ मा भएको थुनछेक आदेश**

प्रतिवादी शेरबहादुर कटुवाललाई अदालतले खोजेको बखत उपस्थित हुने गरी हाललाई तारेखमा नरही मुद्दाको पुर्पक्ष गर्ने गरी विशेष अदालत ऐन, २०५९ को दफा ७(ग) बमोजिम यो आदेश गरिदिएको छ ।

प्रतिवादीका साक्षी गणेशकुमार रौनियार, लोचनकुमार थपलिया, अरूणकुमार अग्रवाल, चन्द्रमान मल्ल, कृष्णकुमार श्रेष्ठ, हरिदास श्रेष्ठ, हरिकुमार श्रेष्ठसमेतले गरेको बकपत्र मिसिल सामेल रहेको ।

**विशेष अदालत, काठमाडौंको मिति २०६६।३।१५ को फैसला**

जग्गा फुकुवा गराउने कार्यमा पीस्तादेवी अग्रवाल र नरेश अग्रवालले बदनियतसाथ किर्ते कागज तयार गर्ने गर्न लगाई भ्रष्टाचार गरेको वादी दाबी मिसिलसंलग्न ठोस प्रमाणबाट समर्थित भएको नपाइएको साथै जग्गा फुकुवा हुँदा प्रतिवादी पीस्तादेवीको उमेर ७० वर्ष भएको र जग्गा फुकुवा गर्न म अड्डामा आफू नगएको भनी निजले बयानमा लेखाएकोमा निजको उमेरलाई दृष्टिगत गर्दा सो कुरा पत्यारिलो नै भएकोले जग्गा फुकुवा गराउने कार्यमा छोराको संलग्नता हुनु स्वाभाविक रहेकोसमेतका मिसिल प्रमाणबाट प्रतिवादीहरू पीस्तादेवी अग्रवालले र नरेश अग्रवालले आरोपित कसुर गरेको तथ्य ठोसरूपमा प्रमाणित हुन नआएकोले कसुरबाट सफाइ पाउने ठहर्छ । प्रतिवादीहरू पिस्तादेवी अग्रवाल र नरेश अग्रवालले कसुरबाट सफाई पाउने ठहरे पनि नरेश अग्रवालबाट जग्गा हस्तान्तरण भई निजले रकम लिए खाएको देखिएको र सा.कि.नं. ३३९(हाल कि.नं.१३) को जग्गाको सट्टा अर्को जग्गा धितो राख्न मन्जुर भई नरेश अग्रवालले प्रतिवादी जनहित संरक्षण मञ्चसित संयुक्तरूपमा मिति २०६३।१।२६ मा अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा र आफैँले मात्र मिति २०६२।१२।२८ मा यस अदालतमा निवेदन दिएको अवस्था मिसिल प्रमाणबाट देखिन आएको हुँदा बिगो रकम लिए खाएको र बुझाउने उद्देश्य पनि रहेको तथ्य समर्थित भएकोले बिगो रकम रू. ५३,३७,५००।– बिक्रेता निज नरेश अग्रवालबाट काठमाडौं महानगरपालिकाले भराई लिन पाउने ठहर्छ ।

प्रतिवादी गोपाल जोगाईले जग्गा फुकुवा गराउने कार्यमा आफ्नो कुनै संलग्नता नभएको भनी बयान गरे पनि निज र शिवकुमार अग्रवालबिच कुनै रिसइवी भएको तथ्य मिसिलबाट कुनै तर्कसम्मत आधार मिसिलबाट नदेखिएको साथै सो कार्यमा आफ्नोसमेत संलग्नता रहेको तथ्य प्रतिवादी शिवकुमार अग्रवालले स्वीकार गरेको देखिँदा निज सहअभियुक्तको पोल प्रमाणयोग्य छैन भनी मान्न सकिने अवस्था नरहेकोले प्रतिवादीद्वय शिवकुमार अग्रवाल तथा गोपाल जोगाईले आरोपित कसुर गरेको ठहर्छ । सजायको हकमा विचार गर्दा यी प्रतिवादीहरूलाई मतियार कायम गरी अभियोग

दायर भएको र मागदाबीभन्दा बढी सजाय गर्न नमिल्ने भएबाट निजहरूलाई जनही तिन महिना कैद हुने ठहर्छ । प्रतिवादी अनिल सिंह धामीलाई निर्दोष मान्न सकिने अवस्था नहुदा निजले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(३) अनुसारको कसुर गरेको ठहर्छ। सो ठहर्नाले निजलाई एक महिना कैदको सजाय हुन्छ।

जनहित संरक्षण मञ्चलाई जग्गा जफत तथा लिलाम गरी बाँकी रकम असुल गर्ने प्रयोजनको लागि मात्र प्रतिवादी बनाइएकोमा जग्गाको बिगो प्रतिवादी नरेश अग्रवालबाट भराई पाउने भनी ठहर भइसकेको तथा प्रस्तुत जग्गाको समेत मूल्यबाहेक गरी बाँकी नपुग चुंगीकर रकम तत्कालीन मेयर केशव स्थापितबाट असुल गर्ने भनी आयोगबाट मिति २०६२।१२।१३ मा निर्णय भएको कुरा पुनरावेदक केशव स्थापित विरूद्ध अख्तियार दुरूपयोग अनुसन्धान आयोग भएको संवत् २०६३ सालको स.फौ.पु.नं. ९३-०६३-००००६ को रकम असुल मुद्दाको मिसिलबाट देखिएको परिप्रेक्ष्यमा प्रतिवादी जनहित संरक्षण मञ्चको नाममा हस्तान्तरण भइसकेको जग्गा जफत गरी रकम असुल गर्ने प्रयोजन नै नरहेबाट प्रतिवादी जनहित संरक्षण मञ्चको हकमा जग्गा जफत गरिपाउँ भनी वादी पक्षले लिएको दाबी पुग्न नसक्ने ठहर्छ।

**प्रतिवादी शिवकुमार अग्रवालले यस अदालतमा दायर गरेको पुनरावेदन पत्र**

आ.व. २०५४/०५५ मा थानकोट, बलम्बु डिपोबाट कर संकलन गर्न सागरप्रसाद वाग्लेलाई का.म.न.पा.ले मिति २०५४।७।२९ गते शाखा अधिकृतको पदमा ६ महिनाको लागि करारमा नियुक्त गरेको थियो । मिति २०५४।७।२८ मा सागरप्रसाद वाग्लेले म पुनरावेदकको आमा पिस्तादेवी अग्रवालसमेतको जग्गा ग्यारेन्टीबापत राखेका थिए। सागरप्रसाद वाग्लेले अवकाश पाइसकेपछि पनि आमाको नामको जग्गा रोक्का नै थियो। सागरप्रसाद वाग्लेलाई चुङ्गिकर उठाउने जिम्मा दिनुअघि गरिएको अधिकार प्रत्यायोजन पत्रमा का.म.न.पा. को चुङ्गिकर दस्तुर उठ्तीमा अनुमानित अङ्कभन्दा कम असुली गरेमा वा कुनै प्रकारले हानि नोक्सानी पारेमा" धितो राखेको जग्गाबाट असुल गरिने सर्त रहेको भएपनि आयोग एवं काठमाडौं महानगरपालिकाले नै सागरप्रसाद वाग्लेलाई भ्रष्टाचार गरेको भन्ने कुराबाट उन्मुक्ति दिइसकेको परिप्रेक्ष्यमा सो सर्तको हाल कुनै सान्दर्भिकता छैन।

अख्तियार दुरूपयोग अनुसन्धान आयोगद्वारा मिति २०६२।५।९ मा विशेष अदालतमा आरोप पत्र दायर गर्दा मुख्य व्यक्ति सागरप्रसाद वाग्ले तथा तत्कालीन प्रमुख केशव स्थापितलाई प्रतिवादी नै नबनाइएको र सागरप्रसाद वाग्लेलाई कुनै दायित्व व्यहोर्न नपर्ने गरी उन्मुक्ति दिएको अवस्थामा निजले धितोबापत राखेको जग्गा रोक्का गरी राख्नुपर्ने औचित्य नै समाप्त भएको अवस्था जग्गा फुकुवा गरेको भनी म पुनरावेदकलाई कैद सजाय गर्न मिल्दैन । मिति २०५६।४।११ को आयोगको निर्णयअनुसार सागरप्रसाद वाग्लेबाट कामनपाको असुल हुन बाँकी चुङ्गिकरबापतको रकम निजबाट असुल नभएसम्म मेरोआमा पिस्तादेवी अग्रवालको नामको जग्गाबाट कामनपाले कुनै रकम असुलउपर गर्न सक्ने अवस्था हुँदैन । यसरी औचित्यै समाप्त भएको धितोको जग्गा फुकुवाले काठमाडौं महानगरपालिकालाई नोक्सानी भएको भन्न मिल्दैन। यस्तो विषयमा विशेष अदालतले मलाई गरेको सजाय अन्यायपूर्ण रहेको छ।

जग्गा धितो राख्ने कर्मचारीले बरबुझारथ गरी दायित्वबाट मुक्त भएपछि कानूनबमोजिमको वारेस मुकरर गरी सुरेन्द्रबहादुर लामाले फुकुवाको कारवाही चलाएको हो । मैले जग्गा फुकुवा गर्न काठमाडौं महानगरपालिकाको कर्मचारीसँग मिलेर कुनै गैर कानूनी कार्य गरेको छैन। कर्मचारीहरूको कानूनी वा गैरकानूनी संलग्नता मलाई थाहा हुने कुरा पनि भएन। भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ बमोजिमको कसुर मउपर ठहर हुन बदनियतसाथ मबाट कुनै नेपाल कानून जानीजानी उल्लङ्घन भएको ठहर हुनु

अनिवार्य हुन्छ । जुन कुरा यसै सम्मानित अदालतबाट प्रतिपादित भइरहेका नजिर सिद्धान्तसमेतबाट पुष्टि हुन्छ ।

प्रतिवादी गोपाल जोगाइको भनाइ अन्य स्वतन्त्र प्रमाणबाट पुष्टि नभएको अवस्थामा प्रमाण ग्राह्य हुन नसक्नेमा निजको भनाइको आधारमा मलाई कसुरदार कायम गर्न मिल्दैन । सागरप्रसाद वाग्लेलाई नियुक्ति गरे गराएको काम कारवाही नै गैर स्थापित भइसकेपछि जग्गा धितो राख्नेलगायतको कार्य स्वतः निष्क्रिय भइसकेको तथ्य प्रमाणित हुँदा रोक्का राख्नै नपर्ने जग्गा फुकुवा गर्न माग गर्ने कार्य कसुर हुँदैन । मालपोत कार्यालयका कर्मचारीसँग मेरो कुनै गैरकानूनी संलग्नताको पुष्टि नभएको अवस्थामा प्रमाणको गलत मूल्याङ्कन गरी मलाई सजाय गर्ने काम भएको छ जुन मिलेको छैन ।

सागरप्रसाद वाग्लेको कानूनी सम्बन्ध करारीय नियुक्तिको कर्मचारीको रहेको र निजबाट असुलउपर गर्नुपर्ने देवानी दायित्वको कुरामा काठमाडौं महानगरपालिकाले मिति २०५४।२।१७ मा छुट्टै निर्णय गरी निजलाई सधन्यवाद अवकास दिएपछि धितो जमानी बस्नेको सम्पत्तिबाट असुलउपर गर्न मिल्दैन । यस्तो अवस्थामा मलाई कसुरदार कायम गरी सजाय गरेको कार्य यादव लामिछाने वि श्री ५ को सरकार, विशेष प्रहरी विभाग (ने.का.प. २०४४, अंक ६, पृष्ठ ६१४), रामऔतार यादव वि. श्री ५ को सरकार (ने.का.प. २०४६, पृष्ठ ११३३) र विष्णुप्रसाद पराजुली वि. श्री ५ को सरकार (ने.का.प. २०५४, पृ. ५५३) भएको भ्रष्टाचार मुद्दाहरूमा प्रतिपादित नजिरसमेतको प्रतिकूल निर्णय गरी विशेष अदालत, काठमाडौंले म पुनरावेदकलाई तिन महिना कैदको सजाय गर्ने गरेको फैसला गैरकानूनी हुँदा बदर गरी सफाई पाऊँ ।

**प्रतिवादी नरेश अग्रवालले यस अदालतमा दायर गरेको पुनरावेदनको सङ्क्षिप्त व्यहोरा**

अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट भएको आफ्नै पूर्व निर्णयविपरीत प्रस्तुत वादीले प्रस्तुत आरोपपत्र दायर गरेको छ । सागरप्रसाद वाग्लेबाट असुल गर्नुपर्ने रकम असुल गरी आयोगलाई जानकारी दिनु भनी काठमाडौं महानगरपालिकाको प्रमुखलाई लेख्ने भनी मिति २०५६।४।११ मा आयोगबाट निर्णय भइसकेबाट सो निर्णय कार्यान्वयन नभई प्रस्तुत मुद्दा चल्न सक्दैन । सागरप्रसादको नियुक्तिलाई अख्तियार दुरूपयोग अनुसन्धान आयोगले गैरकानूनी ठहर गरेको अवस्थामा सागरप्रसाद वाग्ले र केशव स्थापितउपर मुद्दा नै चलाउन नसकेबाट जग्गा धितो राख्ने वा रहेको विषयको कानूनी स्थितिसमेत प्रारम्भतः कानूनी प्रभावशून्य भइसकेको छ मिति २०५६।४।११ को निर्णय भइसके पछि मेरो हजुरआमाको नामको धितो रहेको जग्गा स्वतः निष्क्रिय रहेको मान्नु पर्ने हुन्छ । सागरप्रसादको जागिरको अवधिसम्म पिस्तादेवीले लेखिदिएको फिर्ताको अस्तित्व सागरप्रसादको नोकरी अवधि थप नभएपछि स्वतः निस्क्रिय भइसकेको छ । यस कारण पनि प्रस्तुत मुद्दा दायर गरेको गैरकानूनी हुँदाहुँदै भएको फैसलासमेत गैरकानूनी छ । सागरप्रसाद वाग्लेको नियुक्ति नै गैरकानूनी देखिएपछि पिस्तादेवीले रोजेको धितोसमेत अमान्य भइसकेको अवस्थामा मसमेत उपर प्रस्तुत मुद्दा दायर गर्नुको कुनै औचित्य थिएन ।

रोक्का जग्गा फुकुवाको लागि पठाएको निवेदनउपर काठमाडौं महानगरपालिकाको तर्फबाट के कस्तो र कुन तहका कर्मचारीबाट कारवाही चलाई मालपोत कार्यालयसमक्ष फुकुवापत्र पुर्‍याइएको सम्बन्धमा पिस्तादेवीलाई कसुरदार नठहराइएकोमा निज पिस्तादेवीबाट बकसपत्र प्राप्त गर्ने र आफ्नो नाममा कानूनसम्मत तरिकाले हक कायम हुन आएको जग्गा बिक्री गर्ने मेरो हक नै हुँदा मेरो कार्य गैरकानूनी हुन सक्दैन । कसुरबाट सफाइ दिने तर बिगो भने तिर्न पर्ने गरी ठहर गरेको निर्णय कानूनविपरीत छ । मालपोत कार्यालयले जग्गा फुकुवा गरेको कार्य गैरकानूनी नहुने तर त्यही जग्गा हा.व. गरी प्राप्त गर्ने कार्य र जनहितकारी संस्थालाई बिक्री गरेको कार्य गैरकानूनी हुन सक्दैन । २०६०।३।२६ को फुकुवापत्रको जरियाबाट सृजित

भ्रष्टाचारको आरोपबाट सफाई दिने गरी फैसला भइसकेपछि मिति २०५९।३।५ देखि खारेज भएको भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ८ को कसुर तथा सजायको माग दाबी लिइएको कुरा कानूनसम्मत छैन। भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(४) को आरोप प्रमाणित हुने अवस्था छैन। २०६०।३।२६ को फुकुवापत्र किर्ते बनाउनेउपर मुद्दा नचलाईएको र किर्ते भन्ने कुरा प्रमाणितसमेत भएको छैन। किर्ते भनिएको पत्रका सम्बन्धमा विशेषज्ञलाई बुझ्ने कार्यसमेत हुन नसकेको परिप्रेक्ष्यमा सो पत्रको कानूनी हैसियत कायमै रहेको हुँदा र किर्ते कर्ता यकिन नभएको भन्दैमा म निर्दोषबाट बिगो भराउने कार्य अन्यायपूर्ण छ।

मिति २०६२।६।११ मा अदालतको बयान गर्ने क्रममा प्र. शिवकुमार अग्रवालले धितो लेखिदिएको व्यक्ति सागरप्रसादले अवकास पाएपछि विधिवत् फुकुवाको निवेदन दिई प्रतिवादी गोपाल जोगाईमार्फत कारवाही भएको व्यहोरा प्रस्ट पारेको छ । सागरप्रसाद वाग्ले वा हुलाकबाट पठाएको निवेदनमध्ये कुन निवेदनबाट फुकुवाको कार्य सम्पन्न भएको हो भन्नेसम्बन्धमा समेत निजले बयान गर्दा अनभिज्ञता प्रकट गरेको र उक्त फुकुवा गर्ने काठमाडौं महानगरपालिकाका कर्मचारी एवं मालपोत कार्यालयका कर्मचारीसँग संलग्नतासमेत नदेखी पिस्तादेवी र मैले सफाइ पाइसकेपछि मबाट बिगो भराउने गरी भएको निर्णय कानूनसम्मत छैन । प्रतिवादी पिस्तादेवीले प्रतिवादी गोपाल जोगाई वा. सुरेन्द्र लामामार्फत निवेदन दिने कार्य गरेकोबाहेक अन्य गैरकानूनी कार्य गरेको पुष्टि नहुँदा मबाट बिगोसमेत भराउन मिल्दैन।

सागरप्रसाद वाग्लेबाट रकम असुल गर्न बाँकी हुँदाहुँदै धितो रहेको जग्गा फुकुवा गरी जनहित संरक्षण मञ्चलाई बिक्री गरेकोले सोही जग्गा जफत वा लिलाम गरी असुल गर्ने प्रयोजनको लागि जनहित संरक्षण मञ्चलाई प्रतिवादी बनाए पनि सो संस्थालाई सफाइ दिएको हा.व वा जग्गा हस्तान्तरण हुँदै अन्य व्यक्तिमा जग्गा गइसकेको अवस्थामा देवानी कानूनी प्रक्रियाबाट लिखत बदरसमेत नभइरहेको अवस्थामा निर्दोष व्यक्तिको हकमा प्राप्त हुन आएको जग्गा साबिकमा धितो लेखिएको थियो भन्ने आधारमा मबाट बिगो असुल हुन सक्दैन । मिति २०५४।१२।१७ को निर्णयबाटै करारीय सर्तमा नियुक्त सागरप्रसाद वाग्लेलाई सधन्यवाद अवकास दिने निर्णय गरिसकेको जग्गा धितो लेखिदिने व्यक्तिको सम्पत्तिबाट बाँकी रकम असुल गर्ने कुरा स्वयम् महानगरपालिकाले स्वेच्छाले परित्याग गरिसकेको मान्नु पर्ने हुँदा देहायका नजिरसमेतका आधारमा सुपथ न्याय पाऊँ।

**प्रतिवादी गोपाल जोगाईले यस अदालतमा दायर गरेको पुनरावेदनको व्यहोरा**

सहअभियुक्त शिवकुमार अग्रवालको पोलको आधारमा मात्र मलाई कसुरदार कायम गर्न मिल्दैन । हिरापासी विरूद्ध श्री ५ को सरकार भएको नजिरको आधारमा पनि सहअभियुक्तको पोलको आधारमा कसुरदार कायम गर्न मिल्दैन । सहअभियुक्तको पोल अन्य स्वतन्त्र प्रमाणबाट प्रमाणित हुन जरूरी हुन्छ। सहअभियुक्त शिव अग्रवालले आफू उम्कनलाई अरूलाई पोल गरेको भन्ने स्पष्ट छ। सहअभियुक्तको पोल प्रमाणबाट खण्डन गर्न नसकेको भनी मलाई कसुरदार ठहर गरेको मिलेको छैन । अतः विशेष अदालतको फैसला त्रुटिपूर्ण हुँदा बदर गरी सफाइ पाऊँ।

**यस अदालतबाट मिति २०६९।२।२३ मा जारी भएको विपक्षी झिकाउने आदेश**

यसमा काठमाडौं महानगरपालिकाको आ.ब. ०५४।०५५ को चुंगीकरसम्बन्धमा पुनरावेदक/प्रतिवादी केशव स्थापित विरूद्ध नेपाल सरकार भएको २०६६ सालको फौ.पु.नं. ०३७२ को मुद्दामा यसै अदालतबाट भएको मिति २०६७।२।१६ को आदेशानुसार विपक्षी झिकाउने आदेश भएको देखिन्छ र प्रस्तुत मुद्दासमेत सोही आ.व. को चुंगीकरसम्बन्धमा रोक्का रहेको जग्गाको फुकुवासँग सम्बन्धित भई अन्तरप्रभावी रहेको साथसाथै विशेष अदालत,

काठमाडौंबाट भएको फैसलामा एकातिर प्रतिवादी नरेश अग्रवाललाई सफाइ दिएको भनिएकोमा अर्कोतिर निजबाट रोक्का रहेको जग्गाको बिगोबापतको रकम निजबाट भराउनेसमेत ठहर भएको देखिनाले विशेष अदालत, काठमाडौंबाट भएको मिति २०६६।३।१५ को फैसला फरक पर्न सक्ने हुनाले अ.बं. २०२ नं. को प्रयोजनार्थ छलफलको निमित्त महान्यायाधिवक्ताको कार्यालयलाई पेसीको सूचना दिई पेस गर्नू । साथै प्रस्तुत मुद्दालाई २०६६ सालको फौ.पु.नं. ०३७२ को माथि उल्लिखित मुद्दासँगै राखी नियमानुसार गरी पेस गर्नू ।

**इन्साफ खण्ड**

नियमबमोजिम निर्णयार्थ पेस हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक प्रतिवादीहरू शिवकुमार अग्रवाल र नरेश अग्रवालको तर्फबाट उपस्थित वरिष्ठ अधिवक्ता श्री बद्रिबहादुर कार्की र विद्वान् अधिवक्ता श्री नरेन्द्रकुमार के.सी.ले आ.व. ०५४।५५ को पारित बजेटमा काठमाडौं महानगरपालिकाले उठाउन अनुमान गरेकोमध्ये थानकोट बलम्बु डिपोको चुंगीकर असुल गर्ने कार्यको लागि करारीय सर्तमा ६ महिनाको लागि सागरप्रसाद वाग्लेलाई शाखा अधिकृतको अस्थायी पदमा नियुक्त गरी जिम्मा दिइएकोमा उठ्न बाँकी रकम सागरप्रसाद वाग्लेबाट उठाउनको लागि कामनपालाई लेखी पठाएको भनी आयोगले निर्णय गरेको भएपनि रकम नउठाई सागरप्रसाद वाग्लेलाई बरबुझारथ गरी जागिरबाटै धन्यवादसहित अवकास दिइसकिएको, धितो राख्नेले नै तिर्ने बुझाउने दायित्वबाट उन्मुक्ति पाइसकेकोले निजले धितो राखेको जग्गा रोक्का राखी राख्ने औचित्य नै समाप्त भइसकेको समेतको अवस्थामा रोक्का जग्गा फुकुवाको कारवाही चलाएको र गैरकानूनी तरिकाले फुकुवा गरेको कुरा पनि प्रमाणितसमेत नहुँदा प्रतिवादीहरू शिवकुमार अग्रवाल र नरेश अग्रवालबाट बिगो भराउन नपर्ने गरी इन्साफ होस् भनी बहस गर्नुभयो ।

प्रत्यर्थी वादी नेपाल सरकारको तर्फबाट उपस्थित विद्वान् उपन्यायाधिवक्ता श्री शंकरबहादुर राईले चुङ्गिकर उठ्तीमा हिनामिना भएको रकम उठन बाँकी हुँदैको अवस्थामा रोक्का रहेको जग्गा फुकुवा गर्ने नमिल्ने, जग्गा फुकुवा गर्ने कार्य स्वतन्त्र अपराध भएको, यसको सम्बन्ध सागरप्रसाद वाग्ले वा केशव स्थापितसँग हुन पनि सक्ने वा नहुन पनि सक्नेमा सागरप्रसाद वाग्लेलाई र केशव स्थापितलाई भ्रष्टाचार मुद्दा नचलाएको भनी शिवकुमार र नरेशकुमारलाई निर्दोष भन्न नमिल्ने भएबाट निजहरूको हकमा बिगो भराउने गरी भएको विशेष अदालतको इन्साफ सदर हुनुपर्छ ।

विद्वान् कानून व्यवसायीहरूको उल्लिखित बहस जिकिरलाई मनन गरी प्रतिवादीहरूको पुनरावेदन पत्रसहितका मिसिल संलग्न प्रमाणहरूको अध्ययन गरी विशेष अदालत, काठमाडौंले गरेको फैसला मिलेको छ, छैन र प्रतिवादीहरूको पुनरावेदन जिकिर पुग्न सक्छ सक्दैन भन्नेसम्बन्धमा विचार गरी निर्णय गर्नुपरेको छ ।

यसमा काठमाडौं महानगरपालिकाले आ.ब. २०५४।०५५ को बजेटमा विभिन्न स्थानबाट चुङ्गीकर रू. ३९,०३,००,०००।– (उनान्चालीस करोड तिन लाख रूपैयाँ) उठाउने भनी अनुमानित अंक कायम गरी थानकोट बलम्बु डिपोबाट असुल गर्न अनुमान गरिएको रकम असुल गर्ने कार्यका लागि का.म.न.पा. ले सागरप्रसाद वाग्लेलाई ६ महिनाको अस्थायी अवधिको लागि शाखा अधिकृतको पदमा नियुक्ति गरी अधिकार प्रत्यायोजन गरेर चुङ्गिकर उठाउन जिम्मा दिएको देखिन्छ । उक्त अधिकार प्रत्यायोजनको लिखतमा अनुमानित अंकभन्दा कम चुङ्गिकर उठाएमा कर्तव्य पुरा गरेको नमानिने भनी पीस्तादेवी अग्रवालको नाममा दर्ता रहेको का.म.न.पा. साबिक वडा नं. २९क. कि.नं. ३३९ को क्षे. फ.१-२-०-० जग्गा र डिल्लीप्रसाद दाहालको नामको का.जि. चुन्निखेल गा.वि.स. वडा नं. १क कि.नं. ८१ को क्षेत्रफल २-८-०-१ र कि.नं. ८२ को क्षे. १-३-३-० जग्गाहरू धितोबापतमा लिएको देखिन्छ । उक्त धितोको

जग्गाबाट उठ्न बाँकी रकम असुल गर्ने अवस्था बाँकी छँदा छँदै डिल्लीप्रसाद दाहालको नामको जग्गा रोक्का कायमै रहेको र पीस्तादेवीको नामको जग्गा मात्र गैरकानूनीरूपबाट फुकुवा भएको र त्यसपश्चात् पिस्तादेवीअग्रवालको नामबाट नरेश अग्रवालले हा.ब. लिखतबाट प्राप्त गरी निज नरेशले जनहित संरक्षण मञ्चलाई बिक्री गरेको अवस्था देखियो ।

फुकुवा नै हुन नसक्ने जग्गा फुकुवा गराई गैर कानूनी लाभ लिएको विषयको उल्लिखित कार्यमा संलग्न भएको भनी विवादित जग्गादाता पिस्तादेवी अग्रवाल र उक्त जग्गा हा.ब. बाट प्राप्त गरी बिक्री गर्ने नरेश अग्रवालसमेत उपर बिगो रू. ५३,३७,५००।– र सो बराबर जरिवाना तथा हदैसम्मको कैद सजाय हुन एवं शिवकुमार अग्रवाल र गोपाल पी जोगाईसमेत उपर बिगो रू. ५३,३७,५००।– को आधाआधा जरिवाना तथा हदैसम्मको कैद सजाय हुन मागदाबी लिई विशेष अदालतमा आरोपपत्र दायर गरिएकोमा विशेष अदालतले पिस्तादेवी अग्रवाल र नरेश अग्रवाललाई भ्रष्टाचारको कसुरमा सफाइ दिएको तर प्रतिवादी नरेश अग्रवालले धितोको जग्गा हा.ब. लिई बिक्री गरी रकम लिए खाएको भनी बिगो रू ५३,३७,५००।– भराउने भनी र प्रतिवादीहरू शिवकुमार अग्रवाल र गोपाल जोगाईलाई जनही तिन महिना कैद हुने ठहर्‍याई फैसला गरेकोमा सो फैसलामा चित्त नबुझाई तिनैजना प्रतिवादीहरूको तर्फबाट यस अदालतमा पुनरावेदन पर्न आएको देखियो ।

२. निर्णयतर्फ विचार गर्दा, सर्वप्रथम प्रतिवादीहरू शिवकुमार अग्रवाल र गोपाल पी जोगाईको पुनरावेदन जिकिरको सम्बन्धमा विचार गरौं । प्रतिवादी शिवकुमार अग्रवालको पुनरावेदन जिकिरमा सागरप्रसाद वाग्लेलाई चुङ्गिकर उठाउने जिम्मा दिँदा गरिएको अधिकार प्रत्यायोजन लिखतमा सागरप्रसाद वाग्लेले अनुमानित अंकअनुसारको चुङ्गिकर नउठाई का.म.न.पा.लाई हानि नोक्सानी पारेमा निजले धितो राखेको जग्गाबाट असुल गरिने सर्त रहेको भएपनि आयोग एवं का.म.न.पा.ले नै सागरप्रसाद वाग्लेलाई र निजलाई नियुक्ति गर्ने मेयर केशव स्थापितलाई भ्रष्टाचारको कसुरबाट उन्मुक्ति दिइसकेको परिप्रेक्षयमा सो सर्तको सान्दर्भिकता समाप्त भएको र जग्गा धितो राख्ने कर्मचारीले बरबुझारथ गरी तिर्ने बुझाउने दायित्वबाट मुक्त भएपछि कानूनबमोजिमको वारेस मुकरर गरी फुकुवाको कारवाही चलाई जग्गा फुकुवा भएकोमा मलाई सजाय गरेको फैसला नमिलेकोले उल्टी हुनु पर्छ भन्ने देखिन्छ ।

३. प्रतिवादी शिवकुमार अग्रवालले अधिकारप्राप्त अधिकारीसमक्ष एवं अदालतमा बयान गर्दा आमा पिस्तादेवी अग्रवालको नाउँको जग्गा धितो राख्ने व्यक्ति सागरप्रसाद वाग्लेलाई बरबुझारथ गरी धन्यवादसहित अवकाश दिइसकिएको धेरै समयसम्म पनि जग्गा रोक्का नै रहिरहेको र रोक्का राखी राख्ने प्रयोजन नै समाप्त भइसकेको अवस्थामा जग्गा फुकुवाको लागि कानून व्यवसायीमार्फत र हुलाकबाट समेत निवेदन दिने काम गरेको, त्यसरी निवेदन दिँदा पनि जग्गा फुकुवा नभएपछि गोपाल पि जोगाईको सहयोग मागेको र धितो राख्ने सागरप्रसाद वाग्लेले पनि फुकुवाको लागि निवेदन दिएको छु भनेको हुँदा कसको निवेदनको आधारमा जग्गा फुकुवा भएको हो सो चाहिँ थाहा भएन भन्ने व्यहोरा उल्लेख गरेको देखिन्छ । निज प्रतिवादीउपर किर्ते फुकुवा पत्रको आधारमा जग्गा फुकुवा गरी भ्रष्टाचार गरेको भन्ने कसुरको मतियार कायम गरी अभियोग दायर भएको देखिन्छ ।

४. प्रतिवादी शिवकुमार अग्रवाल धितोबापतमा राखिएको जग्गावाला व्यक्ति पिस्तादेवीको छोरा भन्नेमा विवाद नभएको र उक्त धितोको जग्गा कानूनबमोजिम फुकुवा हुने अवस्था नभएको भन्ने कुरा आमासँगै बस्ने छोरालाई थाहा नहुने भन्ने कुरा पनि पत्यार लाग्दो देखिँदैन । कानूनले फुकुवा हुने अवस्थामै नपुगेको जग्गा फुकुवा गराएको कार्यलाई कानूनबमोजिमको संज्ञा दिन सकिँदैन । जग्गा फुकुवाको लागि कानून व्यवसायी वा हुलाकसमेतबाट निवेदन दिएकोमा पनि ती निवेदनबाट फुकुवा नभएपछि प्रतिवादी गोपाल पी जोगाईमार्फत

फुकुवा भएको हो भनी निज प्रतिवादीले पूर्णरूपमा स्वीकार गरेको देखिन्छ । जग्गा फुकुवा गराउन निज प्रतिवादी का.म.न.पा. वा मालपोत कार्यालयमा प्रत्यक्षरूपले आफैँ उपस्थित भई जग्गा फुकुवाको काम गरेको भन्ने कुराको कागज प्रमाण मिसिलबाट नदेखिएको भए पनि निजकै प्रयासबाट जग्गा फुकुवाको प्रक्रिया अघि बढेको भन्ने कुरा निजको आचरण र व्यवहारबाट स्पष्ट भएको देखिन्छ ।

५. वादी पक्षबाट निज प्रतिवादीको संलग्नता मतियारको रूपमा देखिएको भनि निजलाई सोहीबमोजिमको सजायको मागदाबी लिई अभियोग दायर भएको देखिन्छ । मतियारको सम्बन्धमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ मा "यस ऐनमा अन्यत्र छुट्टै व्यवस्था भएकोमा बाहेक यस ऐनअन्तर्गत सजाय हुने कुनै कसुरको मतियारलाई त्यस्तो कसुर गर्ने राष्ट्रसेवक वा अन्य कुनै व्यक्तिलाई हुने सजायको आधा सजाय हुनेछ । तर कसुर गर्ने राष्ट्रसेवक वा अन्य कुनै व्यक्तिलाई त्यस्तो कसुर गरेबापत नगदी, जिन्सी वा अन्य कुनै सुविधा वा लाभ उपलब्ध गराई दिने वा आफूले लिने मतियारलाई कसुर गर्ने व्यक्तिसरह नै सजाय हुनेछ" भन्ने व्यवस्था रहेको देखिन्छ । जुन कामको लागि जग्गा धितो राखेको हो सो काम नै सम्पन्न नभइसक्दैको अवस्थामा त्यसरी धितोमा राखेको जग्गा फुकुवा हुन सक्दैन । सो कुरा जान्दाजान्दै प्रतिवादी शिवकुमार अग्रवालले जग्गा फुकुवा गर्न विभिन्न व्यक्तिहरूलाई परिचालन गरेको भन्ने कुरा निजकै स्वीकारोक्तिबाट पुष्टि भएको देखिन्छ । यिनै विश्लेषित आधार एवं कारणबाट गैरकानूनी जग्गा फुकुवा गर्ने कार्यमा निजको सहयोगीको भूमिका रहेको पुष्टि भएकोले निजलाई मतियारमा सजाय गरेको विशेष अदालत, काठमाडौंको मिति २०६६।३।१५ को फैसलालाई अन्यथा भन्न मिलेन ।

६. अर्का प्रतिवादी गोपाल पी जोगाईको पुनरावेदन जिकिरमा सहअभियुक्तको पोल प्रमाणित नभएको अवस्थामा मलाई कसुरदार ठहर गरेको मिलेको छैन भन्ने रहेको देखिन्छ । प्रतिवादी गोपाल पी जोगाई कसुर गरेको भन्ने दाबीप्रति अधिकारप्राप्त अधिकारी एवं अदालतमा पूर्ण इन्कार रहेको देखिन्छ । अधिकारप्राप्त अधिकारीसमक्ष बयान गर्दा निजले प्रतिवादी शिवकुमार अग्रवालले १ वर्षअघि हरिकृष्ण श्रेष्ठ भन्ने वकिलले हामीलाई आर्थिक तवरले डुबाई दियो निजलाई जसरी पनि भेट्टाइदिनुस् भनेर भनेको कुरालाई उल्लेख गरेकोसम्म देखिन्छ । वादीपक्षले निज गोपाल जोगाईले यो यो तरिका अपनाएर पिस्तादेवीको रोक्का रहेको जग्गा फुकुवा गराएको भनी निजलाई प्रत्यक्ष प्रमाण देखाई आरोपित गर्न सकेको देखिँदैन ।

७. सहअभियुक्त शिवकुमार अग्रवालले प्रतिवादी गोपाल पी जोगाईलाई जग्गा फुकुवाको लागि अनुरोध गरेको भन्ने भनाइको पोलको आधारमा प्रतिवादी गोपाल पी जोगाईले दाबीको कसुर गरेको भनी आरोपित गरेको अवस्था देखिन्छ । प्रतिवादी शिवकुमार अग्रवालले जग्गा फुकुवा गर्न सहयोग मागेको भन्ने मात्र आधारमा निजले गैरकानूनी तरिकाले जग्गा फुकुवा गर्ने कार्यमा शिवकुमार अग्रवाललाई सहयोग गरेनगरेको भन्ने प्रमाणित नै नगरी शङ्काकै मात्र भरमा निजलाई कसुरदार कायम गर्न मिल्दैन । सहअभियुक्तको पोल अन्य स्वतन्त्र प्रमाणले समर्थन नभई त्यस्तो पोलको भरमा कसैलाई दोषी ठहर गर्न मिल्दैन । कसुर नै कायम नभएको अवस्थामा निजलाई कसुरदार कायम गरी तिन महिना कैदको सजाय गरेको विशेष अदालत, काठमाडौंको फैसला उल्लिखित विश्लेषणको आधारमा मिलेको देखिएन । त्यसैले प्रतिवादी गोपाल पी जोगाईलाई कैदको सजाय गरेको हदसम्मको विशेष अदालत, काठमाडौंको उल्लिखित मितिको फैसला निजलाई सजाय गरेको हदसम्म नमिलेको देखिँदा उल्टी हुन्छ ।

८. अब प्रतिवादी नरेश अग्रवालको पुनरावेदन जिकिरतर्फ विचार गरौं । प्रतिवादी नरेश अग्रवालउपर सागरप्रसाद वाग्लेले धितो राखेको हजुरआमा पिस्तादेवी अग्रवालको नाउँको जग्गा गैरकानूनीरूपबाट फुकुवा भएपश्चात् हजुरआमाको नाउँबाट आफूमा हा.व.

लिखत पास गरी आफूलाई फाइदा र कामनपालाई हानि हुने गरी जनहित संरक्षण मञ्च (Pro Public) लाई बिक्री गरी गैरकानूनी लाभ लिई भ्रष्टाचार गरेको भनी निज र पिस्तादेवी अग्रवालसमेत उपर अभियोग लगाई आरोपपत्र दायर भएको देखिन्छ । रोक्का जग्गा गैरकानूनी तरिकाले फुकुवा गराई लाभ लिने कार्यमा प्रतिवादीहरू नरेश अग्रवाल र पिस्तादेवी अग्रवालको संलग्नता प्रमाणले पुष्टि नभएको भनि विशेष अदालतले निजहरूलाई भ्रष्टाचारको कसुरबाट सफाई दिएको र सोउपर वादी पक्षको पुनरावेदनसमेत नपरेको अवस्था हुँदा निजहरूको जग्गा फुकुवा गराउने कार्यमा कुनै किसिमको संलग्नता रहेको थियो थिएन भनी अब यस अदालतबाट केही विचार गरिरहन परेन ।

९. पुनरावेदक प्रतिवादी नरेश अग्रवाललाई कसुरबाट सफाई दिएको भए पनि चुंगीकर असुलीको सम्बन्धमा कबुल गरेअनुसार असुली हुन नसकेको रकम सागरप्रसाद वाग्लेले धितो राखेको जग्गाबाट असुल गर्न बाँकी नै रहेको अवस्थामा धितोबापतमा रोक्का रहेको जग्गा गैरकानूनी तरिकाले फुकुवा भएको र त्यसरी फुकुवा भएको जग्गा निजले हा.ब.बाट प्राप्त गरी जनहित संरक्षण मञ्च (Pro Public)लाई रू. ५३,३७,५००।- (त्रिपन्न लाख सैंतिस हजार पाँच सय रूपैयाँ) मा बिक्री गरी नगद लाभ लिएको देखिएको र निजले लिएको उक्त लाभ गैरकानूनी हो भन्नेकुरा प्रमाणित भएको देखिन्छ । निजले गैरकानूनी लाभ लिएको कुरालाई स्वीकार गरेकोसम्बन्धमा निजले बिक्री गरेको जग्गाको सट्टा अर्को जग्गा पुनः धितो राख्न मन्जुर रहेको भनी आयोग एवं विशेष अदालतमा निवेदन दिएकोसमेतको तथ्यबाट निजले जानीजानी फुकुवा हुने अवस्थै नपुगेको विवादित जग्गा बिक्रि गरी गैरकानूनी नगद लाभ लिएको कुरामा निजको स्वीकारोक्तिसमेत भएको देखिन्छ ।

१०. गैरकानूनी कार्यको परिणामस्वरूप प्राप्त हुने लाभ पनि गैरकानूनी नै हुने हुन्छ । विवादित जग्गा गैरकानूनी तरिकाले फुकुवा गराउन निजको संलग्नताको पुष्टि नभएको भएपनि त्यस्तो जग्गा आफनो नाममा हा. ब. लिईअर्कैलाई बिक्री गरी बिगो रू. ५३,३७,५००।- (त्रिपन्न लाख सैंतिस हजार पाँच सय रूपैयाँ) गैरकानूनी लाभ लिएकोमा विवाद नदेखिँदा जग्गा फुकुवा गराउने कार्यमा आफ्नो संलग्नता पुष्टि नभएकाले बिगो तिर्न नपर्ने भन्ने निजको पुनरावेदन जिकिर मनासिब देखिँदैन । आफूले विवादित जग्गा बिक्री गरी नगद लाभ लिएको कुरामा स्वीकारै गरी अन्य जग्गा धितो राख्नसमेत मन्जुरी जनाएको तथ्यबाट निजले विवादित जग्गाको बिक्रीबाट गैरकानूनी लाभ लिएको भन्ने कुरा प्रमाणित भएकोले त्यसरी लाभ लिएको बिगो रकम रू. ५३,३७,५००।-(त्रिपन्न लाख सैंतिस हजार पाँच सय रूपैयाँ) निजबाट काठमाडौं महानगरपालिकाले भराई लिन पाउने गरी विशेष अदालत, काठमाडौंले गरेको फैसलालाई अन्यथा भन्न मिलेन ।

११. अतः माथि गरिएको विवेचनाबाट चुंगीकर उठाउन जिम्मा लिने कर्मचारी सागरप्रसाद वाग्लेले कबुलअनुसारको चुंगीकर नउठाई काठमाडौं महानगरपालिकालाई हानि नोक्सानी पारेमा सोको प्रत्याभूति स्वरूप राखेको जग्गा कानूनबमोजिम फुकुवा हुनै नसक्ने अवस्थामा कानूनविपरीत फुकुवा भएको सम्बन्धमा आरोपित व्यक्ति प्रतिवादी गोपाल पि. जोगाईको संलग्नता पुष्टि नभएकोले निजलाई ३ महिना कैद सजाय गर्ने गरेको विशेष अदालत, काठमाडौंको निर्णय निजलाई सजाय गरेको हदसम्म नमिलेकोले उल्टी हुने ठहर्छ । साथै विवादित धितो जग्गा फुकुवा गराउने कार्यमा जग्गा धनी पीस्तादेवी अग्रवालका छोरा प्रतिवादी शिवप्रसाद अग्रवालको कुनै भूमिका नै थिएन भन्ने कुराको तथ्ययुक्त आधारबाट पुष्टि हुन सकेको नदेखिँदा निजलाई ३ (तिन) महिना कैद गरेको तथा अर्का प्रतिवादी नरेश अग्रवालले धितोबापतमा रोक्का रहेको जग्गा गैरकानूनीरूपबाट फुकुवा भएपछि आफ्नो नाममा हा.व. पास गरी बिक्रीसमेत गरी गैरकानूनी लाभ लिएको रकम रू ५३,३७,५००।- (त्रिपन्न लाख सैतीस हजार पाँचसय रूपैयाँ) निजबाट काठमाडौं महानगरपालिकाले भराई लिन पाउने ठहर्याई गरेको

विशेष अदालत, काठमाडौंको मिति २०६६।०३।१५ को फैसला सो हदसम्म मिलेकै देखिँदा सदर हुने ठहर्छ । अरू तपसिलबमोजिम गर्नू ।

तपसिल

माथि इन्साफ खण्डमा उल्लेख भएअनुसार पुनरावेदक प्रतिवादी गोपाल पी जोगाईले अभियोग दाबीबाट सफाई पाउने ठहरी फैसला भएको हुँदा निजबाट ३(तीन) महिना कैद सजाय असुल गर्ने भनी राखेको विशेष अदालत, काठमाडौंको फैसलाको तपसिल खण्डको देहाय दफा ४ को लगत अब कायम नरहने भएकोले सोअनुसार राखिएको कैदको लगत कट्टा गरिदिनु भनी लगत रहेको काठमाडौं जिल्ला अदालतमा लेखी पठाउनू .......................................................१

प्रतिवादीहरू नरेश अग्रवाल र शिवकुमार अग्रवालको हकमा विशेष अदालत, काठमाडौंको फैसला सदर भएकोले निजहरूको हकमा विशेष अदालतको फैसलाको तपसिल खण्डको देहाय दफा १, २ र ३ बमोजिम राखिएको लगतमा कुनै परिवर्तन गर्न नपर्ने भएबाट सोहीबमोजिम राखिएको जरिवाना र कैदको लगत कसी असुलउपर गर्नू भनी काठमाडौं जिल्ला अदालतमा लेखी पठाउनू .................................२

दायरीको लगत कट्टा गरी मिसिल नियमबमोजिम गरी बुझाइदिनू .....................................................३

उक्त रायमा सहमत छु ।
न्या.गोविन्दकुमार उपाध्याय

इजलास अधिकृत : बाबुराम सुवेदी
इति संवत् २०७१ साल माघ ४ गते रोज १ मा शुभम् ।

## निर्णय नं.९५६०

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री सुशीला कार्की
मानीय न्यायाधीश श्री गोपाल पराजुली
आदेश मिति : २०७२।५।३१।५
०६९-WO-०४२४

मुद्दाः- उत्प्रेषण / परमादेश

निवेदक : काठमाडौं इचंगुनारायण गाविस वडा नं.९ बस्ने कृष्णप्रसाद ढकालसमेत

विरूद्ध

विपक्षी : नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, सिंहदरबार, काठमाडौंसमेत

- **सार्वजनिक सरोकारको विषयमा निवेदन दिने निवेदकले विवादको विषयवस्तुसँग सार्थक सम्बन्ध र तात्त्विक सरोकार (Meaningful Relation and Substantial Interest) रहेको कुरा देखाउन सक्नुपर्दछ । अन्यथा निवेदन गर्ने हकदैया स्थापित हुन सक्दैन । सार्वजनिक सरोकारका विवादहरूमा हकदैयाको सिमालाई बढाइएको हुन्छ भन्दैमा सबैलाई सबै विषयमा स्वतः निवेदन गर्ने हकदैया हुन्छ भनी अर्थ गर्न नमिल्ने ।**

(प्रकरण नं.४)

- **न्यून आय भएका र आवास नभएका र सुकुम्बासी जो जे भने तापनि घरबास नभएका हुन् भन्ने प्रस्ट हुन आउँछ । सहरी विकास मन्त्रालयअन्तर्गतको सहरी विकास तथा भवन निर्माण विभाग भनेको सरकारी निकाय हो र यसले बनाउने योजना जनमुखी हुन्छ र हुनु पनि**

**पर्दछ । सरकारको नीति (Policy) को आधारमा योजना बनेको हुन्छ । यस्तो योजना र नीतिका सम्बन्धमा जबसम्म त्यसले जनताको मौलिक हकमाथि ठाडो हस्तक्षेप गरेको हुँदैन अदालतले त्यस्तो नीति विरूद्ध अन्यथा आदेश गर्न मिल्नेसमेत हुँदैन । सुकुम्बासी तथा आवास नहुनेहरूको हितका निम्ति तयार गरिएको योजनाअनुसार जग्गा खरिद गरी योजनाअनुसार घर निर्माण गर्न लागिएको अवस्था हुँदा विपक्षीहरूको उक्त कार्यबाट निवेदकहरूको हक अधिकारमा हस्तक्षेप भएको वा कुनै हानि नोक्सानी भएको पनि नदेखिने ।**

(प्रकरण नं.५)

निवेदकका तर्फबाट : विद्वान् अधिवक्ता हरेराम तिवारी
विपक्षीका तर्फबाट : विद्वान् उपन्यायाधिवक्ता दुर्गा खड्का
अवलम्बित नजिर :
सम्बद्ध कानून :

आदेश

**न्या.सुशीला कार्की :** नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३२ तथा १०७(२) बमोजिम दायर हुन आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य एवम् ठहर आदेश यसप्रकार छ :

हामी रिट निवेदकहरू काठमाडौं जिल्ला नगरोन्मुख इचंगुनारायण गाउँ विकास समिति वडा नं. ७, ८ र ९ मा घर निर्माण गरी बसोबाससमेत गरी आएका बासिन्दा हौं। मिति २०६९।०२।१८ गते नेपाल सरकार सहरी विकास मन्त्रालय, सहरी विकास तथा भवन निर्माण विभाग, डिभिजन कार्यालय, काठमाडौंले काठमाडौं उपत्यका नदी किनारमा बसोबास गरिरहेका वास्तविक सुकुम्बासी तथा सहरी गरिब परिवारहरूलाई क्रमिकरूपमा आवासको व्यवस्था मिलाउने नेपाल सरकारको नीतिअनुरूप पहिलो चरणमा इचंगुनारायण जग्गा एकीकरण आयोजना क्षेत्रभित्र रहेको यस विभागको जग्गामा स्वीकृत वार्षिक कार्यक्रमबमोजिम सहुलियत मूल्यमा आवास इकाइको व्यवस्था गर्ने गराउने गरी योजनाबद्ध संयुक्त आवास निर्माण गर्ने लक्ष्य रहेको हुँदा उक्त निर्माण कार्यको लागि बोलपत्र आह्वान गरिएको भन्नेसमेत व्यहोराको बोलपत्रसम्बन्धी सूचना प्रकाशित गरेको रहेछ । यसरी इचंगुनारायण जग्गा एकीकरण आयोजना क्षेत्रभित्रका घडेरी जग्गाहरूलाई विकास गर्ने क्रममा केही जग्गा कानूनबमोजिम प्राप्त गरी सोही क्षेत्रका न्यून आय वर्गका परिवारलाई बसोबास गराउने नभई काठमाडौं उपत्यका नदी किनारमा बसोबास गरिरहेका वास्तविक सुकुम्बासी तथा सहरी गरिब परिवारहरूलाई क्रमिकरूपमा आवासको व्यवस्था मिलाउने भनी नगर विकास ऐन, २०५४ नगर विकास निर्देशिकाको परिच्छेद ५ समेतको विपरीतको कार्य प्रारम्भ गर्न कुनै हालतमा मिल्दैन । न्यून आय वर्गको निम्ति विशेष व्यवस्था गर्नसक्ने कानूनी व्यवस्था (प्रावधान) लाई दुरूपयोग गरी काठमाडौं उपत्यका नदी किनाराको बसोबास गरिरहेका वास्तविक सुकुम्बासी तथा सहरी गरिब परिवारहरूको लागि भनी यकिनका साथ तोकेर कार्य प्रारम्भ गर्नु प्रत्यक्ष कानूनी त्रुटिपूर्ण हुनुको साथै यसै निहुँ पारेर आफ्ना मानिसहरूलाई घरजग्गा वितरण गर्ने बदनियत रहे भएको प्रस्ट देखिन्छ। सहरी विकास तथा भवन निर्माण डिभिजन कार्यालय, काठमाडौंको मिति २०६९।०२।१८ को सूचना आफैँमा भ्रमपूर्ण, आपत्तिजनक, निन्दनीय र गैरकानूनी छ।

उक्त मिति २०६९।०२।१८ को सूचना प्रकाशन भएपछि सोसम्बन्धमा जानकारी माग गर्दा विपक्षीमध्येका काठमाडौं उपत्यका विकास प्राधिकरण अनामनगर, काठमाडौंले काठमाडौं जिल्ला, इचंगुनारायण गाउँ विकास समिति वडा नं. ७, ८(क) र ८(ख) मा पर्ने करिब ६०० रोपनी जग्गामा नगर विकास ऐन, २०४५ बमोजिम सञ्चालन गर्न नेपाल सरकार मन्त्रिस्तरबाट २०६३।०६।०१ मा स्वीकृत भएको, तत्कालीन श्री ५ को सरकारको मिति २०६१।११।१९

को निर्णयअनुसार सहरी विकास तथा भवन निर्माण विभाग बबरमहल, काठमाडौंबाट २०६१ सालमा प्रकाशित नगर विकास निर्देशिकाको परिच्छेद ५ को दफा ५.२ बमोजिम बिक्री गर्न छुट्याइएका कुल जग्गाको क्षेत्रफलको १० प्रतिशतसम्म न्यून आयवर्गको निम्ति घडेरीको विशेष व्यवस्था गर्नसक्ने प्रावधान भएको । न्यून आय वर्गका परिवारको बसोबासका लागि यस आयोजनाबाट सहरी विकास तथा भवन निर्माण विभागले जम्मा क्षेत्रफल ७ रोपनी १४ आना २ पैसा जग्गा खरिद गरेको, आयोजना क्षेत्रभित्र हालसम्म भए गरेका निर्माण कार्यसम्बन्धमा स्थलगत निरीक्षणसमेतबाट जानकारी प्राप्त गर्न सकिनेछ भन्ने जानकारी दिएअनुसार हामीले फिल्ड निरीक्षण गर्दा सार्वजनिक सम्पत्ति खोला, खोल्सी वा राजकुलोसमेत मिची च्यापी भवन निर्माण गर्न लागिएको, जबरजस्ती तवरबाट बल मिच्याँइपूर्वक मापदण्डविपरीत स्वीकृति नै नलिई कार्य गर्न लागेको र सो कार्य कानूनी राज्य एवम् सरकारी नीतिसमेतको विपरीत छ ।

हामीले इचंगुनारायण गाउँ विकास समिति कार्यालयमा मिति २०६९।०६।१५ मा द.नं. ८९५ मा स्थानीय स्वायत्त शासन ऐन, २०५५ को परिच्छेद ४ अन्तर्गत २८ (च) (२) बमोजिम गाउँ विकास क्षेत्रभित्र निर्माण हुने घर, भवन, सडक तथा अन्य भौतिक पूर्वाधार आदिको लागि मापदण्ड तयार गरी सो निर्माण गर्न तोकिएबमोजिम स्वीकृति लिनुपर्ने स्पष्ट व्यवस्था भएकोमा मापदण्ड गर्दै नगरी तोकिएबमोजिम स्वीकृति नै नलिई वातावरणीय र पर्यावरणीय दृष्टिकोणबाट घातक, सर्वसाधारणको वातावरण तथा स्वास्थ्यसम्बन्धी हकमा समेत आघात पुग्ने गरी निर्माण हुन लागेको भवनहरू तत्काल रोक्का गरिपाउँ भनी निवेदनसमेत दिएका थियौं । हाम्रो निवेदनउपर विपक्षीमध्येको इचंगुनारायण गाउँ विकास समितका सचिवले मापदण्ड र तोकिएबमोजिमको स्वीकृति नै नलिई सरकारले भवन निर्माण कार्य गर्न लागेको, म पनि सरकारी कर्मचारी भएको हुँदा केही गर्न नसक्ने भनी लाचारीपन देखाई मौखिक जवाफ दिनुभयो । लिखितरूपमा जवाफ माग्दा दिन आनाकानी गर्नुभयो ।

मिति २०६९।०६।०५ गते काठमाडौं उपत्यका विकास प्राधिकरण अनामनगर, काठमाडौंको पत्रमा न्यून आय वर्गका परिवारको बसोबासका लागि यस आयोजनाबाट सहरी विकास तथा भवन निर्माण विभागले जम्मा क्षेत्रफल ७ रोपनी १४ आना २ पैसा जग्गा खरिद गरेको भनी उल्लेख गरिएको छ भने मिति २०६९।०२।१८ गतेको विपक्षीमध्येको नेपाल सरकार सहरी विकास मन्त्रालय, सहरी विकास तथा भवन निर्माण विभाग डिभिजन कार्यालय काठमाडौंको बोलपत्रसम्बन्धी सूचनामा भने काठमाडौं उपत्यकाको नदी किनारमा बसोबास गरिरहेका सुकुम्बासी तथा सहरी गरिब परिवारको लागि योजनाबद्ध संयुक्त आवास निर्माण गर्ने लक्ष्य रहेको भनी दुई फरकफरक कुराहरू देखाई हामी स्थानीय जनता एवम् सर्वसाधारणहरूलाई समेत भ्रममा पारी झुक्याई जबरजस्ती तवरबाट आवास निर्माण गर्न लागिएको अवस्था छ । जुन प्रयोजनको लागि जग्गा अधिकरण गरिएको हो सोही प्रयोजनका लागि जग्गा विकास कार्यक्रम सञ्चालन गर्नुपर्नेमा नगर विकास ऐन, २०५४, स्थानीय स्वायत्त शासन ऐन, २०५५ एवम् निर्माणसम्बन्धी मापदण्ड, २०६४ समेतको विपरीत कुनियत राखी भवन निर्माण गर्न खोजिएको हो भन्ने ठोस आधार र कारणहरू देखिएका छन् । यस गाउँ विकास समिति क्षेत्रमा बसोबास गर्ने निम्न आय वर्गका जनताका लागि भन्ने कुरा कहिँकतै सम्बोधन नै नगरिएको अवस्था भएको हुँदा यस क्षेत्रका न्यून आय भएका सर्वसाधारण जनताका लागि पनि हुनुपर्ने कुरामा सम्मानित अदालतबाट आवश्यक आज्ञा आदेश पुर्जी जारी हुने कुरामा समेत विश्वस्त छौं ।

माथिका प्रकरणहरूमा उल्लिखित तथ्य र कानूनको आधारमा विपक्षीहरूको आपसी मिलेमतोको उक्त काम कारवाही र निर्णयबाट हामीहरूलाई कानूनद्वारा प्रदत्त कानूनी हक र नेपालको अन्तरिम संविधानको धारा १२ (३) (च), १३ द्वारा प्रदत्त मौलिक हकको समेत हनन् हुन गएको र ती हकहरू प्रचलन गराउने अन्य कुनै वैकल्पिक एवम् प्रभावकारी

उपचारको बाटोसमेत केही नभएको र सार्वजनिक हक वा सरोकारको विवादसमेत समावेश भएको कानूनी प्रश्न भएको हुनाले नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३२ र १०७(२) बमोजिम प्रस्तुत रिट निवेदन लिई सम्मानित अदालतको शरणमा उपस्थित भएका छौं।

अतः सम्मानित अदालतबाट नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०७ (२) बमोजिम असाधारण अधिकारक्षेत्र ग्रहण गरी हामी निवेदकहरूलगायत सार्वजनिक हक वा सरोकारको विवाद समावेश भएको कानूनी प्रश्न भएको विषय हुँदा संविधान र कानून प्रदत्त हकहितको प्रतिकूल हुने गरी विपक्षीहरूबाट यससम्बन्धमा भए गरिएका आदेश, निर्णयहरू, विभिन्न मितिमा प्रकाशित सूचनाहरू एवम् पत्राचारहरूसमेत उत्प्रेषणको आदेशद्वारा बदर गरी कानून प्रतिकूल हुनेगरी कुनै पनि नीति निर्णय नगर्नु, स्थानीय स्वायत्त शासन ऐनअनुसार मापदण्ड नै तयार नगरी निर्माण कार्यको स्वीकृतिसमेत नलिई भवन निर्माणको कार्यसमेत नगर्नु नगराउनु, यस गाउँ विकास समिति क्षेत्रमा बसोबास गर्ने निम्न आय वर्गका जनताका लागि पनि सहुलित मूल्यमा आवास इकाइको व्यवस्था गर्नु गराउनु भन्नेसमेत व्यहोराको अन्तरिमसहितको परमादेशलगायत अन्य जो चाहिने उपयुक्त आज्ञा आदेश जारी गरिपाउँ भन्नेसमेत व्यहोराको निवेदन दाबी।

यसमा के कसो भएको हो ? निवेदकको मागबमोजिमको आदेश किन जारी हुनु नपर्ने हो ? जारी हुनुपर्ने कुनै आधार र कारण भए बाटाका म्यादबाहेक १५ दिनभित्र महान्यायाधिवक्ताको कार्यालयमार्फत लिखित जवाफ पेस गर्नु भनी निवेदन र यो आदेशको प्रतिलिपिसमेत साथै राखी विपक्षी नं. १, २, ३ र ४ का नाउँमा सूचना म्याद पठाई महान्यायाधिवक्ताको कार्यालयलाई बोधार्थ दिई अन्य विपक्षीहरूको हकमा बाटाका म्यादबाहेक १५ दिनभित्र आफैँ वा आफ्नो कानूनबमोजिमको प्रतिनिधिमार्फत लिखित जवाफ पेस गर्नु भनी प्रस्तुत निवेदन र यो आदेशको प्रतिलिपिसमेत साथै राखी सूचना म्याद पठाई लिखित जवाफ परेपछि वा अवधि नाघेपछि नियमानुसार पेस गर्नू। निवेदकले माग गरेको अन्तरिम आदेशसम्बन्धमा विचार गर्दा विपक्षीहरूतर्फबाट लिखित जवाफ परेपछि निष्कर्षमा पुग्न सकिने हुँदा हाललाई अन्तरिम आदेश जारी गरिरहनु परेन । प्रस्तुत रिट निवेदनको विषयवस्तुको गाम्भीर्यतालाई विचार गर्दा सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ६३ (३) च (५) बमोजिम प्रस्तुत निवेदनलाई अग्रधिकार प्रदान गरिदिएको छ । नियमानुसार पेस गर्नू भन्नेसमेत व्यहोराको यस अदालतको एक न्यायाधीशको इजलासबाट मिति २०६९।०७।१५ को आदेश।

मिति २०६९।०२।१८ गते नेपाल सरकार सहरी विकास मन्त्रालय सहरी विकास तथा भवन निर्माण विभाग डिभिजन कार्यालय, काठमाडौंले सार्वजनिक सूचना प्रकाशन गरी टेण्डर आह्वान गरेकोमा हाम्रो कम्पनीले रितपूर्वक टेन्डर दाखिला गरी प्रतिस्पर्धा हुँदा हामीलाई भवन निर्माणको ठेक्का परी नेपाल सरकारसँग कानूनबमोजिम सम्झौता भई भवन निर्माण कार्यको थालनी गरिएको हो।

इचंगुनारायण जग्गा एकीकरण आयोजना क्षेत्रभित्र रहेको जग्गा स्वीकृत वार्षिक कार्यक्रमबमोजिम न्यून आय वर्गका लागि सहुलियत दरमा आवासको व्यवस्था गर्ने नेपाल सरकारको नीतिअनुरूप भवन निर्माण गर्न मिति २०६९।०५।०१ मा डिभिजन कार्यालय काठमाडौंबाट कार्यदेश प्राप्त भएकोले सोहीअनुरूप भवन निर्माण गरी आएको रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत व्यहोराको विपक्षी एटलास/एच.टि.सि./ड्रागन जे.भी. को लिखित जवाफ।

नेपाल सरकारले आफ्नो उद्देश्य तथा गरिब असहाय परिवारलाई आवास उपलब्ध गराउने उद्देश्यले जग्गा खरिद गरेको भन्ने विपक्षीहरूकै दाबी रहेको र हाल भवन निर्माण गर्न लागेको पनि सहरी गरिब परिवार, सुकुम्बासीका लागि भएकाले सरकारले जग्गा खरिद गर्दा जुन उद्देश्यले खरिद गरेको हो सोभन्दा फरक उद्देश्यमा प्रयोग हुन लाग्यो भन्ने

दाबी पुग्न सक्दैन । आफ्नो सम्पत्ति नभएर विभिन्न ठाउँमा बसेको सुकुम्बासीहरू गरिबको परिभाषाभित्र नपर्ने हो भन्ने दाबी गर्ने हो भने सहरी गरिब भनेको को हो ? कसलाई मात्र गरिब भन्ने भनी निवेदनमा खुलेको छैन । तसर्थ सहरमा बस्ने घरबाट तथा निजी सम्पत्ति नभएको जोसुकैलाई पनि सरकारले क्रमिकरूपमा आवास उपलब्ध गराउने प्रक्रियामा जानु र सो प्रक्रियाको सुरूवात गर्नुलाई अनर्गल आरोप लगाई मुद्दा गर्न आउने विपक्षीहरू वास्तवमा विकास र सुव्यवस्थाको हिमायती नभएको प्रस्ट छ ।

काठमाडौं जिल्ला इचंगुनारायण गाउँ विकास समितिमा नेपाल सरकारले ७-१४-२ जग्गा जग्गा प्राप्ति ऐनबमोजिम अधिग्रहण गरी प्राप्त गरेको जग्गा नभई व्यक्तिसँग खरिद गरेको जग्गा हो । जग्गा प्राप्ति ऐनबमोजिम मुआब्जा वितरण गरी प्राप्त गरेको जग्गामा अधिग्रहण गर्दाको अवस्थाको उद्देश्यबमोजिमको कार्य नगरेकोमा सम्बन्धित अधिग्रहणमा परेको जग्गाधनीहरूको सम्म दाबी लाग्ने हो । प्रस्तुत मुद्दामा दुवै अवस्था विद्यमान छैन । प्रथमतः जग्गा अधिग्रहण गरेको होइन भने विपक्षीहरू उक्त जग्गाको साबिकको जग्गाधनी पनि होइनन् र जग्गा खरिदको अवस्थाको उद्देश्यबाहेक अन्य उद्देश्यले जग्गा प्रयोग हुन लागेको अवस्थामा पनि छैन । यस्तो अवस्थामा विपक्षीहरूको निवेदन सार्वजनिक सरोकारको विषय हुन सक्ने अवस्था छैन । नेपाल सरकारको कार्य तथा यस गाउँ विकास समितिले कानूनबमोजिमको शुल्क लिई कानूनले निर्दिष्ट गरेको प्रक्रिया अवलम्बन गरी निर्माण कार्य गर्ने अनुमति दिने कार्यले कसैको सरोकारमा आघात पुऱ्याउने वा संवैधानिक अधिकार हनन हुने अवस्था नभएकाले विपक्षीको रिट निवेदन खारेजभागी छ ।

विवादित जग्गामा नेपाल सरकारले आफ्नो नीति, कार्यक्रम र उद्देश्यअनुरूप सहरी गरिबी घटाउने उद्देश्यले आवास निर्माण गरी बसोबास गराएको अवस्थामा सार्वजनिकरूपमा पर्ने असर के हो ? निवेदनमा खुलेको छैन । केवल सार्वजनिक सरोकारको विषय भनी अक्षरमा लेख्दैमा तथ्यविहीन अवस्थामा विषय सार्वजनिक चासोको हुन सक्दैन । नेपाल सरकारको उद्देश्यको काममा यस गाउँ विकास समितिले अन्य व्यक्तिसरहको प्रक्रिया पूरा गराई निर्माण अनुमति दिएको कार्य कानूनी त्रुटि छैन । यस गाउँ विकास समितिलाई स्थानीय स्वायत्त शासन ऐन, २०५५ को परिच्छेद ४ ले निर्दिष्ट गरेको प्रक्रिया अवलम्बन भएको छ । विपक्षीको माग भनेको कानूनी प्रक्रिया अवलम्बन नभएको भन्ने भएको र मागबमोजिमको कार्य निवेदन गर्नु प्रक्रिया अवलम्बन नभएको भन्ने भएको र मागबमोजिमको कार्य निवेदन गर्नुअगावै भइसकेकाले निवेदनको कुनै औचित्य छैन ।

नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२ (३) (च) ले पेसा रोजगार र उद्योग गर्न स्वतन्त्रताको ग्यारेन्टी गरेको र धारा १३ ले समानताको हकको ग्यारेन्टी गरेको छ । निवेदकहरूको निवेदन माग र विवादित विषयले कहाँनेर विपक्षीलगायतको पेसा रोजगार उद्योग व्यापार गर्ने स्वतन्त्रतामा आघात पुग्यो र समानताको हकको हनन् कहाँनेर भएर असमान व्यवहार भयो, विपक्षीलगायतलाई कुन आधारमा यस गाउँ विकास समितिलगायतबाट असमान व्यवहार भयो भन्ने खुल्न नसकेको अवस्था तथा विषय र तथ्य तथा मुद्दाको संवैधानिक उपचारका लागि दाबी गरेको संविधानको धारासमेत असान्दर्भिक प्रयोग गर्न खोजी गरेको विपक्षीहरूको निवेदन प्रथमतः यस सम्मानित अदालतमा दर्ता नै हुन नसक्ने अवस्थाको भएकाले प्रथम चरणमा नै खारेजभागी छ । खारेज गरिपाऊँ ।

नेपालको अन्तरिम संविधान, २०६३ को धारा १३ को प्रतिबन्धात्मक वाक्यांशले मूलधारबाट पछाडि परेका वर्ग जाति वर्ण लिङ्ग, पिछडिएका समूह असक्तलगायतको राज्यले विशेष व्यवस्था गर्न सक्ने र यस्ता वर्गको विकास र सशक्तीकरणका लागि गर्ने विशेष कामलाई रोक नलगाउने भन्ने भएबाट विपक्षीहरूको समानताको हकको दाबीको कुनै अर्थ रहँदैन । राज्यमा भएका विशेष वर्ग समूहको उत्थान गर्नु सरकारको दायित्व रहेको तथा सरकार वा

व्यक्ति जोसुकैले पनि कानूनी प्रक्रिया अवलम्बन गरी मापदण्डबमोजिम गर्ने कार्यलाई कानूनबमोजिम लाग्ने शुल्क लिई अनुमति दिने अथवा मापदण्डबमोजिम नभएको अवस्थामा मापदण्ड पूरा गर्न लगाउने वा अनुमति नदिने भन्नेमा यस गाउँ विकास समितिलाई स्थानीय स्वायत्त शासन ऐन, २०५६ ले प्रदान गरेको स्वायत्तताले निर्धारण गरेबमोजिम निर्णय गर्ने हो। यस गाउँ विकास समितिको स्वायत्ततामा नेपाल सरकारले पनि हस्तक्षेप गर्न नमिल्ने कानूनी अधिकार भएकाले सरकारले निर्माण गर्न लागेको भन्दैमा मापदण्डविपरीत अनुमति दिएको भन्ने आधार कपोलकल्पित र मुद्दा गर्ने बहानामा मात्र निवेदनमा उल्लेख भएको हो। वास्तवमा यस गाउँ विकास समितिलाई कसैले हस्तक्षेप गरी मापदण्डविपरीतको कार्य गर्न लगाएको अवस्था छैन, होइन।

यसरी विपक्षीहरूले हकै नभएको तथा सार्वजनिक सरोकारको विषय नभएको अवस्थामा केवल मुद्दा गर्नका लागि बहाना बनाई आरोप लगाई कानूनबमोजिम भएको कामलाई गैरकानूनी भन्दै गाउँ विकास समितिले जानकारी गराएन भन्ने भनाइ पारी गरेको रिट निवेदनमा कुनै पनि कानूनी संवैधानिक आधार तथा तथ्यमा सत्यता पनि नभएकाले विपक्षीको निवेदन खारेज गरिपाउँ भन्नेसमेत व्यहोराको विपक्षी इचंगुनारायण गाउँ विकास समिति काठमाडौंको लिखित जवाफ।

विपक्षीहरूले आरोप लगाए जस्तो नभई काठमाडौंको बागमती नदी किनारमा रहेका सुकुम्बासीलाई व्यवस्थितरूपमा चालिने र यो उपयुक्त कदम मात्र हो जुन न्यून आय भएका त्यस क्षेत्रका बासिन्दाभन्दा सुकुम्बासी घरबाट विहीन अवस्थामा रहेको र सरकारको लागि राष्ट्रिय समस्या रहेको हुँदा नदी किनारमा अव्यवस्थितरूपले बसेकालाई व्यवस्थित गर्न खोजेको सार्थक प्रयास मात्र हो।

सरकारले चालेको असल कदमलाई सर्वोच्च अदालतको असाधारण अधिकार क्षेत्र प्रयोग गरी तथा वातावरणीय, पर्यावरणीय आदि कुरा देखाई राम्रो कार्यलाई निरूत्साहित गर्न खोजेको कदमलाई सम्मानित अदालतले प्रस्तुत रिट निवेदन खारेज गरी हक इन्साफ दिलाई पाउन सम्मानित अदालतसमक्ष विशेष सादर अनुरोध छ भन्नेसमेत व्यहोराको विपक्षी काठमाडौं उपत्यका विकास प्राधिकरण काठमाडौंको लिखित जवाफ।

विपक्षी निवेदकले दाबी लिनुभएको विषयमा यस कार्यालयको के, कस्तो संलग्नता रहेको हो भन्नेसम्बन्धमा निवेदनमा उल्लेख गर्नुभएको छैन। यस कार्यालयलाई विपक्षी बनाउन पर्नुको कुनै कारण र आधार निवेदनमा उल्लेख गरिएको छैन। विवादको विषयवस्तुसँग कुनै सम्बन्ध नै नरहेको र संविधान तथा कानूनबमोजिम पुरा गर्नुपर्ने के कुन दायित्व पुरा नगरेको कारण यस कार्यालयलाई प्रत्यर्थी बनाउनुपरेको हो भन्ने आधारभूत तथ्य नै स्थापित हुन नसकेको प्रस्तुत निवेदन प्रथम दृष्टिमा नै खारेजभागी हुँदा खारेज गरिपाऊँ।

नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय संविधान तथा कानूनप्रदत्त नागरिकका हक, अधिकारहरूको सम्मान, संरक्षण एवम् संवर्द्धन गर्दै उपभोगको सुनिश्चितता प्रदान गर्ने कुरामा प्रतिबद्ध रहेको छ। जहाँसम्म रिट निवेदकले दाबी लिएको विषय छ तत्सम्बन्धमा सो कार्य यस कार्यालयबाट प्रत्यक्षतः सम्पादित नभई सहरी विकास मन्त्रालयबाट सम्पादित भएको भनी विपक्षी निवेदक स्वयंले आफ्नो निवेदनमा उल्लेख गर्नुभएको हुँदा यस कार्यालयसँग पूर्णतः असम्बन्धित सो विषयका सम्बन्धमा प्रस्तुत लिखित जवाफमा केही उल्लेख गरिरहनु आवश्यक भएन। विवादको विषयका सम्बन्धमा सम्बन्धित निकायको लिखित जवाफबाट स्पष्ट हुने नै छ। अतः उपर्युक्त आधार र कारणसमेतबाट निवेदन मागबमोजिम यस कार्यालयका नाममा कुनै आदेश जारी हुन नसक्ने भएकोले यस कार्यालयलाई प्रत्यर्थी कायम गरेको हकमा सम्म रिट निवेदन खारेजभागी हुँदा खारेज गरिपाउँ भन्नेसमेत व्यहोराको विपक्षी नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको

लिखित जवाफ।

नियमबमोजिम आजको दैनिक मुद्दा पेसी सूचीमा चढी निर्णयार्थ इजलाससमक्ष पेस हुन आएको प्रस्तुत रिट निवेदनको मिसिल संलग्न सम्पूर्ण कागजातहरूको अध्ययन गरी निवेदकहरूको तर्फबाट विद्वान् अधिवक्ता श्री हरेराम तिवारीले न्यून आय वर्गको निम्ति घडेरी आवासको व्यवस्था गर्ने उद्देश्यले ७ रोपनी १४ आना २ पैसा जग्गा सहरी विकास तथा भवन निर्माण विभाग बबरमहल काठमाडौंले खरिद गरी लिएकोमा हाल सहरी न्यून आय हुनेलाई नदिने उद्देश्यले नदी किनारामा बसोबास गरिरहेको सुकुम्बासी तथा सहरी गरिब परिवारहरूको लागि योजनाबद्ध संयुक्त आवास निर्माण गर्ने लक्ष्य रहेको भनी दुई फरक कुराहरू देखाई निवेदकहरूलाई भ्रममा पारी जबरजस्ती आवास निर्माण गर्न लागेको, निर्माणाधीन भवन तोकिएको मापदण्डबमोजिमको नभएको, गाउँ विकास समितिबाट लिनुपर्ने कानूनबमोजिमको स्वीकृति पनि नलिएको तथा गाउँ विकास समितिले मागेको जानकारीमा सोसमेत उपलब्ध नगराएकोले निवेदन मागबमोजिमको आदेश जारी हुनुपर्छ भनी तथा विपक्षी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेतको तर्फबाट विद्वान् उपन्यायाधिवक्ता श्री दुर्गा खड्काले नेपाल सरकारले दाबीको ७-१४-२ जग्गा जग्गा प्राप्ति ऐनबमोजिम अधिग्रहण गरी प्राप्त गरेको जग्गा हैन। जग्गा प्राप्ति ऐनबमोजिम मुआब्जा वितरण गरी प्राप्त गरेको जग्गामा अधिग्रहण गर्दाको अवस्थाको उद्देश्यबमोजिमको कार्य नगरेकोमा सम्बन्धित अधिग्रहणमा परेको जग्गाधनीहरूको सम्म दाबी लाग्ने हो। प्रस्तुत मुद्दामा दुवै अवस्था विद्यमान छैन। जग्गा खरिदको अवस्थाको उद्देश्यबाहेक अन्य उद्देश्यले जग्गा प्रयोग हुन लागेको समेत नहुँदा निवेदन मागबमोजिमको आदेश जारी हुनु पर्ने नहुँदा निवेदन खारेज हुनुपर्छ भनी प्रस्तुत गर्नुभएको बहस जिकिरसमेत सुनियो।

उल्लिखित बहस जिकिरसमेतको सन्दर्भमा निवेदन मागबमोजिमको आदेश जारी गर्नुपर्ने नपर्ने के रहेछ सो सम्बन्धमा निर्णय दिनुपर्ने देखियो।

२. निर्णयतर्फ विचार गर्दा निवेदकहरूले मुख्यतः काठमाडौं जिल्ला इचंगुनारायण गाउँ विकास समितिमा न्यून आय वर्गको निम्ति घडेरी आवासको व्यवस्था गर्ने उद्देश्यले ७ रोपनी १४ आना २ पैसा जग्गा सहरी विकास तथा भवन निर्माण विभाग, बबरमहल, काठमाडौंले खरिद गरी लिएकोमा हाल सहरी न्यून आय हुनेलाई नदिने उद्देश्यले नदी किनारामा बसोबास गरिरहेको सुकुम्बासी तथा सहरी गरिब परिवारहरूको लागि योजनाबद्ध संयुक्त आवास निर्माण गर्ने लक्ष्य रहेको भनी दुई फरक कुराहरू देखाई हामी स्थानीय जनतालाई भ्रममा पारी झुक्याई जबरजस्ती आवास निर्माण गर्न लागेको र निर्माणाधीन भवन तोकिएको मापदण्डबमोजिमको नभएको र गाउँ विकास समितिबाट लिनुपर्ने कानूनबमोजिमको स्वीकृति पनि नलिएको अवस्थामा गाउँ विकास समितिसँग मागेको जानकारीमा सोसमेत उपलब्ध नगराएको र उक्त निर्माण कार्यले सार्वजनिक सरोकारमा असर गर्ने भएको हुँदा उक्त निर्माणका लागि जारी भएका सार्वजनिक सूचना पत्राचारसमेत उत्प्रेषणको आदेशले बदर गरी कानून प्रतिकूल निर्माण गर्नमा रोक लगाई निम्न आय वर्गका जनताका लागि पनि सहुलियत मूल्यमा आवास इकाइको व्यवस्था गर्नु गराउनु भन्ने आदेश जारी गरिपाउँ भनी दाबी लिइएको देखिन्छ।

३. निवेदकहरूको उल्लिखित निवेदन दाबीलाई इन्कार गरी नेपाल सरकारले आफ्नो उद्देश्य तथा गरिब असहाय परिवारलाई आवास उपलब्ध गराउने उद्देश्यले जग्गा खरिद गरेको भन्ने विपक्षीहरूकै दाबी रहेको र हाल भवन निर्माण गर्न लागेको पनि सहरी गरिब परिवार, सुकुम्बासीका लागि भएकाले सरकारले जग्गा खरिद गर्दा जुन उद्देश्यले खरिद गरेको हो सोभन्दा फरक उद्देश्यमा प्रयोग हुन लागेको हैन। सहरमा बस्ने घरबार तथा निजी सम्पत्ति नभएको जोसुकैलाई पनि सरकारले क्रमिकरूपमा आवास उपलब्ध गराउन सक्ने हुन्छ। निवेदन दाबीको ७-१४-२ जग्गा जग्गा प्राप्ति ऐनबमोजिम अधिग्रहण गरी प्राप्त गरेको जग्गा नभई व्यक्तिसँग खरिद गरेको जग्गा हो। जग्गा प्राप्ति

ऐनबमोजिम मुआब्जा वितरण गरी प्राप्त गरेको जग्गामा अधिग्रहण गर्दाको अवस्थाको उद्देश्यबमोजिमको कार्य नगरेकोमा सम्बन्धित अधिग्रहणमा परेको जग्गाधनीहरूको सम्म दाबी लाग्ने हो । प्रस्तुत मुद्दामा दुवै अवस्था विद्यमान छैन । नेपाल सरकारको कार्य तथा यस गाउँ विकास समितिले कानूनबमोजिमको शुल्क लिई कानूनले निर्दिष्ट गरेको प्रक्रिया अवलम्बन गरी निर्माण कार्य गर्ने अनुमति दिने कार्यले कसैको सरोकारमा आघात पुर्‍याउने वा संवैधानिक अधिकार हनन् हुने अवस्था नभएको भन्ने विपक्षीहरूले लिखितजवाफ रहेको देखिन्छ ।

४. निवेदकहरूले इचंगुनारायण गा.वि.स. अन्तर्गत घरबास भएका व्यक्तिहरू हौ भनी निवेदनमा जिकिर गरेको देखिए पनि निजहरू सुकुम्बासी तथा न्यून आय भएका व्यक्ति हुन् भनी निवेदनमा खुलाउन सकेको देखिँदैन । सार्वजनिक सरोकारको विषयमा निवेदन दिने निवेदकले विवादको विषयवस्तुसँग सार्थक सम्बन्ध र तात्त्विक सरोकार (Meaningful Relation and Substantial Interest) रहेको कुरा देखाउन सक्नु पर्दछ । अन्यथा निवेदन गर्ने हकदैया स्थापित हुन सक्दैन । सार्वजनिक सरोकारका विवादहरूमा हकदैयाको सिमालाई बढाइएको हुन्छ भन्दैमा सबैलाई सबै विषयमा स्वतः निवेदन गर्ने हकदैया हुन्छ भनी अर्थ गर्न मिल्ने हुँदैन । तसर्थ निवेदकको निवेदन गर्ने विषयवस्तुसँग सार्थक सम्बन्ध र तात्त्विक सरोकार अनिवार्य देखिनु र सो दखिने आधारभूत र ठोस आधार प्रमाण निवेदकले निवेदनमा देखाउन सक्नुपर्दछ । अन्यथा सार्वजनिक सरोकारको विवाद हो भन्दैमा जोसुकैको लागि पनि हकदैया विस्तृत (Widen) हुन सक्दैन । प्रस्तुत विवादको विषयवस्तुसँग निवेदकहरूको कुनै सार्थक सम्बन्ध र तात्त्विक सरोकार रहेको छ भनी मान्न मिल्नेसम्मको कुनै आधार कारण निवेदनसाथ प्रस्तुत गर्न सकेको देखिँदैन । सुकुम्बासी तथा न्यून आय भएका घरवारविहीन व्यक्तिहरूलाई आवास उपलब्ध गराउने उद्देश्यका साथ काठमाडौं जिल्ला इचंगुनारायण गाउँ विकास समितिमा नेपाल सरकारले ७-१४-२ जग्गा विभिन्न व्यक्तिहरूसँग खरिद गरेको जग्गा रहेको विपक्षीहरूको लिखित जवाफबाट देखिन्छ । जग्गा प्राप्ति ऐनबमोजिम मुआब्जा वितरण गरी प्राप्त गरेको जग्गामा अधिग्रहण गर्दाको अवस्थाको उद्देश्यबमोजिमको कार्य नगरेकोमा सम्बन्धित अधिग्रहणमा परेको जग्गाधनीहरूको सम्म दाबी लाग्न सक्ने देखिन्छ । तर, प्रस्तुत निवेदनको हकमा उक्त अवस्थाको कुनै विद्यमानता देखिँदैन । जग्गा अधिग्रहरण नगरेको तथा निवेदकहरू उक्त जग्गाको साबिकको जग्गाधनी पनि नरहेको अवस्थामा इचंगुनारायण गाविसमा बसोबास गरेको कारणले मात्र निवेदकको विषयवस्तुसँग निवेदकहरूको सार्थक सम्बन्ध रहेको र प्रस्तुत विवाद सार्वजनिक सरोकारको विषय रहेछ भनी अर्थ गर्न मिल्ने देखिएन ।

५. न्यून आय भएका र आवास नभएका र सुकुम्बासी जो जे भने तापनि घरबास नभएका हुन् भन्ने प्रस्ट हुन आउँछ । सहरी विकास मन्त्रालयअन्तर्गतको सहरी विकास तथा भवन निर्माण विभाग भनेको सरकारी निकाय हो र यसले बनाउने योजना जनमुखी हुन्छ र हुनु पनि पर्दछ । सरकारको नीति (Policy) को आधारमा योजना बनेको हुन्छ । यस्तो योजना र नीतिका सम्बन्धमा जबसम्म त्यसले जनताको मौलिक हकमाथि ठाडो हस्तक्षेप गरेको हुँदैन अदालतले त्यस्तो नीति विरूद्ध अन्यथा आदेश गर्न मिल्नेसमेत हुँदैन । सुकुम्बासी तथा आवास नहुनेहरूको हितका निम्ति तयार गरिएको योजनाअनुसार जग्गा खरिद गरी योजनाअनुसार घर निर्माण गर्न लागिएको अवस्था हुँदा विपक्षीहरूको उक्त कार्यबाट निवेदकहरूको हक अधिकारमा हस्तक्षेप भएको वा कुनै हानि नोक्सानी भएको पनि देखिँदैन ।

६. अतः विपक्षीहरूले निवेदकहरूको जग्गा खरिद गरेको भन्ने नदेखिनुका साथसाथै निवेदकहरू सुकुम्बासी तथा न्यून आय भएका व्यक्तिहरू भएको पनि नदेखिएको अवस्थामा एउटा समुदायको हितको निम्ति बनाएको सरकारी नीति तथा कार्यक्रमको

विरूद्ध अनर्थमा सरोकार नै नभएको विषयमा अकारण अदालतमा विवादको उठान गरेको देखिएको र प्रस्तुत रिट निवेदनको कुनै औचित्यसमेत नदेखिएको हुँदा प्रस्तुत रिट निवेदन खारेज हुने ठहर्छ। त्यस्तो प्रकृतिको निवेदनबाट अदालतको महत्त्वपूर्ण समयसमेत खेर जाने हुँदा अब उप्रान्त यस्ता प्रकृतिका निवेदनहरू दर्ता गर्दा निवेदकको हकदैया (Locus Standi) को सन्दर्भलाई समेत विचार गरेर मात्र दर्ता गर्नु भनी रजिस्ट्रारको नाउँमा निर्देशन जारी गरिदिएको छ । निर्देशनको जानकारी रजिस्ट्रारलाई दिई दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाइदिनू।

उक्त आदेशमा सहमत छु।
न्या. गोपाल पराजुली

इजलास अधिकृत : हरिकृष्ण श्रेष्ठ
इति संवत् २०७२ साल भदौ ३१ गते रोज ५ शुभम्।

# निर्णय नं.९५६१

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री सुशीला कार्की
माननीय न्यायाधीश श्री गोविन्दकुमार उपाध्याय
आदेश मिति : २०७१।१२।१६।२
०६७-WO-०१४८

मुद्दा:- उत्प्रेषण / परमादेश

निवेदक : जिल्ला मकवानपुर हेटौडा नगरपालिका वडा नं. ७ बस्ने अधिवक्ता ध्रुवप्रसाद चौलागाई

विरूद्ध

विपक्षी : नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौंसमेत

- **सरकारी कर्मचारीहरू आफ्नो कार्यसमयमा सचेत र संवेदनशील भई सेवाग्राहीलाई सेवा प्रवाह गरेको अवस्थामा मात्र असल शासन (Good Governance) को मूल्य र मान्यताले सार्थकता पाउन सक्ने।**

(प्रकरण नं.४)

- **कुनै पनि निजामती कर्मचारीले सेवाग्राहीलाई मोबाइल फोनको प्रयोगलगायतको कुनै पनि कारणबाट सेवा प्रवाह गर्नेक्रममा ढिलासुस्ती गरेको अवस्थामा निजामती सेवा ऐन, २०४९ को दफा ५९, ६० र ६२ अनुसार विभागीय प्रमुखसमक्ष उपचार माग गर्ने वैकल्पिक उपचारको बाटो विद्यमान रहेको देखिने।**

(प्रकरण नं.७)

- **व्यक्तिगत सोचाइ र रोजाइमा आधारित न्याय होइन पद्धति र प्रक्रियामा आधारित न्याय वाञ्छनीय हुन्छ तसर्थ मनोगत र अनुमानको आधारमा दायर भएको प्रस्तुत**

**रिट निवेदनको माग दाबीबमोजिमको आदेश जारी हुन सक्ने अवस्थाको विद्यमानता देखिन नआउने।**

(प्रकरण नं.९)

निवेदकका तर्फबाट : विद्वान् अधिवक्ताद्वय ध्रुवप्रसाद चौलागाई र केदारप्रसाद दहाल

विपक्षीका तर्फबाट : विद्वान् उपन्यायाधिवक्ता उद्धवप्रसाद पुडासैनी

अवलम्बित नजिर :

सम्बद्ध कानून :

आदेश

**न्या.सुशीला कार्की :** नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३२ र १०७(२) बमोजिम यस अदालतको क्षेत्राधिकारभित्रको भई दायर हुन आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य एवम् आदेश यसप्रकार रहेको छ:-

म निवेदक विगत १७ वर्षदेखि कानून व्यवसाय गरी आएको नेपाली नागरिक हुँ। निजामती कर्मचारीहरूले कार्यालय समयमा अनावश्यकरूपमा व्यक्तिगत काममा मोबाइलमा कुरा गरी समय बिताई सेवाग्राहीको कामप्रति बेवास्ता गर्ने गरिएको छ । यसरी कार्यालय समयभित्र मोबाइलमा कुरा गर्ने कार्य नियन्त्रण भएमा कार्यालय समयमा धेरै काम गर्न सकिन्छ। आफ्नो हकको प्रयोग गर्दा अरूको अधिकार हनन् भएको छ छैन भन्ने कुरालाई समेत ख्याल गर्नुपर्ने हुन्छ।

मैले सामान्य प्रशासन मन्त्रालयमा यस प्रवृत्तिलाई नियन्त्रण गर्नु पर्‍यो भनी निवेदन दिएकोमा उक्त निवेदनउपर कुनै सुनुवाई भएन र सुनुवाई भई प्रशासनमा केही सुधार हुने व्यवस्थासमेत देखिएन। कतिपय विकसित देशहरूमा कार्यालय समय अवधिमा अर्को कर्मचारीलाई (Disturbs) गर्न नपाइने खाजा समयमा मात्र व्यक्तिगत टेलिफोनहरू उठाउन पाइने घरायसी वा निजी विषयहरू (Working Hours) मा गर्न नपाइने प्रचलन रहेको पाइन्छ भने नेपालमा यस्ता नियमहरू विकसित नभई सकेको अवस्था विद्यमान रहेकोमा सम्मानित अदालतको आदेशले सुशासन कायम गर्ने सवालमा महत्त्वपूर्ण भूमिका रहने निश्चित छ।

निजामती सेवा नियमावली, २०५० को नियम ५४ मा निजामती कर्मचारीको सबै समय नेपाल सरकारको अधीन हुने: यस नियमावलीमा अन्यथा लेखिएकोमा बाहेक निजामती कर्मचारीको सबै समय नेपाल सरकारको अधीनमा हुनेछ र जुनसुकै समयमा पनि निजलाई सरकारी काममा लगाउन सकिनेछ भन्ने उल्लेख गरिएको छ । सरकारी कार्यालयमा एकजना receptionist को व्यवस्था पनि गरिएको हुन्छ। जसको काम बाहिरबाट आएका फोनहरूलाई कार्यालयमा काम गर्ने कर्मचारीहरूसम्म पठाई दिने र कुनै सूचना छ भने दिने काम हाल प्रचलनमा रही आएको छ जसले गर्दा कार्यालयमा काम गर्ने कर्मचारीहरूले सूचनाबाट विमुख हुनुपर्ने अवस्था पनि रहेको छैन।

यसरी कार्यालय समय आम नागरिकहरूको लागि हुनुपर्नेमा मोबाइलमा अनावश्यक कुरा गरेर समय काट्ने जुन संस्कार अहिले विकास भैरहेको छ यसले हाम्रो प्रशासन चुस्त दुरूस्तभन्दा झनै समस्यामा अल्झिएको छ र एउटा सचेत नागरिक म निवेदक कुनै कार्यालयमा गएर कार्यालय समयमा कर्मचारीले अनावश्यक मोबाइलमा कुरा गरेर पीडित बनेको छु भने आम सर्वसाधारणहरूमा यो समस्याबाट पर्न गएको असरको बारेमा हामी सबैले सहजै अनुमान गर्न सक्ने हुँदा यस्तो जटिल समस्यालाईसमेत सम्बन्धित निकायहरूले ध्यान नदिँदा हरेक क्षेत्रमा कार्यालय समयमा मोबाइल प्रयोग गरेर आम नागरिकहरूले समस्या भोगी रहेको र यसलाई नियन्त्रण गर्ने प्रभावकारी कानूनी उपचारको बाटोसमेत अन्य कुनै नभएकोले बाध्य भई यो निवेदन लिई उपस्थित भएको छु।

अत: कार्यालय समयमा मोबाइल प्रयोग गर्ने कार्यलाई पूर्णरूपमा तत्काल रोक्नको लागि उपयुक्त

नीति नियम तर्जुमा गर्नु भनी विपक्षीहरूको नाममा परमादेश साथै प्रस्तुत निवेदनको टुङ्गो नलागेसम्म कुनै पनि सरकारी कार्यालयमा कार्यालय समयमा मोबाइल प्रयोग नगर्नु गर्न नदिनु भनी विपक्षीहरूको नाममा अन्तरिम आदेशसमेत जारी गरिपाउँ भन्नेसमेत व्यहोराको निवेदक ध्रुवप्रसाद चौलागाईको रिट निवेदन।

यसमा के कसो भएको हो ? निवेदकहरूको मागबमोजिमको आदेश किन जारी हुन नपर्ने हो ? कुनै वैधानिक कारण आधार वा प्रमाण भए सोसमेत खुलाई आदेश प्राप्त भएको मितिले १५ दिनभित्र महान्यायाधिवक्ताको कार्यालयमार्फत लिखित जवाफ प्रस्तुत गर्नुहोला भनी विपक्षीको नाउँमा १५ दिने सूचना म्याद जारी गरी लिखित जवाफ परेपछि वा अवधि नाघेपछि नियमानुसार पेस गर्नू । अन्तरिम आदेशको मागसम्बन्धमा यसमा कसैको अपुरणीय क्षति हुने स्थिति नदेखिएकोले अन्तरिम आदेश जारी गर्न मिलेन। नियमानुसार पेस गर्नु भन्ने यस अदालतको आदेश।

नेपाल सरकारअन्तर्गतका विभिन्न सरकारी सेवाहरूमध्ये निजामती सेवा ऐन, २०४९ तथा निजामती सेवा नियमावली, २०५० द्वारा सञ्चालित निजामती सेवाको गठन, सञ्चालन र सेवाका सर्तहरूको सम्बन्धमा मात्र यस मन्त्रालयले केन्द्रीय निकायको भूमिका निर्वाह गर्दै आएको छ। निजामती सेवा ऐनअन्तर्गत सञ्चालित सेवाका कर्मचारीको नियमन तथा व्यवस्थापनलगायत सो सेवामा कार्यरत कर्मचारीहरूले पालन गर्नुपर्ने आचरणका विषयहरू निजामती सेवा ऐन तथा नियमावलीद्वारा व्यवस्थित भई कार्यान्वयनमा रहेका छन् । निजामती सेवा ऐन, २०४९ को परिच्छेद ७ ले आचरणको कुराहरू निर्धारण गरेको छ। साथै निजामती सेवा नियमावली, २०५० को नियम ११८ देखि १२२क सम्मका व्यवस्थाहरू समेत प्रत्यक्षरूपले आचरणसँग सम्बन्धित रहेका छन् । त्यसैगरी निजामती सेवा नियमावली, २०५० को नियम ५४ मा स्पष्टरूपले निजामती कर्मचारीको सबै समय नेपाल सरकारको अधीनमा हुने र जुनसुकै समयमा पनि निजलाई सरकारी काममा लगाउन सकिने स्पष्ट व्यवस्था हुनुको साथै नियम ५५ र ५५क का व्यवस्थाहरू समेत यस सन्दर्भमा सान्दर्भिक रहेका छन् । निजामती सेवा ऐन तथा नियमावलीमा रहेका आचरणका व्यवस्थाहरू उल्लङ्घन गरेमा विभागीय सजाय गर्नुपर्ने व्यवस्था निजामती सेवा ऐन, २०४९ को दफा ६०क तथा ६१ समेतमा रहेको छ। त्यसै गरी कुनै पनि निजामती कर्मचारीले सम्पादन गरेको काम सन्तोषजनक नभएमा, आफूलाई तोकिएको जिम्मेवारी पुरा नगरेमा विभागीय सजाय गर्न सकिने स्पष्ट व्यवस्था दफा ६०, ६०क तथा ६१ मा रहेका छन् । यसरी निजामती कर्मचारीले आचरणका कुरा उल्लघङ्न गरेको अवस्थामा तथा आफ्नो जिम्मेवारी उपयुक्त ढङ्गले पुरा नगरेको अवस्थामा विभागीय सजाय गर्न सकिने अवस्था विद्यमान नै रहेकोले निजामती सेवा ऐन तथा नियमावलीअन्तर्गत सञ्चालित कर्मचारीको हकमा रिट निवेदनमा दाबी गरिए जस्तो थप नीति नियम तर्जुमा गर्नुपर्ने अवस्था नरहेकोले रिट निवेदन खारेज गरी पाउन सम्मानित अदालतसमक्ष सादर अनुरोध छ भन्नेसमेत व्यहोराको सामान्य प्रशासन मन्त्रालयको लिखित जवाफ।

मुलुकको प्रशासन सञ्चालन गर्ने निजामती सेवालाई चुस्त, दुरुस्त, छिटो, छरितो, पारदर्शी र जिम्मेवारयुक्त बनाई प्रचलित कानूनले निर्धारण गरेको प्रक्रिया, कार्यविधि, समय र खर्चमा सेवा पाउन सक्ने सक्षम बनाउने कुरामा नेपाल सरकार अत्यन्त सचेत, संवेदनशील र प्रतिबद्ध रहेको छ । यसै सन्दर्भमा समय समयमा ऐन, नियम एवम् प्रशासनमा समेत सुधार गरिँदै आएको छ। नेपाल सरकारले निजामती सेवालाई बढी सक्षम, सुदृढ, सेवामूलक र उत्तरदायी बनाउन निजामती सेवाको गठन, सञ्चालन र सेवाको सर्तसम्बन्धी व्यवस्था गर्न निजामती सेवा ऐन, २०४९ लागू गरेको छ । उक्त ऐनको दफा ४१ देखि दफा ५५क सम्म निजामती कर्मचारीले पालना गर्नुपर्ने विभिन्न आचरणहरू व्यवस्था भएका छन । त्यसैगरी

निजामती सेवा नियमावली, २०५० बनाई लागू गरेको छ । त्यस्तै मुलुकको सार्वजनिक प्रशासनलाई जनमुखी, जवाफदेही, पारदर्शी, समावेशी छिटो, छरितो तथा कम खर्चिलो समेत बनाउने उद्देश्यका साथ सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ तथा सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ लागू गरेको छ । सो ऐन नियमले तोकेको आचरण पालना नगर्ने वा पदीय जिम्मेवारी पुरा नगर्ने कर्मचारीलाई प्रचलित कानूनबमोजिम विभागीय कारवाहीलगायत सजाय हुने नै छ । जहाँसम्म मोबाइलको प्रयोगले निजामती प्रशासनको कार्यक्षमता र उत्पादकत्व घटेकोले निजामती कर्मचारीहरूलाई कार्यालय समयमा मोबाइल प्रयोगमा प्रतिबन्ध लगाउनु पर्ने भन्ने निवेदन माग छ तत्सम्बन्धमा आधुनिक सूचना र प्रविधिको प्रयोग गरी प्रशासनलाई समय सापेक्षरूपमा सञ्चालन गरी प्रशासनको उत्पादकत्व र कार्यक्षमतामा वृद्धि गरिनु पर्ने आधुनिक प्रशासनको मूल्य, मान्यता र आदर्श रहेको हुँदा मोबाइलको प्रयोगले प्रशासनको उत्पादकत्व र कार्यक्षमता घटेको भन्ने भनाई सत्य नभएकोले निवेदन मागबमोजिमको आदेश जारी गर्न नमिल्ने हुँदा रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत व्यहोराको नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको लिखित जवाफ ।

**यस अदालतको ठहर**

नियमबमोजिम पेसी सूचीमा चढी इजलाससमक्ष पेस हुन आएको प्रस्तुत रिट निवेदनमा निवेदकको तर्फबाट उपस्थित विद्वान् अधिवक्ताद्वय श्री ध्रुवप्रसाद चौलागाई र श्री केदारप्रसाद दाहालले सरकारी कार्यालयमा कार्यालयको समयमा कर्मचारीहरूबाट मोबाइलको प्रयोगले सबै सेवाग्राही पीडित भएका छन् । कार्यालय समयमा काम गर्ने धेरै समय अनावश्यकरूपमा व्यक्तिगत काममा मोबाइलमा कुरा गरी समय बिताइएको छ जसबाट सेवाग्राहीलाई छिटो, छरितो तथा मितव्ययीरूपमा सेवा प्रदान गर्ने राज्यको उद्देश्यमा नै असर भएको छ । मोबाइलको अनुचित प्रयोगले सुशासन हुन नसकेको र यस्तो संवेदनशील समस्यालाई सम्बन्धित निकायहरूले ध्यान नदिँदा हरेक क्षेत्रमा कार्यालय समयमा मोबाइल प्रयोग गरेर आम नागरिकहरूले समस्या भोगी रहेको र यसलाई नियन्त्रण गर्ने प्रभावकारी कानूनी उपचारको बाटोसमेत अन्य कुनै नभएकोले कार्यालय समयमा मोबाइल प्रयोग गर्ने कार्यलाई पूर्णरूपमा तत्काल रोक्नको लागि उपयुक्त नीति नियम तर्जुमा गर्नु भनी विपक्षीहरूको नाममा परमादेश जारी गरिपाउँ भनी बहस प्रस्तुत गर्नुभयो ।

त्यसैगरी विपक्षीको तर्फबाट उपस्थित विद्वान् उपन्यायाधिवक्ता श्री उद्धवप्रसाद पुडासैनीले निजामती सेवालाई बढी सक्षम, सेवामूलक र उत्तरदायी बनाउन निजामती सेवा ऐन, २०४९ तथा निजामती सेवा नियमावली, २०५० प्रचलनमा रहेका छन् र उक्त ऐन तथा नियमावलीमा निजामती कर्मचारीले पालना गर्नुपर्ने विभिन्न आचरणहरूको व्यवस्था पनि गरिएको छ । उक्त ऐन नियमले तोकेको आचरण पालना नगर्ने वा पदीय जिम्मेवारी पुरा नगर्ने कर्मचारीलाई प्रचलित कानूनबमोजिम विभागीय कारवाहीलगायत सजाय हुने अवस्थाको विद्यमानता रहेकै छ । निजामती सेवामा कार्यरत कर्मचारीहरूसमेत नेपालका नागरिक नै भएकाले नेपालको अन्तरिम संविधान, २०६३ को भाग ३ द्वारा प्रदत्त मौलिक हकबाट वञ्चित गर्न मिल्ने नहुँदा रिट निवेदनको कुनै औचित्य नभएकोले निवेदन खारेज गरिपाउँ भनी बहस प्रस्तुत गर्नुभयो ।

दुवै पक्षबाट उपस्थित विद्वान् कानून व्यवसायीहरूको उपरोक्तबमोजिमको बहस जिकिरसमेत मनन् गरी मिसिलसमेत अध्ययन गरी हेर्दा निवेदन मागबमोजिमको आदेश जारी हुनुपर्ने हो होइन भन्ने विषयमा निर्णय दिनुपर्ने देखिन आयो ।

यसमा सरकारी कार्यालयहरूमा कार्यरत कर्मचारीहरूले कार्यालय समयमा अनावश्यकरूपमा व्यक्तिगत काममा मोबाइलमा कुरा गर्ने गरेकोले निजामती प्रशासनको कार्यक्षमता, परिणाम र उत्पादकत्व (Productivity) मा गम्भीर असर पारी सुशासन

कायम हुन नसकेको र यसलाई नियन्त्रण गर्ने कुनै नियम कानून नभएको कारणले धेरैले दुःख पाइरहेको हुँदा कार्यालय समयमा मोबाइल प्रयोग गर्ने कार्यलाई पूर्णरूपमा तत्काल रोक्नको लागि उपयुक्त नीति नियम तर्जुमा गर्नु भनी विपक्षीहरूको नाममा परमादेश साथै प्रस्तुत निवदेनको टुङ्गो नलागेसम्म कुनै पनि सरकारी कार्यालयमा कार्यालय समयमा कर्मचारीहरूलाई मोबाइल प्रयोग नगर्नु, गर्न नदिनु भनी विपक्षीहरूको नाममा अन्तरिम आदेशसमेत जारी गरिपाउँ भन्ने व्यहोराको रिट निवेदन देखिन्छ भने निजामती सेवा ऐनअन्तर्गत सञ्चालित सेवाका कर्मचारीको नियमन तथा व्यवस्थापनलगायत सो सेवामा कार्यरत कर्मचारीहरूले पालन गर्नुपर्ने आचरणका विषयहरू निजामती सेवा ऐन तथा नियमावलीद्वारा व्यवस्थित भई कार्यान्वयनमा रहेका छन् । निजामती सेवा ऐन तथा नियमावलीले आचरणको कुराहरू निर्धारण गरेको र त्यस्ता आचरणहरूको उल्लङ्घन गरेमा, निजामती कर्मचारीले सम्पादन गरेको काम सन्तोषजनक नभएमा, आफूलाई तोकिएको जिम्मेवारी पुरा नगरेमा विभागीय सजाय गर्न सकिने स्पष्ट व्यवस्था पनि सोही ऐनमा गरिएको अवस्थामा निवेदन मागबमोजिम नीति नियम तर्जुमा गर्नुपर्ने अवस्था नरहेकोले रिट निवेदन खारेज होस् भन्ने लिखित जवाफको मुख्य व्यहोरा रहेको देखिन्छ ।

२. निर्णयतर्फ विचार गर्दा मोबाइल प्रयोगको कारणबाट कार्यक्षमता र उत्पादकत्व घटेकोले सरकारी कार्यालयमा कर्मचारीहरूलाई कार्यालय समयमा मोबाइल प्रयोग गर्ने कार्यलाई तत्काल रोकी दीर्घकालिन रूपमा उक्त कार्यलाई रोक्नको लागि उपयुक्त नीति नियम तर्जुमा गर्नु भनी विपक्षीहरूको नाममा परमादेश जारी गरिपाउँ भन्ने मुख्य निवेदन मागदाबी रहेको देखिन्छ ।

३. निजामती सेवा नियमावली, २०५० को नियम ५४ मा यस नियमावलीमा अन्यथा व्यवस्था भएकोमा बाहेक निजामती कर्मचारीको सबै समय नेपाल सरकारको अधीन हुनेछ र जुनसुकै समयमा पनि निजलाई सरकारी काममा लगाउन सकिनेछ भन्ने व्यवस्था गरी निजामती कर्मचारीहरूको सबै समयलाई सरकारको अधीनमा राखिएको देखिन्छ । सरकारको नीति तथा कार्यक्रमलाई जनताको घर दैलोसम्म पुर्‍याई जनताका माझ सरकारको उपस्थितिको अनुभूति गराउने महत्त्वपूर्ण काम सरकारी कर्मचारीहरूबाट हुने हुँदा यस्तो महत्त्वपूर्ण जिम्मेवारीमा रहेका कर्मचारीहरूले सेवाग्राहीलाई प्रवाह गर्ने वस्तु तथा सेवा छिटो, छरितो, सरल तथा मितव्ययी हुनुपर्ने कुरामा सबै कर्मचारी संवेदनशील हुनैपर्छ ।

४. सरकारी कर्मचारीहरू आफ्नो कार्यसमयमा सचेत र संवेदनशील भई सेवाग्राहीलाई सेवा प्रवाह गरेको अवस्थामा मात्र असल शासन (Good Governance) को मूल्य र मान्यताले सार्थकता पाउन सक्छ । सोको लागि निजामती सेवा ऐन,२०४९ तथा निजामती सेवा नियमावली, २०५० लगायतका ऐन नियमहरूको निर्माण भएकोसमेत देखिन्छ । वास्तवमा कुनै पनि कर्मचारीले कार्यालय समयमा व्यक्तिगत फोनको प्रयोगलगायत अन्य कुनै पनि कारणबाट सेवा ग्राहीले छिटो, छरितो र प्रभावकारीरूपमा सेवा प्राप्त गर्न सकेन र त्यसबाट कर्मचारीको कार्यसम्पादनमा कमजोरी देखियो भने यस्तो विषय विचारणीय हुन्छ ।

५. निवेदकको निवेदन व्यहोरा अवलोकन गर्दा सरकारी कार्यालयमा कर्मचारीहरूलाई कार्यालय समयमा मोबाइल प्रयोगमा प्रतिबन्ध लगाउनु पर्ने भनी गोश्वारारूपमा निवेदन दायर गरेको देखिन्छ । निवेदकले कुन कार्यालयमा कहिले र कुन कर्मचारीबाट निजले प्राप्त गर्ने सेवा प्रदान गर्ने क्रममा मोबाइलको प्रयोग गरी सेवा प्रवाहमा ढिला सुस्ती गरेबाट निवेदकको हक प्रभावित भएको हो भन्ने प्रष्टरूपमा निवेदनमा खुलाउन नसकेको र सोको प्रमाणसमेत पेस गर्न सकेको देखिँदैन ।

६. अर्कोतर्फ निजामती सेवा ऐन, २०४९ को परिच्छेद-७ को दफा ४१ देखि ५५क सम्म निजामती कर्मचारीले पालना गर्नुपर्ने विभिन्न आचरणहरूको व्यवस्था गरेको पाइन्छ । उक्त ऐनको दफा ५५क को

व्यवस्था हेर्दा कुनै निजामती कर्मचारीले समय पालन नगरेमा, सरकारी कामसम्बन्धी कुरामा आफूभन्दा माथिको कर्मचारीले दिएको आज्ञा पालन नगरेमा वा कार्यालयसम्बन्धी काममा लापरवाही वा ढिलासुस्ती गरेमा त्यस्तो कर्मचारीलाई सम्बन्धित सुपरिवेक्षकले कारण खोली चेतावनी दिन सक्नेछ र सोको अभिलेख सम्बन्धित कर्मचारीको व्यक्तिगत विवरण फाईलमा राख्नु पर्नेछ भन्ने उल्लेख गरेको पाइन्छ। त्यसैगरी निजामती कर्मचारीले सम्पादन गरेको काम सन्तोषजनक नभएमा, आफूलाई तोकिएको जिम्मेवारी पुरा नगरेमा तथा आचरणविपरीतलगायतका अन्य कुनै काम कारवाही गरेको अवस्थामा सोही ऐनको दफा ६० र ६०क मा अन्य सजायहरूको व्यवस्थासमेत गरिएको पाइन्छ।

७. यसरी कुनै पनि निजामती कर्मचारीले सेवाग्राहीलाई मोबाइल फोनको प्रयोगलगायतको कुनै पनि कारणबाट सेवा प्रवाह गर्नेक्रममा ढिलासुस्ती गरेको अवस्थामा निजामती सेवा ऐन, २०४९ को दफा ५९, ६० र ६२ अनुसार विभागीय प्रमुखसमक्ष उपचार माग गर्ने वैकल्पिक उपचारको बाटो विद्यमान रहेको देखिन्छ।

८. प्रस्तुत निवेदनमा कार्यालय समयमा मोबाइल फोनको प्रयोगलाई तत्काल रोक्न र सोको लागि उपयुक्त नीति नियम तर्जुमा गर्नको लागि विपक्षीहरूको नाममा परमादेश जारी गरिपाउँ भन्ने निवेदकको मागदाबी भए पनि निवेदकले कुन कार्यालयको कुन कर्मचारीले मोबाइलको प्रयोग गरेबाट निजको संविधान प्रदत्त कुन मौलिक हकमाथि विपक्षीहरूले हनन् गरेको हो सोकुरा प्रष्टरूपमा निवेदनमा खुलाउन सकेको अवस्था देखिँदैन।

९. वस्तुतः व्यक्तिगत सोचाइ र रोजाइमा आधारित न्याय होइन पद्धति र प्रक्रियामा आधारित न्याय वाञ्छनीय हुन्छ तसर्थ मनोगत र अनुमानको आधारमा दायर भएको प्रस्तुत रिट निवेदनको माग दाबीबमोजिमको आदेश जारी हुन सक्ने अवस्थाको विद्यमानता देखिन आएन।

१०. अतः माथि उल्लिखित आधार, कारण र विवेचनाबाट निवेदन मागबमोजिमको आदेश जारी हुन सक्ने अवस्थाको विद्यमानता नरहेको हुँदा प्रस्तुत रिट निवेदन खारेज हुने ठहर्छ। प्रस्तुत निवेदनको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार गरी बुझाइदिनू।

उक्त रायमा सहमत छु।
न्या.गोविन्दकुमार उपाध्याय

इजलास अधिकृत : अर्जुनप्रसाद कोइराला
इति संवत् २०७१ साल चैत १६ गते रोज २ शुभम्।

## निर्णय नं.९५६२

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री बैद्यनाथ उपाध्याय
माननीय न्यायाधीश श्री चोलेन्द्र शम्शेर ज.ब.रा.
फैसला मिति : २०७२।१०।२८।५

मुद्दा : कर्तव्य ज्यान

०७०-CR-०२१२

पुनरावेदक / वादी : पर्वत जिल्ला हुवास गा.वि.स. वडा नं.६ बस्ने रघुनाथ न्यौपानेसमेतको जाहेरीले नेपाल सरकार

विरूद्ध

प्रत्यर्थी / प्रतिवादी : गुल्मी जिल्ला बलीथुम गा.वि.स. वडा नं.२ बस्ने संगिता भन्ने सम्झना क्षेत्री बोहरा

०६९-CR-०७३८

पुनरावेदक / प्रतिवादी : गुल्मी जिल्ला बलीथुम गा.वि.स. वडा नं.२ बस्ने संगिता भन्ने सम्झना क्षेत्री बोहरा

विरूद्ध

प्रत्यर्थी / वादी : रघुनाथ न्यौपानेसमेतको जाहेरीले नेपाल सरकार

०७२-RC-००३३

वादी : रघुनाथ न्यौपानेसमेतको जाहेरीले नेपाल सरकार

विरूद्ध

प्रतिवादी : कपिलवस्तु जिल्ला चनही गा.वि.स. वडा नं.६ बस्ने विकास भन्ने माधव घिमिरे

- **कसैले कानूनद्वारा निषेधित कार्य गरेमा वा कानूनद्वारा गर्नुपर्ने कार्य नगरेमा फौजदारी दायित्व सिर्जना हुन्छ । प्रतिवादी सम्झना क्षेत्रीले मौकामा अधिकारप्राप्त अधिकारीसमक्ष मलाई चन्द्रबहादुर बोहरासँग घृणा लागेर आउने र माधव घिमिरेसँग माया लागेर आउन थाल्यो । माधव घिमिरेले मलाई विवाह गर्छु भन्दा मैले बाधा अवरोधहरू छन् उसले बाधा अवरोध मैले हटाउँछु भन्यो । मैले कसरी भन्दा चन्द्रबहादुरलाई सफाया गरी दिन्छु, ठीक पारी दिन्छु भन्यो भनी बयान गरेको पाइन्छ । यसरी प्रतिवादीले सफाया गरी दिन्छु भनी मौकामा भनेको कुरा प्रति कुनै उजुर आपत्ति नगरी त्यसलाई समर्थन गरी बसेको र सोही अनुसारको घटना घटी फौजदारी अपराधको दूष्परिणाम निस्केपछि जाहेरी दिएको देखिने ।**
- **घटना घटाउन सहमति जनाई अपराधको दूष्परिणाम निस्केपछि जाहेरी दिएको आधारमामात्र प्रतिवादीले फौजदारी दायित्वबाट सफाई पाउन सक्ने अवस्था नरहने ।**

(प्रकरण नं.७)

वादीका तर्फबाट : विद्वान् सहन्यायाधिवक्ता खगराज पौडेल

प्रतिवादीका तर्फबाट :

अवलम्बित नजिर :

सम्बद्ध कानून :

सुरू तहमा फैसला गर्ने :

मा.न्या. श्री चन्द्रबहादुर सारू

पुनरावेदन तहमा फैसला गर्ने :

मा.न्या. श्री ईश्वरप्रसाद खतिवडा

मा.न्या. श्री बाबुराम रेग्मी

फैसला

**न्या.बैद्यनाथ उपाध्याय :** न्याय प्रशासन ऐन, २०४८ को दफा ९(१) तथा दफा १०(२) बमोजिम यस अदालतमा पर्न आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवम् ठहर यसप्रकार छः-

जिल्ला रूपन्देही बुटवल नगरपालिका वडा नं.१२ चारपाला सामुदायिक वनस्थित पूर्वमा गोरेटो बाटो, पश्चिम उत्तर दक्षिणमा सालघारी जङ्गल यति चार किल्लाभित्रको बिचमा पश्चिम टाउको पूर्व खुट्टा घोप्टो अवस्थामा मृतक चन्द्रबहादुर बोहराको लास रहेको । मृतकको नाक, मुखबाट तरल पदार्थ निस्केको । अनुहारमा रगत लतपतिएको, अनुहारको बायाँ साइडमा केही दबे जस्तो भई नीलडाम देखिएको, दुवै ओठ सुन्निएको । पछाडि बायाँ पाता र दायाँ पट्टि कम्मरमा नीलडाम देखिएको । बायाँ आँखा माथि थिचिएको जस्तो, मृतक विष्णु न्यौपाने पूर्व टाउको पश्चिम खुट्टा भएको घोप्टो अवस्थामा रहेको । मृतकको नाक मुखबाट तरल पदार्थ निस्केको पछाडि पाताको भागमा र दायाँ कम्मरको भागमा नीलडाम देखिएको निधारको बायाँ आँखा माथि थिचिएको । अनुहारको दुवै

भागमा नीलडाम जस्तो देखिएको भन्नेसमेत व्यहोराको घटनास्थल तथा लासजाँच प्रकृति मुचुल्का।

जिल्ला रूपन्देही बुटवल नगरपालिका वडा नं.१२ चारपाला सामुदायिक वनस्थित पूर्वमा गोरेटो बाटो, पश्चिम उत्तर दक्षिणमा सालघारी जङ्गल यति चार किल्लाभित्र वनको बिचमा मेरो श्रीमान् चन्द्रबहादुर बोहराको लास रहेको । मिति २०६७।३।३१ गते चारपाला सामुदायिक जङ्गलमा मृतक अवस्थामा २ (दुई) जनाको लास फेला परेको ब्रिगेडमा जानकारी आएको लास हेर्दा मेरै श्रीमान् र विष्णु न्यौपानेको भएको हुँदा कानूनबमोजिम गरिपाउँ भन्नेसमेत व्यहोराको सम्झना क्षेत्रीको मिति २०६७।३।३२ को जाहेरी दरखास्त।

मेरो दाजु विष्णु न्यौपाने कृष्णसेन ब्रिगेडमा कार्यरत हुनुहुन्थ्यो । मिति २०६७।३।३० गते विष्णु न्यौपाने र चन्द्रबहादुर सामान खरिद गर्न निस्केको र दुवै जना उक्त ब्रिगेडमा नआएको हुँदा खोजतलासको क्रममा स्थानीय मानिसहरूले चारपाला जङ्गलमा दुवै जना मृत अवस्थामा छन् भन्ने जानकारी गराएको हुँदा सुरक्षाकर्मीहरूको सहयोगबाट लासहरू लुम्बिनी अञ्चल अस्पताल, बुटवलमा ल्याएको कुरा थाहा पाएँ। उक्त स्थानमा गई हेर्दा मृतक मेरो दाजु भएको हुँदा अभियुक्तहरूलाई खोजी कानूनबमोजिम कारवाही गरिपाउँ भन्नेसमेत व्यहोराको रघुनाथ न्यौपानेको जाहेरी दरखास्त।

मिति २०६७।३।३० गते कृष्णसेन स्मृति ब्रिगेड सैनामैनाबाट चन्द्रबहादुर बोहरा र विष्णु न्यौपाने नजिकको पसलमा आवश्यक सामान खरिद गर्न भनी निस्केका र उक्त ब्रिगेडमा आएका थिएनन्। चारपाला सामुदायिक जङ्गलमा मृतक अवस्थामा दुई (२) जनाको लास फेला परेको र निजहरू दुवै जनाको शरीरमा नीलडाम भएको कारण कर्तव्यबाट मृत्यु भएको भन्न सकिने अवस्था हुँदा अनुसन्धान गरी दोषी पत्ता लगाई कानूनबमोजिम गरिपाउँ भन्नेसमेत व्यहोराको कृष्णबहादुर वि.क. को मिति २०६७।३।३२ को जाहेरी दरखास्त।

जिल्ला रूपन्देही बुटवल नगरपालिका वडा नं.४ स्थित चारपाला सामुदायिक वनको पूर्व ठाडो खोल्सा तथा जङ्गल, पश्चिम खोल्सा तथा जङ्गल, दक्षिण अन्दाजी ५० मि. को दूरीमा गोरेटो बाटो यति चार किल्लाभित्र रहेको सालका पोथ्राहरूसमेत भएको उक्त स्थानको पश्चिम पट्टि ढिस्को, छेउमा मोटो र अग्लो सुरिलो रूखसमेत भएको घटनास्थलमा २ वटा नीलो सेतो सिसाको बिर्को, अण्डाका बोक्राहरू, सलाईका काँटीहरू चुरोटका ठुटा, सेतो पुरानो प्लास्टिक, २ वटा च्यातिएको रातो कुरमुरेका टुक्रा रहेको। उक्त स्थानमा ५०० एम एलको बिर्को बिनाको कोकको खाली बोतल रहेको। उक्त बोतलको पिँधमा २/३ थोपा जति तरल पदार्थ रहेको। उक्त स्थानमा १८० एम एलको डाइमन जिनको पिँधमा २/४ थोपा तरल पदार्थ भएको बिर्को लगाएको अवस्थाको सिसा फेला परेको भन्नेसमेत व्यहोराको घटनास्थल प्रकृति मुचुल्का।

म कृष्णसेन स्मृति ब्रिगेड कमान्डर भएको हुँदा रोलकलमा प्रायः सबैसँग भेट हुन्थ्यो। सम्झना क्षेत्रीले कपाल काट्ने हुँदा म निजलाई अनौठो मान्दथे। सम्झना क्षेत्रीले चन्द्रबहादुर बोहरासँग विवाह गरेको, निजहरू श्रीमान् श्रीमती हुन् भन्ने मलाई थाहा थियो। सम्झना क्षेत्री र चन्द्रबहादुर बोहरा बिच केही वैमनस्यता जस्तो भई ३ नं. बटालिएनमा छलफलसमेत भएको र संगिता भन्ने सम्झना क्षेत्री र विकास भन्ने माधव घिमिरे बिच हेलमेल र बोलचाल बढी भएकोले यी दुईको सम्बन्धको बारेमा चन्द्रबहादुर बोहरालाई चित्त नबुझेको र माधव घिमिरेले चन्द्रबहादुर बोहरासँग पनि नजिक सम्बन्ध भएको देखिन्थ्यो भन्ने कुरा पछि थाहा पाएकी हुँ। सम्झना र माधवको सम्बन्ध बढ्दै गएको भन्ने कुरा निजहरूको साथीहरूले भन्दथे। यी सबै परिस्थितिका कारण विकास भन्ने माधव घिमिरेले सम्झना क्षेत्रीलाई पाउनका लागि सम्झना क्षेत्रीको सल्लाहमा कुनै न कुनै तवरले ठीक पार्नुपर्छ भन्ने उद्देश्यले चन्द्रबहादुरको मिल्ने साथी विष्णु न्यौपानेलाईसमेत साथमा लगी कुनै विष खुवाई कमजोर स्थिति बनाई मारेको हुनुपर्छ भन्नेसमेत व्यहोराको कमला नहरकीले गरेको कागज।

म कृष्णसेन स्मृति ब्रिगेड कमान्डर ए कम्पनीको १ नं. प्लाटुनको कमान्डर भएको हुँदा रबी भन्ने चन्द्रबहादुर, मुस्कान भन्ने विष्णु न्यौपाने, माधव घिमिरे र सम्झना क्षेत्री सँगै भएकोले म निजहरूलाई राम्रोसँग चिन्दथे । चन्द्रबहादुर बोहरा र सम्झना क्षेत्री श्रीमान् श्रीमती हुन् । सबै एउटै प्लाटुनमा भएको हुँदा विकासले संगितालाई मन पराएको कुराहरू आएका थिए । विकास भन्ने माधव घिमिरेले मैले जसरी भए पनि संगिता भन्ने सम्झना क्षेत्रीलाई आफ्नो बनाएर छाड्छु भन्ने गर्दथे । चन्द्रबहादुर बोहराले सम्झना र माधवको सम्बन्धको कुरा जानकारी पाएपछि चन्द्रबहादुरले सम्झनालाई सम्झाउने यसो नगर भन्दा सम्झनाले चन्द्रबहादुर बोहरालाई बढी नै गाली गर्ने घृणा गर्ने नराम्रो व्यवहार गर्ने गर्दथिइन् । चन्द्रबहादुर बोहराको मिल्ने साथी विष्णु न्यौपानेसँग पनि निजको सम्बन्ध राम्रो थियो । विकास भन्ने माधव घिमिरेले कुनै न कुनै तरिकाबाट चन्द्रबहादुर बोहरालाई पाखा लगाएर संगिता भन्ने सम्झना क्षेत्रीलाई पाउन सक्ने हुँदा रणनीतिकरूपमा चन्द्रबहादुरसँग राम्रो सम्बन्ध बनाई संगिता नजिक पुगी निजको कमी कमजोरीहरू पत्ता लगाई उसलाई ठीक पार्न र सम्झनालाई आफ्नो बनाउने उद्देश्यले योजना बनाएको हुनुपर्छ । उक्त दिन टेलरकोमा कपडा लिन जान्छु भनी सोधेँ । मैले हुन्छ भनेको थिएँ । बाहिर जानलाई पास माग्न आएनन् । कति बेला बाहिर निस्के सो मलाई थाहा भएन । दिउँसो ११:५५ बजे तिर विष्णु न्यौपाने र चन्द्रबहादुर बोहरा बाहिर गएका रहेछन् । निजहरू निस्कने गेट नजिक सन्दीप भन्ने राजेन्द्र घ.म. को ड्युटी रहेछ । निजले पास मागेपछि विष्णु न्यौपाने गेटमै बसी चन्द्रबहादुर बोहरा आई पास लिएर गएका रहेछन् । त्यसपछि दुवै जना फर्किएर आएनन् । मिति २०६७।३।३१ गते चारपाल सामुदायिक जङ्गलमा विष्णु न्यौपाने र चन्द्रबहादुर बोहराको लास छ भन्ने कुराको जानकारी पाएको हो । निजहरूलाई माधव घिमिरेले सम्झना क्षेत्रीलाई पाउनको लागि षड्यन्त्र रची योजनाअनुसार विष वा लागु औषध खुवाई मारेको हुनुपर्छ भन्नेसमेत व्यहोराको नुरदेव बस्यालले गरेको कागज ।

विष्णु न्यौपाने कृष्ण सेन स्मृति ब्रिगेडमा काम काज गर्दै आएका थिए । चन्द्रबहादुर बोहराको श्रीमती सम्झना बोहरा क्षेत्री र माधव घिमिरे बिच भित्रीरूपमा प्रेम सम्बन्ध थियो । चन्द्रबहादुर बोहरालाई हत्या गरी एक आपसमा विवाह गरौला भन्ने निजहरूको भित्री सल्लाहबमोजिम रक्सीमा विष मिलाउने र खुवाउने निर्णय गरी अभियुक्त माधव घिमिरेले चन्द्रबहादुर बोहरासँग मिल्ने मेरो भाइ विष्णु न्यौपानेसहित चारपाला वनमा गएको अवस्थामा चन्द्रबहादुर बोहरालाई मात्र विषादी मिश्रित रक्सी खुवाउने अनुकूल नमिलेको कारण जानाजान दुवै जनालाई विषादी मिश्रित रक्सी खुवाई ज्यान लिएका हुन् भन्ने यकिन भएको हुँदा निजहरूलाई पक्राउ गरी मुलुकी ऐन, ज्यानसम्बन्धी महलअन्तर्गत कारवाही गरिपाउँ भन्नेसमेत व्यहोराको रामप्रसाद न्यौपानेको मिति २०६७।४।४ को जाहेरी दरखास्त ।

माधव घिमिरेको सम्झनासँग प्रेम सम्बन्ध रहेछ । २०६७ सालको जेठ महिनामा चन्द्रबहादुर बोहरा ब्रिगेडमा आएर आफ्नो घरायसी समस्या दर्शाई उक्त कम्पनीको ए कम्पनीमा ज्वाइन भएपछि श्रीमान् श्रीमतीबिच झगडा भएको र निजहरूलाई कमान्डरहरूले सम्झाई बुझाई गरेका रहेछन् । माधव घिमिरे दाउरा लिन जङ्गलमा गएको अवस्थामा सम्झना मेरी हो भनेको चन्द्रले थाहा पाएपछि केही चिसोपन भएको रहेछ । पछि माधवले आफ्नो के कस्तो रणनीति अपनाएर हो चन्द्रबहादुरसँग राम्रो सम्बन्ध सुधार गरेका थिए । मिति २०६७।३।३० गते माधव घिमिरे बिहान ११ बजे तिर साइड गेटबाट निस्केका रहेछन् । सोही दिन दिउँसो चन्द्रबहादुर बोहरा र विष्णु न्यौपाने गेट पास लिएर केशवको पसलमा गएर फर्किने भनेका रहेछन् । निजहरू बेलुकासम्म नआएपछि खोज तलास भयो । कहीँकतै सम्पर्क भएन । सोही दिन साँझ २ नं. बटालिएनको खोलातर्फको आडबाट माधव घिमिरे कम्पनीमा प्रवेश गरेको रहेछन् । निज चलाख ठग पाराको मानिसलाई जे कुरामा पनि कनभिन्स गरी

मोड्न सक्ने खालको थिए भन्ने कश्मिर भन्ने कविराज बस्नेतको कागज।

म कृष्ण सेन स्मृति ब्रिगेडमा भएकोले सम्झना क्षेत्री, चन्द्रबहादुर बोहरा, विष्णु न्यौपाने र माधव घिमिरेलाई चिन्दछु। सम्झना क्षेत्री र चन्द्रबहादुर बोहरा श्रीमान् श्रीमती हुन्। चन्द्रबहादुर बोहरा २०६६ सालको माघ महिनामा घरतिर गएका थिए । सो अवस्थामा सम्झनाले यस्तो दलितसँग बिहे गरेँ भनिन् र निजको विवाह भएको कुरामा सन्तुष्ट भएको जस्तो लाग्दैनथ्यो । चन्द्रबहादुरसँग बेलाबखत फोन सम्पर्क भई रहन्थ्यो । म बस्ने कोठामा पानी खाने माटोको घैंटो राखेकोले सम्झना र अन्य साथीहरू पनि पानी खान आउने गर्थे। विकास भन्ने माधव घिमिरे अरूको तुलनामा बढी आउने सम्झनासँग हाँस्ने बोल्ने गर्न थाले। सोही क्रममा माधवले एउटा मोबाइल र युटिएलको सिमसमेत सम्झनालाई दिएका रहेछन् । निजले एस. एम. एस. पठाउने र फोन गर्ने गर्थे। जङ्गलमा दाउरा लिन गएको अवस्थामा माधव घिमिरेले सम्झना मेरो हो। मैले चाहेमा लैजान सक्छु भनेका रहेछन्। ०६७ साल जेठको तेस्रो हप्तातिर चन्द्रबहादुर बोहरा क्याम्पमा आई ज्वाइन भएपछि निज श्रीमान् श्रीमती बिच झगडा भएकोले कम्पनीमा लगेर छलफलसमेत भएको थियो। सम्झना चन्द्रबहादुरसँग झगडा गरी रहने र माधवसँग बढी झुकाव राख्ने गर्दथिइन्। सोही कारणले चन्द्रबहादुर बोहरा र विष्णु न्यौपानेको जङ्गलमा कर्तव्यबाट मृत्यु भएको रहेछ भन्ने व्यहोराको रक्षा भन्ने हिरा वि.क. को कागज।

मेरो आफ्नै घरमा पसल छ। २०६७।३।३० गते ११:३० बजेतिर कृष्ण सेन स्मृति ब्रिगेड सैनामैनाका रवि भन्ने चन्द्रबहादुर बोहरा र मुस्कान भन्ने विष्णु न्यौपाने मेरो पसलमा आई केहीबेर बसी मुस्कान भन्ने विष्णु न्यौपानेले कुरमुरे २ प्याकेट लिएर गए। कता गए के गरे मलाई थाहा भएन । मिति २०६७।३।३१ गते चारपाला सामुदायिक वनमा भेटिएको लास बारे मलाई थाहा भएन भन्ने केशवबहादुर थापाको कागज।

जिल्ला कपिलवस्तु गजेडा गा.वि.स. वडा नं.७ सिद्धिपुर ४ नं. स्थित पूर्व तौलिहवा जाने सडक, पश्चिम केशर सिंह सेनको घर घडेरी, उत्तर केशर सिंह सेनकै र दक्षिण सागर होटल यति चार किल्लाभित्र रहेको पूर्व मोहडाको ३ तले पक्की चोपलाल रावलको घर उक्त घरको पूर्व मोहडातर्फबाट फलामको सिँढीबाट घरको बिच तलाको पूर्व मोहडाको कोठामा निस्कने बाटो उक्त सिँढीको अगाडि कोठाको सटरभित्र काठ र सिसाको र्‍याकमा गाडा सेतो रङ्गको नोकिया १६५० मोडेलको सिम कार्ड बिनाको मोबाइल बरामद भएको खानतलासी बरामदी मुचुल्का।

जिल्ला रूपन्देही पर्रोहा गा.वि.स.६ सैनामैनास्थित पूर्वमा क्याम्प प्रशासन जाने गोरेटो बाटो, पश्चिम पोखरी, उत्तर झिंगामारा जाने बाटो वा डाँडो, दक्षिण सानो खोल्सा र स्वास्थ्य चौकीको भवन यति चार किल्लाभित्र रहेको पश्चिम मोहडा भएको ३ कोठे टिनको छाना भएको भवनको पूर्वतर्फको दराजको माथिल्लो भागमा हरियो रङ्गको बाकसमा नागरिकता, १६०० मोडेलको मोबाइलसमेत बरामद गरेको भन्ने व्यहोराको बरामदी खान तलासी मुचुल्का।

मिति २०६७।३।३० गते रवि भन्ने चन्द्रबहादुर बोहरा र मुस्कान भन्ने विष्णु न्यौपानेलाई कर्तव्य गरी मारी फालेको सम्बन्धमा प्रतिवादीलाई खोजतलास गर्दै जाने क्रममा कृष्ण सेन स्मृति ब्रिगेडका सदस्य विकास भन्ने माधव घिमिरे र सम्झना क्षेत्रीले कर्तव्य गरी मारेको भन्ने खुल्न आएको हुँदा निजहरूलाई पक्राउ गरी दाखिला गरेको छु भन्नेसमेत व्यहोराको प्र.नि. माधवप्रसाद बुढाथोकीको प्रतिवेदन।

मिति २०६७।३।३० गते शिविरदेखि २ कि.मि. नजिक जङ्गलमा चन्द्रबहादुर बोहरा र विष्णु न्यौपानेलाई मार्ने योजना बनाई शिविर बाहिर चारपाला जङ्गलमा बोलाई रक्सीमा विषादी मिलाई मारी फालेका रहेछन्। मेरो भाइ चन्द्रबहादुर बोहराको श्रीमती सम्झना भन्ने संगिता क्षेत्रीको विकास भन्ने माधव घिमिरेसँग प्रेम चली निजहरूले मार्ने योजना बनाई मारेको हुँदा सजाय होस् भन्ने व्यहोराको झलकबहादुर बोहराको जाहेरी दरखास्त।

२०६६ साल वैशाखमा म, विष्णु न्यौपाने, चन्द्रबहादुर बोहरा र वसन्त सेन स्मृति ब्रिगेडदेखि सरूवा भई पर्सोहा ६ स्थित कृष्ण सेन स्मृति ब्रिगेडमा आयौँ । म र चन्द्रबहादुर बोहराबिच प्रेम सम्बन्ध भएपछि २०६६ साल असारमा विवाह गर्‍यौँ । विवाहभन्दा पहिला हाम्रो सम्बन्ध जति राम्रो थियो, विवाहपछि सम्बन्ध त्यति राम्रो भएन । म कृष्ण सेन स्मृति ब्रिगेडको ३ नं. बटालिएनको ए कम्पनीमा हुँदा माधव घिमिरेसँग मेरो सम्बन्ध बढ्यो । मलाई विस्तारै चन्द्रबहादुर बोहरासँग घृणा लागेर आउने र माधव घिमिरेसँग केही माया लागेर आउन थाल्यो । २०६६ सालको चैत महिनादेखि माधव घिमिरेसँग सम्पर्क र सम्बन्ध बढ्दै जान थाल्यो । सुरू सुरूमा एस.एम.एस. हुन थाल्यो । एस.एम.एस. पश्चात् भेट भई कुराकानी हुन थाल्यो । पटकपटक जङ्गलमा दाउरा खोज्न गएको बेलामा पनि माधवले मलाई जसरी भए पनि तिमीलाई विवाह गर्छु भन्थ्यो । बाधा अवरोधहरू छन् एक्लै निर्णय गर्न सक्दिन भनेँ । उसले बाधा अवरोध मैले हटाउँछु भन्यो । कसरी भनी प्रश्न गर्दा चन्द्रबहादुरलाई मैले सफाया गरी दिन्छु । साइड लगाई दिन्छु, ठीक पारिदिन्छु भन्यो । मैले मिति २०६७।३।२४ गतेका दिन म आफ्नो दाइको विवाहमा गएको अवस्थामा फोन र एस.एम.एस. गरी ३० गतेभित्र जसरी भए पनि आउ भन्यो । त्यसपछि म २७ गते घरबाट आएँ । चन्द्रबहादुरसँग एकछिन कुराकानी भयो । त्यसपछि गयो । ऐ. २८ गते दिँउसो विकाससँग कुराकानी भयो । ३० गते दिँउसो १२:३० बजे सम्भावना भन्ने पवित्रा गैरेको मोबाइलबाट चन्द्रबहादुर बोहरालाई फोन गर्दा लागेन । ऐ. ३० गते साँझ चन्द्रबहादुर बोहरा र विष्णु न्यौपाने नआएपछि खोज तलास भयो । ऐ. ३१ गते बुटवल नगरपालिका १४ स्थित जङ्गलमा लास फेला नपर्दै मैले माधव घिमिरेलाई चन्द्रबहादुर भेटिएनन् भन्दा पीर नगर भनेका थिए भन्नेसमेत व्यहोराको प्रतिवादी संगिता भन्ने सम्झना क्षेत्रीले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान ।

करिब एक डेढ वर्ष पहिले मुस्कान भन्ने विष्णु न्यौपाने, रवि भन्ने चन्द्रबहादुर बोहरा, संगिता भन्ने सम्झना क्षेत्री वसन्त सेन स्मृति ब्रिगेडबाट कृष्ण सेन ब्रिगेडमा आएको हुँदा निजहरूसँग चिनजान भयो । यसै क्रममा मैले सम्झना क्षेत्रीलाई भित्रभित्रै मन पराउन थालेँ । २०६६ चैत महिनादेखि हाम्रो सम्पर्क र कुराकानी अलि बढी हुन थाल्यो । चैत महिनामा मैले सम्झनालाई सिमसहितको मोबाइल पनि दिएको थिएँ । पछि म सम्झनाको कोठामा जाने आउने पनि बढि गर्न थालेँ । मैले निजलाई मन पराएर विवाह गर्ने प्रस्ताव पनि राखेँ । सम्झनाले बाधा अवरोधहरू धेरै छन् मैले एक्लै निर्णय गर्न सक्दिन भनिन् । मैले तिमीलाई जसरी भए पनि विवाह गर्छु भनेको थिएँ । हाम्रो सम्बन्धको बारेमा सम्झनाको श्रीमान् चन्द्रबहादुर बोहराले थाहा पाएपछि पटकपटक मैले दिएको मोबाइल पनि खोसेका थिए । निजहरू बिच समय समयमा झगडा पनि भई रहन्थ्यो । २०६७।३।२४ गते सम्झनालाई विवाह गर्छुभन्दा निजले बिचमा अवरोध छ के गर्छौ भनेकी थिइन् । मैले चन्द्रबहादुर बोहरालाई ठीक पारी तिमीलाई आफ्नो बनाउँछु भनेँ । त्यसपछि निजले लौ गर, तेती हिम्मत छ भनेकी थिइन् । त्यसपछि म झन् हौसिई उपायहरू सोच्न थाले । मिति २०६७।३।३० गते बिहान ४ बजेबाट ६:३० बजेसम्मको मेरो ड्युटी भएकोले रक्सीमा विषादी मिसाई खुवाई चन्द्रबहादुर बोहरालाई खुवाउँछु भनी मार्ने योजना बनाए । सोही दिन बिहान ७:३० बजेतिर आज रक्सी खाऔं भनी विष्णु न्यौपानेले भने, चन्द्रबहादुरले पनि हुन्छ भनेँ । त्यसपछि मैले मौका यही हो भन्ने सोची कपडा सिलाउन र कपाल काट्न बाहिर जान भनी प्रदीप भन्ने कमान्डरलाई सोधेको थिएँ । चन्द्रबहादुर, विष्णुलाई म बाहिर गई व्यवस्था गर्दछु, तपाईँहरू आउनु भनी पास पनि नलिई ड्युटीवालाको आँखा छली बाहिर निस्केँ र बासगढीस्थित कौसल एग्रोभेटमा गई थाएडेन नामक विषादी रू.८०।– मा किनेर फर्किएर मुर्गिया मिलन रेस्टुरेन्टमा आई रक्सी कोकहरूसमेत किनेँ । केही मैले खाएँ केही रक्सी र कोकमा थाएडेन नामक विषादी मिसाएँ । करिब १२ बजेको हुनुपर्छ, तेती बेला मलाई

चन्द्रबहादुरले मिस्कल गरेँ । त्यसपछि मैले फोन गरी म आउँदै छु भनेपछि हाम्रो कम्पाउन्डको बाहिरपट्टि केशवको पसलमा विष्णु न्यौपाने र चन्द्रबहादुर बोहरा आई बसेका रहेछन् । त्यहाँ भेट भएपछि मैले रक्सी ल्याएको छु जाऔँ जङ्गलतिर उतै खाऔँला भनेँ । विष्णु न्यौपानेले कुरमुरे र चुइगम किने र मेरो योजनाअनुसार निजहरूलाई जङ्गलतिर लगेँ । माथि ढिस्कोमा गएपछि नखोलेको एक एक क्वाटर रक्सी कुरमुरेसँग खायौँ । रक्सी लाग्दै गएपछि मैले पछाडि झोलामा राखेको विषादी मिसाएको रक्सी पनि विष्णु न्यौपानेले देखी ल्याउ त्यो पनि खाउँ, किन राखेको भन्यो र मैले अब मलाई पुग्यो तिमीहरूले खाने भए खाउ भनेपछि विष्णुले पहिला र चन्द्रबहादुरले पछि खाए । त्यसपछि मेरो योजना त सफल भयो र विष्णु पनि मर्छ कि भनी डराउँदै अब दुवैलाई मार्नु पर्छ नत्र पोल थाहा हुन्छ भन्ने सोची एकछिन च्याउ खोज्न जाउँ भनी केही माथितिर लाग्यौँ । विस्तारै पहिला विष्णु न्यौपाने र पछि चन्द्रबहादुर बोहराले टाउको दुख्यो र रिँगटा लाग्न लाग्यो भन्न थाले । त्यसो भए एक छिन आराम गर भनी ठूलो ढुङ्गा भएको ठाउँमा बसे । दुवै जना लल्याकलुलुक भए । निजहरूको नजिकै पुगी बाँच्छन् कि भनी निजहरूको टाउको मैले ढुङ्गामा ठोक्काई दिएँ र टाउको बटारी दिएँ । निजहरू मरे होला भनी निजहरूको मोबाइलसमेत लिई त्यहाँबाट गएको हुँ भन्नेसमेत व्यहोराको प्रतिवादी माधव घिमिरेले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान ।

मैले माधव घिमिरेलाई पहिलेदेखि चिनेकी थिएँ । तर, चन्द्रबहादुर बोहरा, सम्झना क्षेत्री, विष्णु न्यौपानेको कम्पनी अलगअलग भएकोले चिनेकी थिइन । २०६६ साल असार महिनाको ११/१२ गते तिर महिलाहरूलाई कम्पनीमा फेरवल गरेपछि सम्झना क्षेत्री मसमेत भएको सि कम्पनीमा आएकी थिइन् । निज सि कम्पनीमा आएपछि निज र विकास भन्ने माधव घिमिरेको प्रेम सम्बन्ध छ भन्ने थाहा पाएकी थिएँ । निज बस्ने कोठामा चन्द्रबहादुर, विष्णु र माधव आउने गर्दथे । त्यसपछि निजहरूलाई पनि मैले चिनेकी थिएँ । सो अवस्थामा सम्झनासँग मोबाइल सेट थिएन । चन्द्रबहादुर बोहराले सम्झनालाई फोन गर्नुपरेमा मेरो मोबाइल र कहीलेकाँही दिदीको मोबाइलबाट फोन गर्दथेँ । सम्झनाले आफ्नो सिमकार्ड अरूको मोबाइलमा राखी कता कता फोन गर्दथिइन् भन्ने पनि सुनेकी थिएँ । चन्द्रबहादुर बोहरा सम्झनालाई भेट्न आएमा पनि निजले खासै वास्ता गर्दिन थिइन् । २०६७।३।३० गते दिउँसो अं.१२:२३ बजेको समयमा रवि भन्ने चन्द्रबहादुर बोहराले मेरो मोबाइलमा फोन गरी सम्झनालाई खोजेको थियो । म सो अवस्थामा बाहिर थिएँ । पछि आएर सम्झनालाई चन्द्रबहादुरले फोन गरेका थिए । उक्त दिन मसमेत गेटमा ड्युटी बसेको अवस्थामा चन्द्रबहादुर र विष्णु न्यौपानेको मृत्यु भएको भन्ने थाहा भएको हो । मृत्यु के कसरी भयो भन्ने सम्बन्धमा बुझ्दा विकास भन्ने माधव घिमिरेले सम्झनालाई मन पराउने भएकोले सम्झनाको श्रीमान् चन्द्रबहादुर बोहरा भएको हुँदा सम्झनालाई प्राप्त गर्ने इच्छाले बाधक बनेको रवि भन्ने चन्द्रबहादुरलाई कुनै तरिकाले सफाया गरेपछि प्राप्त गर्न सजिलो हुने ठानी निज माधव घिमिरेले नै मारेको हुनुपर्छ । विष्णु न्यौपानेसमेत सँगै गएको हुँदा निज बचेमा घटनाको साक्षी हुन्छन् भनी अपराधलाई छिपाउनका लागि विष्णु न्यौपानेलाईसमेत निजले कुनै तरिका अपनाई मारेको हुनुपर्छ भन्नेसमेत व्यहोराको सम्भावना भन्ने पवित्रा गैरेले गरेको कागज ।

Death is due to coma resulting from above mentioned injuries भन्ने र Visera containing Liver, Spleen Lung, Kidney, Stomach and Contents heart and blood sent for analysis on the request of police भन्ने उल्लेख भएको ।

प्रहरीले परीक्षण गर्दा Organo-chlorine insecticide पाइएको भन्ने केन्द्रीय प्रहरी प्रयोगशालाको परीक्षण प्रतिवेदन ।

उक्त दिन माधव घिमिरे मेरो पसल कौसल एग्रोभेटमा आएको जस्तो लाग्छ । निजले रू.८०।– पर्ने १००।– एम.एल. को थाएडेन नामक विषादी किनेर

लगेको जस्तो लाग्दछ भन्नेसमेत व्यहोराको पुष्पा ज्ञवालीले गरेको कागज।

मिति २०६७।३।३० गतेका दिन अं. ११ देखि १२ बजेको बिचमा पछि नाम थाहा भएका विकास भन्ने माधव घिमिरे मेरो रेस्टुरेन्टमा आएका थिए । सो अवस्थामा रेस्टुरेन्टमा अरू मानिसहरू थिएनन् । पछि निजले पुनः ३ वटा डाइमन जिनको क्वाटर मागे। ३ वटा क्वाटर माग्दा मैले किन हो यति धेरै भन्दा मैले लिएर जाने हो, यहाँ खाने होइन, ल्याउनु भने। त्यसपछि मैले १८० एम.एल. का पुनः ३ वटा डाइमन जिन दिएँ। निजले हिसाब गरी सोही टेबुलबाट मलाई पैसा दिए र निज गएपछि टेबुल सफा गर्दा सुरूमा मागेको डाइमनको सिसी र कोकको बोतलसमेत त्यहाँ थिएन र निजले आफू साथ नै लिई गएको हुनुपर्छ भन्नेसमेत व्यहोराको कमल न्यौपानेले गरेको कागज।

उक्त दिन म आफ्नै मोबाइल उपचार केन्द्रमा थिएँ । माधव घिमिरेले मलाई पैसाको समस्या छ, मोबाइल किनी दिनुपर्‍यो भनी २ वटा १६५० मोडलको मोबाइल लिएर आएका थिए । मैले उक्त मोबाइलहरू मध्ये एउटा मोबाइल रू.८००।– मा किनी दिएको हुँ भन्नेसमेत व्यहोराको कृष्ण पौडेलले गरेको कागज।

उक्त दिन म पोस्ट नजिकको गेटमा ड्युटीमा थिएँ । अं. १२ बजेको समयमा अशोक, रामचन्द्र सापकोटा, चन्द्रबहादुर, विष्णु न्यौपानेसमेतले गेट पास लिएर आएका थिए । गेटपास लिएर आएको कारणले मैले चारै जनालाई छाडी दिए । प्र. माधव घिमिरे कताबाट गएको हो, सो मलाई थाहा भएन । उक्त दिन बाहिर गएका चन्द्रबहादुर र विष्णु न्यौपाने मिति २०६७।३।३१ गते बुटवल न.पा.१४ चारपाला सामुदायिक वनमा मृत अवस्थामा फेला परे भन्ने कुरा जानकारी पाएको हुँ। प्र. माधव घिमिरे र सम्झना क्षेत्रीबिच प्रेम सम्बन्ध भएको कारण माधव घिमिरेले चन्द्रबहादुर बोहरालाई सफाया गरिदिएँ। सम्झनालाई प्राप्त गर्ने उद्देश्यले रक्सी र कोकमा विष मिसाई खुवाएर कर्तव्य गरी मारेको हो भन्नेसमेत व्यहोराको सन्दीप भन्ने राजेन्द्र जि.एम. ले गरेको कागज।

मृतक चन्द्रबहादुर बोहरा, विष्णु न्यौपाने, माधव घिमिरे, सम्झना क्षेत्रीलाई म राम्ररी चिन्दछु । सम्झना क्षेत्री र चन्द्रबहादुर बोहरा श्रीमान् श्रीमतीसमेत हुन् । चन्द्रबहादुर बोहरा र सम्झनाको खासै राम्रो सम्बन्ध थिएन । बेलाबखत झगडा गरी रहन्थे । सम्झना र माधव घिमिरे राम्रो बोलीचाली गर्दथे । निजहरू एकअर्का प्रति धेरै नजिकिएका थिए । मिति २०६७।३।३० गतेका दिन उक्त ब्रिगेडमा मेडिकल लाईनमा काम गर्ने रामचन्द्र सापकोटा एस.एल.सी. पास भएको उपलक्ष्यमा कोक खुवाउँछु भनेको हुँदा भित्र केन्टिन बन्द भएका कारण निज र म बाहिर गेट नजिकैको पसलमा आउँदै थियौँ । सोही क्रममा चन्द्रबहादुर र विष्णु न्यौपाने पनि बाटोको साइड गेटमा आएका थिए। सो अवस्थामा ड्युटीवालालाई गेट पास नभई बाहिर नछाड्नु लुज भएको छ भने। त्यसपछि चन्द्रबहादुर बोहरालाई गेटपास लिन पठाएँ। निज गएर गेटपास लिएर आए। निजले हल्का सामान लिनु छ भन्थे। म र रामचन्द्रले गेट नजिकैको केशवको पसलमा कोक खाएका हौँ। चन्द्र र विष्णु त्यहीँ बसेका थिए। जाउँ भन्दा केही बेर काम छ भन्थे त्यसपछि हामी दुई जना फर्कियौं। निजहरू ३/४ बजेसम्म नफर्किएपछि फोनसमेत गर्दा लागेको थिएन। मिति २०६७।३।३१ गते बुटवल न.पा. १४ चारपाला सामुदायिक वनमा दुवैजना मृत अवस्थामा रहेछन्। सम्झना क्षेत्री र माधव घिमिरेको प्रेम सम्बन्ध रहेको सम्झनाले चन्द्रलाई भन्दा माधवलाई बढी माया गर्ने निजहरूको प्रेम सम्बन्धको बिचमा चन्द्रबहादुर बोहरालाई बाधक भएको ठानी निजहरू दुवै जनाको मिलेमतोमा माधव घिमिरेले चन्द्रबहादुर बोहरालाई सफाया गरी सम्झनालाई प्राप्त गर्ने इच्छाले योजना बनाई मारेका हुन् भन्नेसमेत व्यहोराको अशोक भण्डारीले गरेको कागज।

मिति २०६७।३।३० गते कृष्ण सेन ब्रिगेड सैनामैनामा कार्यरत चन्द्रबहादुर बोहरा र विष्णु न्यौपानेलाई माधव घिमिरे र सम्झना क्षेत्रीको मिलेमतोमा मादक पदार्थ रक्सीमा विष मिसाई सेवन गराई कर्तव्य गरी मारेका हुन् भन्नेसमेत व्यहोराको

वस्तुस्थिति मुचुल्का।

प्रतिवादी विकास भन्ने माधव घिमिरे र संगिता भन्ने सम्झना क्षेत्री बोहराको सल्लाह मिलेमतोमा रक्सी र कोकमा विषादी मिलाई जङ्गलमा विकास भन्ने माधव घिमिरेले लगी मिति २०६७।३।३० गते चन्द्रबहादुर र विष्णु न्यौपानेलाई विष मिश्रित कोक र रक्सी खुवाई मृतक विषादीको असरले लल्याक लुलुक भएपछि टाउको ढुङ्गामा ठोक्काई घाँटीसमेत बटारी कर्तव्य गरी मारेको तथ्य घटनास्थल तथा लास प्रकृति मुचुल्का, शव परीक्षण प्रतिवेदन, प्रतिवादीहरूको मौकाको बयान तथा वस्तुस्थितिका मानिसहरूको कागज व्यहोराबाट पुष्टि भएकोले निज प्रतिवादी विकास भन्ने माधव घिमिरेलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(१) नं. बमोजिम सर्वश्वसहित जन्मकैदको सजाय र प्रतिवादी संगिता भन्ने सम्झना क्षेत्री बोहरालाई सोही महलको ऐ. १३(४) नं. बमोजिम जन्म कैदको सजाय गरिपाउँ भन्नेसमेत व्यहोराको अभियोग दाबी।

मृतक चन्द्रबहादुर बोहरा र विष्णु न्यौपानेलाई चिन्दछु । निजहरूसँग सैनामैना क्याम्पको अगाडि केशव भन्नेको पसलमा भेट भएको हो । रामप्रसाद न्यौपानेसमेतले दिएको किटानी जाहेरी कागज झुट्टा हो। अधिकारप्राप्त अधिकारीसमक्ष भएको व्यहोरा झुट्टा हो। सहीछाप मेरै हो। सम्झना क्षेत्रीको बयान सम्बन्धमा मलाई केही थाहा भएन। सम्झनाको मसँग प्रेम सम्बन्ध भएको कुरा झुट्टा हो । अभियोग दाबीबमोजिम कसुर नगरेकोले मलाई सजाय हुनपर्ने होइन भन्ने व्यहोराको प्रतिवादी विकास भन्ने माधव घिमिरेले सुरू अदालतमा गरेको बयान।

जाहेरवालाहरूसँग चिनजान, लेनदेन, पूर्व रिसइवी केही छैन। सहप्रतिवादी र म जनमुक्ति सेनाको सैनामैनामा काम गर्छौं। २०६६ साल चैत महिनादेखि चिनजान भएको हो । मृतक चन्द्रबहादुर मेरा पति हुन्। चन्द्रबहादुर र विष्णु न्यौपाने २०६७।३।३० गते १२.३० बजे बाहिर गएका हुन्। पतिले पवित्रा गैरेसँग फोन गरेका रहेछन् । उक्त दिन निजहरू आएनन् । घटना कसरी घटाए भन्ने कुरा थाहा भएन । घटना भएको असार ३१ गते थाहा भएको हो। मैले इलाका प्रहरी कार्यालय, बुटवलमा जाहेरी दिएको हुँ । मेरो श्रीमान्सँग कहिले काँही झगडा हुने गर्दथ्यो । मेरो माधवसँग हेलमेल भएको पनि होइन । मेरो र माधव घिमिरेबिच प्रेम सम्बन्ध भएको भन्ने व्यहोरा गलत हो । निजले कहाँ कहाँ गई के के किने कहाँ लगे मलाई केही थाहा भएन। बरामदी सामान मलाई थाहा भएन । अधिकारप्राप्त अधिकारीसमक्ष भएको बयान व्यहोरा मेरो होइन। के लेखे थाहा भएन, सही गर भनेर सही गरेकी हुँ। के कारणले मारेका हुन् मलाई थाहा भएन । घटनामा मेरो संलग्नता छैन । त्यसैले मलाई सजाय हुनुपर्ने होइन भन्नेसमेत व्यहोराको प्रतिवादी संगिता भन्ने सम्झना क्षेत्री बोहराले सुरू अदालतमा गरेको बयान।

प्रतिवादीहरूले अदालतमा बयान गर्दा आरोपित कसुरमा इन्कार गरे तापनि मौकामा अधिकारप्राप्त अधिकारीसमक्ष कसुरमा साबित भई बयान गरेको देखियो । प्रतिवादीहरू उपरको किटानी जाहेरी, प्रहरीमा कागज गर्ने व्यक्तिहरूको भनाई, घटनास्थल तथा लास प्रकृति मुचुल्का र शव परीक्षण प्रतिवेदन जस्ता तत्काल प्राप्त प्रमाणहरूबाट प्रतिवादीहरू अभियोजित कसुरका कसुरदार रहेको तथ्य पुष्टि भएको हुँदा पछि बुझ्दै जाँदा ठहरे बमोजिम हुने गरी प्रतिवादीहरूलाई मुलुकी ऐन अ.बं. ११८ (२) नं. बमोजिम थुनामा राख्न अ.बं. १२१ नं. बमोजिम थुनुवा पूर्जी दिई कारागार कार्यालयमा पठाउनु भन्ने सुरू रूपन्देही जिल्ला अदालतको मिति २०६७।५।१ को आदेश।

जाहेरवाला रघुनाथ न्यौपाने, रामप्रसाद न्यौपानेले प्रहरीमा कागज गर्ने नुरदेव बस्याल सन्दिप भन्ने राजेन्द्र जि.एम.ले गरेको बकपत्र मिसिल सामेल रहेको।

किटानी जाहेरी, प्रतिवादीहरूले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको साबिती बयान, मौकामा बुझिएका नुरदेव बस्याल र राजेन्द्र जि.एम.

ले गरेको कागज, घटनास्थल प्रकृति मुचुल्का र शव परीक्षण प्रतिवेदनसमेतबाट मिति २०६७।३।३० गते चन्द्रबहादुर बोहरालाई मार्ने योजना बनाई चारपाला जङ्गलमा लगी रक्सी र कोकमा थायेडिन विषादी मिसाई चन्द्रबहादुर र विष्णु न्यौपानेसमेतलाई खुवाई त्यसको असरबाट मृतकहरू लल्याक लुलुक भएपछि निजहरूको टाउको बटारी ढुङ्गामा ठोक्काई कर्तव्य गरी प्रतिवादी माधव घिमिरेले मारेको भन्ने पुष्टि भएकोले निज प्रतिवादी माधव घिमिरेलाई मुलुकी ऐन ज्यानसम्बन्धीको महलको १ नं. विपरीत १३(१) को कसुरमा सर्वस्वसहित जन्मकैद हुने ठहर्छ । प्रतिवादी संगिता भन्ने सम्झना क्षेत्रीसँग प्रतिवादी माधव घिमिरेले तिमीलाई पाउन चन्द्रबहादुरलाई सफाया गर्छुभन्दा त्यसमा सहमति जनाई हिम्मत छ भने हेरौँ न त भनी प्रतिवादीलाई अपराध गर्न दुरूत्साहन गरेकी संगिता भन्ने सम्झनाको यही बचनको उक्साहटमा प्रतिवादी माधव घिमिरेले ज्यान मार्नेसम्मको कार्य गर्न पुगेको देखिन्छ । प्रतिवादी सम्झना क्षेत्रीलाई ज्यानसम्बन्धीको महलको १ नं. विपरीत १३(४) नं. को कसुरमा जन्म कैदको सजाय हुन्छ । यी प्रतिवादी संगिता भन्ने सम्झना क्षेत्री घटनास्थलमा उपस्थित नभएको, विषादी ल्याउने कार्यमा संलग्न नभएको केवल प्रतिवादी माधव घिमिरेले चन्द्रबहादुरलाई सफाया गर्छु भन्दा हिम्मत छ हेरौं न भनी व्यक्त गरेको शब्दले माधवलाई उत्साहित बनाएर घटना घट्न गएकोले निजलाई ज्यानसम्बन्धीको महलको १३(४) नं. को कसुरमा जन्म कैद गर्दा चर्को पर्न जाने र सो भन्दा कम सजाय गर्दा पनि न्यायको मकसद पुरा हुने देखिँदा अ.बं. १८८ नं. बमोजिम निजलाई १० (दश) वर्ष कैद सजाय हुन भनी छुट्टै राय प्रस्तुत गरेको भन्ने सुरू रूपन्देही जिल्ला अदालतको मिति २०६७।१२।१० को फैसला ।

मृतक चन्द्रबहादुर बोहरालाई मैले मारेको होइन । वारदातमा मेरो संलग्नता भएको प्रमाण पनि छैन । प्रतिवादीमध्येका चन्द्रबहादुरले निज मृतकहरूलाई मार्न रक्सीमा विष मिसाई खान दिएको कारण नै मृत्युको कारण हो भनी पुष्टि भएको देखिएको छ । ज्यान जस्तो जघन्य अपराधमा प्रत्यक्ष प्रमाणको अभावमा सजाय गर्न मिल्ने होइन । मैले मेरो श्रीमान् चन्द्रबहादुर बोहराको मृत्यु गर्ने दोषीलाई कारवाहीको माग राखी जाहेरी दरखास्त दिई कारवाही गराएको अवस्थामा मेरो संलग्नता रहेको भनी सजाय गरेको त्रुटिपूर्ण फैसला उल्टी गरी झुठा दाबीबाट सफाई दिलाई पाउँ भन्नेसमेत व्यहोराको प्रतिवादी संगिता भन्ने सम्झना क्षेत्रीको पुनरावेदन पत्र ।

प्रतिवादी विकास भन्ने माधव घिमिरेका नाउँमा मिति २०६८।१२।२८ मा पुनरावेदनको म्याद तामेल भएकोमा म्यादभित्र पुनरावेदन परेको नदेखिँदा निजको हकमा साधकको रोहमा दर्ता भएको पाइयो ।

घटनामा प्रत्यक्ष संलग्न नभएको अवस्थामा पनि पुनरावेदक प्रतिवादी संगिता भन्ने सम्झना क्षेत्री बोहरालाई ज्यानसम्बन्धीको महलको १३(४) नं. बमोजिम सजाय गरेको सुरू जिल्ला अदालतको फैसला प्रमाणको मूल्याङ्कनको रोहमा फरक पर्न सक्ने हुँदा अ.बं. २०२ नं. एवम् पुनरावेदन अदालत नियमावली, २०४८ को नियम ४७ बमोजिम पुनरावेदन सरकारी वकिल कार्यालयलाई पेसीको सूचना दिई नियमानुसार पेस गर्नु भन्नेसमेत व्यहोराको पुनरावेदन अदालत, बुटवलको मिति २०६८।१२।२७ को आदेश ।

प्रतिवादी विकास भन्ने माधव घिमिरेले अदालतमा इन्कारी बयान गरे पनि मौकामा बयान गर्दा मिति २०६७।३।२४ गते सम्झनालाई विवाह गर्छु भन्दा बिचमा अवरोध छ के गर्छौ ? भनेकी थिइन् । मैले चन्द्रबहादुरलाई ठीक पारी तिमीलाई आफ्नो बनाउँछु भने । त्यसपछि सम्झनाले लौ गर त हिम्मत् छ भनेकी थिइन् । त्यसपछि मिति २०६७।३।३० मा चन्द्रबहादुरलाई मार्ने योजना बनाई कौसल एग्रोभेटमा गई थाएडिन नामक विषादी किनी सो विषादी रक्सीमा मिसाई विष्णु न्यौपाने र चन्द्रबहादुरलाई खुवाई दिएँ । त्यसपछि निजहरू लल्याक लुलुक भएपछि निजहरूको टाउको ढुङ्गामा बटारी हत्या गरिदिएँ भनी आरोपित अभियोग दाबीमा साबित रहेको

पाइन्छ । मौकामा बुझिएका नुरदेव बस्यालसमेतको बकपत्रबाट प्रतिवादीको मौकाको बयान पुष्टि भएको देखियो । प्रतिवादी संगिता भन्ने सम्झना क्षेत्री मृतक चन्द्रबहादुरलाई मार्ने मत सल्लाहमा पसेको । तर, ज्यान मार्ने योजना, षड्यन्त्र बनाएको देखिएन । तसर्थ, प्रतिवादी विकास भन्ने माधव घिमिरेलाई अभियोग दाबीबमोजिम मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने सजाय गरेको सुरू रूपन्देही जिल्ला अदालतको फैसला मिलेकै हुँदा सदर हुने र प्रतिवादी संगिता भन्ने सम्झना क्षेत्रीलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(४) नं. बमोजिम सजाय गरेको फैसला केही उल्टी भई प्रतिवादीलाई ऐ. महलको १७(३) नं. बमोजिम ३ (तीन) वर्ष कैद हुने ठहर्छ भन्ने पुनरावेदन अदालत, बुटवलको मिति २०६९।२।२८ को फैसला।

पुनरावेदन अदालतको उक्त फैसलामा चित्त बुझेन प्रतिवादी संगिता भन्ने सम्झना क्षेत्रीले अधिकारप्राप्त अधिकारीसमक्ष आफ्नो सम्बन्ध चन्द्रबहादुर बोहरासँग टाढिदै र प्रतिवादी माधव घिमिरेसँग बढ्दै गएकोले माधव घिमिरेले जसरी भए पनि विवाह गर्छु भन्यो । मैले बाधा अवरोध धेरै छन् भन्दा उसले बाधा अवरोध हटाउँछु भन्यो । मैले कसरी भनी प्रश्न गर्दा सफाया गरिदिन्छु भन्यो । हिम्मत छ मैले भनेँ उसले गरी हाल्छु भन्यो । यसरी यी प्रतिवादी सम्झनाको योजना, सल्लाह र सहमतिबाट चन्द्रबहादुरको कर्तव्य भएको प्रस्ट देखिन्छ । प्रतिवादी सम्झनाको सल्लाहअनुरूप नै मृतकको मृत्यु भएको हो । प्रतिवादी सम्झना क्षेत्रीलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(४) नं. बमोजिम सजाय गर्नुपर्नेमा ऐ. महलको १७(३) नं. बमोजिम सजाय गरेको पुनरावेदन अदालतको त्रुटिपूर्ण फैसला उल्टी गरी अभियोग दाबीबमोजिम सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन पत्र।

मैले चन्द्रबहादुरलाई मार्ने कुनै पूर्व योजना, षड्यन्त्र, तयारी गरेको तथा चन्द्रबहादुरलाई मार्न प्रतिवादी माधव घिमिरेलाई सल्लाह दिएको छैन । "हिम्मत भए हेरौँ न त" भन्ने शब्दावली प्रयोग गरेको भन्ने शङ्का र अनुमानका आधारमा मलाई सजाय गरिएको छ। वारदातमा मेरो कुनै संलग्नता रहे भएको छैन। मेरो प्रतिवादी माधव घिमिरेसँग कुनै प्रेम सम्बन्ध रहेको छैन। मैले मौकामा अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयानमा आरोपित कसुर स्वीकार गरेको छैन । झुठा अभियोग दाबीका आधारमा मलाई सजाय गरेको पुनरावेदन अदालत, बुटवलको त्रुटिपूर्ण फैसला उल्टी गरी सफाई दिलाई पाउँ भन्ने प्रतिवादी संगिता भन्ने सम्झना क्षेत्रीको पुनरावेदन पत्र।

प्रतिवादी विकास भन्ने माधव घिमिरेका हकमा पुनरावेदन अदालत, बुटवलले गरेको फैसलाउपर यस अदालतको साधक दायरीमा दर्ता भई पेस भएको रहेछ।

नियमबमोजिम पेसी सूचीमा चढी निर्णयार्थ यस इजलाससमक्ष पेस भएको प्रस्तुत मुद्दामा पुनरावेदक वादी नेपाल सरकारका तर्फबाट उपस्थित महान्यायाधिवक्ताको कार्यालयका विद्वान् सहन्यायाधिवक्ता श्री खगराज पौडेलले प्रतिवादी संगिता क्षेत्रीको प्रतिवादी विकास भन्ने माधव घिमिरेसँग प्रेम सम्बन्ध भएको तथ्य प्रतिवादीहरूको बयानसमेतले पुष्टि गरेको छ। प्रतिवादीहरू बिच बढ्दै गएको सम्बन्धमा तगारोको रूपमा चन्द्रबहादुर रहेकोले निजलाई समाप्त गरेपछि प्रतिवादीहरूको सम्बन्ध कायम हुने प्रस्ट भएकोले प्रतिवादी संगिता भन्ने सम्झनाको योजना, सल्लाह र षड्यन्त्रअनुरूप चन्द्रबहादुरसमेतको हत्या गरेको मिसिल संलग्न प्रमाणहरूले पुष्टि गरेको छ । प्रतिवादी सम्झनाले "हिम्मत भए हेरौँ न त" भनी उक्साएकोले त्यसै उक्सावटबाट उत्प्रेरित भई मृतकको मृत्यु भएको मिसिल संलग्न प्रमाणबाट पुष्टि गरेको छ। यस्तो अवस्थामा संगिता भन्ने सम्झनालाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(४) नं. बमोजिम सजाय गर्नुपर्नेमा ऐ. महलको १७(३) नं. अनुसार तिन वर्ष कैद सजाय गरेको पुनरावेदन अदालतको त्रुटिपूर्ण फैसला उल्टी गरी सुरू जिल्ला अदालतको फैसला सदर गरिपाउँ भनी बहस गर्नुभयो।

विद्वान् सहन्यायाधिवक्ताको उपर्युक्त बमोजिमको बहस सुनी पुनरावेदन अदालतको फैसला मिलेको छ, छैन, पुनरावेदन जिकिर पुग्न सक्ने हो, होइन सो सम्बन्धमा निर्णय गर्नुपर्ने देखियो ।

२. निर्णयतर्फ विचार गर्दा, प्रतिवादीहरू उपर परेको किटानी जाहेरी, घटनास्थल लासजाँच मुचुल्का, घटनास्थल प्रकृति मुचुल्का, प्रतिवादीहरूले अदालत तथा मौकामा अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान, शव परीक्षण प्रतिवेदन (Autopsy Report), मौकामा बुझिएका व्यक्तिहरूको कथनसमेतबाट चन्द्रबहादुर बोहरा र विष्णु न्यौपानेको मृत्यु कर्तव्यबाट भएको तथ्यमा विवाद रहेको देखिएन ।

३. प्रतिवादी विकास भन्ने माधव घिमिरेका हकमा साधक दर्ता भई पेस भएको देखिँदा सो सम्बन्धमा विचार गर्नुपर्ने देखियो । मेरा पति चन्द्रबहादुर बोहरा र विष्णु न्यौपानेलाई कर्तव्य गरी हत्या गरेकोले दोषी छानबिन गरी सजाय गरिपाउँ भनी प्रतिवादीउपर परेको जाहेरीका आधारमा अनुसन्धान भई सङ्कलित सबुद प्रमाणका आधारमा प्रतिवादीहरू माधव घिमिरे र संगिता भन्ने सम्झना क्षेत्रीले मृतक चन्द्रबहादुर बोहरा र विष्णु न्यौपानेलाई कर्तव्य गरी हत्या गरेको पुष्टि भएकोले प्रतिवादी विकास भन्ने माधव घिमिरेलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(१) नं. बमोजिम सजाय गरिपाउँ भन्ने प्रतिवादीउपर माग दाबी रहेको पाइन्छ । प्रतिवादी विकास भन्ने माधव घिमिरेले अदालतमा आरोपित कसुरमा इन्कारी बयान गरे तापनि मौकामा अधिकारप्राप्त अधिकारीसमक्ष मृतक चन्द्रबहादुरकी पत्नी सम्झना क्षेत्रीसँग प्रेम सम्बन्ध भई विवाह गर्छु भन्दा बिचमा अवरोध छ के गर्छौ भनी सम्झनाले भन्दा मैले चन्द्रबहादुर बोहरालाई ठीक पारी तिमीलाई आफ्नो बनाउँछु भनेँ। त्यसपछि सम्झनाले लौ गर तेती हिम्मत छ भनेकी थिइन् । त्यसपछि म (माधव घिमिरे) हौसिएर मार्ने योजना बनाई कौसल एग्रोभेटमा गई थाएडिन नामक विषादी किनी मृतकहरूलाई चारपाला सामुदायिक वनमा लगी रक्सीमा विषादी मिसाई खान दिएँ । त्यसपछि निजहरू लल्याक लुलुक भए । तत्पश्चात् निजहरूको टाउको ढुङ्गामा ठोक्काई बटारी दिए भनी प्रतिवादी माधव घिमिरेले घटनाको श्रृङ्खलाबद्धरूपमा वर्णन गरी आरोपित अभियोग दाबीमा साबित भई बयान गरेको देखिन्छ । प्रतिवादी संगिता भन्ने सम्झना क्षेत्रीले २०६६ सालको चैत महिनादेखि माधव घिमिरेसँग सम्पर्क र सम्बन्ध बढ्दै जान थाल्यो । सुरूसुरूमा एस.एम.एस. हुन थाल्यो । एस.एम.एस. पश्चात् भेट भई कुराकानी हुन थाल्यो । पटकपटक जङ्गलमा दाउरा खोज्न गएको बेलामा पनि माधवले मलाई जसरी भए पनि तिमीलाई विवाह गर्छु भन्थ्यो । बाधा अवरोधहरू छन् एक्लै निर्णय गर्न सक्दिन भन्दा उसले बाधा अवरोध म हटाउँछु भन्यो । कसरी भनी प्रश्न गर्दा चन्द्रबहादुरलाई सफाया गरी दिन्छु । साइड लगाई दिन्छु भनी प्रतिवादी माधव घिमिरेको मौकाको बयान ब्यहोरालाई समर्थन हुने गरी बयान गरेको देखिन्छ । मिति २०६७।३।३२ को Autopsy Report मा Death is due to coma resulting from above mentioned injuries भन्ने उल्लेख भएको र परीक्षण गर्न पठाएको भिसेरा नमूनामा Organo-chlorine insecticide पाइएको भन्ने केन्द्रीय प्रहरी प्रयोगशालाको परीक्षण प्रतिवेदनबाट देखिन्छ । एग्रोभेटका पसले पुष्पा ज्ञवाली तथा रेस्टुराँका पसले कमला न्यौपानेले मौकामा अनुसन्धान अधिकारीसमक्ष प्रतिवादी माधव घिमिरेलाई थाएडिन तथा कोक बिक्री गरेको भनी कागज गरी दिएको देखिन्छ । मौकामा अनुसन्धानको क्रममा बुझिएका सन्दीप भन्ने राजेन्द्र जि.एम.र अशोक भण्डारीसमेतका व्यक्तिहरूले प्रतिवादीको मौकाको बयानलाई समर्थन र पुष्टि हुने गरी हुने गरी बकपत्र गरेको देखिन्छ ।

४. टाउको जस्तो अति संवेदनशील अङ्ग ढुङ्गामा ठोक्काउँदा मानिस मर्ने परिणाम (Fore see) प्रतिवादीले पहिला नै देखेको र त्यो परिणाम प्राप्तिका लागि लल्याक लुलुक भएको टाउको ढुङ्गामा ठोक्काई बटारी चन्द्रबहादुर बोहरा र विष्णु न्यौपानेको मृत्यु यी प्रतिवादीको कर्तव्यबाट भएको देखिँदा निजलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३ (१) नं.

बमोजिम सर्वस्वसहित जन्म कैद हुने ठहर्‍याएको पुनरावेदन अदालतको फैसलामा कानूनी त्रुटि रहेको देखिएन ।

५. अब प्रतिवादी संगिता भन्ने सम्झना क्षेत्रीलाई अभियोग दाबी अनुसार मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(४) नं. बमोजिम सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरतर्फ विचार गर्नुपर्ने देखियो । मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(४) नं. हेर्दा "जुनसुकै कुरा गरिकन पनि ज्यान मार्नमा बचन दिनेलाई वा वारदात भैरहेको ठाउँमा गई मार्नलाई संयोग पारी दिना निमित्त मर्ने मानिसको जीउमा हात हाली पक्री समाती दिनेलाई जन्मकैद गर्नुपर्छ" भन्ने कानूनी प्रावधान रहेको देखियो । यस दफाको अध्ययनबाट जुनसुकै कुरा गरी ज्यान मार्न बचन दिने वा वारदातस्थलमा गई मार्नलाई मर्ने मानिसको जीउमा हात हाली पक्री समाती मार्ने संयोग पारी दिए जन्म कैद गर्नुपर्ने देखिन्छ ।

६. तर, प्रस्तुत मुद्दामा प्रतिवादी संगिता भन्ने सम्झना बोहराले मृतक चन्द्रबहादुर बोहरा र विष्णु न्यौपानेलाई मार्नु भनी बचन दिएको तथा वारदातस्थलमा मौजुद भई मर्ने मानिसहरूको जीउमा हात हाली पक्री संयोग पारी दिएको तथ्य मिसिल प्रमाणबाट देखिँदैन । प्रतिवादी सम्झना बोहराले मार भनी वचन दिएपछि मैले मृतकलाई मारेको हो भन्ने प्रतिवादी विकास भन्ने माधव घिमिरेले बयानका क्रममा व्यक्त गरेको देखिँदैन । प्रतिवादी सम्झनाले अदालतमा इन्कारी बयान गरे पनि मौकामा अधिकारप्राप्त अधिकारीसमक्ष बयान गर्दा २०६६ साल चैतदेखि माधव घिमिरेसँग सम्बन्ध बढ्न थाल्यो । पटकपटक जङ्गल जाँदा माधवले जसरी भए पनि तिमीलाई विवाह गर्छु भन्थ्यो । बाधा अवरोधहरू छन् एक्लै निर्णय गर्न सक्दिन भन्दा उसले बाधा अवरोध मै हटाउँछु भन्यो । कसरी भन्दा चन्द्रबहादुरलाई सफाया गर्छु, साइड लगाई दिन्छु भन्यो भनी बयानमा उल्लेख गरेको देखिन्छ । मौकामा बुझिएका कविराज बस्नेत, रक्षा भन्ने हिरा वि.क. समेतको कागजबाट प्रतिवादी सम्झना क्षेत्री बोहराले मृतकलाई मार्ने वचन दिएको वा वारदातस्थलमा मौजुद रही मर्नेको जीउमा हात हालेको वा मार्न संयोग पारी दिएको भन्ने मिसिल संलग्न प्रमाणबाट नदेखिएको अवस्थामा प्रतिवादी सम्झना क्षेत्री बोहरालाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(४) नं. अनुसार सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्ने अवस्था रहेको देखिएन ।

७. अब प्रतिवादी सम्झना क्षेत्री बोहराले अभियोग दाबीबाट सफाई पाउँ भनी दिएको पुनरावेदन जिकिरका सम्बन्धमा विचार गर्नुपर्ने देखियो । प्रतिवादी सम्झना क्षेत्री बोहराले प्रतिवादी विकास भन्ने माधव घिमिरेसँग प्रेम सम्बन्ध नभएको भनी अदालतमा बयानका क्रममा जिकिर लिए तापनि प्रतिवादी माधव घिमिरे र अनुसन्धानका क्रममा बुझिएकी पवित्रा गैरेसमेतको कागजबाट प्रतिवादी सम्झना क्षेत्री बोहराको माधव घिमिरेसँग प्रेम सम्बन्ध रहेको देखिन्छ । प्रतिवादी माधव घिमिरेसँग प्रेम सम्बन्ध भएको र सोमा बाधक आफ्नो पति चन्द्रबहादुर बोहरा भएकोले निजलाई माधव घिमिरेले सफाया गरी दिन्छु भन्दा "लौ हेरौँ न त" भनी वारदात हुनुपूर्व भनेको तथ्य मिसिलबाट देखिन्छ । सहप्रतिवादी माधव घिमिरेले सम्बन्ध कायम गर्न पीर नगर म चन्द्रबहादुरलाई सफाया गरी दिन्छु भन्दा "हेरौँ न त" भनेको तथ्य प्रतिवादी माधव घिमिरे र सम्झना क्षेत्री बोहरा दुबैको मौकाको बयानबाट देखिन्छ । कसैले कानूनद्वारा निषेधित कार्य गरेमा वा कानूनद्वारा गर्नुपर्ने कार्य नगरेमा फौजदारी दायित्व सिर्जना हुन्छ । प्रतिवादी सम्झना क्षेत्रीले मौकामा अधिकारप्राप्त अधिकारीसमक्ष मलाई चन्द्रबहादुर बोहरासँग घृणा लागेर आउने र माधव घिमिरेसँग माया लागेर आउन थाल्यो । माधव घिमिरेले मलाई विवाह गर्छु भन्दा मैले बाधा अवरोधहरू छन् उसले बाधा अवरोध मैले हटाउँछु भन्यो । मैले कसरी भन्दा चन्द्रबहादुरलाई सफाया गरी दिन्छु, ठीक पारी दिन्छु भन्यो भनी बयान गरेको पाइन्छ । यसरी प्रतिवादीले सफाया गरी दिन्छु भनी मौकामा भनेको

कुरा प्रति कुनै उजुर आपत्ति नगरी त्यसलाई समर्थन गरी बसेको र सोही अनुसारको घटना घटी फौजदारी अपराधको दूष्परिणाम निस्केपछि जाहेरी दिएको देखिन्छ । घटना घटाउन सहमति जनाई अपराधको दूष्परिणाम निस्केपछि जाहेरी दिएको आधारमामात्र यी प्रतिवादीले फौजदारी दायित्वबाट सफाई पाउन सक्ने अवस्था रहँदैन ।

८. यस सम्बन्धमा मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १७ नं. को देहाय ३ मा "अरू किसिमसँग मत सल्लाहमा पसेकोमा मार्ने ठाउँमा गई अरू कुरा केही नगरी हेरी रहनेलाई र लेखिए देखिबाहेक अरू किसिमको मतलबीलाई ६ महिनादेखि ३ वर्षसम्म कैद गर्नुपर्छ" भन्ने कानूनी प्रावधान रहेको देखियो । यस दफाको अध्ययनबाट कुनै किसिमको मत सल्लाहमा पसेकोमा मार्ने ठाउँमा गई केही नगरी हेरी रहने वा अरू कुनै किसिमका मतलबीलाई ६ महिना देखि ३ वर्षसम्म कैद गर्नुपर्ने देखिन्छ ।

९. प्रस्तुत मुद्दामा प्रतिवादी सम्झना क्षेत्री वारदातस्थलमा मौजुद भएको वा चन्द्रबहादुर बोहरालाई मार भनी निजले बचन दिएको देखिँदैन । तर, प्रतिवादीले चन्द्रबहादुरलाई सफाया गरी दिन्छुभन्दा त्यसो गर्नु हुन्न भनी नरोकी अपराध हुन जाने काममा मतलबीको रूपमा यी प्रतिवादीले काम गरेको देखिन्छ । यसरी प्रतिवादी सम्झना क्षेत्रीले मृतक चन्द्रबहादुर बोहरासमेतलाई मार्ने मतलबमासम्म पसेको मिसिल संलग्न प्रतिवादीहरूका मौकाको बयानसमेतका कागजप्रमाणहरूबाट देखिँदा प्रतिवादी सम्झना क्षेत्रीलाई मतलबीसम्म ठहर्‍याई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १७ (३) नं. बमोजिम सजाय गरेको पुनरावेदन अदालतको फैसलामा कानूनी त्रुटि रहेको देखिएन ।

१०. अतः माथि उल्लिखित आधार र कारणसमेतबाट प्रतिवादी विकास भन्ने माधव घिमिरेलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैद र प्रतिवादी सम्झना क्षेत्रीलाई ऐ. महलको १३(४) नं. बमोजिम जन्म कैद हुने ठहर्‍याएको सुरू रूपन्देही जिल्ला अदालतको मिति २०६७।१२।१० को फैसलामा प्रतिवादी माधव घिमिरेका हकमा सुरूको फैसला सदर गरी र प्रतिवादी सम्झना क्षेत्रीको हकमा सुरू जिल्ला अदालतको फैसला केही उल्टी गरी निजलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १७(३) नं. बमोजिम ३ (तीन) वर्ष कैद सजाय हुने ठहर्‍याएको पुनरावेदन अदालत, बुटवलको मिति २०६९।२।२८ को फैसला मिलेको देखिँदा साधकसमेत सदर हुने ठहर्छ । पुनरावेदक वादी, प्रतिवादीको पुनरावेदन जिकिर पुग्न सक्दैन । प्रस्तुत मुद्दाको दायरीबाट लगत कट्टा गरी मिसिल नियमानुसार बुझाइदिनू ।

उक्त रायमा सहमत छु ।

न्या.चोलेन्द्र शमशेर ज.ब.रा.

इजलास अधिकृत : प्रेमप्रसाद न्यौपाने

इति संवत् २०७२ साल माघ २८ गते रोज ५ शुभम् ।

## निर्णय नं. ९५६३

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री बैद्यनाथ उपाध्याय
माननीय न्यायाधीश श्री जगदीश शर्मा पौडेल
फैसला मिति : २०७२।१०।३।१
०७२-CR-०३१३

मुद्दा : राज्य विरूद्धको अपराध (राज्य विप्लव)

पुनरावेदक / वादी : जिल्ला प्रहरी कार्यालय मोरङका प्र.ना.नि. राजेश दत्तको प्रतिवेदनले नेपाल सरकार

विरूद्ध

प्रत्यर्थी / प्रतिवादी : जिल्ला सप्तरी महादेवा गा.वि.स. वडा नं. ७ बस्ने डा. सि.के. राउत भन्ने चन्द्रकान्त राउत

- **प्रतिवादीलाई आफ्ना विचारहरू अभिव्यक्त गर्ने, विना हातहतियार भेला हुने राजनीतिक दल खोल्ने तथा संघ संगठन खोल्ने नेपालको कुनै पनि भागमा आवतजावत र बसोबास गर्ने समेतका स्वतन्त्रताको हक संविधानले नै प्रत्याभूत गरेको देखिन्छ । उपरोक्त स्वतन्त्रताहरू निरपेक्ष नभई सापेक्षित स्वतन्त्रता हुन् । उक्त स्वतन्त्रताहरूलाई राज्यले उचित कानून बनाई सङ्कुचन र नियन्त्रण गर्न सक्ने ।**

(प्रकरण नं.९)

- **अनुसन्धानको क्रममा बुझिएका मानिसहरूले अदालतमा गरेको बकपत्रबाट प्रतिवादीले जबरजस्ती मानिसहरू भेलाजम्मा गराई डर त्रास देखाई आतङ्कित बनाएको तथा शान्ति सुरक्षामा खलल् पार्ने कार्य गरेको भन्ने देखिँदैन। प्रतिवादीले बल प्रयोग गरी शान्ति अमनचयन भङ्ग गरी अशान्ति मच्चाएको वा हुलदङ्गा गरी शान्ति र व्यवस्थामा खलल् पुर्‍याई अव्यवस्था उत्पन्न गरेको भन्ने मिसिल संलग्न कागजातबाट देखिँदैन । प्रतिवादीबाट कुनै हातहतियार, आपत्तिजनक तथा संवेदनशील विष्फोटक पदार्थ, प्रज्वलनशील तथा मधेशलाई नेपालबाट विखण्ड गर्ने खालका कुनै वस्तु बरामद भएको नदेखिँदा प्रतिवादीलाई अभियोग दाबीबमोजिम कसुरदार ठहर गर्न नमिल्ने ।**

(प्रकरण नं.११)

पुनरावेदक / वादीका तर्फबाट : विद्वान् सहन्यायाधिवक्ता गीताप्रसाद तिम्सिना

प्रत्यर्थी / प्रतिवादीका तर्फबाट :

अवलम्बित नजिर :

सम्बद्ध कानून :

सुरू तहमा फैसला गर्ने :

अध्यक्ष मा.न्या. श्री मोहनरमण भट्टराई

सदस्य मा.न्या.श्री. पवनकुमार शर्मा

सदस्य मा.न्या.श्री महेशप्रसाद पुडासैनी

फैसला

**न्या.बैद्यनाथ उपाध्याय :** विशेष अदालत ऐन, २०५९ को दफा १७ अनुसार यस अदालतमा पुनरावेदन पर्न आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवम् ठहर यसप्रकार छ :-

जिल्ला मोरङ सोराभाग गा.वि.स. वडा नं. ३ स्थित पूर्व रंगेलीतर्फ जाने सडक, पश्चिम कर्सियातर्फ जाने सडक, उत्तर भलुवा राजाको मन्दिर र दक्षिण शिव गिरीको बाँस झ्याङ यति चार किल्लाभित्र जिल्ला सप्तरी महादेवा ७ बस्ने चन्द्रकान्त राउतले सर्वसाधारण मानिसहरूलाई भेला जम्मा गरी गराई डर त्रास फैलाई आतङ्कित बनाई सामाजिक सद्भाव भड्काउने, शान्ति सुरक्षामा खलल् पुर्‍याउने जस्ता कार्य गरिरहेको अवस्थामा फेला पारी निजलाई नियन्त्रणमा लिइएको हो । निजले साथमा बोकेको TOP POWER लेखिएको कालो झोलाभित्र मधेश स्वराज डा.सि.के.राउत लेखिएको किताब थान-१, स्वतन्त्र मधेश गठबन्धन (AIM) का घोषणापत्र लेखिएको गौतम बुद्ध, महात्मा गान्धी र नेलसन मण्डेलाको जस्तो तस्वीर भएको सानो किताब थान-१, वीर मधेशी डा. सि.के.राउत लेखिएको किताब थान-१, अङ्ग्रेजीमा मधेश तराई लेखिएको प्रोफायल किताब थान-१, कालो डायरीमा तन मन धन विद्या वचनसमेत लेखिएको डायरी थान-१, अङ्ग्रेजीमा सोनी एच.डि. समेत लेखिएको भिडियो क्यामेरा थान-१, अङ्ग्रेजीमा

पानासोनिक लुमिक्ससमेत लेखिएको क्यामेरा थान-१, कार्ड रिडर थान-१ र ६४ ए.वि. तथा १६ एम.वि. लेखिएको मेमोरी कार्ड थान २ समेतका सामानहरू फेला परेकोले बरामद भएको भन्ने घटनास्थल तथा खानतलासी बरामदी मुचुल्का।

मिति २०७१।५।२८ गते दिनको १७:३० बजेको समयमा जिल्ला सप्तरी महादेवा गा.वि.स. वडा नं. ७ बस्ने स्वेताम्बर राउतको छोरा वर्ष ३६ को चन्द्रकान्त राउतले जिल्ला मोरङ सोराभाग गा.वि.स. वडा नं. ३ कर्सियामा सर्वसाधारण मानिसहरूलाई जबरजस्ती भेला जम्मा गरी आतङ्कित बनाई सामाजिक सदभाव भड्काउने कार्य गरिरहेको भन्ने जानकारी प्राप्त भयो । तत्पश्चात् मेरो कमान्डमा उक्त स्थानमा खटिई जाँदा निज चन्द्रकान्त राउतले सर्वसाधारण मानिसहरूलाई भेला जम्मा गरी डर त्रास देखाई आतङ्कित बनाई सामाजिक सदभाव भड्काउने, शान्ति सुरक्षामा खलल् पार्ने जस्ता कार्य गरिरहेको अवस्थामा फेला पारी निजलाई नियन्त्रणमा लिई निजको शरीर खानतलासी गर्दा कालो झोलामा मधेश स्वराज डा.सि.के.राउत लेखिएको किताब थान-१, स्वतन्त्र मधेश गठबन्धन (AIM) का घोषणापत्र लेखिएको गौतम बुद्ध, महात्मा गान्धी र नेलसन मण्डेलाको जस्तो तस्वीर भएको सानो किताब थान-१, वीर मधेशी डा. सि.के.राउत लेखिएको किताब थान-१, मधेशका इतिहास डा. सि.के.राउत लेखिएको किताब थान-१, अङ्ग्रेजीमा मधेश तराई लेखिएको प्रोफायल किताब थान-१, कालो डायरीमा तन मन धन विद्या बचनसमेत लेखिएको डायरी थान-१, अङ्ग्रेजीमा सोनी एच.डि. समेत लेखिएको भिडियो क्यामेरा थान-१, अङ्ग्रेजीमा पानासोनिक लुमिक्ससमेत लेखिएका क्यामेरा थान-१, कार्ड रिडर थान-१ र ६४ एम.वि. तथा १६ एम.बि. लेखिएको मेमोरीकार्ड थान-२ फेला परेकोले बरामद गरी बरामदी सामानहरूसहित निज चन्द्रकान्त राउतलाई पक्राउ गरी दाखिला गरेको छु। कानूनबमोजिम कारवाही गरिपाउँ भन्नेसमेत व्यहोराको प्र.ना.नि. राजेश दत्तको मिति २०७१।५।२८ को प्रतिवेदन।

मिति २०७१।५।२८ गते पक्राउ गरी आएका जिल्ला सप्तरी महादेवा गा.वि.स. वडा नं. ७ बस्ने स्वेताम्बर राउतको छोरा वर्ष ३६ को चन्द्रकान्त राउतको साथबाट बरामद भई आएको किताबलगायतका सामग्रीहरू अध्ययन गर्दा निजले नेपालको सार्वभौमसत्ता, अखण्डता वा राष्ट्रिय एकतामा खलल पारी नेपाल राष्ट्रलाई टुक्राई छुट्टै मधेश राष्ट्र बनाउने भनी प्रस्तावित झण्डा र राष्ट्रिय गानसमेत तयार गरी नेपालको सार्वभौमसत्ता, अखण्डता वा राष्ट्रिय एकतामा खलल पार्ने नियतले अस्तव्यस्त बनाउने कार्य गरी राज्य विरूद्धको अपराध र सजाय ऐन, २०४६ अन्तर्गत कसुर गरेको पाइएकाले निजबाट बरामद भई आएका किताबलगायतका सामग्रीहरूलाई प्रमाणमा लगाई सोही ऐनबमोजिम कारवाही गरिपाउँ भन्नेसमेत व्यहोराको प्र.ना.नि राजेश दत्तको मिति २०७१।५।३१ को प्रतिवेदन।

स्वतन्त्र मधेश गठबन्धन (AIM) को घोषणापत्रमा लेखिएको गौतम बुद्ध, महात्मागान्धी र नेलसन मण्डेलाको जस्तो तस्वीर भएको सानो किताबको पेज नं. २ र ३ मा "स्वतन्त्र मधेश के प्रस्तावित झण्डा और राष्ट्रगान" शीर्षक दिई मधेश राष्ट्रको छुट्टै झण्डा तयार गरी नेपाल राष्ट्र र मधेश राष्ट्र छुट्टाछुट्टै देखिने गरी सिमाङ्कन गरिएको र मधेश राष्ट्रको राष्ट्रिय गान निम्नानुसार तयार गरिएको पाइएको।

कोशी कमला गण्डक काली । जनक सीता बुध धारी । अनन्त उर्वर मधेश जय । सहस्र तलाव सरस मृणाली सुलभ समृद्ध सतत हरियाली । मनोरम महान मधेश जय । परित्राता परिपालक प्रभावशाली । अजित अधिप आभा भारी । मेधावी महारथी मधेश जय । जय जय जय मधेश जय । जय जय जय मधेश जय।

सोही घोषणापत्रको अन्तिम पेजमा स्वतन्त्र मधेश गठबन्धन (AIM) कि मागे शीर्षकमा निम्नानुसार लेखिएको पाइएको।

१. मधेशको सार्वभौम सम्पन्न स्वतन्त्र देश घोषणा कि जाय। नेपाली उपनिवेशका अन्त हो।
२. मधेशी राजनैतिक पार्टिया और नागरिक समाजको मिलाकर अविलम्ब अन्तिरिम मधेश संसद और मधेश सरकारका गठन किया जाए, जो मधेश में आगामी निर्वाचन कराने और संविधान बनानेका काम करेगी,
३. मधेश से नेपाली राज के शासन संयन्त्र और प्रशासकको वापस लिया जाए। उस पर मधेश सरकार अपना शासन संयन्त्र और प्रशसक रखेगी।
४. मधेश से नेपाल सरकार सम्पूर्ण कर और राजश्व वसूली अविलम्ब बन्द करे। वह काम मधेश सरकार करेगी।
५. मधेश के साधन स्रोत, जल, जमीन और जंगल पर से नेपाल सरकारका आधिपत्य हटाया जाए।
६. मधेश से नेपाल प्रहरी और सशस्त्र प्रहरी बल हटाकर उनमें से मधेशियोंको चुनकर मधेश प्रहरीका अविलम्ब गठन किया जाय।
७. मधेश से सम्पूर्ण नेपाली सेना हटाकर मधेशी सेनाका अविलम्ब गठन किया जाए।
८. मधेशियो से हरण की गई जमिनको वापस किया जाए, और उसे मधेश सरकार के मातहत मे रखा जाए
९. मधेश मे संयुक्त राष्ट्र संघलगायत विश्व के राष्ट्रोंके प्रतिनिधि रखने लिए आवश्यक प्रक्रियाको आगे बढाया जाय । प्रतिवादी डा. चन्द्रकान्त राउतले लेखेको बरामद भई आएको मधेश स्वराज नामक किताबको पेज नं. ४० मा "नेपाल र मधेशलाई छुट्याएर अलग राष्ट्र देखिने गरी सिमाङ्कन गरिएको पाइएको"। सोही किताबको तत्काल योजना शीर्षकको पेज नं. १८० मा "यानी आप याद रखिए हमारे पाँच चरण (पाँच "स") १. संजीवन, यानी प्रचार प्रसार करके लोगों मे जागृति पैदा करना, २. संगठन, यानी अपनी जगहों पर संगठन बनाना। ३. संवर्द्धन, यानी विचार प्रचार, विस्तार, विकास, विप्लव–तैयारी और विशेष सम्बन्ध (पाँच "वि") ४. संघर्ष, यानी महाआन्दोलन । ५. संरक्षण, यानी UN मे दर्ता कुटनैतिक नियोग खोलने / खुलवाने लगायत के काम" भनी राष्ट्र बिप्लवको तयारीसमेत लेखिएको पाइएको।

बरामदी मुचुल्कामा उल्लिखित सामानहरू मेरा हुन्। बरामदी मुचुल्कामा भएको सही छाप मेरो हो। मैले नेपालको दशगजादेखि उत्तर, पूर्व मेचीदेखि पश्चिम महाकाली र उत्तरमा चुरेपर्वतसम्मको भू–भागलाई नेपाल राष्ट्रबाट अलग्याएर छुट्टै मधेश राष्ट्रको स्थापना गर्न स्वतन्त्र मधेश गठबन्धन AIM को पुस्तक तयार गरेको हुँ। मैले उठाएको स्वराज मधेशको समस्याको समाधानको उपाय भनेको मधेशलाई नेपाल राष्ट्रबाट नेपालको तराई भू–भागलाई टुक्रयाएर छुट्टै मधेश राष्ट्रको स्थापना गर्नु हो। मधेश राष्ट्रको लागि माग गरेको भू–भाग भारतको दशगजादेखि उत्तर चुरे पर्वतसम्मको पूर्व मेचीदेखि पश्चिम महाकालीसम्मको भू–भाग हो । त्यसका लागि मैले तराईका विभिन्न १३ वटा जिल्लामा कार्यक्रम गरिसकेको छु। नेपालाई टुक्रयाएर मधेश राष्ट्र बनाउने गठबन्धनको मैले नेतृत्व गरेको छु भन्नेसमेत व्यहोराको प्रतिवादी डा. चन्द्रकान्त राउतले मौकामा गरेको बयान।

प्रतिवादी चन्द्रकान्त राउतलाई मैले चिनेको थिएन। करिब डेढ वर्ष पहिला निज चन्द्रकान्त राउत भन्ने मानिस मैले सञ्चालन गरेको बिराटनगर १२ स्थित निलकण्ठ प्रिन्टिङ प्रेसमा आई आफूले साथमा ल्याएका ५/७ वटा किताबहरू देखाई यी किताबहरू धेरै प्रति छपाउनु पर्ने छ । मेरो प्रेसमा मल्टी कलर मेसिन नभएकाले छपाउन सकिँदैन भनेपछि निजले किताब छपाईदिनु भनी कर गर्दा केही वेर डिस्कस पनि भएको थियो। निज त्यहाँबाट गएका हुन्। निजले उक्त

किताब के कहाँ छपाए मलाई थाहा भएन । निजलाई सोध्दा आफू मधेशवादी राजनीति गर्ने व्यक्ति हुँ भन्थे पछि आएर डा. सि.के. राउतले लेखेका किताबहरू हेर्दा निजले नेपाललाई टुक्र्याएर छुट्टै मधेश राष्ट्र बनाउने, नेपाल राष्ट्रको सार्वभौमसत्ता र अखण्डतामा खलल् पार्ने जस्ता कार्य गरी राज्य विरूद्धको अपराध कसुर गरेको थाहा भएको हुँदा निजउपर कानूनबमोजिम कारवाही होस् भन्नेसमेत व्यहोराको देवेन्द्रबहादुर बस्नेतको कागज ।

प्रतिवादी डा. चन्द्रकान्त राउतको वेव साईट CK raut.com मा चीन र मधेशको बिचमा नेपाल तथा नेपाल र भारतको बिचमा मधेश राष्ट्र देखिने गरी सिमाङ्कन गरी मधेशको राष्ट्रिय झण्डा र राष्ट्रिय गान तयार गरी राखेको र मधेश राष्ट्रको भाषा, क्षेत्रफल तथा जनसङ्ख्यासमेत उल्लेख गरेको पाइएको ।

मिति २०७१।५।२८ गते जिल्ला मोरङ सोराभाग गा.वि.स. वडा नं. ३ स्थित कर्सियामा चन्द्रकान्त राउत आएर कार्यक्रम गर्ने र निज अमेरिकामा वैज्ञानिकको काम गरेका मानिस हुन् भन्ने हल्ला भएपछि हामीहरू उक्त स्थानमा गई कार्यक्रम हेरेर बसेका थियौं । निजले मधेशको बारेमा बोल्दा मधेश अङ्ग्रेजले नेपाललाई उपहार दिएको हो । मधेश नेपालको नभई मधेशीहरूको हो । अब मधेशलाई नेपालबाट छुट्याएर छुट्टै राष्ट्र बनाउने कार्यमा म लागेको छु । मैले नेपालबाट तराई भागलाई छुट्याएर मधेश राष्ट्र बनाउनको लागि नेतृत्व गर्दै आएको छु । त्यसको लागि मैले किताब तथा घोषणापत्रसमेत लेखी छपाएको छु । त्यसमा नेपाल र मधेश राष्ट्र छुट्टाछुट्टै बनाई सिमाङ्कन गरेको छु । मधेश राष्ट्रिय गानसमेत तयार पारेको छु । अब नेपाली सेना, प्रहरी र कर्मचारीहरूलाई मधेशबाट हटाएर मधेशको लागि छुट्टै सेना, प्रहरी तथा प्रशासकीय कर्मचारीहरू नियुक्त हुन्छन् । मधेशका जनताहरूबाट नयाँ सरकार गठन गरी त्यस सरकारले मधेश राष्ट्रको संविधान बनाउँछ । मधेश राष्ट्रले संयुक्त राष्ट्र संघमा आफ्नो अस्तित्व र मधेश राष्ट्रको पहिचानसहित नेतृत्व गर्ने छ भनी अभिव्यक्ति दिएको थिए । निजका लेख रचना पर्चा र अभिव्यक्तिसमेतबाट प्रतिवादी डा.चन्द्रकान्त राउतले नेपालको सार्वभौमसत्ता, राष्ट्रिय अखण्डतामा खलल पार्ने कार्य गरी राष्ट्र विप्लवको अपराध कसुर गरेका हुन् भन्ने एकै मिलान व्यहोराको बुझिएका डिल्लीराम डाँगी र नेत्रबहादुर भट्टराईको कागज ।

मिति २०७१।५।२८ गते जिल्ला मोरङ सोराभाग गा.वि.स. वडा नं.३ कर्सियामा चन्द्रकान्त राउतले वक्तव्य दिन्छन् । अमेरिकाबाट आएका वैज्ञानिक हुन् भन्ने हल्ला भएपछि म उक्त स्थानमा गएको थिएँ । उक्त स्थानमा प्रमुख अतिथिको रूपमा रहेका डा.चन्द्रकान्त राउतले बोल्दा मधेश अंग्रेजले नेपाललाई उपहार दिएको हो । मधेश नेपालको नभई मधेशीहरूको हो । अब मधेशलाई नेपालबाट छुट्याएर छुट्टै राष्ट्र बनाउने कार्यमा म लागेको छु । मैले नेपालबाट तराई भागलाई छुट्याएर मधेश राष्ट्र बनाउनको लागि नेतृत्व गर्दै आएको छु । मैले किताब तथा घोषणापत्रसमेत लेखी छपाएको छु । त्यसमा नेपाल र मधेश राष्ट्र छुट्टाछुट्टै बनाई सिमाङ्कन गरेको छु । मधेश राष्ट्रको झण्डा र राष्ट्रिय गानसमेत तयार पारेको छु । अब नेपाली सेना, प्रहरी र कर्मचारीहरूलाई मधेशबाट हटाएर मधेशको लागि छुट्टै सेना, प्रहरी तथा प्रशासनिक कर्मचारीहरू नियुक्त हुन्छन् । मधेशका जनताहरूबाट नयाँ सरकार गठन गरी त्यस सरकारले मधेश राष्ट्रको संविधान बनाउँछ । मधेश राष्ट्रले संयुक्त राष्ट्र संघमा मधेश राष्ट्रको पहिचानसहित प्रतिनिधित्व गर्ने छ भनी अभिव्यक्ति दिएका र निजले लेखेका किताब, पर्चासमेतबाट प्रतिवादी डा. चन्द्रकान्त राउतले नेपालको सार्वभौमसत्ता, राष्ट्रिय अखण्डतामा खलल् पार्ने कार्य गरी राष्ट्र बिप्लवको अपराध कसुर गरेका हुन् भन्नेसमेत व्यहोराको बुझिएका डिल्लीराम घिमिरेको कागज ।

मिति २०७१।५।२८ गते जिल्ला मोरङ सोराभाग गा.वि.स. वडा नं. ३ स्थित क्रसियामा सर्वसाधारण मानिसहरूलाई भेला जम्मा गरी आफू अमेरिकाबाट आएको वैज्ञानिक हुँ । नेपालमा

मधेशीलाई शोषण गरिएको छ । मधेशलाई नेपालको उपनिवेश बनाएको छ । अब मधेशलाई नेपालबाट टुक्र्याएर छुट्टै मधेश राष्ट्र बनाउनुपर्छ । मधेशमा छुट्टै सेना, प्रहरी, निजामती कर्मचारीहरू नियुक्ति गर्नुपर्छ । मधेशी राजनीतिक पार्टी र नागरिक समाज मिलाएर मधेश राष्ट्रमा छुट्टै सरकार गठन गरी मधेशको संविधान बनाउनु पर्छ । मधेश राष्ट्रले संयुक्त राष्ट्र संघलगायतका विश्वका अन्य संघ संस्थाहरूमा मधेश राष्ट्रको छुट्टै पहिचान लिएर प्रतिनिधित्व गर्नुपर्छ भनी वक्तव्य दिएका र आफूले लेखेको किताब तथा घोषणा पत्रमा मधेश राष्ट्रको झण्डा, राष्ट्रिय गान, नेपाल र मधेश छुट्याई छुट्टाछुट्टै देश बनाएको नक्सासमेत देखाएका थिए। यसरी प्रतिवादी डा. चन्द्रकान्त राउतले नेपालको सार्वभौमसत्ता र राष्ट्रिय अखण्डतामा खलल् पार्ने अस्तव्यस्त उत्पन्न गर्ने कार्य गरी नेपाल राष्ट्रलाई टुक्र्याएर छुट्टै मधेश राष्ट्र बनाउने नियत राखी अभिव्यक्ति दिने तथा लेख रचना किताब लेखेर छपाई तथा आफ्नो वेवसाइटमार्फत प्रचार प्रसार गरी निजले राज्य विरूद्धको अपराध र सजाय ऐन, २०४६ अन्तर्गत कसुर गरेका हुँदा प्रतिवादी डा. चन्द्रकान्त राउतउपर कानूनबमोजिम हदै सम्मको सजाय होस् भन्नेसमेत व्यहोराको वस्तुस्थिति मुचुल्का ।

माथि विवेचित तथ्य र प्रमाणहरूबाट प्रतिवादी डा.सि.के. राउत भन्ने चन्द्रकान्त राउतले मधेशलाई नेपाल राष्ट्रबाट टुक्र्याएर छुट्टै मधेश राष्ट्र बनाउने उद्देश्यसाथ मधेश राष्ट्रको छुट्टै झण्डा, राष्ट्रियगान र नेपाल तथा मधेशलाई छुट्टाछुट्टै देश बनाउने नक्सासमेत तयार गरेको र मधेशलाई नेपालबाट छुट्याउनुपर्छ भन्ने अभिव्यक्ति दिई सोअनुरूप लेख, रचना तथा किताब छपाएका छन् । यसबाट नेपालको सार्वभौमसत्ता, अखण्डता र राष्ट्रिय एकतामा खलल् पारी अव्यवस्था उत्पन्न गरेको सप्रमाण पुष्टि हुन आएको हुँदा प्रतिवादी डा. सि.के. राउत भन्ने चन्द्रकान्त राउतको उक्त कार्य राज्य विरूद्धको अपराध र सजाय ऐन, २०४६ को दफा ३ को ३(१) नं. को कसुर गरेको हुँदा प्रतिवादी डा. सि.के. राउत भन्ने चन्द्रकान्त राउतलाई ऐ. ऐनको दफा ३(१) नं. बमोजिम सजाय गरिपाउँ भन्ने प्रतिवादीउपरको अभियोग दाबी ।

म सन् २००९ देखि २०११ सम्म अमेरिकाको म्याजाचुसेट्स राज्यको क्यामकिज सहरस्थित BBN Technologies नामक Research Organization मा वैज्ञानिकको रूपमा कार्य गरेको थिएँ । त्यसका साथै लगभग २००९ देखि नै "इजोत" अभियानमार्फत नेपालमा सामाजिक कार्य गर्दै आएको छु । इजोत अभियान मुलुकभरमा कम्प्युटर र इन्टरनेट साक्षरता, महिला साक्षरता, स्वास्थ्यसम्बन्धी चेतनामुलक कार्यहरू नेपालको पिछडिएको भाग तथा तराई क्षेत्रमा सञ्चालन गर्दै आएको छु । मधेशको सिमाङ्कन नेपालभित्र वा बाहिर भएपनि गर्न सकिन्छ । त्यसैले छुट्टै राष्ट्रको अर्थ दिनुपर्छ भन्ने छैन । स्वतन्त्र मधेश गठबन्धन (AIM Alliance for independent Madhesh) एउटा अनौपचारिक समूह हो । जसले मधेशको हक र अधिकारको विषयमा कुरा उठाउने सोच लिएको छ । राष्ट्रिय गान र झण्डा कुनै पनि प्रदेश वा क्षेत्रको पनि हुन सक्छ । सोहीअनुसार यो मधेश क्षेत्रको लागि हो, राष्ट्र टुक्राउने कुरा होइन, राष्ट्रिय एकता र समृद्धिको कुरो हो । म मिति २०७१।५।२८ गते मोरङ जिल्लाको सोराभाग भन्ने ठाउँमा सन्थाल जातिले आयोजना गरेको छाता मेलाको कार्यक्रममा प्रमुख अतिथिको रूपमा गएको थिएँ । त्यस ठाउँमा मैले आफ्नो विचार कुनै कसैको सदभाव विथोलिने गरी राखेको होइन भन्नेसमेत व्यहोराको प्रतिवादी चन्द्र किशोर राउतले विशेष अदालत, काठमाडौंमा गरेको बयान ।

प्रतिवादीले मौकामा अधिकारप्राप्त अधिकारीसमक्ष साबिती बयान गरे तापनि अदालतमा इन्कारी बयान गरेका छन् । अदालतमा बयान गर्दा मैले दाबी अनुरूपका मानिसहरू जम्मा गराएको होइन । सन्थाल जातिको इतिहास र संस्कृतिको बारेमा मात्र बोलेको हो । कसैलाई डर त्रास देखाउने वा शान्ति भङ्ग गर्ने कार्य गरेको छैन । मिसिल संलग्न कागजातहरूबाट प्रतिवादीले दाबीअनुरूपको राज्य

विरूद्धको अपराध र सजाय ऐन, २०४६ को भावना र नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२ को उपधारा (३) (क) ले प्रत्याभूत गरेको अभिव्यक्तिको स्वतन्त्रताको महत्त्वलाई समेत मध्यनजर राखी राष्ट्र विप्लवको यथार्थ स्थितिसमेतलाई दृष्टिगत गर्दा यी प्रतिवादीलाई आरोपित कसुरमा थुनामा राख्नु पर्नेसम्मको अवस्था विद्यमान नदेखिएको हुँदा पछि बुझ्दै जाँदा ठहरेबमोजिम हुने गरी हाल यी प्रतिवादीबाट विशेष अदालत ऐन, २०५९ को दफा ७(घ) बमोजिम रू.५०,०००।- धरौटी माग गरिएको छ। सो बराबरको नगद धरौट वा जेथा जमानत दिए लिई तारेखमा राख्नु र सो दिन नसके अ.बं. १२१ नं. बमोजिम थुनुवा पुर्जी दिई थुनामा राखी मुद्दाको पुर्पक्ष गर्नु भनी विशेष अदालतबाट मिति २०७०।६।२८ मा भएको आदेश।

प्रतिवादी डा. सि.के. राउत भन्ने चन्द्रकान्त रातउसँग विशेष अदालतले रू.५०,०००।– धरौट माग भएकोमा सो धरौट निजले र.नं.२५०१ मिति २०७१।८।८ मा बुझाई तारेखमा बसेको।

अनुसन्धानको क्रममा गरिएको कागजको व्यहोरा मैले भनेबमोजिम लेखिएको ठिक साँचो हो भन्नेसमेत व्यहोराको वादीका साक्षी एकराज बस्नेत, मोहमद गुड्डु, डिल्लीराम घिमिरे, राकेश देव, ढुण्डीराज न्यौपाने, शान्ताराम कार्की र प्रतिवेदक राजेश दत्तसमेतको बकपत्र मिसिल सामेल रहेको।

सन्थाल जातिको छाता मेलामा यी प्रतिवादी प्रमुख अतिथिको रूपमा गएको र सन्थाल जातिको बारेमा भाषण गरेका थिए। नेपाल टुक्राउने, भाषण गरेका थिएनन् भन्नेसमेत व्यहोराको प्रतिवादीका साक्षीहरू देवेन्द्रप्रसाद वैश्य, चन्दनकुमार सिंह, सत्यनारायण खंग, डा.परमेश्वर मुरभुसमेतको बकपत्र मिसिल सामेल रहेको।

प्रतिवादीबाट बरामद भएको भनिएका सामानहरूमा घोषण पत्र, केही पुस्तक, क्यामेरा, मेमोरी कार्ड र कार्ड रिडर जस्ता विद्युतीय सामग्रीहरू रहेको देखिन्छ । उक्त पुस्तक र घोषणपत्रमा उल्लिखित कुराका सम्बन्धमा प्रतिवादीले अदालतमा बयान गर्दा स्वतन्त्र मधेश गठनबन्धक AIM एउटा अनौपचारिक समुह हो। जसले मधेशको हक अधिकारको विषयमा कुरा उठाउँछ। राष्ट्रिय गान र झण्डा कुनै प्रदेश क्षेत्रको पनि हुन सक्छ । राष्ट्र टुक्राउने कुरा होइन राष्ट्रिय सम्वृद्धिको कुरा हो । छुट्टै राज्य स्थापनाको कुरा होइन । जनताको शासनको कुरा हो भनी आरोपित कसुरमा इन्कारी बयान गरेको देखिन्छ । प्रतिवादीले यस ठाउँमा यस प्रकारको अशान्त, अव्यवस्था उत्पन्न गराएको तथ्य मिसिल संलग्न रहेको नदेखिदा सी.के राउत भन्ने चन्द्रकान्त राउतले आरोपित कसुर गरेको तथ्य पुष्टि भएको देखिएन । प्रतिवादी सी.के राउत भन्ने चन्द्रकान्त राउतले आरोपित कसुरबाट सफाई पाउने ठहर्छ भन्ने विशेष अदालत, काठमाडौंको मिति २०७२।१।१० को फैसला।

विशेष अदालत, काठमाडौंको उक्त फैसलामा चित्त बुझेन प्रतिवादीले मोरङको कर्सियामा २०७१।५।२८ मा सर्वसाधारण नागरिक भेलाजम्मा गराई नेपालको सार्वभौमसत्ता, अखण्डता र एकतामा प्रत्यक्ष प्रभाव पार्ने गरी भाषण गरेको आरोपमा पक्राउ परेका हुन् । निजबाट बरामद भएका सामग्रीहरूबाट नेपाल राज्यलाई विखण्डन गरी तराईको भूभागलाई टुक्रयाएर मघेस राष्ट्र बनाउने उद्देश्यले झण्डा, राष्ट्रिय गान छुट्टै बनाउने उल्लेख गरेका छन्। प्रतिवादीबाट बरामद भएको किताबमा "मधेश सार्वभौम सम्पन्न देश घोषणा हो जाय" जस्ता कुराहरू लेखिएका छन्। प्रतिवादीले अदालतमा आरोपित कसुर अपराधमा इन्कारी बयान गरेको आधारमा मात्र प्रतिवादीलाई अभियोग दाबीबाट सफाइ दिन मिल्दैन । प्रतिवादीले राज्य विरूद्धको अपराध गरेको मिसिल संलग्न प्रमाणहरूबाट पुष्टि भएको अवस्थामा प्रतिवादीलाई अभियोग दाबीबाट सफाई दिने ठहर्‍याएको विशेष अदालतको त्रुटिपूर्ण फैसला उल्टी गरी प्रतिवादीलाई अभियोग दाबीबमोजिम सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन पत्र।

नियमबमोजिम पेसी सूचीमा चढी निर्णयार्थ यस इजलाससमक्ष पेस भएको प्रस्तुत

मुद्दामा पुनरावेदक वादी नेपाल सरकारको तर्फबाट उपस्थित महान्यायाधिवक्ताको कार्यालयका विद्वान् सहन्यायाधिवक्ता श्री गीताप्रसाद तिम्सिनाले प्रतिवादी डा.सि.के.राउत भन्ने चन्द्रकान्त राउतले मधेशलाई नेपालबाट टुक्र्याउने उद्देश्य लिई मधेशको छुट्टै झण्डा, छुट्टै राष्ट्रिय गान तयार गरी मधेशलाई संयुक्त राष्ट्र संघको सदस्य बनाउन लागि परेका छन् । मधेशलाई नेपालबाट टुक्र्याउनुपर्छ भनी अभिव्यक्ति दिई सोअनुरूपको लेख रचना र किताब छपाई नेपालको सार्वभौमसत्ता, अखण्डता र राष्ट्रिय एकतामा खलल् पारी देशमा अव्यवस्था उत्पन्न गरेको मिसिल संलग्न प्रमाणहरूले पुष्टि गरिरहेको अवस्थामा प्रतिवादीलाई अभियोग दाबीबाट सफाई दिने ठहर्‍याएको विशेष अदालत, काठमाडौंको त्रुटिपूर्ण फैसला उल्टी गर्न प्रत्यर्थी झिकाई पाउँ भनी बहस गर्नुभयो।

विद्वान् सहन्यायाधिवक्ताको उपर्युक्तबमोजिमको बहस सुनी विशेष अदालत, काठमाडौंको फैसला मिलेको छ, छैन, पुनरावेदन जिकिर पुग्न सक्ने हो, होइन सोसम्बन्धमा इन्साफ गर्नुपर्ने देखियो।

२. इन्साफतर्फ विचार गर्दा, प्रतिवादीले मोरङको कर्सियामा मानिस जबरजस्ती जम्मा भेला गराई नेपालको सार्वभौमसत्ता, अखण्डता र राष्ट्रिय एकतामा प्रत्यक्ष आघात पार्ने गरी भाषण गरेको र मधेशलाई नेपालबाट टुक्राउने लेख, रचना, किताब प्रकाशित गरी मधेशको छुट्टै झण्डा, राष्ट्रिय गान बनाउने अभिव्यक्ति दिएका छन्। प्रतिवादीबाट बरामद भएका सामग्रीहरूबाट "मधेश सार्वभौम देश घोषणा हो जाय" भन्ने जस्ता कुराहरू उल्लेख भएको भेटिएबाट प्रतिवादीले देश टुक्र्याउने कार्य गरी राज्य विरूद्धको अपराध गरेको पुष्टि भएकाले प्रतिवादीलाई अभियोग दाबीबमोजिम सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर रहेको देखियो।

३. प्रतिवादीले नेपाल टुक्र्याई छुट्टै मधेश राज्य बनाउने उद्देश्यले अभिव्यक्ति दिने लेख, रचना र किताब लेखेर छपाई नेपालको सार्वभौमसत्ता, अखण्डता र राष्ट्रिय एकतामा खलल् पुर्‍याई राज्य विरूद्धको अपराध र सजाय ऐन, २०४६ को दफा ३(१) को कसुर अपराध गरेको हुँदा ऐ. ऐनको दफा ३(१) बमोजिम सजाय गरिपाउँ भन्ने प्रतिवादीउपरको अभियोग मागदाबी रहेको देखिन्छ । प्रतिवादीले अनुसन्धान अधिकारीसमक्ष नेपाल राष्ट्रबाट तराई भूभागलाई टुक्र्याएर छुट्टै मधेश राष्ट्रको स्थापना गर्ने गठबन्धनको नेतृत्व मैले गरेको छु भनी आरोपित कसुरमा साबित रहे तापनि अदालतमा बयान गर्दा "इजोत" नामक अभियानमार्फत कम्प्युटर र इन्टरनेट साक्षरता, महिला साक्षरता, स्वास्थ्यसम्बन्धी जनचेनतामूलक कार्य गर्दछु । AIM, (Alliance for independent Madhesh) एउटा अनौपचारिक समूह हो । यसले मधेशको आर्थिक, सामाजिक र राजनीतिक अधिकारको विषयमा कुरा उठाउँछ । राष्ट्रिय गान र झण्डा कुनै पनि प्रदेशको हुन सक्छ । मैले मधेश टुक्र्याउने कुरा गरेको भनी दाबी लिइएको ठाउँमा सन्थाल जातिले आयोजना गरेको कार्यक्रममा निजहरूको इतिहास र संस्कृतिका विषयमा आफ्नो विचार राखेको हुँ । कुनै कसैको सद्भाव बिथोलिने र सामाजिक सुरक्षामा खलल् पुर्‍याउने कार्य गरेको छैन । अनुसन्धान अधिकारीसमक्ष भएको बयानको स.ज. ८, ९, १३, १८, २९, ३१ र ३२ समेतका जवाफहरू मेरो इच्छाविरूद्ध मुद्दा चलाउने उद्देश्यले आत्मनिष्ठ भई लेखिएको हो भनी आरोपित अभियोग दाबीमा इन्कारी बयान गरेको देखिन्छ।

४. प्रतिवादीले कसुर गरेको भनी दाबी लिइएको राज्य विरूद्धको अपराध र सजाय ऐन, २०४६ को दफा ३ मा राष्ट्र विप्लव भन्ने उल्लेख भई दफा ३(१) मा "कसैले नेपालको सार्वभौमसत्ता, अखण्डता वा राष्ट्रिय एकतामा खलल् पार्ने नियतले कुनै अव्यवस्था उत्पन्न गरेमा वा सो गर्ने उद्योग गरेमा निजलाई जन्मकैद हुनेछ" भन्ने कानूनी प्रावधान रहेको देखिन्छ । यस दफाको अध्ययनबाट कसैले नेपालको सार्वभौमसत्ता, अखण्डता वा राष्ट्रिय एकतामा खलल् पार्ने नियतले कुनै अव्यवस्था उत्पन्न गरेमा वा सो गर्ने

उद्योग गरेको प्रमाणित भएमा राष्ट्र विप्लवको कसुर अपराध गरेको ठहर हुने देखिन्छ।

५. नेपाल अल्पसङ्ख्यक समुदायको बाहुल्यता भएको देश हो । सबै समुदायको आर्थिक शैक्षिक र सामाजिकलगायतका विविध विकासका कार्यक्रम लागू गरी प्रगति उन्मुख गराउनु राज्यको प्रमुख दायित्वभित्र नै पर्दछ। तथापि यस्ता समुदायका नागरिकमा आ-आफ्नो भाषा, संस्कृतिको ज्ञान, सीप आदिको विकास गर्न सोच राख्ने वा त्यस विषयमा वाक वा प्रकाशन गर्न पाउने अधिकार निहित रहन्छ। आफ्नो समुदायको विकास विषयमा समाजलाई चेतनशील बनाउन अभिव्यक्ति दिन पाउने हकलाई नि:सन्देह कसैले पनि इन्कार गर्न सक्दैन । अल्पसंख्यक समुदायले केही हदमा स्वायत्तता (Autonomy) प्राप्त गर्न पनि सक्छन्। तर, देशको कुनै एक क्षेत्र वा समुदायले पूर्ण स्वायत्तता (Absolute Autonomy) प्राप्त गर्न भने सक्दैन । यिनै विचारहरूबाट शक्ति पृथकीकरणको सिद्धान्तबाट स्वराजको दर्शन आएको हो । यसको प्रयोग क्षेत्रगत तवरबाट गा.वि.स. लाई राज्यको केही शक्ति प्रदान गरिएको पनि छ । भाषा संस्कृति आदिको समूहगत वा प्रादेशिक तवरबाट पनि केही स्वायत्तता प्रदान हुन सक्छ । जे जसरी राज्यशक्तिको विकेन्द्रीकरण गरे पनि सबै समूहगत नागरिकहरू देशको विकाशको मूल प्रवाहमा प्रवाहित भएको हुनुपर्छ । समूहगत विकासको बहानामा देश विकासको मूल धारबाट अलग भई देशको नीति र अखण्डतामा प्रहार गर्ने कार्य भने राष्ट्र विप्लवको अपराध हुन जान्छ। त्यस्तो कार्य गर्ने देशद्रोही हो। देश / राष्ट्र विप्लव जस्तो कार्य क्षम्य हुन सक्दैन। यो दण्डनीय नै हुन्छ।

६. अब प्रतिवादी सी.के. राउतको काम कारवाहीबाट राष्ट्रिय विप्लवको कसुर हुन गएको छ, छैन भनी विचार गर्नुपर्ने देखिन आयो । निवेदकको काम कारवाहीमा सशस्त्रसहितको गतिविधि रहेको देखिँदैन । कुनै हतियार तथा विष्फोटक पदार्थहरू बरामद भएको अवस्था पनि देखिँदैन । तसर्थ निवेदकबाट भएको कार्यबाट विद्रोह (Insurgency) भएको भन्न मिल्ने अवस्था रहेन। हतियारको प्रयोग नभएपनि कुनै खास समुदायलाई अर्को समुदायप्रति घृणा उत्पन्न गराउनु, लडाइँ झगडा गर्न उक्साउनु आदि जस्ता कार्यले तत्काल हतियार नदेखाए पनि निकट भविष्यमा हुलदङ्गा गर्ने सम्भाव्यता रहने अवस्था भने हुन्छ। तर, प्रतिवादीको काम कारवाहीबाट त्यस्तो कुनै खास गम्भीर तवरको हुलदङ्गाको सम्भाव्यता रहेको देखिन पनि आएन।

७. मिति २०७१।५।२८ को खानतलासी/बरामदी मुचुल्कामा मधेश गठबन्धन AIM को घोषणापत्र लेखिएको बुद्ध, महात्मा गान्धी र नेलसन मण्डेला जस्तो तस्बिर भएको किताब थान-१, वीर मधेश डा.सि.के. राउत लेखिएको किताब थान-१ मधेशका इतिहास डा.सि.के. राउत लेखिएको किताब थान-१, अङ्ग्रेजीमा मधेश तराई लेखिएको प्रोफाइल किताब थान-१, क्यामेरा, कार्ड रिडर, ६४ एम. बी. तथा १६ एम.बी. लेखिएको मेमोरी कार्ड थान-१ मोरङ जिल्लाको सोराभाग गा.वि.स. को कर्सियाबाट बरामद भएको देखिन्छ। उपर्युक्त बरामदी सामग्रीहरू हेर्दा घोषणापत्र, किताब, क्यामेरा, मेमोरी कार्ड, कार्ड रिडरजस्ता विद्युतीय वस्तुहरू रहेको देखियो । उक्त सामग्रीहरू जनसाधारणले प्रयोग गर्ने सामानहरू रहेको देखिन्छ। ती सामग्रीहरू देशको सार्वभौमसत्ता, अखण्डता र राष्ट्रिय एकतामा खलल् पुर्‍याउने तथा विद्रोह गर्न प्रयोग हुने खालको देखिँदैन। प्रतिवादीलाई मिति २०७१।५।२८ मा मोरङ जिल्ला सोराभाग गा.वि.स. वडा नं. ३ मा जबरजस्ती मानिसहरू भेलाजम्मा गरी जनतामा डर त्रास फैलाई आतङ्कित बनाई सामाजिक सद्भाव भड्काउने र शान्ति सुरक्षामा खलल् पुर्‍याउने कार्य गरेको अवस्थामा पक्राउ गरिएको भन्ने प्र.ना.नि. राजेश दत्तको प्रतिवेदनबाट देखिन्छ। तर मोरङ जिल्ला सोराभाग गा.वि.स. वडा नं. ३ कर्सियाका बासिन्दाहरूले प्रतिवादी डा.सि.के. राउतले जबरजस्ती मानिस भेलाजम्मा गराई डर त्रास देखाएको, आतङ्कित बनाएको, सामाजिक सद्भाव

भड्काएको र शान्ति सुरक्षामा खलल् पार्ने कार्य गरेको भनी कहीँ उजुर आपत्ति गरेको देखिँदैन । जिल्ला प्रहरी कार्यालय, मोरङमा कार्यरत प्र.ना.नि. राजेश दत्तको प्रतिवेदनमा प्रतिवादीले के कस्तो व्यवहार गरेर सर्वसाधारण जनतामा डर, त्रास देखाई आतङ्कित बनाएको हो? सामाजिक सद्भाव के कसरी भड्काएका हुन्? तथा शान्ति सुरक्षामा कसरी खलल् पुर्‍याएका थिए भनी उल्लेख गर्न सकेको देखिँदैन । सर्वसाधारण जनतामा डर, त्रास देखाई आतङ्कित बनाउने, सामाजिक सद्भाव भड्काउने तथा शान्ति सुरक्षामा खलल् पुर्‍याउने खालका गोली, बन्दुक, बारूद, बम तथा अन्य विष्फोटक पदार्थ प्रतिवादीबाट बरामद भएको देखिँदैन । प्रतिवादीले विशेष अदालतमा बयान गर्दा स.ज. २६ मा मोरङ जिल्लाको रंगेलीभन्दा केही पश्चिम आमतोला भन्ने ठाउँमा सन्थाल जातिको वार्षिक कार्यक्रममा सन्थाल जातिको इतिहास र संस्कृतिका बारेमा संक्षिप्त बोलेको आधारमा पक्राउ गरिएको भनी बयान गरेको देखिन्छ ।

८. स्वतन्त्र मधेश गठबन्धन (AIM) को घोषणापत्रमा स्वतन्त्र मधेशको छुट्टै राष्ट्रिय गान र झण्डा हुने गरी मधेशको सिमाङ्कन गरिने कुरा उल्लेख भएको देखिन्छ । नेपाल संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्वारा दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकाङ्क्षा पूरा गर्न नेपालको संविधान जारी भएको देखिन्छ । नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२ मा स्वतन्त्रताको हकको व्यवस्था गरेको देखिन्छ । धारा १२ (१) मा प्रत्येक व्यक्तिलाई सम्मानपूर्वक बाँच्न पाउने हक हुनेछ र मृत्यु दण्डको सजाय हुने गरी कुनै कानून बनाइने छैन भन्ने व्यवस्था गरिएको छ । त्यसैगरी धारा १२ (२) मा कानूनबमोजिम बाहेक कुनै पनि व्यक्तिको वैयक्तिक स्वतन्त्रता अपहरण हुने छैन भन्ने उल्लेख भएको पाइन्छ । त्यसैगरी धारा १२(३) मा प्रत्येक नागरिकलाई देहायबमोजिमको स्वतन्त्रता हुनेछः-

(क) विचार र अभिव्यक्तिको स्वतन्त्रता

(ख) बिना हातहतियार शान्तिपूर्वक भेला हुने स्वतन्त्रता

(ग) राजनीतिक दल खोल्ने स्वतन्त्रता

(घ) संघ र संस्था खोल्ने स्वतन्त्रता

(ङ) नेपालको कुनै पनि भागमा आवत जावत र बसोबास गर्ने स्वतन्त्रता

(च) कुनै पेसा, रोजगार, उद्योग र व्यापार गर्ने स्वतन्त्रता,

९. उपर्युक्त संवैधानिक प्रावधानका आधारमा प्रतिवादीलाई आफ्ना विचारहरू अभिव्यक्त गर्ने, विना हातहतियार भेला हुने राजनीतिक दल खोल्ने तथा संघ संगठन खोल्ने नेपालको कुनै पनि भागमा आवतजावत र बसोबास गर्ने समेतका स्वतन्त्रताको हक संविधानले नै प्रत्याभूत गरेको देखिन्छ । उपर्युक्त स्वतन्त्रताहरू निरपेक्ष नभई सापेक्षित स्वतन्त्रता हुन् । उक्त स्वतन्त्रताहरूलाई राज्यले उचित कानून बनाई सङ्कुचन र नियन्त्रण गर्न सक्दछ ।

१०. नेपाल बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसाँस्कृतिक तथा भौगोलिक विविधतायुक्त देश हो । यी विविधताहरूका बिचको विभिन्न प्रकारका विभेदहरूको अन्त्य गरी आर्थिक समृद्धि वा समतामुलक समाजको निर्माण गर्न राज्यले सङ्कल्प लिएको देखिन्छ । यस्तो अवस्थामा प्रस्तुत मुद्दाका प्रतिवादी डा.सि.के. राउतलाई मिति २०७१।५।२८ गते मोरङको सोराभाग भन्ने ठाउँमा सन्थाल जातिको कार्यक्रममा आफ्ना विचार राखेर फर्कने क्रममा प्रहरीले पक्राउ गरेको मिसिलबाट देखियो । यसरी कुनै जाति विशेषको कार्यक्रममा विचार राखेकै आधारमा नेपालको सार्वभौमसत्ता, अखण्डता र राष्ट्रिय एकतामा आघात पार्ने कार्य भएको देखिँदैन । यतिकै आधारमा राज्य विरूद्धको अपराधमा अभियोग लगाई प्रतिवादीलाई कसुरदार ठहर गर्दा नागरिकको संविधान प्रदत्त सम्मानपूर्वक बाँच्न पाउने हक तथा विचार र अभिव्यक्तिको स्वतन्त्रतामाथि प्रत्यक्षरूपमा सङ्कुचन र नियन्त्रण गरेको मान्नु पर्दछ ।

११. प्रस्तुत मुद्दामा अनुसन्धानको क्रममा बुझिएका राकेश देव, डिल्लीराम घिमिरे, शान्तराम कार्की र ढुण्डीराज न्यौपानेले अदालतमा गरेको बकपत्रबाट प्रतिवादीले जबरजस्ती मानिसहरू भेलाजम्मा गराई डर त्रास देखाई आतङ्कित बनाएको तथा शान्ति सुरक्षामा खलल् पार्न कार्य गरेको भन्ने देखिँदैन । प्रतिवादीले यस ठाउँमा यस्तो बल प्रयोग गरी शान्ति अमनचयन भङ्ग गरी अशान्ति मच्चाएको वा हुलदङ्गा गरी शान्ति र व्यवस्थामा खलल् पुर्‍याई अव्यवस्था उत्पन्न गरेको भन्ने मिसिल संलग्न कागजातबाट देखिँदैन । साथै प्रतिवादीबाट कुनै हातहतियार, आपत्तिजनक तथा संवेदनशील विष्फोटक पदार्थ, प्रज्वलनशील तथा मधेशलाई नेपालबाट विखण्ड गर्ने खालका कुनै वस्तु बरामद भएको नदेखिँदा प्रतिवादीलाई अभियोग दाबीबमोजिम कसुरदार ठहर गर्न मिल्ने देखिएन ।

१२. अतः माथि उल्लिखित आधार र कारणसमेतबाट प्रतिवादी डा.सि.के.राउत भन्ने चन्द्रकान्त राउतलाई अभियोग दाबीबाट सफाई दिने ठहर्‍याएको विशेष अदालत, काठमाडौंको मिति २०७२।१।१० को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । प्रतिवादीलाई अभियोग दाबीबमोजिम सजाय गरिपाउँ भन्ने पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न सक्दैन । प्रस्तुत मुद्दाको दायरीबाट लगत कट्टा गरी मिसिल नियमानुसार बुझाइदिनू ।

उक्त रायमा सहमत छु ।
न्या. जगदीश शर्मा पौडेल

इजलास अधिकृत : प्रेमप्रसाद न्यौपाने
इति संवत् २०७२ साल माघ ३ गते रोज १ शुभम् ।

## निर्णय नं.९५६४

सर्वोच्च अदालत संयुक्त इजलास
माननीय न्यायाधीश श्री गोपाल पराजुली
माननीय न्यायाधीश श्री देवेन्द्र गोपाल श्रेष्ठ
फैसला मिति : २०७२।४।३२।२
०६८-CI-०८९६

मुद्दा: निषेधाज्ञा / परमादेश

निवेदक / पक्ष : जिल्ला सप्तरी, गाउँ विकास समिति १ नं. जोगनिया वडा नं. १ बस्ने सुकल खंगको छोरा वर्ष २७ का संगमलाल खंग खत्वे

विरूद्ध

विपक्षी : जिल्ला सप्तरी, गाउँ विकास समिति १ नं. जोगनिया वडा नं. २ कोरियानी टोलस्थित श्री राष्ट्रिय प्राथमिक विद्यालय, कोरियानी, सप्तरीसमेत

- **समावेशीरूपमा कोटा छुट्याई विज्ञापन प्रकाशित हुनुपर्ने निवेदकको भनाई भए आवेदन फर्म बुझाउनुभन्दा अगावै उजुर गर्न आउनु पर्दछ । प्रकाशित विज्ञापनअनुसार आवेदन फर्म बुझाइसकेकोले विज्ञापन प्रकाशनको कार्यबाट निजको हकमा आघात पुग्ने आशंका रहेको भनाई तथ्यसङ्गत छैन । समावेशीरूपबाट विज्ञापन प्रकाशित हुनको लागि सोको कोटा नै नछुट्याएको र कोटा छुट्याउनु पर्ने नपर्ने, विद्यालयमा कति शिक्षक रहेको नरहेको आदि विषय नीतिगत विषय भएकोले सो सम्बन्धमा परमादेशको आदेशबाट हस्तक्षेप गर्न नमिल्ने ।**

(प्रकरण नं.४)

निवेदक / पक्षका तर्फबाट :
विपक्षीका तर्फबाट :
अवलम्बित नजिर :
सम्बद्ध कानून :

सुरू फैसला गर्ने न्यायाधीशः
मानननीय न्यायाधीश श्री शम्भु बहादुर खड्का
माननीय न्यायाधीश श्री हरि कुमार पोखरेल

आदेश

**न्या.गोपाल पराजुली :** न्याय प्रशासन ऐन, २०४८ को दफा ९(१) बमोजिम यस अदालतको अधिकारक्षेत्रभित्र परी दायर हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य र ठहर यसप्रकार रहेको छः

म निवेदक प्रवेशिका परीक्षा (SLC) उत्तीर्ण भई शिक्षक सेवा आयोगको मिति २०६७।२।१३ को निर्णयानुसार प्राथमिक तहको विद्यालयमा अध्यापन गराउने स्थायी अध्यापन अनुमति पत्र प्राप्त स्थानीय दलित, निरोगी, प्राथमिक तह शिक्षक पदको लागि कानूनले योग्य नागरिक हुँ । विपक्षी विद्यालयमा ७५ जना दलित विद्यार्थीसमेत अध्ययनरत उक्त विद्यालयमा महिला शिक्षक २ र मधेशी शिक्षक १ कार्यरत छन् । विद्यार्थीको संख्याको अनुपातमा शिक्षक अपुग हुँदा थप शिक्षक दरबन्दी विपक्षी १, २, र ४ ले विपक्षी ५ समक्ष, अनुरोध गर्दा थप शिक्षक दरबन्दी स्वीकृती प्राप्त भई शिक्षा नियमावली, २०५९ को नियम २२ च. बमोजिम विपक्षी २ ले विपक्षी नं. ३ को संयोजकमा शिक्षक छनौट समिति गठन भई सो समितिमा विपक्षी ६ सदस्य र विपक्षी ४ सदस्य सञ्चित पदमा छन् । विपक्षी १ सामुदायिक विद्यालय हो । सामुदायिक विद्यालयमा शिक्षक नियुक्ति गर्दा शिक्षा ऐन, २०२८ को दफा १६ ङ बमोजिम समावेशी नियुक्ति गर्नुपर्ने शिक्षक छनौट समितिको कानूनी अनिवार्यता छ । विपक्षी ३, ४ ले यस अघि शिक्षा ऐन, नियम प्रतिकूल अनियमित प्रकियाबाट शिक्षक नियुक्त गर्न विज्ञापन नं. १, ०६६/०६७ मा विज्ञापन सूचना प्रकाशित गरेकोमा अनियमितता सम्बन्धमा व्यापक जनगुनासो र उजुरी सम्बन्धित निकायहरू र विपक्षी ५ समेतमा पर्दा शिक्षा विभाग व्यवस्थापन शाखा (प्राथमिक) सानो ठिमी, भक्तपुरको आदेश पत्रबाट उक्त विज्ञापन रद्द गरी शिक्षक नियुक्ती नगर्नु भनी रोक्का राखिएको थियो।हाल उक्त शिक्षक नियुक्ति रोक्का फुकुवा हुँदा मिति २०६७/५/६ गते विपक्षी १, ४ ले ७ दिन म्याद दिई PCF कोटाको प्राथमिक तह शिक्षक पदका-१ र ३० दिन म्याद दिई विज्ञापन नं. ०२/०६७/०६८ को प्राथमिक तह शिक्षक पद -१ गरी २ शिक्षक पदका लागि २ बेग्ला बेग्लै विज्ञापन सूचना प्रकाशित गरेकोमध्ये विज्ञापन नं.०२।०६७/०६८ को विज्ञापन २०६७ साल भदौ ७ गतेको न्यूज टुडे राष्ट्रिय दैनिकमा प्रकाशित छ।७ दिन म्याद दिइएको PCF कोटाको प्राथमिक तह शिक्षक पद-१ को सूचना पत्रिकामा छैन । सो विज्ञापन विषयमा निवेदकले विपक्षी ४ छेउ २ शिक्षक पदमध्ये १ शिक्षक शिक्षा ऐन २०२८/२०६५ संशोधितको दफा १६ ङ बमोजिम समावेशी नियुक्ति हुने हो, समावेशी महिला र मधेशी विद्यालयमा कार्यरत हुँदा अब दलितले प्राथमिकता पाउनु पर्छ । शिक्षा नियमावलीको नियम २२ ङ(१) ले कम्तीमा ३० दिनको दरखास्त दिने म्याद हुनुपर्ने र पत्र पत्रिकामा प्रकाशित हुनुपर्ने कानून प्रष्ट अवस्थामा PCF शिक्षकको सूचनामा सो छैन भनी दावी जिकिर गर्दा शिक्षा ऐन, नियममा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष वा सदस्य शिक्षक छनौट समितिको संयोजक हुने कानूनमा व्यवस्था भएपनि विपक्षी डम्बर मेहता आफैँ सो समितिको संयोजक भएको, विज्ञापनमा भएको कानूनी त्रुटी दर्शाउँदै समावेशी (दलित) र ३० दिनको दरखास्त दिने म्याद सहितको पत्रिकामा सूचनाको अनुरोध गर्दा उम्मेदवारी दर्ता गराई सफल भएमासमेत निवेदकलाई विद्यालयमा नियुक्त नगर्ने ठाडो जवाफसमेत दिएकाले विपक्षी डम्बर मेहता गैरकानूनी लाभ लिई अनियमित प्रक्रियाबाट निवेदक बाहेकका व्यक्तिलाई शिक्षक नियुक्ति गर्न उद्दत रहेकोबाट निवेदकको नागरिक अधिकार ऐन, २०१२ को दफा ३ कानूनको दृष्टिमा समानता, ऐजन दफा

६(६) हुने प्रवल आशंका भई पूर्ण र पर्याप्त उपचारको बाटो प्रस्तुत रिट निवेदन बाहेक अन्य नदेखिएकोले २ शिक्षकको विज्ञानपमध्ये १ मा समावेशी (दलित) बाहेक अन्य कसैको पनि दरखास्त दर्ता नगर्नु नगराउनु ३० दिन म्यादभित्र निवेदक दरखास्त लिई आए दर्ता गर्न र सो दुवै पदमा दरखास्त दर्ताबाहेक परीक्षा लिने, नतिजा प्रकाशन गर्ने, सिफारिस वा नियुक्ति गर्ने काम कारवाही नगर्नु नगराउनु भनि विपक्षीहरूको नाउँमा अन्तरिम आदेशसहितको निषेधाज्ञा आदेश जारी गरी पाउन र २ शिक्षकमध्ये १ समावेशी (दलित) उम्मेदवारीबिच मात्र प्रतिस्पर्धा गर्ने गराउने, PCF शिक्षक-१ पदमा दरखास्त दिने म्याद ३० दिन दिनु र राष्ट्रिय दैनिकमा सोको सूचना प्रकाशित गर्ने गराउने कार्य गर्न, विपक्षी ३ का डम्बर मेहता विवादित व्यक्ति भएकाले निज डम्बर बाहेक व्यवस्थापन समितिका अन्य सदस्यलाई शिक्षा नियमावलीको नियम २२ च (१) (क) बमोजिम शिक्षक छनौट समितिको संयोजक मनोनयन गर्नु गराउनु भनी विपक्षी १, २, ४, र ५ का नाउँमा परमादेशको आदेश जारी गरिपाउँ भन्ने मिति २०६७।५।९।४ को निवेदन पत्र।

यसमा के कसो भएको हो ? निवेदकको मागबमोजिम निषेधाज्ञा मिश्रित परमादेशको आदेश किन जारी हुनु नपर्ने हो ? मागबमोजिमको आदेश जारी हुनु नपर्ने कुनै आधार र कारण भए सबुद प्रमाणसहित म्याद सूचना पाएका मितिले बाटाका म्यादबाहेक १५ दिनभित्र विपक्षी नं.५ का हकमा पुनरावेदन सरकारी वकिल कार्यलाय, राजविराजमार्फत र अन्यको हकमा आफैँ वा आफ्नो कानूनबमोजिम प्रतिनिधीमार्फत लिखित जवाफ पेस गर्नु भनी यो आदेश र निवेदनको प्रतिलिपीसमेत साथै राखी विपक्षीहरूका नाउँमा म्याद सूचना जारी गरी लिखित जवाफ परे वा अवधि व्यतित भए पछि नियमानुसार गरी पेस गर्नु। साथै अन्तरिम आदेशको माग भएकोले विपक्षीहरूलाईसमेत सम्मिलित गराई अन्तरिम आदेश जारी हुने वा नहुने आदेश हुन उपयुक्त देखिँदा मिति २०६७।५।१७ को पेसी तारेख तोकी उक्त मितिमा आ-आफ्नो सबुद प्रमाण लिई छलफलका निमित्त यस अदालतमा उपस्थित हुनु भनी विपक्षीहरूको नाममा सूचना पठाइदिनु साथै अन्तरिम आदेश सम्बन्धमा छलफल भई आदेश नभएसम्म नियुक्तिसम्बन्धी कार्य यथास्थितिमा राख्नु भन्ने यस अदालतको मिति २०६७।५।१०।५ को आदेश।

यसमा विपक्षीको तामेली प्राप्त भएको नदेखिँदा अन्तरिम आदेशको छलफलका लागि मिति २०६७।५।२८ गतेको पेसी तोकी उक्त दिन छलफलको लागि उपस्थित हुन र अन्तरिम आदेशका सम्बन्धमा छलफल भई निकासा नभएसम्म नियुक्तसम्बन्धी कार्य यथास्थितिमा राख्नु भनी यस अदालतबाट मिति २०६७।५।१० मा भएको आदेशानुसार गर्नु भनी विपक्षीलाई जानकारी दिई नियमानुसार पेस गर्नु भन्ने यस अदालतको मिति २०६७।५।१७।५ को आदेश।

यसमा निवेदकले अन्तरिम आदेश माग गरेको सम्बन्धमा विचार गर्दा विपक्षीहरू अन्तरिम आदेशको छलफलमा उपस्थित भए पनि निवेदकले निवेदनमा उल्लेखित विज्ञापनअनुसारको कार्य के कुन अवस्थामा कहाँसम्म पुगेको छ ? सो सम्पूर्ण विवरण खुल्ने कुनै लिखत पेस गरेको नदेखिँदा सुविधा र सन्तुलनको दृष्टिले लिखित जवाफ नपरेसम्मको लागि नियुक्तिसम्बन्धी कार्य यथास्थितिमा राख्नु भनी विपक्षीहरूको नाउँमा पुनरावेदन अदालत नियमावली, २०४८ को नियम ३३(क) बमोजिम अन्तरिम आदेश जारी गरिदिएको छ। आदेशको जानकारी विपक्षीहरूलाई दिनु भन्ने यस अदालतको मिति २०६७।५।२८।२ को आदेश।

जिल्ला शिक्षा समितिको निर्णयअनुसार जिल्ला शिक्षा कार्यालयबाट शिक्षक राहत कोटा, PCF अनुदान कोटाहरू विद्यालयको आवश्यकताअनुसार विद्यालयहरूको नाउँमा उपलब्ध गराउनेसम्मको काम र कर्तव्य शिक्षा कार्यालयको हो।त्यसपछि शिक्षक नियुक्ति गर्न विद्यालयको विद्यालय व्यवस्थापन समितिले शिक्षा नियमावली, २०५९ को नियम २२(च) नं. बमोजिम शिक्षक छनौट समिति गठन गरी कानूनी प्रक्रिया अपनाई नियमानुसार विज्ञापन प्रकाशित गरी शिक्षक उम्मेद्वारहरूबाट विधिवत आवेदन दरखास्त

लिई शिक्षा ऐन र नियमले निर्धारण गरेबमोजिमको परीक्षा लिई सफल भएको उम्मेदरवारको नाउँ शिक्षक छनौट समितिले नियुक्तिको लागि विद्यालय व्यवस्थापन समितिसमक्ष सिफारिस गरी पठाउँदा विद्यालय व्यवस्थापन समितिले शिक्षा नियमावली, २०५९ को नियम ९७ को उप-नियम १ अनुसार बढीमा ६ महिनाको लागि अस्थायी शिक्षक नियुक्ति गर्न सक्ने कानूनी प्रावधान रहेको छ । विपक्षी निवेदकले शिक्षा ऐन, २०२८ को दफा १६(ड) नं. बमोजिम समावेशी नियुक्तिको लागि माग गरेको दाबी पनि सही हो । विधियकाले बनाइएको ऐन नियम पालन भएन भने त्यसको कुनै औचित्य हुँदैन । त्यसैले उक्त विद्यालयमा दलित र गैर दलित विद्यार्थीको संख्या कति ? दलित र गैर दलित शिक्षकको संख्या कति ? सबैको मूल्याङ्कन गरी हाल नियुक्ति गर्न लागेको शिक्षकलाई समावेशी किसिमबाट विद्यालय व्यवस्थापन समितिले छुट्टाछुट्टै विज्ञापन निकाली नियुक्ति गर्नुपर्दछ । सबै ऐन र नियमअन्तर्गत रही विद्यालय व्यवस्थापन समितिले शिक्षक नियुक्ती गर्नुपर्ने हो । तसर्थ शिक्षक नियुक्तीसम्बन्धी सम्पूर्ण कानूनी प्रक्रिया पुर्‍याउने काम र कर्तव्य विद्यालय व्यवस्थापन समितिको हो, शिक्षा कार्यालयको होइन भन्ने जिल्ला शिक्षा कार्यालय, सप्तरीको मिति २०६७।६।१३ को लिखित जवाफ ।

विपक्षीले गरेको निषेधाज्ञा मिश्रित परमादेशको आदेश हामीउपर जारी हुने होइन, छैन । उक्त निवेदनमा देखाइएको निषेधाज्ञाको दाबीमा कुनै आशंकाको अवस्थासमेत छैन । स्वयमले आवेदन गरी विज्ञापनलाई स्वीकार गरी आएको व्यक्तिले सोतर्फ दरखास्त नलिन, सोको लिखित परीक्षा नगर्न भनी लिएको निवेदन दाबीमा आशंकाको विद्यमानता नै छैन । शिक्षा कार्यालयबाट छनौट समितिको प्रतिनिधी राजेन्द्र मण्डलसमेतलाई नियमतः खटाईसकेको छ । शिक्षा नियमावली, २०५९ को नि.नं.२२(च), २२ (ड) तथा ९७ समेत बमोजिमको कानूनी प्रकृया पूरा गर्दै शिक्षक नियुक्तीको काम भइरहेको छ । कुनै कुराले अनियमितता भएको, गैरकानूनी लाभ कहाँ कोबाट कहिले लिएको दिएको भन्ने कुरा निवेदनमा स्पष्ट छैन । विपक्षीसमेतसँग म डम्बर मेहताको कुनै भेदभाव छैन।गरिएको विज्ञापनअनुसार लिखित तथा मौखिकसमेतको परीक्षामा विपक्षी नै सफल भए, नियुक्त दिन सकिनेछ । त्यहाँ दलित, गैर दलित अथवा कुनै वर्गलाई नियुक्ति दिन, छुट्टै कोटा जिल्ला शिक्षा कार्यालयबाट प्रदान नगरिएकाले सबै वर्गबाट लिएका, दर्ता भइरहेका आवेदनहरू अनुसार लिखित र मौखिक जाँचसमेत लिई विद्यालयको पठन पाठन कार्य सु-सञ्चालनार्थ शिक्षक नियुक्ति गर्न अति आवश्यक भएकोले विपक्षीको निवेदन दाबी खारेज गरिपाउँ भन्ने मिति २०६७/७/८/१ को लिखित जवाफ ।

निवेदकले प्रकाशित विज्ञापनअनुसार आवेदन फर्म भरिसकेको देखिएकाले प्रकाशित विज्ञानपनको जानकारी भएन भन्ने निवेदकको जिकिर मनासिब देखिँदैन । समावेशीरूपमा कोटा छुट्याई विज्ञापन प्रकाशित हुनुपर्ने निवेदकको भनाई भए आवेदन फर्म बुझाउनु भन्दा अगावै उजुर गर्न आउनु पर्दछ । प्रकाशित विज्ञापनअनुसार आवेदन फर्म बुझाई सकेकाले विज्ञापन प्रकाशनको कार्यबाट निजको हकमा आघात पुग्ने आशंका रहेको भनाई तथ्यसङ्गत छैन । समावेशीरूपबाट विज्ञापन प्रकाशित हुनुको लागि सोको कोटा नै नछुट्याइएको र कोटा छुट्याउनु पर्ने नपर्ने विद्यालयमा कति शिक्षक रहेको नरहेको आदि विषय नीतिगत विषय भएकोले सो सम्बन्धमा परमादेशको आदेशबाट हस्तक्षेप गर्न नमिल्ने हुँदा निवेदकको मागबमोजिम निषेधाज्ञा मिश्रित परमादेशको आदेश जारी गरिरहनु पर्ने अवस्था देखिन आएन भन्ने व्यहोराको पुनरावेदन अदालत, राजविराजबाट मिति २०६७।९।१८ मा भएको फैसला ।

पुनरावेदन अदालत, राजविराजबाट भएको फैसलाबाट विपक्षीहरूको मनोबल बढि कानूनबमोजिम प्रस्तुत मुद्दा अन्तिम नहुँदाकै अवस्थामा परीक्षा लगायतका कार्यक्रम प्रकाशित गरेमा सो काम कारवाही बदर रोक्का गरी पाउन विपक्षीहरू उपर प्रस्तुत मुद्दाको फैसला पूर्णरूपमा तयार नहुँदा पुनरावेदन गर्न नसकी

छुट्टै विपक्षीहरू उपर २०६७ सालको रिट नं. WO-०६६३ को उत्प्रेषण परमादेशलगायत अन्य उपयुक्त आदेश जारी गरिपाउँ भन्ने मुद्दा यसै अदालतमा दायर भई उक्त मुद्दामा विपक्षीहरूको नाउँमा कारण देखाउ आदेश मिति २०६७।१०।४ गते जारी भई अदालतको विचाराधिन विषयमा असर पार्ने गरी कानून प्रतिकूल शिक्षक नियुक्तिसम्बन्धी कार्य पूरा गरेको व्यहोराको प्रमाण राखी लिखित जवाफ फिराए पनि मुद्दा अदालतको विचाराधिन अवस्थामा भई मिति २०६८।९।८ गते पेसी तारेख तोकी पाएको सो मुद्दालाई कानूनले र यसै अदालतबाट प्रतिपादित कानूनी सिद्धान्त/नजिरको रोहबाट हेर्दा असर पर्ने विषय होइन । प्रस्तुत मुद्दा लगाव गरी साथै राखी निरोपण गरिपाउँ भन्ने पुनरावेदकको यस अदालतमा परेको पुनरावेदन पत्र ।

यसमा यसै अदालतमा विचाराधिन रहेको ०६८-WO-०६६३ को रिट निवेदन साथै राखी नियमानुसार पेस गर्नु भन्ने मिति २०७०।३।११।३ मा यस अदालतबाट जारी भएको आदेश ।

नियमबमोजिम दैनिक पेसी सूचीमा चढी निर्णयका लागि पेस भएको प्रस्तुत मुद्दाको मिसिल संलग्न कागजातहरूको अध्ययन गरियो ।

यसमा विपक्षी श्री राष्ट्रिय प्राथमिक विद्यालय १ नं. जोगीनिया सप्तरीमा ७५ जना दलित विद्यार्थीसमेत अध्ययनरत रहेकोमा विद्यार्थी संख्याको अनुपातमा शिक्षक अपुग हुँदा थप शिक्षक दरबन्दीको लागि विपक्षी कार्यालयसमक्ष अनुरोध गर्दा थप शिक्षक दरबन्दी स्वीकृती प्राप्त भई शिक्षा नियमावली, २०१९ को नियम २२(च) बमोजिम शिक्षक छनौट समितिसमेत गठन भइसकेको छ । सामुदायिक विद्यालयमा शिक्षक नियुक्ति गर्दा शिक्षा ऐन, २०२८ को दफा १६(ङ) बमोजिम समावेशी नियुक्ति गर्नुपर्ने शिक्षक छनौट समितिको कानूनी अनिवार्यता छ । विपक्षीले यस अघि शिक्षा ऐन, नियम प्रतिकुल अनियमित प्रकृयाबाट शिक्षक नियुक्ति गर्न विज्ञापन नं. १/०६६/०६७ मा सूचना प्रकाशित गरेकोमा अनियमितता सम्बन्धमा व्यापक जनगुनासो र उजुरी पर्दा शिक्षा विभाग व्यवस्थापन शाखा (प्राथमिक) सानो ठिमी, भक्तपुरको आदेशपत्रबाट उक्त विज्ञापन रद्द गरी शिक्षक नियुक्ति नगर्नु भनी रोक्का फुकुवा राखेकोमा हालै उक्त रोक्का हुँदा शिक्षा नियमावलीको नियम २२ (ङ)(१) ले कम्तीमा ३० दिनको दरखास्त दिने म्याद हुनुपर्ने र पत्र पत्रिकामा सूचना प्रकाशित हुनुपर्ने सो छैन । शिक्षा ऐन, नियममा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष वा सदस्य शिक्षक छनौट समितिको संयोजक हुने कानूनमा व्यवस्था भए पनि विपक्षी डम्बर मेहता आफैँ सो समितिको संयोजक भएको, विज्ञापनमा भएको कानूनी त्रुटी दर्शाउँदै समावेशी (दलित) र ३० दिनको दरखास्त दिने म्यादसहितको पत्रिकामा सूचनाको अनुरोध गर्दा उम्मेदवारी दर्ता गराई सफल भएमा समेत निवेदकलाई विद्यालयमा नियुक्ति नगर्ने ठाडो जवाफसमेत दिएकाले विपक्षी डम्बर मेहताले गैर कानूनी लाभ लिई अनियमित प्रकृयाबाट निवेदकबाहेकका व्यक्तिलाई शिक्षक नियुक्ति गर्न उद्धृत रहेबाट मेरो नागरिक अधिकार ऐन, २०१२ द्वारा प्रदत्त हक हनन् हुने प्रवल आशंका भएकाले २ शिक्षकको विज्ञापनमध्ये १ मा समावेशी (दलित) बाहेक अन्य कसैको पनि दरखास्त दर्ता नगर्नु नगराउनु, ३० दिन म्यादभित्र निवेदक दरखास्त लिई आए दर्ता गर्न र सो दुवै पदमा दरखास्त दर्ताबाहेक परीक्षा लिने नतिजा प्रकाशन गर्ने, सिफारिस वा नियुक्ती गर्ने काम कार्यवाही नगर्नु नगराउनु भनी विपक्षीहरूको नाउँमा अन्तरिम आदेशसहितको निषेधाज्ञा आदेश जारी गरी पाउन र २ शिक्षकमध्ये १ समावेशी (दलित) उम्मेदवारीबिच मात्र प्रतिस्पर्धा गर्न गराउने, PCF शिक्षक-१ पदमा दरखास्त दिने म्याद ३० दिन दिनु र राष्ट्रिय दैनिकमा सो को सूचना प्रकाशित गर्ने गराउने कार्य गर्नु, विपक्षी ३ का डम्बर मेहता विवादित व्यक्ति भएकाले निज मेहताबाहेक व्यवस्थापन समितिका अन्य सदस्यलाई शिक्षा नियमावलीको नियम २२(च)(क) बमोजिम शिक्षक छनौट समितिको संयोजकमा मनोनयन गर्नु गराउनु भनी विपक्षीहरूका नाउँमा निषेधाज्ञा मिश्रित परमादेशको आदेश जारी गरिपाउँ

भन्ने निवेदन मागदाबी र निवेदक स्वयम्ले आवेदन गरी विज्ञापनलाई स्वीकार गरी आएकाले निवेदन दाबीमा आशंकाको विद्यमानता नै छैन । शिक्षा कार्यालयबाट छनौट समितिको प्रतिनिधिसमेतलाई नियमतः खटाइसकेको छ।शिक्षा नियमावली, २०५९ को नि.२२ च., २२(ङ) तथा ९७ बमोजिमको कानूनी प्रकृया पूरा गर्दै शिक्षक नियुक्तिको काम भइरहेको छ । कुनै कुराले अनियमितता भएको, गैरकानूनी लाभ कहाँ कोबाट कहिले लिएको दिएको भन्ने कुरा निवेदनमा स्पष्ट छैन । विज्ञापनअनुसार हुने लिखित तथा मौखिक परीक्षामा विपक्षी सफल भए निजलाई नै नियुक्ति दिन सकिनेछ । दर्ता भइरहेका आवेदनहरूमा लिखित र मौखिक परीक्षासमेत लिई विद्यालयको पठन पाठन कार्य सञ्चालनका लागि शिक्षक नियुक्ति गर्न आवश्यक भएको हुँदा रिट निवेदन खारेज गरिपाउँ भन्ने व्यहोराको लिखित जवाफ भएकोमा सोउपर पुनरावेदन अदालतबाट निर्णय हुँदा निवेदकले प्रकाशित विज्ञापनअनुसार आवेदन फर्म भरिसकेको देखिएकाले प्रकाशित विज्ञापनको जनकारी भएन भन्ने निवेदकको जिकिर मनासिब देखिँदैन, समावेशीरूपमा कोटा छुट्याई विज्ञापन प्रकाशित हुनुपर्ने निवेदकको भनाई भए आवेदन फर्म बुझाउनुभन्दा अगावै उजुर गर्न आउनु पर्दछ । प्रकाशित विज्ञापनअनुसार आवेदन फर्म बुझाइसकेकोले विज्ञापन प्रकाशनको कार्यबाट निजको हकमा आघात पुग्ने आशंका रहेको भनाइ तथ्यसङ्गत छैन । समावेशीतर्फबाट विज्ञापन प्रकाशित हुनका लागि सोको कोटा नै नछुट्याइएको र कोटा छुट्याउनु पर्ने नपर्ने विद्यालयमा कति शिक्षक रहेको, नरहेको आदि विषय नीतिगत विषय भएकाले सो सम्बन्धमा परमादेशको आदेशबाट हस्तक्षेप गर्न नमिल्ने हुँदा निवेदन मागबमोजिम निषेधाज्ञा मिश्रित परमादेशको आदेश जारी गरिरहनु पर्ने अवस्था देखिन आएन भन्ने पुनरावेदन अदालतको फैसला भएको देखियो । सोही फैसलामा चित्त नबुझाई निवेदकले पुनरावेदन अदालतको फैसलाबाट विपक्षीहरूको मनोबल झन बढेको भई प्रस्तुत मुद्दा कानूनबमोजिम अन्तिम भई नसकेको अवस्थामै परीक्षालगायतका कार्यक्रम प्रकाशित गरेकोले सो सम्पूर्ण काम कार्यहरू बदर गरिपाउँ भनी यस अदालतमा पुनरावेदन परेको देखिन्छ।

२. निर्णयतर्फ विचार गर्दा विपक्षीमध्येको जिल्ला सप्तरी, जोगिनिया वडा नं. १ कोरियानी टोलस्थित श्री राष्ट्रिय प्राथमिक विद्यालयमा ७५ जना दलित विद्यार्थीसमेत अध्ययन रहेको । विद्यार्थी संख्याको अनुपातमा शिक्षक अपुग हुँदा थप शिक्षक दरबन्दी स्वीकृत भई शिक्षा नियमावली, २०५९ को नियम २२(च) बमोजिम विपक्षी नं.३ को संयोजकमा शिक्षक छनौट समिति गठन भएको देखिन्छ र सो समितिले शिक्षक नियुक्ति गर्न विज्ञापन प्रकाशित गरेको र विभिन्न उजुरीका आधारमा शिक्षा विभाग व्यवस्थापन शाखा सानो ठिमी, भक्तपुरको आदेशपत्रबाट उक्त विज्ञापन रद्द गरी शिक्षक नियुक्ति कार्य रोक्का राख्नु भनी आदेश भएकोमा पछि सो रोक्का राख्ने कार्य फुकुवा भएको तथ्य मिसिल संलग्न प्रमाणबाट देखिन्छ । PCF कोटाको प्राथमिक तह शिक्षक पद-१ को लागि र प्राथमिक तह शिक्षक पद-१ को गरी २ पदको लागि छुट्टाछुट्टै म्याद दिई शिक्षक नियुक्ति गर्ने सूचना राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरेको भन्ने कुरा निवेदकको निवेदन पत्रबाट नै स्पष्ट देखिन्छ । यसरी शिक्षक नियुक्ति गर्ने सूचना प्रकाशित भएपछि निवेदक स्वयम्ले आवेदन दिई विज्ञापनलाई स्वीकार गरी आएको कुरा प्रमाण संलग्न मिसिलबाट प्रस्ट भइरहेको देखिन्छ । निवेदकले पुनरावेदन अदालत, राजविराजमा निषेधाज्ञा मिश्रित परमादेशको निवेदन दर्ता गरेपश्चात पुनरावेदन अदालतबाट सो निवेदन उपर निर्णय गर्दै निवेदकको निवेदन माग दाबी पुग्न नसक्ने भन्ने फैसला भएपछि सोही फैसला उपर वा एउटै विषयउपर निवेदक यस अदालतमा छुट्टाछुट्टै निवेदन र मुद्दालिई उपस्थित भएकोले निवेदकको मन सफा नभई केवल समय लम्ब्याउने र विपक्षीलाई दुःख दिने मात्र नियत देखिन्छ । समावेशीको रूपमा कोटा छुट्याउनु र PCF शिक्षक पदमा महिला शिक्षक मात्र

नियुक्त गर्नुपर्ने निवेदकको भनाईसँग पनि सहमत हुन सकिएन किनकी उक्त विद्यालयमा एक PCF तर्फको पद र अर्को अस्थायी शिक्षक पद हो। यस्तो अस्थायी शिक्षक पदमा पनि समावेशी अनिवार्यरूपमा हुनुपर्छ भन्ने कुरा कुनै ऐन वा कानूनमा स्पष्ट भएको भन्ने कुरा निवेदकले प्रस्ट पार्न सकेको देखिँदैन।

३. शिक्षक नियुक्ति प्रकृयामा कानूनको रित पुगेन भन्ने निवेदकको भनाईतर्फ हेर्दा विपक्षीहरूले शिक्षा नियमावली ऐन र नियमावलीकै प्रकृया पूरा गरी छुटाछुट्टै पदमा छुट्टाछुट्टै विज्ञापन गरी दरखास्त बुझाउने म्याद पनि ७ दिन र ३० दिनको गरेको र शिक्षक नियुक्तिको लागि शिक्षा ऐन एवं नियमावलीबमोजिम जिल्ला शिक्षा कार्यालयले प्रतिनिधीसमेत छनौट गरी पठाएको र सोही शिक्षक छनौट गर्न लागिएको कुरा मिसिल संलग्न प्रमाणबाट प्रस्ट भइरहेको अवस्थामा निवेदकको माग जिकिरसँग सहमत हुन सकिएन।

४. अत: निवेदकले प्रकाशित विज्ञापनअनुसार आवेदन फर्म भरिसकेको देखिएकोले प्रकाशित विज्ञापनको जानकारी भएन भन्ने निवेदकको जिकिर मनासिब देखिँदैन । समावेशीरूपमा कोटा छुट्याई विज्ञापन प्रकाशित हुनुपर्ने निवेदकको भनाई भए आवेदन फर्म बुझाउनुभन्दा अगावै उजुर गर्न आउनु पर्दछ । प्रकाशित विज्ञापनअनुसार आवेदन फर्म बुझाइसकेकोले विज्ञापन प्रकाशनको कार्यबाट निजको हकमा आघात पुग्ने आशंका रहेको भनाई तथ्यसङ्गत छैन । समावेशीरूपबाट विज्ञापन प्रकाशित हुनको लागि सोको कोटा नै नछुट्याएको र कोटा छुट्याउनु पर्ने नपर्ने, विद्यालयमा कति शिक्षक रहेको नरहेको आदि विषय नीतिगत विषय भएकोले सो सम्बन्धमा परमादेशको आदेशबाट हस्तक्षेप गर्न नमिल्ने हुँदा निवेदकको मागबमोजिम निषेधाज्ञा मिश्रित परमादेशको आदेश जारी गरीरहनु पर्ने अवस्था देखिन आएन भनी मिति २०६७।९।१८ मा पुनरावेदन अदालत, राजविराजबाट भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । पुनरावेदकको पुनरावेदन जिकिर पुग्न सक्दैन । प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार गरी बुझाइदिनू।

उक्त रायमा सहमत छु।
न्या.देवेन्द्र गोपाल श्रेष्ठ

इजलास अधिकृतः कमला पौडेल
इति संवत् २०७२ साल साउन ३२ गते रोज २ शुभम्।

## निर्णय नं.९५६५

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री गोपाल पराजुली
माननीय न्यायाधीश श्री जगदीश शर्मा पौडेल
आदेश मिति : २०७२।३।९।४
०७०-WO-०६६२

विषय: उत्प्रेषण / परमादेश

निवेदक : कास्की जिल्ला, पोखरा उपमहागरपालिका वडा नं.९ घर भई हाल पश्चिमाञ्चल क्षेत्रीय अस्पताल, पोखरा कास्कीमा सिनियर कन्सल्टेन्ट (दशौं तह) को पदमा कार्यरत डा. बसन्तकुमार ताम्राकार

विरूद्ध

विपक्षी : लोक सेवा आयोग, केन्द्रीय कार्यालय, अनामनगर, काठमाडौंसमेत

- **कुनै पदाधिकारीको त्रुटि वा भुलको कारण कुनै कर्मचारीलाई निजले प्राप्त गरेको कानूनी हकबाट वञ्चित गर्न मिल्दैन । कुनै पदाधिकारीको त्रुटि वा भूलको कारण कार्य सम्पादन मूल्याङ्कन फाराममा पुनरावलोकन समितिबाट मूल्याङ्कन हुन छुट भएको अवस्थामा त्यस्तो कार्य सम्पादन मूल्याङ्कन फाराम पेस गर्ने कर्मचारीलाई बढुवाबाट वञ्चित गर्ने हो भने कर्मचारीको पदोन्नति सम्बन्धित प्रावधान कानूनी हकको रूपमा नभई कुनै पदाधिकारी वा कार्यालयको स्वेच्छामा निर्भर रहन जाने ।**
- **यस्तो अवस्थामा आफूले बढुवा गराउन चाहेको कर्मचारीको कार्यसम्पादन मूल्याङ्कन फाराम सुपरिवेक्षक, पुनरावलोकनकर्ता तथा पुनरावलोकन समितिबाट मूल्याङ्कन गराइराख्ने र बढुवा गराउन नचाहेको कर्मचारीको फाराम मूल्याङ्कन नै नगराई राख्ने प्रवृत्तिको विकास हुने ।**
- **कार्य सम्पादन मूल्याङ्कन फाराम भरी समयमा पेस गर्ने कर्तव्य पुरा गरेको अवस्थामा आफ्नो गल्ती वा दोष बेगर अन्य पदाधिकारीको त्रुटि वा भुलको परिणाम आफ्नो दायित्व पुरा गर्ने कर्मचारीले भोग्नुपर्दछ भन्नु न्यायोचित नहुने ।**

(प्रकरण नं.६)

निवेदकका तर्फबाट : विद्वान् वरिष्ठ अधिवक्ता हरिप्रसाद उप्रेती र विद्वान् अधिवक्ता नरेन्द्रप्रसाद पाठक
विपक्षीका तर्फबाट : विद्वान् सहन्यायाधिवक्ता रेवतीराज त्रिपाठी, विद्वान् अधिवक्ता कृष्णप्रसाद सापकोटा, पूर्णिमा गुरागाईं
अवलम्बित नजिर :
सम्बद्ध कानून :

आदेश

**न्या.गोपाल पराजुली :** नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३२ र १०७(२) बमोजिम उत्प्रेषणयुक्त परमादेशलगायतको जो चाहिने आज्ञा आदेश वा पुर्जी जारी गरिपाउँ भनी यस अदालतमा दायर हुन आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य एवम् ठहर यसप्रकार छः

म निवेदक मिति २०४४।१।१७ को निर्णयानुसार नेपाल स्वास्थ्य सेवाको रा.प्र.तृ.श्रेणीको पदमा स्थायी नियुक्ति पाई कार्यरत रहेको अवस्थामा स्वा.से.ऐन लागू भएपश्चात् ऐ.ऐनको दफा ९० बमोजिम नेपाल स्वास्थ्य सेवा, जनरल हेल्थ सर्भिसेज समूहको सातौं तहको पदमा तह मिलान भई स्वा.से.ऐनको दफा ९(५) बमोजिम मिति २०५६।६।१२ को निर्णयानुसार मिति २०५४/२/१४ देखि ज्येष्ठता कायम हुने गरी अधिकृत आठौं तहको फिजिसियन पदमा स्तरवृद्धि भई मिति २०६०/१२/२७ देखि ज्येष्ठता गणना हुने गरी अधिकृत नवौं तहको कन्सल्टेन्ट फिजिसियन पदमा बढुवा भई मिति २०६४/१/१२ को निर्णयानुसार वरिष्ठ कन्सल्टेन्ट जनरल फिजिसियन अधिकृत दशौं तहको पदमा स्तरवृद्धि भई हालसम्म सोही पदमा कार्यरत रहँदै आएको छु । यसैबिचमा आयोगबाट नेपाल स्वास्थ्य सेवा, मेडिसिन समूह, जनरल मेडिसिन उपसमूहको प्रमुख कन्सल्टेन्ट फिजिसियन (एघारौं तह) पदको पदसङ्ख्या ४ (चार) कार्यक्षमता मूल्याङ्कनद्वारा पदपूर्ति गर्ने गरी मिति २०७०/६/२३ को गोरखापत्रमा सूचना नं. ३२४/२०७०/०७१ बढुवा सूचना नं. १०९/२०७०/०७१ को सूचना प्रकाशन गरेकाले उक्त पदमा बढुवाको लागि बढुवा दरखास्त फाराम भरी बढुवा नियुक्ति पाउने आशाका साथ नतिजाको प्रतिक्षामा बसेको थिएँ । बढुवा समितिको मिति २०७०/६/२३ को गोरखापत्रमा प्रकाशित सूचना हेर्दा उक्त पदमा बढुवाको लागि मेरो नाम क्रमसङ्ख्या ४ मा सिफारिस गरिएको र मेरो प्राप्ताङ्क ७८.१९९२ रहेको थियो । बढुवा समितिको सो सिफारिसमा चित्त नबुझेकाले विपक्षीमध्येका डा. सिताराम चौधरीले

दुई आर्थिक वर्षको का.स.मु. को अङ्क नदिएको हुनाले सो अङ्क प्रदान गरी मेरो नाम बढुवाको लागि सिफारिस गरिपाउँ भनी आयोगसमक्ष उजुर गरेको र सो उजुरीउपर आयोगबाट मिति २०७०/११/२२ मा निर्णय हुँदा सिताराम चौधरीको वीर अस्पतालमा रहेको उल्लिखित आ.व.को का.स.मु. झिकाई हेरिपाउँ भनी दिएको निवेदनउपर मिति २०७०/११/१३ को पत्रानुसार चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान वीर अस्पताललाई लेखी पठाएकोमा उक्त अस्पतालको मिति २०७०/११/१४ को पत्रानुसार उल्लिखित दुई आ.व.को का.स.मु. फाराम प्राप्त भई सुपरिवेक्षक एवम् पुनरावलोकनकर्ताको मूल्याङ्कन भई पुनरावलोकन समितिको मूल्याङ्कन भएको नपाइएको हुँदा निजको आ.व. २०६९/०७० को का.स.मु. बापतको ४० अङ्कलाई नै औषत मानी निजलाई बढुवा गर्ने गरी निर्णय गरेको व्यहोरा मिति २०७०/१०/२४ मा सो निर्णयको प्रतिलिपि लिई हेर्दा थाहा जानकारी हुन आयो।

स्वास्थ्य सेवा ऐनको दफा २८ ले बढुवा प्रयोजनको लागि तोकिएबमोजिम का.स.मु. प्रयोग गरिनेछ भन्ने स्पष्ट कानूनी व्यवस्था गरेको र स्वास्थ्य सेवा नियमावलीको नियम ७१ मा का.स.मु. भर्ने प्रक्रिया, का.स.मु. भर्ने अधिकारी र म्यादको सम्बन्धमा व्यवस्था गरिएको छ । उक्त व्यवस्थाबमोजिम नियम ७१ (८) बमोजिम बढुवा हुन जति वर्षको सेवा अवधि चाहिने हो त्यति नै का.स.मु. हुनुपर्ने प्रस्ट व्यवस्था रहेको छ । विपक्षी सिताराम चौधरीको दुई वर्षको का.स.मु. नभएको भनी बढुवा समितिले विपक्षी सिताराम चौधरीलाई बढुवाका लागि सिफारिस नगरी म निवेदकको नाम बढुवाका लागि सिफारिस गरेबाट विपक्षी सिताराम चौधरीको उक्त २ वर्षको का.स.मु. नभएको अर्थात् वीर अस्पतालमा दर्ता नै नगरेको प्रस्ट छ । हाल पेस गरिएको का.स.मु. समयमा पेस नभई गैरकानूनीरूपमा पेस भएको प्रस्ट छ । त्यसमा पनि पुनरावलोकन समितिका अध्यक्ष एवम् सदस्यबाट मूल्याङ्कन नभएको भनी आयोगको निर्णयबाटै प्रस्ट छ । स्वास्थ्य सेवा नियमावलीको नियम ७१ (क) ले प्रत्येक कर्मचारीले आफ्नो का.स.मु. फाराम साउन ७ गतेभित्र सुपरिवेक्षकसमक्ष र सुपरिवेक्षकले साउन मसान्तभित्र मूल्याङ्कन गरी पुनरावलोकनकर्तासमक्ष प्रस्तुत गरी भदौ मसान्तभित्र पुनरावलोकन समितिसमक्ष पेस गर्नुपर्ने र पुनरावलोकन समितिले कात्तिक मसान्तभित्र मूल्याङ्कन गरी आयोगसमक्ष पठाउनु पर्ने स्पष्ट कानूनी व्यवस्था हुँदाहुँदै उक्त अवधिभित्र पेस नभएको र मूल्याङ्कन नै नभएको का.स.मु. लाई पछिल्लो आ.व. को का.स.मु. को आधार मानी अङ्क दिन मिल्दैन। स्वास्थ्य सेवा ऐनको दफा २६ ले बढुवाको लागि उम्मेदवार हुन बढुवा हुने तहभन्दा एक तह मुनिको पदमा रही कम्तीमा ३ वर्षको सेवा अवधि पुरा गरेको हुनुपर्नेछ। त्यसरी कम्तीमा ३ वर्षको का.स.मु. समेतको आधारमा बढुवा हुने प्रस्ट कानूनी व्यवस्था हुँदाहुँदै २ वर्षको का.स.मु. पेस नै नगरेको अवस्थामा त्यस्तो का.स.मु.को अङ्क दिएर बढुवा गरिनु उक्त कानूनी व्यवस्थाको प्रस्ट उल्लङ्घन हुनु हो। साबिक बढुवा समितिले प्राप्त नगरेको का.स.मु. फाराम पछि एकाएक प्राप्त हुने अवस्था नै हुँदैन । केवल विपक्षी सिताराम चौधरीलाई बढुवा गराउने बदनियत चिताई पछि पेस गरेको का.स.मु.लाई प्राप्त भएको भनी सोबापतको अङ्क दिएर बढुवाका लागि सिफारिस गरिएको हो भने पनि त्यसले कानूनी मान्यता पाउँदैन । आफ्नो मूल्याङ्कन फाराम समयमा भरी दर्ता गर्न प्रयास नै नगर्ने अनि बढुवा हुने बेलामा कुनै एक सालको का.स.मु.का आधारमा सबै वर्षको मूल्याङ्कनको अङ्क निर्धारण गर्ने हो भने कानूनद्वारा निर्देशित का.स.मु. फारामको औचित्य र आधार नै समाप्त हुने हुन्छ । स्वास्थ्य सेवाका कर्मचारी पनि निजामती सेवाका कर्मचारी भएको र निजामती सेवा ऐन, २०४९ को दफा ७८ (ख) को उपनियम ८ ले कुनै निजामती कर्मचारीले कुनै वर्षको का.स.मु. फाराम नभरेमा त्यस आ.व.को का.स.मु. बापत निजलाई सो आ.व.को लागि पूर्णाङ्कको पचास प्रतिशत अङ्क प्राप्त हुने कानूनी व्यवस्था रहेको र सोही व्यवस्थालाई

मिलान हुने गरी स्वास्थ्य सेवा नियमावलीको नियम ७९ को अख्तियारी प्रयोग गरी बढुवा समितिको मिति २०६८/३/१० को निर्णयबाट सोहीबमोजिम अङ्क दिने भनी निर्णय गरेको र सोबमोजिम आ.व.२०६७/०६८ र ०६८/०६९ अङ्क दिँदा निज सिताराम चौधरीको कूल प्राप्ताङ्क ७१.४१७६ भई म निवेदकभन्दा तल आठौं क्रममा परेको प्रस्ट छ। कानूनले तोकेको समयको सीमाभित्र दर्ता गरेको का.स.मु. को मात्र मूल्याङ्कन गर्न र अङ्क प्रदान गर्न मिल्ने हो। सम्बन्धित कर्मचारीले समयभित्र भर्दै नभरेको वा बुझाउँदै नबुझाएको का.स.मु.कोसमेत अहिले आएर का.स.मु. फेला परेको भन्ने कथित अभिलेख सिर्जना गरी सिताराम चौधरीको नाम सिफारिस गर्ने चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान, वीर अस्पतालको कार्य एवम् आयोगको निर्णय बदनियतपूर्ण छ।

विपक्षीहरूको काम कारवाही र निर्णयबाट म निवेदकलाई अन्तरिम संविधानको धारा १२(३)(च),१३ (१) (२), १८ (१) र १९(१) द्वारा प्रदत्त मौलिक हक एवम् माथि उल्लिखित स्वास्थ्य सेवा ऐन र स्वास्थ्य सेवा नियमावलीद्वारा प्रदत्त कानूनी हकहरूको हनन् हुन गएको र ती हकहरू प्रचलन गराउने अन्य कुनै वैकल्पिक एवम् प्रभावकारी उपचारको बाटोसमेत नभएको हुनाले अन्तरिम संविधानको धारा ३२ र १०७(२) बमोजिम प्रस्तुत रिट निवेदन लिई सम्मानित अदालतसमक्ष उपस्थित भएको छु। विपक्षी आयोगबाट भएको मिति २०७०/११/२२ (नि.नं. १३६/२०७०/०७१) को निर्णय तथा सो निर्णयबमोजिम मिति २०७०/११/२३ को गोरखापत्रमा प्रकाशित सूचना र सोको आधारमा विपक्षी सिताराम चौधरीलाई बढुवा नियुक्ति दिइएको भए सो निर्णय, बढुवा नियुक्ति तथा पदस्थापना पत्रलगायत र म निवेदकलाई प्रतिकूल असर पार्ने गरी विपक्षीहरूबाट भए गरेका काम कारवाही, निर्णय, पत्राचार तथा सूचना उत्प्रेषणको आदेशले बदर गरी म निवेदकलाई बढुवा समितिको मिति २०७०/९/२० को निर्णय मुताबिक नै प्रमुख कन्सल्टेन्ट जनरल फिजिसियन पदमा अन्य उम्मेदवारसरह ज्येष्ठता कायम हुने गरी बढुवा नियुक्ति दिई नियमानुसार पाउने तलब भत्तालगायत अन्य सम्पूर्ण सुविधाहरू दिनु दिलाउनु भनी विपक्षीहरूको नाममा परमादेशलगायत जो चाहिने आज्ञा आदेश जारी गरिपाऊँ। साथै आयोगको मिति २०७०/११/१२ को निर्णय कार्यान्वयन नगर्नु नगराउनु यथास्थितिमा राख्नु भनी अन्तरिम आदेश जारी गरिपाउँ भन्नेसमेत व्यहोराको निवेदन पत्र।

यसमा के कसो भएको हो ? निवेदकको मागबमोजिमको आदेश किन जारी हुनु नपर्ने हो ? यो आदेश प्राप्त भएका मितिले बाटाका म्यादबाहेक १५ दिनभित्र महान्यायाधिवक्ताको कार्यालयमार्फत् लिखित जवाफ पठाउनु भनी रिट निवेदनको एकप्रति नक्कल साथै राखी विपक्षी नं.१,२ र ३ लाई सूचना पठाई त्यसको बोधार्थ महान्यायाधिवक्ताको कार्यालयमा पठाइदिनू। निवेदकको मागबमोजिमको आदेश किन जारी हुन नपर्ने हो ? यो आदेश प्राप्त भएका मितिले बाटाका म्यादबाहेक १५ दिनभित्र आफैँ वा आफ्नो कानूनबमोजिमको प्रतिनिधिमार्फत् लिखित जवाफ लिई आउनु भनी विपक्षी नं. ४, ५ र ६ को नाउँमा यो आदेश र निवेदनको एक-एक प्रति नक्कल साथै राखी सूचना जारी गरी लिखित जवाफ आएपछि वा अवधि नाघेपछि नियमबमोजिम पेस गर्नू। साथै अन्तरिम आदेश माग भएकोतर्फ विचार गर्दा दुवै पक्षको छलफल सुनी निष्कर्षमा पुग्न वाञ्छनीय भएबाट निवेदकको नाम हटाई डा. सिताराम चौधरीलाई गरिएको बढुवा सिफारिससम्बन्धी कारवाही जे जस्तो अवस्थामा छ सोहीरूपमा यथास्थितिमा राखी आ.व. २०६७/०६८ र ०६८/०६९ का का.स.मु. फाराम तथा ती का.स.मु. दर्ता किताबको सक्कल लिई मिति २०७०/१२/१७ का दिन अन्तरिम आदेश जारी हुने वा नहुने विषयमा छलफल गर्न हाजिर हुन विपक्षीहरूलाई सूचना दिनु भन्नेसमेत व्यहोराको यस अदालतबाट भएको मिति २०७०/१२/९ को आदेश।

यसमा अन्तरिम आदेशसम्बन्धमा विचार गर्दा, निवेदकको विपक्षी लोक सेवा आयोगको मिति

२०७०/११/२२ को निर्णय कार्यान्वयन नगर्न नगराउन अन्तरिम आदेश जारी गरी पाउन माग भएको र उक्त मितिपश्चात् मिति २०७०/१२/७ को स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको पत्रबाट निवेदकले बढुवा नियुक्ति प्राप्त गरिसकेको देखिएको छ । निवेदकले बढुवाको लागि कार्य सम्पादन मौकैमा बुझाएको हो वा होइन तथा सोको मूल्याङ्कन गरी बढुवा अङ्क दिन सक्ने हो वा होइन भन्ने कुरा कार्य सम्पादन फारामसमेत अवलोकन गरी निर्णय गर्नुपर्ने विषय भई पछि पूर्ण सुनुवाई हुँदाका बखत निर्णय हुन सक्ने विषय देखिएको र स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयबाट दिइएको बढुवा नियुक्तिउपर अन्तरिम आदेश माग भएको अवस्था नहुँदा विपक्षी डा.सिताराम चौधरीले बढुवा नियुक्ति पाई कार्यान्वयन गरिसकेको अवस्थामा सुविधा र सन्तुलनको स्थितिसमेत विचार गर्दासमेत तत्काल मागबमोजिम अन्तरिम आदेश जारी गर्न मिलेन । विषय प्रकृतिले छिटो निर्णय हुन पर्ने देखिँदा प्रस्तुत मुद्दालाई अग्राधिकार प्रदान गरिदिएको छ । नियमबमोजिम गर्नू भन्नेसमेत व्यहोराको यस अदालतबाट भएको मिति २०७०/१२/१७ को आदेश।

निजामती सेवा ऐन, २०४९ को दफा २४(च) मा ऐनको दफा २० बमोजिम बढुवा समितिले गरेको बढुवाको सिफारिसमा चित्त नबुझ्ने सम्बन्धित निजामती कर्मचारीले त्यस्तो सिफारिस गरेको मितिले पैंतिस दिनभित्र लोक सेवा आयोगमा उजुरी दिन सक्नेछ र त्यसरी परेको उजुरीमा उजुर गर्ने म्याद नाघेको मितिले साठी दिनभित्र टुङ्गो लगाइनेछ भन्ने व्यवस्था रहेको छ । सोबमोजिमको उजुरी परी आयोगबाट कानूनबमोजिम भए, गरेको कार्यलाई अन्यथा भन्न मिल्दैन । निवेदकले दाबी लिएको विषयका सन्दर्भमा हेर्दा आयोगको बढुवा सूचना नं. १०९/०७०/०७१ नेपाल स्वास्थ्य सेवा मेडिसिन समूह, जनरल मेडिसिन उप-समूह, प्रमुख कन्सल्टेन्ट जनरल फिजिसियन एघारौं तहको रिक्त पद सङ्ख्या ४ (चार) मा बढुवा समितिले मिति २०७०/९/२१ गते प्रकाशित गरेको बढुवा सिफारिस उपर डा. सिताराम चौधरीको उजुरी पर्न आएकोमा सो सम्बन्धमा प्रचलित ऐन, नियम र बढुवा समितिको प्रतिक्रिया एवम् पेस भएका प्रमाण कागजातसमेतका आधारमा आयोगको मिति २०७०/११/२२ को बैठकबाट "का.स.मु. फाराम निर्धारित मितिभित्र भरी कार्यालयमा दर्ता गराउने दायित्व सम्बन्धित कर्मचारीको भए तापनि का.स.मु. फाराममा मूल्याङ्कन गर्ने, गराउने दायित्व सम्बन्धित कर्मचारीको नभई संस्थाकै हुने भएकोले निज प्रा.डा. सिताराम चौधरीले भरी पेस गरेको उल्लिखित आ.व.को का.स.मु. अङ्क प्राप्त गर्नबाट निजलाई वञ्चित गर्न मिल्ने देखिँदैन । अतः निजलाई उल्लिखित आ.व.को का.स.मु. बापत के कति अङ्क प्रदान गर्ने भन्ने सम्बन्धमा हेर्दा सम्मानित सर्वोच्च अदालतबाट संवत् २०६० सालको रिट नं. २९७६ (निवेदक मनबहादुर खड्का विपक्षी लोक सेवा आयोगसमेत) भएको मुद्दामा मिति २०६३/१०/११ मा कर्मचारीले समयमा कार्य सम्पादन मूल्याङ्कन फाराम भरी पेस गरेकामा सो मूल्याङ्कन भएन वा फाराम नै फेला परेन भने त्यस्तो पाउनु पर्ने अङ्क अन्य उपलब्ध आ.व.हरूको कार्यसम्पादन मूल्याङ्कनको औषतलाई हराएको वर्षको कार्य सम्पादन मूल्याङ्कनको अङ्क मानी गणना गर्नुपर्ने भनी सिद्धान्त प्रतिपादन भएको पाइँदा निज प्रा.डा.सिताराम चौधरीका हकमासमेत निजले आ.व. ०६९/०७० मा का.स.मु. बापत प्राप्त गरेको अङ्क ४० लाई औषत अङ्क मानी उल्लिखित आ.व.का लागिसमेत सोहीबमोजिम अङ्क प्रदान गरी अङ्क गणना गर्दा निजको प्राप्ताङ्क ८४.७४७९ हुने र उक्त प्राप्ताङ्क अन्तिम योग्यताक्रममा रहेका डा.वसन्तकुमार ताम्राकारको भन्दा बढी हुने देखिँदा उजुरकर्ता प्रा.डा.सिताराम चौधरीको नाम बढुवा सिफारिस नामावलीमा समावेश हुने भई निज डा.वसन्तकुमार ताम्राकारको नाम बढुवा सिफारिस नामावलीबाट हट्ने ठहर्छ ।" भनी निर्णय भएकोले रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत व्यहोराको लोक सेवा आयोग केन्द्रीय कार्यालयको तर्फबाट यस

अदालतमा प्रस्तुत भएको लिखित जवाफ।

नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को दफा २५ मा सेवाको अधिकृत तहको पदमा बढुवाको सिफारिस गर्नको लागि बढुवा समितिको व्यवस्था रहेको र सेवाका अधिकृत तहका पदमा सोबमोजिम बढुवा समितिले बढुवाका लागि सिफारिस गर्ने गरेको छ। सो बढुवा समितिको सचिवालय यसै मन्त्रालयमा हुने व्यवस्था रहेको र बढुवा समितिको मिति २०७०/९/२० को बैठकले लोक सेवा आयोगको सूचना नं. ३२४/०७०-०७१ अनुसार नेपाल स्वास्थ्य सेवा मेडिसिन समुह, जनरल मेडिसिन उपसमुह, अधिकृत एघारौं तहको बढुवा सूचना नं. १०९/०७०-०७१, प्रमुख कन्सल्टेन्ट जनरल फिजिसियन पदको लागि रिट निवेदकलगायत चार जनाको नाम सिफारिस भएको र त्यसरी नाम सिफारिस गर्दा कार्य सम्पादन मूल्याङ्कन फाराम नभरेका कर्मचारीको सो आ.व. को हकमा बढुवा समितिले ०६८/३/१० मा कायम गरेको सिद्धान्तबमोजिम पचास प्रतिशत अङ्क दिने गरी अङ्क गणना गरेको थियो। सो बढुवा सिफारिसउपर चित्त नबुझाई डा.सिताराम चौधरीले नेपाल स्वास्थ्य सेवा नियमावली, २०५५ को नियम ७७(१) बमोजिम लोक सेवा आयोगसमक्ष उजुरी दिएका र सो विषय साठी दिनभित्र टुङ्गो लगाउनु पर्ने कानूनी व्यवस्थाबमोजिम आयोगबाट निर्णय हुँदा संशोधित नामावली कायम भएको र सो नामावलीमा बढुवा समितिबाट सिफारिस भएका रिट निवेदकको सट्टा डा.सिताराम चौधरीको नाम कायम भएको हो। यसरी लोक सेवा आयोबाट बढुवा समितिले सिफारिस गरेको नामावलीमा संशोधन हुने ठहर्‍याई गरेको संशोधनका सन्दर्भमा यस मन्त्रालयलाई विपक्षी बनाउनुको औचित्य र कारणसमेत स्पष्ट नहुँदा रिट निवेदन खारेज भागी छ, खारेज गरिपाउँ भन्नेसमेत व्यहोराको विपक्षीमध्येका स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको तर्फबाट यस अदालतमा प्रस्तुत भएको लिखित जवाफ।

रिट निवेदकले दाबी लिनुभएको विषय मन्त्रिपरिषद्सँग प्रत्यक्ष सम्बन्धित नभई लोक सेवा आयोगसँग सम्बन्धित देखिन्छ। लोक सेवा आयोग नेपालको अन्तरिम संविधान, २०६३ बमोजिम स्थापित संवैधानिक निकाय हो। निजामती सेवामा कर्मचारीको पदपूर्ति गर्न विज्ञापन प्रकाशित गर्ने, दरखास्त लिने र सोउपर छानबिन गर्ने, योग्य उम्मेदवार छनौटको लागि परीक्षा सञ्चालन गर्ने, अन्तर्वार्ता र नियुक्तिको लागि उम्मेदवारहरू छनौट गरी सिफारिस गर्ने अधिकार एवम् जिम्मेवारी उक्त आयोगलाई छ। यसरी संविधानद्वारा व्यवस्थित संवैधानिक अङ्गले आफ्नो अधिकार क्षेत्रभित्र रही कानूनसम्मत् तबरबाट गरेको निर्णयसम्बन्धी विषयलाई विपक्षीले अन्यथा भन्न मिल्ने होइन। लोक सेवा आयोगको सक्षमता र स्वायत्ततामा अन्यथा हुने गरी नेपाल सरकार, मन्त्रिपरिषद्बाट केही गर्न मिल्ने पनि हुँदैन। यस अवस्थामा उल्लिखित विषयका सम्बन्धमा मन्त्रिपरिषद्लाई विपक्षी बनाई रिट निवेदन दिन मिल्ने पनि होइन। अन्य मागदाबीका सम्बन्धमा अख्तियार प्राप्त निकायको लिखित जवाफबाट स्पष्ट हुने नै हुँदा मन्त्रिपरिषद्लाई विपक्षी कायम गरेको हकसम्म रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत व्यहोराको प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका तर्फबाट यस अदालतमा प्रस्तुत भएको लिखित जवाफ।

नेपाल स्वास्थ्य सेवा निमयावली, २०५५ को नियम ७१ (क) ले प्रत्येक वर्ष साउन ७ गतेभित्र सम्बन्धित कर्मचारीले आफ्नो कार्य सम्पादन मूल्याङ्कन फाराम भरी सुपरिवेक्षकसमक्ष पेस गर्नुपर्ने भन्ने व्यवस्था गरेको छ। सो मुताबिक मैले आ.व. ०६७/०६८ र ०६८/०६९ को २ आ.व.को मेरो कार्य सम्पादन मूल्याङ्कन फाराम भरी म तत्काल कार्यरत रहेको चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान वीर अस्पतालमा बुझाएको हो। त्यसपछि सुपरिवेक्षक, पुनरावलोकनकर्ता र पुनरावलोकन समितिले उक्त नियम ७१(क) को अवधिभित्र मूल्याङ्कन गरी सम्बन्धित स्थानमा पठाउनु पर्ने दायित्व सम्बन्धित पदाधिकारीहरूको नै हुने भन्नेमा कुनै विवाद हुन सक्दैन। मैले आफ्नोतर्फबाट उक्त आ.व.

०६७/०६८ र ०६८/०६९ को का.स.मु. फाराम भरेर सुपरिवेक्षकसमक्ष प्रस्तुत गरेको छु । मैले आफ्नो कर्तव्य पालना गरेको छु । कानूनबमोजिम कार्य गर्नुपर्ने कर्तव्य भएको कुनै पदाधिकारीले आफ्नो कर्तव्य पालना नगरेको कारणबाट म प्रभावित हुनुपर्ने अवस्था आउन सक्दैन । मैले का.स.मु. फाराम समयभित्रै भरी सम्बन्धित कार्यालयमा पेस गरेको र उक्त फारामहरू सोही कार्यालयमा रहे भएको भन्ने प्रमाणित भई, लोक सेवा आयोगको मिति २०७०/११/२२ को निर्णयले रिट निवेदकको बढुवा सिफारिसबाट नाम हटी मेरो सिफारिस कायम भएबमोजिम मैले मिति २०७०/१२/६ को नेपाल सरकार मन्त्रिपरिषद्को निर्णयबमोजिम २०७०/१२/७ मा बढुवा नियुक्ति प्राप्त गरी बढुवा भएको पदमा कार्यरत भइसकेको छु । बढुवा उजुरी सुन्ने निकायबाट कानूनबमोजिम का.स.मु. फारामको कानूनी विवेचना भइसकेपछि त्यसको औचित्य र विश्वसनीयतामा कुनै प्रश्न उठ्न सक्दैन ।

मैले बढुवा समितिको सिफारिसउपर गरेको उजुरीमा लोक सेवा आयोगबाट मिति २०७०/११/२२ मा भएको निर्णय सम्मानित सर्वोच्च अदालतबाट स्थापित कानूनी सिद्धान्तमा आधारित छ । संवत् २०६० सालको रिट नं. २९७६ निवेदक मनबहादुर खड्का विपक्षी लोक सेवा आयोगसमेत भएको मुद्दामा मिति २०६३/१०/११ को आदेशमा "कर्मचारीले समयमा कार्य सम्पादन मूल्याङ्कन फाराम भरी पेस गरेकामा सो मूल्याङ्कन भएन वा फाराम नै फेला परेन भने त्यसको पाउनु पर्ने अङ्क अन्य उपलब्ध आ.व.हरूको कार्य सम्पादन मूल्याङ्कनको औषतलाई हराएको वर्षको कार्य सम्पादन मूल्याङ्कनको अङ्क मानी गणना गर्नुपर्ने" भन्ने सिद्धान्त स्थापित छ । सोही कानूनी सिद्धान्तअनुसार म लिखित जवाफवालाले आ.व. ०६९/०७० मा का.स.मु. बापत प्राप्त गरेको ४० अङ्कलाई औषत अङ्क मानी आ.व.०६७/०६८ र ०६८/०६९ को अङ्क प्रदान गर्दा मेरो प्राप्ताङ्क रिट निवेदकले प्राप्त गरेको ७८.१९९२ भन्दा बढी ८४.७४७९ हुन आएको छ । उक्त आधारबाट रिट निवेदकको नाम बढुवा सूचीबाट हट्न गई मेरो नाम बढुवा सूचीमा कायम हुन आउने भएकोले सोहीबमोजिम मिति २०७०/९/२१ मा प्रकाशित बढुवा सिफारिस नामावली संशोधन हुन गई मेरो नाउँ बढुवा सिफारिस भएको छ । उक्त आयोगको मिति २०७०/११/२२ को निर्णयमा कानूनी त्रुटि नभई सर्वोच्च अदालतबाट स्थापित सिद्धान्तको पूर्ण परिपालना भएकोबाट पनि रिट निवेदन खारेजभागी छ, खारेज गरिपाउँ भन्नेसमेत व्यहोराको विपक्षीमध्येका डा. सिताराम चौधरीको तर्फबाट यस अदालतमा पेस भएको लिखित जवाफ ।

प्रस्तुत विषयमा यस चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठानको के कस्तो कारणबाट निवेदकको हक हनन् भएको हो निवेदनमा उल्लेख गर्न सकेको अवस्था छैन । प्रस्तुत रिट निवेदन जारी हुनु पर्ने आधार नभएको हुँदा रिट निवेदन खारेजभागी छ, खारेज गरिपाउँ भन्नेसमेत व्यहोराको विपक्षीमध्येका चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान, वीर अस्पतालका अख्तियारप्राप्त उपकुलपति प्रा.डा. दामोदरप्रसाद पोखरेलको तर्फबाट यस अदालतमा प्रस्तुत भएको लिखित जवाफ ।

प्रस्तुत विषयमा म निर्देशकको के कस्तो काम कारवाहीबाट निवेदकको हक हनन् भएको हो, सो उल्लेख गर्न सक्नुभएको छैन । मैले केवल निर्देशकको हैसियतले कार्य सम्पादन मूल्याङ्कन फाराममा सहिमात्र गरेको हो । निजलाई बढुवा गर्ने मेरो अधिकार छैन । तसर्थ प्रस्तुत रिट निवेदन खारेज भागी छ, खारेज गरिपाउँ भन्नेसमेत व्यहोराको विपक्षीमध्येका चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान, वीर अस्पतालका निर्देशक प्रा.डा. बुलन्द थापाको तर्फबाट यस अदालतमा पेस भएको लिखित जवाफ ।

नियमबमोजिम पेस भएको प्रस्तुत मुद्दामा निवेदक तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ता श्री हरिप्रसाद उप्रेती र विद्वान् अधिवक्ता श्री नरेन्द्रप्रसाद पाठकले निवेदक डा.वसन्तकुमार ताम्राकारलाई मिति २०७०/६/२३ को गोरखापत्रमा प्रकाशित सूचनाअनुसारको नेपाल स्वास्थ्य सेवा, मेडिसिन समूह, जनरल मेडिसिन उप-समूहको प्रमुख कन्सल्टेन्ट

फिजिसियन (एघारौं तह) पदमा बढुवा गरिसकिएको र निवेदकको प्राप्ताङ्क ७८.१९९२ रहेकामा विपक्षी सिताराम चौधरीको उजुरीको आधारमा निवेदकको नाम बढुवा सूचीबाट हटाई सिताराम चौधरीलाई बढुवा गर्ने गरी गरिएको निर्णय त्रुटिपूर्ण छ । निवेदकलाई एकपटक बढुवा गरिसकेको अवस्थामा बिना आधार बढुवा सूचीबाट नाम हटाउन मिल्दैन । निवेदकको बढुवा समितिको मिति २०७०/९/२० को निर्णय मुताबिक नै प्रमुख कन्सल्टेन्ट जनरल फिजिसियन पदमा अन्य उम्मेदवारसरह ज्येष्ठता कायम हुने गरी बढुवा नियुक्ति हुनुपर्दछ भनी बहस गर्नुभयो ।

विपक्षी सरकारी निकायहरूको तर्फबाट महान्यायाधिवक्ताको कार्यालयका विद्वान् सहन्यायाधिवक्ता श्री रेवतीराज त्रिपाठीले का.स.मु. फाराम निर्धारित समयभित्र भरी कार्यालयमा दर्ता गराउने दायित्व सम्बन्धित कर्मचारीको भए तापनि का.स.मु. फाराम मूल्याङ्कन गर्ने गराउने दायित्व सम्बन्धित कर्मचारीको नभई संस्थाकै हुने भएकाले डा. सिताराम चौधरीले भरी पेस गरेको आ.व. ०६७/६८ र ०६८/६९ को का.स.मु. फारामको अङ्कबाट निजलाई वञ्चित गर्न मिल्दैन । बढुवा समितिको मिति २०७१/१०/४ को निर्णय तथा बढुवा सूचना नं. १०३/०७१-७२ मा प्रकाशित सूचनाअनुसार निवेदकको बढुवा भइसकेको अवस्था हुँदा रिट निवेदनको कुनै औचित्य छैन, खारेज हुनुपर्दछ भन्नेसमेत बहस प्रस्तुत गर्नुभयो ।

विपक्षी सिताराम चौधरीको तर्फबाट उपस्थित विद्वान् अधिवक्ता श्री कृष्णप्रसाद सापकोटाले कर्मचारीले समयमा कार्य सम्पादन मूल्याङ्कन फाराम भरी पेस गरेकोमा सो मूल्याङ्कन भएन वा फाराम नै फेला परेन भने त्यस्तो पाउनु पर्ने अङ्क अन्य उपलब्ध आ.व.हरूको कार्य सम्पादन मूल्याङ्कनको औषतलाई हराएको वर्षको सम्पादन मूल्याङ्कन अङ्क भनी गणना गर्नुपर्ने भन्ने सिद्धान्त प्रतिपादन भएको छ । डा.सिताराम चौधरीले आ.व. ०६९/७० मा का.स.मु. बापत प्राप्त गरेको अङ्कलाई औषत अङ्क मानी आ.व. ०६७/६८ र ०६८/०६९ का लागि समेत सोहीबमोजिम अङ्क प्रदान गरी अङ्क गणना गर्दा प्राप्ताङ्क ८४.७४७९ भएको र उक्त प्राप्ताङ्क निवेदक डा.वसन्तकुमार ताम्राकारको भन्दा बढी भएको हुँदा निवेदकको नाम बढुवा सिफारिसबाट हटी डा. सिताराम चौधरीको नाम बढुवा सिफारिस नामावलीमा समावेश गर्ने निर्णय भएको हो । हाल निवेदकको बढुवा भइसकेको अवस्था हुँदा रिट निवेदन खारेज हुनुपर्दछ भन्नेसमेत बहस प्रस्तुत गर्नुभयो ।

विपक्षी चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठानको तर्फबाट उपस्थित विद्वान् अधिवक्ता श्री पूर्णिमा गुरागाईंले प्राप्ताङ्क गणना गर्दा निवेदकको भन्दा डा. सिताराम चौधरीको प्राप्ताङ्क बढी भएको हुँदा निवेदकको नाम बढुवा सिफारिसबाट हटेको हो । निवेदकले माग गरेको पदमा हाल निवेदकको बढुवा भइसकेको हुँदा औचित्यहीन रिट निवेदन खारेज हुनुपर्दछ भन्नेसमेत प्रस्तुत गर्नुभएको बहस सुनियो ।

दुवै पक्षबाट प्रस्तुत भएको उपर्युक्तानुसारको बहस जिकिरसमेत सुनी मिसिल अध्ययन गरी हेर्दा निवेदन मागबमोजिमको आदेश जारी हुने हो होइन भन्नेसम्बन्धमा निर्णय दिनुपर्ने देखिन आयो ।

२. निर्णयतर्फ विचार गर्दा म नेपाल स्वास्थ्य सेवा, जनरल हेल्थ सर्भिसेज समूहको वरिष्ठ कन्सल्टेन्ट जनरल फिजिसियन अधिकृत दशौं तहको पदमा कार्यरत छु । लोक सेवा आयोगबाट नेपाल स्वास्थ्य सेवा, मेडिसिन समूह, जनरल मेडिसिन उप-समूहको प्रमुख कन्सल्टेन्ट फिजिसियन (एघारौं तह) पदको पदसङ्ख्या ४ कार्य क्षमता मूल्याङ्कनद्वारा पदपूर्ति गर्ने गरी बढुवा सूचना प्रकाशन गरेकाले मैले उक्त पदमा बढुवाको लागि दरखास्त फाराम भरेकोमा २०७०/६/२३ को गोरखापत्रमा प्रकाशित सूचनामा मेरो नाम क्रमसङ्ख्या ४ मा सिफारिस गरिएको थियो । बढुवा समितिको सो सिफारिसउपर विपक्षी डा. सिताराम चौधरीको उजुरी परी सो उजुरीउपर आयोगबाट मिति २०७०/११/२२ मा निर्णय हुँदा निजलाई बढुवा गर्ने गरी निर्णय गरिएको छ । सिताराम चौधरीको आ.व.

०६७/६८ र ०६८/६९ गरी २ वर्षको का.स.मु. वीर अस्पतालमा दर्ता नै भएको छैन । निजको हाल पेस गरिएको का.स.मु. समयमा पेस नभई गैरकानूनीरूपमा पेस भएको छ। सो का.स.मु. मा पुनरावलोकन समितिका अध्यक्ष एवम् सदस्यबाट मूल्याङ्कन भएको छैन । २ वर्षको का.स.मु. पेस नै नगरेको अवस्थामा त्यस्तो का.स.मु. को अङ्क दिएर बढुवा गर्न नमिल्ने हुँदा लोक सेवा आयोगबाट भएको मिति २०७०/११/२२ (नि.नं. १३६/२०७०-०७१) को निर्णय तथा सो निर्णयबमोजिम प्रकाशित सूचना र सोको आधारमा विपक्षी सिताराम चौधरीलाई बढुवा नियुक्ति दिइएको भए सो निर्णय, बढुवा नियुक्ति पदस्थापनासमेतका काम कारवाही उत्प्रेषणको आदेशले बदर गरी बढुवा समितिको मिति २०७०/९/२० को निर्णयबमोजिम नै अन्य उम्मेदवार सरह ज्येष्ठता कायम हुने गरी प्रमुख कन्सल्टेन्ट जनरल फिजिसियन पदमा बढुवा नियुक्ति दिनु दिलाउनु भनी परमादेश जारी गरिपाउँ भन्ने मुख्य निवेदन दाबी भएकोमा सिताराम चौधरीले आ.व. ०६७/०६८ र ०६८/०६९ को का.स.मु. फाराम समयमै भरी सम्बन्धित कार्यालयमा पेस गरेको र उक्त फारामहरू सोही कार्यालयमा रहे भएको भन्ने प्रमाणित भई लोक सेवा आयोगको मिति २०७०/११/२२ को निर्णयले निवेदकको नाम बढुवा सिफारिसबाट हटी सिताराम चौधरीको नाम बढुवा सिफरिसमा कायम भएको हुँदा रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत लिखित जवाफ रहेको पाइन्छ।

३. नेपाल स्वास्थ्य सेवाअन्तर्गतको मेडिसिन समूह, जनरल मेडिसिन उपसमूह, अधिकृत एघारौं तहको प्रमुख कन्सल्टेन्ट जनरल फिजिसियन पदको पद सङ्ख्या ४ मा बढुवा समितिको मिति २०७०/९/२० को निर्णयअनुसार प्रकाशित बढुवा सिफारिस नामावलीमा क्रमशः डा.बुद्धिबहादुर थापा, डा. किरण मानन्धर, डा. लोकेन्द्रदेव भट्ट र डा. वसन्तकुमार ताम्राकारको नाम रहेको भन्ने मिसिल संलग्न बढुवा समितिको सचिवालयको सूचनाको छायाँप्रतिबाट देखिन्छ । उक्त बढुवा सिफारिस नामावलीउपर चित्त नबुझाई विपक्षीमध्येका डा. सिताराम चौधरीको लोक सेवा आयोगसमक्ष उजुरी परेकोमा सो उजुरीउपर आयोगले मिति २०७०/११/२२ मा निर्णय गर्दा डा. सिताराम चौधरीको नाम बढुवा सिफारिस नामावलीमा समावेश गरी योग्यताक्रमको ४ नं. मा रहेका यी निवेदक डा. वसन्तकुमार ताम्राकारको नाम बढुवा सिफारिस नामावलीबाट हटाई संशोधित बढुवा नामावली कायम गरेको पाइयो।

४. आयोगले यी निवेदकको नाम बढुवा नामावलीबाट हटाई डा. सिताराम चौधरीको नाम बढुवा सिफारिस नामावलीमा समावेश गर्ने निर्णय गर्दा मुख्यतः का.स.मु. फाराम निर्धारित मितिभित्र भरी कार्यालयमा दर्ता गराउने दायित्व सम्बन्धित कर्मचारीको भए तापनि का.स.मु. फाराम मूल्याङ्कन गर्ने गराउने दायित्व सम्बन्धित कर्मचारीको नभई संस्थाकै हुने भएको भन्ने आधार तथा कर्मचारीले समयमा कार्य सम्पादनमा मूल्याङ्कन फाराम भरी पेस गरेकोमा सो मूल्याङ्कन भएन वा फाराम नै फेला परेन भने त्यस्तो पाउनु पर्ने अङ्क अन्य उपलब्ध आ.व. हरूको कार्य सम्पादन मूल्याङ्कनको औषतलाई हराएको वर्षको कार्य सम्पादन मूल्याङ्कनको अङ्क मानी गणना गर्नुपर्ने भन्ने यस अदालतबाट प्रतिपादित सिद्धान्तलाई आधार लिएको पाइन्छ।

५. विपक्षीमध्येका डा. सिताराम चौधरीको आर्थिक वर्ष ०६७/०६८ र ०६८/०६९ को कार्य सम्पादन मूल्याङ्कन फाराममा सुपरिवेक्षक एवम् पुनरावलोकनकर्ताको मूल्याङ्कन भई पुनरावलोकन समितिको मूल्याङ्कन हुन नसकेको भन्ने आधारमा बढुवा समितिले मिति २०७०/९/२० मा निर्णय गर्दा उक्त दुई आर्थिक वर्षको कार्य सम्पादन मूल्याङ्कनको अङ्क गणना नगरेको कारण डा. सिताराम चौधरीको प्राप्ताङ्क कम भई बढुवा सिफारिस सम्बन्धित नामावलीको योग्यताक्रम नं. ४ मा यी निवेदक डा. वसन्तकुमार ताम्राकारको नाम प्रकाशन भएको भन्ने देखिन्छ। कार्य सम्पादन मूल्याङ्कन फाराम भरी पेस गर्ने तथा मूल्याङ्कन गर्ने सम्बन्धमा भएको कानूनी

व्यवस्था हेर्दा नेपाल स्वास्थ्य सेवा नियमावली, २०५५ को नियम ७१ क (१) मा प्रत्येक वर्ष साउन ७ गतेभित्र सम्बन्धित कर्मचारिले आफ्नो कार्य सम्पादन मूल्याङ्कन फाराम भरी सुपरिवेक्षकसमक्ष पेस गर्नुपर्ने र सुपरिवेक्षकले साउन मसान्तभित्र सुपरीवेक्षण गरी पुनरावलोकनकर्तालाई बुझाई सक्नुपर्ने भन्ने कानूनी व्यवस्था रहेको पाइन्छ भने सोही नियमको उपनियम (२) मा प्राप्त हुन आएको कार्य सम्पादन मूल्याङ्कन फाराम पुनरावलोकनकर्ताले भदौ मसान्तभित्र मूल्याङ्कन गरी पुनरावलोकन समितिसमक्ष बुझाइसक्नु पर्ने भन्ने प्रावधान रहेको पाइन्छ । साथै सोको उपनियम (३) मा मूल्याङ्कन भइसकेपछि पुनरावलोकन समितिले कात्तिक मसान्तभित्र कार्य सम्पादन मूल्याङ्कन गरी एकप्रति लोक सेवा आयोगमा पठाउनु पर्ने भन्ने प्रावधान रहेको छ । उक्त कानूनी प्रावधानबमोजिम आफ्नो कार्य सम्पादन मूल्याङ्कन फाराम भरी सुपरिवेक्षकसमक्ष पेस गरेपछि सम्बन्धित कर्मचारीले आफ्नो कर्तव्य पूरा गरेको मान्नुपर्ने हुन्छ ।

६. कार्य सम्पादन मूल्याङ्कन फाराम पेस भएपछि नियमद्वारा निर्धारित अवधिभित्र सुपरिवेक्षण तथा पुनरावलोकन गर्ने र सम्बन्धित निकायसमक्ष प्रस्तुत गर्नुपर्ने कर्तव्य र दायित्व सम्बन्धित पदाधिकारीको हुने कुरा नियमले नै प्रस्ट गरेको स्थितिमा सुपरिवेक्षण र पुनरावलोकन गर्ने पदाधिकारीले आफ्नो पदीय कर्तव्य पालना नगरेको कारण पुनरावलोकन समितिको मूल्याङ्कन हुन नसकेको स्थितिमा सोको प्रतिकूल असर सम्बन्धित कर्मचारीलाई पर्ने गरी बढुवाबाट वञ्चित गराउन मिल्दैन । कार्य क्षमताको आधारमा बढुवा पाउने हक कुनै पनि कर्मचारीको कानूनी हक हो । कुनै पदाधिकारीको त्रुटि वा भुलको कारण कुनै कर्मचारीलाई निजले प्राप्त गरेको कानूनी हकबाट वञ्चित गर्न मिल्दैन । कुनै पदाधिकारीको त्रुटि वा भूलको कारण कार्य सम्पादन मूल्याङ्कन फाराममा पुनरावलोकन समितिबाट मूल्याङ्कन हुन छुट भएको अवस्थामा त्यस्तो कार्य सम्पादन मूल्याङ्कन फाराम पेस गर्ने कर्मचारीलाई बढुवाबाट वञ्चित गर्ने हो भने कर्मचारीको पदोन्नति सम्बन्धित प्रावधान कानूनी हकको रूपमा नभई कुनै पदाधिकारी वा कार्यालयको स्वेच्छामा निर्भर रहन जाने हुन्छ । यस्तो अवस्थामा आफूले बढुवा गराउन चाहेको कर्मचारीको कार्यसम्पादन मूल्याङ्कन फाराम सुपरिवेक्षक, पुनरावलोकनकर्ता तथा पुनरावलोकन समितिबाट मूल्याङ्कन गराइ राख्ने र बढुवा गराउन नचाहेको कर्मचारीको फाराम मूल्याङ्कन नै नगराई राख्ने प्रवृत्तिको विकास हुने हुन्छ । कार्य सम्पादन मूल्याङ्कन फाराम भरी समयमा पेस गर्ने कर्तव्य पूरा गरेको अवस्थामा आफ्नो गल्ती वा दोष बेगर अन्य पदाधिकारीको त्रुटि वा भुलको परिणाम आफ्नो दायित्व पूरा गर्ने कर्मचारीले भोग्नुपर्दछ भन्नु न्यायोचित हुँदैन ।

७. विपक्षीमध्येका डा. सिताराम चौधरीका हकमा निजले आ.व. ०६९/०७० मा का.स.मु. बापत प्राप्त गरेको अक ४० लाई औषत अङ्क मानी आ.व.०६७/०६८ र ०६८/०६९ का लागि समेत सोहीबमोजिमको अङ्क प्रदान गरी गणना गर्दा प्राप्ताङ्क ८४.७४७९ भएको र यी निवेदक डा. वसन्तकुमार ताम्राकारको प्राप्ताङ्क ७८.१९९२ भएको अवस्थामा डा. सिताराम चौधरीको नाम बढुवा सिफारिस नामावलीमा समावेश गरी यी निवेदक डा. वसन्तकुमार ताम्राकारको नाम बढुवा सिफारिस नामावलीबाट हटाउने गरी आयोगबाट मिति २०७०/११/२२ मा निर्णय भएको अवस्था छ । आफ्नो प्राप्ताङ्क ७८.१९९२ भन्दा बढी हुनुपर्ने भन्ने निवेदकको जिकिर रहेको पनि पाइँदैन । निवेदकको भन्दा बढी अङ्क प्राप्त गरेको अवस्थामा निवेदकको नाम बढुवा सिफारिस नामावलीबाट हटाई डा. सिताराम चौधरीको नाम बढुवा सिफारिस नामावलीमा समावेश गर्ने गरी आयोगबाट मिति २०७०/११/२२ मा भएको निर्णय न्यायोचित देखिन्छ ।

८. निवेदन मागबमोजिमको अधिकृत एघारौं तहको प्रमुख कन्सल्टेन्ट जनरल फिजिसियन पदमा मिति २०७१/१०/४ को निर्णयअनुसार निवेदक बढुवा भइसकेको भनी बढुवाको नामाङ्कनसहितको

सूची विपक्षीबाट पेस भएको पाइन्छ । विपक्षीबाट पेस भएको उक्त बढुवाको नामाङ्कनसहितको सूचीलाई निवेदकले अन्यथा भन्न नसकेको अवस्था छ । मिति २०७०/९/२० को निर्णय मुताबिक नै अन्य उम्मेदवारसरह निवेदकको समेत ज्येष्ठता कायम गरिनु पर्ने भन्ने निवेदन व्यहोरा तथा निवेदकको तर्फबाट प्रस्तुत भएको बहसका सम्बन्धमा विचार गर्दा निवेदकको प्राप्ताङ्कभन्दा विपक्षी सिताराम चौधरीको प्राप्ताङ्क बढी भएको कारण निवेदकको नाम बढुवा सिफारिस नामावलीबाट हटाई विपक्षी डा. सिताराम चौधरीको नाम बढुवा सिफारिस नामावलीमा समावेश गर्ने गरी आयोगबाट मिति २०७०/११/२२ मा निर्णय भएको र माथि विवेचित आधार र कारणबाट उक्त निर्णय न्यायोचित देखिएको अवस्था छ । साथै निवेदकको मिति २०७०/९/२० को निर्णय मुताबिक नै अन्य उम्मेदवारसरहको ज्येष्ठता कायम गर्दा वा नगर्दा निजको नोकरी अवधिलाई मनन् गर्दासमेत अर्को बढुवा गर्न बढुवा समितिबाट पुनः निजको कार्य सम्पादनसहितको मूल्याङ्कन हुन सक्ने अवस्था देखिन्छ। पुनरावलोकन समितिबाट मूल्याङ्कन हुन छुट भएको आ.व. ०६७/०६८ र ०६८/०६९ का लागि समेत आ.व. ०६९/०७० मा प्राप्त गरेको अङ्कको औषत अङ्क प्रदान गरी सो अङ्कको आधारमा विपक्षीमध्येका डा. सिताराम चौधरीलाई बढुवा गरेको कार्यलाई अन्यथा गर्न मिल्ने देखिँदैन। निवेदक मनबहादुर खड्का विपक्षी लोक सेवा आयोगसमेत भएको २०६० सालको रिट नं. २९७६ को उत्प्रेषण, परमादेशसमेतको रिट निवेदनमा "सम्बन्धित कर्मचारीले समयमा नै कार्य सम्पादन मूल्याङ्कन फाराम भरी बुझाई सकेपछि निर्धारित म्यादभित्र सुपरिवेक्षण पुनरावलोकन गर्ने पदाधिकारीले मूल्याङ्कन फाराम सुरक्षित राख्नु पर्ने र मूल्याङ्कन गरी बढुवा समिति र लोक सेवा आयोगमा अनिवार्यरूपमा पठाउनु पर्ने कानूनी जिम्मेवारी र दायित्व त्यस्ता सुपरिवेक्षक र पुनरावलोकनकर्ताको हुने" भन्ने यस अदालतबाट मिति २०६३/१०/११ मा फैसला भई सिद्धान्त प्रतिपादन भएको हुँदा उक्त सिद्धान्तसमेतको परिप्रेक्ष्यमा निवेदन मागबमोजिमको आदेश जारी गर्न मिल्ने देखिएन।

९. अतः माथि विवेचना गरिएका आधार कारण र कानूनी व्यवस्थाबाट निवेदन मागबमोजिम आदेश जारी हुने अवस्था विद्यमान नदेखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने ठहर्छ। प्रस्तुत रिट निवेदनको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार गरी बुझाइदिनू।

उक्त रायमा सहमत छु।
न्या.जगदीश शर्मा पौडेल

इजलास अधिकृत : कृष्णप्रसाद पौडेल
इति संवत् २०७२ साल असार ९ गते रोज ४ शुभम्।

## निर्णय नं.९५६६

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री गोपाल पराजुली
माननीय न्यायाधीश श्री जगदीश शर्मा पौडेल
फैसला मिति : २०७१।१२।२६।५
०६८-CI-१४७६

मुद्दाः लगानी सुरक्षित गरी कानूनबमोजिमको क्षतिपूर्ति रकमसमेत दिलाई भराई पाऊँ।

पुनरावेदक / वादी : जे.एन्ड.डि. एप्परेल प्रा.लि.को नेपाली लगानी कर्ता काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं.४ विशालनगर बस्ने सुवासकुमार सर्राफ

विरूद्ध

विपक्षी / प्रतिवादी : अमेरिका 166 W 35 TM St #4# New York 10016 USA स्थायी घर भई जिल्ला पर्सा विरगञ्ज उपमहानगरपालिका वडा नं. १३ मा मुख्य कार्यालय रहेको जे.एण्ड. डी. एप्परेल प्रा.लि.को विदेशी लगानी कर्ता स्टेफिन डुजिङ्क (Mr. Steffen Duzink) समेत

- **पुनरावेदक र प्रत्यर्थीबिच सर्वसम्मत सम्झौता भई उद्योगमा संयुक्त लगानी गर्न मन्जुर भएकोमा सम्झौताबमोजिमको सेयरको हिस्सा पुनरावेदकले नबुझाएकोमा प्रत्यर्थी प्रतिवादीले उद्योग विभागमा दिएको उजुरीअनुसार विवादको समाधान हुन सकेको देखिँदैन । सो सम्झौताको पालनामा सम्झौता गर्ने पक्षहरूले मध्यस्थताद्वारा आफ्नो विवादको समाधान गराउन सक्ने एकातर्फ उपचारको व्यवस्था देखिन्छ भने अर्कोतर्फ कानूनबमोजिम भएका निर्णयमा क्षतिपूर्तिबाट कसरी कुन क्षतिबाट नोक्सानी भएको भन्ने स्थापित नहुँदासम्म क्षतिपूर्ति दिलाउन सकिने अवस्था नहुने ।**
- **क्षतिपूर्ति कानूनमा क्षति पुर्‍याउने र क्षति पर्नेका बिचको बदनियत वा त्यस्तो घटनालाई वस्तुनिष्ठ तवरबाट देखाइएको हुनुपर्छ । कानूनबमोजिम भएका निर्णयमा निर्णयकर्ताले दूषित कार्य गरेको वा कानूनको पालना नगरेको अवस्थामा पनि तहतह हुँदै त्यस्तो निर्णय सच्याउन सक्ने व्यवस्था भइरहेको देखिँदा प्रत्यक्ष हानि भएको सबुद निवेदक पक्षले गुजार्न नसकेको अवस्थामा क्षतिपूर्ति भराउन सकिने नदेखिने ।**
- **उद्योग विभागले कानूनबमोजिम कारवाही गर्न कम्पनी रजिस्ट्रारको कार्यालयमा पठाएकोमा कम्पनी रजिस्ट्रारको कार्यालयले कम्पनीको १० प्रतिशत सेयर लिने सेयर धनीले माग गरेमा विशेष साधारण सभा बोलाई दिन सक्ने कम्पनी ऐन, २०६३ को दफा ८२९(४) को कानूनी व्यवस्थाअनुसार बोलाएको विशेष साधारण सभाको निर्णयानुसार कम्पनीलाई एकल सेयरधनी भएको कम्पनीमा परिणत गरी सोहीबमोजिम प्रबन्ध पत्र र नियमावलीमा भएको संशोधन तथा अभिलेखीकरण गरेको कार्य पनि रितपूर्वक नै देखिएको र प्रत्यर्थीलाई सजायको स्पष्ट दाबी नभई सजाय गर्न मिल्ने नदेखिने ।**

(प्रकरण नं.७)

पुनरावेदक / वादीका तर्फबाट : विद्वान् अधिवक्ता डेकेन्द्रप्रसाद सुवेदी
विपक्षी / प्रतिवादीका तर्फबाट :
अवलम्बित नजिर :
सम्बद्ध कानून :

सुरू कम्पनी विकास बोर्डका तर्फबाट फैसला गर्नेः
अध्यक्ष श्री बाबुराम रेग्मी
सदस्य हरिश्चन्द्र ढुंगाना
सदस्य रामनारायण श्रेष्ठ
पुनरावेदन तहमा फैसला गर्नेः
मा. न्यायाधीश श्री देवेन्द्र गोपाल श्रेष्ठ
मा. न्यायाधीश श्री आनन्द मोहन भट्टराई

फैसला

**न्या.गोपाल पराजुली :** न्याय प्रशासन ऐन, २०४८ को दफा ९(१) बमोजिम यस अदालतमा दायर भई निर्णयार्थ पेस हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवम् ठहर यसप्रकार छः

उद्योग विभागबाट वैदेशिक लगानी स्वीकृति

भएअनुसार चालु पुँजी पाँच करोडमध्ये अमेरिकी लगानी कर्ता स्टेफेन डुजिङ्कको ५० प्रतिशत भारतीय लगानी कर्ता रेणु सर्राफको ४५ प्रतिशत र म नेपाली लगानी कर्ता सुवासकुमार सर्राफको ५ प्रतिशत लगानी गर्ने सम्झौता भई जे.एण्ड डि. एप्परेल प्रा.लि. नामक कम्पनी दर्ता गरिएको थियो । उक्त सहमतिअनुसार मैले कम्पनीको सम्पत्ति कायम हुने गरी घर टहरा तथा जग्गा जमिनमा लगानी गरेको हुँ । कम्पनीको प्रबन्ध सञ्चालकको हैसियतले काम गर्दा कम्पनीले विभिन्न व्यक्तिसँग लिएको ऋणसमेत मैले व्यक्तिगतरूपमा तिरिदिएको अवस्था छ । सो रकम मैले लगानी गरेभन्दा बढी नै भएकोले उक्त रकम या त पुर्जीकरण हुनुपर्दछ, अन्यथा सो रकम मैले फिर्ता पाउनुपर्छ । थुप्रै रकम लगानी भएको भए तापनि सो कुरालाई विचारै नगरी कम्पनी रजिस्ट्रारको कार्यालयले मलाई सेयरधनीबाट हटाई स्टेफेन डुजिङ्कको नाममा एकलौटी लगत कायम गरिदिएबाट मेरो लगानी डुब्ने अवस्थामा रहेको छ । अतः कम्पनी रजिस्ट्रारको कार्यालयबाट भएको उक्त निर्णय बदर गरी मैले उक्त उद्योगमा लगानी गरेको रू.१,३९,०७,१३३।५९ को ब्याज तथा क्षतिपूर्ति भराई दुवैजना प्रतिवादीलाई हदैसम्मको सजाय गरिपाउँ भन्नेसमेत व्यहोराको सुरू कम्पनी रजिस्ट्रारको कार्यालयमा पेस भएको उजुरी पत्र।

पर्सा जिल्लास्थित वीरगन्जमा स्थापित जे.एण्ड.डी. एप्परेल प्रा.लि.मा म विदेशी लगानी कर्ता स्टेफेन डुजिङ्कको ५० प्रतिशत भारतीय नागरिक उजुरीकर्ताका श्रीमती रेणु सर्राफको ४५ प्रतिशत र उजुरीकर्ता सुवासकुमार सर्राफको ५ प्रतिशत लगानी गर्ने गरी सहमति भएको थियो। सो सहमतिअनुसार निज उजुरीकर्ता र भारतीय लगानी कर्ताले कम्पनीमा कुनैपनि रकम लगानी गरेका छैनन् । कम्पनीको सञ्चालक समितिमा उजुरीकर्ता निजको श्रीमती र म तिन जना रहेको कारण निजहरूकै बहुमत थियो। कम्पनीमा मेरो मात्र एकलौटी लगानी भएको छ। कम्पनीको आर्थिक तथा प्रशासनिक कारोबारको जिम्मा उजुरीकर्तालाई दिइएकोमा निजले हिसाब किताबमा गलफत गरी कम्पनीलाई धरासायी बनाएकोले बन्द हुन गएको हो । उजुरीकर्ताले सो कम्पनीमा लगानी गरेको कम्पनीको ऋण तिरिदिएको तथा पारिश्रमिक लिन बाँकी रहेको भनी लिएको दाबी गलत छ। म स्टेफेन डुजिङ्कले लगानी गरेको बैंक स्टेटमेन्टसमेतको आधारमा कम्पनी रजिस्ट्रारको कार्यालयबाट सेयर लगत प्रमाणित भएको छ। विपक्षीले कम्पनीले करिब दुई करोड रूपैयाँ हिनामिना गरी सो कमजोरीलाई ढाकछोप गर्ने अभिप्रायले मुद्दा दायर गर्नुभएको हुँदा प्रस्तुत उजुरी खारेज गरिपाउँ भन्नेसमेत व्यहोराको स्टेफेन डुजिङ्क र कम्पनीका वित्तीय निर्देशक सैलेस वैद्यको तर्फबाट प्रस्तुत हुन आएको प्रतिउत्तर पत्र।

कम्पनी ऐन, २०६३ को दफा १५९ को उपदफा (४) मा "उपदफा (२) अन्तर्गत कार्यालय वा अदालतले गरेको निर्णय वा दिएको आदेश उपर पैंतिस दिनभित्र नेपाल सरकारद्वारा सर्वोच्च अदालतको सहमति लिई तोकिएको अदालतमा पुनरावेदन लाग्नेछ" भन्ने व्यवस्था भएको हुँदा कम्पनी रजिस्ट्रारको कार्यालयले गरेको निर्णयउपर कम्पनी बोर्डमा उजुरी लाग्ने नभई नेपाल सरकारले तोकिदिएको अदालतमा पुनरावेदन लाग्ने स्पष्ट कानूनी व्यवस्था भएको हुनाले त्यस्तो विषयमा यस बोर्डले क्षेत्राधिकार ग्रहण गरी कारवाही र किनारा गर्न मिल्ने देखिएन । जहाँसम्म आफूले कम्पनीमा गरेको लगानी, तिरेको ऋण तथा पारिश्रमिकसमेतको रकम फिर्ता पाउनुपर्ने भन्ने उजुरीकर्ताको जिकिरको प्रश्न छ, कम्पनी रजिस्ट्रारको कार्यालयले सेयर लगत कायम गर्ने गरी गरेको निर्णयको सम्बन्धमा यस बोर्डको क्षेत्राधिकार नरहेको परिप्रेक्ष्यमा सोही कारणबाट उठेको रकम दिलाई भराई पाऊँ भन्ने मागदाबीको विषयमा समेत बोर्डको क्षेत्राधिकार पर्ने नदेखिएको हुँदा वादी दाबी खारेज हुने ठहर्छ भन्नेसमेत व्यहोराको मिति २०६५।३।१८ मा कम्पनी बोर्डबाट भएको निर्णय।

गैरकानूनी निर्णयाधार ग्रहण गरी कानूनी आधार र विवादसँगको सत्यतथ्य एवम् वास्तविकताको

मूल्याङ्कनसमेत नगरी मेरो उजुरी माग दाबीसमेतको सामान्य जानकारी एवम् मूल्याङ्कन नगरीकन हचुवा एवम् गैरकानूनी तवरले कम्पनी बोर्डले निर्णय गरेको हो । कम्पनी ऐन, २०६३ को दफा १६९ अन्तर्गत गठन भएको उक्त बोर्डसमक्ष मैले निवेदन गर्दासमेत कम्पनी ऐन, २०६३ को दफा १५९(१)(२)(४)(५) को अधिकारक्षेत्रसम्बन्धी व्यवस्थाको प्रस्ट उल्लेख हुँदाहुँदै सोतर्फ कुनै वास्तासमेत नगरी विवादसँग जोडिएको मिसिलहरू समेत नहेरी नबुझीकन एवम् मिसिल संलग्न कुनै कुराको छलफल नै नगरी प्रथम पेसीको प्रथम दृष्टिमा नै मुद्दाको फैसला गरेको हुँदा सो फैसलाले कुनैपनि कानूनी मक्सद पुरा गर्न नसक्ने भएकोले समेत स्वतः बदर गरी मेरो उजुरी निवेदन मागबमोजिम हुने गरी निज विपक्षीहरूमध्ये १ जना साहु तथा १ जना कथित पदाधिकारीसमेत भएको हुँदा निजहरूसँग जो जे बुझ्नु पर्ने हो बुझी कम्पनीकै हरहिसाब निरीक्षण परीक्षण गरी निजहरू दुवैलाई कम्पनी ऐन, २०६३ को दफा १६०, १६१, १६२, १६३ बमोजिम हदैसम्मको सजाय गरिपाऊँ । मैले कम्पनी सञ्चालनका सन्दर्भमा विभिन्न अवस्थामा लगानी गरेको माथि उल्लिखित रकम तथा सोको क्षतिपूर्तिसमेत अं.१,३९,०७,१३३।५९ मात्र समेतको आजसम्म हुने कानूनी व्याजसमेतको हिसाब गरी ऐ. ऐनको दफा १५९ नं. बमोजिम एकमुष्ट रकम दिलाई भराई तथा सोहीबमोजिमको सजायसमेत गरी न्याय निरूपण गराई पाउँ भन्नेसमेत व्यहोराको वादी सुवासकुमार सर्राफको पुनरावेदन अदालत, पाटनमा परेको पुनरावेदन पत्र ।

यसमा कम्पनी ऐन, २०६३ को दफा १५९ को उपदफा ५ को व्याख्यात्मक प्रश्न रहेकामा त्यसतर्फ विवेचना नभई सुरू कम्पनी बोर्डबाट भएको निर्णय फरक पर्न सक्ने भएकोले अ.बं. २०२ नं. तथा पुनरावेदन अदालत नियमावली, २०४८ को नियम ४७ बमोजिम छलफलको लागि प्रत्यर्थी झिकाई पेस गर्नु भन्ने मिति २०६५।९।६ मा भएको पुनरावेदन अदालतको आदेश ।

प्रस्तुत विवादसँग सम्बन्धित कम्पनीको दर्ता गर्नुपूर्व उद्योग विभागको स्वीकृति माग गरिएको र सो स्वीकृति दिने सन्दर्भमा विभागले सो उद्योगमा लगानी Proper Banking Channel बाट गर्नुपर्ने आदि सर्त राखी मिति २०६१।८।८ मा स्वीकृति प्रदान गरेको देखियो । त्यसपछि पक्षहरू बिच मिति २०६१।८।८ मा नै लगानी सम्झौता गरी त्यसलाई सर्वसम्मत सम्झौताको रूपमा पेस गरी सो अनुकूलका व्यवस्थाहरू प्रबन्धपत्र र नियमावलीमा राखी कम्पनी दर्ता गरिएको पाइयो ।

कम्पनी ऐनको दफा २(श) मा "सर्वसम्मत सम्झौता" को परिभाषा गर्दै दफा ४(१)(घ) बमोजिम प्राइभेट कम्पनी स्थापना गर्दा "सर्वसम्मत सम्झौता" भएको रहेछ भने त्यस्तो सम्झौताको प्रतिलिपी दर्ताको निवेदनसाथ संलग्न गर्नुपर्ने र दफा ४(१)(छ) मा विदेशी व्यक्ति संस्थापक भएमा नेपालमा लगानी वा व्यवसाय वा कारोबार गर्न अनुमतिपत्र संलग्न गर्नुपर्ने व्यवस्था गरिएकोबाट संयुक्त लगानी सम्झौतालाई सरोकारवालाहरूको हकमा बाध्यकारी महत्त्वपूर्ण दस्तावेज मान्नु पर्ने हुन्छ । J & D Apparel Pvt. Ltd. विदेशी लगानीमा आधारित उद्योग देखिएको पुनरावेदकसमेत भई मिति २०६१।८।८ को सम्झौताबमोजिम मिति २०६१।८।१० मा कम्पनी दर्ता भई कम्पनीको कार्य गर्दै गरेकोमा कम्पनीको नियमावलीबमोजिम बैठक बस्न नसकी अवरोध (Deadlock) को स्थिति हुँदा उद्योग विभाग र कम्पनी रजिस्ट्रारको कार्यालयको सहमति र निर्देशनअनुसार सञ्चालक समितिको मिति २०६४।४।२० को बैठकबाट पुनारावेदकले लिन कबुल गरेको सेयर जफत गरी कम्पनीलाई एकल सेयरधनी भएको कम्पनीमा परिणत गरेको निर्णय र मिति २०६४।४।२८ को कम्पनी रजिस्ट्रारको कार्यालयको निर्णयअनुसार सेयर लगत तथा एकल सेयरधनीको प्रमाणपत्र एवम् नियमावलीलाई अभिलेख गरेको कम्पनी ऐनबमोजिम नै देखिँदा सो निर्णयहरूलाई बदर गरिपाउँ भन्ने पुनरावेदन जिकिर पुग्न सक्दैन । आफूले गरेको

लगानीबापतको क्षतिपूर्ति पाउँ भन्ने पुनरावेदन जिकिरको हकमा सो विषय विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०४९ को दफा ७ र दुई पक्षबिच भएको सम्झौताको दफा १४ बमोजिम मध्यस्थबाट निरूपण हुने विषय हुँदा पुनरावेदनको रोहबाट केही बोलिरहनुपर्ने नहुँदा कम्पनी बोर्डबाट वादी दाबी नपुग्ने भनी निर्णय गर्नुपर्नेमा वादी दाबी खारेज हुने ठहर्‍याई सुरू कम्पनी बोर्डबाट मिति २०६५।३।१८ मा भएको फैसला सो हदसम्म मिलेको नदेखिँदा वादी दाबी पुग्न सक्दैन भन्ने पुनरावेदन अदालत, पाटनको मिति २०६७।७।१४ को फैसला।

विशेष साधारण सभाको निर्णयबमोजिम मेरोसमेत नाउँको सेयर जफत गरी एकल सेयरधनी कम्पनीमा परिणत गरेको र सोबमोजिम कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा संशोधन गरी कम्पनी रजिस्ट्रारको कार्यालयले गरेको अभिलेखसमेत कम्पनी ऐन, २०६३ तथा कम्पनीको नियमावलीसमेत विपरीत भएकाले बदरभागी छ । कम्पनी ऐन, २०६३ तथा कम्पनीको नियमावलीसमेत विपरीत भएकाले बदरभागी छ। कम्पनी ऐन, २०६३ को दफा ६७ को उपदफा ११ मा प्राइभेट कम्पनीको साधारण सभा नियमावलीमा व्यवस्था भएबमोजिम हुनेछ भन्ने उल्लेख छ। जे.एण्ड. डी. एप्पेरल प्रा.लि.को नियमावलीको नियम १० बमोजिम सञ्चालक समितिले निर्णय गरी ७ दिनअगावै सेयरधनीलाई विशेष साधारण सभाको सूचना दिनुपर्ने बाध्यात्मक व्यवस्था छ। विशेष साधारण सभा बस्नका लागि नियमावलीको नियम ११ बमोजिम ६० प्रतिशत सेयरको प्रतिनिधित्व हुने गरी कुल सेयरधनीमध्ये २ जना सेयरधनी उपस्थित नभई सभाको काम कारवाही हुन सक्दैन। विवादित कम्पनीमा समेत जम्मा ३ जना सेयरधनी रहेकोमा ५० प्रतिशत सेयरको प्रतिनिधित्व गर्ने विपक्षी मसमेत जम्मा ३ जना सेयरधनी रहेकोमा ५० प्रतिशत सेयरको प्रतिनिधित्व गर्न विपक्षी एकजना मात्र उपस्थित भई मिति २०६४।४।२० मा बसेको विशेष साधारण सभा कम्पनीको नियमावलीविपरीत भई बदरभागी छ । कम्पनीको नियमावलीविपरीत बसेको विशेष साधारण सभाले गरेको निर्णय स्वतः बदरभागी हुनुपर्नेमा कम्पनी ऐन, २०६३ को दफा ६७ तथा कम्पनीको नियमावलीको नियम १० तथा ११ को गलत व्याख्या गरी पुनरावेदन अदालतले गरेको फैसला गम्भिर कानूनी त्रुटिपूर्ण भई बदर भागी छ।

विपक्षी Steffen Duzink स्वयं सञ्चालक समितिको अध्यक्ष भएकाले सञ्चालक समितिको बैठक बोलाउने दायित्व विपक्षीको हो । कम्पनी ऐन, २०६३ को दफा ८२(३) अनुसार सेयर धनीले साधारण सभाको माग गरेमा सभा बोलाउने जिम्मा सञ्चालक समितिको हो । दफा ८२(३) को प्रक्रिया अपनाउँदा सञ्चालक समितिले विशेष साधारण सभा नबोलाएमा मात्र दफा ८२(४) अनुसार कम्पनी रजिस्ट्रारको कार्यालयले सभा बोलाउन सक्ने व्यवस्था छ । विपक्षीले दफा ८२(३) को प्रक्रिया पुरा नगरी कानूनविपरीत बोलाएको त्यस्तो साधारण सभाको निर्णयबमोजिम मसमेतलाई सेयरधनीबाट हटाई एकल सेयरधनी कम्पनीमा परिणत गरेको कामकारवाहीसमेत बदरभागी छ।

म संस्थापक सेयरधनी रहेको र कम्पनीको नियमावलीको नियम ७ अनुसार संस्थापकहरूले लिन कबुल गरेको सेयरबापतको रकम दाखिला गर्न सञ्चालक समितिले निर्णय गरी ३० दिनको सूचना दिनुपर्ने र उक्त अवधिमा दाखिला नगरेमा पुनः २५ दिनको सूचना दिनुपर्ने कानूनी व्यवस्था छ । उक्त म्यादभित्र रकम दाखिला नगरेमा सञ्चालक समितिले सेयर जफत गर्न सक्ने व्यवस्था रहेको छ। सेयरबापतको रकम दाखिला गर्न कम्पनीले सूचना दिएको छैन । सेयर जफत गर्ने अधिकार सञ्चालक समितिलाई दिएको छ । विशेष साधारण सभाले सेयर जफत गर्न मिल्दैन । यसरी कम्पनीको नियमावलीअनुसार सेयरबापतको रकम दाखिला गर्न सूचना नै नदिई नियमावलीले तोकेको प्रक्रिया विपरीत मेरो नाउँको सेयर जफत गरी सञ्चालकबाट हटाउने गरी गरेको निर्णयसमेत कानूनी त्रुटिपूर्ण छ।

तिनै जना सेयरधनीको सहमतिले कम्पनीको

कारखाना स्थापना कम्पनीको नाउँमा जग्गा खरिद गर्न तथा कम्पनी सञ्चालनका लागि कम्पनी संस्थापना गर्दा मैले लिन कबुल गरेको सेयर रकमभन्दा बढी रकम लगानी गरिसकेको छु । कम्पनीले वीरगञ्जमा कारखाना स्थापना गरी कारोबार सञ्चालन गरेको कम्पनीको नाउँमा वीरगञ्ज नगरपालिका वडा नं. १३ कि.नं. ८३ को क्षेत्रफल ०-१३-११ जग्गा खरिद गर्दा मैले रकम लगानी गरेको कुरा मिसिल संलग्न प्रमाणबाट पुष्टि भएकोमा सोविपरीत लगानीको प्रमाण पेस नगरेको भनी गरेको फैसला त्रुटिपूर्ण छ ।

कम्पनीले सेयरबापतको रकम माग नगरेको अवस्थामा सेयरबापतको रकम नल्याएको भनी उद्योग विभागले मिति २०६४।४।२७ मा संयुक्त लगानी सम्झौता (Joint Venture Agreement) रद्द गरी विपक्षीको नाउँमा एकल सेयरधनी कम्पनीमा परिणत गर्न सैद्धान्तिक सहमति रहेको भनी कम्पनी रजिस्ट्रारको कार्यालयमा लेखी पठाएको छ । विपक्षीसँगको संयुक्त लगानी सम्झौता रद्द गर्ने अधिकार उद्योग विभागलाई छैन । उक्त सम्झौताको दफा १३ मा कुनै पक्षले सम्झौता उल्लङ्घन गरेमा अर्को पक्षले ६० दिनको लिखत सूचना दिए सम्झौता अन्त गर्न सक्ने व्यवस्था छ । सम्झौताको दफा १४ मा सम्झौता विषयमा कुनै विवाद उत्पन्न भएमा मध्यस्थमार्फत विवादको समाधान गर्ने भनी उल्लेख छ । विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०४९ को दफा ७(४) मा विदेशी लगानी कर्ता वा स्वदेशी लगानी कर्ता बिचमा विवाद उठेमा विवादको समाधान विदेशी लगानी सम्झौतामा उल्लेख भएबमोजिम गर्न सकिनेछ भन्ने व्यवस्था छ । संयुक्त लगानी सम्झौता रद्द गर्ने कानूनी अधिकार नभएको उद्योग विभागले सम्झौता रद्द गरी एकल सेयर धनी भएको कम्पनीमा परिणत गर्न कम्पनी रजिस्ट्रारको कार्यालयलाई दिएको सैद्धान्तिक सहमतिसमेतलाई प्रमाणमा ग्रहण गरी गरेको फैसला प्रमाणको मूल्याङ्कनमा त्रुटि बदरभागी छ ।

संयुक्त लगानी सम्झौता विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐनअन्तर्गत कार्यान्वयन गरिन्छ भने सेयरधनी बिचको सर्वसम्मत सम्झौता कम्पनी ऐन, २०६३ अन्तर्गत कार्यान्वयन गरिन्छ । दुईवटा छुट्टै ऐनको फरकफरक व्यवस्थालाई एउटै हो भनी गरिएको व्याख्या व्याख्याको सर्वमान्य सिद्धान्तविपरीत छ ।

अतः सञ्चालकलाई नभएको अधिकार प्रयोग गरी गैरकानूनीरूपबाट विशेष साधारण सभा प्रयोग गरी गैर माइन्युट तयार गरी मसमेतको नाउँको सेयर जफत गरी कम्पनीलाई एकल सेयरधनी कम्पनीमा परिणत गरी प्रबन्ध पत्र तथा नियमावलीसमेत संशोधन गरी संशोधित प्रबन्ध पत्रले गरेको नियमावली कम्पनी रजिस्ट्रारको कार्यालयमा अभिलेखसमेत गरेको विपक्षीको काम कारवाही कम्पनी ऐन, २०६३ को दफा १६०(क)(छ)(ठ) दफा ६८, १६३ विपरीत भएको कुरा मिसिल संलग्न प्रमाणबाट प्रमाणित भएकोमा सजाय हुनुपर्ने भन्ने पुनरावेदन जिकिर स्वीकार योग्य देखिएन भनी पुनरावेदन अदालतले गरेको फैसला कम्पनी ऐन, २०६३ Corporate concept र culture विपरीत भई गम्भीर कानूनी त्रुटिपूर्ण हुँदा कानूनी आधारलाई हेर्दै नहेरिकन सुरू कम्पनी बोर्डले गरेको खारेजी फैसला सो हदसम्म मिलेको देखिएन भनी पुनरावेदन अदालत, पाटन ललितपुरबाट मिति २०६७।७।१४ मा भएको त्रुटिपूर्ण फैसला बदर गरी मेरो सुरू निवेदन माग दाबीबमोजिम गरी न्याय इन्साफ पाउँ भन्ने व्यहोराको पुनरावेदन पत्र ।

नियमबमोजिम आजको दैनिक मुद्दा पेसी सूचीमा चढी पेस हुन आएको प्रस्तुत मुद्दाको पुनरावेदनसहितको मिसिलसमेत अध्ययन गरी पुनरावेदक तथा प्रत्यर्थीहरूका तर्फबाट उपस्थित विद्वान् कानून व्यवसायीको बहससमेत सुनियो ।

पुनरावेदकका तर्फबाट उपस्थित विद्वान् अधिवक्ता डेकेन्द्रप्रसाद सुवेदीले यस एप्परेल प्रा.लि.को नियमावलीको नियम १० मा कम्तिमा ७ दिन अगावै विशेष साधारण सभाको सूचना दिनुपर्ने बाध्यात्मक व्यवस्था हुँदाहुँदै सोविपरीत विशेष साधारण सभाको निर्णयबमोजिम कम्पनीको प्रबन्धपत्र र नियमावलीको संशोधन गरी एकल सेयरधनी कम्पनीको रूपमा

परिणत गरेको कार्य कम्पनी ऐन, २०६२ को दफा ६७ को त्रुटिपूर्ण छ, साधारण सभाको माग भएमा बोलाउने जिम्मा सञ्चालक समितिको हो, सञ्चालक समितिले नबोलाए मात्र कम्पनी रजिस्ट्रारको कार्यालयले बोलाउन मिल्छ । यसरी ऐनको दफा ८२(३) को प्रक्रिया अवलम्बन नगरी बोलाईएको सभा र त्यस्तो सभाले गरेको निर्णय कानूनसम्मत मान्न मिल्दैन । सेयरवालाले कबुल गरेको सेयरवापतको रकम दाखिल गर्न सञ्चालक समितिले निर्णय गरी ३० दिनको सूचना दिनुपर्नेमा त्यस्तो सूचना यी पुनरावेदक सेयर धनीलाई दिइएको छैन, त्यसरी सूचना विना सेयर जफत गर्न मिल्ने हैन, यसबाट विपक्षीको कार्य कम्पनी एकलौटी पार्ने नियत देखिन्छ । विपक्षीले बैंकमार्फत जम्मा गरेको रकम कम्पनीमा लगानीको रकम नभई सामान निर्यात प्रयोजनसम्मको माग भएकोले सेयरबापतको लगानी भन्न मिल्दैन, संयुक्त लगानी सम्झौता रद्द गर्ने अधिकार उद्योग विभागलाई छैन, स्वदेशी तथा विदेशी लगानी कर्ता बिच मतभेद भएमा सम्झौतामा उल्लेख भएको प्रक्रियाबाट विवाद समाधान गर्नुपर्नेमा सो नगरी उद्योग विभाग तथा कम्पनी रजिस्ट्रारको कार्यालय गुहार्नुबाट विपक्षीले सम्झौताको उल्लङ्घन गरिएको छ । यी पुनरावेदकले आफूले लिन कबुल गरेको र सेयरको रकम पटकपटक गरी सोभन्दा बढी लगानी गरिसकेको अवस्था हुँदा सो रकम कम्पनीमा या त पुँजीकरण गरी सुरक्षित हुनुपर्छ या त फिर्ता पाउनु पर्ने हुँदा सो नहुने ठहर गरेको पुनरावेदनको फैसला त्रुटिपूर्ण छ भनी गर्नु भएको बहससमेत सुनियो ।

यसमा अमेरिकी लगानी कर्ता स्टेफेन डुजिङ्कको ५० प्रतिशत भारतीय लगानी कर्ता रेणु सर्राफको ४५ प्रतिशत र म नेपाली लगानी कर्ताको ५ प्रतिशत गरी कुल चालु पुँजी ५ करोड लगानी गर्ने सम्झौता भई कम्पनी दर्ता गरिएकोमा सो कम्पनीको घर टहरा तथा जग्गा कम्पनीकै कायम हुने गरी मैले लगानी गर्नुको साथै कम्पनीले लिएका विभिन्न ऋणसमेत मैले तिरी दिएकोमा मेरो लगानी मैले लिन कबोल गरेको सेयरको मूल्यभन्दा बढी लगानी गरिसेककोमा सो कुरालाई विचार नगरी उद्योग विभागको निवेदन र विशेष साधारण सभाको निर्णयअनुसार भनी मलाई सेयर धनीबाट हटाई विदेसी स्टेफन डुजिङ्कको नाममा एकलौटी लगत कायम गरिदिएबाट उद्योगमा लगानी गरेको मेरो रू.१३९०७१३३।५९ डुब्ने अवस्थामा भएकोले सो रकमको सावाँ ब्याज तथा क्षतिपूर्ति भराई पाउन यी पुनरावेदकले कम्पनी विकास बोर्डमा उजुरी दिएकोमा सो विकास बोर्डले प्रस्तुत विषयमा आफ्नो क्षेत्राधिकार नभएको भनी उजुरी खारेज हुने ठहर्‍याएकोमा पुनरावेदन अदालत, पाटनबाट कम्पनी रजिस्ट्रारको कार्यालयबाट भएको निर्णयलाई मनासिब ठहर्‍याई भएको निर्णयउपर प्रस्तुत पुनरावेदन पर्न आएको पाइयो ।

२. निर्णयतर्फ विचार गर्दा यी पुनरावेदक र विपक्षी स्टेफेन डुजिङ्क साथै रेणु सर्राफ बिच लगानी सम्झौता भई चालुपूँजी पाँचकरोड रूपैयाँ हुने गरी उद्योग विभागको स्वीकृतिअनुसार उद्योग सञ्चालन गर्न कम्पनी रजिस्ट्रारको कार्यालयबाट जे एन्ड डी एप्परेल प्रा.लि. कम्पनी दर्ता गरी कम्पनी सञ्चालन गरेको देखिन्छ । यी पुनरावेदकले कम्पनीमा भएको आफ्नो लगानी सुरक्षित हुनुपर्ने वा लगानी रकम फिर्ता हुनुपर्ने दाबी लिएको देखिन्छ । विपक्षी पुनरावेदकको ५ प्रतिशत सेयर भएपनि निजको श्रीमती रेणु सराफको ४५ प्रतिशत सेयर भएको र सञ्चालक समितिमा निजहरू भएकोले उनीहरूकै बहुमत भएको तर निजहरूले लगानी नगरी कम्पनीमा लगानी आफ्नो मात्र भएको छ र कम्पनीको आर्थिक तथा प्रशासनिक जिम्मा निज पुनरावेदक सुवासकुमार सर्राफलाई दिएकोमा हिसाब किताब गफलत गरी कम्पनीलाई धरासायी पारेकोले करिब २ करोड हिनामिना गरेको रकम ढाकछोप गर्न उजुरी दिएको भन्ने प्रतिउत्तर जिकिर देखिन्छ ।

३. जहाँसम्म कम्पनी रजिस्ट्रारको कार्यालयले गरेको निर्णयउपर कम्पनी बोर्डको क्षेत्राधिकार भए नभएको भन्ने सन्दर्भ छ । सो सम्बन्धमा कम्पनी ऐन, २०६२ को दफा १५९ को उपदफा (४) मा कार्यालय वा अदालतले गरेको निर्णय दिएको आदेशउपर ३५

दिनभित्र तोकिएको अदालतमा पुनरावेदन लाग्नेछ भन्ने व्यवस्था भई उपदफा (५) मा मुद्दा मामिला तथा अन्य काम कारवाही गर्न नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी अदालत नतोकेसम्म दफा १६९ बमोजिम गठित बोर्डले यस ऐनअन्तर्गत सम्बन्धित अदालतको क्षेत्राधिकार ग्रहण गर्नेछ भन्ने उल्लेख भएकोले प्रस्तुत विषय बोर्डको क्षेत्राधिकार भएकै देखिएको र हाल उपदफा (४) अनुसार अदालत तोकिएको र बोर्ड नरहेको परिप्रेक्षमा पुनरावेदन अदालतले आफ्नो क्षेत्राधिकार ग्रहण गरी निर्णय गरेको देखिएकोले क्षेत्राधिकारभित्रै रही पुनरावेदक अदालतले पुनरावेदन सुनेकोमा विवाद देखिएन।

४. अब यी पुनरावेदकले गरेको लगानीको रकम फिर्ता पाउनु पर्ने हो वा होइन कम्पनी रजिस्ट्रारको कार्यालयले कम्पनीको सेयर एकलौटी प्रत्यर्थी प्रतिवादी स्टेफेन डुजिङ्कको कायम हुने गरी गरेको निर्णय र सो सदर गरेको पुनरावेदन अदालत, पाटनको फैसला मिलेको नमिलेको रहेछ ? भन्नेसम्बन्धमा विचार गर्दा प्रस्तुत उद्योग (कम्पनी) दर्ता हुनुपूर्व उद्योग विभागको Proper Banking Channel बाट उद्योगमा लगानी गर्नुपर्ने भन्ने सर्तसहितको मिति २०६१।८।८ को स्वीकृति र सोही मितिको पुनरावेदक र प्रत्यर्थीसमेत बिच भएको गरेको सम्झौताअनुसार लिमिटेड कम्पनीको रूपमा दर्ता भएको देखियो। कम्पनी स्थापनापूर्व यी पक्षहरूबिचमा उद्योगमा लगानी गर्न गरेको सम्झौतासमेतको आधारमा कम्पनी स्थापना भएकोले उल्लिखित सम्झौता कम्पनीको बाध्यात्मक दस्ताबेजको रूपमा रहेको सर्वसम्मत सम्झौता देखिन्छ । उक्त सम्झौताअनुसार कम्पनीको कुल चालु पूँजी पाँच करोडको हुने र यी पुनरावेदक कम्पनी ५ प्रतिशत सेयरमा लगानी गर्न सहमत भएको पाइन्छ । यसरी कम्पनीको संस्थापक सेयर सदस्यको रूपमा रही कम्पनी स्थापनापूर्व सम्झौता गरिसकेपछि सम्झौताअनुसार कबोल गरेको रकम कम्पनीमा दाखिल लगानी गरी उद्योग सञ्चालनमा ल्याउन सम्झौता पत्रको पालना गर्नुपर्ने जिम्मेवारी यी पुनरावेदकको समेत देखिन्छ । एकातर्फ विदेशी लगानी कर्ता स्टेफेन डुजिङ्कले यी पुनरावेदक सुवास सर्राफ र रेणु सर्राफले संयुक्त लगानी सम्झौताअनुरूप सेयर होल्डरको हैसियतले कुनै पनि लगानी नगरेको र कम्पनीको आर्थिक तथा प्रशासनिक कारोवारको जिम्मा पुनरावेदक सुवास सर्राफलाई दिएकोमा उल्टै कम्पनीको करिब दुई करोड हिनामिनासमेत गरेकोले भनी निजहरूको सेयर होल्डरको हैसियत अन्त गरी कम्पनी एकलौटी हुनुपर्ने भनी प्रत्यर्थी डुजिङ्कले उद्योग विभाग तथा कम्पनी रजिस्ट्रारको कार्यालयमा उजुरी गरेको देखिन्छ भने अर्कोतर्फ यी पुनरावेदक सुवास सर्राफले ५ प्रतिशतमात्र सेयरबापतको रकम दाखिल गर्नुपर्नेमा विभिन्न शीर्षकमा गरी १३७०७११३।५९ आफ्नो लगानी भइसकेकोले सो लगानीको पुँजीकरण हुनु पर्ने नभए रकम फिर्ता पाउनु पर्ने माग गरेको देखिन्छ।

५. कम्पनीमा संयुक्त लगानी गर्नेसम्बन्धमा पुनरावेदक एवं प्रत्यर्थीबिच भएको संयुक्त लगानीसम्बन्धी सम्झौता यी पक्षहरूका बिच बाध्यात्मक दस्ताबेजको रूपमा रहनुको साथै सो सम्झौता एवं विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐनको दफा ७ अनुसार मध्यस्थबाट विवादको समाधान गर्ने गरी दुवै पक्ष सहमत भएकोमा प्रत्यर्थी स्टेफेन जुडिङ्कको उद्योग विभागमा परेको उजुरीअनुसार दुवै पक्षलाई राखी विवादको समाधानको प्रयास गरेकोमा सेयर होल्डरमध्येको रेणु सर्राफ उपस्थित नभएको र पुनरावेदक यी सुवास सर्राफ समेतसित कुरा नमिलेको र रेणु सर्राफ तथा सुवास सर्राफले लगानीको कुनै प्रमाण पेस गर्न नसकेकोले उद्योग विभागले कानूनबमोजिम आवश्यक कारवाहीको लागि कम्पनी रजिस्ट्रारको कार्यालयलाई निर्देशनसहित लेखी पठाएको देखिन्छ। यसरी आफूले लगानी गरेको रकम पुँजीकरण गरिपाउँ वा फिर्ता दिलाई पाउँ भनी माग गर्ने यी पुनरावेदकले आफूले गरेको लगानीको कुनै सबुत पेस गर्न नसकेको अवस्थामा विभागले कानूनबमोजिम कम्पनीको व्यवस्थाका सम्बन्धमा निर्णय लिने अधिकार पाएको

निकाय कम्पनी रजिस्ट्रारको कार्यालयमा पठाएकोलाई बेमनासिब मान्न सकिएन ।

६. कम्पनी ऐन, २०६३ को दफा ८२(३)(४) मा १० प्रतिशत सेयर लिने सेयर सदस्यले उजुरी गरेमा कम्पनी रजिष्ट्रारको कार्यालयले नै कम्पनीको विशेष साधारण सभा बोलाई दिन सक्ने कानूनी प्रावधानअनुरूप कम्पनीको विशेष साधारण सभा बोलाईएकोमा उक्त विशेष साधारण सभाको निर्णयबाट यी पुनरावेदकले कम्पनीमा लगानी नगरेकोले कम्पनी एकल सेयर धनी कम्पनीमा परिणत गरेको देखिएकोले दाबीबमोजिमको विगो भराई दिन मिल्ने भएन । साथै यी पुनरावेदकले प्रत्यर्थी प्रतिवादीको कस्तो कार्यबाट के कसुर हुन गएको तथा प्रतिवादीको कुन काम कारवाहीबाट यी पुनरावेदकलाई नोक्सान हुन गई त्यस्तो नोक्सानीबापतको क्षति प्रतिवादीबाट भराई पाउने हो भन्नेसम्बन्धमा यी पुनरावेदकले स्पष्ट दाबी लिन सकेको नदेखिँदा प्रतिवादीबाट क्षति भराई सजाय गर्न मिल्ने पनि भएन ।

७. अतः यी पुनरावेदक सुवास सर्राफ र प्रत्यर्थी स्टेफेन डुजिङ्क तथा रेणु सर्राफबिच सर्वसम्मत सम्झौता भई उद्योगमा संयुक्त लगानी गर्न मन्जुर भएकोमा सम्झौताबमोजिमको सेयरको हिस्सा यी पुनरावेदकले नबुझाएकोमा प्रत्यर्थी प्रतिवादीले उद्योग विभागमा दिएको उजुरीअनुसार विवादको समाधान हुन सकेको देखिँदैन । सो सम्झौताको पालनामा सम्झौता गर्ने पक्षहरूले मध्यस्थताद्वारा आफ्नो विवादको समाधान गराउन सक्ने एकातर्फ उपचारको व्यवस्था देखिन्छ भने अर्कोतर्फ कानूनबमोजिम भएका निर्णयमा क्षतिपूर्तिबाट कसरी कुन क्षतिबाट नोक्सानी भएको भन्ने स्थापित नहुँदासम्म क्षतिपूर्ति दिलाउन सकिने अवस्था हुँदैन । क्षतिपूर्ति कानूनमा क्षति पुर्‍याउने र क्षति पर्नेका बिचको बदनियत वा त्यस्तो घटनालाई वस्तुनिष्ठ तवरबाट देखाइएको हुनुपर्छ । कानूनबमोजिम भएका निर्णयमा निर्णयकर्ताले दूषित कार्य गरेको वा कानूनको पालना नगरेको अवस्थामा पनि तहतह हुँदै त्यस्तो निर्णय सच्याउन सक्ने व्यवस्था भइरहेको देखिँदा प्रत्यक्ष हानि भएको सबुद निवेदक पक्षले गुजार्न नसकेको अवस्थामा क्षतिपूर्ति भराउन सकिने देखिएन । उद्योग विभागले कानूनबमोजिम कारवाही गर्न कम्पनी रजिस्ट्रारको कार्यालयमा पठाएकोमा कम्पनी रजिस्ट्रारको कार्यालयले कम्पनीको १० प्रतिशत सेयर लिने सेयर धनीले माग गरेमा विशेष साधारण सभा बोलाई दिन सक्ने कम्पनी ऐन, २०६३ को दफा ८२(४) को कानूनी व्यवस्थाअनुसार बोलाएको विशेष साधारण सभाको निर्णयानुसार कम्पनीलाई एकल सेयर धनी भएको कम्पनीमा परिणत गरी सोहीबमोजिम प्रबन्ध पत्र र नियमावलीमा भएको संशोधन तथा अभिलेखीकरण गरेको कार्य पनि रितपूर्वक नै देखिएको र प्रत्यर्थीलाई सजायको स्पष्ट दाबी नभई सजाय गर्न मिल्ने नदेखिँदा सजायसमेत गरिपाउँ भन्ने पुनरावेदन जिकिरसित सहमत हुन सकिएन । यी पुनरावेदकले कम्पनीमा लगानी गरेको नदेखिँदा कम्पनीको विशेष साधारण सभाको निर्णयानुसार मिति २०६४।४।२७ मा कम्पनीलाई एकल सेयरधनी कम्पनीमा परिणत गरी गरेको कम्पनी रजिस्ट्रारको कार्यालयको निर्णय मनासिब ठहर्‍याई भएको पुनरावेदन अदालत, पाटनको निर्णय मनासिब ठहर्छ । पुनरावेदकको पुनरावेदन जिकिर पुग्न सक्दैन ।

उक्त रायमा सहमत छु ।
न्या. जगदीश शर्मा पौडेल

इजलास अधिकृतः उमानाथ गौतम
इति संवत् २०७१ साल चैत २६ गते रोज ५ शुभम् ।

## निर्णय नं.९५६७

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री गोविन्दकुमार उपाध्याय
माननीय न्यायाधीश श्री चोलेन्द्र शमशेर जबरा
फैसला मिति : २०७२।९।१३।२

मुद्दा : कर्तव्य ज्यान

०६९-CR-०४७८

पुनरावेदक / प्रतिवादी : जिल्ला ओखलढुंगा नारायणस्थान गाउँ विकास समिति वडा नं ४ ठेगाना भई हाल जगन्नाथदेवल कारागार थुनामा रहेका संजिव भन्ने संजिभ गुरूङसमेत

विरूद्ध

प्रत्यर्थी / वादी : लेखबहादुर रेग्मी मगरको जाहेरीले नेपाल सरकार

०६९-CR-०९०६

पुनरावेदक / वादी : लेखबहादुर रेग्मी मगरको जाहेरीले नेपाल सरकार

विरूद्ध

प्रत्यर्थी / प्रतिवादी : जिल्ला ओखलढुंगा नारायणस्थान गाउँ विकास समिति वडा नं ४ ठेगाना भई हाल जगन्नाथदेवल कारागार थुनामा रहेका संजिव भन्ने संजिभ गुरूङसमेत

- **आजभोलि कुनै कारण वादी नेपाल सरकारले वतनको र जिल्ला अदालतले जिल्ला अदालत नियमावली, २०५२ को नियम १९क लाई निहूँ बनाई कसुरदार प्रतिवादीहरूको हकमा पछि मुद्दा चलाउने वा फैसला हुने भनी उल्लेख गर्ने गरेको पाइन्छ । तर पछिबाट ती कसुरदार विरूद्ध अभियोगपत्र दायर वा फैसला हुने कुनै कामकुरा नहुदा कसुरदारले व्यापकरूपमा कसुरबाट उन्मुक्ति पाएको देखिन्छ । ती सब कुरामा पुनरावेदन परेको पनि पाइँदैन । वतन स्पष्ट नभएको वा फरार भएको प्रतिवादीउपर अभियोगपत्र दायर हुन कुनै कानूनी बाधा नदेखिने ।**
- **जिल्ला अदालत नियमावली, २०५२ को नियम २२क अनुसार उल्लिखित मोबाइल नम्बरमा वा राष्ट्रिय दैनिक पत्रिकामा पनि म्याद सूचना प्रकाशित गर्ने भन्ने कानून पनि रहेभएकै छ । इमानदार प्रयासका बाबजूद प्रतिवादीको अत्तोपत्तो नलागेको अवस्थाको लागि जिल्ला अदालत नियमावली, २०५२ को नियम १९क को निर्माण भएको कुराको हेक्का रहनु आवश्यक हुने ।**
- **अभियोजनकर्ताले प्रतिवादीको बाबु बाजेको नाम थर र प्रतिवादीहरूको वतन खुली आएमा अभियोगपत्र दायर हुने भन्ने कुरा उल्लेख गरी अभियोगपत्र दायर गर्ने गरी कामकारवाही गर्न पाउने कुराको कानूनी वा नजिरगत आधार देखिँदैन । कानूनी निकायले कानूनले तोकेको कुराबाहेक आफुखुशी जथाभावी गर्दा दण्डहीनता र स्वेच्छाचारिता मौलाउने कुराको हेक्का रहनु आवश्यक भएकोले यो फैसलाको जानकारी यस अदालतको अनुगमन शाखालाई र नेपाल सरकारको महान्यायाधिवक्ता र प्रहरी प्रधान कार्यालयसमेतलाई उपलब्ध गराउने ।**

(प्रकरण नं.२०)

प्रतिवादीका तर्फबाट : विद्वान् वरिष्ठ अधिवक्ता डा. रजितभक्त प्रधानाङ्ग र विद्वान अधिवक्ता निर्मला शाक्य

वादीका तर्फबाट : विद्वान् उपन्यायाधिवक्ता सुरेन्द्रबहादुर थापा
अवलम्बित नजिर :
सम्बद्ध कानून :

सुरू तहमा फैसला गर्ने :
मा.न्यायाधीश श्री जगतप्रसाद श्रेष्ठ
पुनरावेदन तहमा फैसला गर्ने :
मा. न्यायाधीश श्री सुरेन्द्रवीर सिंह बस्न्यात
मा. न्यायाधीश श्री हरिकुमार पोखरेल

फैसला

**न्या.गोविन्दकुमार उपाध्याय :** न्याय प्रशासन ऐन, २०४८ को दफा ९(१) बमोजिम यस अदालतमा दायर हुन आएको प्रस्तुत मुद्दाको तथ्य एवं ठहर यसप्रकार छः

काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. ७ सरस्वतीनगरस्थित पूर्व याङतारू सेकुवा कर्नर घर, पश्चिममा गोपिकृष्णबाट साततलेतर्फ जाने सडक, उत्तरमा सानुमाया डंगोलको नाममा दर्ता रहेको जग्गा यति चारकिल्लाभित्र सडकको पूर्व किनारमा रगत रहेको, सो नजिकै भुइँमा रगत जस्तो रातो पदार्थ लागेको गोलाई १० इन्च, लम्बाई ५ इन्च भएको सेतो रङ्गको ढुंगा रहेको सोही ढुंगा रहेको स्थानमा मिति २०६७।७।१७ गते अं २०.०० बजेको समयमा श्यामबहादुर रेग्मी मगरलाई संजिभ गुरूङसमेतले लात, मुक्का तथा ढुङ्गासमेत प्रहार गरी कुटपिट गरी गम्भीर घाइते बनाएको र घटनास्थलमा फेला परेको उल्लिखित ढुङ्गा प्रहरीले उठाई लगेको भन्नेसमेत व्यहोराको घटनास्थल प्रकृति मुचुल्का।

मिति २०६७।७।१७ गतेका बेलुका काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. ७ स्थित रहेको याङतारू सेकुवा कर्नरबाट म जाहेरवालाको भाइ वर्ष ३१ को श्यामबहादुर रेग्मी मगर तथा निजका साथीहरू अशोककुमार यादवसमेत खाजा खाई घरतर्फ फर्कने क्रममा सोही बेलुका अं २०.४० बजेको समयमा मेरो भाइ श्यामबहादुर रेग्मी मगरलाई प्रतिवादीहरू राना भन्ने देव लामा, बरूण लामा, आशिष गुरूङ, संजिभ गुरूङसमेतका ७।८ जना मानिसहरूले लात, मुक्का र ढुङ्गासमेतले टाउकोसमेत शरीरका विभिन्न भागमा कुटपिट गरी गम्भीर घाइते बनाएका थिए। घाइतेको उपचारको क्रममा सोही राति अं ११.४५ बजेतिर मृत्यु भएकाले भाइलाई कुटपिट गरी कर्तव्य गरी मार्ने बरूण लामा, आशिष गुरूङ, राना भन्ने देव लामा, संजिभ गुरूङसमेतलाई कानूनबमोजिम कारवाही गरिपाउँ भन्ने व्यहोराको लेखबहादुर रेग्मी मगरको जाहेरी दरखास्त।

मृतक श्यामबहादुर रेग्मी मगरको निधारको बायाँ साइडमा २ इन्च लम्बाई २ इन्च चौडाई भएको काटेको घाउ, बायाँ गालामा निलो घाउ, मुखबाट रगत बगेको, अनुहारको भाग सुन्निएको, च्यापुको दायाँ साइडमा निलो खोस्रिएको घाउ, बायाँ कन्चटमा सुन्निएको भन्ने मृतकको लासजाँच प्रकृति मुचुल्का।

मिति २०६७।७।१७ गतेका दिन अं १६.३० बजेको समयमा काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. ७ सरस्वतीनगर स्थित बीमा समितिको भवन नजिकै एक्कासी साथीहरू आशिष गुरूङ, बरूण लामा र राजु श्रेष्ठसँग भेट भयो। निजहरूसँग साततले स्थित स्नुकर बाजी खेली हामी सबैजना काठमाडौं महानगरपालिका ७ सरस्वतीनगरमा रहेको याङतारू सेकुवा कर्नरमा खाजा खान गयौं। साथी राना भन्ने देव लामालाई पनि मैले सोही स्थानमा खाजा खान बोलाए। साथी राजुको ब्रत भएको र केही खान नमिल्ने भएकोले निज केही बेरमा आफ्नो घरतिर गए। हामी ४ जना बसी सेकुवा र बियर अर्डर गरी खान थाल्यौं। हामीलाई हल्का बियरको नशासमेत लागेको थियो। हामी खाजा खाने क्रममा पछि नाम थाहा भएका मृतक श्यामबहादुर रेग्मी मगर र निजका साथीहरू गरी जम्मा ३ जना मानिसहरू पनि सोही स्थानमा आई अर्को टेबुलमा बसी खाजा खान थाले। खाजा खाने क्रममा बरूण र पछाडितर्फ टेबुलमा बसेका मृतकको आँखा तरातर भएछ। बरूणले मृतकलाई आमाचकारी गाली गर्‍यो। उताबाट मृतकले पनि

आफ्ना जग्गा में कुत्ता भी शेर होता हे भन्यो। बरूणलाई रीस उठेर आज यसलाई ठीक पार्नुपर्छ भन्दै कुरा गर्न थाल्यो। मृतक पनि निजका साथीहरूसँग गुनगुन कुरा गर्न थाले। बरूण र आशिषले मृतकलाई पिट्ने सल्लाह गर्न थाले। मैले र देवले यो हाम्रो टोल हो झगडा नगरौं भनी सम्झाए। सबै जना खाई सकेपछि मैले बिल तिरें। म र देव अगाडि होटल बाहिर निस्के। बरूण र आशिष पछिपछि निस्के। होटल बाहिर निस्केर पनि बरूण र आशिष मान्छे कुट्नु पर्छ भन्दै सल्लाह गर्न थाले। मलाई पनि निज बरूणले के हो आज मान्छे कुट्ने होइन भन्दै थिए। देव रोडदेखि पारी बाटो तिर गए। म नजिकै सडक किनारमा भुइँमा बसेर गिटी बालुवा खेलाउँदै थिएँ। पुलिसको जस्तो भेन आयो। पुलिसको भेन होइन रहेछ। बरूण र आशिष सल्लाह गर्दै उभिएका थिए। देव केही पर थियो। केही बेरमा होटल भित्रबाट मृतकसमेत ३ जना बाहिर निस्किनासाथ बरूण र आशिषले एक्कासि दौडेर गई मृतक श्यामबहादुर रेग्मी मगरलाई कुटपिट गरी जमिनमा ढाले। मैले के गरेको भनी हेर्न जाँदा मृतकको अनुहारसमेतबाट रगत बगेर बेहोस जस्तो अवस्थामा थियो। मृतकलाई ढाली सकेपछि मृतकका साथीहरूलाई पनि बरूण र आशिषले गाली गर्दै धकेली रहेका थिए। केही बेरमा आशिष र बरूण सो ठाउँबाट भागे। त्यै क्रममा होटलवाला समेतले थाहा पाई बाहिर निस्के। मलाई डर लाग्यो र म सो स्थानबाट भागेर घरतर्फ गएको हुँ भन्ने संजिव भन्ने संजिभ गुरूङले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान।

मिति २०६७।७।१७ गतेका बेलुका साथी संजिभ गुरूङले मलाई फोन गरी याङतारू सेकुवा कर्नरमा खाजा खान बोलाएका कारण म उक्त सेकुवा कर्नरमा गएँ। सेकुवा कर्नरमा संजिभ गुरूङ, बरूण लामा, राजु श्रेष्ठ र आशिष गुरूङ बसी खाजा खाँदै रहेछन्। राजु श्रेष्ठको ब्रत भएको कारण निजले केही खाएनन् र केही बेरमा निज आफ्नो घरतर्फ गए। संजिभसमेत हामी ४ जना बसी सेकुवा र बियर खान थाल्यौ। हामी खाजा खाँदै गर्दा पछि नाम थाहा भएका मृतक श्यामबहादुर रेग्मी मगर र निजका साथीहरू २ जना पनि सोही होटलभित्र अर्को टेबुलमा बसी खाजा खान थाले। खाजा खाँदै गर्दा साथी बरूण र मृतकबिच आँखा तरातर भएछ। बरूणले मृतकलाई आमाचकारी गाली गर्‍यो। उताबाट मृतकले पनि आफ्ना जग्गा में कुत्ता भी शेर होता हे भनेर जवाफ दिएपछि बरूणलाई रीस उठेछ र आज यसलाई ठीक पार्नुपर्छ भन्न थाल्यो। मृतक पनि आफ्नो साथीसँग गुनगुन गर्न थाल्यो। बरूण र आशिषले झगडा गर्ने कुरा गरे। हामीले निजहरूलाई सम्झाउने कोसिस गर्‍यौं। खाएको बिल संजिभले तिरे। म र संजिभ अगाडि-अगाडि बाहिर निस्कियौं। आशिष र बरूण पछिपछि निस्किए। होटल बाहिर निस्किएर म रोड पारी उभिएर बसेको थिए। बरूण र आशिष होटलको ढोका बाहिर बसी सल्लाह गर्दै थिए। संजिभ रोड किनारमा घरतर्फ जाऔं भन्दै बसेका थिए। त्यसै बेलामा पुलिसको जस्तो भ्यान आयो। पुलिसको भ्यान होइन रहेछ। केही बेरमा मृतक र निजका साथीहरू होटलबाट निस्किए। बरूण र आशिषले दौडेर गई मृतकलाई लात मुक्कासमेतले अनुहारमा प्रहार गर्न थाले। मृतक रगताम्य भई सोही स्थानमा ढले। मैले सो स्थानमा गै छुट्याउन लाग्दा मृतक रगताम्य थियो। आशिष र बरूणले मृतकका साथीहरूलाई पनि कुटपिट गर्न खोजेपछि मृतकको साथीहरू भागे। होटलभित्रबाट मानिसहरू समेत बाहिर निस्के। सबैजना भागे। म पनि सो स्थानबाट आफ्नो घर कोठातिर भागेको हुँ। कुटपिट गर्दा म रोड बारी थिए। तत्काल छुट्याउन भ्याइन भन्नेसमेत व्यहोराको प्रतिवादी राना भन्ने देव लामाले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान।

Left side of the face is swollen; laceration measuring 1x0.5cm over the left occipital region; a 4x2cm bone deep laceration over the left forehead, 2cm left to the anterior midline and 9.5cm from top of the head with surrounding contusion; abrasion measuring 2x1cm over the left cheekbone; a contusion measuring 6x3cm over left lateral neck extending up to area

behind the left pinna and multiple abrasion ranging from few millimeters to 2 x1 cm over left neck, just below angle of mandible र cause of the death मा Blunt force trauma to the head भन्ने व्यहोराको मृतक श्यामबहादुर रेग्मी मगरको शव परीक्षण प्रतिवेदन ।

काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. ७ सरस्वतीनगर स्थित रहेको याङतारू सेकुवा कर्नर म र मेरो श्रीमान थिरेन्द्र थाम्सुहाङ्गले सञ्चालन गर्दै आएका छौं । मिति २०६७।७।१७ गतेका बेलुका अं ६ बजेको समयतिर आशिष गुरूङ, बरूण लामा, संजिभ गुरूङ र राजु भन्ने ४ जना व्यक्ति खाजा खान सो सेकुवा कर्नरमा आए । निजहरू एकै टेबुलमा बसी खाजा खान थाले । केही बेरमा निजहरूका साथी राना भन्ने देव लामा पनि आए र सँगै टेबुलमा बसी सेकुवा र बियर खान थाले । राजु भन्ने व्यक्ति उठेर घरतर्फ लागे । निजहरू ४ जना बसी बियर र सेकुवा खादैँ थिए । पछि मृतक श्यामबहादुर रेग्मी मगर र निजका साथीहरू २ जना गरी जम्मा ३ जना पनि होटलमा आई अर्को टेबुलमा बसी खाजा खान थाले । मेरो श्रीमान् थिरेन्द्र होटल बाहिर टेबुलमा बसी गाउँका साथीसँग कुराकानी गर्दै बसेका थिए । संजिभका ग्रुपहरू अलि चर्को स्वरमा हल्ला गर्दै कुराकानी गरिरहेको सुनेको थिएँ । मैले खासै मतलब गरिन । म काउन्टरमा बसिरहेकी थिएँ । बेलुका पौने आठ बजेतिर संजिभका ग्रुपहरू बिल तिरेर होटल बाहिर निस्की गएका थिए । मृतकका ग्रुपहरू बसी खाँदै थिए । २०।२५ मिनेट पछि मृतकहरू पनि उठे । त्यसै समयमा बेलाबखतमा होटलमा खाजा खान आउने कमल भन्ने व्यक्ति पनि होटलभित्र आई यता उता हेरी बाहिर निस्केर कता गए मैले देखिन । मृतक अलि अगाडि होटल बाहिर निस्केका थिए । निजका साथीहरूले बिल तिरेर निजहरू पनि बाहिर निस्केका थिए । त्यसै बेलामा बाहिर मानिसहरूले हल्ला गरी मार्‍यो मार्‍यो भन्दै कराएको सुनें । होटलको ढोका बाहिर निस्केर हेर्दा सडक छेउमा श्यामबहादुर रेग्मी मगर रगताम्य भई लडेका र आशिष गुरूङले लातले मुख छाड्दै पिटेको देखेँ । मैले हारगुहार मागेँ । त्यसपछि आशिष पनि भागेर गए । मृतकका साथीहरू पनि सो स्थानमा आई मृतकलाई उठाए । तत्काल हामी वरपरका मानिसहरूले घाइतेलाई ट्याक्सीमा हाली उपचारको लागि अस्पतालतर्फ पठाएका हौ । उपचार गराउँदा गराउँदै श्यामबहादुर रेग्मी मगरको मृत्यु भएको हो भन्ने व्यहोराको दुर्गा आङदाङवे लिम्बुको कागज ।

मिति २०६७।७।१७ गते बेलुका अं ६ बजेतिर मेरो सेकुवा कर्नरमा आशिष गुरूङ, बरूण लामा, संजिभ गुरूङ, र राजु भन्ने व्यक्ति आई खाजा अर्डर गरी खान थाले । केही बेरपछि निजहरूका साथी राना भन्ने देव लामा पनि आए । निजहरू एकै टेबुलमा बसी बियर र सेकुवा खान थाले । निजहरूका साथी राजु केही बेर बसी होटलबाट निस्की गए । पछि मृतक श्यामबहादुर रेग्मी मगरसमेत निजका साथीहरू २ जना गरी जम्मा ३ जना पनि होटलमा आएर अर्कै टेबुलमा बसी खाजा खान थाले । मेरो गाउँको दाजु नाताका मानिस आएको कारण म चाहि होटलको पश्चिमतर्फ बाहिर दाजुसँग बसी कुराकानी गर्न थालेँ । बेलुका अं ७.४५ बजेतिर होला बरूण लामा, आशिष गुरूङ, संजिभ गुरूङ र राना भन्ने देव लामासमेतका मानिसहरू होटलबाट गएको थाहा पाएँ । निजहरू कहाँ कता गए मैले देखिन । निजहरू गएको अं २०।२५ मिनेटपछि मृतकसमेतका मानिसहरू पनि उठे । मृतक चाहि निजका साथीहरू भन्दा केही अगाडि होटलको ढोका बाहिर निस्केका रहेछन् । मृतकका साथीहरूले बिल तिरे । सोही बखत कमल श्रेष्ठ पनि उक्त होटलमा आई यता उता हेरी होटलबाहिर निस्केर गएका थिए । निज कमल किन आए मलाई थाहा भएन । म होटलको किचनतिर गएको थिएँ । एक्कासी होटल बाहिर मान्छे मार्‍यो भन्दै कराएको सुनेपछि म तत्काल काउन्टर नजिकै आई ढोकादेखि बाहिर हेर्दा सडक किनारमा श्यामबहादुर रेग्मी मगर रगताम्य भई ढलेको अवस्थामा देखे । तत्काल काउन्टरको फोनबाट १०० मा फोन गरी प्रहरीलाई जानकारी गराएँ । होटलबाहिर गई घाइतेलाई उठाउँदा टाउकोसमेतमा चोट लागि अचेत जस्तो

थिए। तत्काल मसमेतले उपचार गराउन अस्पतालतर्फ पठाएकोमा उपचार गराउँदा गराउँदै निजको मृत्यु भएको रहेछ। प्रतिवादीहरू आशिष गुरूङ, बरूण लामा, संजिभ गुरूङ, देव लामासमेतका मानिसहरूको ग्रुपका केटाहरूले श्यामबहादुर रेग्मी मगरलाई कुटपिट गरेको पछि थाहा पाएँ भन्नेसमेत व्यहोराको याङतारू सेकुवा कर्नरका सञ्चालक थिरेन्द्र थाम्सुहाङको कागज।

मिति २०६७।७।१७ गते बेलुका ६ बजेतिर म, मृतक श्यामबहादुर रेग्मी मगर र राकेश महतो काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका ७ सरस्वतीनगर स्थित याङतारू सेकुवा कर्नरमा खाजा खान गएका थियौं। हामीले सेकुवा र अलिअलि रक्सी अर्डर गरी एउटै टेबुलमा बसी खान थाल्यौं। होटलभित्र अर्को टेबुलमा आशिष गुरूङ, संजिभ गुरूङ, बरूण लामा र राना भन्ने देव लामा पनि बसी खाजा रक्सी खाँदै गरेको देखेका हौं। निज आशिष गुरूङसमेतका केटाहरू होहल्ला नाचगान गर्दै गीत गाउन थाले। हामीले आफ्नै तालले यताउति हेर्दा निजहरूले हामीहरूलाई आमाचकारी गाली गरे। हामी चुप लागेर बस्यौं। बाहिर गएपछि ठीक पार्नुपर्छ भन्दै कुरा गर्न थाले। त्यसपछि निजहरू बिल तिरेर होटल बाहिर निस्केर गएका थिए। हामी निजहरू गएको अं २०।२५ मिनेट पछि उठ्यौ। मृतक श्यामबहादुर रेग्मी मगर गर्मी भयो भन्दै होटलको ढोका बाहिर उभिएर बसे। म र राकेश महतोले बिल तिर्‍यौं। बेलुका लगभग ८ बजेको थियो होला। हामी बिल तिरेर बाहिर निस्की जान लाग्दा एक्कासि संजिभ गुरूङ, राना भन्ने देव लामा, बरूण लामा, आशिष गुरूङ, कमल भन्नेसमेत ५।६ जना मानिसहरूले हातमा ढुङ्गा लिई आई श्यामबहादुर रेग्मी मगरलाई जतातती प्रहार गर्न थाले। मृतक सोही स्थानमा जमीनमा ढले। निजहरूले लात मुक्काले प्रहारसमेत गरेँ। म र साथी राकेशलाई पनि लात्ता मुक्काले प्रहार गरे। हामीहरूले हारगुहार माग्यौं। होटलको साहुजी र साहुनीसमतेले थाहा पाए। त्यसपछि सो स्थानबाट सबैजना मानिसहरू भागेर गएपछि मसमेतले घाइते श्यामबहादुर रेग्मी मगरलाई उपचार गराउन अस्पताल लगेका हौं। उपचारको क्रममा निज श्यामबहादुर रेग्मी मगरको मृत्यु भएको हो भन्ने व्यहोराको अशोककुमार यादवको कागज।

मिति २०६७।७।१७ गतेका बेलुका अं ६ बजेतिर म, अशोककुमार यादव र मृतक श्यामबहादुर रेग्मी मगर काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका ७ सरस्वतीनगर स्थित याङतारू सेकुवा कर्नरमा खाजा खान आएका थियौं। सोही होटलमा अर्को टेबुलमा बरूण लामा, आशिष गुरूङ, संजिभ गुरूङ, राना भन्ने देव लामासमेत बसी बियर र सेकुवाहरू खाँदै रहेछन्। हामी पनि बसी खाजा खान थाल्यौं। निजहरू अलि ठूलो स्वरले हल्ला गर्दै गीत गाउने नाच्ने गर्न थाले। हामीले हेर्दा निजहरू मध्येको संजिभ गुरूङसमेतले के हेरेको भनी निजहरूले गाली गरे। निजहरूले यिनीहरूलाई ठीक पार्नुपर्छ भन्दै कुराकानी गरेपछि निजहरू बिल तिरेर होटलबाट बाहिर निस्केर गएका थिए। हामी चुप लागेर बस्यौं। निजहरू गएको अं २०।२५ मिनेट पछि हामीहरू पनि उठ्यौ। मृतकलाई गर्मी भएकोले काउन्टर नजिकै ढोका बाहिर उभिएर बसे। म र अशोक बिल तिर्न थाल्यौ। बिल तिरेर हामी तिनै जना घरतर्फ जाँदै गर्दा एक्कासि बरूण लामा, आशिष गुरूङ, संजिभ गुरूङ, राना भन्ने देव लामा र अन्य २ जना मानिसहरू समेत हातमा ढुङ्गा लिई आई श्यामबहादुर रेग्मीलाई जतातती प्रहार गरे। मृतक सोही स्थानमा रगताम्य भई लडेका थिए। ढलेका मृतकमाथि पनि संजिभ, देवसमेतले लात्ता मुक्कासमेत प्रहार गरे। अन्य निजका मतियारहरूले हामीहरूलाई समेत लात मुक्का प्रहार गरे। हामीहरूले हारगुहार माग्यौ। पछि होटलका साहुजीसमेतले थाहा पाएपछि निजहरू सबैजना सो स्थानबाट भागी फरार भए। मसमेतले घाइते श्यामबहादुर रेग्मी मगरलाई उपचार गराउन अस्पताल लगेका हौं। पछि उपचारको क्रममा निज श्यामबहादुर रेग्मी मगरको मृत्यु भएको हो भन्ने व्यहोराको राकेश महतोको कागज।

मिति २०६७।७।१७ गते बेलुका काठमाडौं महानगरपालिका ७ सरस्वतीनगर स्थितमा बरूण

लामा, आशिष गुरूङ, संजिभ गुरूङ, राना भन्ने देव लामा, कमलसमेतले श्यामबहादुर रेग्मी मगरलाई लात, मुक्का र ढुङ्गा प्रहार गरी कुटपिट गरी घाइते बनाएका र पछि उपचारको क्रममा निज श्यामबहादुर रेग्मी मगरको मृत्यु भएको भन्ने सुनी थाहा पाएका हौं भन्नेसमेत व्यहोराको करिब करिब एकै मिलानको प्रकाशकुमार मगर, सानु पूर्वछाने मगर र होमराज खपाङ्गी मगरको घटना विवरण कागज।

घटनाका दिन कमल श्रेष्ठ हामीसँग भेट भएको छैन। निजलाई हामीले घटनाका दिन देखेका छैनौ। कमल श्रेष्ठले निज श्यामबहादुर रेग्मी मगरलाई कुटपिट गरेको देखेनौ। हामीले कुटेका छैनौं। बरूण र आशिषले कुटेका हुन भन्ने व्यहोराको प्रतिवादीहरू संजिव भन्ने संजिभ गुरूङ र राना भन्ने देव लामाको ततिम्बा बयान।

मृतक श्यामबहादुर रेग्मी मगरको मृत्यु टाउकोमा प्रहार भएको चोटबाट भएको देखिन्छ। प्रतिवादीहरू मध्ये निजको टाउकोमा ढुंगाले प्रहार कसले गरेको थियो भन्ने हालसम्मको अनुसन्धानबाट यकिन हुन सकेको अवस्था देखिन नआएको र सबै प्रतिवादीको संलग्नतामा उक्त वारदात घटित भएको हुँदा प्रतिवादीहरूलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ र १३(३) नं. को कसुरमा सोही महलको १३(३) नं. बमोजिम सजाय गरिपाउँ भन्नेसमेत व्यहोराको अभियोग दाबी।

मलाई संजिभ लामाले खाजा खाउँ भनी फोन गरेको हुँदा म खाजा खान मिति २०६७।७।१७ गते याङतारू सेकुवा कर्नरमा गई २ गिलास बियर खाएको हुँ। बियर खाएको अवस्थामा बरूण लामा र मृतकको बिच आँखा तरातर भएपछि बरूणलाई यस्तो सामान्य कुरामा झगडा गर्न हुँदैन भनी म र संजिभ लामा घरतिर गयौं। बरूण र आशिष सोही होटलमा थिए। निज मृतकलाई को कसले कुटपिट गरेको हुन कसरी निजको मृत्यु भयो मलाई थाहा छैन। म माथि लगाएको आरोप झुट्ठा हो। अनुसन्धान अधिकारीसमक्षको बयानमा आशिष र बरूणले मृतकलाई कुटपिट गर्ने सल्लाह भएबमोजिम निजलाई आशिष एवं बरूणले कुटपिट गरेको हो भनी मैले भनेको होइन। बाँकी बयान व्यहोरा ठिकै हो। सोमा भएको सहीछाप मेरै हो भन्नेसमेत व्यहोराको प्रतिवादी राना भन्ने देव लामाले अदालतमा गरेको बयान।

मिति २०६७।७।१७ गते बेलुकी ६ बजेतिर बरूण लामा, आशिष गुरूङ, देव लामा र मसमेतका साथीहरूले चाबहिल स्थित याङतारू सेकुवा कर्नरमा रक्सी बियर र सेकुवा खाएका हौं। बियर खाँदा मृतकको र बरूण लामा तथा आषिश गुरूङको आँखा तरातर भएको थियो। बियर खाइसकेपछि म र देव लामा घर गयौं। निज मृतकलाई को कसले कुटपिट गरे मलाई थाहा भएन आषिश र बरूण सोही होटलमा थिए। मैले मृतकलाई कुटपिट गरेको होइन। म माथिको आरोप झुट्ठा हो। अनुसन्धानको सिलसिलामा गरेको बयानमध्ये मृतकलाई कुटपिट गर्नु पर्छ भनी आशिषले भनेबमोजिम सल्लाह भई निजलाई आशिष र बरूणले कुटपिट गरेको हो भनी मैंले भनेको होइन। अरू बाँकी कुरा मैले भनेको हुँ सो व्यहोरा ठिकै हो। सहिछाप मेरै हो भन्नेसमेत व्यहोराको प्रतिवादी संजिव भन्ने संजिभ गुरूङले अदालतमा गरेको बयान।

मौकामा भएको कागजमा भएको सहिछाप मेरो हो व्यहोरा मेरो होइन। पुलिसले व्यहोरा लेखाई सही गर भनेकाले डरले सहि गरेको हुँ। घटनापूर्व म, मृतक र अशोक यादव एउटा टेबुलमा बसेर खाना खाइरहेका थियौं। मृतकसँग आशिष या बरूण कसको हो आखाँ तरातर भयो। त्यसपछि सामान्य विवाद भयो। उनीहरूले अलि ठूलो स्वरले गाली गरे। मृतकले आफ्नो जग्गा में कुत्ता भी शेर होता हे भने। त्यसपछि आशिष गुरूङ उठ्यो। अनि पछि नाम थाहा भएका संजिव गुरूङले आफ्नो एरियामा झगडा गर्नुहुँदैन भने। वातावरण शान्त भयो। त्यसपछि देव लामा र संजिभ गुरूङ उठेर हिडेँ। २०/२५ मिनेट पछि हामी बाहिर निस्कदा एक्कासि मृतक श्यामलाई आशिष गुरूङले ढुंगाले तथा लात्तामुक्काले हिर्काए। वारदातस्थलमा संजिभ गुरूङ र राना भन्ने देव लामा थिएनन भन्ने

व्यहोराको राकेश महतोले अदालतमा गरेको बकपत्र।

हाल नाम थाहा भएका मृतक श्यामबहादुर रेग्मीलाई आशिष गुरूङले लातले मुखमा हानेको सम्म मैले देखेको हो। संजिभ गुरूङ र देव लामाहरू २०/२५ मिनेट अगाडि नै बिल तिरेर गइसकेका थिए भन्ने व्यहोराको दुर्गा आङदाङ्वे लिम्बूले अदालतमा गरेको बकपत्र।

सडकमा होहल्ला हुँदा श्यामबहादुर रेग्मी मगरलाई ढलेको अवस्थामा देखी प्रहरीलाई १०० नम्बरमा फोन गरी प्रहरी आई घाइतेलाई ट्याक्सीमा लगेको हो भन्ने व्यहोराको थिरेन्द्र थाम्सुहाङ्गले अदालतमा गरेको बकपत्र।

मृतक श्यामबहादुर मगरलाई कोकस्ले कर्तव्य गरी मारेको हो सो सम्बन्धमा मलाई केही थाहा छैन। प्रतिवादीहरू उक्त घटनामा संलग्न छैनन। प्रहरीले व्यहोरा लेखी मलाई सही गर भनेकोले जाहेरी दरखास्तमा सहिसम्म गरेको हुँ भन्ने व्यहोराको लेखबहादुर रेग्मी मगरले अदालतमा गरेको बकपत्र।

मैले निजहरूलाई कारवाही हुनुपर्छ भनेको छैन। म झुट्टो बोल्न जान्दिन मान्छेहरू किन थुनिए पुलिसहरू नै जानुन। पुलिसहरूले भनेकोले कागजमा सही गरेको हुँ भन्ने व्यहोराको सानु पूर्वछाने मगरले अदालतमा गरेको बकपत्र।

प्रहरीमा भएको कागजमा लागेको सहिछाप मेरो हो। व्यहोरा होइन। मृतकलाई को कस्ले कसरी कर्तव्य गरी मारेका हुन सो सम्बन्धमा मलाई केही जानकारी छैन। सही गर भनेकोले डरले सहिछाप गरेको हो भन्ने व्यहोराको होमराज खपाङ्गी मगरले अदालतमा गरेको बकपत्र।

प्रहरीमा भएको कागजमा लागेको सहिछाप मेरो हो। व्यहोरा मेरो होइन। मृतकलाई को कस्ले कर्तव्य गरी मारे सो सम्बन्धमा मलाई केही थाहा छैन भन्ने व्यहोराको प्रकाशकुमार मगरले अदालतमा गरेको बकपत्र।

प्रहरीमा भएको कागजमा सहीसम्म मैंले गरेको हुँ। व्यहोरा भने प्रहरीले तयार गरेका थिए नसुनी सही गर्न भनेकोले सही गरेको मात्र हुँ। म मृतक श्यामबहादुर मगरसँग खाजा खाने बेलामा सँगै थिए। राकेश पनि थियो। राकेश, म र मृतक एउटा टेबुलमा र अर्को टेबुलमा प्रतिवादी र अरू दुई जना थिए। खाजा खाएको बेलामा अर्को टेबुलमा होहल्ला भएको थियो। त्यसपछि केही भनाभन भयो। यी प्रतिवादीहरूले हाम्रो एरिया हो झगडा नगरौं भनी एकजनाले गीत गायो। त्यसपछि खाजा खाएर पछि नाम थाहा भएका देव लामा र संजिभ गुरूङ २०/२५ मिनेट अगाडि नै त्यहाँबाट हिडेका हुन। हामीले खाजा खाएपछि हामी बाहिर निस्कँदा कस्ले हो मृतकलाई आक्रमण गरी ढाले। मलाई पनि हात मुक्का लागे। उक्त घटना कस्ले घटाएका हुन यी प्रतिवादीले होइन। पहिले गइसकेका थिए। फरार रहेका आशिषले घटाएको शंका लाग्छ। यी प्रतिवादीहरू निर्दोष छन् भन्ने व्यहोराको अशोककुमार यादवले अदालतमा गरेको बकपत्र।

मैले दिएको प्रतिवेदनमा देखिएका बाहिरी चोटहरू निम्न छनः देब्रेपट्टिको अनुहार सुन्निएको, टाउको पछाडिको भागको देब्रेपट्टि १x०.५ सेमीको च्यातिएको घाउ छ जुन धार नभएको वस्तुमा जोडका साथ लाग्न गई देखिन्छ। निधारको देब्रेपट्टि ४x२ सेमीको च्यातिएको घाउ छ। देब्रे पट्टिको गालामा घिस्रिएको घाउ, घाटीको गुनापट्टि ६x३ गुनाको निलडाम, साना देखि २x१ सेमीका धेरै घस्रिएका चोटहरू देब्रेपट्टि कान मुनि। भित्री अंगहरू जाँच गर्दा दाहिने पट्टि दोस्रो र तेस्रो र देब्रे पट्टि छैटौं कानको वरिपरिको मांसपेशी निलो भई चोट लागेको। पेटभित्र ५० एमएल खैरो रङको तरल पदार्थ रहेको जुनबाट रसायन गन्ध आएको र पेटको भित्री वालमा साना घाउहरू रहेको। टाउकोको भित्री जाँच गर्दा दुवैतिरको कञ्चटको मांसपेशी र दाहिनेपट्टिको निधार मुनि निलडाम रहेको। खप्परमा कुनै फ्र्याक्चर नरहेपनि acceleration र deceleration ले गर्दा दिमाग खप्परको भित्री भागसँग ठक्कर खान गई रगत जमेको र दिमागको देब्रे पट्टि temporal lobe मा चोट पुग्न गएको। शरीरको बाहिरी भागमा देखिएको घाउचोटहरू

धार नभएको वस्तुसँगको जुधाईमा देखिन्छन तर ती घाउहरू हतियारको प्रयोगबाट भएको हो वा लडी खसी भएको हो भन्ने कुरा यकिन साथ खुल्दैन भन्ने व्यहोराको शव परीक्षण गर्ने डा.जेनश आचार्यले अदालतमा गरेको बकपत्र।

घटना घटेको थाहा भएको हो। प्रतिवादी देव लामाको संलग्नता छैन। कस्ले घटायो थाहा भएन भन्नेसमेत व्यहोराको प्रतिवादी देव लामाका साक्षी प्रकाश पुडासैनीले अदालतमा गरेको बकपत्र।

हामी तीन जना साथीहरू अं ७ बजेतिर तिहारको अवसरमा खाजा खान याङतारू सेकुवा कर्नरमा बसेका थियौं। अर्को टेवुलमा संजिभ गुरूङ र देव लामासमेतले खाजा खाँदै रमाइलो गरिरहेका थिए। संजिभ गुरूङहरू अं ८ बजे तिर बिल तिरेर बाहिर गए। त्यसको २०/२५ मिनेट पछि अर्को टेबुलमा भएका मानिसहरू पनि बाहिर निस्के। केहिबेर पछि मार्‍यो मार्‍यो भन्ने आवाज सुनियो। संजिभ गुरूङ र देव लामाको उक्त घटनामा संलग्नता छैन भन्नेसमेत व्यहोराको प्रतिवादीहरूका साक्षी जीवन राईले अदालतमा गरेको बकपत्र।

मैले जानेसम्म सबैसँग मिलीजुली बस्ने अहिलेसम्म कोही कसैसँग पनि झैझगडा गरेको थाहा छैन। यो घटनामा उसको संलग्नता छैन भन्नेसमेत व्यहोराको प्रतिवादी संजिभ गुरूङको साक्षी दिनेश शाहीले अदालतमा गरेको बकपत्र।

हालसम्मको अनुसन्धानको क्रममा वारदातमा संलग्न भनी नाम खुल्न आएका फरार व्यक्तिहरू बरूण लामा, आशिष गुरूङ र कमल श्रेष्ठको बाजे बाबुको यकिन नाम थर निजहरूको यकिन ठेगानासमेत खुली नआएको हुँदा पछि निजहरूको बाजे बाबुको यकिन नाम, थर निजहरूको यकिन ठेगाना खुली वा पक्राउमा परी आएका बखत कानूनबमोजिम हुने व्यहोरा सादर अनुरोध गरिएको छ भनी अभियोग पत्रसमेतमा उल्लेख भएको।

यी प्रतिवादीहरू र मृतकसमेतका व्यक्ति होटलमा खाजा खाँदा फरार प्रतिवादी बरूण भन्नेसँग आँखा जुधेको र निजले यी मृतकसमेतका साथीहरूलाई कुटपिट गर्नुपर्छ भनी प्रतिवादीहरूसँग सल्लाह गरेको मिसिलबाट देखिन्छ। मृतकका साथमा रहेका अशोककुमार यादव र राकेश महतोले यी प्रतिवादीहरू समेतका व्यक्तिले कुटपिट गरेको र उपचारको क्रममा मृतकको मृत्यु भएको भनी लेखाई दिएकोमा अदालतमा बकपत्र गर्दा यी दुई प्रतिवादीहरूले कुटपिट नगरेको निजहरू त्यहाँ उपस्थित नरहेको भनी बकपत्र गरेको देखिन्छ। शव परीक्षण प्रतिवेदनमा blunt force trauma to the head भनी मृत्युको कारण उल्लेख भएको देखिन्छ। प्रतिवादीहरूको ग्रुप र मृतकको ग्रुप बिच झगडा भएपनि यी दुवै प्रतिवादीहरूले चोट नछाडेको तर घटनास्थलमा यी प्रतिवादीहरूले आफू उपस्थित भएको तथ्यलाई स्वीकार गरी मौकामा बयान गरेको देखिन्छ। दुई ग्रुपबिच झगडा भएको मिसिल संलग्न कागज प्रमाणबाट प्रतिवादीहरूको कार्य ज्यानसम्बन्धी महलको १७(२) नं. को देखिँदा निजहरूलाई ५ वर्ष कैद हुने ठहर्छ भन्नेसमेत व्यहोराको काठमाडौं जिल्ला अदालतको मिति २०६८।९।१३ को फैसला।

हामी प्रतिवादीहरूले आरोपित कसुर गरेमा इन्कार भई अनुसन्धान अधिकारी तथा अदालतमा बयान गरेका छौं। जाहेरवालाले घटना नदेखेको र अन्य व्यक्तिले भनेको आधारमा जाहेरी दिएको प्रहरीले जाहेरी दरखास्तमा सही गर भनेकोले सही गरेको हुँ हामी प्रतिवादीहरू निर्दोष रहेको भनी अदालतमा बकपत्र गरेका छन्। प्रत्यक्षदर्शी भनिएका राकेश महतो तथा अशोककुमार यादवले प्रस्तुत वारदातमा हामी प्रतिवादीहरूको संलग्नता छैन भनी बकपत्र गरेको अवस्था छ। घटनापूर्वका तथ्य स्वीकार गर्नु अपराध स्वीकार गर्नु होइन। वस्तुनिष्ठ प्रमाण बिना दोषी ठहर गर्न मिल्दैन भन्ने फौजदारी न्यायको मान्य सिद्धान्त एवं नेकाप २०६५ अंक ४ निनं ७९५३ पृष्ठ ४२३ मा प्रतिपादित सिद्धान्तसमेत विपरीत अनुमानको आधारमा भएको फैसला त्रुटिपूर्ण हुँदा सुरू काठमाडौं जिल्ला अदालतको फैसला उल्टी गरी सफाई पाउँ भन्ने व्यहोराको संजिव भन्ने संजिभ गुरूङ र राना

भन्ने देव लामाको संयुक्त पुनरावेदन पत्र।

मृतकको टाउको समेतका शरीरमा विभिन्न भागमा चोटपटक लागि कर्तव्यबाट मृत्यु भएको, होटलमा खाजा खाँदा मृतकसँग प्रतिवादी समूहको आँखा तरातर र भनाभन भएको, होटल बाहिर मृतकलाई कुटपिट भएको र प्रतिवादीहरू उपर किटानी जाहेरी परेको अवस्थामा यी प्रतिवादीहरूले कुटपिट वारदात भइरहँदा टुलुटुलु हेरी कुटपिट नगरेको भन्ने अनुमान गरी मूल कसुरदार यी प्रतिवादीहरूलाई मतलबीको रूपमा अभियोग दाबीभन्दा कम ज्यानसम्बन्धी महलको १७(२) नं. को सजाय गरेको काठमाडौं जिल्ला अदालतको फैसला उल्टी गरी अभियोग दाबीबमोजिम सजाय गरिपाउँ भन्ने व्यहोराको वादी नेपाल सरकारसमेतको पुनरावेदन पत्र।

यसमा पुनरावेदक प्रतिवादीहरूलाई मुद्दाको तथ्य नकेलाई ज्यानसम्बन्धीको महलको १७(२) नं बमोजिम सजाय गरेको सुरूको फैसला फरक पर्न सक्ने भन्ने व्यहोराको पुनरावेदन अदालत, पाटनको मिति २०६९।४।१६ को विपक्षी झिकाउने आदेश।

यो मुद्दामा घटना वारदात भएको तथ्यमा विवाद छैन । होटलमा खाजा खाँदाका अवस्थामा मृतकसँग बरूण र मृतकको बिच आँखा तरातर भएपश्चात मृतकले आफ्नो जग्गा में कुत्ता भी शेर होता है भनेपश्चात बरूण र आशिषले झगडा गर्न खोजेको र आफूले बिल तिरी बाहिर निस्केको। आशिष र बरूणले मृतकसमेत तीनजना बाहिर निस्किए पश्चात् मृतकलाई लात, मुक्कासमेतले प्रहार गरी सोही ठाउँ जमीनमा मृतकलाई ढाली दिएको हो आफ्नो संलग्नता छैन भनी यी पुनरावेदक देव लामा र संजिभ गुरूङले मौका तथा अदालतसमक्ष कसुरमा इन्कार रहेको देखिन्छ।

घटनाको प्रत्यक्ष चश्मदीद व्यक्ति मृतकसँग खाजा खाने अशोककुमार यादव र राकेश महतो रहेका छन्। निजहरू दुवैले मौकामा खाजा खाँदाको अवस्थामा दुई पक्ष दुई टेबुलमा बसेका, प्रतिवादीहरूले ठूलो स्वरमा हल्ला गर्दै गीत गाउने नाच्ने गर्न थालेको, हामीहरूले गीत गाएको हेर्दा निजहरू मध्ये संजिव भन्ने संजिभ गुरूङले के हेरेको भन्दै गाली गरेकोले हामीहरू चुप लागि बसेको। निजहरूले आपसमा यिनीहरूलाई बाहिर ठीक पार्नुपर्छ भन्दै कुराकानी गरेको, प्रतिवादीहरू निस्केको २०।२५ मिनेट पछि हामीहरू उठेर घरतर्फ जाने सल्लाह गरी बिलको पैसा अशोकले तिरेको, श्यामबहादुर रेग्मी मगर गर्मी भयो भनी बाहिर नजिकै उभिएको, एक्कासि प्रतिवादी संजिभ, देव लामा, आशिष गुरूङ, बरूण लामा र अन्य २ जना मानिसहरू हातमा ढुङ्गा बोकी आई मृतक श्यामबहादुर रेग्मी मगरलाई जताततै प्रहार गरेको, श्यामबहादुर रेग्मी मगर सोही स्थानमा जमीनमा ढलेर रगताम्य भएको, श्यामबहादुर रेग्मी मगरको सोही चोटपटकबाट उपचारको क्रममा मृत्यु भएको भनी किटानी कागज गरिदिएको देखिन्छ। जाहेरवाला मृतकका दाजु लेखबहादुर रेग्मी मगरले पनि साथीहरूसँगै मिति २०६७।७।१७ गते खाजा खाई रेष्टुरेन्टबाट फर्कन लाग्दा अचानक प्रतिवादीहरूले मृतकउपर हमला गरी लात, मुक्का तथा ढुङ्गाले प्रहार गरी कुटपिट गरेकै कारण शिक्षण अस्पतालमा उपचार हुँदाकै क्रममा मृतकको मृत्यु भएको भनी यी प्रतिवादी संजिभ गुरूङ, राना भन्ने देव लामासमेत उपर किटानी जाहेरी दरखास्त दिएको देखिन्छ।

शव परीक्षण प्रतिवेदनमा मृतकको जिउमा विभिन्न कुटपिटको चोट रहेको र मृतक श्यामबहादुर रेग्मी मगरको मृत्यु blunt force trauma to the head टाउकोमा ठूलो प्रहारकै चोट पीडाबाट भएको देखिन्छ । यस्तो अवस्थामा मृतकसँग गएका अशोककुमार यादव र राकेश महतोले घटना वारदातको वास्तविक तथ्यमै फरक पर्ने गरी प्रतिवादीहरूलाई चिन्दिन, संजिभ गुरूङले आफ्नो एरियामा झगडा गर्नु हुँदैन भनेका, देव लामाले गीत गाएर रमाइलो गरेको झगडा गर्नु हुँदैन भनेको भन्दै अन्तमा प्रतिवादीहरू दोषी होइनन निजहरूले सफाई पाउनु पर्छ भनी यस अदालतमा बकपत्र गरेको व्यहोरा मिसिलका तथ्यसँग हुबहु मेल खान आएको देखिएन। जाहेरवाला लेखबहादुर रेग्मी मगरले समेत जाहेरी सहीछाप मेरो हो व्यहोरा फरक छ, निजहरू उक्त घटनामा संलग्न छैनन्,

अभियोगदाबीबाट सफाई पाउनु पर्छ भनी आफ्नो जाहेरीलाई नै झुट्टा (hostile) विरोधाभाष बकपत्र गरिदिएको मिसिल संलग्न घटना वारदात प्रकृतिसँग मेल खान सकेको देखिएन । मौकामा आफैँ गवाह भई लेखाई दिएको सबुद प्रमाणलाई पुनः झुट्टा कुराको प्रमाण पेस गरी अदालतमा बकपत्र गरेको अवस्था हुँदा मुलुकी ऐन, अबं १६९ नं अनुसार अशोककुमार यादव, राकेश महतो एवं जाहेरवाला लेखबहादुर रेग्मी मगरलाई जनही तजवीजी रू. १०००|- जरिवाना हुने ठहर्छ ।

सुरू जिल्ला अदालतले प्रतिवादी राना भन्ने देव लामा र संजिव भन्ने संजिभ गुरूङलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १७(२) नं. बमोजिम जनही ५ वर्ष कैद गरेको फैसला केही उल्टी हुने ठहर्छ । मृतकले आफ्नो जग्गामे कुत्ता भी शेर होता है भनेकै हुँदा सोही रिसइवीबाट मृतक बाहिर निस्के पश्चात लात, मुक्कासमेत हिर्काई सोही चोट पीडाबाट मृतकको मृत्यु भएकोले प्रतिवादी राना भन्ने देव लामा र संजिव भन्ने संजिभ गुरूङलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १४ को कसुरमा सोही १४ नं. बमोजिम जनही दस वर्ष कैद हुने ठहर्छ । ज्यानसम्बन्धीको १ र १३ नं को कसुरमा सोही १३(३) नं. बमोजिम सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको र सफाई पाउँ भन्ने प्रतिवादीहरूको पुनरावेदन जिकिरसमेत नपुग्ने ठहर्छ भन्ने व्यहोराको पुनरावेदन अदालत, पाटनको मिति २०६९।६।२ को फैसला ।

पुनरावेदन अदालत, पाटनसमेतको फैसलामा चित्त नबुझाई प्रतिवादीहरू संजिभ र राना भन्ने देव लामाले यस अदालतमा गरेको पुनरावेदनमा हामीहरूको मौकामा तथा अदालतमा भएको बयानबाट वारदातमा हाम्रो संलग्नता नभएको यथार्थ तथ्य खुलेको छ । पुनरावेदन अदालतबाट फैसला हुँदा त्यसतर्फ हेरिएको छैन । मृतकसमेतका मानिसहरू रेष्टुरेण्टमा खाजा खाँदा छुट्टाछुट्टै टेबलमा बसी खाजा खाएको, हामी सँगका साथीले झगडा गर्न खोज्दा हामीले झगडा गर्न हुँदैन भनी सम्झाएको, हामी रेष्टुरेण्टबाट हिंड्दा मृतकलगायतका व्यक्तिहरू त्यहीं खाजा खाँदै रहेका थिए भनी हामीले साँचो व्यहोरा उल्लेख गरेका हौं । मृतकसँगै खाजा खाने राकेश महतो तथा अशोककुमार यादवको मौकामा भएको कागजसमेतमा हामी प्रतिवादीहरू २०।२५ मिनेट अगाडि नै गएको भनी बयान गरेका छन् । रेष्टुरेण्ट धनी दुर्गा आङदम्बे लिम्बुसमेतको बयानबाट उक्त व्यहोराको पुष्टि भइरहेको छ । अभियोगपत्रमा समेत हामी पुनरावेदक प्रतिवादीहरू खाजा खाँदा रेष्टुरेण्टमा रहेका भए तापनि हामीले मृतकसँग झगडा नगरेको, मृतकसँग कुनै रिसइबी नरहेको, मृतकको मृत्यु हामीहरूको कुटपिटको कारण घटेको होइन भन्ने अभियोगदाबी व्यहोरा पनि देखिन्छ ।

मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १७(२) मा वर्णित कसुर सिद्ध हुन घेरा दिने, बाटो गौडा छेक्ने वा भाग्न उम्कन नदिई मार्नलाई संयोग पारी दिने किसिमको के कुन कार्य हामी प्रतिवादीहरूले गरेको भन्ने कुरा काठमाडौं जिल्ला अदालतको फैसलामा उल्लेख छैन । मिसिल संलग्न प्रमाणबाट सुरू फैसला पुष्टि हुने स्थिति छैन । त्यसै गरी मुलुकी ऐन, ज्यानसम्बन्धीको १४ नं. को अवस्थाको कसुर कायम हुन sudden and temporary loss of self-control को अवस्था विद्यमान हुनुपर्दछ । मिसिल संलग्न प्रमाणबाट होटलमा खाजा खाँदाको अवस्थामा अन्य साथीसँगै मृतकको आँखा तरातर भएपश्चात हामी पुनरावेदकले झगडा गर्न हुँदैन भनी सहजीकरण गरी स्थिति सामान्य भएपछि धेरै समय होटलमा बसी खाजा खाई हामी हिडेका, हामी होटलबाट हिडेको २०।२५ मिनेट पछि मात्र मृतक र निजका साथी राकेश महतो तथा अशोक यादव होटल बाहिर निस्केको भन्ने तथ्य राकेश, अशोक र दुर्गा आङदाम्बे लिम्बुको भनाईबाट पुष्टि भइरहेको छ । रिसारिस नभएको र हात हालाहालको स्थिति नभएको अवस्थामा ज्यानसम्बन्धी महलको १४ नं. आकर्षण हुने अनुमान कसरी गरियो फैसलामा पुष्टि गरिएको छैन । ज्यानसम्बन्धी महलको १४ नं. अनुसार हामीलाई कुनै रीस नै उठेको छैन । मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १४ नं. को त्रुटिपूर्ण

व्याख्या गरी भएको फैसला फौजदारी विधिशास्त्रको developing principle समेत विपरीत छ ।

पुनरावेदन अदालत, पाटनबाट भएको फैसलामा राकेश महतो तथा अशोक यादवले गरेको अनुसन्धान अधिकारीसमक्षको मौकाको कागजसँग नमिल्ने गरी अदालतमा बयान गरेबाट अदालतमा भएको बयान विश्वासनीय देखिएन भन्ने आत्मनिष्ट आधार लिइएको छ । उक्त आत्मनिष्ट आधारलाई मान्ने हो भने फौजदारी मुद्दामा प्रमाणको मूल्याङ्कन अदालतबाट गर्नुपर्ने प्रमाण ऐनको समग्र व्यवस्थाको औचित्य समाप्त हुन जान्छ । स्वतन्त्र न्यायालयमा भएको बकपत्रलाई नजरअन्दाज गरी अनुसन्धानको क्रममा भएको कागजको व्यहोरालाई सत्य अनुमान गरिनु प्रमाण मूल्याङ्कन एवं परीक्षणको वैज्ञानिक एवं न्यायिक मान्यताविपरीत हुन जान्छ ।

घटना पूर्वको तथ्य स्वीकार गर्नु अपराध स्वीकार गर्नु होइन । वस्तुनिष्ठ प्रमाण बिना दोषी ठहर गर्न मिल्दैन भन्ने फौजदारी न्यायको मान्य सिद्धान्त एवं सम्मानित सर्वोच्च अदालतबाट वादी नेपाल सरकार प्रतिवादी फटक भन्ने अनुप सहनीसमेत भएको कर्तव्य ज्यान मुद्दामा ने.का.प. २०६५ अंक ४ नि.नं. ७९५३ पृष्ठ ४२३ मा प्रकाशित फैसलामा प्रतिपादित सिद्धान्तसमेत विपरीत भएको फैसला त्रुटिपूर्ण छ ।

प्रमाण ऐन, २०३१ को दफा २५ ले फौजदारी मुद्दामा कसुर प्रमाणित गर्ने भार वादीमा रहने भन्ने व्यवस्था गरेको छ । अभियोगपत्रमा समेत वारदात यो यसबाट घटित भएको भन्ने सिद्ध नगरी गोलमटोल भाषामा अभियोग दायर भएको छ । अतः काठमाडौं जिल्ला अदालतले पुनरावेदक प्रतिवादीहरूलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १७(३) नं. बमोजिम ५ वर्ष कैद गरेको फैसला र सो फैसलालाई केही उल्टी गरी पुनरावेदन अदालत, पाटनले ज्यानसम्बन्धी महलको १४ नं. बमोजिम १० वर्ष कैद गरेको फैसला उल्टी गरी सफाई दिलाई पाउँ भन्ने जिकिर देखिन्छ ।

त्यसै गरी सो फैसलामा चित्त नबुझाई वादी नेपाल सरकारले यस अदालतमा दिएको पुनरावेदनमा मृतकको टाउकोसमेतका शरीरमा विभिन्न भागमा चोटपटक लागेको र कर्तव्यबाट मृत्यु भएको भन्ने तथ्यलाई फैसलामा स्वीकार गरिएको छ । होटेलमा खाजा खाँदाको अवस्थामा मृतकसँग प्रतिवादीका समूहका केहीसँग आँखा तरातर भएपछि गालीगलौज भनाभन भएको र होटेलबाट बाहिर आएपछि निज बरूण र आशिष भन्नेले कुटपिट गर्दा आफूहरू त्यहीँ लडेको र डरले भागेको भन्ने प्रत्यर्थी प्रतिवादीहरूको मौकाको भनाई रहेको देखिए पनि निजहरू उपर किटानी जाहेरी, प्रत्यक्षदर्शी अशोककुमार यादव, राकेश महतोले अनुसन्धानको क्रममा गरेको कागजमा उल्लिखित कथनबाट प्रतिवादीहरू समेत भई मृतकलाई कुटपिट गरेको देखिँदा घटनास्थलमै नरहेको कुटपिट गरेको होइन भन्ने प्रतिवादीहरूको भनाई पत्यारलाग्दो छैन ।

प्रत्यक्षदर्शी अशोककुमार यादव र राकेश महतोले समयको अन्तरालसँगै विविध कारणले वास्तविकताविपरीत कुराहरू लेखाएको देखिन्छ । निज अशोककुमार यादव र राकेश महतोले अदालतमा बकपत्र गर्दा प्रत्यर्थीहरू घटनास्थलमै नरहेको भनी लेखाएको कुरा स्वयम् प्रत्यर्थी प्रतिवादीहरूले अदालतमा गरेको बयानसमेतबाट खण्डित छ । जुन कुराहरू स्वयम् प्रतिवादीहरूले नै स्वीकार गरेका छन् ती कुराहरू पनि होइन भनी लेखाउनु भनेको कसुरदारलाई बचाउने मनसाय मात्र हो । अरू प्रतिवादीहरूले कुटपिट गर्दा प्रतिवादीहरू संजिभ र राना भन्ने देव लामाले टुलुटुलु हेरी कुटपिट नगरेको भन्ने अनुमान गर्न मिल्दैन ।

प्रतिवादीहरू धेरैजना रहेको अवस्थामा सबैजना व्यक्तिहरू एकैचोटि आवेसमा आउने कुरा व्यावहारिकरूपमा सम्भव हुँदैन । रेष्टुरेन्टभित्र भएको विवादलाई लिई अर्को पक्षलाई मार्ने मनसाय बनाई ढुकेर २०।२५ मिनेट पछि मृतक व्यक्तिसमेत बाहिर निस्किए पश्चात प्रतिवादीहरूले रिसइवी लिई घटना घटाएबाट प्रस्तुत वारदात मनसायप्रेरित देखिन्छ न कि आवेशप्रेरित । शवपरीक्षण प्रतिवेदन तयार गर्ने डा. जेनश आचार्यको बकपत्र व्यहोराबाट समेत मृतकलाई आन्तरिक र बाह्यरूपमा अनगिन्ती चोटहरू लागेको

देखिन्छ । धेरै चोटहरूको विवरणबाट समेत प्रस्तुत हत्यामा संलग्न प्रतिवादीहरू धेरै रहेको र यसैका चोटले मृतकको मृत्यु भएको भन्ने पुष्टि नभएको अवस्थामा सबै प्रतिवादीहरूलाई ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सजाय गर्नुपर्ने हुन्छ । यसै सम्बन्धमा "कुनै पनि फौज्दारी प्रकृतिको ज्यान अपराध सिद्ध हुन पूर्व रिसइवी र मनसाय नै विद्यमान हुनुपर्छ भन्न सकिन्न । यसलाई वारदातको स्थिति र अवस्थाले पनि प्रमाणित गर्ने हुन्छ । मृतकसँग कुनै पूर्व रिसइवी नभए पनि अस्वाभाविकरूपबाट मार्ने षडयन्त्र गरेको सो षडयन्त्रमा संलग्न रहे भएको कुरा संलग्न प्रमाणहरूबाट पुष्टि भएको देखिन आए दोषी प्रमाणित हुन्छ ।" भनी चन्द्रबहादुर समेत विरूद्ध नेपाल सरकार ने.का.प. २०४८ को पृष्ठ २७४ मा प्रकाशित नजिर र "यो यसको चोटबाट ज्यान मरेको भनी प्रमाणबाट खुल्न नसकेको अवस्थामा ज्यानसम्बन्धी महलको १३(३) नं बमोजिमको कसुर कायम गरी सजाय गर्नु पर्ने" भनी नेपाल सरकार विरूद्ध रामसेवक फरकारसमेत भएको मुद्दामा सर्वोच्च अदालत बुलेटिन २०६७ वर्ष १९ अंक १६ पृ. २१ मा प्रकाशित फैसलामा प्रतिपादित सिद्धान्तको त्रुटिपूर्ण भएको छ । अतः पुनरावेदन अदालतसमेतको फैसला उल्टी गरी अभियोग दाबीबमोजिम प्रतिवादीहरू संजिभ र राना भन्ने देव लामालाई सजाय गरिपाउँ भन्नेसमेतको जिकिर देखिन्छ ।

यसमा वादी प्रतिवादी दुवै पक्षको पुनरावेदन परेको देखिँदा मुलुकी ऐन, अ.बं. २०२ नं. को प्रयोजनार्थ वादी नेपाल सरकारको पुनरावेदन परेको जानकारी प्रत्यर्थी प्रतिवादीलाई गराई र प्रतिवादीको पुनरावेदन परेको हकमा महान्यायाधिवक्ताको कार्यालयलाई पेसीको सूचना दिई नियमानुसार पेस गर्नु भन्ने मिति २०७१।११।४ गतेको यस अदालतको आदेश ।

नियमबमोजिम साप्ताहिक तथा दैनिक पेसी सूचीमा चढी पेस हुन आएको प्रस्तुत मुद्दाको पुनरावेदनसहितको मिसिल अध्ययन गरियो ।

वादी नेपाल सरकारका तर्फबाट उपस्थित हुनुभएका विद्वान् उपन्यायाधिवक्ता श्री सुरेन्द्रबहादुर थापाले प्रतिवादीहरू संजिभ गुरूङ र राना भन्ने देवलामा पनि होहल्ला गर्नमा संलग्न रहेका, वारदातको सुरूदेखि अन्तसम्म वारदातस्थलमा रहेका, मृतकलाई बचाउने कुनै काम नगरेका जस्ता परिस्थितिजन्य प्रमाण र यी प्रतिवादीहरू समेतले मृतक र आफूहरूलाई कुटपिट गरेको भनी प्रत्यक्षदर्शी राकेश र अशोकले मौकामा गरेको कागज तथा मृतकको शव परीक्षण प्रतिवेदनसमेतका ठोस र निर्विवाद प्रमाणबाट अभियोगदाबीको वारदातमा यी प्रतिवादीहरूको संलग्नताको पुष्टि शंकारहित तवरबाट प्रमाणित छ । वादविवाद भएको २०।२५ मिनेटको cooling period पछि भएको कर्तव्यको वारदात ज्यानसम्बन्धीको १४ नं. भित्र पर्ने होइन । अतः प्रतिवादीहरूलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १७(२) नं. बमोजिम सजाय गरेको सुरू काठमाडौं जिल्ला अदालतको फैसला र सो फैसलालाई उल्टी गरी प्रस्तुत वारदातलाई ज्यानसम्बन्धी महलको १४ नं को कसुर ठहर गरेको पुनरावेदन अदालत, पाटनको फैसला त्रुटिपुर्ण भएकोले दुवै फैसला उल्टी गरी प्रतिवादीहरूलाई अभियोग दाबीअनुसार ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय गरिपाउँ भनी गर्नुभएको बहस सुनियो ।

प्रतिवादीहरूका तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ता डा. श्री रजितभक्त प्रधानाङ्ग र विद्वान् अधिवक्ता श्री निर्मला शाक्यले अभियोगदाबीको कसुर गरेमा प्रतिवादीहरू मौकामा र अदालतमा समेत इन्कार छन् । वारदातमा प्रत्यक्षदर्शी भनिएका अशोककुमार यादव, राकेश महतो एवं दुर्गा आङदम्बे लिम्बु तथा जाहेरवाला लेखबहादुर रेग्मी मगरले उल्लिखित वारदातमा यी प्रतिवादीहरू संलग्न नरहेको भनी अदालतमा बकपत्र गरेको अवस्था छ । मौकामा कागज गर्नेले सो कागजलाई अदालतमा बकपत्र गरी समर्थन नगरेसम्म उक्त लिखतलाई प्रमाणमा लिन मिल्दैन । अतः अशोक कुमारसमेतको मौकाको कागज

प्रतिवादीहरू विरूद्ध प्रमाण लाग्न सक्तैन। प्रतिवादीहरू उपर दायर भएको अभियोगपत्रमा प्रतिवादीहरूले यो यस्तो किसिमले मृतकलाई कुटपिट गरेको भन्ने कुरा स्पष्ट उल्लेख छैन। वादी नै प्रतिवादीहरूको कार्यमा आश्वस्त छैन। बिलकुल गोलमटोल भाषामा अभियोगपत्र दायर भएको छ। परिस्थितिजन्य प्रमाणलाई बहुतै सतर्कतापूर्वक प्रतिवादी विरूद्ध प्रयोग गर्नु पर्ने हुन्छ। प्रमाणका प्रत्येक कडी मालाकाररूपमा आबद्ध हुनुपर्छ र त्यसले प्रतिवादीको कसुरबाहेक अरू तिर संकेत गरेको हुनहुँदैन। त्यस किसिमको परिस्थितिजन्य प्रमाण प्रस्तुत मुद्दामा छैन। अतः शंकायुक्त प्रमाणलाई परिस्थितिजन्य प्रमाण बनाई पुनरावेदकहरूलाई कसुरदार ठहराएको पुनरावेदन अदालत, पाटनसमेतको फैसला उल्टी गरी प्रतिवादीहरूलाई सफाई दिई इन्साफ पाउँ भनी गर्नुभएको बहस सुनियो।

प्रतिवादीहरूले मृतक श्यामबहादुर मगरलाई कर्तव्य गरी मारेकाले मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ र १३(३) नं. को कसुरमा सोही महलको १३(३) नं. बमोजिम सजाय गरिपाउँ भनी प्रतिवादीहरू विरूद्ध अभियोगदाबी दायर रहेकोमा प्रतिवादीहरूको ग्रुप र मृतकको ग्रुपबिच झगडा भएपनि मृतकका साथमा रहेका अशोककुमार यादव र राकेश महतोले अदालतमा गरेको बकपत्रसमेतको प्रमाणबाट यी दुवै प्रतिवादीहरूले मृतकउपर चोट नछाडेको तर घटनास्थलमा यी प्रतिवादीहरू उपस्थित भएको देखिँदा प्रतिवादीहरूलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १७(२) नं. बमोजिम ५ वर्ष कैद हुने ठहरी काठमाडौं जिल्ला अदालतबाट फैसला भएको पाइन्छ।

वारदातमा कुनै पनि किसिमले संलग्न नरहेको हामीलाई काठमाडौं जिल्ला अदालतले ज्यानसम्बन्धी महलको १७(२) नं. बमोजिम कसुरदार ठहराएको नमिलेकोले सफाई पाउँ भनी पुनरावेदक प्रतिवादीहरूले तथा यी प्रतिवादीहरू मृतकलाई कुटपिट हुँदा वारदातस्थलमा रहेकोमा मौकामा साबित रहेका र चस्मदीद साक्षीहरू अशोककुमार यादव र राकेश महतोले गरेको मौकाको कागजबाट प्रतिवादीहरूले मृतकलाई कुटपिटसमेत गरेको प्रमाणित भएकोले अभियोग दाबीमा परिवर्तन गरी प्रतिवादीहरूलाई ऐ. ज्यानसम्बन्धी महलको १७(२) नं. बमोजिम ५ वर्ष कैद गरेको काठमाडौं जिल्ला अदालतको फैसला नमिलेकोले उल्टी गरी अभियोग दाबीबमोजिम ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम प्रतिवादीहरूलाई सजाय गरिपाउँ भनी वादी नेपाल सरकारले पुनरावेदन अदालत, पाटनमा पुनरावेदन गरेको पाइन्छ। पुनरावेदन अदालत, पाटनले फैसला गर्दा वारदातस्थलमा उपस्थित रहेको भन्ने प्रतिवादीहरूको मौकाको साबिति र अशोककुमार यादव तथा राकेश महतोको मौकाको कागजमा यी प्रतिवादीहरूले पनि मृतकउपर कुटपिट गरेको भनी उल्लेख भएको कुरालाई आधार बनाई प्रतिवादीहरू वारदातमा संलग्न रहेको निष्कर्षमा पुगी वारदातलाई आवेशप्रेरित वारदात ठहराई यी प्रतिवादीहरूलाई ज्यानसम्बन्धी महलको १४ नं. बमोजिम १० वर्ष कैद गरेको पाइन्छ। त्यसमा चित्त नबुझाई सफाई पाउँ भनी यी प्रतिवादीहरूले तथा अभियोगदाबीको ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम प्रतिवादीहरूलाई सजाय गरिपाउँ भनी वादी नेपाल सरकारले पुनरावेदन गरेको देखिन्छ। उक्त पुनरावेदन जिकिर माथि तथ्य खण्डमा उल्लेख भएकैले त्यसलाई यो ठहर खण्डमा पुनरावृत्ति गर्नु परेन। आवश्कताअनुसार तलका प्रकरणहरूमा यी जिकिरहरूलाई उल्लेख गर्दै खण्डन वा समर्थन गरिने छ।

यस अदालतबाट दुवै पक्षको पुनरावेदन एकअर्कालाई सुनाउने र जानकारी दिने भनी विपक्षी झिकाउने आदेश भई पेस हुन आएको प्रस्तुत मुद्दामा वादी र प्रतिवादीहरूको पुनरावेदन जिकिर पुग्न सक्ने हो होइन र पुनरावेदन अदालतको फैसला मिलेको छ छैन भन्ने प्रश्नमा निर्णय दिनुपर्ने भयो।

२. निर्णयतर्फ विचार गर्दा मृतकको शरीरमा लागेको left side of the face is swollen; laceration measuring 1x0.5cm over the

left occipital region; a 4x2cm bone deep laceration over the left forehead, 2cm left to the anterior midline and 9.5cm from top of the head with surrounding contusion; abrasion measuring 2x1cm over the left cheekbone; a contusion measuring 6x3cm over left lateral neck extending up to area behind the left pinna and multiple abrasion ranging from few millimeters to 2 x1 cm over left neck, just below angle of mandible घाउ चोट र Blunt force trauma to the head भनी उल्लेख भएको मृत्युको कारण तथा स्वयं प्रतिवादीहरूको बयान एवं मिसिल प्रमाणबाट मृतकको मृत्यु कर्तव्यबाट भएको भन्ने देखिन्छ ।

३. प्रतिवादीहरू विरूद्धको अभियोगपत्रमा मिति २०६७।७।१७ गते अं. २० बजे मृतक श्यामबहादुर रेग्मी मगरको हत्याको वारदात घटाउने मुख्य भूमिका फरार प्रतिवादीमध्येका बरूण लामा र आशिष गुरूङको रहेको र प्रतिवादीहरू राना भन्ने देव लामा तथा संजिभ गुरूङसमेत वारदातमा संलग्न रहेको देखिन आयो । मृतकको मृत्यु टाउकोमा प्रहार भएको चोटबाट भएको देखिएको सो प्रहार कस्ले गरेको थियो अनुसन्धानबाट यकिन हुन नसके पनि सबै प्रतिवादीको संलग्नतामा उक्त वारदात घटित भएको भनी पक्राउ परेका प्रतिवादीहरू संजिभ गुरूङ र राना भन्ने देव लामा विरूद्ध मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. को दाबी लिई आशिष गुरूङ र वरूण लामाको हकमा "हालसम्मको अनुसन्धानको क्रममा वारदातमा संलग्न भनी नाम खुल्न आएका फरार व्यक्तिहरू बरूण लामा, आशिष गुरूङ र कमल श्रेष्ठको बाजे, बाबुको यकिन नाम, थर निजहरूको यकिन ठेगानासमेत खुली नआएको हुँदा पछि निजहरूको बाजे बाबुको यकिन नाम, थर निजहरूको यकिन ठेगाना खुली वा पक्राउमा परी आएका बखत कानूनबमोजिम हुने व्यहोरा सादर अनुरोध गरिएको छ" भन्ने व्यहोरा रहेको देखिन्छ ।

४. प्रतिवादीहरू संजिभ गुरूङ र राना भन्ने देव लामाले मौकामा बयान गर्दा आफूहरूलाई कुनै थाहा जानकारी नै नदिई प्रतिवादीहरू आशिष गुरूङ र बरूण लामाले एक्कासी कुटपिट गरी मृतकलाई मारेका हुन । निज बरूण लामा र आशिष गुरूङले मृतकसमेतलाई कुटपिट गर्नुपर्छ भन्दा आफू यही टोलमा बस्ने हुँदा झगडा नगरौं भनी सम्झाएको र सम्झाउँदा सम्झाउँदै वारदात भएको हो भन्ने जिकिर लिएको देखिन्छ भने अदालतमा बयान गर्दा आशिष गुरूङ र बरूण लामाले मृतकसमेतलाई कुटपिट गर्नुपर्छ भनी आफूसँग सोधेको भनी आफूहरूले मौकाको कागजमा भनेको होइन सोबाहेक मौकाको कागजमा उल्लेख भएका अरू सबै व्यहोरा आफूहरूले भनेबमोजिम लेखेको ठिक हो भन्ने व्यहोरा उल्लेख गरेको देखिन्छ । प्रतिवादीहरूको अदालतको बयानमा समेत आफूहरू वारदातको सुरूदेखि मृतकलाई कुटपिट भई निज जमीनमा ढलुञ्जेल वारदातस्थलमा रहेको भनी उल्लेख भएबमोजिम प्रतिवादीहरू वारदातस्थलमा उपस्थित रहेको र निजहरूकै सामुन्ने वारदात भएको कुरा प्रमाणित छ ।

५. जहाँसम्म बरूण लामा र आशिष गुरूङले मृतकहरूलाई कुटपिट गर्नु पर्छ भनी प्रतिवादीहरूलाई भनेको हो भनी मौकाको बयानमा आफूहरूले भनेको होइन भन्ने प्रतिवादीहरूको इन्कारीको प्रश्न छ प्रतिवादीको मौकाको बयानको प्रमाणिकताको सम्बन्धमा प्रमाण ऐन, २०३१ को दफा ९ को उपदफा (२) को खण्ड (क)(१) मा सो कुरा व्यक्त गर्दा अभियुक्त सचेत अवस्थामा र आफूले भनेको र गरेको कुरा बुझ्न सक्ने अवस्थामा थियो, (२) निजलाई बाध्य गरी वा निज वा अरू कसैलाई यातना दिई वा यातना दिने धम्की दिई वा निजलाई आफ्नो इच्छा विरूद्ध सो कुरा व्यक्त गर्ने स्थितिमा पारी सो कुरा व्यक्त गरेको होइन, (३) सो अभियोग बारे कुनै सार्वजनिक अधिकारीले गर्ने कारवाहीको सम्बन्धमा यस्तो धम्की वा विश्वास पर्ने आश्वासन दिएको थिएन जसबाट निजले सो कुरा असत्य रूपमा व्यक्त गर्ने सम्भावना थियो र जुन

धम्की वा आश्वासन कार्यान्वित गर्न सक्ने अधिकार र शक्ति सो अधिकारीलाई थियो भन्ने कुरा निजले युक्तिसंगतरूपमा विश्वास गरेको थियो भन्ने व्यवस्था रहेको देखिन्छ। यस अनुसार यी प्रतिवादीहरू मौकामा बयान गर्दा सक्षम र स्वतन्त्र नरहेको अवस्था मात्र प्रतिवादीको मौकाको साबितिलाई प्रमाणमा लिन मिल्ने हुँदैन । ती अवस्थाहरूलाई प्रमाणित गर्ने भार प्रतिवादीमा रहन्छ । उक्त भारलाई प्रतिवादीले पूरा गर्न नसकेमा प्रतिवादीको साबिति उक्त ऐनको दफा ९ उपदफा (१) बमोजिम प्रतिवादीहरूका विरूद्ध प्रमाण लाग्ने हुन्छ।

६. प्रमाण ऐन, २०३१ को दफा ९ को उपदफा (२) बमोजिम अनुसन्धान अधिकारी वा अरू कसैले यो यस किसिमले बाध्य गरेको वा यातना दिएको वा धम्की दिएको र सो को परिणामस्वरूप आफूहरूको स्वेच्छा विरूद्ध मौकाको बयान भएको हो भन्ने तर्फ प्रतिवादीहरूले अदालतको बयानमा तथ्ययुक्त जिकिर लिन र प्रमाण गुजार्न सकेको देखिँदैन । आफुहरू वारदातमा सरीक नभएको र झगडा गर्न हुँदैन भनी बरूण र आशिषलाई सम्झाएको भन्ने अभियोजनलाई बेफाइदा र प्रतिवादीहरूलाई फाइदा हुने प्रतिवादीहरूको मौकाको कथन र त्यसमाथि वारदात घटाउने मुख्य भूमिका फरार बरूण र आशिषको रहेको भन्ने व्यहोरा उल्लेख गरी गोलमटोल अभियोगपत्र दायर भएको भन्ने प्रतिवादीहरूको जिकिरबाट प्रमाण ऐन, २०३१ को दफा ९ को उपदफा (२) को अवस्थाको विद्यमानताको पुष्टि हुँदैन। उल्टो अभियोजन पक्षले प्रतिवादीहरूलाई बचाउने वा कम सजाय हुने हिसाबले मौकामा कृत्रिम बयान तयार पारेको हो कि भन्ने आशंका गर्ने प्रशस्त ठाउँ रहेको आभास हुन्छ। अतः प्रतिवादीहरूले गरेको निजहरूको मौकाको बयान निजहरूको राजीखुशीको बयान देखिँदा बरूण र आशिषले मृतकसमेतलाई कुटपिट गर्नुपर्छ भनी प्रतिवादीहरूसँग सल्लाह गरेको र निजहरूले मृतकलाई कुटपिट गर्ने कुराको यी प्रतिवादीहरूलाई पूर्व जानकारी रहेको देखिन्छ।

७. यस अवस्थामा यी प्रतिवादीहरूले मृतकलाई बचाउने काम नगरेको सम्म हो वा मृतकलाई कुटपिट गरी ज्यानसम्बन्धीको महलको १३(३) नं. कै कसुर गरेको हो भन्ने प्रश्नको निरोपण थप सबुद प्रमाणको मूल्याङ्कनबाट हुनु आवश्यक छ । तत्सम्बन्धमा हेर्दा मौकामा कागज गर्नेहरू अशोककुमार यादव र राकेश महतो वारदात हुनुपूर्वदेखि र मृतकउपर कुटपिट भई निज ढलेपछि मृतकलाई अस्पताल लगी उपचार गराउने मृतकका साथी र वारदातका प्रत्यक्षीदर्शी देखिन्छन्। अशोककुमार यादवको मौकाको कागजमा निज आशिष गुरूङसमेतका केटाहरू होहल्ला नाचगान गर्दै गीत गाउन थाले। हामीले आफ्नै तालले यताउति हेर्दा निजहरूले हामीहरूलाई आमाचकारी गाली गरे। हामी चुप लागेर बस्यौं। बाहिर गएपछि ठीक पार्नुपर्छ भन्दै कुरा गर्न थाले । त्यसपछि निजहरू बिल तिरेर होटल बाहिर निस्केर गएका थिए। हामी निजहरू गएको अं २०।२५ मिनेट पछि उठ्यौं । मृतक श्यामबहादुर रेग्मी मगर गर्मी भयो भन्दै होटलको ढोका बाहिर उभिएर बसे। म र राकेश महतोले बिल तिर्‍यौं। बेलुका लगभग ८ बजेको थियो होला। हामी बिल तिरेर बाहिर निस्की जान लाग्दा एक्कासी संजिभ गुरूङ, राना भन्ने देव लामा, बरूण लामा, आशिष गुरूङ, कमल भन्नेसमेत ५।६ जना मानिसहरूले हातमा ढुङ्गा लिई आई श्यामबहादुर रेग्मी मगरलाई जताजतै प्रहार गर्न थाले । मृतक सोही स्थानमा जमीनमा ढले । निजहरूले लात मुक्काले प्रहार समेत गरे। म र साथी राकेशलाई पनि लात्ता मुक्काले प्रहार गरे। हामीहरूले हारगुहार माग्यौं ।... भन्ने व्यहोरा रहेको देखिन्छ । अर्का प्रतिवादी राकेश महतोको मौकाको कागजमा पनि निजहरू अलि ठूलो स्वरले हल्ला गर्दै गीत गाउने नाच्ने गर्न थाले। हामीले हेर्दा निजहरू मध्येको संजिभ गुरूङसमेतले के हेरेको भनी निजहरूले गाली गरे । निजहरूले यिनीहरूलाई ठीक पार्नुपर्छ भन्दै कुराकानी गरेपछि निजहरू बिल तिरेर होटलबाट बाहिर निस्केर गएका थिए। हामी चुप लागेर बस्यौं। निजहरू गएको अं २०।२५ मिनेट पछि हामीहरू पनि उठ्यौं। मृतकलाई गर्मी भएकोले काउन्टर नजिकै ढोका बाहिर उभिएर

बसे। म र अशोक बिल तिर्न थाल्यौं। बिल तिरेर हामी तिनै जना घरतर्फ जाँदै गर्दा एक्कासि बरूण लामा, आशिष गुरूङ, संजिभ गुरूङ, राना भन्ने देव लामा र अन्य २ जना मानिसहरू समेत हातमा ढुङ्गा लिई आई श्यामबहादुर रेग्मीलाई जतातती प्रहार गरे। मृतक सोही स्थानमा रगताम्य भई लडेका थिए। ढलेका मृतकमाथि पनि संजिभ, देवसमेतले लात्ता मुक्कासमेत प्रहार गरे। अन्य निजका मतियारहरूले हामीहरूलाई समेत लात मुक्का प्रहार गरे। हामीहरूले हारगुहार माग्यौं भन्ने व्यहोरा रहेको देखिन्छ। उक्त कागजहरूबाट मृतकलाई बरूण लामा र आशिष गुरूङले मात्र नभई प्रतिवादीहरू संजिभ गुरूङ र बरूण लामाले समेत कुटपिट गरेका र मृतक ढलेपछि पनि संजिभ गुरूङ तथा देव लामाले मृतकलाई लात्ता मुक्काले प्रहार गरेका र बरूण तथा आशिष गुरूङले राकेश महतो तथा अशोककुमार यादवसमेतलाई कुटपिट गरेको भनी स्पष्ट लेखाई दिएको देखिन्छ।

८. पुनरावेदक प्रतिवादीहरूले जाहेरवाला, राकेश महतो र अशोककुमार यादवले अदालतमा बकपत्र गर्दा मृतकउपर कुटपिट हुनु अगावै प्रतिवादीहरू देव लामा तथा संजिभ गुरूङ वारदातस्थलबाट हिडिसकेकोले निजहरूको वारदातमा संलग्नता छैन। प्रहरीले लेखी ल्याएको कागजमा सुनाउँदै नसुनाई सही गराएको हो भनी उल्लेख गरेकाले निजहरूको मौकाको कागजलाई हामीहरू विरूद्ध प्रमाणमा लिएको प्रमाण ऐन, २०३१ को दफा १८ विपरीत भयो भनी जोडदार तर्क दिनु भएको देखिन्छ। तर प्रमाण ऐन, २०३१ को दफा १८ लाई प्रमाण ऐन २०३१ को समग्र संरचना एवं अन्य सम्बन्धित कानून जस्तो कि मुलुकी ऐन, अ.बं. १६९ नं., सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा २८(२)(क) र झुट्ठा बकपत्र गर्ने साक्षीहरूको सम्बन्धमा सर्वोच्च अदालतबाट भएका फैसलाहरूमा प्रतिपादित सिद्धान्त एवं नेपालको अन्तरिम संविधान २०६३ को धारा १०० (१) मा नेपालको न्यायसम्बन्धी अधिकार यो संविधान र अन्य कानून तथा न्यायका मान्य सिद्धान्तअनुसार अदालत तथा न्यायिक निकायहरूबाट प्रयोग गरिनेछ भन्ने सन्दर्भसमेतको रोहमा हेर्नु र प्रयोग गर्नु न्यायोचित हुन्छ। साक्षीले मौकामा व्यक्त गरेको कुरा निजले अदालतमा आएर समर्थन गर्नुपर्छ भन्ने प्रमाण ऐन, २०३१ को दफा १८ को मनसाय निज साक्षीले अदालतमा आएर झुट्ठा कुराको बकपत्र गरेको खण्डमा त्यस्तो झुट्ठा बकपत्रलाई मान्यता दिनुपर्छ र मौकाको सत्य तथ्य व्यहोरालाई बेवास्ता गर्नुपर्छ भन्ने होइन। साक्षीले अदालतमा झुट्ठा बकपत्र गर्दैमा निजहरूको मौकाको कागज स्वतः अमान्य भएमा झुट्ठा बकपत्र hostile witness का सम्बन्धमा विश्वभरि र नेपालमा समेत अनेकन व्याख्या र नजिर बन्नु पर्ने थिएन। प्रमाण ऐन, २०३१ को दफा १० अनुसार घटनास्थलमा आफूहरूले समेत कुटाई खाएका राकेश महतो र अशोककुमार यादवको मौकाको कागज आफैँमा प्रमाणयोग्य रहेको कुरा उक्त दफा १० तथा तत्सम्बन्धमा यस अदालतबाट विभिन्न मुद्दामा प्रतिपादित नजिरहरू समेतबाट स्पष्ट हुन्छ।

९. उल्लिखित कानून र सिद्धान्तको रोहमा यस अदालतले साक्षीहरू राकेश महतो र अशोककुमार यादवको मौकाको कागज र अदालतको बकपत्रमा भिन्नता रहेको स्थितिमा कुन लिखतले किन मान्यता पाउने हो भनी बोल्नु पर्ने हुन्छ।

१०. तत्सम्बन्धमा विचार गर्दा बरूण लामा र आशिष गुरूङ दुई जना मात्रले मृतक र मृतकका दुई साथीलाई नियन्त्रणमा लिई कुटपिट गरेर मृतकको ज्यान नै जाने परिणाम आउने सम्भावना कम रहन्छ। निजहरूबाट छुरी बन्दुक आदि घातक साधनको प्रयोग भएको भए बेग्लै कुरा हुन्थ्यो। तर प्रस्तुत वारदातमा लातमुक्का र ढुंगा आदिको प्रयोग भएको भनिएको छ। यस स्थितिमा मृतक र मृतकका साथीहरूलाई यी प्रतिवादीहरू समेतले कुटपिट गरेको भन्ने व्यहोराको साक्षीहरू राकेश र अशोककुमार यादवको मौकाको कागज तथ्ययुक्त देखिन्छ। अशोककुमार र राकेश महतोले अदालतमा बकपत्र गर्दा पनि यी प्रतिवादीहरू समेतको संलग्नतामा सेकुवा कर्नरमा होहल्ला भएको, मृतक र प्रतिवादीको समूहबिच आँखा तरातर भएपछि

मृतकसमेतलाई प्रतिवादीको समूहले ठूलो स्वरले गाली गरेका, मृतकले आफ्नो जग्गा में कुत्ता भी शेर होता हे भनेको र आपसमा भनाभन र झगडा भएको भन्ने व्यहोरा लेखाएकै पाइन्छ । जहाँसम्म संजिभ गुरूङले आफ्नो एरियामा झगडा गर्नुहुँदैन भनेपछि वातावरण शान्त भएको र त्यसपछि देव लामा र संजिभ गुरूङ उठेर हिंडेको र २०/२५ मिनेट पछि मृतकको समूह बाहिर निस्कँदा एक्कासि मृतक श्यामलाई आशिष गुरूङले ढुंगाले तथा लात्तामुक्काले हिर्काएको र वारदातस्थलमा संजिभ गुरूङ र राना भन्ने देव लामा थिएनन भनी गरेको बकपत्रको सवाल छ बरूण र आशिषसमेतका साथमा मादक पदार्थ बियर खाई होहल्ला गर्दै नाचगान गर्ने यी पुनरावेदक प्रतिवादीहरू समेतको जरियाबाट विवाद भएको अवस्थामा वारदातबाट प्रतिवादीहरू निःस्पृह भई अलगथलग रहे होलान भन्ने निष्कर्षको लागि यो अदालतले भरपर्दो प्रमाण खोज्छ ।

११. प्रतिवादीहरू राना भन्ने देव लामा र संजिभ गुरूङले मौकामा कागज गर्दा बरूण लामा र आशिष गुरूङले कुटपिट गरेपछि मृतक ढलेका, निजहरूले मृतकका साथीहरूलाई पनि कुटपिट गरेका र हारगुहार सुनेर मान्छेहरू आएका त्यसपछि मात्र आफूहरू वारदातस्थलबाट भागेको भनी उल्लेख गरेको र सो व्यहोरालाई अदालतको बयानमा समेत स्वीकार गरेको देखिन्छ । यस अवस्थामा वारदात हुनुभन्दा २०/२५ मिनेट पहिलेनै प्रतिवादी राना भन्ने देव लामा र संजिभ गुरूङ हिँडिसकेका भन्ने राकेश महतो र अशोककुमार यादवको बकपत्र स्पष्ट झुट्ठा देखिन्छ । प्रतिवादी विरूद्धका मौकाका प्रमाणहरू स्वाभाविक प्रवाहमा छन् भने मौकाको कागज विरूद्धको बकपत्रमा पर्याप्त पश्चात विमर्श afterthought को प्रभाव छ । यस्तो प्रभाव पर्ने र सो कारणबाट विपरीत hostile बकपत्र हुने कुरालाई कानून र अदालतले भोगे र व्यहोरेकै हुन् । प्रस्तुत मुद्दामा पनि त्यस्तै भएको छ । ती बकपत्रहरूमा यी साक्षीहरूले प्रहरीमा भएको कागजमा सहि सम्म गरेको हो व्यहोरा भने प्रहरीले तयार गरेका थिए नसुनी सहि गर्न भनेकोले सहि गरेको भनी रहेको कथन ज्यादै कृत्रिम देखिन्छ । यो बकपत्र स्पष्टरूपमा प्रतिवादीहरूलाई बचाउने हिसाबले सौदाबाजी भनौं वा प्रतिवादीहरूको डर त्रास भनौं वा जुनसुकै कारण भनौं प्रायोजित बकपत्र देखिन्छ । यस्ता बकपत्रहरू मुलुकी ऐन, अ.बं. १६९ नं. र सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा २८(२)(क) द्वारा नियन्त्रित हुन्छन् । प्रमाण ऐन, २०३१ को परिच्छेद ८ मा जिरहसमेतको व्यवस्था गर्नुपर्ने कारण पनि यस्तै बकपत्रका लागि भएको हो । यस मुद्दामा अरू कुराको विचार नगरी साक्षीका बकपत्रलाई मात्र निर्णायक बनाउँदा न्याय सम्पादन गर्ने जिम्मा न्यायाधीशको नभई साक्षीहरूको जिम्मामा रहने दुष्परिणाम उत्पन्न हुन पुग्छ । यसै सन्दर्भमा मुलुकी ऐन, अ.बं. १८९ नं. फैसलाको नमूनामा यस्तो व्यहोराले यस्तो भएकोमा यस्तो यस्तो फलानो फलानो प्रमाण भएको हुनाले यो यो रित प्रमाण र यो यो कानूनले यो ठहर्छ भनी उल्लेख भएको महत्त्वपूर्ण छ । यिनै सब कारणहरूबाट साक्षीहरू अशोककुमार यादव, राकेश महतो एवं जाहेरवाला लेखबहादुर रेग्मी मगरले झुट्ठा बकपत्र गरेको ठहर गरी निजहरूलाई मुलुकी ऐन, अ.बं. १६९ नं. अनुसार जनही रू. १०००।- तजबीजी जरिवाना गरेको पुनरावेदन अदालत, पाटनको फैसला सो हदसम्म मिलेको देखिन्छ ।

१२. प्रतिवादीहरू राना भन्ने देव लामा र संजिभ गुरूङ होटलबाट बाहिर निस्केर पनि आफ्नो निवासका लागि प्रस्थान गरेको पाइँदैन । यी प्रतिवादीहरू फरार रहेका बरूण लामा र आशिष गुरूङसँग वारदातस्थलमा मृतकसमेत कहिले आउँछन भनी लामो कालसम्म कुरेर बसेको कुरामा न्याकर्ताले ध्यान दिनु आवश्यक छ । यो तथ्यले पुनरावेदक प्रतिवादीहरू मृतकसमेतलाई कुटपिट गर्न नै त्यहाँ कुरेर बसेको भन्ने निष्कर्षबाहेक अरू निष्कर्ष आउने अवस्था छैन । यही तथ्यले साक्षीहरू राकेश महतो र अशोककुमार यादवको बकपत्रलाई झुट्ठा ठहराएको अवस्था छ । यी प्रतिवादीहरूले साँच्चि नै झगडा नगर्ने र मृतकलाई कुटपिट नगर्ने मनसाय लिएको भए

निजहरूले बरूण र आशिष गुरूङलाई समेत सम्झाई बुझाई वारदातस्थलबाट अन्यत्र लानका लागि प्रयास गर्नु पर्थ्यो । यी प्रतिवादीहरूबाट आफ्नै गठमेलका साथीहरूलाई घर जाउँ भन्ने अनुरोध गर्ने काम सम्म पनि भएको पाइँदैन । प्रतिवादीहरूले सो प्रयास गर्दा पनि बरूण लामा र आशिष गुरूङले नमानेको भए निजहरूलाई छोडी घर जान यी प्रतिवादीलाई कुनै कुराले रोकेको थिएन । बरूण लामा र आशिष गुरूङले मृतकहरूलाई कुट्ने कुराको जानकारी पाएर पनि केही नगर्ने र निजहरूले मृतकलाई कुटपिट गरेर जमिनमा ढालेपछि मात्र भागेको भन्ने प्रतिवादीहरूको काम र आचरण आफैँमा दोषपूर्ण छ । तर कुरा त्यतिमा मात्र सीमित नभई यी प्रतिवादीहरू पनि समूहगत कुटपिटमा संलग्न रहेको देखिन्छ ।

१३. यसै प्रसङ्गमा प्रतिवादीहरूबाट ने.का.प. २०६५ अंक ४ नि.नं. ७९५३ समेतका केही नजिरहरू उल्लेख भएका देखिन्छ । सबुद प्रमाणको मूल्याङ्कनका आधारमा निर्णय गर्नुपर्ने विषयका सम्बन्धमा बनेका नजिरहरूले सम्बन्धित मिसिलको प्रमाणको रोहमा प्रतिपादन गर्ने सिद्धान्तहरूले सिर्फ एक मार्गदर्शकको कामबाहेक थप कुनै बाध्यात्मक स्वरूप लिन सक्दैनन् । शंकाको सुविधा अभियुक्तले पाउँछ, निर्विवाद प्रमाणबाट कसुर प्रमाणित हुनुपर्छ, कसुर प्रमाणित गर्ने भार वादीमा रहन्छ, प्रमाण भनेको प्रत्यक्ष हुनुपर्छ, परिस्थितिजन्य प्रमाणका एकएक कडी मालाकार हुनुपर्छ, मौकाको बयान स्वतन्त्र प्रमाणहरूबाट समर्थित हुनुपर्छ, मौकाको कागज र अदालतको बकपत्रमा विरोधाभास हुनुहुँदैन जस्ता कुराहरू उल्लेख भई सिद्धान्त प्रतिपादन भएका फैसलाहरूको मुख्य आधार नै निर्णयकर्तालाई मागदर्शन सम्म गर्ने हो । कुनैपनि नजिरले फलानाको यो व्यहोराको कागज वा बकपत्र मान्य वा अमान्य हुने भनेर पछि पर्ने मुद्दामा असर पर्ने गरी मुद्दाको तथ्यगत कुराको छिनोफानो गर्ने गरी सिद्धान्त प्रतिपादन गरेका हुँदैनन । प्रत्येक प्रमाण मूल्याङ्कनसम्बन्धी नजिरको जग भनेको मिसिल संलग्न प्रमाण हो जसको मूल्याङ्कनमा प्रशस्त फैलाव (wide margin) रहन्छ । मुद्दामा प्रमाण मूल्याङ्कन गर्ने न्यायकर्ताको विवेकलाई उल्लिखित वा कुनै पनि नजिरहरूले प्रतिस्थापन गरेका छैनन ।

१४. अतः आफूहरू मृतकसमेतलाई कुटपिट गर्ने कार्यमा संलग्न नरहेको भन्ने पुनरावेदक प्रतिवादीहरूको पुनरावेदन जिकिरसँग सहमत हुन सकिएन ।

१५. प्रस्तुत वारदातलाई ज्यानसम्बन्धी महलको १४ नं. को वारदात ठहराएको मिलेन भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर देखिन्छ । उक्त १४ नं. आकर्षित हुनको लागि मृतक र मृतकका साथीहरूबाट प्रतिवादीहरूले रीस थाम्नै नसक्ने गरी कुनै कामकुरा वा वचनको प्रयोग भएको र त्यो काम वा वचनले साँच्चि नै प्रतिवादीहरूले नियन्त्रण गुमाउन सक्ने प्रभाव उत्पन्न गरेको प्रमाणित हुनुपर्छ । मृतकहरू मात्र होइन जस्ले पनि चर्को स्वरमा नाचगान गर्नेलाई हेर्छन नै । प्रतिवादीहरूले आँखा जुधाउने र मृतकहरूले आँखा निहुराउने भन्ने कुरा हुँदैन । मृतकहरूलाई आमाचकारी गाली गर्ने काम प्रतिवादीहरूबाटै भएको देखिन्छ । त्यसको जवाफमा मृतकले "आफ्ना जग्गामे कुत्ता भी शेर होता हे" भनी दिएको जवाफ निश्चय पनि उत्तेजनापूर्ण छ । तर झगडाको सुरूआत मृतक वा निजका साथीहरूबाट भएको देखिँदैन । मृतकले उल्लिखित शब्दहरू उच्चारण गर्नासाथ मृतकउपर प्रहार भएको नभई सो भनाभन पछि पनि लगभग आधा घण्टाको समय cooling period बितेको छ । त्यसपछि प्रतिवादीहरूका बिचमा मृतकसमेतलाई कुटपिट गर्ने सरसल्लाह भएको, त्यसलाई कार्यान्वयन गर्न प्रतिवादीहरू होटलबाट बाहिर पुगेर मृतक र उसका साथीहरूलाई कुरेर बसेको, मृतकसमेत होटल बाहिर पुग्नासाथ प्रतिवादीहरूले मृतकउपर सामूहिकरूपमा अनेकन पटक चोट छाडी कुटपिट गरेको र सो को परिणामस्वरूप भएको मृत्युको वारदातलाई ज्यानसम्बन्धीको १४ नं. ले समेटेको देखिँदैन । प्रतिवादीहरूले समेत आफूहरू १४ नं. को

अवस्थामा नरहेको भनी निजहरूको पुनरावेदनपत्रमा विस्तृत जिकिर लिएको स्मरणीय छ।

१६. नेपालको ज्यानसम्बन्धी कानूनले अरू मुलुक जस्तो मनसायपूर्ण ज्यान कसुर murder र सोबाहेकको ज्यान कसुर culpable homicide/ manslaughter बिच कुनै वर्गीकरण गरेको पाइँदैन। मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३ नं. मा यसै महलका अरू नम्बरबमोजिम ज्यानमाराको बात नलाग्ने अवस्थामा बाहेक कसैले अरूको ज्यान मर्ने गैह्र कुरा गर्दा उसै बखत वा ऐनका म्यादभित्र ज्यान मरेमा सो ज्यान मार्नेलाई भनी उल्लेख भएको खास गरेर ज्यान मर्ने गैह्र कुरा गर्दा भन्ने वाक्यांशले ज्यान लिने मनसाय वा गम्भीर grievous कुटपिट गर्ने मनसायको क्रममा भएको मृत्यु murder र सोबाहेकका अरू मनसायरहित गैरकानूनी कुटपिट आदिबाट भएको मृत्यु culpable homicide/manslaughter दुवैलाई समेटेको देखिन्छ। पुनरावेदक प्रतिवादी मनिता राई भएको ०७०-CR-०३४६ को कर्तव्य ज्यान मुद्दामा मिति २०७१।५।११ मा भएको फैसलामा "नियतपूर्वक भएको हत्या वा सांघातिक कुटपिटलाई murder र ज्यान लिने वा सांघातिक कुटपिट गर्ने नियत भएपनि प्रतिवादीले आफ्नो नियन्त्रण गुमाएको loss of self-control कारणले वा diminished responsibility को अवस्था परेर वा suicide pact जस्ता mitigating factors रहेका कारणले voluntary manslaughter मा परिणत हुने वा ज्यान वा सांघातिक कुटपिट गर्ने नियत नरहेको involuntary manslaughter ज्यान वारदात हुने भन्ने बेलायत आदि देशमा रहेको कानूनी व्यवस्था वा संयुक्त राज्य अमेरिकाको कोडमा प्रथम first, द्वितीय second degree murder वा Section 1112 (a) Manslaughter is the unlawful killing of a human being without malice. It is of two kinds: Voluntary - Upon a sudden quarrel or heat of passion. Involuntary - In the commission of an unlawful act not amounting to a felony, or in the commission in an unlawful manner, or without due caution and circumspection, of a lawful act which might produce death. (b) Within the special maritime and territorial jurisdiction of the United States, whoever is guilty of voluntary manslaughter, shall be fined under this title or imprisoned not more than 15 years, or both; Whoever is guilty of involuntary manslaughter, shall be fined under this title or imprisoned not more than 8 years, or both समेतको वा भारतमा जस्तो murder वा culpable homicide जस्तो वर्गीकरण रहेकोमा मुलुकी ऐन, १४ नं. मा आवेशप्रेरित हत्या, ऐ. को ५ र ६ नं. को accidental killing, ऐ. को १६ र १७ नं. को सजाय कम हुने अवस्थाका षडयन्त्र र मतियारसम्बन्धी व्यवस्थाबाहेकका अरू कुरामा यहाँको न्याय व्यवस्थाले ती मुलुकहरूको फौजदारी विधिशास्त्र जस्तो वर्गीकरण गर्न सकेको देखिँदैन। उक्त ५, ६, १४, १६ र १७ नं. बाहेकका अरू अवस्थामा ज्यानसम्बन्धीको १३ नं. (ले) ... मानिस मार्ने कार्य गर्न नहुने भनी निषेधात्मक दृष्टिकोण राखेको (देखिँदा) ... प्रतिपादित सिद्धान्तको परिधिभित्र रही सजाय गर्नुपर्ने र सजाय चर्को परेमा अ.बं. १८८ नं. को प्रयोग गरी न्याय सम्पादन गर्नुपर्ने हुन्छ।" भनी ज्यानसम्बन्धी नेपाल कानून र सजाय बारे धारणा व्यक्त भएको पाइन्छ। त्यसैगरी ने.का.प. २०७१ अंक ९ मा प्रकाशित पुनरावेदक प्रतिवादी सीता भन्ने लालहीरा कामी भएको ज्यान मुद्दामा मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३ नं. ...ले felony murder rule र constructive intent अर्थात Sometimes crimes may be satisfied by proof of the basic mens rea of a lesser offence than that charged – this is sometimes called 'constructive' crime भन्ने सिद्धान्तलाई स्वीकार गरेको कुरा स्मरण रहोस भनी उल्लेख छ। ती नजिरसँग यो इजलास सहमत छ।

१७. प्रस्तुत वारदातलाई उक्त १३ नं. मा रहेको

murder र culpable homicide / manslaughter मध्ये कुन चाहिले समेटेको भनी हेर्दा ज्यानसम्बन्धी महलको भवितव्यको कसुरतर्फ प्रतिवादीहरूको कुनै जिकिर देखिँदैन । कुटपिट गर्नेनै नियतबाट भएको वारदातको परिणामस्वरूप मृतकको मृत्यु भएको यसमा भवितव्य कसुर आकर्षित हुन नसक्ने कुरा निश्चित सिद्धान्तको रूपमा प्रतिपादन भइसकेको पाइन्छ । ज्यानसम्बन्धी महलको १४ नं. आकर्षित नहुने कुरा पनि माथि उल्लेख भएकैछ । तर प्रतिवादीहरूले मृतकको ज्यान लिने पूर्व मनसाय राखी प्रस्तुत वारदात घटाएको भन्न मिल्दैन । जाँड रक्सीको सुरमा आँखा हेराहेर भई आफ्नो समूहको श्रेष्ठता कायम राख्नु पर्ने अहंको तुष्टिकोलागि रक्सीको सुरमा यो वारदात घट्न गएको छ । मृतकहरूलाई घातक कुटपिट गर्ने वा मृतकको ज्यान लिने मनसायसाथ नै वारदात भएको हो कि होइन भन्ने कुराको निरोपणमा दुविधा उत्पन्न भएकोछ । तर प्रतिवादीहरू समेतले मृतकलाई कुटपिट गरेका र सो को परिणामस्वरूप मृतकको मृत्यु भएको कुरा मान्न कुनै दुविधा छैन । प्रतिवादीहरूको यो कार्य भनेको बेलायतको कानूनले मानेको manslaughter र भारतको कानूनले मानेको culpable homicide को कसुर देखिन्छ । यसमा अदालतसँग कसुरको मात्रा अनुसार प्रतिवादीलाई जन्मकैद सम्म गर्न सक्ने तजबीज हुन्छ । यो तजबीजको प्रयोग अ.बं. १८८ नं. र सो सन्दर्भमा भएका व्याख्याहरूको आधारमा गर्नुपर्ने हुन्छ ।

१८. प्रतिवादीहरू भर्खरका अल्लारे केटा भएका, मृतकले "आफ्ना जग्गा में कुत्ता भी शेर होता हे" भनी प्रतिवादीहरूलाई उत्तेजना दिएको, प्रतिवादीहरू रक्सीको सुरमा रहेका, लात मुक्का ढुंगा आदिको कुटपिटको वारदात मृतकको दुखद मृत्युमा परिणत भएको भएपनि मृतकका आफन्तजनले प्रतिवादीहरूलाई क्षमा गरेको कुरा निजहरूको झुट्टा बकपत्रबाट पुष्टि भएको यो वारदातमा प्रतिवादीहरूलाई ऐनबमोजिम सजाय गर्नु निश्चितरूपमा चर्को हुने देखिन्छ । अरब मुलुकहरूमा पनि मृतकका आफन्तलाई कसुरदारले blood money बुझाएमा र त्यसलाई निजहरूले स्वीकार गरेमा प्रतिवादीलाई मृत्युदण्डबाट क्षमादान हुने गरी घटी सजाय हुने कानून रहेको पाइन्छ । यी सब कारण र वारदातको समग्र अवस्थाबाट प्रतिवादीहरूलाई ८ वर्ष कैद हुनु उपयुक्त देखिन्छ ।

१९. अतः माथि विवेचित आधार कारणबाट सुरू जिल्ला अदालतले प्रतिवादी राना भन्ने देव लामा र संजिव भन्ने संजिभ गुरूङलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १७(२) नं. बमोजिम जनही ५ वर्ष कैद गरेको फैसला उल्टी गरी मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १४ नं. बमोजिम जनही दस वर्ष कैद गरेको पुनरावेदन अदालत, पाटनको मिति २०६९।६।२ को फैसला मिलेको नदेखिँदा उल्टी भई अभियोगदाबी अनुरूपनै मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम प्रतिवादी राना भन्ने देव लामा र संजिभ गुरूङलाई जन्मकैद हुने र मुलुकी ऐन, अ.बं. १८८ नं. बमोजिम ८ (आठ) वर्ष कैदको राय लगाउने ठहर्छ । अभियोगदाबीबाट सफाई पाउँ भन्ने पुनरावेदक प्रतिवादीहरूको पुनरावेदन जिकिर पुग्न सक्दैन ।

२०. जाहेरी दरखास्तमा र प्रतिवादीहरूको मौकाको बयानमा खोटाङ जिल्ला नेर्पा गा.वि.स. वडा नं. ८ घर भई हाल का.म.पा. वडा नं. ७ सरस्वतीनगर बस्ने वर्ष २७।२८ को आशिष गुरूङ-१, दोलखा जिल्ला घर गा.वि.स. नखुलेको हाल मण्डिखाटार बस्ने ९८५१०४१९०३ सम्पर्क नम्बर भएको वर्ष २९।३२ को बरूण लामा भन्ने व्यहोरासमेतको परिचयात्मक विवरण उल्लेख हुँदाहुँदै नाम खुल्न आएका फरार व्यक्तिहरू बरूण लामा, आशिष गुरूङ र कमल श्रेष्ठको बाजे, बाबुको यकिन नाम, थर निजहरूको यकिन ठेगानासमेत खुली नआएको हुँदा पछि निजहरूको बाजे बाबुको यकिन नाम, थर निजहरूको यकिन ठेगाना खुली वा पक्राउमा परी आएका बखत कानूनबमोजिम हुने व्यहोरा सादर अनुरोध गरिएको छ भन्ने व्यहोरा रहेको प्रस्तुत अभियोगदाबीले निज बरूण लामा र आशिष गुरूङउपर अभियोगपत्र दायर नगरेबाट

वादीले जनविश्वास गुमाएको देखिन्छ । आजभोलि बिना कुनै कारण वादी नेपाल सरकारले वतनको र जिल्ला अदालतले जिल्ला अदालत नियमावली, २०५२ को नियम १९क लाई निहूँ बनाई कसुरदार प्रतिवादीहरूको हकमा पछि मुद्दा चलाउने वा फैसला हुने भनी उल्लेख गर्ने गरेको पाइन्छ । तर पछिबाट ती कसुरदार विरूद्ध अभियोगपत्र दायर वा फैसला हुने कुनै कामकुरा नहुदा कसुरदारले व्यापकरूपमा कसुरबाट उन्मुक्ति पाएको देखिन्छ । ती सब कुरामा पुनरावेदन परेको पनि पाइँदैन । वतन स्पष्ट नभएको वा फरार भएको प्रतिवादीउपर अभियोगपत्र दायर हुन कुनै कानूनी बाधा देखिँदैन । मुलुकी ऐन, अ.बं. ११२ नं. कागजको खोस्टो होइन । अ.बं. ११० नं. ले नसमेटेका प्रतिवादीहरूकै लागि अ.बं. ११२ नं. बनेको हो । त्यसमाथि जिल्ला अदालत नियमावली, २०५२ को नियम २२क अनुसार उल्लिखित मोबाइल नम्बरमा वा राष्ट्रिय दैनिक पत्रिकामा पनि म्याद सूचना प्रकाशित गर्ने भन्ने कानून पनि रहेभएकै छ । इमानदार प्रयासका बाबजूद प्रतिवादीको अत्तोपत्तो नलागेको अवस्थाको लागि जिल्ला अदालत नियमावली, २०५२ को नियम १९क को निर्माण भएको कुराको हेक्का रहनु आवश्यक छ । अभियोजनकर्ताले प्रतिवादीको बाबु बाजेको नाम थर र प्रतिवादीहरूको वतन खुली आएमा अभियोगपत्र दायर हुने भन्ने कुरा उल्लेख गरी अभियोगपत्र दायर गर्ने गरी कामकारवाही गर्न पाउने कुराको कानूनी वा नजिरगत आधार देखिँदैन । कानूनी निकायले कानूनले तोकेको कुराबाहेक आफुखुशी जथाभावी गर्दा दण्डहीनता र स्वेच्छाचारिता मौलाउने कुराको हेक्का रहनु आवश्यक भएकोले यो फैसलाको जानकारी यस अदालतको अनुगमन शाखालाई र नेपाल सरकारको महान्यायाधिवक्ता र प्रहरी प्रधान कार्यालयसमेतलाई उपलब्ध गराई अरूमा तपसिलबमोजिम गर्नू ।

तपसिल

पुनरावेदक प्रतिवादीहरू राना भन्ने देव लामा र संजिभ गुरूङलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम जन्मकैद हुने र मुलुकी ऐन, अ.बं. १८८ नं. बमोजिम ८ वर्ष कैदको राय लगाउने ठहरेकोले पुनरावेदन अदालत, पाटनको मिति २०६९।६।२ को फैसला उल्टी भई निजहरूलाई जनहि ८ (आठ) वर्ष कैद हुने भएकोले पुनरावेदन अदालत, पाटनको फैसलाको तपसिल खण्ड १ कायम नरहने हुँदा अनुसन्धानको क्रममा पक्राउ परी मिति २०६७।७।१८ गतेबाट कारागार थुनामा रहेका यी प्रतिवादीहरूलाई अन्य कारणले थुनामा राख्नु नपर्ने भए मिति २०७५।७।१७ गते सम्म थुनामा राखी मिति २०७५।७।१८ गते थुनामुक्त गरी दिनु भनी संशोधित कैदी पुर्जी कारागार कार्यालयमा पठाउनु भनी काठमाडौं जिल्ला अदालतमा लेखी पठाउनू ......................१

दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार बुझाइदिनू....................................................२

उक्त रायमा सहमत छु ।
न्या. चोलेन्द्र शमशेर ज.ब.रा.

इजलास अधिकृतः इन्द्रकुमार खड्का
इति संवत् २०७२ साल पुस १३ गते रोज २ शुभम् ।

## निर्णय नं.९५६८

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री ओमप्रकाश मिश्र
माननीय न्यायाधीश श्री देवेन्द्र गोपाल श्रेष्ठ
आदेश मिति : २०७२।१२।२१।१
०७०-WO-०६८८

मुद्दाः- उत्प्रेषण

रिट / निवेदक : जिल्ला सप्तरी, राजविराज नगरपालिका वडा नं. ८ बस्ने स्व. लक्ष्मीप्रसाद उपाध्यायको छोरी वर्ष ५२ को भवानीकुमारी पौडेल

विरूद्ध

विपक्षी / प्रतिवादी : जिल्ला सप्तरी, राजविराज नगरपालिका वडा नं. ८ बस्ने स्व. लक्ष्मीप्रसाद उपाध्यायको छोरा वर्ष ६० को शम्भुप्रसाद उपाध्याय पौडेलसमेत

- **मुलुकी ऐन, अ.बं. १७ नं. एउटा उपचारात्मक कानूनी व्यवस्था हो र यसलाई पुनरावेदन सुन्ने क्षेत्राधिकार भएको अदालतले मात्र प्रयोग गर्न सक्छ । आफ्नो मातहतको मुद्दा हेर्ने अड्डामा परिरहेको मुद्दाको काम कारवाहीमा म्याद नाघेको वा बेरीत भएको अवस्थामा मात्र यसको प्रयोग गर्न सकिन्छ । मुद्दाको काम कारवाहीमा म्याद नाघेको वा बेरीतको देखिएकोमा त्यस्तो कुरालाई सच्याई कानूनबमोजिम गर्नू भनी भन्न सकिने ।**
- **जिल्ला अदालतले तायदाती फाँटवारी माग्ने गरी गरेको आदेशलाई बदर गरी जिल्ला अदालतले पछि गर्ने अन्तिम फैसलालाई नै प्रभावित गर्ने गरी प्रमाण मूल्याङ्कन गरी निष्कर्ष निकाल्ने वा अरू कुनै निर्देशन दिने अधिकार यसले प्रदान गर्दैन । यस्तो सीमित दायरालाई पुनरावेदनपत्र हेरे जस्तो गरी हेर्न मिल्दैन । यसले मुद्दाको कामकारवाहीमा बेरीत भएमा वा म्याद नाघेको देखिएमा त्यस्तो काम कारवाही बदर गरी कानूनबमोजिम गर्न लगाउनसम्म सक्छ । त्यसरी विचाराधीन मुद्दालाई असर पुर्‍याउने देखिएमा त्यस्तो आदेश रिट क्षेत्रबाट बदर हुन सक्ने ।**

(प्रकरण नं.३)

- **जिल्ला अदालतबाट तायदाती माग्ने आदेशलाई पुनरावेदन तहको अदालतबाट बदर गर्दा अंश पाउने सम्बन्धित पक्षको नैसर्गिक हकमा प्रतिकूल प्रभाव पर्ने देखिन्छ । यस स्थितिमा अ.बं. १७ नं. बमोजिमको निवेदनको रोहबाट रित बेरीत सम्म हेरी बेरीतको देखिन आए रितपूर्वकको काम कारवाही गर्न गराउनको लागि आदेश दिनुपर्नेमा तल्लो अदालतले गर्ने निर्णयमा प्रभाव पर्ने गरी अ.बं. १७ नं. बमोजिम आदेश गर्न कानूनसम्मत नहुने ।**

(प्रकरण नं.४)

रिट / निवेदकका तर्फबाट : विद्वान् वरिष्ठ अधिवक्ता हरिहर दाहाल

विपक्षी / प्रतिवादीका तर्फबाट : विद्वान् अधिवक्ता सुनिलकुमार पौडेल

अवलम्बित नजिर :

- ने.का.प. २०६८ नि.नं. ८५९७ अङ्क ४ पृष्ठ ६४६

सम्बद्ध कानून :

- अंशबन्डाको महलको २०, २१, २२ र २३ नं.
- सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ४१

आदेश

**न्या.ओमप्रकाश मिश्र :** नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३२ र १०७(२) बमोजिम दायर हुन आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य एवं आदेश यसप्रकार छः

स्व. पिता लक्ष्मीप्रसाद उपाध्याय पौडेलको एकमात्र पत्नी स्व. बिष्णुमाया देवी पौडेल भई निजहरूको २ छोरा र ३ छोरीहरू गरी ५ सन्तान भएको जसमध्ये २ छोराहरूमा जेठा विपक्षी शम्भुप्रसाद उपाध्याय पौडेल हुन् । कान्छा छोरा शंकरप्रसाद उपाध्याय पौडेलको अविवाहित अवस्थामै मृत्यु भइसकेको छ । ३ छोरीहरूमा जेठी भगवतीदेवी पोखरेल कान्छी भैरवी खतिवडाको धेरै वर्षअघि विवाह भइसकेको छ । माहिली छोरी म निवेदक सुश्री भवानीकुमारी पौडेल अविवाहित छु ।

आमाबाबुको २०६० सालमा परलोक भएपछि विपक्षी दाजुले सगोलको सम्पूर्ण सम्पत्ति एकलौटी खाने नियत गरी मनमा बेईमानी चिताई मलाई खान लगाउन दुःख तकलिफ दिएको अंश माग्दा दिन इन्कार गरेकोले विपक्षी शम्भुप्रसाद उपाध्याय पौडेलउपर संवत् २०६० सालको सा.दे.नं. २०२६ को अंशदर्ता मुद्दा श्री सप्तरी जिल्ला अदालतमा दिएको थिएँ।

उक्त अंशदर्ता मुद्दाको प्रतिवादी नाउँको म्याद तामेल नहुँदै विपक्षी दाजुले मुद्दा फिर्ता लेउ तिम्रो हुने अंश दिन्छु भन्दा उक्त मुद्दा मैले अ.बं. ९२ बमोजिम श्री सप्तरी जिल्ला अदालतबाट मिति २०६०।१०।१ गतेमा फिर्ता लिएको थिएँ।

तत्पश्चात् विपक्षी दाजुले मनमा बदनियत चिताई मेरो अंशहक मार्नको लागि म अविवाहितलाई विवाहित भनी पिता आमा नाउँको जग्गाहरू दा.खा. नामसारीको लागि नगरपालिकाको कार्यालय, राजविराजमा २०६१।२।३ मा निवेदन दर्ता गराई सरजमिन गराई मलाई कुनै थाहा जानकारी नदिई सम्पूर्ण जग्गाहरू पिताको नाउँबाट आफ्ना नाउँमा दा.खा. नामसारी गराई लिएका रहेछन् । त्यस्तै २०६५।७।९ वर्ष ७ अंक १६३ को राजविराजबाट प्रकाशित हुने दैनिक पत्रिका न्युज टुडेमा पनि मलाई विवाहिता भनी देखाई षड्यन्त्र गरेको कुराहरूको मलाई कुनै थाहा जानकारी थिएन । मैले अंश माग गर्दा नदिएको हुँदा विपक्षी दाजु शम्भुप्रसाद उपाध्याय पौडेलउपर संवत् २०६७ सालको सा.दे.नं. ३५१५ को अंशदर्ता मुद्दा श्री सप्तरी जिल्ला अदालतमा दिएको विचाराधीन छ ।

उक्त मुद्दामा विपक्षी शम्भुप्रसादले प्रतिउत्तर पत्र फिराउँदा उक्त न्युज टुडे पत्रिकाको हवाला दिँदै मैले नै आफ्नो विवाह २०३८ सालमा विराटनगरको शिवप्रसाद दाहालसँग भएको स्वीकार गरेको भनी प्रतिउत्तर पत्र फिराएकोले सोउपर संवत् २०६७ सालको सा.फौ.नं. ५५ को लिखित गाली बेइज्जती मुद्दा-१, त्यस्तै म अविवाहितलाई विवाहित भनी सरजमिन सिफारिस गराएको उपरमा संवत् २०६७ सालको सा.फौ.नं. २०२,२०३ को जालसाजी मुद्दाहरू चलाएको हालसम्म सप्तरी जिल्ला अदालतमा विचाराधीन अवस्थामा रहेको छ ।

यसअघि वादीले अंश पाइसकेको ठोस प्रमाण प्रतिवादीले गुजार्न सकेको नदेखिँदा वादीले प्रतिवादीबाट अंश पाउने नै देखिन आयो । फिराद परेको अघिल्लो दिनलाई मानो छुट्टिएको मिति कायम गरिदिएको छ । सो दिनसम्मको तायदाती फाँटवारी लिनु भनी सप्तरी जिल्ला अदालतबाट मिति २०७०।११।१२ मा आदेश भएको ।

उक्त तायदाती फाँटवारी माग्ने गरी श्री सप्तरी जिल्ला अदालतबाट मिति २०७०।११।१२ मा भएको आदेश बदर गरिपाउँ भनी अ.बं. १७ नं. बमोजिम श्री पुनरावेदन अदालत, राजविराजमा विपक्षी शम्भुप्रसाद उपाध्यायको पर्न आएको निवेदन पत्र ।

यसमा प्रत्यर्थी वादीले थिनै निवेदक प्रतिवादीउपर यसै विषयमा फिराद दिई मिति २०६०।१०।१ मा अ.बं. ९२ नं. बमोजिम मुद्दा फिर्ता लिएको देखिएकोमा अंश मुद्दाको ३२ नं. सरह अ.बं. ८५ नं. को कानूनी व्यवस्थालाई ग्रहण गर्दै "वादीले

प्रतिवादीबाट अंश पाउने नै देखिन आयो" भनी तहाँ अदालतबाट तायदाती फाँटवारी माग गर्ने गरेको मिति २०७०।११।१२ को आदेश मिलेको नदेखिँदा बदर गरी दिइएको छ । अब कानूनबमोजिम जो जे बुझ्नुपर्ने हो बुझी मुद्दाको कार्यवाही किनारा गर्नुहोला भनी श्री पुनरावेदन अदालत, राजविराजबाट मिति २०७०।१२।६ मा आदेश भएको।

अंश हक कुनै खास परिवारमा जन्मिएको अविवाहित छोरीको अंश पाउने नैसर्गिक आधार हो। मैले अंश पाएको भन्ने कुनै सबुद प्रमाण विपक्षीले पेस गर्न सक्नुभएको छैन । त्यस्तो अंश पाएको लिएको छोडेको अवस्था नदेखुन्जेल अंश जस्तो नैसर्गिक हकलाई अ.बं. ८५ नं. प्राङन्यायको सिद्धान्तले निस्तेज पार्न सक्दैन भन्ने तथ्य ने.का.प. २०६८ नि.नं. ८५९७ अङ्क ४ पृष्ठ ६४६ सान्नानी भन्ने महकुमारी गजुरेल विरूद्ध कान्छी गजुरेल भएको मुद्दामा अवलम्बन गरी प्रतिपादित भएको सिद्धान्तविपरीत अंश नपाउने ठहर गरी विपक्षी नं. २ बाट तायदाती आदेश बदर गर्ने गरी भएको आदेश सो प्रतिपादित सिद्धान्तको विपरीत हुनुको साथै अंशबन्डाको महलको २०, २१, २२ र २३ नं. समेतको विपरीत भएकोले बदरभागी रहेको छ। मिति २०७०।१२।६ को आदेश कार्यान्वयन भएमा सप्तरी जिल्ला अदालतमा विचाराधीन रहेको मुद्दाको औचित्य नै समाप्त हुने भएकोले पुनरावेदन अदालत, राजविराजको उक्त आदेश निवेदनको टुङ्गो नलागेसम्म कार्यान्वयन नगर्नु नगराउनु भनी सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ४१ बमोजिम विपक्षीहरूको नाउँमा अन्तरिम आदेश जारी गरी न्याय पाउँ भन्नेसमेत व्यहोराको निवेदन पत्र।

यसमा के कसो भएको हो ? निवेदकको मागबमोजिमको आदेश किन जारी हुन नपर्ने हो ? निवेदकको मागबमोजिमको आदेश जारी गर्नु नपर्ने कुनै आधार र कारण भए यो आदेश प्राप्त भएका मितिले बाटाका म्यादबाहेक १५ दिनभित्र महान्यायाधिवक्ताको कार्यालयमार्फत लिखित जवाफ पठाउनु भनी रिट निवेदनको एकप्रति नक्कल साथै राखी विपक्षी नं. २ र ३ लाई सूचना पठाई त्यसको बोधार्थ महान्यायाधिवक्ताको कार्यालयमा पठाई दिनू। निवेदकको मागबमोजिमको आदेश किन जारी हुन नपर्ने हो ? यो आदेश प्राप्त भएका मितिले बाटाका म्यादबाहेक १५ दिनभित्र लिखित जवाफ लिई आफैँ वा आफ्नो प्रतिनिधिद्वारा उपस्थित हुनु भनी रिट निवेदनको एकप्रति नक्कल साथै राखी विपक्षी नं. १ लाई सम्बन्धित जिल्ला अदालतमार्फत सूचना पठाई लिखित जवाफ आएपछि वा अवधि नाघेपछि नियमबमोजिम पेस गर्नू।

साथै माग भएको अन्तरिम आदेशको सम्बन्धमा विचार गर्दा यसमा सप्तरी जिल्ला अदालतले मिति २०७०।११।१२ मा तायदाती माग्ने आदेश गरेकोमा यिनै निवेदिकाले पहिले दिएको अंश मुद्दामा अ.बं. ९२ नं. बमोजिम कायलनामा गरेको आधारमा सो आदेश मिति २०७०।१२।६ मा बदर गरिदिएको पाइयो। पुनरावदेन अदालत, राजविराजको उक्त आदेश यस अदालतबाट प्रतिपादित (ने.का.प. २०६६, भदौ, पृष्ठ ८३१, नि.नं. ८१५५) तथा (ने.का.प. २०६१, वैशाख, नि.नं. ७३११, पृष्ठ ४७) समेतमा प्रतिपादित सिद्धान्त प्रतिकूल रहेको निवेदन कथन पाइन्छ।

अंश मुद्दामा वादीले माग गरेबमोजिम अंश पाउने हो होइन, पाउने हो भने के कुन सम्पत्ति मात्र पाउने हो भन्ने समेतको कुरा सबुद प्रमाणका रोहमा बोल्न अदालतहरू सक्षम नै छन् । तायदाती माग्ने प्रक्रिया नै अवरूद्ध गरिदिनुको तात्पर्य अंश मुद्दामा दाबी नपुग्ने फैसला हुनु हो। अ.बं. १७ को रोहमा मुद्दा नै टुङ्ग्याउने गरी आदेश गर्न मिल्दैन। अंश नैसर्गिक हक भएको, वादीले तारेख नै छाडे पनि डिसमिस नहुने प्रकृतिको यो रहेको तथा सम्पत्ति प्राप्त नगरेसम्म वा नपाउने ठहर नभएसम्म अंश मुद्दा समाप्त नहुने परिप्रेक्ष्यमा सुविधा सन्तुलन र अपूरणीय क्षतिका दृष्टिकोणबाट पुनरावेदन अदालत, राजविराजको मिति २०७०।१२।६ को आदेशको कार्यान्वयन नहुन आवश्यक भएबाट यो रिट निवेदनको अन्तिम टुङ्गो नलागेसम्म सो आदेश कार्यान्वयन नगर्नु नगराउनु भनी सर्वोच्च अदालत नियमावली, २०४९ को नियम

४१(१) अनुसार यो अन्तरिम आदेश जारी गरिदिएको छ। नियमानुसार पेस गर्नू भन्ने मिति २०७०।१२।१७ को आदेश।

यसमा प्रत्यर्थी वादीले यिनै निवेदक प्रतिवादीउपर यसै विषयमा फिराद दिई मिति २०६०।१०।१ मा अ.बं. ९२ नं. बमोजिम मुद्दा फिर्ता लिएको देखिएको अंश मुद्दाको ३२ नं. सरह अ.बं. १८५ नं. को कानूनी व्यवस्थालाई ग्रहण गर्दै वादीले प्रतिवादीबाट अंश पाउने नै देखिन आयो भनी तहाँ अदालतबाट तायदाती फाँटवारी माग गर्ने गरी भएको मिति २०७०।११।१२ को आदेश मिलेको नदेखिँदा बदर गरी दिइएको छ। अब कानूनबमोजिम जे जे बुझ्नुपर्ने हो बुझी मुद्दाको कारवाही किनारा गर्नुहोला भन्नेसमेत व्यहोराको मिति २०७०।१२।६ गते भएको आदेश कानूनसम्मत नै हुँदा विपक्षीको मागबमोजिम आदेश हुनुपर्ने होइन। यस अदालतको आदेशबाट निवेदकको संविधान तथा कानून प्रदत्त हक अधिकारमा आघात पुगेको अवस्था रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत व्यहोराको पुनरावेदन अदालत, राजविराजको लिखित जवाफ।

श्री पुनरावेदन अदालतबाट २०७०।१२।६ मा भएको आदेशउपर निवेदिका भवानीकुमारी पौडेलले सम्मानित अदालतमा दायर गरेको उत्प्रेषणसमेतको रिट निवेदनमा २०७०।१२।१७ मा पुनरावेदन अदालतका आदेशउपर अन्तरिम आदेश जारी भई तहाँ अदालतबाट भएको आदेशसमेतको छाँयाप्रति साथै राखी उक्त रिट टुङ्गो नलागेसम्म अंश मुद्दाको आदेश कार्यान्वयन नहुन भनी निवेदिका स्वयंले यस अदालतमा २०७०।१२।१९ मा निवेदन दिई सोही आधारमा यस अदालतबाट सम्मानित अदालतमा दायर भएको रिट निवेदन टुङ्गो लागी आदेशको प्रमाणित प्रतिलिपि प्राप्त भएपछि जगाई कारवाही गर्ने गरी २०७१।१।१६ मा अ.बं. १२ नं. बमोजिम मुलतबी राख्ने आदेश भएकोले विपक्षी निवेदिकाले दिएको निवेदन र २०७१।१।१६ को मुलतबी आदेशको प्रतिलिपिसमेत यसैसाथ प्रस्तुत गरिएको छ। निवेदिकाको संवैधानिक हकमा आघात पुग्नेगरी यस अदालतबाट कुनैपनि काम कुरा भए गरेको नहुँदा यस अदालतउपरको विपक्षीको रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत व्यहोराको सप्तरी जिल्ला अदालतको लिखित जवाफ।

हामी दाजु र बहिनी नाता रहेको तथ्यमा कुनै विवाद छैन। सम्मानित सप्तरी जिल्ला अदालतको आदेशानुसार वादीको विवाह भएको शिव भन्ने लिलाप्रसाद दाहाल सम्मानित सप्तरी जिल्ला अदालतमा उपस्थित हुँदा सप्तरी जिल्ला अदालतको मिति २०६९।६।१४ को आदेशानुसार सरजमिन मुचुल्का हुँदा उल्लेख भएको तथ्य तथा अंश मुद्दाको फिराद पत्र दायर गर्नुभन्दा अघि नै राजविराज नगरपालिकाबाट मिति २०६०।४।२५ च.नं. १९० को सिफारिस पत्रबाट विपक्षी वादी विवाहिता रहेको कुरा प्रमाणित रहेको हुनाले स.दे.नं. २०२६ को अंश दर्ता मुद्दा दायर गरिसकेपछि मैले प्रतिउत्तर नफिराउँदै विपक्षी वादीले आफ्नो दाबी साबित गर्न सक्दिन भनी अ.बं. ९२ नं. बमोजिम मुद्दा फिर्ता लिनुका साथै रोक्का रहेका जग्गाहरू समेत फुकुवासमेत गराउनुभएको छ। साथै विपक्षी वादी एकपटक अंशमा दाबी गरी आफू विवाहित भएकै कारण तारेख टुटाई तामेलीमा राख्ने प्रक्रियामा गई दाबी साबित गर्न सक्दिन भनी माननीय जिल्ला न्यायाधिशज्यूले निवेदनको परिणाम र मतलबसमेत सम्झाउँदा फिर्ता गर्न तयार भएको अवस्थामा मात्र फिर्ता भएको हो। अ.बं. ९२ नं. बमोजिमको प्रक्रियालाई अंश नैसर्गिक हक भएको, तारेख नै छाडे पनि डिसमिस नहुने तथ्यहरूसँग तुलना गरी मुद्दामा पेस भएको प्रमाणहरूलाई न्यायिक मूल्याङ्कन नै नगरी सुरू अदालतबाट भएको आदेश बदर गर्ने गरी भएको पुनरावेदन अदालतको आदेश कानूनबमोजिमको भएको हुँदा रिट खारेज गरिपाउँ भन्नेसमेत व्यहोराको शम्भुप्रसाद उपाध्यायको लिखित जवाफ।

नियमबमोजिम साप्ताहिक एवं दैनिक पेसी सूचीमा चढी पेस हुन आएको प्रस्तुत मुद्दाको रिट निवेदिकातर्फबाट विद्वान् वरिष्ठ अधिवक्ता श्री हरिहर

दाहालले अ.बं. १७ नं. को क्षेत्र सीमित छ । अंश मुद्दामा तायदाती माग गर्ने गरी भएको आदेश बेरीत भएमा सम्बन्धित पक्षलाई पुनरावेदन अदालतमा अ.बं. १७ नं. को निवेदन दिने हक भए तापनि पुनरावेदन अदालतले सो आदेशको औचित्य र मुद्दाको परिणाम हेरी विचाराधीन मुद्दालाई असर गर्ने गरी कारवाही गर्न मिल्दैन। पुनरावेदन अदालत, राजविराजले सुरू सप्तरी जिल्ला अदालतको तायदाती माग गर्ने आदेशलाई बदर गरेको कानूनविपरीत र त्रुटिपूर्ण हुँदा त्यस्तो आदेशलाई उत्प्रेषणको आदेशद्वारा बदर गरिपाउँ भनी बहस गर्नुभयो।

विपक्षी शम्भुप्रसाद उपाध्याय पौडेलको तर्फबाट विद्वान् अधिवक्ता श्री सुनिलकुमार पौडेलले अ.बं. १७ नं. ले बेरीतपूर्वक भएको आदेशलाई बदर गर्ने क्षेत्राधिकार पुनरावेदन अदालतलाई छ । बेरीतपूर्वक भएको आदेशलाई विचाराधीन रहेको मुद्दामा असर पुर्‍याउने भनी बदर नगर्ने हो भने अ.बं. १७ नं. को कानूनी व्यवस्था व्यर्थ हुन्छ । पुनरावेदन अदालतले सम्बद्ध तथ्य र प्रमाण बुझी त्यसको आधारमा गरेको आदेशउपर रिट क्षेत्राधिकार आकर्षित हुन सक्दैन । अतः पुनरावेदन अदालत, राजविराजले सुरू सप्तरी जिल्ला अदालतबाट भएको तायदाती माग्ने आदेश बदर गरेको कानूनसम्मत हुँदा रिट खारेज गरिपाउँ भनी बहस गर्नुभयो।

प्रस्तुत मुद्दामा उपरोक्त बहस बुँदा, रिट निवेदन जिकिर विपक्षीहरूको लिखित जवाफसमेत अध्ययन गरी विचाराधीन मुद्दामा असर पर्ने गरी मुलुकी ऐन, अ.बं. १७ नं. बमोजिम परेको निवेदनबाट निर्णय गर्न मिल्छ कि मिल्दैन? निवेदन मागबमोजिम रिट जारी हुने हो होइन भन्ने विषयमा निर्णय दिनुपर्ने देखिन आयो।

२. अंश हक कुनै खास परिवारमा जन्मिएको अविवाहित छोरीको अंश पाउने नैसर्गिक आधार हो। मैले अंश पाएको भन्ने कुनै सबुद प्रमाण विपक्षीले पेस गर्न सक्नुभएको छैन । त्यस्तो अंश पाएको लिएको छोडेको अवस्था नदेखुन्जेल अंश जस्तो नैसर्गिक हकलाई अ.बं. ८५ नं. प्राङन्यायको सिद्धान्तले निस्तेज पार्न सक्दैन भन्ने तथ्य ने.का.प. २०६८ नि.नं. ८५९७ अङ्क ४ पृष्ठ ६४६ सान्नानी भन्ने महकुमारी गजुरेल विरूद्ध कान्छी गजुरेल भएको मुद्दामा अवलम्बन गरी प्रतिपादित भएको सिद्धान्तविपरीत अंश नपाउने ठहर गरी विपक्षी नं. २ बाट तायदाती आदेश बदर गर्ने गरी भएको आदेश सो प्रतिपादित सिद्धान्तको विपरीत हुनुको साथै अंशबन्डाको महलको २०, २१, २२ र २३ नं. समेतको विपरीत भएकोले बदरभागी रहेको छ। मिति २०७०।१२।६ को आदेश कार्यान्वयन भएमा सप्तरी जिल्ला अदालतमा विचाराधीन रहेको मुद्दाको औचित्य नै समाप्त हुने भएकोले पुनरावेदन अदालत, राजविराजको उक्त आदेश निवेदनको टुङ्गो नलागेसम्म कार्यान्वयन नगर्नु नगराउनु भनी सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ४१ बमोजिम विपक्षीहरूको नाउँमा अन्तरिम आदेश जारी गरी न्याय पाउँ भन्नेसमेत व्यहोराको निवेदन जिकिर देखिन्छ।

३. सर्वप्रथम, मुलुकी ऐन, अ.बं. १७ नं. एउटा उपचारात्मक कानूनी व्यवस्था हो र यसलाई पुनरावेदन सुन्ने क्षेत्राधिकार भएको अदालतले मात्र प्रयोग गर्न सक्छ। आफ्नो मातहतको मुद्दा हेर्ने अड्डामा परिरहेको मुद्दाको काम कारवाहीमा म्याद नाघेको वा बेरीत भएको अवस्थामा मात्र यसको प्रयोग गर्न सकिन्छ । मुद्दाको काम कारवाहीमा म्याद नाघेको वा बेरीतको देखिएकोमा त्यस्तो कुरालाई सच्याई कानूनबमोजिम गर्नू भनी भन्न सकिन्छ । प्रस्तुत मुद्दामा माथि उल्लिखित कुराको अवस्थालाई छाडेर जिल्ला अदालतले तायदाती फाँटवारी माग्ने गरी गरेको आदेशलाई बदर गरी जिल्ला अदालतले पछि गर्ने अन्तिम फैसलालाई नै प्रभावित गर्ने गरी प्रमाण मूल्याङ्कन गरी निष्कर्ष निकाल्ने वा अरू कुनै निर्देशन दिने अधिकार यसले प्रदान गर्दैन । यस्तो सीमित दायरालाई पुनरावेदनपत्र हेरे जस्तो गरी हेर्न मिल्दैन। यसले मुद्दाको कामकारवाहीमा बेरीत भएमा वा म्याद नाघेको देखिएमा त्यस्तो काम कारवाही बदर गरी कानूनबमोजिम गर्न लगाउनसम्म सक्छ । त्यसरी विचाराधीन मुद्दालाई असर पुर्‍याउने

देखिएमा त्यस्तो आदेश रिट क्षेत्रबाट बदर हुन सक्छ।

४. जिल्ला अदालतबाट तायदाती माग्ने आदेशलाई पुनरावेदन तहको अदालतबाट बदर गर्दा अंश पाउने सम्बन्धित पक्षको नैसर्गिक हकमा प्रतिकूल प्रभाव पर्ने देखिन्छ । यस स्थितिमा अ.बं. १७ नं. बमोजिमको निवेदनको रोहबाट रित बेरीतसम्म हेरी बेरीतको देखिन आए रितपूर्वकको काम कारवाही गर्न गराउनको लागि आदेश दिनुपर्नेमा तल्लो अदालतले गर्ने निर्णयमा प्रभाव पर्ने गरी अ.बं. १७ नं. बमोजिम आदेश गर्न कानूनसम्मत नभएको हुँदा पुनरावेदन अदालत, राजविराजबाट मिति २०७०।१२।६ मा भएको आदेश कानूनअनुरूपको नभई त्रुटिपूर्ण देखिँदा उत्प्रेषणको आदेशद्वारा बदर हुने ठहर्छ । आदेशको जानकारी विपक्षीहरूलाई दिनू। दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार बुझाई दिनू।

उक्त रायमा सहमत छु।
न्या.देवेन्द्र गोपाल श्रेष्ठ

इजलास अधिकृत : जगतबहादुर पौडेल
इति संवत् २०७२ साल चैत २१ गते रोज १ शुभम्।

## निर्णय नं. ९५६९

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री ओमप्रकाश मिश्र
माननीय न्यायाधीश श्री जगदीश शर्मा पौडेल
आदेश मिति : २०७२।११।३।२
०६७-WO-०२८२

मुद्दाः उत्प्रेषण / परमादेश

रिट निवेदक / पक्ष : बुद्धराम थारूको छोरा बाँके जिल्ला टिटिहिरिया गा.वि.स. वडा नं.५ बस्ने वर्ष ३५ को चन्द्रबहादुर चौधरीसमेत

विरूद्ध

प्रत्यर्थी / विपक्षी : जिल्ला वन कार्यालय, मुकाम गुलरिया बर्दियासमेत

- **रिट निवेदनमा जिकिर लिएको चार किल्लाभित्रको जग्गा वन ऐन, २०४९ तथा नियमावली, २०५१ मा भएको कानूनी व्यवस्थाबमोजिमको प्रक्रिया पुरा गरी उपभोक्ता समूहले प्रस्तुत गरेबमोजिमको कार्य योजनाअनुसार वनको संरक्षण सम्बर्द्धन गर्न समुदायलाई हस्तान्तरण गरेको पाइँदा कानूनले निर्दिष्ट गरेको विधि र प्रक्रियाअनुसार सामुदायिक वन उपभोक्ता समूहलाई हस्तान्तरण गरेको वन क्षेत्रभित्रको जग्गामा रिट निवेदकहरूको हक स्वामित्व स्थापित भइसकेको देखिँदैन । आफ्नो विधिवत हक स्वामित्व नै स्थापित भई नसकेको राष्ट्रिय वन क्षेत्रभित्र पर्ने जग्गा निर्दिष्ट कानूनी प्रक्रिया पुरा गरी समुदायलाई हस्तान्तरण गर्ने गरी भएको जिल्ला वन कार्यालय, बर्दियाको निर्णयले रिट निवेदकहरूको कानूनी एवम्**

**संवैधानिक अधिकारमा बाधा पुर्‍याएको नदेखिँदा रिट निवेदन मागबमोजिमको आदेश जारी गर्न नमिल्ने ।**

(प्रकरण नं.४)

रिट निवेदक / पक्षका तर्फबाट : विद्वान् अधिवक्ता शरद कोइराला

प्रत्यर्थी / विपक्षीका तर्फबाट : विद्वान् उपन्यायाधिवक्ता गंगाप्रसाद पौडेल

अवलम्बित नजिर :

सम्बद्ध कानून :

- वन ऐन, २०४९
- वन नियमावली, २०५१

आदेश

**न्या.जगदीश शर्मा पौडेल :** नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०७(२) अनुसार पर्न आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य र आदेश यसप्रकार छ :

हामी निवेदकहरू नेपालको आदिवासी, जनजाति तथा गरिबीको रेखामुनी रहेका नेपाली नागरिक हौँ। हामीहरू भेरी अञ्चलको बाँके जिल्लाको पश्चिम सिमानामा अवस्थित टिटिहिरिया गा.वि.स. को वडा नं.५ र ६ मा पुस्तौंदेखि बसोबास गरी आएका छौँ। हामी बसोबास गरी आएको वडाको जग्गा डुडुवा खोला र मान खोलाले वर्षा याममा वर्षेनी कटान गर्दै हामीहरूको जमिनमा खोला बग्ने र खोलादेखि पश्चिम बर्दिया जिल्लाको सोरहवा गा.वि.स. को वडा नं.४ र ५ तर्फ खोलाको जमिन छाडिएको बगर जग्गालाई २०३४ सालदेखि निरन्तर आवाद गुल्जार गरी धान, मकै, बदाम (मुंमफली), तील आदि बाली लगाई आआफ्नो परिवारको भरणपोषण गरी जीविकोपार्जन गरी आएका छौँ।

हामी निवेदकसरहका अन्य व्यक्तिले स्थानीय निकायको सिफारिसको आधारमा यसै प्रकृतिको जग्गा दर्ता गरी लिएकोमा हामीहरूको स्थानीय निकायको सिफारिस लिई विधिवत् जग्गाको दर्ता प्रक्रियामा लाग्ने प्रयत्नरत रहेको अवस्थामा हामीलाई कुनै सूचना तथा जानकारी नदिई सेरहवा गा.वि.स. का केही जमिन्दारहरूको पहलमा जिल्ला वन कार्यालय, बर्दियाले मिति २०६६।१०।२८ को निर्णयले प्रकृति सामुदायिक वन उपभोक्ता समूह दर्ता गरी मिति २०६६।१०।२८ मा सामुदायिक वनको रूपमा व्यवस्थापन गर्न हस्तान्तरण गरेको र सो आधारमा हामीहरूले बाली लगाई रहेको जग्गामा वृक्षारोपण गर्न थालेको भन्ने जानकारीमा आई वृक्षारोपण कार्यलाई हामीले रोक्दै मिति २०६७।३।२२ मा जिल्ला वन कार्यालय बर्दियामा निवेदन गरी तत् सम्बन्धमा यथार्थ जानकारी, सम्बन्धित कागजात माग गरी तत्काल वृक्षारोपणको कार्य रोक्न माग गर्दा उक्त कार्यालयबाट कागजातहरूको नक्कल नदिई मिति २०६७।३।२३ मा उपभोक्ता समूह दर्ता र सामुदायिक वन हस्तान्तरणको जानकारी र विवाद समाधान गर्ने पत्रसम्म पठाइएको थियो । प्रत्यर्थी जिल्ला वन कार्यालय, बर्दियाले निर्णयलगायतको कागजात दिन इन्कार गरेकोले हुलाकमार्फत पुनः निवेदन गरेका छौँ।

हामीले उक्त जग्गामा चिरभोग, प्रचलित कानूनी प्रावधान र व्यवस्थाबमोजिम आफ्नो नाउँमा स्वामित्व प्राप्त गर्न सिफारिस पाउन सोरहवा गा.वि.स. मा निवेदन दिएको र सो प्रयोजनको लागि निवेदक बासिन्दा भएको टिटिहिया गा.वि.स. बाट औपचारिक पत्राचार हुँदासमेत हालसम्म कुनै निकास नदिँदै विवादित जग्गा सामुदायिक वन प्रयोजनको लागि हस्तान्तरण गरिएको छ । हामीहरूले जोतभोगको जग्गा सामुदायिक वनको रूपमा दिन मिल्दैन । वन ऐन, २०४९ को दफा २५ बमोजिम राष्ट्रिय वनको कुनै भाग मात्र सामुदायिक वनको रूपमा सुम्पन सकिनेमा राष्ट्रिय वन तथा सोको सिमाना र व्यवस्थाभित्र नपर्ने हामीहरूको जोतभोग भएको जग्गा सामुदायिक वन भनी सुम्पने र ग्रहण गर्ने कार्य वन ऐन, २०४९ को दफा २५, वन नियमावली, २०५१ को नियम २६ समेतको प्रतिकूल गैरकानूनी अनधिकृतरूपमा सामुदायिक वन हस्तान्तरण गरेको

प्रत्यर्थीहरूको कार्य सार्वजनिक सरोकारको विषय हुनुका साथै हामीहरूले विधिवत्‌रूपमा स्वामित्व प्राप्त गर्न प्रत्यर्थी सोरहवा गा.वि.स. बाट सिफारिस माग गर्दै प्रारम्भ गरेको कारवाही अवरूद्ध गरी गराई हामीसँग सम्बन्धित विषयमा निर्णय एवं कागजातको जानकारी नदिई हामीहरूको नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२(३)(ङ) र (च), १३(१) र २७ द्वारा प्रदत्त हकमा आघात पार्ने कार्य भएकाले अन्य वैकल्पिक र प्रभावकारी उपचारको अभावमा ऐ. को धारा ३२ र १०७(२) बमोजिम यो निवेदनपत्र लिई सम्मानित अदालतमा उपस्थित भएका छौँ। हामीहरूको हकभोगको जग्गा प्रत्यर्थी सामुदायिक वन उपभोक्ता समूहलाई सुम्पने गरी गरिएका सम्पूर्ण कारवाही एवं निर्णयहरू कानून प्रतिकूल अनधिकृत भएकाले उत्प्रेषण मिश्रित परमादेशको आदेश जारी गरिपाउँ भन्नेसमेत व्यहोराको रिट निवेदन जिकिर।

यसमा के कसो भएको हो? निवेदकको मागबमोजिमको आदेश किन जारी हुन नपर्ने हो? यो आदेश प्राप्त भएका मितिले बाटाको म्यादबाहेक १५ दिनभित्र सम्बन्धित मिसिल साथ राखी महान्यायाधिवक्ताको कार्यालयमार्फत लिखित जवाफ पठाउनु भनी रिट निवेदनको एकप्रति नक्कल साथै राखी विपक्षी नं.१, २ र ३ लाई सूचना पठाई त्यसको बोधार्थ महान्यायाधिवक्ताको कार्यालयमा पठाइदिनू। निवेदन मागबमोजिमको आदेश किन जारी हुन नपर्ने हो? यो आदेश प्राप्त भएका मितिले बाटाको म्यादबाहेक १५ दिनभित्र लिखित जवाफ लिई आफू वा आफ्नो प्रतिनिधिद्वारा उपस्थित हुनु भनी रिट निवेदनको एक प्रति नक्कल साथै राखी विपक्षी ४, ५ र ६ लाई सम्बन्धित जिल्ला अदालतमार्फत सूचना पठाई लिखित जवाफ आएपछि वा अवधि नाघेपछि नियमबमोजिम पेस गर्नु भन्ने यस अदालतको मिति २०६७।६।१० को आदेश।

निवेदकले रिट निवेदनमा जोतभोग गरी आएको जग्गाको चारकिल्ला नखुलाई नदी कटानमा परेको बगर जग्गा भन्ने खुलाईएको र २०४५ सालमा सर्भेनापी हुँदा उक्त जग्गालाई जिल्ला बर्दिया सोरहवा गा.वि.स. वडा नं.४, ५ को सिट नं. ०३५-०८८४ मा कि.नं. २६०, ऐ.ऐ. सिट नं.०३५-०८८५ मा कि.नं.२६५ र ऐ.ऐ. सिट नं.०३५-०९२४ मा कि.नं.२५९ मा नापी भएको उल्लिखित जग्गामध्ये कि.नं.२५९ कित्ताकाट भई कि.नं.७२४ र ७२५ भएको, जसमध्ये कि.नं.२६०, २६५ र ७२५ को जग्गा सर्भेनापीको फिल्ड बुकमा नेपाल सरकार जनाइएको हुँदा सामुदायिक वनको रूपमा हस्तान्तरण गरिएको जग्गा व्यक्तिको दर्ता जग्गा नभई नेपाल सरकार मातहतको राष्ट्रिय वन भएको हुँदा निवेदकहरूले हाल जोतभोग भएको भनिएको जग्गा सामुदायिक वनको रूपमा सुम्पिएको भन्ने निवेदकको जिकिर बदरभागी छ। साथै जिल्ला बर्दिया सोरहवा गा.वि.स. वडा नं.४ र ५ मा स्थायी बसोबास गर्ने ४९५ जना व्यक्तिहरूको उपस्थितिमा मिति २०६६।९।१८ मा उपभोक्ता भेला गरी सोही वडास्थित पूर्वः माननदी, पश्चिमः सोरहवा गा.वि.स. वडा नं.४, ५ को आवादी, उत्तरः डुन्डवा खोला र दक्षिणः मान नदी यति चार किल्लाभित्रको अन्दाजी ६०.०० हेक्टर बगर क्षेत्रलाई सामुदायिक वनको रूपमा व्यवस्थापन गर्नका लागि प्राकृति महिला सामुदायिक वन उपभोक्ता समूह गठन गरी समूह दर्ताका लागि मातहतका बासगढी रेन्जपोस्ट र मैनापोखर इलाका वन कार्यालयबाट समेत सिफारिस भई आएकाले यस कार्यालयको मिति ०६६।१०।२८ को निर्णयबाट उपरोक्त समूह दर्ता गरी सोही समूहलाई वन क्षेत्र सामुदायिक वनको रूपमा व्यवस्थापन गर्ने गरी वन ऐन, २०४९ को दफा २५ बमोजिम राष्ट्रिय वन क्षेत्र सुम्पिएको हुँदा रिट निवेदकहरूको हक प्रमाण बेगरको जग्गा निजहरूको हुनै नसक्ने भएकाले रिट निवेदन बदरभागी छ भन्नेसमेत व्यहोराको जिल्ला वन कार्यालय, बर्दियाले पेस गरेको लिखित जवाफ।

रिट निवेदकहरूले उल्लेख गरेको ४ किल्लाभित्रको जग्गा वन सिमानाभित्र पर्ने सरकारी जङ्गलको जग्गा हो । अतः त्यस्तो वनको जग्गामा पुस्तौंदेखि बसोबास गर्ने कुरो पनि भएन र बसेको पनि

होइन। साथै निवेदकहरूले आफ्नो सो जिकिर खम्बिर गराउन कानूनले मान्यता दिन मिल्ने कुनै प्रमाण पेस दाखिल गर्न नसकेबाट पनि निवेदकहरूको सो जिकिर मिथ्या प्रमाणरहित कोरा जिकिर भएको प्रस्ट छ। साथै २०२१ सालमा नापी हुँदाका अवस्थामा नै वन जङ्गल सिमानाभित्र परेको वन जङ्गलको जग्गा भएकामा सो तथ्यलाई लुकाई निवेदन दायर गरिएको छ र वन ऐन, २०४९ तथा वन नियमावली, २०५१ बमोजिम जिल्ला वन कार्यालयमा विधिवत् दर्ता भएको यस सामुदायिक वन उपभोक्ता समूहलाई राष्ट्रिय वन क्षेत्रको वनबाट चार किल्ला तोकी वन क्षेत्र हस्तान्तरण भएकाले रिट निवेदन बदरभागी छ भन्नेसमेत व्यहोराको प्रकृति महिला सामुदायिक वन उपभोक्ता समूह, बर्दियाको लिखित जवाफ।

नियमबमोजिम साप्ताहिक तथा दैनिक पेसी सूचीमा चढी निर्णयार्थ आज इजलाससमक्ष पेस हुन आएको प्रस्तुत मुद्दामा रिट निवेदकका तर्फबाट उपस्थित विद्वान् अधिवक्ता श्री शरद कोइरालाले रिट निवेदकमध्येका केही व्यक्तिहरूले सकुम्बासी समस्या समाधान आयोग, बर्दियाको मिति २०५२।१।७ को निर्णयले जग्गाधनी प्रमाण पुर्जासमेत प्राप्त गरेको र अन्य निवेदकहरूले वर्षौंदेखि चिर भोग गरेको जग्गालाई विना सूचना सामूदायिक वन समूह गठन गर्ने गरी भएको जिल्ला वन कार्यालय, बर्दियाको निर्णय नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०७(२) विपरीत भएकाले बदर गरी निवेदकहरूको हक अधिकार सुरक्षित गरियोस् भनी प्रस्तुत गर्नुभएको बहस सुनियो।

विपक्षी प्रत्यर्थी नेपाल सरकारका तर्फबाट उपस्थित विद्वान् उपन्यायाधिवक्ता श्री गंगाप्रसाद पौडेलले प्रस्तुत रिट निवेदकहरूको हकभोग स्वामित्वमा नरहेको राष्ट्रिय वन क्षेत्रभित्र पर्ने जग्गालाई चारकिल्ला कायम गरी वनक्षेत्रको संरक्षण प्रवर्द्धन गर्ने उद्देश्यले सामुदायिक वन उपभोक्ता समूह गठन गर्ने जिल्ला वन कार्यालय, बर्दियाको निर्णयले रिट निवेदकहरूको कुनैपनि संवैधानिक एवं कानूनी हक अधिकार कुण्ठित गरेको नदेखिँदा रिट निवेदन खारेज हुनुपर्छ भनी प्रस्तुत गर्नुभएको बहस जिकिर सुनियो।

२. उल्लिखित बहस जिकिर एवं मिसिल संलग्न कागज प्रमाण अध्ययन गरी हेर्दा प्रस्तुत रिट निवेदन मागबमोजिमको आदेश जारी हुनुपर्ने हो, होइन ? सोहीसम्बन्धमा निर्णय दिनुपर्ने देखियो। निर्णयतर्फ विचार गर्दा जिल्ला बर्दिया सोरहवा गा.वि.स. वडा नं. ४, ५ मा स्थायी बसोबास गर्ने २७० घरधुरी उपभोक्ताले वन क्षेत्रको समूचित व्यवस्थापन गर्ने उद्देश्यका साथ प्रकृति सामुदायिक वन उपभोक्ता समूह गठन गरिपाउँ भनी जिल्ला वन कार्यालय, बर्दियामा पेस गरेको निवेदनबमोजिम सम्बन्धित मैनापोखरा इलाका वन कार्यालय र बाँसगढी रेन्जर पोस्टको सिफारिसअनुसार जिल्ला वन कार्यालय, बर्दियाको मिति २०६६।१०।२८ को निर्णयानुसार पूर्व मान खोला, पश्चिम सोरहवा ४, ५ को आवादी, उत्तर डुडुवा खोला, दक्षिण मान खोला यति चार किल्ला कायम गरी ५५.६०३ हेक्टर क्षे.फ. लाई सामुदायिक वन तोकी उपभोक्ता समूह गठन भएको पाइयो।

३. उल्लिखित ४ किल्लाभित्रको आफूले वर्षौंदेखि उपभोग गर्दै आएको चिर भोगभित्रको जग्गा भएको र यसै प्रकृतिको जग्गाहरू व्यक्तिका नाउँमा ज.ध. पुर्जा कायम गर्ने गरी निर्णय भएको र आफूहरू पनि सो जग्गा दर्ताका लागि गा.वि.स.बाट सिफारिस लिनेसहितको प्रक्रियामा रहेकोले सो जग्गालाई सामुदायिक वन समूह गठन गरी हस्तातरण गर्ने निर्णयबाट आफूहरू प्रभावित भएकाले सो निर्णय बदर गरिपाउँ भन्ने मुख्य जिकिरसहित रिट निवेदकहरू यस अदालतको असाधारण अधिकारक्षेत्रअन्तर्गतको उपचार माग्न आएको देखियो । रिट निवेदकहरूले उक्त विवादित जग्गा २०३४ सालदेखि निरन्तर जोतभोग खेती किसानी गरी आवाद गुल्जार गरेको हुँदा आफ्नो नाउँमा जग्गा धनी पुर्जा कायम हुनुपर्ने भन्ने जिकिर लिएको भएपनि सो जग्गा आफूले तिरोभरो गरेको आफ्नो भोग स्वामित्वभित्रको जग्गा हो भन्ने कुनै वस्तुनिष्ठ आधार प्रमाण पेस गर्न सकेको

पाइँदैन । आफूसरहका अन्य व्यक्तिहरूले जोतभोग गरेको ऐलानी पर्ती जग्गाको स्वामित्व हस्तान्तरण भएकाले आफूहरूले पनि जोतभोग गरेको जग्गाको स्वामित्व पाउनुपर्छ भन्ने जिकिर पेस गरेका भएपनि सोको औचित्यपूर्ण कानूनी आधार र कारण प्रस्तुत गर्न सकेको पाइँदैन । रिट निवेदक स्वयंको निवेदन जिकिर हेर्दा पनि उल्लेखित सामूदायिक वन उपभोक्ता समूहलाई हस्तान्तरण गरेको जग्गामा आफ्नो विधिवत् स्वामित्व स्थापित भई नसकेको तथ्य स्वीकार गरेको देखिन्छ ।

४. आफ्नो चिरभोगाधिकारको आधारमा जग्गाको स्वामित्व प्राप्त गर्नुपर्ने रिट निवेदन जिकिरका सम्बन्धमा विचारगर्दा उक्त जग्गामा चिरभोग रहेको तथ्य प्रमाणित गर्ने ठोस सबुत प्रमाणसमेत यी रिट निवेदकहरूले पेस गर्न सकेको पाइँदैन। यसैगरी वन ऐन, २०४९ को दफा २(ङ) ले राष्ट्रिय वन भन्नाले "निजी वनबाहेक नेपालभित्रको वन सिमानामा लगाइएको वा नलगाएको सबै वन सम्झनुपर्दछ र सो वनले घेरिएको वा वनको छेउछाउमा रहेको पर्ती वा ऐलानी जग्गा तथा वनभित्र रहेका बाटो, पोखरी, ताल वा खोलानाला र बगरसमेतलाई जनाउनेछ" भनी परिभाषित गरेको र प्रस्तुत मुद्दामा सामुदायिक वन उपभोक्ता समूहलाई हस्तान्तरण गरेको ४ किल्लाभित्रको जग्गा राष्ट्रिय वनको परिभाषाभित्र पर्ने देखिन्छ । साथै उक्त ऐनको दफा २५ मा जिल्ला वन अधिकृतले राष्ट्रिय वनको कुनै भाग तोकिएबमोजिम सामुदायिक वनको रूपमा उपभोक्ता समूहलाई सुम्पन सक्ने व्यवस्था भएको पाइन्छ । प्रस्तुत रिट निवेदनमा जिकिर लिएको चार किल्लाभित्रको जग्गा वन ऐन, २०४९ तथा नियमावली २०५१ मा भएको कानूनी व्यवस्थाबमोजिमको प्रक्रिया पुरा गरी उपभोक्ता समूहले प्रस्तुत गरेबमोजिमको कार्य योजनाअनुसार वनको संरक्षण संवर्द्धन गर्न समुदायलाई हस्तान्तरण गरेको पाइयो । यसरी कानूनले निर्दिष्ट गरेको विधि र प्रक्रियाअनुसार सामुदायिक वन उपभोक्ता समूहलाई हस्तान्तरण गरेको वन क्षेत्रभित्रको जग्गामा यी रिट निवेदकहरूको हक स्वामित्व स्थापित भइसकेको देखिँदैन । आफ्नो विधिवत् हक स्वामित्व नै स्थापित भई नसकेको राष्ट्रिय वन क्षेत्रभित्र पर्ने जग्गा निर्दिष्ट कानूनी प्रक्रिया पुरा गरी समुदायलाई हस्तान्तरण गर्ने गरी भएको जिल्ला वन कार्यालय, बर्दियाको निर्णयले रिट निवेदकहरूको कानूनी एवं संवैधानिक अधिकारमा बाधा पुर्‍याएको नदेखिँदा रिट निवेदन मागबमोजिमको आदेश जारी गर्न मिलेन । प्रस्तुत रिट निवेदन खारेज हुने ठहर्छ । दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाइदिनू ।

उक्त रायमा सहमत छु ।
न्या. ओमप्रकाश मिश्र

इजलास अधिकृत : इन्द्रबहादुर कठायत
इति संवत् २०७२ साल फागुन ३ गते रोज २ शुभम् ।

## निर्णय नं.९५७०

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री ओमप्रकाश मिश्र
माननीय न्यायाधीश श्री जगदीश शर्मा पौडेल
आदेश मिति : २०७२।११।३।२
०६७-WO-०६१७

मुद्दाः उत्प्रेषण / परमादेश

रिट निवेदक / पक्ष : सूर्यप्रसाद थारूको छोरा जिल्ला बर्दिया रोहरवा गा.वि.स. वडा नं.५ बस्ने वर्ष ३९ को कल्लु थारूसमेत

विरूद्ध

प्रत्यर्थी / विपक्षी : जिल्ला वन कार्यालय, मुकाम गुलरिया बर्दियासमेत

- **जग्गामा आफ्नो हक स्वामित्व कायम भएको व्यहोराको वस्तुनिष्ठ प्रमाण भने पेस गर्न सकेको देखिँदैन। आफूले निरन्तर भोगचलन गरेको जग्गा भनी जिकिर लिएपनि राज्यको एकलौटी स्वामित्वभित्र रहेको वनक्षेत्रको जग्गामा आफ्नो हक स्थापित भई नसकेको अवस्थामा निरन्तर जोतभोग गरेकै आधारमा स्वामित्व कायम हुनुपर्छ भन्ने जिकिर स्वामित्व सम्बन्धी विधि शास्त्रीय मान्यताभित्र पनि नपर्ने।**
- **कुनै वस्तु माथिको कब्जा र भोगाधिकार स्वामित्व प्राप्तीको आधार बन्न सक्छ तर स्वामित्व प्राप्त भई नसकेको वस्तुमाथि व्यक्तिको अनन्त अधिकार भने कायम हुन सक्दैन। कब्जा, भोग र स्वामित्व बिचको मान्यतामा यहि आधारभूत भिन्नता रहेको हुन्छ। राज्यले निर्दृष्ट गरेको विधी र प्रक्रियाबाट मात्र वस्तु माथि व्यक्तिको स्वामित्व कायम हुन सक्ने हुँदा आफ्नो स्वामित्व कायम भई नसकेको जग्गा माथि राज्यको कुनै निकायले अतिक्रमण गऱ्यो भन्नु न्यायसङ्गत नदेखिने।**

(प्रकरण नं.४)

- **जग्गाधनी प्रमाण पुर्जा वितरण भएकै आधारमा समस्याको निराकरण भने हुन नसक्ने हुँदा यस्तो अवस्थामा जो जसलाई जग्गाधनी प्रमाणपुर्जा प्रदान गरिएको हो ती व्यक्तिहरूका नाउँमा सम्बन्धित मालपोत कार्यालयमा दर्ता स्रेस्ता कायम हुनुपर्ने, सम्बन्धित जग्गाको लगत फेरबदल हुनुपर्ने (जस्तै वनक्षेत्रलाई आवादिमा परिणत गर्नुपर्ने), सो जग्गाको प्रचलित कानूनबमोजिमको तिरो भरो (मालपोत कर) कायम हुनुपर्नेलगायतका तमाम विधि र प्रक्रियाहरू पुरा भएपश्चात् मात्र सो जग्गामा सम्बन्धित व्यक्तिको एकलौटी साम्पत्तिक हक प्राप्त हुने।**
- **आफूले जग्गाधनी प्रमाण पुर्जा प्राप्त गरेको भएपनि सो सम्पत्तिको पूर्ण उपभोग गर्न पाउने पूर्ण स्वामित्व र वैधानिक अधिकार प्राप्त भई नसकेको अवस्थामा राज्यले नियन्त्रण गर्न सक्ने नै हुन्छ। स्वभावैले भूस्वामित्वको अन्तिम स्वामी राज्यनै हो भन्ने विधिशास्त्रीय मतलाई नकार्न पनि सकिँदैन। तर पनि व्यक्तिको स्वामित्वसम्बन्धी अधिकारलाई भने निश्चित प्रक्रिया पुरा गरेर मात्र अतिक्रमण गर्न मिल्छ। तथापी प्रस्तुत रिट निवेदनका सम्बन्धमा आफ्नो स्वामित्व कायम भई नसकेको जग्गालाई सामुदायिक वन क्षेत्रभित्र पारियो भन्ने तर्क मनासिब नदेखिने।**

(प्रकरण नं.५)

रिट निवेदक / पक्षका तर्फबाट : विद्वान् अधिवक्ता शरद कोइराला

प्रत्यर्थी / विपक्षीका तर्फबाट : विद्वान् उपन्यायाधिवक्ता गंगाप्रसाद पौडेल

अवलम्बित नजिर :

सम्बद्ध कानून :

- वन ऐन, २०४९
- वन नियमावली, २०५१

आदेश

**न्या.जगदीश शर्मा पौडेल :** नेपालको अन्तरिम संविधान २०६३ को धारा १०७(२) अनुसार पर्न आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य र आदेश यसप्रकार छः-

हामी निवेदकहरू नेपालको आदिवासी, जनजाति तथा गरिबीको रेखामुनी रहेका नेपाली नागरिक हौं । पुस्तौंदेखि नेपालमा बस्दै आए तापनि हामीहरूको कुनै अचल सम्पत्ति नभएकोले बर्दिया र बाँके जिल्लाको साँधमा बग्ने नदीले कटान गरी छाडेको बगरलगायत पर्ति जग्गा जोतभोग तथा घरबनाई खेती किसान एवम् बसोबास गर्दै जिविकोपार्जन गरी आएका छौं ।

नेपाल सरकारले भूमिहिन तथा जग्गामा स्वामित्व प्राप्त नगरेका नागरिकहरूलाई जग्गा वितरण गर्ने तथा जग्गाको स्वामित्व प्रदान गर्ने क्रममा हामीले कमाई आएको जग्गाको हामी तथा हामीहरूको परिवारको नाउँमा मालपोत कार्यालयबाट स्रेस्ता कायम गरेको २५ वर्षसम्म वितरण गर्न नपाइने र बसोबासको लागि दिइएको जग्गामा एक वर्षभित्र घर बनाई बसोबास गर्नुपर्ने सर्तमा जग्गा प्रदान गरेको छ । उक्त जग्गाको हामीहरूले स्थानीय निकाय सोरहवा गा.वि.स.मा नियमित मालपोत तिरी आएका छौं । हामीले घर बनाई बसोबास गरी आएको घरजग्गाको सोही गा.वि.स. मा घरधुरी कर तिरी आएका छौं । त्यसैगरी कतिपय निवेदकको जग्गामा जोतभोग एवम् बसोबास रहेको २०५२/०५३ सालमा सोरहवा गा.वि.स.बाट प्रमाणित भएको छ ।

हामीसरहका अन्य नागरिकले स्थानीय निकायको सिफारिस, घरधुरी कर एवम् भोगचलनको आधारमा जग्गा दर्ता गरिरहेका अवस्थामा हामीहरूको जग्गा विधिवत् दर्ता भई जग्गा धनी दर्ता प्रमाण पुर्जा पाउने कानूनी व्यवस्था र अधिकार प्रष्ट रहेकोमा हामीहरूलाई कुनै सूचना वा जानकारी नदिई बर्दिया जिल्ला, सोरहवा गाउँ विकास समितिका केही जमिन्दारको पहल एवम् प्रभावमा पूर्व मानखोला, पश्चिम सोरहवा ४, ५ को आदिवादी, उत्तर डुडुवा खोला र दक्षिण मानखोला यति चारकिल्लाभित्रको ५५.६०३ हेक्टर जमिन मिति २०६६।१०।२८ मा प्राकृति (प्राकृतिक) सामुदायिक वन उपभोक्ता समुह गठन गरी हस्तान्तरण गरिएको रहेछ, उक्त व्यहोरा हामीलाई २०६७ साल कार्तिक महिनाको अन्तिम हप्तामा मात्रै थाहा जानकारी हुन आयो ।

उल्लिखित चारकिल्लाभित्रमा हामीहरू बसोबास गरी आएको घरजग्गा तथा हामीले आवाद गरी आएका जग्गाहरू पर्दछन । प्राकृतिक सामुदायिक वन उपभोक्ता समुह गठन गर्दा हामीलाई कुनै जानकारी दिइएको थिएन । हामी प्रत्यक्ष असर पर्ने, सामुदायिक वनको लागि जग्गा प्रदान गरिएको क्षेत्रभित्र घरबास एवम् खेती किसान गरेको जग्गा पर्ने निवेदकहरूलाई कुनै सूचना नदिई भित्रभित्रै उक्त उपभोक्ता समूहलाई जग्गा प्रदान गरेको र केही व्यक्तिहरूले हामीहरूलाई घरजग्गाबाट विस्थापित गर्न विभिन्न धम्की दिन थाले पछि मात्रै सामुदायिक वन गठन भएको व्यहोरा प्रकाशमा आई जानकारी हुन आएको हो ।

यसरी हामी निवेदकहरूलाई जग्गाको स्वामित्व दिलाउन राज्यबाट भोगाधिकारसहित जग्गाधनी प्रमाण पुर्जा वितरण गरी स्वामित्वसमेत प्रदान भइसकेको र हामीले तिरो तिरान गरी भोगचलन गरी आएको घरजग्गालाई वन क्षेत्रभित्र पर्ने सामुदायिक वन उपभोक्ता समुहलाई दिन मिल्दैन । वन ऐन, २०४९ को दफा ४५ बमोजिम राष्ट्रिय वनको कुनै भाग मात्र सामुदायिक वनको रूपमा सुम्पन सकिनेमा राष्ट्रिय वन तथा सोको सिमाना र व्यवस्थाभित्र नपर्ने हामीहरूको जोतभोग भएको जग्गा सामुदायिक वन भनी सुम्पने र ग्रहण गर्ने कार्य वन ऐन, २०४९ को दफा २५, वन नियमावली, २०५१ को नियम २६ समेतको प्रतिकुल गैरकानूनी भई अनधिकृतरूपमा सामुदायिक वनलाई हस्तान्तरण गरेको प्रत्यर्थीहरूको कार्य सार्वजनिक सरोकारको विषय हुनुको साथै हामीहरूले विधिवत्रूपमा स्रेस्ता कायम गराई स्वामित्व प्राप्त गर्न कारवाही अगाडि बढाएको विषयमा हामीलाई निर्णय एवम् कागजातको जानकारी नदिई हामीहरूले नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२(३) (ङ) र (च) १३(१) र २७ द्वारा प्रदत्त हकमा आघात पार्ने कार्य भएकोले अन्य वैकल्पिक र प्रभावकारी उपचारको अभावमा धारा ३२ र १०७(२) बमोजिम यो निवेदनपत्र

लिई सम्मानित अदालतमा उपस्थित भएको छौं। हामी निवेदकहरूको हकभोग, दर्ता एवम् तिरो तिरानको घरजग्गा एवम् जग्गासमेत प्रत्यर्थी सामुदायिक वन उपभोक्ता समूहलाई सुम्पने गरी गरिएको सम्पूर्ण कारवाही एवम् निर्णयहरू कानून प्रतिकुल अनधिकृत भएकोले उत्प्रेषण मिश्रित परमादेशको आदेश जारी गरिपाउँ भन्नेसमेत व्यहोराको रिट निवेदन जिकिर।

यसमा के कसो भएको हो ? निवेदकको मागबमोजिमको आदेश किन जारी नहुनु पर्ने हो ? जारी हुनु नपर्ने कुनै कारण भए सो कारण र आधार खुलाई यो आदेश प्राप्त भएको मितिले बाटाको म्यादबाहेक १५ दिनभित्र महान्यायाधिवक्ताको कार्यालयमार्फत लिखित जवाफ पेस गर्नु भनी विपक्षीहरूमध्ये १, २, ३, ५ र ७ का नाउँमा रिट निवेदनको १ प्रति नक्कल साथै राखी सूचना पठाई त्यसको बोधार्थ महान्यायाधिवक्ताको कार्यालयमा पठाइदिनु र आफैँ वा कानूनबमोजिमको प्रतिनिधिद्वारा लिखित जवाफ लगाउनु भनी विपक्षीहरू मध्ये ४ र ६ का नाउँमा सम्बन्धित जिल्ला अदालतमार्फत सूचना पठाई लिखित जवाफ पेस भएपछि वा म्याद नाघेपछि नियमानुसार पेस गर्नू।

निवेदकहरूले अन्तरिम आदेश समेतको माग गरेको देखिएकोले अन्तरिम आदेश जारी हुने नहुने सम्बन्धमा विपक्षीहरू समेतलाई रोहवरमा राखी छलफल गर्न उपयुक्त हुने देखिएकोले सो प्रयोजनको लागि मिति २०६७।१०।२ को पेसी तोकी सोको सूचना विपक्षीहरूलाई दिई नियमानुसार पेस गर्नु भन्ने मिति २०६७।९।२३ को यस अदालतको आदेश।

यसमा प्रस्तुत विषयमा अन्तरिम आदेश जारी हुने नहुने सम्बन्धमा विचार गर्दा यसमा निवेदनमा उल्लिखित जग्गाहरू निवेदकहरूका नाउँमा दर्ता भई निजहरूको स्वामित्व कायम भइसकेको भन्ने कुरा हालसम्म मिसिल संलग्न कागजातहरूबाट नदेखिनाले निवेदकहरूको मागबमोजिम हाललाई अन्तरिम आदेश जारी गरी रहनु परेन। साथै निवेदन व्यहोराअनुसार उक्त जग्गाहरूमा निवेदकहरूको बसोबाससमेत रहेको भनि उल्लेख भएकोले प्रस्तुत रिट निवेदनलाई सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ६३(३) अनुसार अग्राधिकार दिई नियमानुसार पेस गर्नु भन्ने यस अदालतको मिति २०६७।१०।२ को आदेश।

निवेदकले यस मालपोत कार्यालय बर्दियासमेतलाई विपक्षी बनाई रिट निवेदन दिनु भएकोमा यस कार्यालयबाट विपक्षी रिट निवेदकहरूलाई प्रतिकुल हुने गरी कुनै काम कारवाही नगरिएको हुँदा उत्प्रेषणसहित परमादेशको आदेश जारी हुनुपर्ने होइन । रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत व्यहोराको मालपोत कार्यालय, बर्दियाको लिखित जवाफ।

विपक्षीहरूले निवेदनमा जग्गाको कित्ता र वडा नं. उल्लेख गरे पनि सो "प्राकृतिक महिला सामुदायिक वन उपभोक्ता समूह" लाई वन ऐन, २०४९, वन नियमावली, २०५१ बमोजिम दर्ता गरी २०६६।१०।२८ मा द.नं. २८९ बाट दर्ता प्रमाण पत्र दिइएको र २०६६।११।१९ गते दर्ता नं. २६७ बाट सामुदायिक वनको रूपमा ४ किल्ला कायम गरी वन क्षेत्र हस्तान्तरण गरिएको हो। सो कार्य वन ऐन, २०४९ र वन नियमावली, २०५१ बमोजिम नै भएकोले मिति २०६६।१०।२८ को निर्णय र मिति २०६६।११।१९ को सामुदायिक वनको रूपमा ५५.६०३ हेक्टर जग्गा हस्तान्तरण गर्ने गरी प्राप्त प्रमाणपत्र र विधानअनुरूप नै भएको हो।

वन ऐन, २०४९ को दफा २५ बमोजिम यस सामुदायिक वन उभोक्ता समूहलाई वन जङ्गल जिम्मा दिइएको र वन जङ्गलको जग्गा भएकोले सो अधिकारको प्रयोग गरी भएको निर्णय र व्यवस्थापन गर्ने निर्णय गैरकानूनी भनी मनोगत आधारमा अर्थ गर्न मिल्दैन । यस सामुदायिक वन उपभोक्ता समूहलाई वन ऐन, २०४९ को दफा २५ बमोजिम वनको चार किल्ला खोली वन नियमावली, २०५१ को नियम २६(१) नं. वन क्षेत्रबमोजिम सुम्पिएकोलाई दुषित मनसाययुक्त छ भन्ने मिल्ने होइन रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत व्यहोराको प्राकृतिक सामूदायिक वन उपभोक्ता समूहको अध्यक्ष मञ्जु चौधरीले पेस

गर्नुभएको लिखित जवाफ।

नियमबमोजिम साप्ताहिक तथा दैनिक पेसी सूचीमा चढी निर्णयार्थ आज इजलाससमक्ष पेस हुन आएको प्रस्तुत मुद्दामा रिट निवेदकका तर्फबाट उपस्थित विद्वान् अधिवक्ता श्री शरद कोइरालाले रिट निवेदकमध्येका केही व्यक्तिहरूले सकुम्बासी समस्या समाधान आयोग बर्दियाको मिति २०५१।१।७ को निर्णयले जग्गाधनी प्रमाण पुर्जासमेत प्राप्त गरेको र अन्य निवेदकहरूले वर्षौं देखि चिर भोग गरेको जग्गालाई विना सूचना सामुदायिक वन समूह गठन गर्ने गरी भएको जिल्ला वन कार्यालय बर्दियाको निर्णय नेपालको अन्तरिम संविधान २०६३ द्वारा प्रदत्त सम्पत्तिसम्बन्धी हकमा आघात परेकाले धारा १०७(२) बमोजिम बदर गरी निवेदकहरूको हक अधिकार सुरक्षित गरियोस् भनी प्रस्तुत गर्नुभएको बहस सुनियो।

विपक्षी प्रत्यर्थी नेपाल सरकारका तर्फबाट उपस्थित विद्वान् उपन्यायाधिवक्ता श्री गंगाप्रसाद पौडेलले प्रस्तुत रिट निवेदकहरूको हकभोग स्वामित्वमा नरहेको राष्ट्रिय वन क्षेत्रभित्र पर्ने जग्गालाई चारकिल्ला कायम गरी वनक्षेत्रको संरक्षण प्रवर्द्धन गर्ने उद्देश्यले सामुदायिक वन उपभोक्ता समूह गठन गर्ने जिल्ला वन कार्यालय, बर्दियाको निर्णयले रिट निवेदकहरूको कुनैपनि संवैधानिक एवम् कानूनी हक अधिकार कुण्ठित गरेको नदेखिँदा रिट निवेदन खारेज हुनुपर्छ भनी प्रस्तुत गर्नुभएको बहस जिकिर सुनियो।

२. उल्लेखित बहस जिकिर एवम् मिसिल संलग्न कागज प्रमाण अध्ययन गरी हेर्दा प्रस्तुत रिट निवेदन मागबमोजिमको आदेश जारी हुनुपर्ने हो, होइन ? सोही सम्बन्धमा निर्णय दिनुपर्ने देखियो। निर्णयतर्फ विचार गर्दा हामी निवेदकमध्येका केही व्यक्तिहरूका नाउँमा नेपाल सरकारद्वारा गठित सुकुम्वासी समस्या समाधान आयोग बर्दियाको निर्णयानुसार जग्गा धनि प्रमाण पुर्जा प्राप्त भएको र अन्यका हकमा निरन्तर जोतभोग गरी आएको दर्ताको प्रक्रियामा रहेको घरजग्गालाई जिल्ला वन कार्यालय, बर्दियाको मिति २०६६।१०।२८ र २०६६।११।१९ को निर्णयले सामुदायिक वन क्षेत्रभित्र पार्ने निर्णय बदर गरिपाउँ भन्ने रिट निवेदन व्यहोरा रहेको पाइयो। प्रस्तुत जग्गा नेपाल सरकारको राष्ट्रिय वन क्षेत्रभित्र पर्ने हुँदा प्रचलित वन ऐन, २०४९ र नियमावली, २०५१ बमोजिम सोको समुचित व्यवस्थापनका लागि समुदायलाई हस्तान्तरण गरिएको हुँदा रिट निवेदन खारेज हुनुपर्छ भन्ने लिखित जवाफ रहेको पाइयो। प्रस्तुत विवादका सम्बन्धमा निर्णयमा पुग्नुभन्दा अगाडि निवेदकले जिकिर लिएको घरजग्गामा निजहरूको हकभोग एवम् स्वामित्व रहेको छ ? छैन सोतर्फ विचार गर्नुपर्ने हुन आयो।

३. रिट निवेदकहरूले आफूहरू नेपाल आदिवासी, जनजाति तथा गरिबीको रेखामुनी रहेको नेपाली नागरिक भएकोले नदि किनाराको बगरलगायतको पर्ती जग्गा जोतभोग गरी घर बनाई आएको हुँदा भूमिहिन नागरिकलाई जग्गा वितरण गर्न गठित सुकुम्बासी समस्या समाधान आयोग, बर्दियाबाट केही व्यक्तिहरूका नाममा जग्गाधनी प्रमाण पुर्जा प्राप्त भएको भन्ने जिकिर लिएको देखिन्छ। रिट निवेदनको प्रकरण नं. ३ मा उल्लिखित व्यक्तिहरूले यसरी जग्गाधनी प्रमाण पुर्जा प्राप्त गरेको भन्ने व्यहोरा उल्लेख भएको देखिन्छ। सो सन्दर्भमा निजहरूलाई प्रदान गरिएको जग्गाधनी प्रमाण पुर्जामा जग्गाधनीको महलमा पति पत्निको नामथर उल्लेख गरी जग्गाधनीको हक संयुक्त कायम गरेको देखिन्छ। साथै सोही जग्गाधनी प्रमाण पुर्जामा विभिन्न सर्तहरू उल्लेख गरेको पाइन्छ। यसरी जग्गाधनी प्रमाणपुर्जा प्राप्त भएका उल्लेखित व्यक्तिहरूका नाउँको जग्गाको दर्ता स्रेस्ता भने कायम भइसकेको देखिँदैन। आफूलाई मिति २०५१।१।७ को निर्णयले जग्गाधनी प्रमाणपुर्जा प्राप्त भएको भनिएका जग्गाको दर्ता स्रेस्ता कायम गर्नेतर्फ यी रिट निवेदकहरूले पनि उचित प्रक्रिया अवलम्बन गरेको देखिँदैन। मालपोत कार्यालय, बर्दियामा स्रेस्ता खडा गरी पाउन निवेदन दिएको जिकिर लिए पनि सो निवेदन के कुन मितिमा दायर गरी के कस्तो निर्णय भएको हो सो कुरासमेत खुलाउन सकेको पाइएन।

४. जग्गाधनी प्रमाण पुर्जा प्राप्त गरी नसकेको तर घरधुरी कर तिरेको रसिद पेस गरेको, सम्बन्धित सोरहवा गा.वि.स. बाट जोतभोगको सिफारिस पेस गरेका र मालपोत तिरेको रसिद पेस गरेका अन्य रिट निवेदकहरूले पनि आफूले नदी किनाराको पर्ति जग्गामा निरन्तर जोतभोग गरी अनन्त भोगाधिकार गरेको भन्ने जिकिर लिएको पाइयो । तर उल्लिखित जग्गामा आफ्नो हक स्वामित्व कायम भएको व्यहोराको वस्तुनिष्ठ प्रमाण भने पेस गर्न सकेको देखिँदैन। आफूले निरन्तर भोगचलन गरेको जग्गा भनि जिकिर लिएपनि राज्यको एकलौटी स्वामित्वभित्र रहेको वनक्षेत्रको जग्गामा आफ्नो हक स्थापित भई नसकेको अवस्थामा निरन्तर जोतभोग गरेकै आधारमा स्वामित्व कायम हुनुपर्छ भन्ने जिकिर स्वामित्व सम्बन्धी विधि शास्त्रीय मान्यताभित्र पनि पर्दैन । कुनै वस्तु माथिको कब्जा र भोगाधिकार स्वामित्व प्राप्तीको आधार बन्न सक्छ तर स्वामित्व प्राप्त भई नसकेको वस्तुमाथि व्यक्तिको अनन्त अधिकार भने कायम हुन सक्दैन । कब्जा, भोग र स्वामित्व बिचको मान्यतामा यहि आधारभूत भिन्नता रहेको हुन्छ । राज्यले निर्दृष्ट गरेको विधि र प्रक्रियाबाट मात्र वस्तु माथि व्यक्तिको स्वामित्व कायम हुन सक्ने हुँदा आफ्नो स्वामित्व कायम भई नसकेको जग्गा माथि राज्यको कुनै निकायले अतिक्रमण गर्‍यो भन्नु न्यायसङ्गत देखिँदैन।

५. सुकुम्बासी समस्या समाधान आयोगबाट प्राप्त भएका जग्गाको दर्ता स्रेस्ता कायम गर्ने निश्चित मापदण्ड राज्यले निर्धारण गरेको हुन्छ। नेपालमा उक्त समस्या समाधानका लागि पटकपटक आयोग गठन भएको पाइन्छ । तर जग्गाधनी प्रमाण पुर्जा वितरण भएकै आधारमा समस्याको निराकरण भने हुन सकेको देखिँदैन । यस्तो अवस्थामा जो जसलाई जग्गाधनी प्रमाणपुर्जा प्रदान गरिएको हो ती व्यक्तिहरूका नाउँमा सम्बन्धित मालपोत कार्यालयमा दर्ता स्रेस्ता कायम हुनुपर्ने, सम्बन्धित जग्गाको लगत फेरबदल हुनुपर्ने (जस्तै वनक्षेत्रलाई आवादिमा परिणत गर्नुपर्ने), सो जग्गाको प्रचलित कानूनबमोजिमको तिरो भरो (मालपोत कर) कायम हुनुपर्नेलगायतका तमाम विधि र प्रक्रियाहरू पूरा भएपश्चात् मात्र सो जग्गामा सम्बन्धित व्यक्तिको एकलौटी साम्पत्तिक हक प्राप्त हुने हुन्छ । आफूले जग्गाधनी प्रमाण पुर्जा प्राप्त गरेको भएपनि सो सम्पत्तिको पूर्ण उपभोग गर्न पाउने पूर्ण स्वामित्व र वैधानिक अधिकार प्राप्त भई नसकेको अवस्थामा राज्यले नियन्त्रण गर्न सक्ने नै हुन्छ । स्वभावैले भूस्वामित्वको अन्तिम स्वामी राज्यनै हो भन्ने विधिशास्त्रीय मतलाई नकार्न पनि सकिँदैन । तर पनि व्यक्तिको स्वामित्वसम्बन्धी अधिकारलाई भने निश्चित प्रक्रिया पुरा गरेर मात्र अतिक्रमण गर्न मिल्छ । तथापि प्रस्तुत रिट निवेदनका सम्बन्धमा आफ्नो स्वामित्व कायम भई नसकेको जग्गालाई सामुदायिक वन क्षेत्रभित्र पारियो भन्ने तर्क मनासिब देखिँदैन । साथै निवेदनमा उल्लिखित जग्गा दर्ता स्रेस्ता कायम हुने नहुने विषयमा मालपोत कार्यालय, बर्दियामा परेको निवेदनको टुङ्गो लागि नसकेको अवस्थामा उल्लिखित जग्गा सामुदायिक वन क्षेत्रभित्र परेको कारण निवेदकको संवैधानिक एवम् कानूनी हकमा आघात परेको भन्न पनि मिलेन । सो जग्गा वा दर्ता स्रेस्ता कायम हुने नहुने र निजहरूले स्वामित्व प्राप्त गर्ने नगर्ने विषयमा अन्तिम टुङ्गो लागेका बखत सोहीबमोजिम हुने नै देखिन्छ ।

६. तसर्थ वन ऐन, २०४९ को दफा २(ङ) ले परिभाषित गरेको राष्ट्रिय वनको कुनै भाग सोही ऐनको दफा २५ अनुसार जिल्ला वन अधिकृतले तोकिएबमोजिम सामुदायिक वन उपभोक्ता समूहलाई सम्पन्न सक्ने व्यवस्था भएको पाइन्छ । प्रस्तुत रिट निवेदनमा जिकिर लिएको जग्गा नदी किनारको बगर पर्ति जग्गा भएकोले वन क्षेत्रभित्र नपर्ने भन्ने निवेदन जिकिर पनि वन ऐन, २०४९ को दफा २(ङ) ले परिभाषित गरेको राष्ट्रिय वनको परिभाषाभित्र नै पर्ने देखिन्छ । यसरी प्रस्तुत रिट निवेदनहरूमा उल्लिखित जग्गाहरूमा हक कायम भएका अवस्थामा ठहरेबमोजिम हुने नै हुँदा हाल निवेदकहरूको विधिसम्मत तरिकाले हक कायम भएको प्रमाण प्रस्तुत हुन नआएको र राष्ट्रिय वनको क्षेत्रभित्र पर्ने जग्गालाई वन ऐन, २०४९ र

नियमावली २०५१ ले प्रदान गरेको अधिकारबमोजिम जिल्ला वन अधिकृतले तोकिएको प्रक्रिया र मापदण्ड पुरा गरी उपभोक्ता समूह गठन गरी उक्त उपभोक्ता समूहलाई सामुदायिक वन हस्तान्तरण गरेको कार्य नेपालको अन्तरिम संविधान र प्रचलित कानूनअनुसार नभएको भन्न सक्ने अवस्थाको विद्यमानता देखिएन। सामुदायिक वन गठन गर्ने गरी भएको उक्त निर्णयले यी रिट निवेदकहरूको संविधान प्रदत्त साम्पत्तिक अधिकारमा आघात परेको नदेखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने ठहर्छ। दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाइदिनू।

उक्त रायमा सहमत छु।
न्या. ओमप्रकाश मिश्र

इजलास अधिकृत : इन्द्रबहादुर कठायत
इति संवत् २०७२ साल फागुन ३ गते २ रोज शुभम्।

## निर्णय नं. ९५७१

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री चोलेन्द्र शमशेर ज.ब.रा.
माननीय न्यायाधीश श्री जगदीश शर्मा पौडेल
फैसला मिति : २०७२।९।३०।५
०७०-CR-०१७९
मुद्दा : गौबध

पुनरावेदक / प्रतिवादी : जिल्ला संखुवासभा, दिदिङ गाउँ विकास समिति वडा नं. २ घर भई हाल खाँदबारी नगरपालिका वडा नं. ३ बस्ने हाल कारागार कार्यालय, संखुवासभामा थुनामा बस्ने कुमार दर्जीसमेत

विरूद्ध

प्रत्यर्थी / वादी : केशकुमारी पोखरेलको जाहेरीले नेपाल सरकार

- **पुनरावेदक प्रतिवादीहरूले अदालतसमक्ष बयान गर्दा बाच्छी मारेको होइन भनी कसुरमा इन्कार रहे पनि अधिकारप्राप्त अधिकारीसमक्ष भएको बयानमा भएको सहीछाप आफ्नै भएको हो भनी गरेका र अधिकारप्राप्त अधिकारीसमक्षको बयान अचेत अवस्थामा गरेको वा बाध्य पारी वा यातना दिई वा यातना दिने धम्की दिई वा आफ्नो इच्छा विरूद्ध सो कुरा व्यक्त गर्ने स्थितिमा पारी सो कुरा व्यक्त गरेको भनी अदालतमा बयान गर्दा भन्न सकेको देखिँदैन। अधिकारप्राप्त अधिकारीसमक्ष स्वतन्त्ररूपमा स्वेच्छाले कसुर स्वीकार गरी बयान दिएपछि अदालतसमक्ष बयान गर्दा इन्कार रहेको आधारमा मात्र कसुरदार होइनन् भन्न नमिल्ने।**

(प्रकरण नं.४)

पुनरावेदक / प्रतिवादीका तर्फबाट : विद्वान् वैतनिक अधिवक्ता किरणकुमारी गुप्ता

प्रत्यर्थी / वादीका तर्फबाट :

अवलम्बित नजिर :

- ने.का.प. २०६६ अङ्क ४ नि.नं. ८११५

सम्बद्ध कानून :

- मुलुकी ऐन चौपायको महलको ११ नं.

सुरू फैसला गर्ने अदालत :

मा. जि. न्यायाधीश श्री शालिग्राम कोइराला

पुनरावेदन तहमा फैसला गर्ने अदालत :

मा. न्यायाधीश श्री शम्भुबहादुर खड्का

मा. न्यायाधीश श्री बिदुरविक्रम थापा

फैसला

**न्या.चोलेन्द्र शमशेर ज.ब.रा.:** पुनरावेदन अदालत, धनकुटाको मिति २०७०।२।१९ को फैसलाउपर न्याय प्रशासन ऐन, २०४८ को दफा ९ बमोजिम दायर हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यसप्रकार छः

मिति २०६८।३।२९ गते प्रतिवादीहरू रामबहादुर दर्जी, कुमार दर्जी र धनबहादुर राई मेरो घरमा आई मैले पाली राखेको कालो रङ्गको बाच्छी पाल्नका लागि भनी किन्न मागेकाले मैले रू. ५००।– नगद लिई उक्त बाच्छी बिक्री गरेकी थिएँ । तर यी प्रतिवादीहरूले पाल्न लैजाने भनी ढाँटी झुक्याई मसँगबाट लगी बाच्छी काटी गौबध अपराध गरेका हुँदा उल्लिखित प्रतिवादीहरूलाई मुलुकी ऐन चौपायाको महलबमोजिम सजाय गरिपाउँ भन्नेसमेत व्यहोराको केशकुमारी पोखरेलको जाहेरी दरखास्त ।

पूर्वमा सुमन चोक माल्टा जाने बाटो, पश्चिममा राजकुमार पराजुलीको खेत, उत्तरमा पाङ्गा खोला र दक्षिणमा काँसी रूम्टी जङ्गल यति ४ किल्लाभित्र रहेको पूर्व मोहडा फर्किएको जमिनको भागमा ढुङ्गामाथि आगो बालेको, कोइला अङ्गार वरिपरि छरिएका, जनावरको लादी केही मात्रामा सोही ठाउँमा नै रहेको, गन्हाई दुर्गधित अवस्थाको वातावरण रहेको, प्रतिवादी कुमार दर्जीले गाई काटी मासु खाँदवारी नगरपालिका वडा नं ३ को कैजले पुच्छारको सोती गहिरोमा भएको माल्टा सुमन चोक जाने आउने बाटोमा रहेको ग्याविङ्ग तार पर्खालसँगै रहेको खाल्डोमा गाडी लुकाएको भनी बताएकाले खनी माटो पन्छाई हेर्दा सडेगलेको अवस्थामा मासु फेला परेको भन्नेसमेत व्यहोराको घटनास्थल प्रकृति मुचुल्का ।

म, मेरा काकाको छोरा रामबहादुर दर्जी, ठेगाना थाहा नभएको मोटे भन्ने धनबहादुर राई गरी तिनजना खाँदबारी माल्टासम्म जाने बाटोमा तारजाली भर्ने काम गर्दै आएकामा २०६८।३।२९ गतेका दिन काम गरी थकाई लागेको हुँदा थकाई मेटाउन अलि–अलि रक्सी खाई जाहेरवाली केशकुमारी पोखरेलको घरमा गाईको बाच्छी बेच्ने छ भन्ने सुनेको हुँदा तिनै जनाको सल्लाहअनुसार जाहेरवालीको घरमा जाँदा निजको कान्छो छोरा नाम थाहा नभएको बरखान्ते मात्र घरमा भएको र आमा खोई भनी सोद्धा मेला जानुभएको छ भनेको, बाच्छी बेच्ने छ भनी सोद्धा कालो रङ्गको बाच्छी देखाई सो बाच्छीको दाम रू. ५००।– भनेकाले निजकी आमालाई बोलाउन लगाएकोमा पैसा दिए भई हाल्छ भनेकाले निजलाई रू. ५००।- दिई किनेका हौं । तिनैजना भई बाच्छी लिएर आउँदा बाटोमा बाच्छीको पछाडिको दाहिने खुट्टा भाँची घिर्सादै लिएर आयौं र हामी बसेको कटेरोमा बाँधी राति १२ बजेको समयमा एक कि.मी टाढा माल्टा खोलामा बाच्छीलाई घिस्याउँदै लिएर गएपछि पहिला भाइ रामबहादुर दर्जीले ढुङ्गाले बाच्छीको थुतुनामा हान्यो । बाच्छीले दाँया बाँया मुख हल्लायो । त्यसपछि मोटे राईले ठूलो ढुङ्गाले टाउकोमा हान्यो । बाच्छी बाँ बाँ गरी भुइँमा लडी छट्पटायो । त्यसपछि मैले लाईट देखाउँदै खुट्टाले बाच्छीको मुख र टाउकोमा थिचैँ । भाइ रामबहादुरले पछाडि खुट्टामा खुट्टाले थिच्यो । मोटे राईले बाच्छीको राम्रोसँग सास जान नपाई हतार हतार खुकुरीले छाला छिल्न थाल्यो । टाउको, खुट्टा, छाला र लादी सोही माल्टा खोलामा फाली दियौं र मासु लिएर आई कटेरोमा

पकाई रक्सीसँग खायौं भन्नेसमेत व्यहोराको प्रतिवादी कुमार दर्जीको अधिकारप्राप्त अधिकारीसमक्षको बयान।

म, मेरो बडा बाबुको छोरा कुमार दर्जी र घर ठेगान थाहा नभएको मोटे भन्ने धनबहादुर राईसमेत तीनजना भई खाँदवारीबाट माल्टासम्म जाने सडक बाटोमा दैनिक तारजाली भर्ने काममा रोड बाटोमै कटेरो हाली काम गर्दै आएकामा २०६८।३।२९ गतेका दिन काम गरी कटेरोमा आई अलिअलि रक्सी खायौं। तिनै जनाको सल्लाहमा जाहेरवालीको घरमा गई निजको कान्छो छोरासँग कालो रङ्गको सिङ नपलाएको सानो गाईको बाच्छी रू. ५००।– मा किनी बाच्छी लिएर आयौं। बाटोमा आउँदा बाच्छीको पछाडिको दाहिने खुट्टा भाँची बाच्छीलाई घिसार्दै हामी बसेको कटेरोमा पुर्‍याई बाँधी राति अं. १२ बजेको समयमा अं. १ कि.मी टाढा माल्टा खोलामा बाच्छीलाई घिस्याउँदै लगी मैले पहिला ढुङ्गाले बाच्छीको थुतुनामा हानें। त्यसपछि मोटे राईले ठुलो ढुङ्गा उचालेर बाच्छीको टाउकोमा हान्यो। बाच्छी कराउँदै भुइँमा लडी छट्पटायो। त्यसपछि मैले खुट्टाले बाच्छीको मुख र टाउकोमा थिचेँ। मोटे र दाजु कुमारले बाच्छीको राम्ररी सास पनि जान नपाउँदै हतार हतार छाला छिले। बाच्छीको टाउको, खुट्टा, छाला र लादी माल्टा खोलामा फालिदियौं, मासु ल्याएर कटेरामा पकाई रक्सीसँग खायौं भन्नेसमेत व्यहोराको प्रतिवादी रामबहादुर दर्जीको अधिकारप्राप्त अधिकारीसमक्षको बयान।

हाम्रो पारिवारिक सल्लाहअनुसार मिति २०६८।३।२९ गतेका दिन रू. ५००।- मा प्रतिवादी कुमार दर्जीसमेतका तिनजना व्यक्तिहरूलाई बाच्छी बिक्री गरेका हौं। पाल्न लैजाने भनी धनबहादुर राई, कुमार दर्जी र रामबहादुर दर्जीले उक्त बाच्छी डोर्‍याउँदै लगेका हुन्। मिति २०६८।४।१ गते उक्त बाच्छी यी तिनै जनाको मिलेमतोमा काटी मासु खाएको भनी आमाले सुनाउँदा सुनी प्रहरीमा निवेदन गर्न पठाएको हुँ। निज प्रतिवादीहरूले राष्ट्रिय जनावर गाईको बाच्छीलाई निर्मम तरिकाले कुटी हत्या गरेको भन्ने पनि सुनेको हुँदा निज अभियुक्तहरूलाई कानूनबमोजिम हदैसम्मको सजाय हुनुपर्छ भन्नेसमेत व्यहोराको मौकामा कागज गर्ने एकराज पोखरेलको मौकाको कागज।

प्रतिवादीहरूले मासु खाने नियतले जाहेरवालाको घरबाट बाच्छी खरिद गरी लगी मिति २०६८।३।२९ गते राति नै काटी मासु खाएको भन्ने कुरा घटनास्थलमा मासुसमेत फेला परेको हुँदा मलाई विश्वास लाग्यो। पशु चौपाया गाई जातको बाच्छी काटी जुनसुकै तरिकाले पनि हत्या गर्न नहुने भनी निषेधित जनावर भन्ने थाहा पाई हत्या गर्ने सबै अभियुक्तलाई कानूनबमोजिम सजाय हुनुपर्छ। उक्त गाई मार्नमा प्रतिवादी मोटे भन्ने धनबहादुर राईको मुख्य भूमिका रहेको हुनुपर्छ भन्नेसमेत व्यहोराको शान्ति बर्देवा, गीता दर्जी, भानुभक्त पोखरेल, लोकबहादुर घिमिरे र श्यामसुन्दर बोगटीको एकै मिलान व्यहोराको वस्तुस्थिति मुचुल्का।

यी प्रतिवादीहरू मोटे भन्ने धनबहादुर राई, रामबहादुर दर्जी र कुमार दर्जीसमेतले जाहेरवाली केशकुमारी पोखरेलको घरबाट रू. ५००।- मा खरिद गरी लगेको गाईको बाच्छी मिति २०६८।३।२९ गते राति २३:५५ बजेको समयमा काटी मारी खाई मुलुकी ऐन चौपायको महलको १ नं. विपरीत ऐ. ११ नं. को गौबधको अपराध गरेको पुष्टि भएको हुँदा प्रतिवादीहरू मोटे भन्ने धनबहादुर राई, रामबहादुर दर्जी र कुमार दर्जीलाई ऐ. महलको ११ नं. बमोजिम सजाय गरिपाउँ भन्नेसमेत व्यहोराको अभियोग पत्र।

हामी प्रतिवादीहरू तिनैजना एकै ठाउँमा जाली भर्ने काम गर्ने व्यक्ति भएको र प्रतिवादीमध्येका मोटे भन्ने धनबहादुर राईले जाहेरवालीको घरबाट सानो बाच्छी ल्याई एक्लैले काटी मारी पकाई म र प्रतिवादी रामबहादुर दर्जीलाई राति मासु खान बोलाएकाले हामी तिनै जनाले मासु खायौं। मासुसँग रक्सीसमेत भएको हुँदा केको मासु भनी नसोधी खायौं। गाईको बाच्छी मोटे भन्ने धनबहादुर राईले काटेको हो वा मरेको हो मलाई थाहा छैन। गाईको बाच्छी ल्याउने धनबहादुर राई नै हुन्। मसमेत भई गाई काटी गौबध गरेको

होइन । अधिकारप्राप्त अधिकारीसमक्षको बयानमा भएको सहीछाप मेरो हो तर व्यहोरा मैले भनेबमोजिम लेखिएको होइन भन्नेसमेत व्यहोराको प्रतिवादी कुमार दर्जीको संखुवासभा जिल्ला अदालतसमक्षको बयान।

मिति २०६८।३।२९ गते म र मेरा दाजु नाताका कुमार दर्जी, ठेगाना थाहा नभएका मोटे भन्ने धनबहादुर राई दिनभरि बाटोमा जाली भरी बेलुकी ४ बजेतिर काम छाडी धनबहादुर राई गाउँतिर डुल्न गएको र हामी दाजुभाइ केही रक्सी खाई खाना बनाई खाई सुतिरहेका थियौं । रातको १२ बजेतिर धोक्रोमा मासु लिई आई निजैले रक्सीसँग हामीलाई पनि मासु खान दिएको हुँदा हामीले खाएका हौं । केको मासु दियो थाहा भएन । गाईको बाच्छी किनी ल्याई मसमेत भई मारेको होइन । अधिकारप्राप्त अधिकारीसमक्षको बयान मैले भनी लेखाएको होइन प्रहरीले पढी नसुनाई सहीछाप गर्न लगाएकाले सहीछाप गरेको हो भन्नेसमेत व्यहोराको प्रतिवादी रामबहादुर दर्जीको संखुवासभा जिल्ला अदालतसमक्षको बयान।

यी प्रतिवादी कुमार दर्जी र जाहेरवालीका भाइ बिच झगडा परेको र जाहेरवालीको भाइले यी प्रतिवादीलाई खुकुरीले काटेको विषयमा प्रहरीमा उजुर परी जरिवानासमेत भएको हुँदा सोही रिसइवीले यी प्रतिवादीहरूलाई बाच्छी काटी मासु खाएको भनी उजुर गरेका हुन् । यी प्रतिवादीले गाईको बाच्छी काटी मासु खाएका होइनन् भन्नेसमेत व्यहोराको प्रतिवादीका साक्षी इश्वरकुमार राईले संखुवासभा जिल्ला अदालतमा गरेको बकपत्र।

जाहेरवालीको देवर ज्ञानबहादुर घिमिरे र प्रतिवादी कुमार दर्जीबिच क्यारमबोड खेल्दा झगडा भई ज्ञानबहादुर घिमिरेले प्रतिवादी कुमार दर्जीलाई घाँटीमा खुकुरीले प्रहार गरेकामा निजले गल्ती स्वीकार गरी मिलापत्र भएको थियो । सोही रिसईवीले प्रतिवादीलाई फसाउन गौ हत्या गरेका भनी उजुर गरेको हो । यी प्रतिवादीहरूले बाच्छी काटी मारी मासु खाएको होइन भन्नेसमेत व्यहोराको प्रतिवादीका साक्षी रामबहादुर गुरूङले संखुवासभा जिल्ला अदालतमा गरेको बकपत्र।

बाच्छी किन्न दुईजना मानिसहरू आएका थिए । एकजना अपरिचित थिए भने अर्को एकजना प्रतिवादीमध्येका रामबहादुर दर्जी थिए । कुमार दर्जीले पठाएको भनेपछि मैले ७–८ महिनाको नसप्रेको बाच्छी रू. ५००।- मा बेचेको हो । गाईको बाच्छी काटी खाएको सम्बन्धमा प्रहरीले भनेपछि थाहा पाएकी हुँ । उक्त बाच्छी मैले मिति २०६८।३।२९ गते बिक्री गरेको हो । गौबध गरेको घटना सम्बन्धमा मलाई केही थाहा छैन भन्नेसमेत व्यहोराको जाहेरवाली केशकुमारी पोखरेलले संखुवासभा जिल्ला अदालतसमक्ष गरेको बकपत्र।

बाच्छी काटी मारी खाएको मैले देखिन । गाउँ घरमा यी प्रतिवादी कुमार दर्जीसमेतले गाईको बाच्छी काटी खाए अरे भन्ने कुरा छिमेकीबाट सुनी थाहा पाएकी हुँ । वस्तुस्थिति मुचुल्कामा भएको व्यहोरा र सहीछाप मेरै हो भन्नेसमेत व्यहोराको वस्तुस्थिति मुचुल्कामा बस्ने गीता दर्जीले संखुवासभा जिल्ला अदालतमा गरेको बकपत्र।

यसमा प्रतिवादी मोटे भन्ने धनबहादुर राईको अभियोग पत्रमा स्पष्ट वतन खुलाएको नपाइँदा वतन खुलेका प्रतिवादीहरू कुमार दर्जी र रामबहादुर दर्जीको हकमा मुद्दा दर्ता गरी स्पष्ट वतन नखुलेका प्रतिवादी मोटे भन्ने धनबहादुर राईको हकमा वतन खुली आएको बखत ठहरेबमोजिम हुने गरी जिल्ला अदालत नियमावली, २०५२ को नियम १९(क) को उपनियम ३ बमोजिम दरपीठ गरी दिएको छ । सोको जानकारी जिल्ला सरकारी वकिल कार्यालय, चैनपुरलाईसमेत दिनु भन्नेसमेत व्यहोराको संखुवासभा जिल्ला अदालतको दरपीठ आदेश।

प्रतिवादीहरू कुमार दर्जी र रामबहादुर दर्जीलाई मुलुकी ऐन, अ.बं. ११८ को देहाय २ बमोजिम मुद्दा पुर्पक्षको लागि कारागार कार्यालय, खाँदबारीमा पठाउनेसम्बन्धी मिति २०६८।४।२२ को संखुवासभा जिल्ला अदालतको थुनछेक आदेश।

यसमा मौकामा कागज गर्ने एकराज

पोखरेललाई बुझ्नै पर्ने अवस्था देखिँदा निजको नाममा अ.बं. ११५ नं. बमोजिम ७ दिने म्याद जारी गरी पठाई म्यादमा उपस्थित भए बकपत्र गराउनु भन्ने आदेश भई निजको नाममा मिति २०६८।१।२५ मा म्याद जारी भई तामेली मितिमा उपस्थित नभई उक्त म्याद गुजारी बसेको अवस्था रहेछ।

प्रतिवादीहरूले जाहेरवालीसँग मिति २०६८/३/२९ मा गाईको बाच्छी खरिद गरी लगी रातको समयमा काटी मारी खाई अभियोग दाबीबमोजिम मुलुकी ऐन, चौपायाको महलको ११ नं. बमोजिम गौबध गरेको ठहर्नाले प्रतिवादीहरू कुमार दर्जी र रामबहादुर दर्जीलाई मुलुकी ऐन, चौपायाको महलको ११ नं. बमोजिम जनही बाह्र (१२) वर्ष कैदको सजाय हुने ठहर्छ भन्नेसमेत व्यहोराको संखुवासभा जिल्ला अदालतको मिति २०६९/३/२४ को फैसला।

हामी प्रतिवादीहरूले गाईको बाच्छी जाहेरवालाबाट पाल्ने भनी लगेको तथा काटेको होइन । मोटे भन्ने धनबहादुर राईले जाहेरवालासँग बाच्छी किनेर ल्याएको भन्ने कुरा जाहेरवालाले अदालतमा आई बकपत्र गर्दा बाच्छी किन्न २ जना आएका थिए, एकजनालाई चिनिन एकजना चाहिँ रामबहादुर दर्जी थिए, कुमार दर्जीले पठाएको भनेपछि बेचेको हो भनी गरेको बकपत्रबाट म प्रतिवादी कुमार दर्जी बाच्छी किन्न नगएको भन्ने कुरा प्रस्ट छ। म कुमार दर्जीलाई जाहेरवालाले नै उन्मुक्ति दिएको अवस्थालाई सुरू फैसलाले मनोगतरूपमा हामीले बाच्छी किनेर ल्याई काटी मासु खाएको भनी हदैसम्मको फैसला भएकोमा हामीलाई अन्यायपूर्ण भएको हुँदा उक्त फैसला उल्टी गरी अभियोग दाबीबाट सफाई पाउँ भन्नेसमेत व्यहोराको पुनरावेदक प्रतिवादीहरू कुमार दर्जी र रामबहादुर दर्जीको पुनरावेदन अदालत, धनकुटामा परेको संयुक्त पुनरावेदन पत्र।

यसमा प्रतिवादीको अदालत समक्षको इन्कारी, जाहेरवालाले कुमार दर्जी बाच्छी किन्न आएको भनी भन्न नसकेको, वादीका साक्षीको बकपत्र हुन नसकेको, प्रतिवादीको अधिकारप्राप्त अधिकारीसमक्षको साबितीकै आधारले प्रतिवादीले गौबध गरेको ठहर गरेको सुरूको फैसला फरक पर्न सक्ने देखिँदा छलफलका लागि अ.बं. २०२ नं. बमोजिम पुनरावेदन सरकारी वकिल कार्यालय, धनकुटालाई पेसीको सूचना दिई नियमानुसार गरी पेस गर्नु भन्नेसमेत व्यहोराको पुनरावेदन अदालत, धनकुटाको मिति २०६९।११।१५ को आदेश।

प्रतिवादी कुमार दर्जी र रामबहादुर दर्जीले मनसायपूर्ण तरिकाले जाहेरवालाको घरबाट गाईको बाच्छी खरिद गरी ल्याई काटी मासु खाई अभियोग दाबीबमोजिमको कसुर अपराध गरेको देखिएकाले प्रतिवादीहरूले गाईको बाच्छी काटी गौबध गरेको हुनाले प्रतिवादीहरू कुमार दर्जी र रामबहादुर दर्जीलाई मुलुकी ऐन, चौपायाको महलको ११ नं. बमोजिम जनही १२ (बाह्र) वर्ष कैदको सजाय हुने ठर्‍याई सुरू संखुवासभा जिल्ला अदालतबाट मिति २०६९।३।२४ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ भन्नेसमेत व्यहोराको मिति २०७०।२।१९ को पुनरावेदन अदालत, धनकुटाको फैसला।

हामी प्रतिवादीहरूले बाच्छी मारेको भन्ने वादी पक्षले कुनै प्रमाण पुर्‍याउन सकेको छैन । जाहेरी दरखास्त आफैँमा प्रमाण होइन । मोटे भन्ने धनबहादुरले बाच्छी किनेर ल्याई काटी मासु पकाएको रहेछ हामीलाई थाहा थिएन । निजले हामीलाई रक्सी र मासु खान बोलाएको हुँदा हामीले केको मासु नसोधी खाएकोसम्म हो । निज धनबहादुरले आफैँले बाच्छी मारेका हुन् वा मरेको बाच्छीको मासु पकाएका हुन् हामीलाई थाहा भएन । बाच्छी मार्नमा हाम्रो कुनै भूमिका नरहेको र हामीले के कसरी बाच्छी मारेको भनी जाहेरीलगायतका मिसिलसंलग्न प्रमाणबाट पुष्टि हुन नसकेको एवं हामीले अदालतसमक्ष बयान गर्दा कसुरमा इन्कारी रहेको अवस्थालाई मूल्याङ्कन नगरी हामीले गर्दै नगरेको कसुरमा कसुरदार ठहराई जनही १२ वर्ष कैद सजाय गर्ने गरी भएको सुरूको फैसलालाई सदर गरी भएको पुनरावेदन अदालत, धनकुटाको फैसला प्रमाण ऐन, २०३१ को दफा २५,

नेपालको अन्तरिम संविधान, २०६३ को धारा २४ को उपधारा ५ र ७ को व्यवस्था तथा अदालतबाट प्रतिपादित सिद्धान्तसमेतको त्रुटिपूर्ण हुँदा सुरू तथा पुनरावेदन अदालत, धनकुटाको उक्त फैसला बदर गरी अभियोग दाबीबाट सफाई पाउँ भन्नेसमेत व्यहोराको प्रतिवादीहरू कुमार दर्जी तथा रामबहादुर दर्जीको यस अदालतसमक्ष परेको संयुक्त पुनरावेदन पत्र।

नियमबमोजिम पेसी सूचीमा चढी इजलाससमक्ष पेस हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक प्रतिवादीहरूको तर्फबाट उपस्थित विद्वान् वैतनिक अधिवक्ता श्री किरणकुमारी गुप्ताले मेरा पक्षले बाच्छी मारेको होइन भनी अदालतसमक्ष इन्कार रहेका र साथीले मासु खान बोलाएकोमा केको मासु भनी नसोधी मासु मात्र खाएको भनी गरेको बयानको कुनै मूल्याङ्कन नगरी गौबध गरेको भनी कसुरदार ठहर गरी भएको सुरू तथा पुनरावेदन अदालतको फैसला त्रुटिपूर्ण हुँदा उक्त फैसला बदर गरी अभियोग दाबीबाट सफाई दिनुपर्ने भनी गर्नुभएको बहस सुनियो।

पुनरावेदक प्रतिवादीहरूको तर्फका विद्वान वैतनिक अधिवक्ताले प्रस्तुत गर्नुभएको बहससमेत सुनी मिसिल संलग्न प्रमाण कागजातहरू अध्ययन गरी हेर्दा प्रतिवादीहरूको पुनरावेदन जिकिर पुग्न सक्ने हो, होइन र पुनरावेदन अदालत, धनकुटाको मिति २०७०।२।१९ को फैसला मिलेको छ, छैन भन्नेसम्बन्धमा निर्णय दिनुपर्ने देखियो।

२. निर्णयतर्फ विचार गर्दा प्रतिवादीहरू कुमार दर्जी, रामबहादुर दर्जी र मोटे राई भन्ने धनबहादुर राईले जाहेरवालीको घरबाट गाईको बाच्छी खरिद गरी रातको समयमा काटी मारी मुलुकी ऐन चौपायको महलको १ नं. विपरीत ११ नं. को गौबधको अपराध गरेको हुँदा ऐ. महलको ११ नं. बमोजिम सजायको माग दाबी लिई अभियोग दायर भएको देखिन्छ। प्रतिवादीहरू कुमार दर्जी र रामबहादुर दर्जीले मुलुकी ऐन चौपायको महलको ११ नं. बमोजिम गाईको बाच्छी काटी मारी गौबध गरेको कसुरमा ऐ. नं. बमोजिम जनही बाह्र वर्ष कैदको सजाय हुने ठहराई भएको सुरू संखुवासभा जिल्ला अदालतको फैसलाउपर यी पुनरावेदकहरूको पुनरावेदन अदालत, धनकुटामा पुनरावेदन परेकामा सुरू फैसलालाई सदर गरी भएको पुनरावेदन अदालत, धनकुटाको फैसलाउपर प्रस्तुत पुनरावेदन परेको देखियो।

३. हामीले गाईको बाच्छी काटी मारेको भन्ने आधारयुक्त प्रमाणको अभावमा हाम्रो अदालतसमक्षको इन्कारी बयानको मूल्याङ्कन नगरी अदालतभन्दा बाहिर भएको साबिती बयानलाई आधार मानी हामीलाई कसुरदार ठहर गरी भएको सुरू तथा पुनरावेदन अदालतको फैसला बदर गरी अभियोगबाट सफाई पाउँ भन्ने पुनरावेदक प्रतिवादीहरूको पुनरावेदन जिकिरको सम्बन्धमा विचार गर्दा यी प्रतिवादीहरूले अधिकारप्राप्त अधिकारीसमक्षको बयानमा तिनजना मिली बाच्छीलाई मारेको भनी एक आपसमा तथा फरार प्रतिवादी धनबहादुर राईसमेतलाई पोल गरी बाच्छीलाई मारेको घटनालाई सिलसिलेवाररूपमा लेखाएको पाइन्छ। प्रतिवादी कुमार दर्जीले देखाएको स्थानमा उक्त बाच्छीको मासु फेला परेको भन्ने घटनास्थल प्रकृति मुचुल्काबाट देखिएको छ। जाहेरवालीले अदालतसमक्ष आई बकपत्र गर्दा यी प्रतिवादीहरूमध्ये रामबहादुर दर्जी र अर्को एकजना अपरिचित व्यक्तिले कुमार दर्जीले अह्राएको भनी बाच्छी खरिद गर्न आएकाले बाच्छी बेचेको भनी लेखाइदिएको अवस्थामा केको मासु हो भन्ने थाहानपाई मासुमात्र खाएको भन्ने प्रतिवादीहरूको भनाई विश्वसनीय देखिएन।

४. यी पुनरावेदक प्रतिवादीहरूले अदालतसमक्ष बयान गर्दा बाच्छी मारेको होइन भनी कसुरमा इन्कार रहे पनि अधिकारप्राप्त अधिकारीसमक्ष भएको बयानमा भएको सहीछाप आफ्नै भएको हो भनी गरेका र अधिकारप्राप्त अधिकारीसमक्षको बयान अचेत अवस्थामा गरेको वा बाध्य पारी वा यातना दिई वा यातना दिने धम्की दिई वा आफ्नो इच्छा विरूद्ध सो कुरा व्यक्त गर्ने स्थितिमा पारी सो कुरा व्यक्त गरेको भनी अदालतमा बयान गर्दा भन्न सकेको देखिँदैन। अधिकारप्राप्त अधिकारीसमक्ष स्वतन्त्ररूपमा स्वेच्छाले

कसुर स्वीकार गरी बयान दिएपछि अदालतसमक्ष बयान गर्दा इन्कार रहेको आधारमा मात्र कसुरदार होइनन् भन्न मिल्दैन । यसै सन्दर्भमा "अदालतसमक्ष इन्कार रहँदैमा सफाइ पाउने भन्ने हुँदैन । अधिकारप्राप्त अधिकारीसमक्षको बयानलाई समर्थन गर्ने अन्य तथ्यहरू छन् भने ती तथ्यहरूलाई घटनाको समग्रतासँग दाँजेर हेर्नुपर्ने" भनी ने.का.प. २०६६ अङ्क ४ नि.नं. ८११५ मा सिद्धान्तसमेत प्रतिपादन भएको पाइन्छ । जाहेरी दरखास्त र सो जाहेरी दरखास्तलाई समर्थन गर्ने गरी प्रतिवादीमध्येका रामबहादुर दर्जीसमेत भई बाच्छी किनी लगेका भनी जाहेरवालीले अदालतमा आई गरेको बकपत्र, प्रतिवादीमध्येका कुमार दर्जीले देखाएको स्थानबाट बाच्छीको मासु बरामद भएकोसमेतका तथ्यगत घटनाक्रमबाट प्रस्तुत मुद्दामा यी पुनरावेदक प्रतिवादीहरूले बाच्छी काटी मारी गौबधको कसुर गरेको भनी अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयानलाई समर्थन गरिरहेको र बाच्छी मार्नमा हाम्रो कुनै संलग्नता थिएन भन्ने प्रतिवादीहरूको जिकिरलाई खण्डित गरिरहेको अवस्था हुँदा अभियोग दाबीबाट सफाई पाउँ भन्ने पुनरावेदकहरूको पुनरावेदन जिकिरसँग सहमत हुन सकिएन ।

५. तसर्थ माथि विवेचित आधार कारणबाट यी पुनरावेदक प्रतिवादीहरू कुमार दर्जी र रामबहादुर दर्जीलाई मुलुकी ऐन, चौपायाको महलको ११ नं. बमोजिम जनही १२ (बाह्र) वर्ष कैदको सजाय हुने ठहऱ्याई भएको सुरू जिल्ला अदालतको फैसलालाई सदर गरी भएको पुनरावेदन अदालत, धनकुटाको मिति २०७०।२।१९ को फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ । पुनरावेदक प्रतिवादीहरूको पुनरावेदन जिकिर पुग्न सक्दैन । अरू तपसिलबमोजिम गर्नू ।

तपसिल

प्रस्तुत फैसलाको जानकारी थुनामा रहेका प्रतिवादीहरूलाई दिनू भनी सुरू जिल्ला अदालतमा लेखी पठाउनू ---------------------------------------१

प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार गरी अभिलेख शाखामा बुझाइदिनू -----२

उक्त रायमा सहमत छु ।
न्या. जगदीश शर्मा पौडेल

इजलास अधिकृतः इन्दिरा शर्मा
इति संवत् २०७२ साल पुस ३० गते रोज ५ शुभम् ।